दर्शन परिचय

न दर्शन, उपनिषद्, पुराणादि
रुका अधारमा लेखिएको
ुसंधानमूलक कृति)



लेखक :

बैजनाथ भट्टराई

दर्शन परिचय

(विभिन्न दर्शन, उपनिषद्, पुराणादि ग्रन्थहरूका अधारमा लेखिएको अनुसंधानमूलक कृति)

लेखक:

बैजनाथ भट्टराई

प्रकाशक :
बैजनाथ भट्टराई
पानवारी-धरान, सुन्सरो

प्रकाशन मिति-२०४० वसन्त पंचमी

मूल्य : ४०/-

मुद्रक :
कमल नाथ मौर्य
जय भारत प्रिंटिंग प्रेस
डी० ५१/१६८ सी-२ सूरजकुण्ड
वाराणसी-२२१००१

समर्पण

स्व. आमा पद्मामा जसले मलाई
यतिको पार्नु भयो र जसलाई
मैले कुनै प्रकारको सेवा गर्ने
अवसर पाइन वा सेवा
गर्न सकिन



(छोरा-बुहारी)

शुभकामना

श्रीमान् पं० भट्टराई ज्यूले लेख्नु भएको प्राचीन वेद-पुराण चौध वा अठार शास्त्रहरूको नाम, आस्तिक र नास्तिक दुवै थरी दर्शन लेख्नु भएको पुस्तिकाहरू हेरिए। संस्कृत भाषा नपढेका नेपालीहरूले दर्शन शास्त्र कति छन्, तिनीहरूमा के लेखेको छ, भन्ने कुरा जान्न चाहेमा संक्षेपमा लेख्नु भएको यो पुस्तकले ठूलो सहयोग गर्नेछ भन्ने ठहराएँ। नेपाली भाषामा बुद्धि सागर पराजुलीले लेखनु भएको पुस्तक देखिएको हो। यो पुस्तक पनि धेरै शास्त्रबाट संक्षेपमा तयार गरेको देखियो। यस बारेमा ठाउँ ठाउँमा अनेक वेदान्त या आत्मज्ञानको कथाहरू पनि लेखेका कापीहरू देखाउनु भएको थियो ती सबै हेर्न भ्याइएन। तँपनि नाचिकेतोपाख्यान चाहीं हेरें। त्यो कथा प्राचीन उपनिषद्को हो। राम्रो देखें। मानिसले आफ्नू शक्ति अनुसार समय निकालेर जनताको बौद्धिक, आर्थिक, सामाजिक उत्थानका निमित्त काम गर्नु जीवनको सफलताको सिढी हो। जस्तैः—

सर्वाणि मद्धिष्ण्यतया भवद्भिश्चराणि भूतानि तथा ध्रुवाणि।
सम्भावितव्यानि पदे पदे वो विविक्त दृग्भिस्तदुदार्हणं मे॥

भा. प. अ. ५–२६

अर्थ—पृथिवी भरमा जति मनुष्य पशु-पक्षी आदि चर, अचर जति प्राणी छन्, ती सबै परमेश्वरका मूर्ति हुन् या मन्दिर हुन् भन्ने संझेर ती सबैको संरक्षण गर्नु र उन्नतिका निम्ति काम गर्नुनै मेरो पूजा हो। यो कुरा ईश्वरावतार मानिएका ऋषभदेवले छोराहरूलाई उपदेश गर्नु भएको हो। यस्तै जनताको हित हुने काममा उत्साह बढोस भन्ने शुभकामना गर्दछु।

छविलाल पोखरेल
धरान–१२

आत्मा वा अरे! द्रष्टव्य

श्रद्धेय विद्वान् पं० बैजनाथ भट्टराईले लेख्नु भएको 'दर्शन परिचय' नामक ग्रन्थको संक्षिप्तरूपमा परायण गर्ने मौका प्राप्त भयो। यस ग्रन्थमा—जस्तो नाम छ हाम्रा प्रसिद्ध दर्शनहरूको परिचय दिएको छ, यो परिचय संक्षेपमा छ खास गरेर वेदान्त दर्शनको परिचय केही विस्तार साथ आएको छ। एवं म आत्माको परिचयमा श्रवण मनन निदिध्यासन आदिका सहाराबाट प्रामण्य हुने भएको

आत्मज्ञान र (बोद्धा) का लागि अतिविस्तारसंग दृष्टान्त र कथाहरू पनि दिएका छन्। यसरी विचार गर्दा यसको विषय 'दर्शन-परिचय'बाट सुरु भएर आत्म-परिचयमा गएर विश्रान्त भएको छ। प्रतिपादन गर्ने शैली पूर्ण दार्शनिक छ। जो दार्शनिक झैंकन पनि उपमा र दृष्टान्तका सुयोगले गर्दा सरल-सुबोध बन्न गएको छ। विषयका दृष्टिले कतै योग वाशिष्ठको र पक्षपात रहित अनुभव प्रकाशको नजिक पुग्ने यस ग्रन्थले, यसतर्फ चाख राख्ने नेपाली मात्रलाई अवश्य आकर्षित गर्नेछ भन्ने विश्वास गर्दछु। दर्शन शास्त्रको सामान्य परिचय प्राप्त गर्न चाहने सज्जन वर्गमा पनि यसले समादर पाउने छ भन्ने पनि विश्वास छ। नेपाली साहित्यमा दर्शन विषयक रमणीय एवं उपादेय कृति प्रस्तुत गरेर मातृभाषा नेपालीको वृद्धि गरिदिनु भएकोमा विद्वान् लेखक ज्यूकाप्रति कृतज्ञता साथ भूरि-भूरि साधुवाद समर्पण गर्दछु।

—टीका प्रसाद शर्मा
सह-प्राध्यापक
त्रिभुवन विश्वविद्यालय
संस्कृत अध्ययन संस्थान
पिण्डेश्वर विद्यापीठ
धरान-कोशी अञ्चल

विजया दशमी २०४०

प्राक्कथन

आजकाल समयको परिस्थितिले गर्दा संस्कृत प्राय लुप्त भएको देखिन्छ। संस्कृत अध्ययन गर्ने गराउने दुवै थरी कम मात्रामा पाइन्छन्। आधुनिक पढाइका छात्र-छात्रा धेर जसो संयुक्त अक्षर उच्चारण गर्न असमर्थ देखिन्छन्। स्कूल, स्थिति, स्पष्ट भन्न नजानेर हो वा जिब्रो न लागेर हो इस्कुल, इस्थिति, इस्पष्ट भनेको शब्द कानमा पर्दछ। लेखहरूमा पनि त्यस्तै देखिन्छ। संस्कृत तर्फ ता विचराहरूको गतिनै छैन। तसर्थ हामी समग्रको संस्कृतमा गति मन्द भएकोले, संस्कृतमा छापिएका वेदान्तादि दर्शन शास्त्रहरूमा बुद्धि प्रवेश हुन कठोर छ। वेदान्त विषय अति गहिरो, अत्यन्त कठोर हुनाले सर्बसाधारणको हृदयमा झट्ट प्रवेश हुन सक्तैन। तथापि थोराथोरी ता वेदान्तको तात्पर्य बोध होस भन्ने अभिप्राय लिएर राष्ट्रिय (नेपाली) भाषामा यो ग्रन्थ प्रकाश गरियो। अद्वैत वेदान्तको परमतत्त्व एवं सिद्धान्त नै यस ग्रन्थको प्रतिपाद्य विषय छ। शास्त्रको संख्या, शास्त्रको लक्षण, शास्त्रको भेद, दर्शन शास्त्रहरू, भक्तको लक्षण, भक्तहरुको भेद, चेतनाका भेद, जीव र ईश्वरको व्यष्टि र समष्टि, अद्वैत आदिवाद, लिङ्ग शरीर, अन्नमय आदिपञ्चकोश विभिन्न जीववादहरु यसमा निर्देश गरिएको

छ। जसलाई वेदान्तको संस्कार छ, अथवा आत्मज्ञानको चाहा गर्छ, त्यसलाई यो ग्रन्थले अत्यन्त भलाइ गर्छ। किन भने यस ग्रन्थमा लेखिएका कतिपय कथाहरू, भूतपूर्व लेखकहरूका गुरु ग्रन्थबाट उद्धृत गरि कथाहरूमा वेदान्तको उक्तिमा फरक नपारी, दृष्टान्त दिएर द्राष्टान्तमा शरीर, इन्द्रिय, आत्मामा घटाएर बोध गराएको छ। तसर्थ वेदान्तको परमतत्त्व जान्न इच्छा गर्ने विद्वान् भगवत् भक्तहरूले यो ग्रन्थ अध्यन गरेर आफ्नु अमूल्य मानव जीवनलाई सार्थक गराउनु हुनेछ।

"नारी र धनपुत्रादि पाइन्छन् देह यो रहे।
देहता पाइने छैन कदापि मरिगै गए।।

अन्त्यमा–शुभकामना दिनुहुने विद्वद्वर पं० छविलाल पोखरेल तथा प्रा. टीकाप्रसाद वस्ती एवं प्रेस सम्बन्धी काम जिम्मा लिने श्री तुलसी प्रसाद भट्टराईप्रति कृतज्ञता व्यक्त गर्दछु। साथै समय समयमा उचित सल्लाह र परामर्श दिनुहुने महानुभावहरू र यस ग्रन्थको प्रकाशनका निम्ति आर्थिक सहयोग जुटाइदिनु हुने बन्धु मित्रजनहरूप्रति आभार व्यक्त गर्दछु।

श्रीपंचमी–२०४० लेखक

लेखकको जन्म वृत्तान्त

म आफ्नू जन्म वृत्तान्त लेख्तैछु। कुनै महत्त्व देखाउन ह्वैन। शास्त्रले प्रतिपादन गरेको विषयमा मलाई ज्यादै विश्वास छ र त्यै अनुसार मैले अनुभव गरेको हुनाले, अरूलाई पनि विश्वास होस भन्ने अभिप्रायले लेखेको हूँ। जस्तै—

यस्मिन् यतो येन च यस्य यस्मै यद्यो यथा कुरुते कार्यते च।
परावरेषां परमं प्राक्प्रसिद्धं तद्ब्रह्म तद्धेतुरनन्यमेकम् ।।१।।
न तस्य कश्चित्तपसा विद्यया वा नयोग वीर्येण मनीषया वा।
नैवार्थधर्मैः परतः स्वतो वा कृतं विहन्तुं तनु भृद्विभूयात् ।।२।।

अर्थ—जुन ठाउँमा, जस द्वारा, जुनसाधनले, जसको, जसलाई, जुन कुरा, जो, जसरि, गर्छ, गराउँछ पनि, ब्रह्मादि स्थावर सम्मको त्यो हुनेवाला जन्म मरणादि, पहिलेनै तयार भैरहेको हुन्छ, त्यो तयार पार्ने एउटै ब्रह्म हो। त्यो ब्रह्मले गर्न तयार पारेको काम, व्यर्थ गराउन, कुनै प्राणीहरू तपस्याले, विद्याले, योगबलले, बुद्धिले, धनले, धर्मले, अरू द्वारा अथवा आफैंले समर्थ हुदैन।

प्राणीले गरेका पुण्य र पापको फल, पहिलिनै तयार पारेर कर्म अनुसार सुख दुःखादि फल भोगाउने ब्रह्म या ईश्वरको सबै प्राणीमा समान दृष्टि छ। उसको शत्रु पनि छैन मित्र पनि छैन। "वैषम्य नैर्घृण्येन सापेक्षत्वात्" ब्रह्मसूत्र।

अर्थ—कर्मको अपेक्षा गर्नेहुनाले ईश्वरको निर्दयता र विषमता छैन। उ आफ्ना निमित्त क्यै गर्दैन। उसलाई केहि आवश्यक छैन। जति काम गर्छ अरू प्राणीका निमित्त गर्छ।

प्राणीले राम्रो वा नराम्रो के कस्तो कर्म गरेको छ, कर्मता गरिसके पछि
नाश हुन्छ, रहदैन। तर ईश्वर भने कर्म नष्ट भएता पनि प्राणीहरूले गरेको कर्म
नबिर्सी, हृदयमा लेखेर मनन गरेर संझिरहन्छ र बालक, किशोर, तरुण, वृद्ध
कुन अवस्थामा, रात, दिन, साँझ कुन समयमा, पृथिवी, जल, आकाश कुन ठाउँमा
कस द्वारा मार्नु, वचाउनु, धनी वा गरीब पार्नु, विद्वान, मन्त्री, राजा इत्यादि
पार्नु र न पार्नु कसलाईके गर्नु दिनु पर्छ २४ घण्टा नसुति गर्छ।

तर ईश्वर लङडो छ, अर्काका काँधमा न चढी अर्थात् प्रकृतिको सहाय नलि
क्यै काम गर्न सक्तैन। प्रकृति भन्नाले शरीर, इन्द्रिय, पृथिवी आदि समग्र दृश्य
पदार्थ कहिन्छ। ईश्वर हात, पाउ, आँखा आदि कुनै इन्द्रिय न भएको छ। जोजो
काम गर्छ, देह, इन्द्रिय आदि प्रकृति द्वारा गर्छ। ब्रह्मको उपादान (नजिक लिनु)
कारण प्रकृति हुन्छे। निमित्त (जो न भै क्यै काम हुँदैन) कारण ईश्वर हुन्छ।
जस्तै प्रकृति जड छ, चेतन ब्रह्मको संपर्क न भै हेर्नु आदि काम गर्न सक्तिन।

जस्तै––माण्डव्य ऋषिले सात वर्षको अवस्थामा कीराका गुद द्वारमा छेस्को
लगाएर मारेका पाप कर्मको फल, माण्डव्य ५० वर्षको भए पछि, यमले नबिर्सी
राजा द्वारा माण्डव्यको गुदद्वारमा फलामको शूलिमा राखेर दण्ड दिए। ईश्वर
प्राणीले गरेको कर्म कदापि बिर्संदैन। उसमा भेद छैन। यो वैष्णव वा शैव हो,
यो भन्यो यसलाई वैकुण्ठ वा शिवलोक पठाइ दिन्छु, यसले भने कुनै धर्म लिएन,
स्नान सम्म पनि गर्दैन, तिलक लाउदैन, सबैले पकाएको जे भेट्यो त्यै खान्छ,
यसलाई नरक पठाई दिन्छु, यो भेद जान्दैन। ईश्वर शरीर सिङारनाले र नाम
जपले मात्र सन्तुष्ट हुदैन, कामले सन्तुष्ट हुन्छ। शास्त्र भगवानको कानून हो, जो
शास्त्ररूपी कानून बमोजिम चल्दछ त्यसदेखि मात्र सन्तुष्ट हुनु हुन्छ। जस्तै रामा-
यणको कथा––

काक भुशुण्डी गरुडसंग, आफ्नू पूर्वजन्मको वृत्तान्त बताउनु हुन्छ। हे गरुड़?
पूर्वजन्ममा अयोध्यामा मेरो जन्म भएको थियो। शूद्र जातिको थिएँ। अयोध्यामा
अनिकाल लाग्यो र उज्जयिनीमा गए। त्यहाँ एउटा शिवालय रहेछ। त्यो शिवा-
लयका शिवपूजक ब्राह्मणलाई गुरु माने। शिवमन्त्र दीक्षा लिएँ शिवभक्त बनें। नित्य
शिवमन्त्र जसछु। एक दिन विहान शिवालयमा बसेर शिव मन्त्र जपिरहेको
थिएँ। गुरू आफ्नू नित्य कर्म समाप्त गरेर शिवको पूजागर्न मन्दिरमा जानु भयो।
गुरू आएको देखे पछि जुरुक्क उठेर मैले गुरुको आदर गर्न पर्थ्यो, मं उठिन बसि
रहें। मैले गुरुको आदर नगरेको देखेर शिवजी मदेखि रिसाउनु भयो। आकाश
वाणी भयो। दुष्ट ? शिवभक्त हूँ भनेर घमण्डले गुरुको आदर गरिनस। गुरु
आउँदा जुरुक्क उठ्नु दण्डवत् वा नमस्कार गर्नु, आसन दिनु, गुरु बसे पछि बस्नु
पर्थ्यो गरिनस्। शास्त्रमा गुरु, माता, पिता, सास, ससुरा आदि मान्यजनको
आदर गर्नु भनेछ। शास्त्र मेरो नीति हो, मेरो नीति नाघस। अजिगर जस्ता

छैं वसि र हिंस उठिनस् । यसैले जन्म जन्म तैंले अँजिगर हुनु परोस भन्ने सराप गर्नु भयो । त्यो मलाई दिएको सराप सुनेर गुरूले सारै दुःख मान्नु भयो । हामीले मान्यजनको आदर नगर्दा देवता रिसाउँछन्, मान्यजन रिसाउँदैनन् गुरु मदेखि रिसाउनु भएन । 'नमामिशमीशान, इत्यादिले शिवको स्तुति गर्नु भयो । शिवजी खूसि भएर वर माग भन्नु भयो । गुरूले हजूरमा मेरो भक्ति लागोस, यो अज्ञानीले गुरूको आदर गर्नु पर्छ भन्ने जानेन यसमा क्षमा गर्नुहोस, यो अँजिगर योनिबाट छुटोस भन्ने वर माग्नु भयो । शिवले दश जन्म अजिगर हुने छ, अनि छुट्ने छ भन्नु भयो । हे गरूड़ १० जन्म अँजिगर भएर छुटें । यो काक भुषुण्डीको पूर्बजन्मको वृत्तान्तबाट भगवान् कामले अथवा शास्त्र वमोजिम चल्दा खुसि हुन्छन् नाम कीर्तनले मात्र खूसि हुदैनन् भन्ने बुझिन्छ । जस्तै राजा कानून वमोजिम काम गर्ने मृत्युका कामैले सन्तुष्ट हुन्छन्, राजाको नाम जपि रहनुपर्दैन । त्यस्तै भगवान् पनि शास्त्रोक्त आफ्नू जाति आश्रमको नियत कर्म गर्नाले नै सन्तुष्ट हुन्छ, मेरो नाम जपेन भन्दैन । उसलाई खूसि पार्न, भेद देख्ने, सास नगै शरीर पोल्ने, आडम्बरी कुनै धर्म ग्रहण गर्नु पर्दैन । कसैले पोले खरानो, खाए टट्टी, त्यसै पचाके कीरा हुने, यस्तो शरीरको संस्कार गर्दा कसरि मुक्त हुन्छ ज्ञान बिना मुक्ति हुदैन, बुद्धि सपार्नु पर्छ । हामी सबैले शास्त्र पढेका छ, अरूलाई उपदेश गर्छौं । आफू चाहिं गर्दैनौ शास्त्रमा राख्त छौं । ईश्वर चाहिं कसैमा मेरो भेद छैन भन्छ, उसैका भक्त मनाउदा हामी भेद देख्त छौं । मालिक भेद देख्तैन, सेवक भेद देख्तछ, यो कस्तो आश्चर्य छ ।

मानिसले सुमार्गमा प्रवृत्ति हुन र कुमार्गमा प्रवृत्ति हुनमा अन्न कारण छ, अन्न दुइप्रकारको हुन्छ, शुद्ध र अशुद्ध ।

नीतिपूर्वक आफ्ना परिश्रमले पसिना चुहाएर कमाएको अन्न र रूपया शुद्ध भनिन्छ । अन्यायले सञ्चय गरेका सम्पत्तिले किनेको अमृत पनि अशुद्ध हुन्छ, परिश्रमले नीतिपूर्वक वनाएका धनले, किनेको मदिरै किन नहोस, शुद्ध भनिन्छ । अर्काको चित्त दुखाएर, चोरेर लुटेर लिएको संम्पत्ति, दान पाएको वा सित्त पाएको होस, त्यस्तो संपत्ति अशुद्ध हुन्छ । शुद्ध अन्न पेटमा पर्‍यो भने बुद्धिको मैला हट्छ, मानिस राम्रो काम गर्छ । अशुद्ध पेटमा पर्‍यो भने, बुद्धि बिग्रन्छ नराम्रो काम गर्छ । यसै विषयमा एउटा कथा छ—

तापलेजुङ्ग जील्ला हाङदेवा गाउँमा अम्बर वाहादुर कार्की नामक व्यक्ति थिए । एक वर्ष भयो ती मरिसके । तिनका घरमा एक दिन, मेरा मावली भाई भोलानाथ वराल कार्यवश गएका थिए अरे उ जीबितै छन् उनैले मलाई भने- 'दाजु बेलुका कार्कीका घरमा वास वस्न एउटा साधु आए । माघ महीना ठण्डो थियो, कार्कीले साधुलाई भोजन गराएर खाटमा राखे, गलैंचा ओच्छाइ दिएर चूटूक ओढने दिए । (ऊनका मोहिङ्कोरी मात्र एकातिर, मसोना ताता भुल्जा एका-

तिर भएको ओढने 'तोब्रतीभाषामा चूटूक भनिन्छ) अनि कार्कीले भने साधुजी ? तपाईंका ओढने रैन छ, त्यो चूटूक तपाईंले लिएर जानु भने। यति भनेर सबै सुत्यौं। विहान उठेर बाहिर निस्कदा ता साधु छैनन्। चूटूकता दिएकै थियो, गलैंचा समेत बोकेर हिंडेछन्। कार्कीले भने साधुले ता गलैंचा समेत लगेछन्, खोज्न जौं भनेर हामी हिंड्यौं। हिरेवा पैरामा पुगेर साधुले एकातिर गलैंचा, एकातिर चूटूक पर्याकेछन् र मुड्की बाधेर हूं हूं गर्दै दुवै हातले पालो गरि गरि छातिमा हिर्काउँदै रहेछन्। हामी पनि खोज्दै वाहिं पुग्यौं। त्यो देखेर मैले साधुलाई सोधे, साधुजी के गरेको ? साधुले भने, तपाईंहरूले मलाई अशुद्ध अन्न खान दिनु भएछ, त्यसैले मेरो बुद्धि विग्रियो र मैले गलैंचा समेत लिए हिंडें। मलाई ता चूटूक गलैंचा केहि चाहिएको थिएन। साधुको कुरा सुनेर मैले कार्की-जी ? कस्तो अन्न दिएको थियो ? कार्कीले भने, एउटा जमीनमा झगडा परेको थियो, त्यहांको धान लुटेर ल्याएको थिया, त्यसैको भात पकाएर दिएको थियो। कार्कीको यो कुरा सुनेर फेरि मैले साधु संग सोधे, अन्न के गर्दा तपाईंको बुद्धि सप्रन्छ त ? साधुले भने पेटबाट निस्केर गेसके पछि मात्र सप्रन्छ।–यो कथाबाट झन् मलाई शुद्धाशुद्ध अन्नको विषयमा विश्वास छ।

अन्नमा जीव बसेका हुन्छ, अन्न प्राणीहरू खान्छन्। अन्नबाट बीर्य बन्द छ। पिताका बीर्य-द्वारा जीव माताका गर्भमा पर्छ। शुद्ध अन्नवाट बनेका बीर्यबाट जन्मेको सन्तान राम्रो हुन्छ। कु (अशुद्ध) अन्नबाट वनेका बीर्यबाट जन्मेको नराम्रो हुन्छ। अनुहारको राम्रो र नराम्रो मानिदैन, गुणको मात्र मानिन्छ।

तत्र तं बुद्धि संयोगं लभते पौर्व दैहिकम्––त्यो मानव जन्ममा पूर्व जन्मको बुद्धिका संस्कार पाउँछ, यो गीताको उक्तिबाट पूर्वजन्ममा पनि अशुद्ध वा शुद्ध अन्न द्वारा नै भएका बुद्धिको संस्कार आउँछ र यो जन्ममा पनि राम्रो वा नराम्रो कर्ममा प्रवृत्ति हुन्छ।

तर बीजमात्र राम्रो (शुद्ध) र नराम्रो (अशुद्ध) हुदैन। भूमि पनि मलिला र रूखो हुन्छ। स्त्रीहरू प्राणीको बीज राख्ने भूमि हुन्। पुरूषका अधीनमा बीज रहन्छ। पुरूषले शुद्ध अन्न खाएको छ र त्यसबाट वनेको, बीर्यरूपी बीज, स्त्री रूपी मलिला भूमिमा पर्‍यो भने सन्तानरूपी फल राम्रो हुन्छ। रूखामा पर्‍यो भने न राम्रो हुन्छ। फल राम्रो र न राम्रो हुन बीज र भूमि दुवै मिल्नु पर्छ। बीज ता राम्रो थियो, भूमि रूखो रहेछ भने पनि फल राम्रो हुदैन। भूमि ता मलिलो तर बीज नराम्रो रहेछ भने पनि फल राम्रो हुदैन। यसमा जाति भेद देखिदैन।

आचारनिष्ठ विद्वान् उच्चा जातिका सन्ततिहरूपनि कुनै भ्रष्टाचारी कुमार्गमा लागेका, कुनै सुमार्गमा लागेका देखिन्छन्। मूर्ख अपठित निच्चा जातिका

सन्तानहरू पनि कुनै सुमार्गमा लागेका शान्त, विद्वान् र कुनै त्यसको विपरीत भएका देखिन्छन् ।

अर्काले रोपेको फल, फूल, ल्याएको दाउरा आदि अर्थात् उरूको स्वत्व– मेरो भनिएको कुनै चीज, नमागि लिएको चोरेको भनिन्छ, लिनेवाला चोर हुन्छ ।

जस्तै महाभारतमा लेखेको छ । सुधन्वा राजाका लिखित र शङ्ख भन्ने दुइजना गुरू थिए । दाजु लिखित भाइ शङ्ख । शङ्खले दाजुले लगाएका आँप न मागि स्वयं टिपेर खाए । त्यो देखेर लिखितले भाईलाई भने । भाई ? मेरा आँप तिमीले मसंग मागरेरमात्र खानु पर्थ्यो नमागिकन दाजुको खानु हुन्छ भनेर आफै टिपेर खायौ ४ गेड़ा आप भाईले खादा मेरो चित्त दुख्तैन तर धर्मशास्त्रले तिमी चोर ठहरियौ । हेर अर्काको मेरो हो भनिएको कुनै पदार्थ नमागि लिनु हुदैन, लियो भने चोर हुन्छ । अब उप्रान्त नमागि नलिनु । ऐले तिमी राजाकाहाँ जाउर दण्ड गरिमागेर आउ भनेर पठाए । त्यस समयमा चोरको हात काट्ने प्रथा थियो । राजाले हात काटिदिए । हात काटेर आए पछि भाईलाई लिखितले बाहुदा नाम भएको नदीमा स्नान गर्न लगाएर, आफ्ना तपोवलले भाइका हात जस्ताका तस्तै पारिदिए । अतएव यो माताको यो पिताको, यो पुत्रको, यो पुत्रीको भनेर आ-आफ्नू स्वत्व भएको चिज, माता पिताको ता होनि लिनुहुन्छ, आफ्नै पुत्र, पुत्रीको ता हो नि लिनु, खानु हुन्छ भनेर जवर्जस्ति वा नमागि लिनु खानु हुँदैन, चोरै ठहरिन्छ ।

हिजो आज, माता पिताको जीवनी परसारेको धन, माता पितालाई म मादिन, के मेरो विश्वास मान्दैनौ भनेर हात पारेर घुरू घुरू पुत्रले खाएको, धनकै निमित्त दाइजोका लागि, समाजमा माता पिता दाजुभाइको छोरी जुवाइंले जिल्ला कार्यालय समेत गुहारी बेज्जत गरेको, दाइजोकै निमित्त वाद विवादहुँदा विधवा मातालाई छोरीले, के मलाई पनि, तिमी जस्तै विधवा पार्न, इच्छा गर्छ्यौ भनेको सुनेको देखेकोछु, यसैले सन्तान राम्रो वा नराम्रो हुनमा, पूर्व जन्ममा वा यसै जन्ममा खाएका अन्नकै दोष र गुणमा हुन्छ होला भन्ने मलाई लाग्छ । अब म प्रस्तुतपटि जान्छु ।

विक्रम सम्वत् १९७१ साल चैत्र १५ गते मेरो जन्म समय । म चार वर्षको हुँदा पिता परलोक हुनु भयो । पितालाई म राम्रो संझन्न । माताले पाँच वर्ष पुग न पुग मै मेरो व्रतबन्ध गरिदिनु भयो र उस समयको चलन अनुसार सात वर्षकै उमेरमा जी १३ थु मोराहाङ ग्राम निवासी 'रविलाल गौतमकी पुत्री यमुनाका साथमा मेरो विवाह पनि गरिदिनु भयो । मैले अघिल्ला जन्ममा अलिकति संस्कृत अध्ययन गर्ने कर्म गरेको रहेछ, ब्रह्मले मैले गरेको त्यो कर्म नविर्सी अध्ययन गर्न लगाउन विचार गरेछ र ऐले ... प्रारम्भ गरिदिनु पर्‍यो, पछि

अन्यत्र लगेर पढाउनु पर्ला भन्ने निश्चय गरेर विवाह हुने वित्तिकै, माताको तातो प्यारो काखबाट फुत्त झिकेर माताद्वारा नै मामा घर पुऱ्यायो र रूवाउदै निष्ठुरी जस्ति पारेर आफ्ना घरतिर फर्काएर पठायो। विवाह भए पछि मात्र माताले मलाई मावल पुऱ्याएको हुनाले, यसमा म मेरी नवविवाहिता स्त्रीलाई पनि कारण मान्दछु। किनभने--

विदेशमा गैकन ज्यान अर्पण, गरेर बिद्याहरूको उपार्जन।
पढे पतिले कसरी घुड़ाधसी हुन्छिन् बज्यै पण्डितिनी घरैवसि।

उनीले भविष्यमा पण्डितिनी हुनु थियो। फेरी विवाह भए पछि तुरुन्तै वा विस्तारै गरिब धनी भएको, धनी निर्धनी भएको, अविवेकी विवेकी विद्वान् भएको व्यभिचारी, अव्यभिचारी, राजकर्मचारी इत्यादि भएको देखा परेको छ। लक्ष्मी र अलक्ष्मी २ प्रकारका स्त्री हुन्छन्। लक्ष्मी स्त्रीको बोली मधुर, इषत् हास्य, मन्द गमन, अयोग्य बोल्न गर्न लाजमान्ने, नाक, आँखा, औंला, कम्बर सानु, स्तन, चाक ठूलो भएका स्त्रीहरू लक्षणका हुन्छन्। उक्त विपरीतका उच्चा स्वरले हाँस्ने, प्रतिदिन झगडा गर्न ताम्सिने, स्त्रीअ लक्षणका हुन्छन्। आफ्ना पुरुषलाई, तैले चाहिएर मलाइ ल्याएको होइन, विहे गरेको होइन, मलाई पाल्तु पर्छ, म वयै गर्दिन, नपाल्ने भए किन ल्याइस भनेर झगडा गर्छन्। उसले ता ल्याएछ, जानेन छ, स्त्री ता जान्नेरैछ, उसलाई पुरुष चाहिन्नथ्यो, खान चाहिन्नथ्यो भने त्यस्ती वाठी किन पुरुषले जौं भन्दा आई। अथवा आंइछ, हिडिजानु। हिडिजान्न वसि, रहन्छे। पुरुषले मात्र स्त्रीलाई पाल्नु पर्छ, स्त्रीले पाल्नु हुँदैन, खानु वस्नु भन्ने ऐनमा, धर्मशास्त्रमा लेखेको छैन। वरावर सवै काम गर्नु पर्छ। भाग्य अनुसारका स्त्री आइपर्छन्। रोजेर र खोजेर पत्ता लाग्दैन। लक्ष्मी वा अलक्ष्मी जो आउने छ त्यै आउँछे यसमा संशय नमान्नु। लक्ष्मी घरभित्र पसिन् भने सवै कुरा राम्रो हुँदै जान्छ, कुलक्ष्मी पसिन् भने नराम्रो हुँदै जान्छ।

म धेरजसो मामा घरमै वस्तथें। कहिले काहि आफ्ना घरजान्थे। त्यसवेला छिमेकीहरू मलाई भन्थे, नानि ? तिम्री आमा संधै, तिम्रा मायाले रोंइरहेकी देख्तछौं। कहिल्यै आँखा ओवाना छैनन्। तिमी एउटा मात्र छोरो, त्यस्तो माया गर्ने आमालाई एकलै छोडेर कसरि मावल जान्छौ, अब ता न जाउहै भन्थे, तिनीहरूका त्यस्ता कुरा म किन सुन्थे। (कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति) कुपुत्र जन्मन्छ, कुमाता हुन्नन्-माताले पो मलाई, भरियाले गरूका भारि वोके झैं दश मैना सम्म गर्भमा बोक्नु भयो, दुःखले पैंदा गर्नु भयो। पैदा भए पछि माता पिताले दूध, घिउ, अन्न, तेल, वस्त्र, डाक्टर हरेक चिज खोजेर, मागेर, रीण गरेर पाल्छन्। टट्टी, पीसाब सफा गर्छन्। एक छिन पनि नछोडी, च्यौं सम्म गर्ने नदि, मल, पिशाब, काखमा बोकेर प्रेमले गाला, पेट, चाकमा, मुखमा

चीन न मानी चुम्बन गर्दै नचाउदै हुर्काउछन् र माता पितालाई छोरा छोरीको माया लाग्छ। छोरा छोरीले माता पितालाई त्यसरी पालेको हुर्काएको ह्वैन किन माया लाग्थ्यो। आफूले पालेका प्राणीको, आफूले अर्जन गरेका सम्पत्तिको पो माया लाग्छ, आमाको मलाई के ? माया गरून् कि वाचुन म मावलै जाइ जान्थे। मावल मैं १२ वर्षको भए। छ नं० चैनपूर मादो-वीर्ता वस्ने मेरी ठूलो आमा नर्मदाका पुत्र, दाजु भोलानाथ दहाल १९८३ सालमा मामाघर चतुर्मासमा पुराण भन्न जानु भयो। उहाँका साथमा, एउटा मिस्र थरका विद्यार्थी पनि, लघुकौमुदी पढन गएका थिए। दाजु भोलानाथसँग तिनले पढेको देख्थें तर म नजिकमा जान्नथे के पठथे जान्दिनथे। चतुर्मास समाप्त हुन ६।७ दिन मात्र वाकि थिए एकदिन बिहानै म भित्र पस्ता मिश्र विद्यार्थी अघेनाका छेउमा बसेर पढ्दै गरेको—ओदनं = भात, पच = पकाउ, तब = तिम्रो, भविष्यति = हुनेछ—यति मेरा कानमा परे। यो सुन्दा मलाई पढ्न मन लाग्यो। दैवले प्रेरणा गऱ्यो। पूर्वजन्मकृतं कर्म तद्दैव- मिति कथ्यते (पञ्चदशी) पूर्वजन्ममा गरेको कर्म दैव भनिन्छ। त्यसै दैव ईश्वर पुरुषार्थ, ग्रह पनि भनिन्छ कसैले प्रेरणा गरेको ह्वैन।

उसै दिन दाजु भोलानाथ संग पढन प्रारम्भ गरें। उहाँ संगै अलि दिन मादी मै गएर पढें। कहिले गाउँकै पण्डितजीहरू संग, कहिले दिङला पनि गएर पढें। १ वर्षको सुबन्त पाठ ३ वर्ष लगाएर सकें। अब म १६ लागें, ताप्लेजुंगमा गएर त्रैलोक्यनाथ भण्डारी संग ३ वर्ष पढेर समग्र लघु, द्वितीय सर्ग रघुवंश, तर्क संग्रहको पंक्ति कण्ठ पारें। मैले सुनेको छ, उसवेला नेपाल भन्ने, नेपालमा मंसिरमा प्रथमा परिक्षा दिनुपर्छ, पास भयो भने पाक शालामा भरना हुन पायिन्छ, पढन पायिन्छ। मलाई नेपालमा जाने इच्छा छ। ९० साल भयो, आश्विनमा दशै मानेर टीकाका पर्सीपल्ट द्वादशीका दिन गुरू संग विदा मागेर हिंडें। केवल भारू १२ मात्र म संग छन्, खाजा, चामल बोकिन ओढने ओछ्याउने बोकेर पहाडको बाटो लागें। ठोट्ने खोलो तरें, वास वस्ने वेला भयो आफ्नु घर नजिकै छ। अब मनमा विचार गर्न लागें। आज वास कहाँ वसौं। आफ्ना घर जौं भने आमाले मलाई काठमाण्डू जान दिनु हुन्न। किनभने म ४ नं० दिङ्ला अध्यय गर्न जादा, आमा मलाई फर्काउन जानु हुन्थ्यो। म जङ्गलभित्र पसेर लुक्थे। आमा चाहिं उकालामा स्वाँ स्वाँ गर्दै, रुदै मेरो बाबु ? मलाई एकलै छोडेर कहाँ जान्छौ ? भन्दै डाडा सम्म पुगेर, मलाई नभेटी फर्कनु हुन्थ्यो। आमा उधो लागे पछि मात्र निस्केर उभो लाग्थें। यसैले भोलि मलाई अवश्य पनि जान दिनु हुन्न। यो विचारेर त्यहिं गौतमका घरमा वास वसें।

ऐले माताले मलाई गरेको त्यो माया संझन्छु, छाति चरक्क चिरिन्छ। आंसु आउछन्, बौली रोकिन्छ; घुंक्क, घुंक्क गर्न थाल्छु। के गर्नु माता परलोक

भएको पनि ३२ वर्ष भयो । सेवा गर्न पायिन दुःख लागेको छ । ९४ सालमा साहित्य मध्यमा दिएर घर गएँ । ९६ सालदेखि ताप्लेजुंग मौला डाडामा, हाल बालसुवोधिनी संस्कृत हाईस्कूलमा ३० वर्ष अध्यापकको काम गरें, बसें । उहि लगेर सेवा गरेको भए पनि हुन्थ्यो गरिन । मैले पढनु ता अलि अलि पढेको थियो तर पढेर के गर्ने । (शास्त्र पढनु किन कर्तव्य र अकर्तव्य जान्न । जानेर शास्त्रले अह्लाएको काम गर्न पढनु रहेछ, त्यो मैले जानेको थिएन । मैले ता पढेको कुरा शास्त्रमा राख्नुपर्छ, साथमा लिएर हिडनु हुँदैन, अथवा अरूलाई उपदेश दिनु । शास्त्र गर्छ अथवा अरू गर्छन् । पढनेले गर्नु पर्दैन भन्ने जानेको थियो । म पण्डित सबैको गुरू, अभिमानी ठूलो, स्वास्नीका कुरा सुन्ने स्वास्ने, स्त्रीलाई नै माता पिता सर्वस्व संझने, मातालाई हेर्न नसक्ने मता त्यस्तो अनि स्त्री कस्ति हुन्थिन् ।

घोडा नोकर शस्त्र शास्त्र युवती मन्त्री र मन्त्रहरू ।
स्वामीकै अनुसार हुन्छन भनि भन्छन् ति विद्वान् हरू ॥

माता, पिता, सासु, ससुरा, विद्वान् अरू मान्यजन भन्ने कुन चराको नाम हो । तिनीहरूमा स्त्री पुरुषले कस्तो व्यहार गर्नु पर्छ जान्दिनथे । हाल जान्दैछु, जानेर के गर्ने । वाचुन्जेल गरिन, ऐले गर्ने जस्तो हुँदैछ ।

मान्यजन खूसि हुदा सबै देवता सन्तुष्ट हुदा रहेछन् । रिसाउदा रिसाउदा रहेछन् । मान्य संतुष्ट हुदा आशीर्वाद, रिसाउदा सराप लाग्दो रहेछ । पाठकहरूले न भुल्नु माता पिताको हामीलाई रीण लागेको छ । हाम्रो पालन पोषण गर्दा पढाउदा कति खर्च लाग्यो होला, कसरी कताबाट ल्याएर खर्च गरे । त्यो रीण सेवा गरेर, धन कमाएर उनीहरूका समेत पालन पोषणमा लगाएर तिर्नु पर्छ । कुनै जीउनी पाए माता पिता म पाल्छु भन्ने पनि छन् धन भए छोराले मात्रै पाल्नु पर्छ र अरू पनि पाल्छन् । दाजुभाई कसैलाई लोभ लाग्छ भने जीउनी लैजाओ । लादैनौ भने त्यो धनले माता पिताले तीर्थ व्रत-गर्नु, माता पितालाई म पाल्छु भनेर पाल्ने जोहो त्यै छोरो हो, त्यो बुहारी हो भन्ने मलाई लाग्छ ।)

गौतमका घरमा बसेर बिहानै झिसमिसे अँध्यारामा नै उठेर छिटो छिटो हिडेर डाँडो काटें, ओह्रालो लागें । भोटे गाउँमा पुगेर एक आनाको मकै किनेर पोली खाएँ अनि हिंडे । अब फेरी शोचन लागें । यसपाला काठमाण्डू जान्न साथि छैन, को संग जानु कहाँ वस्नु कहाँ खानु, दिङ्ला जान्छु, मीन पचास विदामा, दिङ्ला वस्ने विद्यार्थी आउँछन्, उनै संग फागुनमा मात्र जान्छु यो निश्चय गरें । हिड्दै चैन पुर डाँडामा पुगें, वास वस्ने समय हुन लागेको छ । फलैंचामा कालो कोट मैला लुगा लगाएका २ जना मानिस वसेका रहेछन् । उनीहरू पटि फर्केर मैले सोधें । तपाईंहरू कहाँ जाने, कहाँ वस्ने को हौ ? उनीहरूले भने, हामो

नुं लोक वस्ने सेर्पा भोटे हौं । नेपालमा पिता झगडामा गएका छन् खर्च पुऱ्याउन जान्छौं । तिनी ता मेरै गाउँका पारी पटि वस्ने रहेछन् । उनीहरूको कुरा सुनेर खूसि भएँ । म पनि नेपालमा पढन हिंडेको, तपाईंहरू संगै जान्छु जौं त भनेर संगै हिंडें । १२ दिनमा नेपाल पुगें ।

(हेर्नुहोस त, म ता नेपाल नजाने, दिङ्ला जाने भनेर पो जाँदै थिएँ, कसले कसरी तिनीहरू संग भेट गरायो । तिनीहरू घरबाट दशैं मानेर त्रयोदशीका दिन हिंडेर एकै दिनमा त्यहाँ पुगे । म द्वादशीमा हिंडेर २ दिनमा मात्र त्यहाँ पुगें । मैले एकादशीकै दिन, अथवा चतुर्दशीका दिन हिंडेको भए पनि हुने थियो, मलाई हिंडौं भनेर प्रेरणा गर्ने कुनै थिए न, तिनीहरूसंग भेटै हुने थिएन, मलाई कसले हिंडायो । उनीले पनि म हिंडेकै दिन हिंडेको भए १ दिनको बाटो फरक पर्थ्यो, म २ दिनमा मात्र त्यहाँ पुगें, उनीहरू एकै दिनमा पुगे, भेट हुने थिएन । भंगो त्यो जे होस । पाँच मिनेट मात्र अघि पछि भएको भए पनि ता भेट हुने थिएन, मैले तिनीहरूलाई चिनेको थिएन, सोद्धै जाने थिइन । मलाई तिनीहरूसंग भेट गराएर नेपाल पुऱ्याउने को हो त भने, मेरा प्राक्तन कर्मका बन्धनमा परेर कर्म अनुसार कर्मको फल दिने ब्रह्म हो । त्यसै वर्ष मेरो के के हुने रहेछ त भने ।)

९० साल सम्म रानी पोखरी विद्यालयमा व्याकरणको मात्र पढाइ रहेछ ९१ साल देखि न्याय, वेंद, ज्योतिष, साहित्य चार विष थपिने भएछन् । धेरै छात्रको आवश्यक रहेछ । गुरुहरूले श्रावण मैन्हा देखिनै भरना मिलाउनु भयो । श्री ३ शम्सेरले गरेको तोलादन, श्री ५ त्रिभुवन विर विक्रमशाहले गरेको तिलपात्र पाएँ । मंसिरमा प्रथमा परीक्षामा पास भएँ । फागुनमा पाकशालामा नियुक्ति ओढने ओछ्याउने सरकारी, ६।६ मैनामा ज्याला समेत कपड़ा, दैनिक ५ तोला घिउ मिल्दो रहेछ । सरकारी नै भान्से भान्सा बनाउने । भात खान जाँदा डोले पाउधुन एउटा, तर्कारी, दाल, भात खान मिल्थ्यो । प्रतिदिन विहान वेमारी हेर्न वैद्य आउँथे । विहान पढाउन गुरू आउनु हुन्थ्यो । धर्म कार्यमा राणाहरूबाट टिकट मिल्थ्यो, दरवारमा पस्न डुल्न पायिन्थ्यो । साहित्य विषय लिएर चार वर्ष पढें । नेपालमा मध्यमा परीक्षा हुँदैनथ्यो । सरकारले नै फारम भराइदिएर परीक्षा खर्च ५०। दिने व्यवस्था थियो । काशीमा परीक्षा दिन जानु पर्थ्यो । ९४ साल फागुनमा परीक्षा दिएँ, प्रथममा नाम आयो अनि म आफ्ना घरमा गएँ । अरू कुरा माथि भनिहालें उक्त मेरो जन्म वृत्तान्तबाट मलाई यो विश्वास छ कि, हुने कुरा न भै टर्दैन । प्राणीको कर्म अनुसार कर्मको फल, सचेत भएर ब्रह्मले अवश्य भोगाउँछ ।

अनुक्रमणिका

पूर्व किरण

मानव शरीर काशी हो

जस्तै–प्रकाशार्थक काश् धातुबाट "प्रकाशते ज्ञानं यस्मिन्" प्रकाश हुन्छ ज्ञान जसमा यो अर्थमा काशी शब्द बन्दछ। जसमा ज्ञान (सत् असत्को विवेक) हुन्छ त्यो काशी भनिन्छ। जस्तै काशी बाहेक, अरू प्रयाग आदि पवित्र तीर्थमा, मृत्यु हुँदा मुक्त हुँदैन। काशीमा मर्दा मात्र मुक्त हुन्छ। गंगातटस्थ काशीमा उद्भिज्ज = भूमिबाट पैदाहुने गड़ेउला आदि, अण्डज = अण्डाबाट पैदाहुने पक्षी आदि, स्वेदज = पसिनाबाट पैदाहुने जूम्रा आदि, जरायुज = सालनालबाट पैदा हुने मनुष्य आदि प्राणीहरू जो जो मर्दछन्, प्राण जाने अन्त्यको समयमा तिनीहरूको दाहिने कान उभो फर्केको हुन्छ, थिचिएको हुँदैन। त्यसबेला शिवले "राम राम" यो तारक मन्त्र कानमा सुनाउनु हुन्छ र मुक्त हुन्छन् भन्ने शास्त्र प्रमाण छन्। यसै विषयमा शिवले पार्वती संग भन्नु भएको छ।

जस्तै = शशका मशका शुकाः वकाः कलविंकाश्च मृगाः सजम्बुकाः ॥
तुरगोरग वानरा नरा गिरिजे ? काशीमृताः परामृतम् ॥

हे पार्वति ? काशीमा मरेका खरायो, लाम्खुट्टे, शुगा, वकुल्ला, भंगेरा, मृग, स्याल घोड़ा, सर्प, वानर, मानिस सबै मुक्त हुन्छन्। स्वयं शिवले भनेको यो पक्षबाट पनि काशीमा मर्दा मात्र मुक्त हुँदो रहेछ भन्ने बुझिन्छ। मनुष्य योनि पाउनु काशी पुग्नु हो। मानव योनिमा 'आत्मा, अनात्माको ज्ञान हुन्छ, पशु योनिमा हुन सक्तैन। यसैले मनुष्य व्यतिरिक्त अरू प्राणीहरू काशीमा मर्दामात्र मुक्त हुन्छन्। मनुष्यता अन्यत्र मर्दा पनि मुक्त हुन्छन्। कसरि भने जन्म जन्मको सत्कर्मको फल परिपाक भए पछि, अकस्मात् एक दिन कुनै सज्जन संग भेट हुन्छ। सज्जनरूपी शिवले 'परमार्थतत्त्वरूपी, तारक मन्त्र सुनाइदिनु हुन्छ र मुक्त हुन्छन्। देहरूपी काशीमा र उ काशीमा पूर्व समुद्र र पश्चिम समुद्रको जस्तो फरक पर्छ। गंगा तटस्थ काशीमा देहान्तको समयमा मात्र शिव द्वारा ज्ञान हुन्छ, मानव शरीररूपी काशीमा तो मरण समय आउनु भन्दा प्रथम नै गुरुद्वारा आत्म-

ज्ञान हुन्छ । 'तत्त्वमसि' यो महा वाक्यको ज्ञान भए पछि तत्त्वज्ञानी पुरुष जहाँ मरे पनि मुक्त हुन्छ । अत एव मानव देह काशो हो' मानव देहको महत्त्व उपनिषद या श्रुतिस्मृतिले पनि कहेको छ । जस्तै = इहचेदवेदीदथ सत्यमस्ति न चेहावेदीत् महती विनष्टि = के० उ० नि० । अर्थ = यो शरीरमै जान्यो भने सत्य छ, मानव शरीरमै जानेन भने महान् हानि छ ।

इह चेदशकद्बोद्धुं प्राक् शरीरस्य विस्रसः ॥

ततः सर्गेषु लोकेषु शरीरत्वाय कल्पते ॥ काठोपनिषद्

अर्थ = यदि शरीर पतन हुनु भन्दा पहिलेनै जान्न सक्यो भने मुक्त हुन्छ । सकेन भने मनुष्य आदि योनिमै फेरि जन्म लिन्छ ।

लब्ध्वा सुदुर्लभमिदं बहु सम्भवान्ते, मनुष्यमर्थदमनित्यमपीह धीरः तूर्णं यतेत न पतेदनुमृत्यु यावन्निःश्रेयसाय विषयः खलु सर्वतः स्यात् = मा० ए० स्क०

अर्थ = धेरै जन्मका अन्त्यमा अनित्य भएता पनि, धर्म, अर्थ, काम, मोक्ष जे इच्छा गर्छ त्यै दिने अत्यन्त दुर्लभ, मानव शरीर पाएर 'धीर पुरुष' शरीर मृत्युका पछि लाग्नु भन्दा पहिले नै कल्याणका निमित्त झट्ट यत्न गरोस, स्त्री पुत्रादि विषय सबै योनिमा मिल्छ । यी उक्तिहरूबाट मानव शरीर पाउन दुर्लभ रहेछ भन्ने बोध हुन्छ । अतएव शरीर पतन हुनु भन्दा पहिले नै हामीले ज्ञान प्राप्तिका निमित्त यत्न गर्नु पर्दछ । अतएव हामोहरू उदरपूर्तिका निमित्त मात्र बाँच्ने विचार नगरौं, ज्ञान प्राप्तिका निमित्त बाचौं । यसै विषयमा योग वासिष्ठमा भनेको छ ।

अन्नाहारार्थं कर्म कुर्यादनिन्द्यं कुर्यादाहारं प्राण सन्धारणार्थम् ॥
प्राणाः सन्धार्यास्तत्त्वजिज्ञासनार्थं तत्त्वं जिज्ञास्यं येन भूयो न दुखम् ॥

अर्थ = यो मनुष्य जोवनमा जीवन निर्वाहका निमित्त अनिन्दित व्यवहार गरोस, बाच्नाका निमित्त खाओस, तत्त्व जान्नका निमित्त बाँचोस, तत्त्व जान्न इच्छा गर्नु, जुन जान्नाले फेरी दुःख नहोस । अर्थात् खानाका निमित्त कसैलाई पीरमर्का हिंसा नहुने काम गरेर धन जम्मा गर्नु । २ दिन मात्र बाचे भने आफू विषय सुधार्न सक्छु कि, अथवा तत्त्व ज्ञान प्राप्त गर्न सक्छु कि भनेर बाच्नु पर्छ । अलिदिन बांचे भने २ विगाह जगा लिने थिएं, यति धन जम्मा गर्ने थिए भनेर बाच्नु ह्वैन । यो मानव शरीरले जे इच्छा गऱ्यो त्यै गर्न सक्तछ । मानव शरीर जमीन हो, जस्तो जमिनमा जेको बीज रोप्यो, त्यै पैदा हुन्छ, त्यस्तै यो

शरीरमा पनि, धर्म, अर्थ, काम, मोक्ष जे रोप्यो त्यै पैदा हुन्छ। जस्तै गीतामा

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते। गीता

अर्थ = कृष्णाले अर्जुनलाई भन्नु भइको छ, हे अर्जुन, यो शरीर क्षेत्र भन्ने कहिन्छ। क्षेत्र = भूमि। भूमि २ प्रकारका हुन्छन्, रूखा र मलिला, देवता र पशुको शरीर पनि क्षेत्र, या भूमिनै हो। तर ती भूमि रूखा हुन्। धर्म, अर्थ, काम, मोक्ष यी कुनै रोप्ता पनि उम्रदैनन्। अरू कर्म गर्ने अधिकार छैन। सुख वा दुःख भोग अधिकार मात्र छ। स्वर्गको सौख्य भोगिसके पछि देवताले पृथ्वी तलमा अथवा मनुष्य लोकमा आउनु पर्छ, पशुले पनि अर्को शरीर लिनु पर्छ। मनुष्यको मात्र कर्म गर्ने अधिकार छ। कर्मले अन्तःकरणको शुद्धि, अनि ज्ञान हुन्छ, ज्ञानले मुक्ति हुन्छ। अतएव मानव देह मलिलो भूमि हो, अमूल्य रत्न हो। जे रोप्यो त्यै पैदा हुन्छ। लगाएको फसल निष्फल हुँदैन, हामी मनुष्य शरीररूपी काशीमा छौं, कुमार्गमा लागेर जीवन वर्वाद न गरौं, सुमार्गमा लागेर ज्ञान प्राप्त गरौं। वेलैमा मलिला भूमिमा धान रोपौं वेलैमा न रोपे खान पाइने छैन, पछि धुरू धूरू रुनु पर्नेछ।

१८ शास्त्र

शास्ति अनेन-शिक्षा दिन्छ यसले-यो अर्थमा शास् धातुबाट शास्त्र शब्द वन्द- छ। कर्तव्याकर्तव्य विधान गर्ने ग्रन्थ शास्त्र कहिन्छ। ब्राह्मण, क्षत्री, वैश्य शुद्रः यी चार वर्ण, मनुष्य = जाति, ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, सन्यास यी चार आश्रम यिनीहरूको विधि, निषेध विधान गर्नु शास्त्रको लक्षण या परिभाषा हो।

शास्त्र अठार छन्। जस्तै वेद ४ ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद

वेदांग छ छन्। जस्तै शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्द, ज्योतिष। उपांग ४ छन्। जस्तै पुराण, न्याय, मीमांसा, धर्मशास्त्र। जम्मा १४ छन्। शास्त्रता अरू पनि छन्। तर यिनै १४ शास्त्रमा पर्छन्। यिनीहरूको नाम लिदा अरू पनि जानिन्छन्। जस्तै उपपुराणहरू पुराणमा, वैशेषिक न्यायमा, वेदान्त मीमांसामा, महाभारत र रामायण इतिहासका रूपमा धर्मशास्त्रहुन्, यी दुईटा र सांख्य, पातञ्जल, पाशुपत, वैष्णव आदिको धर्मशास्त्रमा अन्तर्भाव हुन्छ। यी सबै मिलेर शास्त्र १४ हुन्छन्। यसै विषयमा एक पद्य छ।

पुराणन्यायमीमांसा धर्मशास्त्रांग मिश्रितः
वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश॥

उपवेद ४ छन्। जस्तै आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, अर्थशास्त्र। उक्त १४ शास्त्रमा यी ४ उपवेद जोडदा, शास्त्र जम्मा १८ हुन्छन्। यी अठार शास्त्रले

प्रतिपादन गरेको कुरा प्रमाणित हुन्छ। यी अठारमा न परेका अरू शास्त्रले बताएको कुरा प्रमाणित हुंदैन। ती शास्त्र नास्तिक हुन्।

वेदको लक्षण

धर्म र ब्रह्मको प्रतिपादक, अपौरुषेय प्रमाणवाक्य वेद भनिन्छ। वेद कसैले बनाएको होइन। "तस्य निःश्वसितं वेदाः" ती भगवान्का श्वास वेद हुन्-यो श्रुति प्रमाण छ। सृष्टिका आदिमा भगवान्का मुखारविन्दबाट श्वासनै वाणीरूप वेद भएर निस्क्यो। ती वेदवाणीहरू सर्वसाधारणले नजानिने कठोर हुनाले, हाम्रा भूतपूर्व ऋषि महर्षिहरूले सबैलाई बोध होस् भन्ने अभिप्राय लिएर उक्त एक वेदको चार वेदमा विभाजन गर्नु भयो। वेदोक्तिलाई नै लिएर अरू शास्त्रहरू पनि बनाउनु भयो।

जस्तै-एउटै वेद भित्र भएका, पाउ र गायत्री आदि छन्दले युक्त भएका कुनै मन्त्र या ऋचाका समूहको नाम ऋग्वेद भन्ने राखे। गानामा परिणत पारिएका कुनै मन्त्रका समूहको नाम सामवेद, पाउ, छन्द न भएका, गानामा पनि परिणत नगरिएका, विधि, निषेध गर्ने वाक्यले युक्त भएका, यज्ञ आदि कर्मकाण्डका प्रतिपादक मन्त्रका समूहको नाम 'यजुर्वेद', शान्तिक, पौष्टिक, अभिचार आदि कर्मको प्रतिपादक हुनाले अत्यन्त विलक्षण भएका मन्त्रका समूहको नाम अथर्व-वेद, भन्ने राख्नु भयो। वेदवाणीको अर्थ कठोर हुनाले, अर्थज्ञानका निमित्त वेदांग-को रचना गर्नु भयो। पहिले वेदाङ्गको अध्ययन नगरी वेदको अर्थ जानिदैन।

वेदाङ्गको लक्षण

शिक्षा = अथ शिक्षां प्रवक्ष्यामि, इत्यादि नव खण्ड भएको शिक्षा शास्त्र पाणिनि मुनिले र याज्ञवल्क्य आदिले बनाउनु भयो। शिक्षाले ह्रस्व-दीर्घ, प्लुत, उदात्त, अनुदात्त, स्वरित विशिष्ट व्यञ्जनहरूको उच्चारण गर्ने विधि बोध गर्छ।

थोरै कालले उच्चारण गरिने अच् 'ह्रस्व' धेरै समयले उच्चारण गरिने अच् 'दीर्घ' उच्चास्वरले उच्चारण गरिने अच् 'उदात्त' मन्दस्वरले उच्चारण गरिने अनुदात्त, मन्द पनि न भएको उच्च पनि न भएको समान या मध्यम स्वरले उच्चा-रण गरिने स्वरको नाम 'स्वरित्त' भन्ने कहिन्छ।

कल्प :-कल्प सूत्र सांख्यायन आदि मुनिहरूले निर्माण गर्नु भयो। कल्पसूत्रले वैदिक अनुष्ठान कर्मविशेषको बोध गर्दछ।

व्याकरण :-शब्दको प्रतिपादन गर्नु यसको अर्थ हो। व्याकरणको विषयमा स्वयं पाणिनिले भनेको छ।

नृत्यावसाने नटराजराजो ननाद ढक्कां नव पञ्च वारम् ।
उद्धर्तुकामः सनकादि सिद्धानेतद्विमर्शे शिवसूत्र जालम् ॥

नटका राजाका पनि राजा भएका शिवजीले, ताण्डव नाचको अन्त्यमा, सनक, सनन्दन, सनातन, सनत्कुमार यी सिद्धहरूको उद्धार गर्नका निम्ति या इच्छाले चौधपल्ट डम्मरू वजाउनु भयो । चौध पल्ट वजाएको यो डम्मरूको शब्दलाई शिवका वरप्रसादले पाएका चौध सूत्रको समूह हो भन्ने विचार गर्दछु । यों भनेर चौध पल्ट वजाएका डमरूका चौध शब्दलाई सूत्रमा परिणत गरेर चौध सूत्र वनाउनु भयो ।

जस्तै :- अइउण् १ ऋलृक् २ ए ओङ् ३ ऐ औच् ४ हयवरट् ५ लण् ६ ञमङणनम् ७ झभञ् ८ घढधष् ९ जबगडदश् १० खफछठथचटतव् १२ कपय् १२ शषसर् १३ हल् १४-यी नै चौध सूत्र द्वारा :"वृद्धिरादैच्" यो सूत्रदेखि आरम्भ गरेर आठ अध्याय भएको व्याकरणशास्त्र पाणिनि मुनिले बनाउनु भयो । पाणिनिका सूत्रका उपर कात्यायनले वार्तिक बनाउनु भयो । वार्तिकका उपर पनि पतञ्जलिले भाष्य बनाउनु भयों । यसमा तात्पर्य यो छ । पणिनिले जति सूत्र बनाउनु भयो, ती सूत्रका उपर, जस्तै-पाणिनिले "वान्तो यि प्रत्यये" यो सूत्र बनाउनु भयो । यसका उपर यो पनि भन्नु पर्छ, यो पुगेन भनेर नपुग् गल्ति देखाएर कात्यायनले 'अध्व परिमाणेच' यो वार्तिक वनाउनु भयो । यसै गरी सबै सूत्रका उपर बनाउनु भयो । ती वार्तिकहरूका उपर पतञ्जलिले भाष्य गरेर धेर जसो कात्यायनका वार्तिक खण्डन गरेर नभैनहुने मात्र राख्नु भयो । अत एव यी त्रिमुनि व्याकरण 'वेदाङ्ग माहेश्वर' भनिन्छ । कुमार आदिले प्रकाश गरिएका 'कौमार' आदि व्याकरण वेदाङ्ग हुँनन् । लौकिक प्रयोगको ज्ञानका निमित्त मात्र जान्नु ।

निरूक्त :-एवं शिक्षाबाट वार्णोच्चारणको र व्याकरणबाट पदसाधुत्त्वको ज्ञान भए पछि, वैदिक मन्त्रका पदको, अर्थ ज्ञान आकांक्षा हुँदा, वैदिक पदको अर्थ ज्ञानका निम्ति, भगवान् यास्कले तेह्र अध्याय भएको "निरूक्त" बनाउनु भयो ।

छन्द :-छन्द ज्ञानका निमित्त, आठ अध्याय भएको "छन्दोविचिति" पिङ्गल नागले रचना गरियो ।

ज्योतिष :-सूर्यादि नव ग्रहको वर्ण, आकार, तिनीहरू सन्तुष्ट हुने पदार्थ, दिशाज्ञान, मनुष्यको ग्रहबाट राशि अनुसार हुने सूत्र भविष्य, वर्तमान कर्मफल, शुक्खा, वर्षा, राष्ट्रमा कलह, शान्ति, सुभिक्ष, दुर्भिक्ष या अनिकाल, सहकाल, दैनिक राशि अनुसार शुभाशुभ, ग्रहणको समय र वैदिक कर्मको अङ्ग भएका

'आमबास्या (दर्श) आदिको समय ज्ञानका निम्ति ज्योतिष शास्त्र गर्गादि मुनिले प्रकाश गरियो ।

उपाङ्ग

पुराण :–सर्ग, प्रति सर्ग वंश, मन्वन्तरवंशानुचरित प्रतिपादक ब्राह्म, पाद्म, वैष्णव, शैव, भागवत, नारदीय, मार्कण्डेय, आग्नेय, भविष्य, ब्रह्म वैवर्त, लैङ्ग, बाराह, स्कान्द, वामन, कौर्म, मात्स्य, गारूड, ब्रह्माण्ड यी अठार पुराण भगवान् व्यासका कृति हुन् ।

न्यायः–आन्वीक्षिकी, यो न्यायमा अन्तर्गत हुन्छ अर्थात् न्याय पदले आन्वीक्षिकी पनि, ग्रहण गरिन्छ ।

पाँच अध्याय भएको आन्वीक्षिकी गौतमले बनाउनु भयो । यसमा सोह्र पदार्थ मानिएका छन् । जस्तै प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति, निग्रह स्थान । यी सोह्र पदार्थको उद्देश्य र लक्षण जानेर तत्त्वज्ञान गर्नु आन्वीक्षिकीको प्रयोजन हो । एवं दश अध्याय भएको वैशेषिक-शास्त्र कणादले निर्माण गर्नु भयो, यो न्यायपदले ग्रहण गरिन्छ । यसमा सात पदार्थ मानेको छ । जस्तै, द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय, अभाव । न्यायको अर्को नाम 'तर्क शास्त्र' भन्ने कहिन्छ । तर्क या न्यायशास्त्रले सात पदार्थको साधर्म्य र वैधर्म्यको प्रतिपादन गर्दछ ।

मीमांसाः–विचार । मीमांसा पनि दुइ प्रकारको छ । धर्म मीमांसा र शारीरिक मीमांसा । धर्मको प्रमाण, धर्मको भेदाभेद, पाठ आदि क्रमको भेद आदिको विचार गर्ने 'धर्म मीमांसा' । यावत्प्राणीमात्रका हृदयाकाशमा रहेका चेतन आत्मा या ब्रह्मको विचार प्रतिपादन गर्ने 'शारीरिक मीमांसा' ।

"अथातो धर्म जिज्ञासा" इत्यादिबाट 'अन्वाहार्ये च दर्शनात्' सम्म बाह्र-अध्याय भएको धर्म मीमांसा जैमिनि मुनिले रचना गरियो । चार अध्याय भएको 'सङ्कर्षण काण्ड' पनि जैमिनिकै कृति हो । यो पनि मीमांसामा नै पर्दछ । जैमिनिले छओटा प्रमाण मानेको छ । जस्तै अर्थापत्ति १:–दिनमा खादैन, अर्थात् राति खान्छ । सम्भव २:–एक पाथिभन्दा आठ माना भन्ने जानिन्छ । अभाव ३:–सूनमा चादि छैन । प्रतिमा ४:–नयां नयां विषय कल्पना गर्ने बुद्धि । ऐतिह्य ५:–यो वृक्षमा यक्ष थिए अरे । उपमा ६:–राम कृष्ण जस्तै छन् ।

'अथातो ब्रह्म जिज्ञासा, इत्यादिबाट 'अनावृत्तिः शब्दात्, सम्म 'शारीरिक मीमांसा, (ब्रह्मसूत्र) 'वादरायण' व्यासको कृति हो। वेदान्त मीमांसामा नै पर्दछ। आन्वीक्षिकी र वैशेषिक न्याय हुनाले र वेदान्त मीमांसा हुनाले माथि उपाङ्गमा पृथक् गणना गरिएन।

वेदान्तः–वेदान्तको अर्थ–वेदको अन्त्य भाग भन्ने हो। जस्तो यजुर्वेदको अन्त्य भाग चालिसौं अध्याय, ईशावास्योपनिषद्, अथवा 'शतपथ ब्राह्मण, को अन्त्य भाग 'वृहदारण्यकोपनिषद्, इत्यादि छन्।

वेदान्तको अर्को अर्थ–वेदको उपसंहार (सिद्धान्त) पनि हो। जसमा जन-कल्याणकारी, विश्वमानवतावादी विचारको पक्ष देखाइन्छ। वेदान्तको मुख्य अर्थ त्यै हुनाले नै वेदान्तसारमा वेदान्तको नाम 'उपनिषद् प्रमाणम्' भनेको छ। त्यसो भएता पनि वेद, उपनिषद्लाई मुख्य प्रमाण मान्ने दर्शन शास्त्र र शङ्कराचार्य आदिका दर्शनलाई पनि वेदान्त भन्दछन्। वेदको परमार्थ तत्त्व प्रतिपादन गर्ने शास्त्र वेदान्त कहलाउँछ। वेदान्त शास्त्र व्याकरण जस्तै लाक्षणिक ग्रन्थ पनि हो। यसले मायाको भेद, चेतन ब्रह्म, जडब्रह्म (प्रकृति) 'जडब्रह्मका महत्तत्त्वादि विकार, तिनीहरुको लक्षण, स्थूल, लिङ्ग शरीर, कारण शरीर, तिनीहरूको लक्षण प्रतिपादन गर्दै जगत्लाई स्वप्न समान विनाशी भ्रान्तिरूपमा परिणत गरेर तटस्थ, निर्गुण ब्रह्मको प्रतिपादन गर्छ। ब्रह्म सक्षात्कार गर्नु वेदान्तको लक्ष्य या तात्पर्य हो। वेदान्तले पाँच पदार्थ मानेको छ, जस्तै अस्ति, भाति, प्रियम्, रूपम्, नाम। अस्तिः–घटोऽस्ति, घड़ा छ। भाति—देखिन्छ। प्रियम्ः–यसमा जल ठण्डा मीठो हुन्छ, यसैले प्यारो छ। रूपम्ः–पाटल बर्ण, मुख सानु, पेट ठूलो छ। नामः–यसको नाम घड़ा हो। त्यस्तै ब्रह्मास्तिः ब्रह्म छ, भातिः चैतन्य, ज्ञान, ज्योतिहरुले प्रकाशमान छ। प्रियम्ः–परमानन्दरूप हुनाले प्यारो छ। रूपम्ः–आनन्दनै ब्रह्मको रूप हो।

आनन्दं ब्रह्मणो विद्वान् नबिभेति कुतश्चन। पञ्च तृ० प्र०

उपदेश

आयुर्वेदः–अष्ट स्थान भएको आयुर्वेद, ब्रह्मा, प्रजापति, अश्विनी कुमार, धन्वन्तरि, इन्द्र, भरद्वाज, आत्रेय, अग्निवेश आदिले वनाउनु भयो। त्यसलाई चरकले संक्षिप्त गर्नु भयो। काम शास्त्र पनि आयुर्वेदमा पर्दछ।

धनुर्वेद–चार पाउ भएको धनुर्वेद, विश्वामित्रले बनाउनु भयो। त्यसमा धनुको लक्षण, धनुर्विद्याको अधिकारी, शास्त्रको अभ्यास, देवार्चनाभ्यास, अस्त्र प्रयोगको विधान निर्देश गरेको छ।

गान्धर्ववेदः–गान्धर्ववेद भरतले वनाउनु भयो। त्यसमा नृत्य, गीत, वाद्यका भेदले नाना प्रकारको अर्थ प्रपञ्च गरेको छ। गान्धर्ववेदको तात्पर्य देवताको आराधन, निर्विकल्प समाधि सिद्धि हो।

अर्थशास्त्रः–एवं अर्थशास्त्र धेरै रूपमा परिणत भएको छ। जस्तै–नीतिशास्त्र, अश्वशास्त्र, गजशास्त्र, शिल्पशास्त्र, सूपकारशास्त्र, चतुःषष्ठीकलाशास्त्र, कौटिल्य-शास्त्र, यी सप्त -शास्त्र, अर्थशास्त्रको नाममा आउँ छन्। जस्तै हार्मनी, मादल सीतार, डुकीतवेला, वासुरी, मजिरा, तानपुरा, दिलरूवा मङ्गोलिया, सरोजा, बीणा, शारङ्ग, भ्वैलन्, वेञ्जू, पकुवाज, नरसींगा, सनाई, जलतरङ्ग, इष्टकातरङ्ग, कपड़ा बुन्न, अक्षर लेख्न, कपड़ा, दांत, अङ्ग, नङ, ओठ रङाउन, पूजाको सामाग्री तयार गर्न, माला, पगरी गाथ्न, वाहन चढन, टीका लाउन, वस्त्र गहना पैह्लाउन, नाच, गान गर्न, ताली दिन, फूटवाल खेल्न, छेलो हान्न, वेड़ीकाठो, गीर खेल्न आदि उफ्रनु, दौडनु सबै काम जान्नु यी र अरू अरू जति कला छन् ती समग्र उक्त सप्त शास्त्रमा पर्दछन्।

व्यासकृत महाभारत र वाल्मीकि कृत रामायण इतिहासका रूपमा धर्मशास्त्र हुन्, धर्मशास्त्रमा नै अन्तर्गत हुन्छन्।

पाशुपत शास्त्र :––अथातः पाशुपतयोगविधिं व्याख्यास्यामः इत्यादि पाशुपत शास्त्र, पशुको पाश छुटाउनका हेतुले पाँच अध्यायमा परिणत गरी भगवान् पशुपतिले रचना गरियो। पाँचै अध्यायमा जीवलाई कार्यरूपमा, पशुपतिलाई कारण रूपमा परिणत गरि व्याख्या गरेको छ। एवं शैव शास्त्र पनि पाशुपत शास्त्रमा अन्तर्भाव हुन्छ। त्यस्तै पंचरात्र र वैष्णव शास्त्र नारद आदिले वनाउनु भयो, त्यसमा वासुदेव कारणबाट कार्यरूपी 'संकर्षण' नाम भएको जीव पैदा भयो। त्यसबाट 'प्रद्युम्न' नाम भएको मन, त्यसबाट 'अनिरुद्ध, नाम भएको अहंकार पैदा भयो। यी सबै वासुदेवका अंशबाट पैदा भएका हुनाले वासुदेव भिन्न छैनन् वासुदेव नै हुन् भनेर वताएको छ। यस्तै वैष्णवमन्त्रशास्त्र पनि पंचरात्रैमा पर्दछ।

दर्शनको लक्षण

दृश् धातुदेखि, दृश्यते येन—देखिन्छ अथवा जानिन्छ जस द्वारा यो अर्थमा दर्शन शब्द बनियो। दर्शन दुइ प्रकारका हुन्छन्, नास्तिक र आस्तिक। वेद-विहित, वैदिक सिद्धान्त विरूद्ध प्रतिपादन गर्ने 'नास्तिक दर्शन' भनिन्छ। वेद विरूद्ध नभएको विषय प्रतिपादन गर्ने आस्तिक दर्शन भनिन्छ। मानिस पनि दुइ थरीका हुन्छन्, नास्तिक र आस्तिक। वैदिक सिद्धान्त (ईश्वर) नमान्ने नास्तिक

र वैदिक सिद्धान्त (ईश्वर) मान्ने आस्तिकमा गिन्ति गरिन्छन् । 'षड्दर्शन' दर्शनशास्त्र छओटा छन् भनेर बताएको छ तर दर्शन शब्दको अवयवार्थ विचार गर्दा दर्शनशास्त्र धेरै हुन्छन् भन्ने बुझिन्छ । जसबाट 'सूक्ष्म र स्थूल' पदार्थको ज्ञान हुन्छ त्यो दर्शन कहलाउँछ । सूक्ष्म पदार्थ सूक्ष्म दृष्टिले, स्थूल पदार्थ स्थूल दृष्टिले प्रत्यक्ष गरिन्छ । यसैले 'षड्दर्शन' मात्र भन्न सुहाउँदैन ।

चार्वाक दर्शन

यस मतको आदि प्रवर्तक 'वृहस्पति' मानिएका छन् । दैत्य गुरू 'शुक्राचार्य' तपस्या गर्न गएका थिए, तपस्या समाप्त गरेर घरमा आए । यो कुरा दैत्यहरूलाई थाहा थियो । त्यै मौका पारेर, विष्णुको सहमत लिएर शुक्राचार्यको रूप वृहस्पतिले धारण गरे । दैत्य वर्गलाई जम्मा गरेर नास्तिक मत प्रचार गरे । विष्णुका मायाले बुद्धि ढाकिएका दैत्यहरूले साच्चैनै शुक्राचार्य हुन् भन्ने वृहस्पतिलाई संझे । यसरी राजनीति प्रयोग गरेर वृहस्पतिले नास्तिक चार्वाक दर्शन प्रतिपादन गरेको हो । यो मत पहिले सूत्रमा रचना भएको थियो । यसैले सूत्रको नाम 'वार्हस्पत्य सूत्र' र 'वार्हस्पत्य दर्शन' पनि भन्दछन् । कसैको भनाइ छ 'चार्वाक' नाम भएका ऋषिले यो मत प्रचार गरेको हो । यो कथा महाभारतमा छ । आरण्यकोपनिषद्मा पनि यस मतको चर्चा छ । यसबाट यो प्राचीन मत भन्ने ज्ञान हुन्छ । पुण्य, वा, परोक्ष नमान्नेलाई र 'चारूवाक्' मधुर, प्रिय वचन वोल्नेलाई पनि 'चार्वाक' ले बुझाउँछ । चार्वाकको अर्कोनाम 'लोकायत' भनिन्छ । लोकायत (चार्वाक) हरू पृथ्वी, जल, तेज, वायु यी चार तत्त्व मान्दछन् । यी चार तत्त्वको संघर्षबाट शरीर चालकशक्ति उत्पत्ति हुन्छ । त्यसैले शरीर चल्दछ, अर्को कुनै ईश्वर छैन भन्दछन् । अहिले यो मतले प्राय गरेर नेपाललाई ढाकेको जस्तो बुझिन्छ ।

श्वेताश्वतर उपनिषद्मा जगत् उत्पत्ति कारणको सम्बन्धमा यो चार्वाक दर्शनको अनेक मत देखाएको छ । ती मध्यमा कुनै मत यी हुन्

कालवाद, भौतिकवाद, स्वभाववाद, नियतिवाद, यदृच्छावाद ।

१· कालवाद :--समय आएपछि जो हुने वाला छ, त्यो अवश्य हुन्छ भनिन्छ ।

२· भौतिकवाद :--भूतहरूको संघटनबाट चैतन्य पैंदा हुन्छ, स्मरण शक्ति पनि तिनैका संघर्षबाट पैंदा हुन्छ, अतः चेतना शक्ति सम्पन्न शरीर नै आत्मा हो, देहवाहेक अरू कुनै चेतनवान् हो भन्नलाई कुनै प्रमाण छैन भनिन्छ । यसमतमा अथवा चार्वाक दर्शनमा प्रत्यक्ष बाहेक अरू प्रमाण छैनन् ।

३. स्वभाववाद :—यसमतमा स्वभाव भन्नाले जन्म जन्मान्तरमा गरिएको धर्म र अधर्मको संस्कार जो छ, त्यै कार्योत्पत्तिमा कारण मानिन्छ ।

४. नियतिवाद :—समयको भर पर्ने । यस मतमा जो हुनेवाला घटना छ त्यो अघि देखिनै तयार भैरहेको हुन्छ । दैव र पुरुषार्थको स्थान छैन भनिन्छ । यो नियतिवाद मतता म लेखकलाई पनि साँचै हो भन्ने लाग्दछ । किनभने—यस्मिन् यतो येन''''न तस्य कश्चित्तपसा इत्यादि शास्त्र प्रमाण छन् ।

५. यदृच्छावाद :—यस मतमा प्रत्यक्षमात्र प्रमाण मानिन्छ ।

चार्वाक सम्प्रदाय अनुगामी जति छन्, ती नास्तिकहरूका शिरोमणि हुन् । यिनीहरू संसारको सृष्टि, पालना, प्रलयमा कर्ताको अपेक्षा राख्तैनन् । यस मतमा सृष्टि स्वयं हुन्छ, या माता पिताको सम्बन्धबाट हुन्छ, सृष्टिका निम्ति अरू ईश्वरेच्छा आदि आवश्यक छैन । द्वयणुक, त्रसरेणुक आदिको संस्थान (संयोग) बाट घटादि पैदा हुन्छ भनिन्छ । यो मतमा संयोग; समवाय सम्बन्ध द्वारा अवयव र अवयवी पैदा हुन्छन् । यता व्यवहारतिर, जस्तै नजान्ने बालक खानु, पीनु, मोज, मजा उडाउनु यति मात्र एउटा सिद्धान्त आफ्नु अन्तिम लक्ष्य संझन्छ, त्यस्तै- यावज्जीवेत् सुखं जीवेत्, ऋणं कृत्वा घृतं पिबेत् । भस्मी भूतस्य देहस्य पुनरागमनं कुतः । अर्थ–बाचुन्जेल सुखैले बाच्नु, रीण गरेर पनि घिउ पिउनु । भस्म भएको शरीर फेरि फर्केर कताबाट आउँछ, आउँदैन । पाठ, पूजा, दान, धर्म, अहिंसा आदि राम्रो व्यवहार जति छन् ती उद्योग गर्न नसक्ने लोभी मानिसका आडम्बर हुन् भनिन्छ । देह, इन्द्रिय, मन, बुद्धि; पञ्च कोशहरूलाई भिन्ना भिन्नै आत्मा मान्नेहरू पनि चार्वाक संप्रदायका नै हुन् ।

जैन दर्शन

ईश्वरको अपेक्षा नराख्ने दर्शनशास्त्रहरूका मध्यमा 'चार्वाक दर्शन' का पछि 'जैन दर्शन' को स्थान छ । चार्वाक सिद्धान्तमा आत्माको शरीर पाँच भूतबाट बनेको छ, पाँच पृथिव्यादि भूत बाहेक अर्को आत्मा मानेको छैन । जैन सिद्धान्तमा भने पाँच भूत भिन्न अर्को आत्मा मानेको छ । यसै कारणले ज्ञान मार्गमा चार्वाक भन्दा जैनहरू केहि अग्रसर भएका छन् । तथापि भौतिकवादबाट सर्वथा मुक्त भएका छैनन् ।

'जैन दर्शन' एक नास्तिक दर्शन भनिन्छ । कुनै विषयमा पनि स्वभावैले आस्तिक दर्शनसंग मतभेद छ । यसो हो ता पनि आस्तिक दर्शनकै मार्गमा यिनीहरूको विचारधारा बहन्छ । यिनीहरूको अन्तिम लक्ष्य दुःखको निवृत्ति परमसुखको प्राप्ति छ । तपस्या, साधन आदिबाट कायिक, वाचिक, मानसिक क्रिया नियंत्रण

गरेर अन्तःकरणको शुद्धि गर्नु, परमात्माको साक्षात्कार गर्नु मुख्य उद्देश्य छ। अतः जैनहरू सम्यग्दर्शन, सम्यग्ज्ञान, सम्यक् चरित्र यी तीन रत्नको प्राप्तिका निम्ति आजीवन यत्न गर्दछन् । यो सम्पूर्ण कुरा आस्तिक दर्शनमा पनि छ । यद्यपि आस्तिकहरू यिनीहरूलाई नास्तिक भन्दछन् तापनि दार्शनिक विचारमा तथा ज्ञानको विचारमा या विकासमा पनि जुन सोपान (सिढी) परम्परामा आस्तिकहरू चढेका छन्, उसै सोपान परम्परामा 'जैन दर्शन' चढेको छ । स्वाभाविक दृष्टिकोणको र एउटै मार्गमा अघि पछि भएर जानु यति मात्रको भेद छ ।

जैन सिद्धान्तका आदि प्रवर्तक ऋषभदेव हुन्, त्यसपछि महावीर आदि यो सिद्धान्तका प्रवर्तक भए । यो नाम ऋग्वेदमा पनि छ भन्ने जैनहरूको भनाइ छ । यसैले यो जैन मत बहुत पुरानु हो । महाबीर भन्दा पहिले 'पार्श्वनाथ' थिए । उनीले अत्यन्त कठोर नियम पालन गरेर अन्तःकरण शुद्धिका निमित्त, शिष्यहरूलाई उपदेश दिएको थियो । यसै आधारमा महाबीर भन्थे, जब सम्म साधुहरू वस्त्र समेत पनि त्याग गर्दैनन् तब सम्म उनीहरूका मनमा राम्रो नराम्रोको विचार दूर हुन सक्तैन । कर्तव्य मार्गमा निर्लिप्त हुन कठोर छ । यो उपदेश दिएर शिष्यहरूलाई 'दिगम्बर' (वस्त्रहीन नङ्गा) बनाए । तर यो दिगम्बर सम्प्रदाय सबै प्रसन्न गर्नेवाला भएन, यसैले 'दिगम्बर' र 'श्वेताम्बर' दुइ दल भए । यिनीहरूको केबल बाहिरी या विषयमा मात्र भेद भयो परमार्थ तत्व विचारमा भने अलिकति पनि परिवर्तन भएन । जैन धर्मको प्रवर्तक 'ऋषभदेव' अजितनाथ आदि चौविस पुरुष थिए ।

श्वेताम्वर र दिगम्बरको भेद

दिगम्बरको मतमा केवल ज्ञानप्राप्तिका निमित्त साधुहरू आफ्ना साथमा कुनै चिज पनि राख्तैनन् । वस्त्र, गहना आदि धारण गर्नु हुँदैन । अरू दाताहरूले पनि तिनीहरूलाई वस्त्र आदि केहि नदिनु भनिन्छ । श्वेताम्बरको मतमा दिगम्बरको मत विरुद्ध गरिन्छ । जैन धर्मको आदि प्रवर्तक प्रथम शुक्ररूपधारी वृहस्पति नै हुन् ।

> अर्हध्वं मामकं धर्मं माया मोहेन ते यतः ।
> उक्तास्तमाश्रिता धर्ममार्हतास्तेन तेऽभवन् ॥ पद्म. पु. उ. ख.

शुक्ररूपधारी वृहस्पतिले, हे दैत्य हो ! मेरो धर्मलाई मान्यता देओ भन्नु भयो । गुरूको यो कुरा श्रवण गरेर वैष्णवी मायाले मोहित भएका दैत्य वर्गले 'अर्ह' शब्द वाच्य धर्मको ग्रहण गरे, यसैले जैनहरूको नाम 'आर्हत' भएको रह्यो ।

जैन शब्दको अवयवार्थ

जस्तै-ज्या वयोहानौ–उमेरको हानि अथवा वृद्ध (बूढो) हुनु यो अर्थमा ज्या धातुबाट 'जीन' बनिन्छ। जीनको अवयवार्थ या भित्रको अर्थ–वृद्ध, पुरानु हो। जस्तै 'जीनो जीर्णो जरन्नपि' यो अमरकोशमा छ। जीनले ब्रह्मलाई कहन्छ। ब्रह्म पुरानु, बूढो कहिले भयो, कसैले कुनै समयमा, कुनै उपायले यो जान्दैन। जीन विशेष्य निष्न (विश्लेषण) हो जीनस्य अयं, इयं वा इदम् भन्दा जैन भयो। यो पनि विश्लेषणै हो। जस्तै पुलिंगमा जैनः पुरूषः, स्त्री मा 'जैनी स्त्री, न. पु. मा जैनं जगत् भयो। यी जैनको अवयवार्थ न जानिकन जैन धर्मावलम्बी पुरूषहरू आ-आफूमा कलह मचाउछन्। जैनले ब्रह्मज्ञानी र माया, जगतलाई बुझाउँछ। यो जैनधर्ममा वेद, ब्राह्मण, देवता कर्मको निन्दा गरिन्छ। नांगो हुनु धर्म, वस्त्र लगाउनु अधर्म हो भनिन्छ। यो धर्म वेदवाह्य हो। जैन शब्दको अवयवार्थ जानेको भए, जगतै जैनको रूपहुनाले वेद आदिको निन्दा गर्ने थिएनन्, निन्दा गर्ने हुनाले यो बाह्य दृष्टि वाला हुन्।

बौद्ध दर्शन

बुध् धातुबाट जान्नु अर्थमा 'बुद्ध' शब्द बनिन्छ। सबै कुरा जान्नेलाई बुद्ध शब्दले बुझाउँदछ। सबै जान्ने ता ब्रह्ममात्र हुन्छ। यसैले 'बुद्ध' को अर्थ चेतन ब्रह्म हो। अब बुद्धस्य अयं, इयं र इदं यो अर्थमा बौद्ध भयो। बुद्धले ब्रह्मज्ञानी, माया, जगत यी तीनोटालाई बुझाउंछ। बुद्ध पनि विशेषण हो। भेददर्शी 'बुद्ध' कहलाउँदैन।

साधकका बुद्धत्व प्राप्तगर्ने तीन अवस्था छन्। प्रत्येक अवस्थामा दोषबाट दूरहुँदै जानु पर्दछ। जैन दर्शन जस्तै, बुद्ध दर्शन पनि, प्रारम्भमा आचार शास्त्रकै रूपमा थियो। पिछे बुद्धका शिष्यहरुले आध्यात्मिक रूप देखेर एउटा अर्कै दार्शनिकशास्त्र बनाए। ती दर्शन शास्त्रका दुइभेद छन्। आचार कर्मकाण्ड र ज्ञानकाण्ड। यी दोटैमा यो बताएको छ, पहिलो शास्त्रले विधान गरेका आचारमा रहनु पर्दछ, अनि पछाडि आध्यात्मिक चिन्तनको अवसर आउँछ। सगुण ब्रह्मको उपासना द्वारा अन्तःकरण शुद्ध भए पछि मात्र आध्यात्मिक विचार गर्ने शक्ति मानिसमा आउँछ। यसैले अरू दर्शनको जस्तै बौद्ध दर्शनको पनि बीज कर्मकाण्ड-मा राखिएको छ।

यस मतको आदि प्रवर्तक गौतम हुन्। यिनको जन्म ४६३ इस्वी पूर्व वैशाख शुक्ल पूर्णिमाका दिन कपिल वस्तुका नजिक लुम्बिनी गाउंमा भएको थियो। जन्मेका सात दिनमा माता परलोक भइन्। सौतेनी माताले यिनको पालन

पोषण गरिन् । गौतमका पिता शुद्धदोनले गौतमको क्षत्री पुत्रीका साथमा विवाह गरिदिए, एउटा पुत्र पनि जन्मेका थिए । गौतम ज्यादै कोमल स्वभावका थिए । दोस्राको दुःख सहन सक्तैनथे । आफ्नै दुःखको ता के कुरा । एक दिन रातको समयमा घर, राज सौख्य त्यागेर दुःख नाशको उपाय अन्वेषण गर्न हिँडे । अलारकलाम र उद्रक नाम भएका विद्वान्कासाथ, सांख्य र योग शास्त्र पढे । त्यसबाट चित्त नबुझि जंगलमा गएर ६ वर्ष तपस्या गरे । तर तपस्याले सन्तोष भएनन् । बनबाट उठेर बोधगयामा आए । त्यहाँ पीपलको वृक्षमुनि वसेर फेरि तपस्या गर्न थाले । बोधगयामा पुग्ना साथ ६ वर्ष सम्म गरेका कठोर तपस्याका प्रभावले जन्म जन्मान्तरको मनको मैला हटेर बोध उत्पन्न भयो । प्रबुद्ध (प्रसस्त जान्ने) भए । दुःख दूर भयो । आफ्नू उद्देश्यको प्राप्तिमा सफल भए । यस पछि गौतम 'बुद्ध' भनिन थाले । पीप्पलको वृक्ष 'ज्ञान वृक्ष' भयो । सबै पीप्पलको पूजा गर्न लागे । गौतम एक प्रकारले जीवन मुक्त भए ।

यो बुद्धचरित्रमा विद्वान ज्ञानीहरूले यौटा कुरामा ध्यान दिन आवश्यक छ । बुद्धलाई तत्त्व ज्ञान प्राप्त भयो, आत्म प्रत्यक्ष गर्नुनै जीवनको मुख्य लक्ष्य संझेर पनि लोकको कल्याणका निमित्त, उनीहरूलाई उचित मार्गमा प्रवृत्ति गराउन, बुद्धले आत्माको सम्बन्धमा कुनै उपदेश गरेनन् । कसैले आत्मज्ञानको विषय लिएर क्यै कुराको प्रश्न गर्‍यो भने, त्यसैको उत्तर न दिएर औरैनै व्यवहारिक उपदेश मात्र गरे । बुद्धलाई व्यवहारिक जगतको पूर्णज्ञान थियो । व्यवहारका साथ चल्दा सर्वसाधारणको भलाई हुन्छ, यो बात उनीमा पूरा विश्वास थियो । यसैले लोकलाई उपदेश गर्दा आत्माका सम्बन्धको उपदेश नगरेर हे लोक हो ? शास्त्रले विधान गरेको आफ्ना वर्ण, आश्रममा बताएको नियत कर्म गर, त्यसैले तिमीहरूको कल्याण हुनेछ भन्थे, आत्म ज्ञान विषयको कुरै चलाउंदैनथे । किनभने आत्मज्ञानको उपदेश साधारण मानिसको हृदयमा अड़िदैन, जसतसलाई उपदेश गर्नु पनि हुँदैन । पात्र, अधिकारी विचारेर मात्र उपदेश गर्नु पर्दछ । यो हामीले विचार गर्ने कुरा हो ।

बुद्धको जाति भेद नगरि, अधिकार न भएकालाई पनि उपदेश दिने, यो एउटा पुराना विद्वान्संग नमिल्ने भेदभाव थियो । अरू सबै धर्म अद्वैतवाद संग समान देखिन्छ ।

बौद्ध मतको विभाग

बुद्ध द्वारा स्थापना गरिएका संघहरू आ-आफ्नू रूचि अनुसार बुद्धका वाक्य-हरूको भिन्न भिन्न अभिप्राय देखाएर, परस्परमा भिन्न भिन्न मत प्रतिपादन गर्न थाले । यसै कारणले बुद्धको मृत्यु पछि, यस मतमा अनेक मत भए ।

समग्र भारतीय दर्शनभित्र 'बौद्ध दर्शन' पनि पर्छ, बौद्धको संस्कृति भारतीय संस्कृति नै हो। बौद्ध मतावलम्बी बड़े-बड़े विद्वानहरू भए। जसले आफ्नू ग्रन्थमा बौद्ध वाक्यको नै प्रमाण दिएको छ। परन्तु राग' द्वेष, तर्क वितर्क द्वारा पछि बौद्ध दर्शनको धेरै विस्तार भयो, अनेक आचार्य बने। कुनै सूक्ष्म दृष्टिवाला, कुनै स्थूल दृष्टिवाला, भए। विस्तार विस्तारै नैतिक व्ववहार त्यागेर अनैतिक व्यवहार, मद्यपान, परस्त्री गमन; धनासक्त आदि नराम्रा व्यवहार बढे। पहिले भगवान बुद्धका उपदेशले नैतिक व्यवहार तर्फ प्रोत्साहन गरेको थियो, ती उपदेश-तर्फ ध्यान दिन छोडेर आफू खुशि गर्न लागे। त्यसो भएता पनि तेइस शय वर्ष अघिका सम्राट अशोकले, बुद्धको उपदेश अनुसार सर्वत्र प्रचार गरे। ऐले नेपाल-मा छँदैछ। भारतमा हराएको थियो, तर भर्खर वृद्धि हुँदैछ। प्रायः गरेर बौद्ध धर्म समग्र देशमा छ।

तर्कशास्त्रः—न्यायदर्शन

चार्वाकका पछि बौद्धको विचार धारा शून्य (शून्यवाद) मा लय भयो। अर्थात् शून्यनै आत्मा हो भन्न थाले। यो विचारको परम्परा साधारण मानिसको हृदयमा प्रवेश गर्न सकेन। अत एक साधारण मानिसमा बौद्धको दार्शनिक विचारबाट विशेष लाभ भएन। त्यसैले साधारण मानिसको दृष्टिमा जो दार्शनिक विचारधारा वहन्छ उसैको विचार न्याय दर्शनमा गरिन्छ।

मानिसको वास्तविक तत्त्व खोज गर्दा स्मृतिमा सन्देह हुन्छ। यै सन्देह दूर गर्नाका निमित्त मानिसको हृदयमा तत्त्वज्ञानको :विशेष जिज्ञासा हुन्छ। अनि उ तर्क, वितर्क गर्न थाल्छ। संशय विनाको तर्क हुन सक्तैन

तर्कको परिभाषाः—तत्त्वज्ञान प्राप्तिका निमित्त प्रमाणको सहायक 'तर्क' भनिन्छ। यसै कारणले वार्त्स्यायनले भनेकोछ;

'नानुपलब्धेऽर्थे न निर्णीतेऽर्थे न्यायः प्रवर्तते, संशयितेऽर्थे' जुन वस्तुको कदापि उपलब्धि हुँदैन, जुन वस्तुको यथार्थ ज्ञान भएकोछ, त्यस्ता वस्तुको सम्बन्धमा तर्क गर्नु पर्दैन। जुन विषयको ज्ञान गर्न संशय हुन्छ, उसै विषयको निश्चितरूपले ज्ञान गर्नाका निमित्त तर्क गरिन्छ। यसैका निम्ति गौतमले न्याय सूत्रमा निर्णयको लक्षण गर्दै भनेको छ।

विमृश्य पक्षप्रतिपक्षाभ्यामर्थावधारणं निर्णयः।

संशय भए पछि पक्ष र प्रतिपक्ष द्वारा आपनू पक्षको स्थापना, परपक्षको खण्डन गरेर पदार्थको निश्चय गर्नु निर्णय, कहिन्छ। आत्मज्ञानको प्राप्तिमा न्याय (तर्क) शास्त्रको आवश्यकता पर्दछ।

वैशेषिक दर्शन

न्यायदर्शन र वैशेषिक दर्शन समान तन्त्र (स्वाधीन) छन् । यी दुवै परस्परमा मिल्दा जुल्दा छन् । यी दुइमा यति मात्र भेद छ, न्यायशास्त्रमा प्रमाणको विचारमा प्राधान्य दिएको छ, वैशेषिक शास्त्रमा प्रमेय विचारको प्राधान्य दिएको छ। यसैले वैशेषिक शास्त्रको विशेष महत्त्व देखिन्छ । वैशेषिक मतमा द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय, अभाव यी सात पदार्थ मानिएको छ । जगत्का समग्र पदार्थ, सात पदार्थमा भाग गरिन्छन् ।

मीमांसा दर्शन

मीमांसा दर्शनमा धर्मको प्रतिपादन गरेको छ । जसमा यस लोकमा र परलोकमा कल्याण हुन्छ त्यो धर्म भनिन्छ । धर्म चर्चा पनि दर्शन शास्त्रकै विषय हो । मीमांसाको अर्थः—चर्चा । अर्थात् आत्मा अनात्माको र कर्तव्याकर्तव्यको विचार । मीमांसामा धर्म या वेदार्थको विचार छ । यसैले पहिले मीमांसा अध्ययन गर्नु पर्छ, अतः पूर्व मीमांसा भनेको हो । दर्शन शास्त्रमा आत्मज्ञानको विचार गर्नु भन्दा पहिले कर्मकाण्डको र धर्मको विचार गर्न आवश्यकता छ । कर्मले धर्म, धर्मले पाप हानि, अनि ज्ञान हुन्छ । यै कुरा सनत्सुजातीय दर्शनमा छ ।

जस्तै:—तदर्थमुक्तं तप एतदिज्याताभ्यामसौ पुण्यमुपैति विद्वान् ।
पुण्ये पापं विधुनोति पश्चात्स जायते ज्ञानविदीपितात्मा ।।

अर्थ—सनत्सुजात भन्छन्, हे धृतराष्ट्र ! त्यो ब्रह्म प्राप्तिका निम्ति तपस्या यज्ञ गर्नु भनियो, विद्वान् तपस्या र यज्ञ द्वारा पुण्य प्राप्त गर्छ, पुण्यले पाप नाश गर्छ, पछिबाट त्यो विद्वान् हृदयमा ज्ञान पैदा भएको हुन्छ । पापनाश भए पछि मात्र मानिसको आत्माको विषयमा संज्ञन सक्ने अधिकार हुन्छ । यो स्मृतिबाट पनि पुण्यले पापनाश हुन्छ भन्ने बोध हुन्छ । यसैले 'मीमांसालाई' पूर्व मीमांसा, 'वेदान्तलाई' उत्तर मीमांसा भनेको हो ।

मीमांसाको आदि प्रवर्तक जैमिनी मात्र ह्वैनन् । जैमिनि सूत्र ग्रन्थमा 'बादरायण' बादरी, ऐतिशायन, कार्ष्णाजिनि, लावुकायन, कामुकायन, आत्रेय, आलेखन यी आठ आचार्यको उल्लेख छ । यी बाहेक 'आपिशलि' उपवर्ष, बोधायन, भवचाभ यी चार आचार्य समेत जम्मा बाह्र आचार्य मीमांसाका हुन् ।

जैमिनि मीमांसामा बाह्र अध्याय छन् । विषय पनि बाह्रै ओटा छन् जस्तै धर्मजिज्ञासा, कर्मभेद, शेषत्व, प्रयोज्यप्रयोजकभाव, कर्मक्रम, अधिकार, सामान्य, विशेष, अतिदेश, ऊह, बाध, तन्त्र आवाप, कुमारिल भट्ट आदि आचार्यहरूले मीमांसाको टीका रचना गरे । यस दर्शनमा 'आत्मा' जड मानिन्छ । तर त्यो जड

आत्मामा ज्ञानशक्ति नित्य मानिन्छ। यसैले आत्मालाई बोधस्वरूप पनि भन्दछन्। तर जाग्रत् अवस्थामा ज्ञान रहन्छ। स्वप्ना अवस्थामा आत्मामा ज्ञान रहंदैन। यस मतमा पुरुष धेरै मानिन्छ। पदार्थ अनित्य र अनेक मानिन्छ। यो दर्शनको प्राय सांख्य संग समानता छ।

सांख्यदर्शन :—सांख्य पुरुष धेरै मान्दछ।

सांख्यले प्रत्यक्ष, अनुमान, आप्त वचन यी तीन पदार्थ मात्र मानेको छ। जैमिनि आदिले मानिएका अरू पदार्थहरू यिनै तीन पदार्थमा अन्तर्भाव हुन्छन् आत्माको दर्शनले मात्र परमपदको प्राप्ति र दुःखको आत्यन्तिक निवृत्ति हुन्छ। अतएव आत्माको साक्षात्कार गर्नु पर्छ। माथिदेखि यहाँ सम्म विचार गरियो, सबै दर्शन शास्त्रहरूमा आत्माको नै प्रधानता दिएको छ। वेद तथा उपनिषद्मा आत्माको सम्बन्धमा धेरै कुरा बताएको छ। किन्तु उहाँ कुनै एउटा क्रमानुसारको विचार छैन। जब हामी शास्त्रले निर्देश गरे अनुसार आत्माको सम्बन्धमा विचार गर्दछौं, तव हामीलाई आत्माका स्वरूपको क्रम संग ज्ञान हुन्छ। नास्तिकशिरोमणि चार्वाकहरूले आत्माको अस्तित्व मानेको छ, तर भूत र भौतिक (शरीर) देखि भिन्न 'आत्मा' मान्न सकेका छैनन्। अर्थात् पञ्च भूत र पञ्चभूतले बनेको शरीरलाई आत्मा मान्दछन्। जैनहरूले भने भूतदेखि भिन्न अर्को आत्मा मानेको छ। तथापि भौतिक धर्मलाई छोड्न सकेको छैन। अहिले नेपालमा पनि यो भौतिक धर्म प्रचलित हुँदैछ।

बौद्धहरूले आत्मालाई चित्तवृत्ति समान क्षणिक स्वीकार गरेको छ। अर्को आत्मा मानेको छैन।

न्याय, वैशेषिक, मीमांसा यो तीन दर्शनले जगत्-भिन्न पृथक् आत्मा मानेको छ। आत्माको रूप आफू हो भन्ने यो कुरा र, ज्ञानलाई स्वयं प्रकाश, नित्य पनि मीमांसाले स्वीकार गरेको छ। आत्माको सम्बन्धमा विभुत्व, नित्यत्वलाई त्यागेर अर्को कुनै विशेष सूक्ष्म विचार गरेन। यद्यपि न्याय, वैशेषिक र मीमांसाले आत्मा भूत र भौतिक भिन्न छ भनेर मानेको छ, तथापि यिनीहरूका मतमा 'आत्मा' द्रव्य मानिन्छ। अत यिनीहरू आत्मालाई ज्ञानको आधार मान्दछन्। यो आत्माको विशेष ज्ञानबाट साधकलाई 'आत्मा' देहादि भिन्न छ, एउटा छ, सत् छ भन्ने यो ज्ञान हुन्छ। यतिले मात्र उसलाई सन्तोष हुँदैन। आत्माको सम्बन्धमा विशेष खोज गर्नका निमित्त अगाडि बढ्दछ। अर्थात् न्याय र मीमांसाको व्यावहारिक भूमिदेखि उच्चा स्थान तर्फ प्रस्थान गर्दछ। अतः मुख्य मुख्य स्थानबाट नै आत्माका स्वरूपको विचार गरिन्छ। पूर्वोक्त दर्शनको विचार छोडेर उस स्तरबाट विचार गर्न गैरहेको हुन्छ। जसबाट-'सांख्य र योग' नामले प्रसिद्धि मिलेको छ।

संख्या :--राम्रो विचार। चर्चा संख्या विचारणा, यो अमरकोशमा छ। जसमा पदार्थको विचार, गणना गरिन्छ, त्यो दर्शन 'सांख्य दर्शन' नामले कहिन्छ। सांख्य प्रकृति र पुरुषलाई मान्दछ। प्रकृतिका साथ पुरुषको संयोग हुन्छ र जड-प्रकृति पनि चैतन्य जस्तै भएर सृष्टि र प्रलय गर्छे भनेर मानेको छ। सत्व, रज, तम तीन गुणको साम्यावस्था प्रकृति कहिन्छ। प्रकृतिबाट समस्त जड र चेतनरूप जगत्को सृष्टि हुन्छ। जब जडप्रकृति संग चेतन पुरुषको सम्पर्क हुन्छ, अनि जड हो तापनि चेतन जस्तै भएर चटपट गर्न थाल्छे। त्यसवेला प्रकृतिबाट महत्तत्त्व (बुद्धि) त्यसबाट अहंकार, अहंकारबाट इन्द्रिय आदि स्थूलभूत सम्म पैदा हुन्छन्। सांख्योक्ति अनुसार पुरुषको भोग र मुक्तिका निमित्त मात्र प्रकृति सृष्टि गर्छे समग्र प्रपंच प्रकृतिकै परिणाम हो। सांख्यमा सृष्टि आदि सम्पूर्ण काम प्रकृति नै गर्छे भनेर कार्यभार प्रकृतिका शिरमा समर्पण गरिन्छ। पुरुष प्रकृतिदेखि अलग छ। बुद्धिका पछि लागेर बुद्धि जस्तै भएर बुद्धिलाई म भनेर बुद्धिका सुख दुःखादि धर्म आफूमा संझेर सुखी छु, दुःखी छु भन्दछ। जस्तै सेनाको जय वा पराजय, सेनापतिमा राखिएको हुन्छ, त्यस्तै प्रकृतिको वन्धन र मोक्ष पनि पुरुषमा राखिन्छ। पुरुष जन्म मरण गर्दैन, प्रकृति नै गर्छे। जस्तै सांख्य कारिका–

तस्मान्न वध्यते नापिमुच्यते नापिसंसरति कश्चित् ।
संसरति वध्यते मुच्यते च नानाश्रया प्रकृतिः ।।

अर्थ :—त्यसैले कोहि बाँधिदैन, मुक्त पनि हुँदैन, जन्म, मरण पनि गर्दैन। कहिले देवताको, कहिले मनुष्यको, कहिले पशुको रूप लिएर जन्मने मर्ने, बाधित, मुक्त हुने प्रकृति नै हो। पुरुष निर्गुण या रूप न भएको छ, देखिदैन, न देखिने अतएव निर्गुण पदार्थको जन्म मरण हुँदैन। देखिने सबै पदार्थ नाश हुन्छ, पैदा हुन्छ। यो जान्नु नै तत्त्वज्ञान हुनु हो।

योग दर्शन

अर्थ :—इन्द्रिय, अन्तःकरण शुद्धि गर्ने र रोक्ने विधि प्रतिपादन गर्ने दर्शन योग-दर्शन भन्ने कहिन्छ, त्यसैको अर्को नाम 'योग सूत्र' भनिन्छ। योगसूत्र र चरक संहिता पतंजलिले वनाएका हुन् भनेर विद्वान्हरूले मानेको छ। यिनै पतंजलि मुनिले शेषनागको रूप लिएर 'व्याकरण-महाभाष्य' वनाएर शिष्यहरूलाई पढाए। योग दर्शनको महत्त्व, दर्शन शास्त्रहरूमा छदैछ हाम्रा जीवन संग पनि यसको अति घनिष्ट सम्बन्ध छ। मानवजीवनको उद्देश्य के हो त भने, पुरुषार्थमा संलग्न हुनु, धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थको प्राप्तिका निमित्त शरीर, इन्द्रिय, अन्तःकरणको शुद्धि गर्नु र नियंत्रण गर्नु अत्यन्त आवश्यक छ। यो काम

गर्न हामीहरूले 'योगशास्त्र' को शरण लिनै पर्छ। चित्तवृत्ति निरोध गर्नु योग कहिन्छ। जहिले सम्म देह, इन्द्रिय, मन वशमा हुँदैनन्, तहिले सम्म मनुष्यले आफ्नु उद्देश्य पूरा गर्न सक्तैन। आत्मा अथवा आफूलाई, मं ब्रह्म हुँ, भनेर जान्नु नै परम पुरुषार्थ हो। यसमा कुनैको मत भेद छैन। श्रुतिमा पनि भनेको छ।

आत्मा वारे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यश्च।

अर्थ :—अरे! आत्म विचार गर्न, श्रवण गर्न, निदिध्यासन गर्न योग्यछ। निदिध्यासन, अर्थ——लगातार बुद्धि वृत्ति आत्मामा लगाउनु। अथवा चित्तवृत्ति निरोध गर्नु निदिध्यासन कहिन्छ। परलोक प्राप्तिमा प्रत्येक उन्नत यथार्थ ज्ञान प्राप्तिका निम्ति निदिध्यासन गर्ने पर्दछ। निदिध्यासन विना तत्त्व साक्षात्कारको मार्ग निष्कण्टक हुन सक्तैन। संसारमा दुइ प्रकारका तत्व छन्, बाह्य र आभ्यंतर। बाह्य तत्त्व जड र आभ्यन्तर तत्व चेतन मानिन्छ। प्रत्येक दर्शनमा यी दुइ तत्वको कुनै न कुनै रूपमा सहाय लिनै पर्दछ। जस्तै न्यायमा कहेको परमाणु यति सम्म सूक्ष्म (मीहि) छ कि पूर्वोक्त योगको प्रक्रिया विना उसको बोधैं हुन सक्तैन। अतएव योग शास्त्रका प्रक्रियाको ज्ञान गर्न, सबै दर्शनशास्त्रका निम्ति आवश्यक छ। सांख्य शास्त्रको ता योग शास्त्रको अध्ययन नगरि क्यै ज्ञान हुदैन। परमाणु :——अर्थ—अति सानु। पंचभूतदेखि महत्तत्व सम्मका पदार्थ मनले जानिन्छन्, चित र प्रकृति अति सूक्ष्म हुनाले मनले जानिदैन। योगको सहायता विना ती दुइको आभास मात्र पनि प्राप्त हुन असम्भव छ। मनले ज्ञान हुने सबै वैज्ञानिक तत्व, बाह्य स्थूल दृष्टिको विषय हुँदैनन्। तत्वको ज्ञानका निमित्त, चित्तवृत्ति व्यापारको विचार ता योग शास्त्रलेनै बोधगराउँछ। एक प्रकारले सांख्यको तत्व प्रत्यक्ष, स्थूल दृष्टि (ठुलो मात्र देख्ने) वालालाई योगबाट हुन्छ। सांख्यमा सम्पूर्ण व्यापार महत्तत्व (बुद्धि) द्वारा हुन्छ, बुद्धिको वास्तविकता बोधमा योगनै कारण छ। सांख्य शास्त्र परिणामवादी हो। गुणको परिणाम (विकार) द्वारा जगत् चल्दछ। चित्त निरोध अवस्थामा पनि विकार हुँदैरहन्छ। यस परिमाणको विचार विशेषरूपमा हामीहरू योग शास्त्रमा नै पाउँछौं। अतएव योगशास्त्र विना सांख्यको ज्ञान पनि हुन सक्तैन। सांख्य र योगको समन्वयबाट मानसिक पदार्थको ज्ञान हुन्छ। वास्तवमा यी दुवै मिलेर एक शास्त्र हुन्छ। जस्तै—

सांख्ययोगौ पृथग्वालाः प्रवदन्ति न पण्डिताः।
एकमप्यास्थित सम्यगुभयोर्विन्दते फलम्—गी० अ० पाचौं

अर्थ—न जान्नेहरू सांख्य र योग भिन्नै हुन्, मिल्दैनन् भन्छन्, ज्ञानीहरू एकै देख्छन् भिन्न हुन् भन्दैनन्। सांख्यमा रहोस या योगमा रहोस एउटै फल पाउँछ,

या कृष्णले अर्जुनसंग भनेको । चित्त वृत्तिको विचार सांख्यशास्त्रमा छैन । यसैले सांख्यको रहस्य जान्न, दुःख निवृत्तिको सूक्ष्म उपाय जान्न, परमदका बाटामा अग्रसर हुनका निमित्त, योग दर्शनको अध्ययन गर्न नितान्त आवश्यक छ । वेदान्तको रहस्य पनि योगशास्त्र विना जान्न सकिन्न । कर्म नगरि अन्त-करणको मैला हट्तैन, मैला न हटी ज्ञान प्राप्त हुँदैन । अन्तः करणको मैला दूर गर्ने उपाय शास्त्रले नै प्रतिपादन गरेको छ । अतः सबैले योगशास्त्रको अध्ययन गरेर वर्ण, आश्रममा बताएको शास्त्रले विधान गरेको आफ्नू नियत कर्म गर्नु पर्दछ। केवल शब्द ब्रह्ममा मात्र निपुण हुँदा ज्ञान हुँदैन र त्यस्ता अकर्मी पुरूषहरू ज्ञानी पनि भनिदैनन् । सूर्यको वा दीपको नाम लिदा मात्र अन्धकार हट्तैन ।

अद्वैत वेदान्त दर्शन
(शाङ्कर वेदान्त)

विद्वान्हरूको भनाइछ, शंकराचार्य पहिले शाक्त थिए पछि वैष्णव भए । आखिरमा विरक्त भएर सन्यासी भए । अनि अद्वैत वेदान्तको प्रतिपादन भए । यिनीले शक्तिको स्तोत्र र वैष्णव भावनाले विष्णुको स्तोत्र, शैव भावनाले शिव स्तोत्र लेखे । अद्वैत वेदान्तको सम्बन्धमा अनेक स्तोत्र लेखे । उक्त शंकरको स्तोत्रबाट यो शिक्षा पाइन्छकि व्यवहारमा रूचि अनुसार देवी, विष्णु आदि कुनै एउटा देवताको उपासक भक्त बन्न सकिन्छ, तर यौटा देवताको भक्तले अर्को देवताको भक्तको निन्दा गर्नु हुने रैनछ भन्ने बोध हुन्छ। शंकराचार्य झैं सबैमा समान आत्मभाव राख्ने मात्र ज्ञानी हुन्छ। सांख्यमतमा सृष्टि आदि कार्य-मा प्रकृतिलाई कारण मानेको छ। सांख्यले ईश्वरलाई कारण मान्दैन । वेदान्तले सृष्टि आदि कार्यमा ईश्वरलाई निमित्तकारण, प्रकृति र जीवलाई उत्पादन कारण मान्दछ । सांख्यले जड प्रकृतिबाट सृष्टि हुन असम्भव हुनाले पुरूषको सम्पर्क माने झैं, वेदान्तले सृष्टि आदि कार्य अज्ञानबाट मानेको छ । जडबाट कार्योत्पत्ति न हुनाले पुरूषको बदलामा-ब्रह्म मान्दछ। अद्वैत-वेदान्तले पुरूष एक तटस्थ, सृष्टि आदिको साक्षी मात्र मान्दछ। अहंकारले मूढ भएर आफै कर्ता भोक्ता ठान्दछ र जन्मनु मर्नु गर्दछ भनेर बताएको छ। सांख्यले भने सरह वेदान्तमा पनि पुरूषको बन्धन अनि मोक्ष दुवै सत्य ह्वैन । आत्मा या जीव बाँधिनु, मुक्त हुनु क्यै गर्दैन । पंच दशी–कूटस्थ दीप प्र० श्लोक ७१) यहाँ अद्वैत वेदान्त र सांख्यको प्रकरणमा पूरा पूरी समानता देखा पर्छ । परन्तु दोटामा यो भेद छ, सांख्यमा बन्धन र मोक्ष-को क्रिया मिथ्या ह्वैन, त्यसमा प्रकृतिको बन्धन र मोक्ष पुरूषमा आरोप गरिन्छ। वेदान्तमा भने, जब प्रकृति नै अज्ञान हो, मिथ्या हो, भनेर मानेको छ। अद्वैत

वेदान्तले आत्मा एक मानेको छ, यो आत्मा अज्ञानको व्यष्टि (भिन्न भिन्न) अन्तःकरण उपाधिले ढाकिएको छ, अतएव भिन्नाभिन्नै नाना रूपमा प्रतीति हुन्छ। सांख्यले पुरूष धेरै मान्दछ। यसैले सांख्य र वेदान्तमा धेर जसो कुरामा समानता छ किन्तु सांख्यको अपेक्षा अद्वैत वेदान्तका धेरै सिद्धान्तहरू ज्यादै विकसित भएका र विभिन्न छन्। शांकर वेदान्तको अपेक्षा सांख्य पुरानु हो। सांख्यको आफ्नू तत्व निर्णय गर्नमा स्वतन्त्रचिन्तन गर्नु पर्ने छ: वेदान्तको तत्त्व प्रक्रिया सांख्यलाई नै आधार मानेर ज्यादै सरलताले विकसित भएको बुझिन्छ। त्यसैले वेदान्तको चिन्तन धारा सुस्पष्ट, विस्तृत, तर्क-संगत हुनु स्वभावै हो। शंकराचार्यले 'अद्वैत' मतलाई सर्व श्रेष्ठ मानेको छ। ज्ञानमार्गको अन्तिम लक्ष्य 'अद्वैत' हो।

कास्मीरीय शैव दर्शन

यो अतीव प्राचीन दर्शन हो। कश्मीर प्रान्तमा यसको व्यापकता थियो। यसैले यो शैवदर्शन' काश्मीरीया शैव दर्शन' नामले प्रसिद्ध भएको छ। यसैलाई 'त्रिकदर्शन' माहेश्वर दर्शन पनि भन्दछन्। यो दर्शनको प्रतिपादक सर्व श्रेष्ठ, आगमाचार्य अभिनवगुप्त, हुनु हुन्थ्यो। यसको अर्को नाम ,प्रतिभिज्ञा दर्शन, भनिन्छ। शंकर वेदान्त पनि यसकै अर्को नाम हो। शैव दर्शनको माया स्वतन्त्र छ, कर्ता भोक्ता माया नै हो। जन्मनु, मर्नु आदि काम आफैं गर्छे। ब्रह्म चाहिं शुद्ध साक्षी, तटस्थ, अकर्ता' अभोक्ता छ भन्दछ। शैवदर्शनमा माया शिवाधिनछ भनेर मानेको छ। शैवदर्शनको आतमा नित्य छ स्वभावैले सृष्टि आदि गर्ने वाला छ। परन्तु शांकर मतमा आत्मामा सृष्टि आदि मानिन्छ। ब्रह्माक्षयवाद मार ईश्वराक्षय वादमा यै एक महान् भेदछ। ईश्वराद्वयवाद, शैवदर्शनको मत हो। अरू दर्शनको जस्तै शैवदर्शनमा पनि आफ्नू विशेष एउटा छ। यस क्षेत्रमा वास्तवमा शिव तत्त्व मात्र छ। उसैका आधारमा सारा तत्त्व प्रकाश हुन्छन्।

जस्तो सांख्य दर्शनमा पच्चिस तत्त्व मानेको छ, उसै क्रमले शैवदर्शन, पनि मान्दछ। ती दुइमा यति मात्र भेद छ। सांख्यले पुरुष र प्रकृति नित्य र स्वतंत्र मान्दछ। शैवले अनित्य परतंत्र मान्दछ। शैवदर्शनको यो उक्त छ, कला, विद्या, राग, काल, नियति (दैव) यी पाँच तत्त्व माया संग छन्। यी पाँच तत्वको बोध भए पछि, साधकपुरुष, शुद्ध तत्वमा प्रवेश हुन सक्तछ भनिन्छ।

शैवदर्शनमा ११ तत्व

(१) सदाशिव तत्त्व—यसमा जगतको अस्पष्ट रूपमा भान हुन्छ।

(२) ईश्वर तत्त्व—यसमा अहं अंश गौड (असमुख्य) इदं अंश मुख्य हुन्छ।

(३) **माया तत्त्व**—यसमा अहं अंश पुरूष रूपमा, इदं अंश प्रकृतिरूपमा अभिव्यक्त हुन्छ ।

(४) **पुरूष तत्त्व**—यसमा उक्त कला आदि मायाका पाँच तत्त्वको ग्रहण गरेर क्यै काम गर्न सक्दैन, यसैले पुरूषतत्त्वमा संसारी बन्दछ ।

(५) **प्रकृति तत्त्व**—यसमा सत्त्व, रज, तम यी तीन गुणको साम्यावस्था प्रकृति भनिन्छ । यस अवस्थामा प्रकृति गौड हुन्छे, महत्तत्त्व देखि पृथ्वी तत्त्व-सम्मको कारण प्रकृति मानिन्छे ।

(६) **बुद्धि तत्त्व**—यसमा निश्चयात्मक बुद्धि तत्त्व मानिन्छ, सत्त्वगुण प्रधान हुनाले स्वच्छ, यै बुद्धि तत्त्वमा चैतन्यको प्रतिबिम्ब पर्दछ । यहां बुद्धि तत्त्व उपलक्षण मात्र हो । बुद्धि तत्त्व भन्दा सबै प्रकृतिका विकार ग्रहण गरिन्छ । काम, क्रोध आदि सबैमा चेतनको छाया पर्दछ ।

(७) **अहङ्कार तत्व**—यसमा यो चाहिं मेरो हो, यो ह्वैन यस्तो अभिमान रहन्छ ।

(८) **मनस्तत्त्व**—यसमा यो काम गरौं, कि नगरौं, यो हो कि यो हो यस्तो विकल्पको कारण मन हो । सङ्कल्पो मानसं कर्म–संकल्प मनको कर्म––अमर ।

(९) **पञ्चभूत तत्त्व**—यसमा आकाश आदि पाचभूततत्त्व, हुन् ।

(१०) **शक्ति तत्त्व**—यसमा उक्त सम्पूर्ण तत्व शक्ति तत्वमा अन्तर्भाव हुन्छन् ।

(११) **पृथिवीतत्त्व**––यसमा यो पृथिवीतत्त्वदेखि लिएर प्रकृतितत्त्व सम्म सांख्यकै समान, तत्वको विचार हुन्छ । सांख्यका २५ तत्त्वमा यी ११ तत्त्व मिलाउँदा ३६ तत्त्व हुन्छन् । शैव दर्शनले यिनै ३६ तत्त्व मानेको छ । यसै कारणले शैवदर्शनको पनि वेदान्त र सांख्य दर्शनका साथ, प्राय गरेर वैष्णव दर्शनका साथ पनि समानता छ ।

वैष्णव दर्शन

वैष्णव सम्प्रदाय

भारतीय शास्त्रका दुइ प्रधान विभाग छन्, निगम र आगम । वेद तथा वेद-मूलक ज्ञान, एवं क्रिया प्रधान शास्त्र 'निगम' कहिन्छ । आगम शब्दले अरू सबै शास्त्रहरूलाई कहन्छ । निगमागम शब्दको प्रयोग जहाँ देखिन्छ त्यहाँ तन्त्रशास्त्र या भक्तिप्रधान शास्त्र या त शक्तिको संज्ञना आउँछ । यसैले आगम शब्दको अर्थ प्राचीन–ग्रन्थकारहरूले लेखेको पनि छ जस्तै–

आगतं शिववक्त्रेभ्यो गतं च गिरिजाश्रुतौ।
मतं च वासुदेवस्य तस्मादागम उच्यते॥

अर्थ—शिवका मुखारविन्दबाट निस्केको, पार्वतीका कानमा परेको, वासुदेवले पनि सम्मति दिएको हुनाले आगम कहिन्छ। यो पद्यमा मतं च वासुदेवस्य, यो प्रयोग देखेर 'वैष्णव संप्रदाय' शास्त्रले मानिएका हो भन्ने स्पष्ट हुन्छ। यस संप्रदायमा भक्तिको प्रधानता छ। प्रायः यो शास्त्र शिव र पार्वतीको संवाद रूपमा–प्रचीन देखिन्छ। जस्तैं संवाद—

शिवपूजां प्रकुर्वाणो विष्णुनिन्दासु तत्परः।
रौरवेषु नरकेषु वसते नात्र संशयः॥ १
अहं विष्णु रहं रूद्रो ह्यहं ब्रह्मा पितामहः।
सर्वभुतेषु सततं संवसामि पुनः पुनः॥२ शि. पु०

अर्थ—शिवको पूजा गर्छ, विष्णुको निन्दा गर्न सुरिन्छ भने त्यो मानिस रौरव नरकमा वस्तछ, यसमा संशय छैन। म विष्णु हुँ, म रुद्रहुँ, म ब्रह्मा पितामह सवै प्राणीहरूमा निरन्तर वारम्बार वस्तछु। यो शिव पार्वतीको सम्बादवाट पनि वैष्णव शास्त्र प्राचीन नै देखिन्छ। पहिले वैष्णव शास्त्र र भक्ति शास्त्र अलग्ग मानिन्थे, अहिले दुवै शास्त्र 'वैष्णव सम्प्रदाय' नामले प्रसिद्ध छन्। वैष्णव सम्प्रदाय प्राचीन कालमा मुख्य गरेर चार भागमा बाँडिएको छ।

जस्तै—श्री सम्प्रदाय, हंस सम्प्रदाय, ब्रह्मा सम्प्रदाय, रुद्र सम्प्रदाय।

(१) श्रीसंप्रदाय—यसको प्रधान संस्थापक 'श्रीरामानुजाचार्य' यो मत 'विशिष्टाद्वैत' कहलाउँछ। विशिष्टाद्वैतको अर्थ विशेषणले सहित भएको एउटा। यस मतमा विष्णु र लक्ष्मीको जोडि मूर्तिको र विष्णुका अरू अरू रामादि अवतारको उपासना गरिन्छ। श्रीराममा विशेष श्रद्धा राखिन्छ। यस संप्रदायका भक्तहरू 'श्रीवैष्णव' कहलाउँछन्। यिनीहरूका मध्यमा कुनै कुनै शिवजीको र शिवजीका भक्तको निन्दा गर्छन्। शिवको दर्शन गर्ने, शिवको निर्माल्य (नैवेद्य) लिने नरकमा पर्दछ भन्दछन्। तीर्थ घुम्न जाँदा वा अन्यत्र कतै जाँदा मार्गमा अकस्मात् पुगिएका शिवालय हुँदो शिवलिङ्ग, देखियो भने श्री–लक्ष्मी नष्ट हुन्छिन् भनेर रुमालले आंखा छोप्छन्। यिनीहरू नाकका फेददेखि उभो कपालसम्म वीचमा खालि भएको गोपीचन्दनको ठाडो तिलक लगाउँछन्। रेखाका विचमा लाल रेखाको एक चिन्ह दिन्छन्। हस्त, पाद आदि सम्पूर्ण अङ्ग शङ्ख, चक्रका चिन्हले सुशोभित पार्दछन्। यो संप्रदायमा कुनै वैष्णवहरू डामिन्छन्।

डामिने वैष्णवको विषयमा पद्मपुराणको कथा

जस्तै–वैष्णव धर्म ग्रहण गर्न इच्छा भएका पुरूषले, एक वर्ष सम्मगुरूकुलमा वसेर पहिले वैष्णव धर्मको अध्ययन गर्नु पर्छ। सून, या चाँदी अथवा ताँवाको शङ्ख र चक्र चिन्ह भएका दुईटा प्रतिमा वनाउनु पर्दछ। अनि विधिपूर्वक अग्नि स्थापना गरेर 'श्रीमन्नारायण चरणौ शरणं प्रपद्ये' यस मन्त्रले १०८ पल्ट चरूको हवन गर्नु पर्छ र श्रौषट् यो मन्त्रले १०८ पल्ट घिउको मात्र हवन गर्नु पर्दछ। पूर्वाङ्ग समाप्त गरे पछि, प्रतिमा तताएर 'शङ्खको दाहिने पाखुरामा र चक्रको देब्रे पाखुरामा छाला मरेर प्रष्ट चिन्ह वस्ने गरि डाम्नु पर्छ। ब्राह्मण वाहेकले डामिनु हुँदैन। अरू जातलाई चन्दन लेपन गरेर शङ्ख चक्रको चिन्ह गर्नु पर्छ। वैष्णवका घरमा पालेका सबै जातका पशुहरूलाई पनि शङ्ख चक्रको चिन्ह दिनु पर्छ। ब्राह्मण भएर डामिदैन भने त्यसलाई गाउँबाट निकाला गर्नु पर्छ। नडामिएको ब्राह्मण हव्य कव्यमा अथवा देव पितृको कार्यमा चल्दैन भन्ने लेखेको छ। यस मतमा पाँचवर्ष सम्मका बालक डामिन्छन्।

वैष्णवकै विषयमा महाभारतको कथा

पाण्डु राजा भएको समयमा 'पल्ली' नाम भएका एउटा शुद्र थिए। तिनी-का पुत्र 'कारी' कारीका 'शठकोप' पुत्र भए। तिनै शठकोप वैष्णव धर्मका आचार्य थिए। त्यसवेला कसैको कसैले परस्परमा डाहि, निन्दा आदि न राम्रा व्यवहार गर्दैनथे। कालक्रमले परस्परमा ईर्ष्या द्वेषको वृद्धि हुँदै गयो। वैष्णव शिवको र शिवभक्तको, शैव विष्णुको र विष्णु भक्तको निन्दा द्वेष गर्न लागे। यौटा भन्छन् म वैष्णव हूं, अर्का भन्छन् मं शैव हूं, उहि पञ्च भूतले बनेको उहि शरीर हो, सबैका देहमा रहेको चेतन ब्रह्म उहि हो, देहेन्द्रियमा अहंकार आरोप गरेर, कुनै वैष्णव डामिने, कुनै न डामिने, कुनै शैव, कुनै शाक्त भएर परस्परमा घर झगडा मचाउन लागे शास्त्रमा के लेखेको छ–हेर्दैननन्; विष्णु आदि शब्दको अवयव अर्थ के हो, सबै भक्त एकै हुन् कि भेद छ, उहि शरीर कसैले डामनु कसैले न डामनु किन, हामोहरू यो केहि विचार गर्दैनौ तेसै नबुझी दौडेका छौं।

शंख चक्राद्यङ्कनं च शिवशूलाबिकं तथा।
एक जातेरयं धर्मो न जातु स्याद्विजात्मनः॥
शंख चक्रमृदा यस्तु कुर्यात्तप्तायसेन वा।
स शुद्रवद्बहिष्कार्यं सर्वस्माद् द्विजकर्मणः॥

अर्थ–शंख चक्र, त्रिशूल आदिको शरीरमा चिन्ह दिनु, प्रतापन न गरिने

शुद्र जातिको धर्म हो, ब्राह्मण, क्षत्री, वैश्यको ह्वैन। जुन मानिस शंख, चक्र, माटो अथवा तताएको फलामले शरीरमा चिन्ह दिन्छ त्यो मानिस सबै द्विज कर्म-बाट बाहिर हुन्छ–भन्ने यो 'पृथिवी चन्द्रोदय' भन्ने ग्रन्थमा लेखेको छ। यसैले शास्त्र पढेर शास्त्रले भनेको मार्गमा चल्दा मात्र राम्रो हुन्छ।

वैष्णव शब्दको अन्वयार्थ

विशन्ति प्राणीनोऽस्मिन्–प्रवेश गर्छन् प्राणीहरू जसमा यो अर्थमा विश् धातुबाट विष्णु शब्द बन्यो। विष्णुको अर्थ चेतन ब्रह्म। यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्त्यभिविशन्ति च। प्राणीहरू ब्रह्मबाट पैदा हुन्छन्, उसैद्वारा बाँच्तछन्। यो वेदले बताएको छ। अतः विष्णुको अर्थ चेतन ब्रह्म हो। त्यस्तै शिव धातुबाट 'शव' रम् धातुबाट 'राम' कृष् धातुबाट 'कृष्ण' हृधातुबाट 'हरि' शब्द बनिन्छ। यी सबै शब्द ब्रह्मवाचक हुन्। निर्गुण ब्रह्मलाई पनि बुझाउँछन्, सगुणलाई पनि बुझाउँछन्। अत्र विष्णोरिदम्, विष्णुबाट यो वा विष्णुको यो, यस अर्थमा वैष्णव शब्द बन्यो। त्यस्तै शिवबाट वा शिवको यो अर्थमा शैव बन्यो। यी दुवै शब्द विश्लेषण हुन्। पुरूषलाई, स्त्रीलाई, नपुंसकलाई बुझाउँछन्। जस्तै वैष्णवः पुरूषः, वैष्णवी माया, वैष्णवम् जगत्। शैवः पुरूषः, शैवी माया, शैवम् जगत् भयो। यी शब्दबाट तीन अर्थको बोध हुन्छ। त्यस्तै राम कृष्ण आदि अवतार वाचक शब्दबाट चेतन ब्रह्मको, सीता, राधा आदि शब्दबाट मायारूप जगतको ज्ञान हुन्छ। दृश्यमान चराचर जगत् ब्रह्म नै हो, सर्वमिदं ब्रह्म इत्यादि श्रुति र स्मृतिहरू प्रमाण छन्। अब परस्परमा भक्तहरूको कसरी भेद हुन सक्तछ। जो विष्णु भक्त छ त्यो शिव भक्त हो। जो शिव भक्त छ त्यो विष्णु भक्त हो। वैष्णव धर्मका आचार्य शठकोप भएको समयमा वैष्णव र शैव परस्परमा द्वेष गर्नलागे। त्यसबेला व्यासजीले १८ पुराण बनाइसकेका थिए। साधन न हुनाले छापिएका थिएनन्। यी भेद देख्ने भक्तहरूले, वैष्णवले शिव र शैवको निन्दा भएको, शैवले विष्णुको र वैष्णवको निन्दा भएको कविता बनाएर पुराणमा थप गरेर लेखिदिए। पिछे ती पुराण छापिएका साथै शैवी र वैष्णवी कविता पनि प्रमाणित भएर छापिए। शारीरिक संस्कारले र शारीरिक दण्डले मात्र मुक्त हुँदैन, मुक्तिका उपर ज्ञानकै आवश्यकता छ भन्ने शास्त्रहरू प्रमाण हुनाले, माहात्म्य र स्मृतिरूपमा कतै कतै शारीरिक संस्कारलाई र दण्डलाई मुक्तिका साधन हुन् भनेर लेखेको देखिन्छ, तर ती पनि पिछे थपेकै हुनु पर्दछ। त्यस्तै स्कन्द पुराणमा गोपी चन्दन आदिको महत्त्व वर्णन गरेको छ, गोपी चन्दन, तुलसीको माला, अमलाको माला धारणा गरेर वैष्णव बने पछि सम्पूर्ण पाप नाश हुन्छन्, अरू शुभकर्म क्यै पनि गर्नु पर्दैन भन्ने लेखेको छ, यो पनि भक्त-

हरूले थप गरेकै हुनु पर्छ । किन भने गीता भागवत् आदि यावत् वेदान्त ग्रन्थमा भक्तहरूको लक्षण बताउँदा डामिने ठाडो वा तेर्छो चन्दन लगाउने, वां टीको मात्र लगाउने भक्त हुन्छ, अर्को हुँदैन भन्ने लेखेको छैन । शास्त्रवमोजिम आफ्नू धर्ममा चल्ने यम, नियममा रहेको जगत्लाई विष्णुको रूप संझने भेद न देख्ने मात्र भक्त हुन्छ भन्ने लेखेको देखिन्छ ।

व्यासले १८ पुराण बनाउनु भयो । व्यास भगवान्को २४ अवतार मध्यमा एक अवतार हुनु हुन्थ्यो, उहांले आफ्नु विष्णु शिव आदि अवतारको निन्दा आफै कसरी गर्नु हुन्थ्यो । चर-अचर जगत् विष्णुकै रूप हो । अतः पुराणहरूमा लेखेको निन्दा आदि लोक वा शास्त्र विरुद्ध कुराहरू थप गरेकै बुझिन्छ । फेरि पुराणहरूमा तिनै तिनै देवताको प्रशंसा गरेको छ, तर यौटाको प्रशंसा गरेर अर्कोको निन्दा वा द्वेष गरेको छैन । यसैले हामीहरू आफ्नु रूचि अनुसार विभिन्न देवता वा देवीको भक्त बन्न सक्तछौं, तर यौटाको भक्त बनेर अर्काको निन्दा गर्न सर्वथा निषेध छ । परस्परमा देवताको र भक्तको निन्दा, द्वेष गर्दा कुनै देवता सन्तुष्ट हुँदैन, उल्टो रिसाउंछन् । देवतालाई या आफ्नु इष्ट देवलाई खुशि पार्न इच्छा भयो भने सबैमा समदृष्टि राख्नु पर्दछ ।

(२) हंस सम्प्रदाय–यसमतको प्रवर्तक सनकादि मुनि, प्रधान संस्थापक निम्बार्काचार्य, यसको दार्शनिकमत 'द्वैताद्वैत' या 'भेदाभेद' कहिन्छ । यस मतको अवलम्बन गर्ने भक्तहरू उपासना द्वारा ईश्वर प्राप्ति हुन्छ, भन्दछन् । श्री कृष्णलाई नै भगवान्को अवतार मान्दछन् । यस मतमा भक्तिलाई मुक्तिको साधन र ज्ञान, वैराग्यलाई सहाय मानिन्छ । यिनीहरू पनि गोपीचन्दनको ठाडो तिलकको बिचमा ठाडो कालो रेखा दिन्छन् ।

(३) ब्रह्मसंप्रदाय–यसको प्रधान प्रवर्तक 'ब्रह्मा', संस्थापक 'मध्वाचार्य' थिए । यसको दार्शनिक विचार सिद्धान्त 'द्वैतवाद' भनिन्छ । यसमतमा पहिले एक नारायण मात्र हुनुहुन्थ्यो, नारायणका अंगबाट ब्रह्मादि देवता उत्पन्न भए । नारायण सेव्य हुनुहुन्छ, हामी सेवक हौं, यसरी सेव्य सेवकरूपले द्वैत मान्दछन् । सन्तानको नाम राख्ता, विष्णुलाई कहने शब्दको नाम राख्छन् । हित हुने र प्यारो, मिठो वचन बोल्न, अध्ययन, दुःखीको उद्धार, शरणमा परेकाको रक्षा यस्ता राम्रा काममा ध्यान दिन्छन् । विशिष्ट अद्वैतका झैं ठाडो तिलकका बिचमा राताको बदला कालो रेखा दिन्छन् ।

(४) रूद्रसंप्रदाय––यसको प्रधान प्रवर्तक रूद्र थिए । प्रधान संस्थापक 'विष्णुस्वामी' थए । यसै संप्रदायलाई 'वल्लभ संप्रदाय' पनि भन्दछन् । यसको

दार्शनिक मत शुद्धाद्वैत' कहलाउँछ। यस मतमा गुरुलाई नै ईश्वर मानिन्छ। यो मतमा लाग्नेहरू कृष्णको मन्दिरमा नाना प्रकारका भोग लगाएर कृष्णको महोत्सव गर्छन्।

चैतन्य महाप्रभु

यसको दार्शनिकमत 'अचिन्त्यभेदभाव वाद' भनिन्छ। यस मतमा पनि भगवान्को प्राप्तिमा भक्तिलाई नै प्रधान मान्दछन्। उद्भिज्ज, जरायुज, अण्डज, स्वेदज यी समग्र प्राणी मात्रमा समभाव राखिन्छ। जाति भेद मानिदैन।

वैष्णव संप्रदायको संख्या

शक्ति संगमतन्त्रको अनुसार वैष्णव संप्रदायहरूको संख्या तल दिएको छ।

वैखानस, श्रीराधावल्लभी या राधावल्लभ, गोकुलेश, वृन्दावनी, रामानन्दी, हरिव्यासी, निम्बार्क, भागवत, पञ्चरात्र, वीर वैष्णव,

(१) वैखानस—यो स्मार्तवैष्णव कहिन्छ। यस मतमा वैखानस मुनिको उपदेश वमोजिम वैष्णव धर्ममा दीक्षित हुन्छन्।

(२) श्रीराधावल्लभी--यिनीका अनुयायीहरू वैष्णवको प्रसिद्ध आचार व्यवहार विशेष गरेर पालन गर्छन्। विष्णुको मन्त्र जप्नु, शान्तभावलाई प्रधान मानेर विषयबाट चित्त फर्काएर विष्णुको चिन्तनमा संलग्न हुनु यिनीहरूको मुख्य ध्येय छ।

(३) गोकुलेश--यस मतमा गहनाहरूले र वस्त्रहरूले शरीर सिगार्नु, सुगन्धी अत्तर आदिले शरीर सुगन्धी वनाउनु, गोसेवा गर्नु मुख्य कर्तव्य मानिन्छ। यिनीहरू रासक्रीडाका समयको कृष्णको रूप धारण गर्छन् आफ्नु शरीर र प्राण कृष्णमा समर्पण गर्छन्। यी कृष्णका उपासकहरू अन्तः करणमा शक्तिका उपासक हुन्। यिनी गान विद्यामा प्रेम राख्तछन्। शरीर लहराले लपेट्न मन पराउँछन्। स्मार्त र वैष्णवहरूको लौकिक झगडामा संलग्न हुन्छन्। शिव र विष्णुमा भेद राख्तछन्।

(४) वृन्दावनी--यस संप्रदायमा कुनै विषयमा कसैको आशा गरिदैन। आफूलाई इच्छा पूरा भएको मानिन्छ। सदा विष्णुको भक्तिमा तत्पर हुन्छन्। स्त्रीहरूको ध्यानमा पनि लागिनै रहन्छन्। स्त्रीहरूको संपर्कबाट चञ्चल पनि हुन्छन्। वन विहार गर्न प्रसन्न हुन्छन्। यिनीहरूमा सारूप्य मोक्षको बोध रहन्छ।

(४) रामानन्दी—रा बाट 'शक्ति' मा बाट शिव, यी दुइको संज्ञना हुन्छ । यी दुइको समानतारूपी रसबाट पैदा भएको जो आनंद हुन्छ, उसैमा यो संप्रदायका भक्तहरू सानंद रहन्छन् । यिनीहरू शान्त, प्रसन्न, विचारवान् हुन्छन् । आत्मामा समभाव राख्तछन् । यो संप्रदाय रामानन्द स्वामीले चलाएको हो ।

(६)हरिव्यासी—यसमतमा विष्णुभक्त जितेन्द्रिय हुन्छन् यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि यो आष्टाङ्गयोगको पूर्ण-अभ्यास गर्छन् । परोपकारका निमित्तमा नै आफ्नू समय लगाउँछन् । यिनीहरू शिव र शक्तिको रूप ध्यान गर्छन् । यो सप्रदायको संस्थापक 'हरिराम शुक्ल' थिए । जसको अर्को नाम 'हरिव्यासि' थियो । यी 'श्री भट्टका शिष्य, परशुरामका गुरु थिए ।

(७) निम्बार्क—यस संप्रदायका मानिसहरू मूर्तिको पूजा गर्छन् । विष्णुका अनन्य भक्त हुन्छन् । आफ्नू आचरण, शरीर, वस्त्र स्वच्छ राख्तछन् ।

(८) भागवत--यो संप्रदायका जन पूर्ण विष्णुभक्त हुन्छन् । इंद्रियलाई आफ्ना कब्जामा राख्तछन् । सदैव प्रसन्न रहन्छन् । यिनीहरूको स्मार्तमा गौरव छ । किन्तु यिनीहरू, यति सम्म शिवको रिस गर्छन् कि, अकस्मात् झुक्किएर शिवभक्तलाई छोइयो भने पनि झट्ट स्नान गर्छन् । शरीर सफा राख्नु- सुन्दर वेष वनाउनु, आफ्नू कर्तव्य संझन्छन् । यिनीहरू रातो कपडा पैह्लन्छन् ।

(९) पञ्चरात्र—यो संप्रदायका मानिस 'पञ्चरात्रोव्रत' गर्दछन् । रण्डी-लाई श्री कृष्णको प्रसाद मानेर पूजा गर्छन् । यिनीहरू शिव र शैव, विष्णु र वैष्णवको पनि निन्दा गर्छन् ।

(१०) वीर वैष्णव--यो संप्रदायका जन विष्णुभक्त हुन्छन् । विष्णु वाहेक सबै देवताको निन्दा गर्दछन् ।

यो वैष्णव संप्रदायमा जस जसको दार्शनिक विचार छ, तिनीहरूको संक्षेपमा विचार गरिदै जान्छ ।

भेदाभेद दर्शन

(भास्कर वेदान्त)

वेदान्तशास्त्रमा प्राचीन, सात जना वेदान्तीहरूको चर्चा गरेको छ । उनीहरूका मध्यमा 'आतमरथ्य र औडुलोमी, भेदाभेदवादी थिए । भर्तृप्रपञ्च चाहिं 'भेदाभेद र ज्ञान र कर्म समुच्चयवादी,' ब्रह्म दत्त, ज्ञानकर्म समुच्चयवादी थिए । यसबाट यो बुझ्छ, प्राचीनकालमा पनि यो मत प्रसिद्ध थिए । पछि भास्करले

पनि उक्त दुइ मतको स्वीकार गरे। उक्त वेदान्तीहरूका मध्यमा भास्करको मात्र एउटा ग्रन्थ प्राप्त भएको छ। भास्करको भनाइ छ कि, केवल ज्ञानले मात्र मुक्ति हुँदैन, कर्म पनि आवश्यक छ। ज्ञानको उत्पत्ति श्रवण, मननरूप साधन द्वारा हुन्छ। कर्मले हुँदैन। यसैले जसरी ज्ञान प्राप्तिका निमित्त शम, दम आदि योगको जन्म भर अनुष्ठान गर्न आवश्यक छ, त्यसै गरी शास्त्रले विधान गरेको वर्णाश्रमोक्त नियत कर्मको अनुष्ठान पनि आवश्यक छ। अनिमात्र मोक्ष मिल्दछ। बिना कर्म मोक्ष मिल्दैन। कर्मको त्याग कुनै अवस्थामा पनि हुन सक्तैन। ब्रह्मसूत्रको पनि यहि अभिप्राय छ भनेर भास्कर भन्छन्।

भास्करको अर्को सिद्धान्त यो छ संसार अवस्थामा 'जीव' परमात्मादेखि अलग रहन्छ, मोक्ष अवस्थामा परमात्मामा मिल्दछ। यसैले जीव र परमात्मामा भेद र अभेद दोटै छन्। वास्तवमा जीव र परमात्मामा स्वभावैले अभेद छ, तर संसार रूपी उपाधिले गर्दा भेद पनि छ। यहि 'भेदाभेद' वाद भास्करको सिद्धान्त ः

भास्करको मतमा ब्रह्ममात्र एक तत्त्व छ। यही 'ब्रह्म' परमात्मा र ईश्वर भनिन्छ। शास्त्र द्वारा यसको परमार्थ तत्व बोध हुन्छ। यो ब्रह्म सत्‌छ, अद्वितीय छ। जगत्‌को उपादान कारण पनि ब्रह्म हो भनिन्छ। यी भास्कर सत्कार्यवादी हुन्। सत्कार्यवादी हुनाले कारणब्रह्ममा नै कार्यब्रह्म रहिरहन्छ भन्दछन्।

सत् र असत्‌को लक्षण

यद्विषया बुद्धिर्न व्यभिचरति तत् सत्, यद्विषया बुद्धिर्व्यभिचरति तत् असत्। अर्थ–जुन विषय भएको बुद्धि व्यभिचार गर्दैन त्यो वस्तु सत् कहलाउँछ, जस्तै–सर्वमिदं ब्रह्म-सबै ब्रह्म हो जुन विषय भएको बुद्धि व्यभिचार गर्छ त्यो असत् कहलाउँछ। जस्तै–यो घडा, यो वस्त्र। सदसतोर्विभागे बुद्धि तन्त्रे स्थिते। सत् र असत् छुट्याउने काम बुद्धिका अधिनमा छन्।

विशिष्टाद्वैत दर्शन

(रामानुजवेदान्त)

यो मत 'श्री संप्रदाय, नामले प्रसिद्ध छ। यसमतको प्रधान केन्द्र तामिलप्रान्त कहिन्छ। यो प्रान्तको इतिहासबाट, तामिलप्रान्तमा अघि वैष्णव धर्मका प्रवर्तक बाह्रजना भक्त भएका थिए। जसको नामावलि 'सरोयोगिन्, भूतयोगि,न्, महद्योगिन्, या भ्रान्तयोगिन्, भक्तिसार, शठकोप, मधुर कवि, कुल शेखर, विष्णु चित्त, गोदा, भक्ताङ्घ्रिरेण, योगिवाहन, परकाल। यिनीहरूका पछाडि

छ जना वैष्णवाचार्य भए। जस्तै नाथमुनि, उनैका नाति, यमुना चार्य मध्यवीथि, भट्ट, कृष्णपाद, लोकाचार्य, श्री निवासाचार्य, यिनीहरू प्रसिद्ध विद्वान् प्राचीन आचार्य थिए।

श्री संप्रदाय–यस मतमा लक्ष्मी पनि नारायणका साथ पूजा गरिन्छिन्। यसैले एक प्रकारले 'शाक्तदर्शन, भन्न पनि सकिन्छ। यो सिद्धान्तमा सर्वत्र श्री शब्दको प्रयोग केवल आदरार्थ द्योतक छ। यिनीहरू नाममा पहिले श्री लगाउँछन्। वैष्णव-लाई श्री वैष्णव भन्छन्। श्री शब्द आदरका निम्ति प्रयोग गरिन्छ।

रामानुजको अनुसार 'चित्' अचित्, ईश्वर यी तीन तत्व मूल तत्व हुन्। यिनमा ईश्वर प्रधान अङ्गी हो, चित्, अचित् ईश्वरका विशेषण या अङ्ग हुन्। अतः यो मत 'विशिष्ट अद्वैतवाद' कहलाउँछ। यो भक्तिमार्गमा देवतादेखि व्यतिरिक्त केवल 'ब्रह्मण, क्षत्री, वैश्य यी तीन जातिको मात्र अधिकार छ।

श्री वैष्णव संप्रदायका भेद र अरू पनि संप्रदायका भेदहरू जान्न इच्छा भएमा 'स्वामी प्रपन्नाचार्य' ले वनाउनु भएको वेदमा के छ भन्ने ग्रन्थको अव-लोकन गर्नु होला। यस ग्रन्थमा प्राचीन भारतीय दर्शनहरूको सार संक्षेप छ।

द्वैताद्वैत दर्शन

(निम्वार्क वेदान्त)

भगवान्ले हंसाववार लिएर सबै भन्दा पहिले 'निम्बार्क संप्रदाय' सनकादिलाई उपदेश गर्नु भयो। सनकादिले कुमारलाई, कुमारले नारदलाई, नारदले निम्वार्का-चार्यलाई उपदेश गर्नु भयो। यसैले यो संप्रदाय 'हंससंप्रदाय' निम्बार्क संप्रदाय, भन्ने २ नामले प्रसिद्ध छ। निम्बार्कलाई भगवानको सुदर्शन चक्रको अवतार मानिन्छ।

निम्बार्काचार्य भारी विद्वान् थिए। एक दिन एउटा सन्यासीलाई निमका वृक्षमा सूर्यास्त भैसके पछि पनि सूर्यको दर्शन गराए। यसैले यिनीको नाम 'निम्बार्क' भयो। निम्बार्क मतको दार्शनिक सिद्धान्त 'भेदाभेद' या 'द्वैताद्वैत' कहिन्छ। जीवात्मा, 'परमात्मा जडप्रकृति' तीन तत्व मानिएका छन्। यी तीन तत्व परस्पर-मा भिन्नाभिन्नै छन्। परमात्मा ओत प्रोत भावले जीव र जडमा रहेको छ। परमात्मा विना दुवै रहन सक्तैनन्। परमात्माका सायमा समुद्र र तरङ्गको जस्तो मात्र भेद छ। जस्तै जुन समुद्र हो त्यै तरङ्ग हो, त्यै समुद्र हो त्यस्तै जुन परमात्मा हो त्यै जीव हो, त्यै प्रकृति हो। समुद्र र तरङ्गको भेद न भएझैं, परमात्मामा र जीव, प्रकृतिमा भेद छैन–एउटै हुन। यस्तो मानिएको हुनाले, यो संप्रदाय

अभेदवादी पनि हो। यस दर्शनमा 'जीवको भेद' स्वबद्ध, बद्ध, जोब, मुक्त, बद्ध जीब, जडत्व, त्यसका भेद, ईश्वर तत्व, यिनीहरूको प्रतिपादन गरेको छ। साथै 'सूक्ष्मशरीर' दक्षिणायन र उत्तरायणमा मर्नेको गति, शूद्रको ब्रह्मविद्यामा अनधिकार, चित्, जड, नाम, रूप आदिको आश्रय वेद हो इत्यादि कुरा बताइन्छ। यो सिद्धन्त मान्दै निम्बार्काचार्य, आफ्नू देश त्यागेर वृन्दावनमा गए। अनि उहाँ वैष्णव मतको प्रचार गरे। रामानुजले लक्ष्मी नारायणको प्राधान्य दिए। निम्बार्कले राधाकृष्णको प्राधान्य दिए। रामानुजले भक्ति र ज्ञानमा भेद माने। तर निम्बार्कले भक्तिलाई ज्ञानमा नै मिलाइ दिए। रामानुज, जड, चित् मान्थे र पनि विशिष्ट ईश्वरको मुख्यता स्वीकार गरेर 'अद्वैतवाद' माने। निम्बार्कले द्वैत र अद्वैत दुवैलाई स्वीकार गरी, दुवैलाई एकै प्रकारको प्राधान्यता दिए—द्वैताद्वैतकै सिद्धान्त स्थापना गरे। यो मुख्य भेद बाहेक अरूमा दोटामतको प्रायगरेर समानता देखिन्छ।

द्वैत दर्शन
(माध्ववेदान्त)

यस दर्शनको प्रचार 'मध्वाचार्य'ले गरे। माध्वाचार्य वायुदेवताको अवतार मानिन्छन्। यिनीले बद्रीमा गएर एकान्तमा वसी योगाभ्यास र तपस्या गरे। व्यासले यिनीलाई दर्शन दिए। वैष्णव धर्मको प्रचार गर्नाका निमित्त 'वादरायण सूत्र, का उपर एक भाष्य रचना गर्न आज्ञादिए। अनि यो मध्वाचार्यले 'वादरायण सूत्र' उपनिषद् गीता यी तीन ग्रन्थहरूको, आफ्नूमत बमोजिम टीका लेखे। यिनीका शिष्यहरूले पनि गुरुमत समर्थन गरेर अनेक ग्रन्थ बनाए। यिनीको दार्शनिक सिद्धान्त 'द्वैतवाद' हो। किन भने परमात्मा, प्रकृति र जडपदार्थ, ब्रह्मादिजीब देखि भिन्नछ। तर मायालाई उपादान कारण लिएर शरीरि नवनी. सानु पनि क्यै काम गर्न सक्तैन। अतः परमात्माको पनि शरीर छ। त्यो शरीर ज्ञानरूप छ, आनन्दरूप छ, अप्राकृतिक छ। यसका प्रत्येक अङ्ग आनन्दमय' चित्स्वरूप छन्। यस्ता प्रकारले शरीर र ईश्वर दुइटा मानिने हुँदा, यो दर्शन 'द्वैतदर्शन' कहलाउँछ। यो दर्शनमा 'द्रव्य गुण' कर्म, सामान्य, विशेष, विशिष्ट, अंशी, शक्ति, सादृश्य, अभाव, यी दश पदार्थ मानिएको छ। यो पदार्थको लक्षण 'जीव' मुक्त जीव, लक्ष्मीका भेद, अवतार, आदिको प्रतिपादन गरेको छ।

शुद्धाद्वैत दर्शन
(वाल्लभ वेदान्त)

'शुद्धाद्वैत' सम्प्रदायको विशेष प्रचार वल्लभाचार्यले गरेको हो। यिनले

आपनूमत 'शुद्धाद्वैत, नामले चलाए । यिनका मतमा 'ब्रह्म आपनूमात्र' एउटा तत्व मानिएको छ । अरू दृश्यमान वस्तु, ब्रह्म भिन्न ह्वैनन् । ब्रह्मनै हुन् । ब्रह्मदेखि भिन्न नहुनाले जस्तो ब्रह्म नित्य छ त्यस्तै नित्यछन् । अविनाशी छन् । तर विष्णुका मायाले उत्पत्ति र नाश हुन्छन् भनिन्छ व्यवहारमा पनि सबै पदार्थ ब्रह्म-स्वरूप मानिन्छ । यो संप्रदायका मानिसहरू धर्म र धर्मी एउटै मान्दछन् । जस्तै घिउको द्रवत्व (पातलो स्वभाव) घृत भिन्न ह्वैन, घृत रूपनै हो । त्यस्तै पैदा हुने प्रपञ्चरूप धर्म, ब्रह्मरूप धर्मीदेखि भिन्न ह्वैन, भिन्न मानिदैन । ब्रह्मनै हो । मायालाई ब्रह्मको शक्ति मानेर 'शक्ति (बल) र शक्तिमान् (बलवान) को अभेद गरी यस मतमा एक मात्र 'ब्रह्म' नै प्रमेय (जान्न योग्य) वस्तु रहन्छ । अर्थात् दृश्यमान जगत् भगवान्‌की शक्ति या माया हो । त्यै माया दृश्यमान् जगत् रूपमा परिणत भएको हो । यसैलै जगत ब्रह्मको सगुण रूप हो । हामी स्थूल दृष्टिवालाले पनि अनुभव गरिरहेको कुरा छ । जो बल छ, त्यै बलवान् हो, जो बलवान् छ त्यै बल हो । बल र बलवान्मा भेद देखिन्न । यो भेद नदेख्ने शुद्धवाद हुनाले 'शुद्धाद्वैतवाद' भनिन्छ ।

यस दर्शनमा अद्वैत ब्रह्मज्ञानका निमित्त भूत, इन्द्रिय आदिको तत्व, सत्व, रज, तम यी तीन गुणको धर्म, स्वभाव, पुण्य, पाप, प्रकृति (स्वभाव) को भेद तन्मात्रा, नैयायिकको मत आदि प्रतिपादन गरेको छ ।

सौरादिमत

सौरादि मतको मुख्य प्रतिपादक माननीय हाम्रा पूर्वज ऋषि महर्षिहरू हुन् । यस मतमा "कांक्षन्तः कर्मणां सिद्धि यजन्त इह देवताः ।

क्षिप्रंहि मानुषे लोके सिद्धिर्भवति कर्मजा ।। गीता अ० ४

यो मनुष्य लोकमा कर्मको फल इच्छा गर्ने जनहरू, देवताको पूजा गर्छन् । मनुष्य लोकमा गरेका कर्मबाट पैदा भएको सिद्धि चाँडै हुन्छ । यो उक्तिवमोजिम सूर्य, देवी आदिलाई ईश्वर मानिन्छ । जसलाई यसलोकमा माला, चन्दन, स्त्री, पुत्रादि विषयको र परलोकमा अमृत, अप्सरा आदि अनित्य विषय भोगको, रोग निवृत्ति, दीर्घायु शत्रुनाशको अभिलाषा छ, त्यस्ता अपठित, देहात्मवादी, सम्पत्तिको चाहा गर्ने मानिसका निमित्त प्रतिपादन गरेको मानिन्छ । उक्त विषयहरू इच्छा गर्ने जनले शास्त्रोक्त विधिपूर्वक नियम आचारमा रहेर, श्रद्धा भक्ति पूर्वक रुचिअनुसार तत् तत् देवताको तान्त्रिक वा वैदिक, पञ्चोपचार वा षोडशोपचारका विधिले पूजा गर्नु तत् तत् इच्छा गरेको फल पाउँछ भनेर स्मृतिहरूमा भूतपूर्व शिष्टहरूले प्रतिपादन गरेको छ ।

परनामी मत

यस मतको आदि प्रतिपादक 'श्रीदेवचन्द्र' हुन् भन्ने, लालदास र प्राणनाथले प्रकाश गरेका 'बीतक' र 'तारतम्य' नाम भएका ग्रन्थ र यिनीहरूको जीवन चरित्रबाट बोध हुन्छ। औरङ्गजेबका पालामा या शासनकालमा हिन्दुहरूका विद्यालय बन्द गर्ने, मन्दिर भत्काउने, हिन्दूहरूलाई मुसलमान बनाउने आदि अन्याय, अत्याचार चरम सीमामा पुगेको थियो। त्यस वखतमा इस्लाम धर्मग्रन्थको र हिन्दु धर्म ग्रन्थको दुवैको अध्ययन गरेर विचार गर्दा हामी कृष्णनामले भजन गर्दा रहेछौं, उनीहरू अल्ला नामले भजन गर्दा रहेछन् इत्यादि कुरा बुझे। मुसलमानमा पैगम्बर हुँ भनी प्रचार गरे, हिन्दूहरूमा अवतार हुँ भने। औरङ्गजेबका साथमा पनि प्राणनाथले भेट गर्न खोजे तर भेट दिएनन्ता पनि छत्रसालका शिष्य बने। अन्याय रोक्तु लड्नुपर्दछ भन्ने उपदेश गरे। त्यो उपदेश बमोजिम मध्यप्रदेश तर्फ इस्लाम शासन विरूद्धमा छत्रसाल लड़े, दक्षिण तर्फ शिवाजी लड्नु भयो। पश्चिम तर्फ गुरू गोविन्दसिंह लड्नु हुन्थ्यो। यो संप्रदायमा मंदिर बनाउछन्, तर पुस्तक पूज्दछन्, मूर्ति राख्तैनन्, मूर्तिपुजा गर्नु हुँदैन भन्दछन्। मद्य, मांस निषिद्ध मान्दछन्। लासलाई बाकसमा राखेर गाड्ने पनि गर्छन्। तर कतै कतै अरू-हिन्दुका सङ्गतले होला जलाउने पनि गर्दछन्। हाम्रा धर्मका साथ मिल्ने कुरा पनि छन्, नमिल्ने कुरा पनि धेरै छन्। यों संक्षेप हो। श्रीमान् पाठक वर्ग ? यो नवीन प्रणामी दर्शन अध्ययन गर्न, जान्न इच्छा भएमा ०३२ साल कार्तिकमा छापिएको, छविलाल पोखरेल आदिले प्रकाश गरिएको 'विवरण पत्र' भन्ने ग्रन्थ अन्वेषण गर्नु होला।

यहाँ सम्म शास्त्रहरूको लक्षण र भारतीय दर्शनहरूको अलि अलि अभिप्राय लेखियो। अर्थात् बोध गर्न अभिलाषा भएमा भारतीय दर्शन र बुद्धिसागर पराजुली-ले प्रकाश गरेको 'दर्शनामृत' भन्ने ग्रन्थ दर्शन गर्न परिश्रम गर्नु होला। यो मेरो लेखमा विशेष गरेर आध्यात्मिक कथाहरूको महत्व दिएर लेखेको छ। यसैले अरूकुरा संक्षिप्त गरियो। अब कथा लेख्नु भन्दा पहिले आत्माको विषयमा विचार गरिन्छ। वास्तवमा आत्म वस्तु एकमात्र छ। तर उपाधिका भेदले विभिन्न रूपमा पृथक पृथक जस्तै भान पर्छ। भिन्नता ह्वैन एउटै हो।

चित् (आत्मा) का भेद

कूटस्थो ब्रह्म जीवेशावित्येवं चिच्चतुर्विधा।
घटाकाशमहाकाशौ जलाकाशाभ्रखे यथा॥ पञ्च द. चि. प्र. श्लो १८

जस्तै एउटै आकाशका 'घटाकाश, महाकाश, जलाकाश, अभ्राकाश' चार भेद

हुन्छन् । त्यस्तै एउटै चित्का, कूटस्थ, ब्रह्म, ईश, वा ईश्वर चार भेद हुन्छन् । यो पद्यमा आत्मा शब्द देखिन्न ता पनि चित् भन्नाले आत्मा आउँछ । आत्मा, चित्, चेतन, चैतन्य, कूटस्थ, ब्रह्म, ईश्वर आदि पर्यायवाचक शब्द हुन् । अर्थात् सबैको एकै अर्थ हो । तर वेदान्त वाक्यहरूमा प्राय गरेर प्रयोगहरूमा, आत्मा शब्द र ब्रह्म शब्दको प्रयोग देखिन्छ ।

कूटस्थ—मायामा प्रवेश गरेर फलाम पीटने आधार 'लिहि' घनले पीटता नबिग्री, एकैरूपले रहे झैं, सत्व, रज, यी गुणबाट पैदाभएका, सुख, दुःख, राग, द्वेष आदि विकारबाट, म सुखी छु, दुःखी छु इत्यादि आकारमा परिणत नभै, एउटै परमानन्दरूपमा, घडाभित्र आकाश रहेझैं यावत्प्राणीका हृदयाकाशमा रहेको चेतन कूटस्थ कहलाउँछ ।

ब्रह्म—स्थूलार्थक वृहधातुबाट 'ब्रह्म' शब्द बन्दछ । ब्रह्मको अवयवार्थ ठूलो र व्यापक । सत्य, ज्ञान, अनन्त, ब्रह्मको लक्षण या परिभाषा हो ।

न व्यापित्वाद्देशतोऽन्तो नित्यत्वान्नापि कालतः ।
न वस्तुतोऽपि सार्वात्म्यादानन्त्यं ब्रह्मणि त्रिधा । प. द. प. कोश. प्र.
एको वशी सर्व भूतान्तरात्मा एकं रूपं बहुधा यःकरोति । का. उप.नि.
असिषु ह्यसिरूपेण—योग वाशिष्ठ

जस्तै व्यापक हुनाले सर्वत्र छ, नित्य हुनाले सधैं छ, जगत् उसैको रूप हुनाले जगत् भिन्न छैन । एक छ, स्वतन्त्र छ, सबै प्राणीको 'अन्तरात्मा, हो, एउटै चैतन्यरूपलाई स्थावर जङ्गमरूपमा घेरै गर्दछ । महाकाश (ठूलो आकाश) झै भित्र बाहिर व्यापकरूपले रहेको चित् जो छ त्यो 'ब्रह्म' कहिन्छ ।

जीव—जीव प्राण धारणे, धातुबाट प्राणधारण गर्नु अर्थमा 'जीव' शब्द हुन्छ । देह र इन्द्रिय यी ज़डलाई चेतन शक्ति दिनु जीवको लक्षण ।

कूटस्थे कल्पिता बुद्धिस्तत्र चित्प्रतिबिम्बकः ।
प्राणानां धारणाज्जीव, सन्सारेण सयुज्यते । पञ्च द. तृप्ति दी. प्र.

कूटस्थमा बुद्धि कल्पना गरियो, बुद्धिमा चित्को छाया पर्छ । जड इन्द्रियहरूलाई चलन शक्ति दिने हुनाले 'जीव' कहिन्छ त्यो जीव जन्म मरण गर्छ ।

कूटस्थमा बुद्धि कल्पना गरियो, बुद्धिमा चित्को छाया पर्छ । जड इन्द्रियहरूलाई चलन शक्ति दिने हुनाले 'जीव' कहिन्छ । त्यै जन्म मरण गर्छ । चेतनको छाया परेर चेतन जस्ता भएका इन्द्रियहरूसंग संयोग भएका मात्र शब्दादि विषय प्रत्यक्ष हुन्छन् अन्य हुँदैनन् । जस्तै पातञ्जल योगसूत्र—दृक्छायापन्नया बुद्ध्या संसृष्टाः

शब्दादयोऽपिदृश्या भवन्ति, नहि दृशिना संस्पृष्टं दृश्यं भवति। यहां बुद्धि उपलक्षण मात्र हो। बुद्धि शब्दले अहंकार आदि सबै ग्रहण गरिन्छ।

देहेन्द्रिय प्राण मनो धियोऽमी यदंश विद्धा प्रचरन्ति कर्मषु
नैवान्यदा लोहमिवावतप्तं स्थानेषु तद्रष्ट पदेशमेति--

भागव. एका. स्कन्द

जुन चैतन्यको छाया परेका, देहेन्द्रियप्राण मन यिनीहरू आआपना काममा प्रवृत्त हुन्छन्। न तातेका फलामले न पोले झैं, चेतनको छाया नपरेका देहेन्द्रियादि जड हुनाले क्यै काम गर्न सक्तैनन्। आ आफ्नू काममा प्रवृत्त हुनै सक्तैनन्। जीबको अर्को लक्षण। जस्तै

चैतन्यं यदधिष्ठानं लिङ्गदेहश्च यः पुनः।
तच्छाया लिङ्ग देहस्था तच्छङ्घो जीव उच्यते॥

आधार चेतन लिङ्ग, देह र लिङ्गदेहमा रहेको चित्प्रतिबिम्ब या चेतनको छाया यी तीनको समूह 'जीब' कहिन्छ। सत्य बिना मिथ्या रहन सक्तैन। सीपी विना चाँदीको, डोरी विना सर्पको जस्तै भ्रान्ति हुँदैन। सत्यमा असत्यको भ्रमहुन्छ। सीपी डोरी सत्य हुन्, सर्प चादी असत्य हुन्। त्यस्तै कूटस्थ विना शरीर रहदैन। कूटस्थ सत्य हो, देह विनाशी असत्य हो। यो कुरा हामीहरूको अनुभव सिद्धछ। जस्तै

खादित्य दीपिते कुड्ये दर्पणादित्य दीप्तिवत्।
कूटस्थ भासितो देहोधीस्थ जीवेन भास्यते॥ पञ्च. तृ. प्र.

आकाशका सूर्यले उज्यालो पारेका भित्तामा, ऐनामा परेका सूर्यका प्रतिबिम्बले जस्तै उज्यालो पार्छ, त्यस्तै कूटस्थले प्रकाश पारेका देहलाई, बुद्धि आदिमा परेका कूटस्थको प्रतिबिम्ब या छायाले उज्यालो पार्छ।

जस्तै सूर्य न भए ऐनामा छाया पर्दैन, त्यस्तै कूटस्थ न भए देहादिमा छाया पर्दैन। त्यो हृदयमा रहेका कूटस्थको छाया 'जीब' कहिन्छ।

प्रश्न ! कूटस्थकै छाया जीब हो भने, सूर्य र सूर्यको छाया अलग भएझें यो कूटस्थ हो, यो छाया या जीब हो, भनेर अल गर्न सकिनु पर्ने किन सकिदैन त ?

उत्तर—जल व्योम्न घटाकाशः यथा सर्वस्तिरोहितः।
तथा जीवेन कूटस्थः सोऽन्योऽन्याध्यास उच्यते॥ प. तृ. प्र.

जस्तै घड़ाभित्रको आकाश र घडामा भएका जलभित्रको आकाश, एउटै भएर मिलेर रहन्छन्, यो घटाकाश हो, भनेर अलग गर्न सकिन्न। त्यस्तै बुद्धि

आदिमा भएको जीब संग, कूटस्थ एउटै भएर मिलेर रहेको छ, यो जीब हो, यो कूटस्थ हो भनेर अलग गर्न सकिन्न। 'कूटस्थ' जीबसंग एक भएर मिल्नु अन्योऽन्याध्यास कहिन्छ। जीब मायाबाट पैदा भएको 'मायिकोऽयं चिदाभासः श्रुतेरनुभवादपि।--ईश्वर र जीबलाई मायाले सृष्टि गरेको, यो प्रमाण प. द. मा हुनाले जीब मायिक भनिन्छ। जगत् इन्द्रजाल हो। जीब त्यसै जगतमा अन्तर्भाव हुन्छ। जस्तै ऐना फूटे पछि सूर्यको छाया, सूर्यमा गएर मिल्छ। त्यस्तै लिङ्ग शरीर नष्ट भए पछि जीब कूटस्थमा गएर मिल्छ। आत्म ज्ञान द्वारा देहादिलाई म ह्वैन भनेर अलग गर्नाले लिङ्ग शरीर नाश भएको मानिन्छ। लिङ्ग शरीरको लक्षण अगाडि हेर्नु होला।

जहां कूटस्थ छ उहिं जीब छ, जहां जीब छ उहां कूटस्थ छ। यसैले उपनिषद्मा भनेको छ।

द्वौ सुपर्णा सयुजा सखाया समानं वृक्षं परिषस्वजाते
तयोरन्यः पिप्पलं स्वद्ववत्तिरनश्ननयोऽभिचाकसिती ।। मुण्डकोपनिषद्

एउटै वृक्षमा साथि साथि दुइटा पक्षी सधैं संगै बस्तछन्। ती दुइमा लिङ्ग शरीर उपाधिवाला 'जीब' चई सुखदुःखरूपी फल मीठो मानेर खान्छ अर्को ईश्वर या कूटस्थ चई सुख दुःखरूपी फल नखाई तटस्थ भएर रहन्छ। जीवलाई प्रेरणा गर्छ। उसले गरेका शुभाशुभ कर्मको साक्षी हुन्छ। देहबाट जीव निस्केर जांदा ईश्वर साथैमा हुन्छ। अत एव हामीले एकान्तमा गरेको, मनले चिताएको मुखले भनेको, समग्र व्यवहार जान्दछ र, जीबलाई उसका कर्म अनुसारको देवादियोनिमा जन्म दिन्छ, कर्म अनुसार नै धन सम्पत्ति सुख दुःख दिन्छ।

ईश=ईश्वर – ईश् ऐश्वर्ये, धातुबाट समर्थ अर्थमा ईश वा ईश्वर शब्द बनिन्छ। ईश्वर=समर्थ। जस्तै मेघभित्र आकाश छ, तर मेघले ढाकिएको छ, स्पष्ट देखिदैन। त्यस्तै त्यो मेघ भित्रको आकाश झैं मायाले ढाकिएर रहेको छ स्पष्ट ज्ञान हुँदैन। मायाभित्र घूसेर सामान्य मानिस जस्तो भएर, सृष्टि आदि कार्य कर्ता 'विष्णु, ब्रह्मा, शिव' आदि नामरूप उपाधि भएको चेतन ब्रह्म ईश्वर कहिन्छ। जस्तै उक्त घटादि आकाशको भेद छैन एउटै महाकाश हो। घट, जल, मेघ यी उपाधिले गर्दा भिन्न जस्तो भान परेको मात्र हो। जसलाई नलिई काम चल्दैन, त्यो उपाधि कहिन्छ। जस्तै घड़ा विना घटाकाश हुँदैन, जल विना जलाकाश, मेघ विना मेघाकाश हुँदैन। अतः घड़ा, जल, मेघ यी उपाधि कहिन्छन्। त्यस्तै नामरूप उपाधिले यौटै चेतनको कूटस्थ, ब्रह्म, जीब, ईश्वर, भन्ने नाम मात्रले भेद भएको हो। वास्तवमा एउटै चेतन ब्रह्म हो।

कोशोपाधि विवक्षायां याति ब्रह्मैव जीवताम् ।
पिता पितामहश्चैकः पुत्र पौत्रौ प्रति यथा ॥
सत्यं ज्ञानमनन्तं यद् ब्रह्म तद्वस्तु तस्य तत् ।
ईश्वरत्वं च जीवत्वमुपाधिद्वयकल्पितम् ॥
पुत्रादेरविवक्षायां न पिता न पितामहः ।
तद्वन्नेशो नापि जीवो शक्ति कोशाविवक्षिते ॥ प. पञ्चकोश प्र.

सत्य, ज्ञान, अनन्त, जो ब्रह्म छ त्यो वस्तु (परमात्मतत्त्व) हो । दुइ उपाधिले ईश्वर र जीब कल्पना गरियो । जस्तै वक्ताले, बुद्धिमा परेको ब्रह्मको छाया 'जीव' हो भन्न चाहेमा ब्रह्म नै 'जीव' भनिन्छ । मायाले ढाकिएको ब्रह्म ईश्वर हो भन्न चाहेमा ब्रह्मनै ईश्वर हुन्छ । जस्तै उहि देवदत्त पुत्रका अपेक्षा पिता, पौत्रका अपेक्षा पितामह भनिन्छ । पुत्र, नाति भन्न इच्छा नगरेमा देवदत्त पिता पनि हुँदैनन्, पितामह पनि हुँदैनन् । त्यस्तै मायाले ढाकिएको ब्रह्म ईश्वर, बुद्धिले ढाकिएको ब्रह्मको प्रतिबिम्ब जीब हो भन्न इच्छा नगरेर माया र बुद्धि उपाधि न लिदा जीव पनि हुँदैन ईश्वर पनि हुँदैन । केवल ब्रह्ममात्र हुन्छ । माया र कोश (बुद्धि) उपाधिले गर्दा ब्रह्मकै जीव र ईश्वर भेद भएको हो । अब आत्माको परिचय गरिन्छ ।

पञ्चकोश--जस्तैं मानिस बस्ने घर र रूपयां आदि पदार्थ, राख्ने कोष्ठ, दाप, ठोक्रो, बक्स आदि 'कोश' भनिन्छन् । त्यस्तैं आत्मा बस्ने देह आदि कोश भनिन्छन् । कोश पांच हुन्छन् । जस्तैं अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय, आनन्दमय ।

अन्नमय कोशभित्र प्राणमय, प्राणमयभित्र मनोमय, मनोमयभित्र, विज्ञानमय, विज्ञानमय भित्र, आनन्दमय कोश रहेको छ ।

पृथिवी आदि पाँच महाभूतले वनेको, चक्षु आदि नव द्वारले सुशोभित भएको स्थूलदेह 'अन्नमयकोश' भनिन्छ । प्राण र पांच कर्मेन्द्रियको प्राणमयकोश, मन र पांच ज्ञानेन्द्रियको मनोमय कोश, बुद्धि र पाच ज्ञानेन्द्रियको विज्ञानमय कोश, चैतन्यको छाया परेको, पुण्यको सुखभोगमा भित्रतिर मुख फर्काएको इन्द्रियको व्यापार हटेको कुनै बुद्धिवृत्ति 'आनन्दमय कोश' कहिन्छ ।

यिनै पांचकोश भित्र 'आत्म वस्तु' रहेको छ । तर सबै कोशमा रहेको छ कि कुन कोशमा छ, विवेक गरेर छुट्याउनु पर्दछ । ईश्वरः सर्व भूतानां हृद्देशेऽर्जुन तिष्ठति । ईश्वर सबैका हृदयमा छ । पश्यत्विहैव निहितं गुहायाम् । प्राणिहरूमा यहि बुद्धिरूपी गुफामा रहेको छ । यी श्रुति स्मृतिले बुद्धिरूपी गुफामा रहेको

छ भनेको छ तर अन्नमय आदि कोशमध्येमा, कुनै एउटा कोश आत्मा होकि, पाचैं कोश आत्मा हो कि, ती भिन्न अर्को आत्मा छ, यस्तो आत्मवस्तुको विषयमा संशय हुने हुँदा विचार गरिन्छ । जस्तैं––

अन्नमयकोश आत्मा ह्वैन––हाम्रो धनरूपी आज्ञा द्वारा मजदूरहरूले, हामी बस्ने घर बनाएझैं, चैंतन्यको सम्पर्करूपी आज्ञाले, चेतन जस्तैं वनेकी प्रकृति द्वारा, पञ्च महाभूतले वनेको यो स्थूलदेह आत्मा ह्वैन । किन भने प्रतिदिन पिताले लाएका, प्रशस्त अन्नबाट उत्पन्न भएका वीर्यबाट पैंदा भएको, अन्नैले वृद्धि भएको हुनाले, स्थूलदेहको नाम अन्नमय कोश राखियो त्यो आत्मा ह्वैन । अघि यो देह थिएन, वीचमा पैदा भयो पछि पनि रहने छैन । त्यस्तो जन्मने नाश हुने आत्मा (आफू) हुँदैन । आत्मा ता जन्मनु मर्नु गर्दैन, नित्य एकै आन्दरूपमा रहन्छ । अर्को कुरा अघिल्ला जन्ममा यो थिएन, वीचमा पैंदा भयो अघि हुँदै नभएको वीचमा कसरी पैंदा भयो । भविष्यमा पनि रहने छैन । देह द्वारा गरेको शुभाशुभ कर्मको फल भने नभोगि सुखैं छैन । नाभुक्तं क्षीयते कर्म कल्पकोटि शतैरपि । सयौं कल्प कोटी सम्म आलेटाले गर्दा पनि, भोग नगरि कर्म नाश हुँदैन । कर्म गर्नें शरीर जो थियो त्योता नाश भयो, अव यौटाले गरेको कर्म अर्काले भोग्नु पर्ला । अव त्याहां, अकृताभ्यागमः––नगरेको आइ पर्नु । कृतप्रणाशः–– गरेको नाशहुनु, यी दोटा दोष आइपर्छ । यसैंले जन्मने मर्नें आत्मा हुँदैन र अन्नमय कोश आत्मा मानिन्न ।

प्राणमय कोश आत्मा ह्वैन–शिरदेखि नङसम्म ढाकेर रहेको इन्द्रियहरूलाई आ-आफ्नु काम गर्न शक्ति दिने जड प्राणमयकोश आत्मा ह्वैन । जड आत्मा हुँदैन । आत्मा ता चेतन हुन्छ ।

मनोमय कोश आत्मा ह्वैन–शरीरलाई मं भन्ने, गृह, स्त्री पुत्रादिलाई मेरो भन्ने, हर्ष विषाद, काम, क्रोध आदि गुणका विकारहरूले भ्रान्ति हुने मनोमय कोश आत्मा ह्वैन । आत्मा ता कहिल्यै भ्रान्ति हुँदैन । उक्त हर्ष आदि कुनै विकार नभएको हुन्छ । हर्ष, विषाद सुख दुखादि मनका धर्म हुन् आत्माका धर्म ह्वैनन् । यसैले मनोमय कोश आत्मा ह्वैन ।

विज्ञानमय कोश आत्मा ह्वैन–सुषुप्ति अवस्थामा या स्वप्ना अवस्थामा, लीन हुने, जाग्रत् अवस्थामा शिरदेखि नङ सम्म ढाकेर रहने, चैतन्यको प्रतिबिम्ब परेको 'विज्ञानमय कोश आत्मा ह्वैन । बुद्धि जस्तो कहिले देखा पर्ने स्वभाव भएको आत्मा ह्वैन । आत्मा ता उत्पत्ति नाश नभएको, नित्य एकैरूपले रहने वाला छ ।

आनन्दमयकोश [illegible] रहने

पुण्यको भोग समाप्ति भए पछि निद्रारूपले लीन हुने, आत्मा ह्वैन। कहिले हुने कहिलें लीन हुने, यस्तो नाशोत्पत्तिवाला आत्मा हुँदैन। सदा आनन्दरूप जो चैतन्य बिम्ब छ त्यै आत्मा हो, आफु हो।

प्रश्न—ह्वैन ? अन्नमय आदि पाँच कोश आत्मा ह्वैन रहेछ, ठीक हो, ती पाँचकोश बाहेक अर्को आत्मामा अनुभव गरिदैन त दोस्रो भए जानिने थियो ?

उत्तर—बाढं-अँ सत्य हो। उक्त पाँच कोश जानिन्छन्, ती भिन्न दोस्रो जानिदैन ठीक हो। तर जस द्वारा ती पाँचकोश, यो अमुक यो अमुक भनेर जानिन्छन् त्यै आत्मा हो। स्वयम् अनुभवरूप अनुभव गराउने दोस्रो ह्वैन। जान्ने पनि उही ज्ञान पनि उहि, भएर न जानिएको हो, नभएर ह्वैन। त्यो सबै जान्दछ त्यसलाई जान्ने अर्को छैन। जानिएका र नजानिएका विषयदेखि भिन्न छ। बोधरूप छ। पञ्चदशीमा आचार्यले पहिल्यै भन्नुभएको छ, इयं संविदात्मा, यो ज्ञान आत्मा हो। ज्ञानै आत्मा हो भनेर, जसको कुनै प्रकारले पनि अनुभव हुँदैन भने मानिसको अनुहार भएका त्यस्ता माटाका डल्लालाई कसरि बुझाउनु।

यस्मिन्नस्मिनस्तिलोके बोधस्तत्तदुपेक्षणे।
यद्बोधमात्रं तद्ब्रह्मेत्येवं धीर्ब्रह्मनिश्चयः।

लोकमा घर हो, मानिस हो, पशु हो, भनेर र जुन पदार्थ जानिन्छ, यो पदार्थ हो भन्ने ज्ञान हुन्छ। घर आदि पदार्थ आत्मा ह्वैनन्, ती पदार्थलाई यो फलानु पदार्थ हो भनेर जान्ने चईं आत्मा हो। यसरि छुट्याएर ज्ञानमात्र ब्रह्म हो, घर, स्त्री पुत्रादि शरीर आत्मा ह्वैन भनेर निश्चय गर्नु नै ब्रह्म निश्चय गर्नु हो। जस्तै हामी, यो मेरो पुत्र, यो मेरी स्त्री, यी मेरो माता, पिता हुन्, यो अर्कों हो, अर्काको हो भन्ने जान्दछौं, त्यस्तै पशुहरू पनि यो मेरो वाछो वा पाड़ो, घर, मालिक इत्यादि आफ्नु र अर्काको भन्ने जान्दछन्, पशुमा रहेको ज्ञान र मनुष्यमा रहेको ज्ञान एक हो, त्यै ज्ञान ब्रह्म हो। यसैले सबै प्राणीमा व्यापक रूपले आत्मा रहेको छ भनेर शास्त्रले प्रतिपादन गरेको हो। समग्र प्राणी आत्मा या विष्णु बस्ने नौ इन्द्रिय ढोका हड्डीरूपी खम्बाले बनेका घर हुन्, विष्णुका मूर्ति हुन्। अतएव कुनै प्राणीहरूलाई लात्तले नहिर्काउनु न नाघ्नु। उनीहरूको घास पानी दिएर सेवा गर्दा विष्णुका मूर्ति सझेर सेवा गर्नु पर्दछ। सम्पूर्णमा समभाव राख्नुनै भक्ति या भजन हो।

सतां हृदयगामिन्या रूढया शशिशीतया, मैत्र्या माधुर्यधर्मिण्याहृत्यमात्मानमर्चयेत् ॥ उपेक्षया करुणया सदा मुदितया हृदि, शुद्धया शक्ति पद्धत्या हृत्यमात्मानमर्चयेत् ॥—योग वाशिष्ठ

सबैमा रहेका आत्माको पूजा गर्दा, सज्जनहरूले मनपराउने, प्रतिदिन वृद्धि हुँदै जाने चन्द्रमा समान शीतल, मधुर राम्रो मित्रताले हृदयमा बसेका आत्माको पूजा गरोस । पापीमा उपेक्षाले, दुःखीमा दयाले, आफ्ना हृदय सदा हर्षले, शुद्ध अरूलाई पीर पिराउन पर्ने व्यवहारले, ज्ञान द्वारा आत्माको पूजा गरोस । यो उक्तिबाट सम्पूर्ण राम्रो व्यवहार गर्नु नै पूजा रहेछ भन्ने बुझिन्छ ।

सतां हृदयगामिन्या रूडया शशिशीतया. मैत्र्या माधुर्यधर्सिण्या हृत्थमा न मर्चयेत् ।। उपेक्षया करूणया सदा मुदितया हृदि, शुद्धया शवित पद्धत्या हृत्मात्मान मर्चयेत् ।।--योग बाशिष्ठ

ऋषभदेव पुत्रहरूलाई भन्नुहुन्छ । हे पुत्र हो ? शुद्ध, पवित्र, बुद्धि भएका तिमीहरूले चर अचर, जगत् मेरा विष्णुका मूर्ति हुन् भनेर पाइलै पिछे, संझनु नै मेरो पूजा गरेको हो । यसबाट पनि समभाव राख्नु नै पूजा या भक्ति रहेछ भन्ने बोध हुन्छ । भेददर्शी भक्ति हुँदैन । देवतामा, भक्तमा भेद गर्ने मानिस भक्त हुँदैन ।

अन्योऽसावन्योऽ मस्मीति न स वेद यथा पशुः–उपनिषद् । यो अर्को, म हूं यस्तो भेद गर्ने मूर्ख हो, त्यो क्यै जान्दैन । यस्तो पशु, त्यस्तै हो । यो उक्ति अर्कोबाट पनि भेद देख्नु भक्ति ह्वैन भन्ने बोध हुन्छ । शारीरिक शुद्धाशुद्धमा भेदभाव राख्न सकिन्छ । पाञ्च भौतिक शरीरमा र त्यसमा रहेका ज्ञानरूपी आत्मामा भेद छैन । शास्त्रले यै कुरा प्रतिपादन गरेको छ । अतः शास्त्रबमोजिम सत् व्यवहार गर्नु नै भक्ति, भजन, पूजा गर्नु हो, शास्त्र विरूद्ध व्यवहार गर्नु भगवानको द्वेष गर्नु हो । शास्त्र कानून हुन्, भगवानका ऐन हुन् । भेद न गर्नु, सबैमा समभाव राख्नु, गुरू, माता, पिता आदि मान्यजनको सेवा गर्नु, हिंसा आदि कुत्सित व्यवहार नगर्नु भगवानको हो । त्यसको विपरीत चल्नु रीस गर्नु हो ।

माथि चित्का ४ भेद कहियो, अब अरू भेद पनि देखाइन्छ ।

जस्तै—माया उपाधि भएको 'ब्रह्म ईश्वर' कहिन्छ । अविधा उपाधि भएको 'जीब, प्राज्ञ कहिन्छ । लिङ्ग शरीराभिमानी :—लिङ्ग शरीरलाई मं भन्ने 'ईश्वर' हिरण्य गर्भ, भनिन्छ । लिङ्ग शरीराभिमानी 'प्राज्ञ' तैजस कहिन्छ । ब्रह्माण्ड रूप समष्टि स्थूलशरीराभिमानी हिरण्यगर्भ, वैश्वानर कहिन्छ । देव, मनुष्य, पशु, कीटादि रूप स्थूलशरीराभिमानी तैजस 'विश्व' भन्ने कहिन्छ । त्यस्तैन्चेतन, अन्तर्यामी, सूत्रात्मा, विराट् यी मख ४ भेद छन् । जस्तै स्वयं चेतन, मायामा परेको चेतनको प्रतितिम्ब 'अन्तर्यामी' कहिन्छ । सूक्ष्म शरीराभिमानी चेतन सूत्रात्मा कहिन्छ । स्थूलशरीराभिमानी चेतन विराट् कहिन्छ ।

चेतन ब्रह्मका चारपाउ--चेतन ब्रह्मका चारपाउ हुन्छन् । जडप्रकृतिलाई पनि ब्रह्म शब्दले कहन्छ, यसैले यहाँ, ब्रह्ममा चेतन विशेषण दिएर चेतन ब्रह्म भनेको हो ।

जाग्रत् अवस्थामा बाहिरीया शब्दादि विषय या स्त्री, पुत्र, पशु, खेती आदि विषय पटी फर्केर ती उक्त विषय भोग गर्ने आत्मा जो छ, त्यँ स्थूलशरीराभिमानी वैश्वानर प्रथम पाउ हो । दश चक्षुः आदि इन्द्रिय, प्राण, अपान, समान, उदान, व्यान, पांच प्राण वायु, मन, बुद्धि, अहङ्कार, चित्त यी इन्द्रियादि १९ वैश्वानरका मुख हुन् । यैनै द्वारा विषय भोग्दछ । त्यो बैश्वानरको 'द्युलोक शिर, सूर्य आंखा, वायु आत्मा, आकाश शरीर, वस्तिमा रहेको जल, वस्ति पृथिवी पाउ, अग्नि, मुख' यी सप्त अङ्ग हुन् भने र कल्पना गरिएको छ । इन्द्रियद्वारा विषय भोग गर्ने हुनाले, इन्द्रियहरू मुखमा परिणत गरिए ।

स्वप्नावस्थाको अन्तर्मुखी बुद्धिवाळा तिनै इन्द्रिय आदि १९ मुख, तिनै उक्त सप्त अङ्ग भएको जाग्रत् अवस्थामा भोग गरेका स्थूल विषयहरूको संस्कारमात्र भोग गर्ने त्यै उक्त प्रथम पाउ वैश्वानर 'तैजस' कहिन्छ त्यो दोस्रो पाउ हो ।

शयन गरेको समयमा, जब स्वप्ना पनि देख्तैन, जाग्रत् र स्वप्न अवस्थामा देखेका, सुनेका, अनुभव गरेका कुनै विषयहरू संझदैन, अन्धकारले ढाकिदा कुनै दिशाहरूको बोध नभए झैं, कुनै विषय न संझेर घनिष्ठ महान् आनन्दभोग गर्ने केवल चित्त मात्र मुख भएको 'प्राज्ञ' तेस्रो पाउ हो । स्वप्न, जाग्रत्, सुसुप्ति अवस्थाका उपर चित्त द्वार हुनाले मुखमा परिणत गरियो ।

नान्तः प्रज्ञं नबहि प्रज्ञं नोभयतः प्रज्ञं नप्रज्ञान घनं नप्रज्ञं नाप्राज्ञम् । अदृश्यं, अव्यवहार्यं, अलक्षणं, अचिन्त्यं, अव्यदेश्यं प्रपञ्चोपशमं, शिवं शान्तं, अद्वैतम् चतुर्थमन्यन्ते । विश्व, तैजस, प्राज्ञदेखि भिन्न, इन्द्रियको विषय न भएको स्वप्नादि अवस्थाले हीन, शिव, शान्तलाई चतुर्थ पाउ मान्दछन्, त्यो आत्मा हो त्यो जान्नु पर्दछ ।

विश्व र वैश्वानर एउटै हो । स्थूल विषय भोग गर्ने स्थूल शरीराभिमानी वैश्वानर, विषयवासना भोगगर्ने, लिङ्ग शरीराभिमानी, तैजस, आनन्दमात्र भोगगर्ने प्राज्ञ कहिन्छ । उक्त कुनै अवस्था र विषयले हीन भएको आत्मा हो, जो स्थूल विषय भोगगर्ने विश्व वा वैश्वानर हो त्यै तैजस हो । जो तैजस छ त्यै प्राज्ञ हो । जो प्राज्ञ छ त्यै आत्मा हो । यो कुरा हामीहरूको अनुभव सिद्ध छ । जस्तै हामी भन्छौं, मं जागा भएँ, मैले स्वप्ना देखें, मैले थाहा पाइन इत्यादि । 'तत्वमसि' इत्यादि वेद वाक्यले प्रतिपादन गरिएको आत्मा अदृश्य छ, द्रष्टा

छ । तयसैलाई जान्नु पर्दछ । 'तत्त्वमसि' तत् :––त्यो आत्मा, त्वं:––तँ, असि:– होस । असि शब्द तत् र त्वं पद वाच्य वस्तुको संयोजक हो । जस्तै त्वं पदको अर्थ

आलम्बनतया भाति योऽस्मत्प्रत्यय शब्दयोः ।
अन्तःकरणसंभिन्नो बोधः सत्वं पदाभिधः । पञ्च. तृ. प्र.

अस्मत् शब्दका 'म' भन्ने ज्ञानको र अस्मत् शब्दको आधार, बुद्धि उपाधि भएको जो ज्ञान छ त्वं पद वाच्य त्यै ज्ञान हो । ज्ञान नै आत्मा हो । ज्ञान आत्मा हो भन्ने कुरा माथि कहि सकेको छ ।

समष्टि ईश्वर––समष्टि :––सम्पूर्ण । जब ब्रह्म, मायाको समष्टिरूप उपाधिले आच्छादित हुन्छ, अनि ईश्वर, अथवा सगुण ब्रह्म कहलाउँछ । जस्तै विष्णु, शिव इत्यादि । अर्थात् नाम, रूप उपाधिले भिन्नाभिन्नै प्रतीति भएको ब्रह्मादि स्थावर पर्यन्त, दृश्यमान जगत् ब्रह्मको सगुण रूप हो । प्रत्येक शरीरमा रहेको जीव मैहुं, मेरै रूप हो, यस्तो ज्ञान ईश्वरमा हुनाले ईश्वर समष्टि कहिन्छ ।

व्यष्टि जीव—व्यष्टि :—भिन्नाभिन्नै । जन्मजन्मान्तरको रागद्वेषादिबाट पैदा भएको संस्कार (वासना) ले मन, बुद्धिलाई परमार्थरूप भएको, आफू परमार्थ ब्रह्म रूप बिर्सेको अन्तःकरणरूपी उपाधिले ढाकिएको ब्रह्म नै जीव कहलाउछ । मायाका सुकुमार, सौन्दर्य आदि गुणमा भुलेर, मं ब्रह्म हूं, जीव मेरै रूप हो, सर्वत्र प्राणीमा रहेको जीव मैहूं यो ज्ञान जीबमा नहुनाले 'जीव, व्यष्टि कहिन्छ । अर्थात् भेद देख्नु व्यष्टि हो ।

समष्टि र व्यष्टि माया—माया :––मा (ब्रह्म) याति मेरो आधार गरेर रहन्छे, यस अर्थमा माया शब्द बन्यो । माया मिथ्या हो, मिथ्या वस्तु सत्य विना रहन सक्तैन । अतः ब्रह्म सत्य हो, ब्रह्म विना माया रहन सक्तैन । ब्रह्मको आधार गरेर मात्र रहने हुनाले माया भनेको हो ।

माया, अविद्या, अज्ञान यी पर्याय वाचक शब्द हुन् सबैको एकै अर्थ हो । मायाका २ भेद छन् । समष्टि र व्यष्टि । जस्तै वन, भन्दा सबै वृक्षहरू लिइन्छ । सबै वृक्षहरूलाई बुझाउने हुनाले 'वन' शब्द समष्टि भनिन्छ । वृक्ष या आम्रवृक्ष भन्दा, वृक्षले प्रत्येकलाई बुझाउने हुँदा वृक्ष, व्यष्टि कहिन्छ । त्यस्तै मायाको सम्पूर्ण कार्य वर्ग दृश्यादृश्य जगत् समष्टि कहिन्छ । मायाको कार्य भिन्नाभिन्नै महत्त्व, अहङ्कार, मन, पाँच कर्मेन्द्रिय, पांच ज्ञानेन्द्रिय, पञ्च तन्मात्रा, पञ्च महाभूत, व्यष्टि भनिन्छ ।

माया सत् पनि ह्वैन, असत् पनि ह्वैन । सत् भनो त, नाश हुने थिएन, नाश हुन्छ । असत् भनो त भने प्रतीति हुन्छ । असत् भए, देखिने थिएन, ज्ञान विरोध

छ। ज्ञानोदय भए पछि नाश हुन्छ। यसैले माया अनिर्वचनीय छ। सांख्यकी प्रकृति बमोजिम, त्रिगुणात्मक छ, भावरूपछ।

मायाको वयँ विशेषता–माया—प्रकृति। सांख्यले प्रकृतिलाई त्रिगुणात्मक जड मानेको छ। त्यस्तै वेदान्तले पनि जड त्रिगुणात्मक नै मानेको छ। साँख्यकी प्रकृति, अविनाशिनी हुनाले, सांख्यले प्रकृति र कार्यलाई सत् मान्दछ। किन्तु अद्वैत वेदान्तले मायालाई, अस्वतन्त्र मानेको हुनाले मत् मान्दैन। आफ्नू अस्तित्वका निमित्त माया ईश्वरको आधार गर्छे माया ब्रह्मकी शक्ति हो। मायाको आधार ब्रह्म हो। ब्रह्म बिना रहन सक्दैन। ब्रह्म र मायाको तादात्म्य सम्बन्ध छ। मायाका २ शक्ति छन्। आवरण शक्ति र विक्षेप शक्ति। आवरण शक्तिले ब्रह्मको यथार्थ रूपलाई ढाकिदिन्छे। जस्तै, ईश्वर छैन, भए देखिने थियो, जानिने थियो, यस्तो जो भनिन्छ, त्यो आवरण शक्तिको रूप हो। विक्षेप–फ्याक्नू। अथवा भ्रम पैदागर्नु। 'अहमेको बहु स्याम्' म एउटा छु धेरै हुँ, यस्तो भ्रम पैदा गर्छे। अध्यास पनि उत्पन्न गर्छे। अतस्मिन् तद्बुद्धिरध्यासः,—त्यो न भए-कामा त्यो बुद्धि हुनु अध्यास भनिन्छ। डोरीमा सर्प छैन, ब्रह्ममा जगत् छैन। डोरीमा सर्पको भ्रम भएझैं, ब्रह्ममा जगत्को भ्रम पैदागर्छे। सर्प न भएका रज्जुमा सर्पबुद्धि र जगत् न भएका ब्रह्ममा जगत् बुद्धि, यस्तो अध्यास पनि माया नै पैदा गर्छे। साच्चैनै डोरीमा सर्प छैन, ब्रह्ममा जगत् छैन। जगत् मूर्त–काठिन्य द्रव्य हो, अवयवी हो। ब्रह्म अमूर्त निरवयव छ। अमूर्त, निरवयवको मूर्त सावयव-का साथ संयोग हुँदैन। यसैले ब्रह्म जगत् भिन्न छ।

तस्यैव नामादि विशेषरूपैरिदं जगद्भाति महानुभाव ?
निर्दिश्य सम्यक्प्रवदन्ति वेदास्तद्विश्ववैरूप्य मुदाहरन्ति।

सनत्सु-जातीय दर्शन

सनत्सुजात भन्दछन्, हे धृतराष्ट्र ? त्यो ब्रह्मकै आधारमा यो जगत् नामरूप आदि विशेषरूपले प्रकाश हुन्छ। वेदहरू पनि जगत्लाई मायामय निर्देश गरेर, राम्रा प्रकारले प्रतिपादन गर्छन्, ब्रह्म जगत्संग मिल्दैन, भिन्न छ भनेर उदाहरण दिन्छन्। यो स्मृतिबाट पनि ब्रह्म जगत् भिन्न छ, नामरूप उपाधि द्वारा ब्रह्ममा जगत्को भ्रान्ति हुन्छ भन्ने बोध हुन्छ।

वेदान्तमा लिङ्ग शरीर

बुद्धिकर्मेन्द्रियप्राण पञ्चकैर्मनसा धिया।
शरीरं सप्तदशभिर्लिङ्गं तत्सूक्ष्ममुच्यते। पञ्चदशी

वेदान्तले, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच प्राण वायु, मन, बुद्धि यो

१७ ओटाको लिङ्ग शरीर मानेको छ। यसैको अर्को नाम सूक्ष्म शरीर, भनिन्छ।

सांख्यमा लिग शरीर

सांख्यले १८ ओटाको लिग शरीर मानेको छ। गीतामा 'मनः षष्ठानीन्द्रियाणी' मन छैटो भएका इन्द्रियहरू भनेको हुनाले 'वेदान्त' ले मनलाई इन्द्रिय मान्दैन। सांख्य भने, कर्मेन्द्रिय पटिलाग्दा 'मन' कर्मेन्द्रिय जस्तै, ज्ञानेन्द्रिय पटिलाग्दा ज्ञानेन्द्रिय जस्तै हुन्छ अतः मन इन्द्रिय हो भन्द छ। यसैले एघार इन्द्रिय, बुद्धि, अहङ्कार, पञ्चतन्मात्रा यी १८ को लिग शरीर मानेको छ।

गीतामा लिग शरीर

'मनः षष्ठानीन्द्रियाणि' भनेको हुनाले, पाँच ज्ञानेन्द्रिय, मन, चेतन यी सातको गीताले लिग शरीर मानेको छ। वेदान्त परिभाषाले, एउटै अन्तःकरणको भिन्न-भिन्न काम गर्ने हुँदा, मन, बुद्धि, अहङ्, कार भन्ने काम अनुसार नाम राखेको।

प्रश्न—जीबितै शरीरमा ता पाउ आदि कर्मेन्द्रिय विकल भए भने तिनीद्वारा कर्म गरिदैन, अतः ती नाश हुन्छन्। त्यस्तै चक्षुः आदि ज्ञानेन्द्रिय पनि बैरा, अन्धा आदि हुँदा, तिनीबाट आफ्नू काम न हुँदा ती पनि लिङ्ग शरीरमा रहदैनन्, नाश हुन्छन् अब कसरि १७ ओटा १८ ओटा ६ ओटाको वेदान्त आदिका लिग शरोर मान्नु?

उत्तर—इन्द्रिहरू विकल भए पनि तिनीहरूको शक्ति रहिरहन्छ र मानिन्छ।

सांख्यमतमा कता भोक्ता लिग शरीर नै मानिन्छ। जन्म मरण त्यै गर्छ। यसमतमा चेतनको प्रतिबिम्ब जीबलाई कर्ता भोक्ता मानेको छ।

साख्य भन्छ, लिग शरीर नाश भए पछि मात्र पुरुष मुक्त हुन्छ। वेदान्त भने 'ज्ञान' भए पछि मुक्त हुन्छ भन्छ। वास्तवमा दुवैको अभिप्राय समान देखिन्छ।

सांख्यमतमा लिग शरीरको नाश

चेतन पुरुषका सन्तान छैनन्। प्रकृतिका सन्तान महत्तत्त्व आदि हुन्। यिनै महत्तत्व आदिले लिग शरीर बन्यो। प्रकृति जडका सन्तान जडै हुन्छन्। जड पदार्थ कुनै अवस्थामा पनि चेतन हुन सक्तैन। अविद्याले गर्दा प्रतिदिन जड बुद्धि आदि लाई आफू भनेर, मं जान्दछु मं देख्नु, मं सुन्छु, हिड्छु इत्यादि चेतन पुरुष भन्छ। अब प्रत्येक बुद्धि आदिलाई मं 'बुद्धि हुँन, मन हुँन, आखाँ,

कान आदि कुनै ह्वैन, मं चेतन ब्रह्म हूँ, भनेर विवेक द्वारा, बुद्धि आदिमा म र मेरो, भन्ने अभिमान नष्ट भए पछि, लिंग शरीर नाश भएको मानिन्छ। बुद्धि आदि कुनै म ह्वैन, अहं ब्रह्मास्मि, म चेतन ब्रह्म हूँ, यस्तो ज्ञान, चौबिसै घण्टा अहो रात्र, प्रतिदिन अविच्छिन्न भए पछि, पुरुष मुक्त भएको मानिन्छ।

वेदान्तमा अविद्याको नाश

वेदान्तमा पनि ज्ञान प्राप्त भए पछि उक्त प्रकारले मुक्त हुन्छ। यसैले सांख्य-को उक्तिसंग वेदान्तको उक्ति मिल्छ। जस्तै वेदान्तमा 'जगत् मिथ्या हो' ब्रह्म सत्य हो, अहं ब्रह्मास्मि, यो ज्ञानले जगत्देखि भिन्न ब्रह्म हुनु र बुद्धि आदिदेखि पुरुष भिन्न हुनु दुवैको मतमा समानता देखापर्छ।

ज्ञान या बुद्धि–ज्ञानार्थक बुध् धातु देखि जान्नु अर्थमा 'बुद्धि शब्द' बन्दछ। बुद्धि, ज्ञान, संवित्, चेतना, यी पर्यायवाचक शब्द हुन्। सबैको एउटै अर्थ हो। चेतनले जान्दछ, जडले जान्दैन। जान्नेलाई ज्ञान भनिन्छ। बुद्धिर्ज्ञानम्–बुधि ज्ञान हो। अमरवाणाले यै कुरा भनेको छ। जस्तै —

बुद्धिर्मनीषा धिषणा धीः प्रज्ञा शेमुषी मतिः।
प्रेक्षोपलब्धिश्चित्सम्वित् प्रतिपद्ज्ञप्ति चेतना।

यसबाट बुद्धि ज्ञान हो भन्ने बोध हुन्छ।

चिदाभासान्तधीवृत्तिर्ज्ञानं लोहान्त कुन्तवत्। पञ्च तृ. प्र.

फलामभित्र भाला घूसेझैं, चिदाभासभित्र घुसेको तत् तत् पदार्थको आकार भएको बुद्धि वृत्ति 'ज्ञान' भन्ने कहिन्छ। जस्तै कुनै ठाउंमा बसेर घर संझ्यो भने, जस्तो घर छ त्यस्तै बुद्धि हुन्छ। घर जस्तै बुद्धि हुनु वृत्ति हो। वाक्, सरस्वती, विद्या, वाणी आदि शब्द पनि ज्ञानवाचक हुन्। जान्ने ज्ञान, जड जान्दैन।

दुःख निवृत्ति, सुख प्राप्ति यी दुवै इच्छा नगर्ने विद्वानका निमित्त, ज्ञान-योग, दुःख निवृत्ति, सुख प्राप्ति इच्छा गर्ने देहात्मवादीका निमित्त, कर्म योग, वेदले बताएको छ।

दुःख निवृत्ति, सुखप्राप्ति दुवै इच्छा नगरि केवल अन्तःकरण शुद्धिका निमित्त या लोक संग्रहका निमित्त मात्र जो कर्म गरिन्छ त्यै बुद्धि योग या ज्ञान योग भनिन्छ। त्यै सांख्य ज्ञान भनिन्छ। त्यै सन्यास कहिन्छ।

सन्यास–देह, इन्द्रियहरूले गरेको काममा, मैले गरेको भनेर कर्तापन नराख्नु र घर, स्त्री पुत्रादिमा मेरो भन्ने ममता नराख्नु सन्यास कहिन्छ। त्यसैको अर्को नाम सांख्य हो।

सांख्य बुद्धि वा सांख्य ज्ञान—सांख्य बुद्धि या सांख्य ज्ञान दोटैको एक अर्थ मानिन्छ। माथि पहिलेनै बताएबमोजिम, आत्माको परमार्थ निरूपण गर्नु सांख्य कहिन्छ । जस्तै आत्मा अकर्ता अभोक्ता छ, जन्म, मरण, सुख, दुःख, राग, द्वेष अविकारले शून्य भएको छ, यस्तो जान्ने जो बुद्धि छ, त्यस्तो बुद्धि सांख्य बुद्धि कहिन्छ । सांख्य बुद्धिवाला विद्वान् सन्यासी भनिन्छन् सांख्य विषय भएको बुद्धि सांख्य बुद्धि कहिन्छ । टुप्पी काटेर, जनै फ्याँकेर, पीताम्बर पैह्रेर, झोली, तुम्बी धारण गर्ने जो देह छ, त्यस्तो देह धारण गर्ने विद्वान्लाई पनि सन्यासी भन्ने चलन छ ।

योग बुद्धि—'तत्त्वमसि' यो महावाक्यको विचारबाट तत्त्वज्ञान हुनु भन्दा पहिले, आत्मा देहादिदेखि भिन्न छ, कर्ता, भोक्ता, आत्मा हो । यो कर्तव्य, यो अकर्तव्य, यो धर्म, यो अधर्म हो, यस्तो विवेक गर्ने जो मार्ग छ, मुक्ति हुने साधनहरूको अनुष्ठान गर्नाका निमित्त यत्न गर्ने जसको स्वरूप छ, त्यो मार्ग योग कहलाउंछ । योग विषय भएको बुद्धि, योग बुद्धि कहिन्छ । योग बुद्धि वाला पुरुष योगी कहिन्छ । जो कर्मको अधिकारी छ, त्यो योगी भनिन्छ ।

भक्तियोग

भज सेवायाम्। सेवार्थक भज् धातुबाट सेवा गर्नु अर्थमा भक्ति र भजन शब्द बनिन्छन् । युजिर्योगे धातुबाट, संयोग हुनु अर्थमा योग शब्द बन्दछ । योग शब्द विशेष्य, भक्ति आदि शब्द विशेषण हुन्छन् । जस्तै भक्तियोग, ज्ञानयोग इत्यादि । भक्ति मार्गमा संयोग हुनु या लाग्नु भक्तियोग, ज्ञानमार्गमा लाग्नु ज्ञानयोग, ध्यानमा लाग्नु ध्यानयोग इत्यादि हुन्छ । त्यस्तै भक्ति मार्गमा लाग्ने भक्तियोगी, ध्यान गर्ने ध्यानयोगी इत्यादि हुन्छ । भक्ति र भजनको अर्थ सेवा गर्नु हो । निर्गुण अतएव इन्द्रियले प्रत्यक्ष नहुने हुनाले निर्गुण ब्रह्म, सेव्य हुँदैन, सगुण ब्रह्म सेव्य हुन्छ । बाह्रौं अध्याय गी. दो. श्लोकमा भगवान्ले भन्नु भएकोछ; हे अर्जुन ? अव्यक्त ब्रह्म प्राप्त गर्न कठोर छ, यसैले ज्यादै श्रद्धा गरेर विराट् रूपवाला ममा, नित्य मन लगाएर जो उपासना गर्दछन्, नीतिहरू मेरा मतमा श्रेष्ठ मानिन्छन् । यसबाट विराट रूपको उपासना गर्नु नै भक्ति या भजन रहेछ भन्ने ज्ञान हुन्छ फेरि 'समः सर्वेषु भूतेषु मद्भक्ति लभते :पराम् । यो गीतोक्तिबाट पनि सम दृष्टि या सबै प्राणीमा समभाव राख्नु भक्ति रहेछ भन्ने बुझिन्छ ।

विद्या विनय सम्पन्ने ब्राह्मणे गविहस्तिनि ।

शूनि चैव श्वपाके च पण्डिताः समदर्शिनः—गी० पा० अ० श्लो० १७

यसबाट [illegible] इत्यादि

स्थावरान्त विष्णुको विराट् (स्थूल) रूप हो भन्ने संझेर, प्राणीमात्रमा देह, वचन, मनले, दुःख पैदा नहुने व्यवहार गर्नु, सबैको भलाई गर्नु, कसैसंग द्रोह नगर्नु, सुखी र धनीमा मित्रता, दुःखीमा दया, पुण्यात्मामा हर्ष, पापीमा उपेक्षा, वृद्धमा मातृ पितृ भाव, समान वयस्कमा भगिनी भ्रातृभाव, आफु भन्दा सानामा पुत्र पुत्री भाव राख्नु, हाम्रा घरमा पालेका पशुहरूलाई, विष्णुका चैतन्य मूर्ति संझेर, नैवेद्य रूपले घांस, पानी दिनु ग्वालीलाई विष्णुको मन्दिर जानेर आफ्ना हातले सफा गर्नु, विष्णुका मूर्ति संझेर कसैलाई लात्तले नहिर्काउनु, माता, पिता, गुरु, सासु-ससुरा, मान्य जन, अतिथिहरूको विष्णु रूपले सेवा गर्नु, सबैका हृदयमा रहेको ज्ञानरूपी आत्मा मैं हूँ, भिन्न ह्वैन यस्तो समदृष्टि राख्नु, शास्त्रले भने वमोजिम व्यवहार गर्नु भक्ति या भजन कहिन्छ। नामोच्चारण भक्ति भजन, ह्वैन कीर्तन हो। शास्त्र विधान वमोजिम स्वधर्ममा चल्नु, भजन या भक्ति हो

अहङ्कारं बलं बर्पं कामं क्रोधं च संश्रिताः।
मामात्म परदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः। गी०अ०१६ श्लो १८

अहंकार, बल, सेखी, काम, क्रोधहरूको आश्रय गरेर, आफ्ना र अरूका शरीरमा रहेका मलाई रीस गर्नेहरूलाई नीचयोनिमा फालि दिन्छु। यो भगवान्ले भन्नु भएको छ। यसबाट उक्त नराम्रो व्यवहार गर्दा भगवान्को दोष गरेको ठहर्ने रहेछ, शास्त्र वमोजिम चल्दा रीष नगरेको, प्रेम या भक्ति गरेको हुने रहेछ भन्ने बुझिन्छ। यसैले दैवी सम्पत्तिमा चल्नु भगवान्मा प्रेम या भक्ति गर्नु हो। आसुरी सम्पत्तिमा चल्नु, भगवान्मा रीष गरेको, प्रेम या भक्ति न गरेको हुन्छ।

वेदान्तको अधिकारी

यस जन्ममा वा जन्मान्तरमा काम्य र निषिद्ध कर्म छोडेर, नित्य, नैमित्तिक आदि नियत कर्महरूको अनुष्ठान द्वारा अन्तःकरणको मैला सम्पूर्ण हटेर, ज्यादै पवित्र अन्तःकरण भएको, चार साधनले सम्पन्न भएको पुरुष मात्र वेदान्त (ब्रह्म विद्या) को अधिकारी हुन्छ।···वेदान्त सार

साधन चतुष्टय-–नित्यानित्यवस्तु विवेकः, इहामुत्रफल भोग विरागः, समाधि सम्पत्तिः, मुमुक्षुत्वम्। वे० सा०

(१) नित्यानित्य वस्तु विवेकः–ब्रह्म नित्य छ, ब्रह्मभिन्न समग्र जगत् अनित्य।

(२) इहामुत्र फल भोगविरागः–यो मनुष्य लोकमा भएका माला, चन्दन, अन्न, स्त्री, पुत्रादि विषय भोग्यहरू काम द्वारा जम्मा गरिएका हुनाले जस्तो नाश हुने वाला छन। त्यस्तै परलोकका स्वर्ग, अमृत, अप्सरा आदि विषय

भोग पनि राम्रो व्यवहार, राम्रो काम, पुण्य कर्म द्वारा प्राप्त हुने हुनाले नाशवान्-छन् भन्ने बुझेर तिनीहरूबाट वैराग्य हुनु ! अर्थात् स्वर्गादिको इच्छा नगर्नु ।

(३) क्षमादि सम्पत्ति–शमदमोपरतितितिक्षासमाधान श्रद्धाख्याः ।

शमः–श्रवण, मनन आदिदेखि भिन्न विषयबाट मन हटाउनु ।

दमः–श्रवण आदि भिन्न विषयबाट बाहिरिया चक्षुः आदि इन्द्रियहरू हटाउनु ।

उपरतिः–हटेका बाह्य श्रोत्रादि इन्द्रियहरूलाई श्रवणादि भिन्न विषयबाट हटाउनु ।

तितिक्षा–ठण्डा, गर्मी आदि द्वन्द्व (जोडी) सहन सक्ने शील या स्वभाव हुनु ।

समाधानम्–विषयबाट फर्काएका मनलाई, श्रवण आदिमा र श्रवण आदि कै समर्थन गर्ने विषयमा लगाउनु ।

श्रद्धा––गुरु वाक्य, आप्तवाक्य, वेदान्त वाक्यमा विश्वास (पत्यार) हुनु श्रद्धा

श्रवणादि र श्रवण प्रति ६ प्रमाण

श्रवणं, मननम्, निदिध्यासनम् । वेदान्तसार

(१) श्रवणम्––षड्विधलिङ्गै रशेषवेदान्तानामद्वितोयवस्तुनि तात्पर्यावधारणं श्रवणम् । छ प्रकारका प्रमाण नै सम्पूर्ण वेदान्तको अद्वितोय वस्तु (ब्रह्म) मा तात्पर्य धारण गर्नु । षड्विध लिङ्गानि––उपक्रमोपसंहाराभ्यासापूर्वताफलार्थवादोपपत्त्याख्यानि ।

(२) उपक्रमोपसंहार––प्रकरणमा प्रतिपादन गरिएका वस्तुको, प्रकरणका आदिमा र अन्त्यमा प्रतिपादन गर्नु । जस्तै भागवतमा आदिपटि प्रतिपादन गरिएका कथाहरूको, अन्त्यका द्वादश स्कन्दमा, फेरी संक्षेपले प्रतिपादन गरेको छ ।

अभ्यास—प्रकरणमा प्रतिपादन गरिएका पदार्थको पुनःपुनः प्रतिपादन गर्नु । जस्तै गीतामा, नैनं छिन्दन्ति शस्त्राणि, इत्यादि भनेर, अछेद्यो इत्यादि भनेको छ ।

(३) अपूर्वता––प्रकरणमा प्रतिपादन गरेका वस्तुको, वेद बाहेक अरू शास्त्रले प्रमाणित गरेको विषयमा पत्यार नगर्नु ।

(४) फल––प्रकरणमा प्रतिपादन गरिएका, आत्म ज्ञानका अनुष्ठानको, विद्वान्हरूबाट त्यो ठाउमा श्रवण गर्नुको प्रयोजन फल भनिन्छ ।

जस्तै––आचार्यवान् पुरुषो वेद तस्य तावदेव चिरं यावन्न मोक्षेऽयं संपत्स्ये, इति ।

आचार्यबाट पुरुष आत्मा जान्दछ तर त्यसको त्यतिञ्जेल विलम्ब हुन्छ। जब सम्म प्रारब्ध कर्म समाप्त हुँदैन तब सम्म मुक्त हुन्न, प्रारब्ध कर्म समाप्त भए मुक्त हुनेछु भन्ने जान्दछ।

(५) प्रकरणमा प्रतिपादन गरिएका वस्तुको बारम्बार प्रशंसा गर्नु। जस्तै, एकमेवा द्वितीयमासीन, सर्वमिदं ब्रह्म ब्रह्मवेदं सर्वम्, नान्योऽस्ति द्रष्टुं, इत्यादि।

(६) उपपत्तिः—प्रकरणमा प्रतिपादन गरिएका आत्मवस्तुको यथार्थ ज्ञानका निमित्त त्यहाँ त्यहाँ सज्जनबाट श्रवण गरिएका युक्तिहरू उपपत्ति कहिन्छ।

(७) मननम्ः—मनन् त्यहाँ सुनिएका आत्मज्ञानको सहकारी भएका युक्तिहरूले बारम्बार आत्माको चिन्तन गर्नु मनन भनिन्छ।

(८) निदिध्यासनम्—निदिध्यासन देहादिदेखि भिन्न भएका अद्वितीय वस्तु (ब्रह्म) को सजातीय (उस्तै) ज्ञानको प्रवाह चलिरहनु अर्थात् लगातार अविच्छिन्न आत्म चिन्तनगर्नु, निदिध्यासन उक्तसाधन सम्पन्न पुरुष वेदान्तको अधिकारी या पात्र भनिन्छ।

अरू अरू पनि ज्ञानप्राप्तिका साधनहरू शास्त्रले प्रतिपादन गरिएका छन्। जस्तै पातञ्जलयोगसूत्र

मैत्रीकरूणोपक्षाणां सुखदुःखपुण्यापुण्यविषयाणां भवनातश्चित्तप्रसाधनम्।

धनी सुखीमा मित्रता, दुःखीमा दया, पुण्यात्मामा प्रेम, पापीमा उपेक्षा, गर्नाले मन सदा प्रसन्न रहन्छ।

यमा;—अहिंसासत्यास्त्येयब्रह्मचर्यापरिग्रहा यमाः।

(१) अहिंसा—कुनै समयमा कुनैप्रकारले, शरीर, मन, वचनले प्राणीहरू-सँग द्रोह नगर्नु, उनीहरूलाई दुःख हुने काम नगर्नु अहिंसा कहिन्छ।

(२) सत्य—मुखले जस्तो बोलिन्छ, मनमा त्यस्तै हुनु, मनमा जस्तो छ, मुखले त्यस्तै बोल्नु, जस्तो देखेको छ, जस्तो सुनेकोछ, जस्तो अनुभव गरेको छ, यस्तै बोल्नु सत्य कहिन्छ। दोस्रा पुरुषलाई बुझाउन प्रयोग गरिएको जो वचन छ, त्यो वचनले बुझाइएको मानिस भ्रममा नपरोस। अर्थात् त्यो सुनेको वचन-बाट न ठगियोस, हो कि हैन भनेर भ्रान्ति न होस, कसैको हिंसा नहोस; त्यस्तो वचन सत्य भनिन्छ। सत्यको विरोधि असत्यले भविष्यमा दुःख हुनेछ। युधि-ष्ठिरले अश्वत्थामा हात्ती मरेको हो भनेर सत्य भनेको थियो तापनि, त्यस वचनले द्रोणाचार्यको मृत्यु भएको हुनाले असत्य ठहरियो, त्यो असत्यले युधिष्ठिरले नरकको दर्शन गर्नु पर्‍यो।

(३) अस्तेय—न चोर्नु । अर्काको सम्पति, अरुले लगाएको फल फूल आदि अर्काको स्वत्व या मैले लगाएको मेरो भनिएको, कुनै चीज, धनी संग नमागि लिनु—चोर्नु भनिन्छ । त्यसरी नलिनु मागेरमात्र लिनुलाई न चोर्नु भनिन्छ ।

(४) ब्रह्मचर्य--गुप्त इन्द्रिय कब्जामा राख्नु ब्रह्मचर्य कहिन्छ ।

रात्रौ स्वस्त्री गमन ब्रह्मचर्यमेव, प्रश्नोपनिषद्मा भनिएको छ ।

(५) अपरिग्रह--सम्पत्ति जम्मा नगर्नु । अथवा घृणित दान न लिनु ।

जाति देश कालशमयावच्छिन्ना: सार्वभौमा महाव्रतम् ।

जाति, देश, काल, प्रतिज्ञाले भेदन भएका या न छुट्टिएका, अहिंसा आदि महाव्रत कहिन्छन् ।

(१) जस्तै—शास्त्रले यो जातिले, यो पशुमार्दा हिंसा हुँदैन भनेर विधान गरेको छ, यसैले जालद्वारा माछा मारेर जीविका गर्ने माझीलाई माछा मार्दा, शिकारमा राजाले र व्याधाले मृग मार्दा, जाति विहित हुनाले हिंसा हुँदैन । अर्थात् हिंसा हिंसा गरेको दोष लाग्दैन । यो जात्यवच्छिन्न हिंसा भयो ।

(२) देश--कसैले पवित्र तीर्थादिमा हिंसा गर्ने छैन, अन्यत्र गर्छु भनेर त्यै वमोजिम गरेको हुन्छ, यो देशावच्छिन्न (देश छुट्टिएको) हिंसा भयो ।

(३) काल—कसैले चतुर्दशी आदि पुण्य दिनमा हिंसा गर्ने छैन, अरू अरू दिनमा गर्नेछु भनेको हुन्छ र त्यस्सै गरेको हुन्छ । यो कालावच्छिन्न हिंसा भयो ।

(४) शमय--कसैले देवता र ब्राह्मणका निमित्त हिंसा गर्नेछु, अरूका निमित्त गर्ने छैन भनेर, प्रतिज्ञा (कवोल गरेको हुन्छ र भने वमोजिम गरेको हुन्छ, यो शमयावच्छिन्न भयो त्यस्तै कसैले, आफ्नू रक्षाका निमित्त झूटा बोल्छु, नत्र बोल्ने छैन भनेको हुन्छ । कसैले, अनिकालमा चोर्नेछु नत्र चोर्ने छैन भनेको हुन्छ । कसैले कुनै स्त्रीले स्वयं इच्छा गरेमा स्त्री संग संपर्क गर्नेछु नत्र गर्ने छैन भनेको हुन्छ । कसैले माता पिताको पालना गर्नका निमित्त दान लिनेछु नत्र लिने छैन भनेको हुन्छ र त्यसै गरेको हुन्छ । यो पनि शमयावच्छिन्न भए ।

यी उक्त वमोजिम नगरिएका, जाति आदि भेद नभएका, कुनै ठाउमा कुनै समयमा कुनै प्रकारले हिंसा गर्ने छैन, झूटा बोल्ने छैन, चोर्ने छैन, स्त्री संपर्क गर्ने छैन, दान लिने छैन, भनेर नगरिएका अहिंसा आदि, चक्रवर्त्ति महाव्रत कहलाउँछन् ।

हिंसा नगर्ने संग कसैले वैरभाव गर्दैन । सत्य बोल्नेले दिएको आशीर्वाद लाग्दछ । न चोर्नेका सार्थ समग्र रत्नहरू उपस्थित हुन्छन् । ब्रह्मचर्यमा रहने बलवान् हुन्छ । प्रतिग्रह लिने गरेको छैन भने, मेरो जन्म कस्ति भयो, म को हूं भन्ने आत्म विचार पैदा हुन्छ ।

नियमाः

शौच सन्तोष तपः स्वाध्यायेश्वर प्रणिधानानि नियमाः । यी नियम कहिन्छन् ।

(१) शौच--कति शुद्ध हुँदा पनि शुद्ध नहुने, आफ्नू शरीरलाई देखेर, अरूलाई पनि आफू जस्तै अशुद्ध छन् भन्ने संझेर, तिनीहरूसंग वसाउठा संपर्क नगर्नु शौच भनिन्छ ।

(२) सन्तोष गर्नालि महान् सुखको लाभ हुन्छ

(३) तप--तपस्या गर्नाले देह, इन्द्रिय, शुद्ध हुन्छन् अणिमा आदि अष्ट सिद्धि प्राप्त हुन्छन् । जस्तै अणिमा-सानु हुनु, महिमा-ठूलो हुनु, गरिमा-गरूका हुनु, लघिमा-हल्का हुनु, प्राप्ति जहाँ इच्छा हुन्छ उँहि तुरून्त उपस्थित हुनु टाढाको कुरा सुन्न देख्नु । तपस्याबाट हुन्छ । प्राकाम्य-देव मनुष्य पशु आदिको रूप धारण गर्न समर्थ हुनु । ईशित्व-जस्तो इच्छा हुन्छ त्यस्तै काम गर्न सक्नु, वशित्व-सबैलाई वशगर्नु ।

(४) स्वाध्याय--ओंकार, वेद, वेदाङ्ग पढनाले इष्टदेवताले दर्शन दिन्छन् ।

(५) ईश्वर प्रणिधान--आफूले गरेको शुभकर्म ईश्वरमा समर्पण गर्नाले, समाधि सिद्धि हुन्छ । सबै आश्रमका निमित्त बताएको, सबैको समान धर्म—

शौचमाचमनं स्नानं सन्ध्योपासनमार्जनम् ।
तीर्थ सेवा जपोऽपृश्या भक्षासंभाष्य वर्जनम् ।
सर्वाश्रम प्रयुक्तोऽयं नियमः कुलनन्दन ?
मद्भावः सर्वभूतेषु मनो वाक्काय संयमः ।
अस्मिल्लोके वर्तमानः स्वधर्मस्थोऽनघः शुचिः ।
ज्ञानं विशुद्धमाप्नोति मद्भक्ति वा यदृच्छया–भा० ए० स्क०

शुचि हुनु, आचमन, स्नान, सन्ध्या, सगुण ब्रह्मको उपासना, मार्जन, तीर्थको सेवा, जप यी शुभ कर्म गर्नु, अभक्ष्य नखानु, अशुद्धका साथ नबोल्नु, समग्र प्राणीमात्रमा विष्णुको भावना राख्नु, शरीर, मन, वचन कब्जामा राख्नु, हे उद्धव ? यी सबै आश्रममा रहेका मनुष्यका नियम हुन् । उक्त पद्यमा लोक शब्दले शरीरलाई बुझाउँछ । कृष्ण भन्नु हुन्छ, यो मनुष्य शरीरमा रहँदा रहँदै, शरीर पतन नभै, उक्त आश्रमोक्त धर्म गर्ने, ती कर्म द्वारा अन्तःकरणको मैला हटेको अतएव पवित्र भएको पुरुष, निर्मल ब्रह्मात्मैकस्वरूप ज्ञान पाउँछ, अथवा स्वतः मेरो भक्ति पाउँछ ।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च सिद्धिं विन्दति मानवः । गी०अ० १७

जसबाट भूतहरूको सृष्टि भयो, जसले जगत् ढाकिएको छ, त्यो ईश्वरलाई आफ्ना जातमा, आश्रममा शास्त्रले बताएका कर्मले पूजा गरेर मनुष्य ज्ञान पाउँछ। यी उक्त शास्त्रोक्त आआफ्ना जातमा बताएको कर्म गर्नु भगवान्को पूजा गर्नु शास्त्रबमोजिम चल्नु भक्ति हो

तृणादपि सुनीचेन तरोरपि सहिष्णुना।
अमानिना मानदेन पूजनीयो सदा हरिः।

तृण भन्दा पनि नम्रताले, वृक्षभन्दा पनि सहनशीलताले, आफूले मान नखोज्नुले, अरूको सन्मान गर्नुले, हरि भगवान् सदा पूजा गर्न योग्य हुनु हुन्छ।

सतां हृदयगामिन्या रूढया शशि शीतया।
मैत्र्या माधुर्य धर्मिण्या हृत्स्थमात्मानमर्चयेत्॥
उपेक्षया करूणया सदा मुदितया हृदि
शुद्धया शक्ति पद्धत्या हृत्स्थमात्मानमर्चयेत्॥ २ योग वासिष्ठ—

सज्जनलाई प्रियलाग्ने वृद्धि हुँदैजाने चन्द्र जस्तो ठण्डा मधुर (मीठो) स्वभाव भएका मित्रताले हृदयमा रहेका आत्माको पूजा गरून्। पापीमा उपेक्षा, दुःखीमा दया, सदा हृदयमा हर्ष, शुद्ध व्यवहारले सबैका हृदयमा रहेका आत्माको पूजा गरून्।

जस्तै गङ्गा, यमुना, सरस्वती, यी नदीहरूको नाममा मात्र भेद छ। सबै जल सबै प्रवाह एक हो नामले मात्र भेद देखिन्छ। त्यस्तै शिव विष्णु आदि देवतामा पनि नाममा मात्र भेद छ, जो शिव हो त्यो विष्णु, जो विष्णु त्यो शिव भेद छैन। यसैले देवतामा भेदगर्नु हुँदैन। भेदवाला भक्ति र भक्त ठहरिँदैन।

ज्ञानीले त्याज्य १२ दोष

क्रोधः कामो लोभमोहौ विवित्साकृपसूया मानशोकौ स्पृहा च।
ईर्ष्या जुगुप्सा च महागुणेन सदा वर्ज्या द्वादशैते नरेण—स० जा० द०

रीस, विषयको इच्छा, लोभ, मोह, विषयको रसजान्न इच्छा गर्नु, दया नगर्नु, मान खोज्नु, प्रेम गर्नु, गुणमा दोष आरोप गर्नु, शोक गर्नु, डाही गर्नु, निन्दागर्नु, यी १२ दोष सदा ज्ञानी पुरुषले त्याग गर्नु पर्छ।

ज्ञानीले त्याज्य सात क्रूरदोष

वृम्भोग संविद्विषमेवमानो दत्तानुपाती कृपणोऽबलीयान्।
वर्गप्रशंसी वनितां च द्वेष्टा ह्येते परे सप्त नृशंसरूपाः। सन०सु०द०

विषयको रस जान्न इच्छा गर्नु, विषय वढाउन खोज्नू, दिसकेर पछुताउनु, कृपणी हुनु, ज्ञानले दुर्बल हुनु, धर्म, अर्थ, कामको प्रशंसा गर्नु, स्त्रीको द्वेष गर्नु, यी अरु सात क्रूर दोष हुन् । यी दोषलाई ज्ञानीले हटाउनु पर्दछ ।

ब्राह्मणका १२ महाव्रत

ज्ञानं च सत्यं च दमः श्रुतं च ह्यमात्सर्यं ह्रीस्तितिक्षाऽनुसूया ।
यज्ञश्च दानं च धृतिः शमश्च महाव्रता द्वादश ब्राह्मणस्य । सन. सु. द.

ज्ञानी हुनु, सत्य बोल्नु, बाह्य चक्षुः आदि इन्द्रिय वशमा राख्नु, शास्त्र अध्ययन गर्नु, अरुको डाही नगर्नु, नराम्रो काम गर्न वोल्न लाज मान्नु, यज्ञगर्नु गराउनु, दान दिनु लिनु, धैर्य हुनु, मनलाई दमनगर्नु, यी १२ ब्राह्मणका महाव्रत हुन् । यहाँ ब्राह्मण शब्दले मुक्त हुन चाहा गर्ने सबै जातिलाई लिइन्छ, तर आफ्नू अधिकार वमोजिमका काम मात्र गर्नु पर्छ । दान लिन, यज्ञ गराउन, ब्रह्मविद्या उपदेश गर्न, ब्राह्मण व्यतिरिक्तको अधिकार छैन भन्ने शास्त्र प्रमाण छन् । यी उक्त दोष र गुण जो वताइए यी ब्रह्म विद्या विषय भएका हुन् । विदूरले आफू दासी पुत्र हुँदा, ब्रह्मविद्या उपदेश गर्न अधिकार नभएकाले, सनत्सु. जात द्वारा धृतराष्ट्रलाई ब्रह्मविद्या उपदेश गर्नु भयो । यसैबाट अरु जातिले हुने रैन छ भन्ने जानिन्छ ।

काम र क्रोध, स्वभाव

देखिएका, सुनिएका, संझिएका, अनुभव गरिएका विषयहरूको इच्छा गर्नु काम कहिन्छ । ती देखिएका आदि विषय (धन आदि) नपाउंदा मनमा जो नराम्रो विकार पैदा हुन्छ त्यो क्रोध कहिन्छ । अनेक जन्ममा गरिएका पाप, पुण्य, राग, द्वेषादिको संस्कार स्वभाव भन्ने कहिन्छ ।

रूपक––रंगाउनु । जस्तै देहरूपी घर । यहाँ घरको धर्म देहमा आरोप गरियो । घरको धर्म ढोका खम्बा भएको प्राणीवस्ने, त्यस्तै देह ढोका हड्डी खम्बा भएको आत्मा वस्ने । यहाँ घरका धर्मले देह रंगाइयो । अथवा घर समान पारियो । यो रूपक कहिन्छ, त्यस्तै अन्यत्र चरण कमल, करकमल, कमलनयन इत्यादि प्रयोगमा रूपक भनेर जान्नु ।

पूर्वोक्त साधनहरूले सम्पूर्ण अन्तःकरणको मैला हटेर, स्वच्छ भएको उक्त चार साधनले सम्पन्न, उक्त यम, नियममा रहेको मुक्तिको इच्छा गर्ने पुरुष वेदान्त या ब्रह्मविद्याको अधिकारी (ब्रह्मविद्या उपदेश गर्न योग्य) कहिन्छ । उक्त साधन नभएको व्यक्ति अधिकारी वा पात्र ठहरिदैन । किन भने कुपात्रमा

राखेको पदार्थ सड्निछ, चूहेर जान्छ । यै ब्रह्मविद्याको अधिकारीका विषयमा काठोपनिषद्को एउटा कथा लेख्छु ।

कठोपनिषद्को कथा

अघि कुनै समयमा उद्दालक भन्ने राजाका 'नचिकेता' नाम भएका एक पुत्र थिए । तिनीको अघिल्ला जन्ममा गरेका, निष्काम, नित्य नैमित्तिकादि, कर्म-द्वारा मैला हटेर स्वच्छ अन्तःकरण भएको हुनाले, बाल्य अवस्थामा नै पिता, माता, गुरु, अतिथि, माननीय, जनहरूको भलाई गर्ने मानवमात्रको कर्तव्य हो भन्ने आस्तिक्य बुद्धि उपस्थित भएको थियो । ती कुमार बालक हुँदै, पिता उद्दालकले सर्वस्व दक्षिणा गर्ने विश्वजित् नाम भएको यज्ञ गरे । यज्ञ समाप्तिमा ब्राह्मणहरूलाई दक्षिणा दिंदा, घास, पानी नखाने, थारा, बूढा गाईहरू दान दिए । त्यस्ता खूनी गाई दान दिने यजमान नरकमा जान्छ भन्ने शास्त्रमा छ, त्यो कुरा कुमारलाई थाहाथियो । अब पिताले खूनी गाइ दान गरेको देखेर मनमा विचार गर्न लागे । पिता खूनी गाई दान गरेका पापले नरकमा जाँदै हुनुहुन्छ । पुत्र भएका मैले यज्ञ गर्दा भएको अनिष्टफल पितालाई भोगाउनु हुँदैन । आत्मा सम-र्पण गरेर पनि यज्ञको अनिष्टफललाई सफल पार्नु पर्छ । यस्तो शोचेर नचिकेताले पिता संग भने । पिताजी ? दक्षिणाका निमित्त मलाई नै कुनै ब्राह्मणलाई दिनु-होस् । मं तपाईंको संपत्ति हुं । यसको अभिप्राय, ब्राह्मणको सेवा गरेर वर मागेर पिताको उद्धार गर्ने विचारले ब्राह्मणलाई दिनु भनेको थियो । पिता बोलेनन्, दोस्रापटक् त्यसै भने बोलेनन्, फेरि मंलाई कुनै ब्राह्मणलाई दिनुहोस भने । तेस्रो पटक भन्दा-नानि ? कुमारको यो स्वभाव ह्वैन, नचाहिने कुरा बारम्बार किन बोली रहन्छौ, भनेर रीषले आकुल व्याकुल भएर विचारै नगरी यमराजलाई दिन्छु जाउ—भने । पिताको आज्ञा सुनेर एकान्तमा वसेर विलाप गर्न लागे । के भन्न लागे त भने, राम्रो चरित्र भएका पुत्र वा शिष्यहरूका मध्येमा, उत्तमका मध्येमा उत्तम, मध्यमका मध्येमा मध्यम चरित्रले मध्यम छु, अधमवृत्तिले अधम छैन । पुत्र र शिष्य तीन चरित्रका हुन्छन् । उत्तम, मध्यम, अधम ।

(१) उत्तम—जस्तै पिताको वा गुरुको अभिप्राय बुझेर उनीहरूलाई सन्तुष्ट हुने काम गर्ने उत्तम । अह्राएको मात्र काम गर्ने मध्यम । अह्राएको पनि नगर्ने अधम भनिन्छ देवव्रत (भीष्म) ले पिता शन्तनुको अभिप्राय बुझेर आबाल ब्रह्मचर्यमा रहने भीष्म (डरलाग्दो) प्रतिज्ञा गरेर माझी संग मत्स्यगन्धालाई मागेर पिता-का साथ विवाह गरिदिए । यसैले यो डरलाग्दो प्रतिज्ञा, साधारणले गर्न न सक्ने गरेको हुनाले पछि देवव्रतको नाम भीष्म रह्यो । अतएव भीष्म उत्तम पुत्र भए । भीष्म जस्ता अरू पनि उत्तम पुत्र भनिन्छन् ।

(२) मध्यम—शुक्राचार्यले ययातिलाई बृद्धहुनु भनेर सराप गरे। ययातिले शर्मिष्ठा पुत्र कनिष्ठ पुरूसंग बुढ्याइँ, सट्टागर्न मागे। पिताको आज्ञा पालना गरेर पुरुले तरूण अवस्था संग बुढ्याइँ साटेर लिए। पिताको वचन मानेको हुँदा पुरू मध्यम पुत्र कहिन्छन्।

(३) अधम—देवयानी र अरू शर्मिष्ठातिरका द्रुह्यु आदिले, ययातिले वृद्धत्त्व सट्टागर्न माग्दा नमानेको हुनाले द्रुह्यु आदि अधम भनिन्छन्। शिष्यहरू पनि त्यस्तै यीथरिका नै हुन्छन्। नचिकेता भन्छन्, म भीष्म समान उत्तम पुत्र छु। त्यस्तो विशेष गुण भएका मलाई पिताले मृत्युलाई दिन्छु भन्नु भयो। मलाई दिए र पिताले यमराजको के काम गर्नु हुनेछ र, मृत्युको मंबाट सिद्ध हुने क्यैकाम देखिदैन। निश्चय रोषले मलाई यमलाई दिन्छु भनेको हो। त्यसो होता पनि पिताको वचन झूठा न होस्, सत्य होस्। यस्तो विचार गरेर पिता संग गएर भने। उद्दालक पनि मैले किन यमलाई दिन्छु भनेछु, भनेर सुर्ता गरिरहेका थिए। त्यै मौकामा नचिकेता भन्न लागे। पिताजी ? मैले पुत्रलाई, यमलाई दिन्छु किन भनेछु भनेर पछताउ नगर्नु होस्। जसरी जुन प्रकारले अघिका तपाइंका पितृ-पितामह आदि चलेका थिए त्यता हेर्नुहोस्, वर्तमान सज्जनहरू कसरी चलि-रहेका छन्। तिनीहरूपटि पनि फर्केर हेर्नुहोस्। भूतपूर्व पितृहरूको र वर्तमान सज्जनहरूको चरित्र हेरेर त्यै चरित्रको अनुकरण गर्नुहोस। तिनीहरूले असत्य व्यवहार कहिल्यै गरेनन्। झूटो काम गर्दा अजरामर कुनै हुँदैन। धान पाके झैं मानिस पाक्त छ, वृद्ध हुन्छ। धान पैदा भए झैं पैदा हुन्छ। यो शरीर बारम्बार जन्मने र मर्नेवाला छ। यस्तो नाशवान् शरीरका निमित्त असत्य गरेर के हुन्छ ? आफू सत्य पालना गर्नुहोस। मृत्युलाई दिन्छु भन्नु भएको वचन पूरा गर्नुहोस। मलाई यमकाहां पठाई दिनुहोस। पुत्रले यति भने पछि, उद्दालकले आफ्नू वचन सत्य गर्न यमलोक पठाए। जुनवेला राजकुमार यमलोकमा गए, त्यसवेला यमराज ब्रह्मलोकमा गएका थिए, घरमा थिएनन्। यमका घरमा गएर तीन रात उपवास वसे, कसैले आदर गरेनन्। चारौंदिन मृत्यु घरमा आए। अतिथि घरमा आएर तीन रात उपवास वसेको थाहा थिएन। अब रानीले भनिन्। श्रीमान् ? घरमा अतिथि आएर वसेको तीन रात भो, उपवास वसेका छन्, कहिल्यै नदेखेको, आचार, विद्वत्ता, थर, गोत्र न जानिएको मानिस अतिथि कहिन्छ। एउटै गाउँमा एउटै आश्रममा वस्ने र अघि कुनै ठाउँमा परिचय गरेर गृहस्थिले खुवाएको अन्न मैला समान हुन्छ भनेको छ। अतः घरमा आएका अतिथिको जात आदि न सोध्नु। अतिथिले पनि परिचय नदिनु भन्ने जानेको हुनाले, हामीले सोध पूछ गरेनौं। साक्षात् अग्निनै अतिथि ब्राह्मणको रूप धारण गरेर गृहस्थका घरमा

८ भरि बास न भएको आतिथि भनिन्छ।

आउंछन् । जस्तो अग्निलाई शान्त नगरे जगत्‌को नाश गर्छन् । त्यस्तै पाद्यादिले, अतिथिरूपी अग्निको शान्त नगरे शान्ति नपाई भोकै जसका घरमा वस्छन्, त्यस्ता आदर नगर्ने जनको, आशा–नजानिएको पाइने प्यारो विषयको प्रार्थना आशा, जानिएको पायिने प्यारो विषयका निमित्त पर्खनु प्रतीक्षा, सत्संगबाट भएको फल, प्रियवचन र प्रियवचनले लाभ भएको कुरा, यज्ञबाट भएको र कूप, इनार, वगैंचा आदि बनाउदा लगाउँदा भएको फल, पुत्र, पशु यी समग्र नाश गर्छन् । त्यसैकारणले अतिथिको आदर गर्नु पर्छ, अनादर गर्नु हुँदैन । श्रीमान झट्ट गएर अतिथिको सत्कार गर्नु होस । रानीको यो वचन सुनेर, मृत्यु नचिकेता वसेका ठाउँमा गए, पाद्य, अर्घ्य आदिले आदर गरेर भने । हे ब्रह्मन् ? नमस्कार गर्न योग्य अतिथि भएर मेरा घरमा नखाई तीन रात उपवास वस्नु भयो । हे ब्रह्मन् ? तपाईलाई नमस्कार छ, मेरो कल्याण होस । यद्यपि तपाईंका कृपाले मेरो कल्याण हुनेछ, अतिथि सत्कार नगरेको दोष जानेछ तथापि तपाइंलाई, अति सन्तुष्ट पार्नका निमित्त, उपवास वसेका तीन रातको तीन वर दिन्छु । के वर माग्नु हुन्छ माग्नु होस । नचिकेताले भने । हे यम ? यदि मलाई तपाई, वर दिनु हुन्छ भने, एउटा वर मं यो माग्छु, मदेखि रिसाएर मेरा पिताले मलाई यहाँ पठाउनु भयो । छोरालाई यमलोक पठाएँ । यमसँग मिलेर मलाई क्यै नराम्रो गर्छन् कि भन्ने यस्तो अनिष्टकल्पना पितालाई नहोस, प्रसन्न हउन् । मेरा उपर क्रोध हटोस् । तपाइंसँग विदा लिएर मं गए पछि, मलाई देखेर यो उहि मेरा पुत्र हुन, यमलोकबाट आइ पुगे भनेर सन्तुष्ट हउन । प्रेत भएर यो यमलोकमा गएको थियो, फेरि आएछ, यसको दर्शन गर्नु हुँदैन नभनुन् । प्रेमपूर्वक अघिझैं संलाप गरून् । तीन वरका मध्येमा, यै एउटा पिता सन्तुष्ट हुने वर माग्दछु ।

यमले भने, हे नचिकेता ? मैले तिमीलाई त्यो वर दिएँ । तिम्रा पिताको पहिले तिमीमा जस्तो प्रेम थियो, त्यस्तै प्रेम हुनेछ । मसंग विदा मागेर गएका तिमीलाई देखेर तिम्रा पिता उद्दालक, उहि मेरा पुत्र आइपुगे भनेर सन्तुष्ट हुने छन । यो पहिलो वर पाए पछि नचिकेताले भने, हे मृत्यु ? अब द्वितीय वर मलाई यो दिनु होस । स्वर्गमा रोगको केहि भय छैन, त्यहाँ तपाईको पनि पावर चल्दैन, वृद्ध हुनु पर्दैन, शारीरिक, मानसिक कुनै दुःख हुँदैन, आनन्दले वस्न पाउँछ । त्यस्तो स्वर्गलोक दिलाउने, अग्नि (यज्ञादि साधन) तपाई जान्नु हुन्छ । जुन अग्नि द्वारा यजमानहरू अजरामर देवता हुन्छन्, जान्न श्रद्धा गर्ने मलाई त्यो अग्नि भन्नु होस ।

यमले भने, तिमीले प्रार्थना गरेको, स्वर्ग प्राप्तिको साधन अग्नि मैले जानेको छ, भन्छु तिमी पनि जान । स्वर्ग लोक प्राप्ति गर्ने, जगत्‌को आश्रय भएको अग्नि,

विद्वान्हरूका बुद्धिरूपी गूफामा रहेको छ। विद्वान्हरू सबै स्वर्ग प्राप्ति गर्ने साधन जान्दछन्। अग्नि चयन गर्दा (यज्ञादि गर्दा) इटा (रातदिन) जति हुन्छन् (वर्ष दिन का ३६०) जस्ता हुन्छन् (शुक्ल र कृष्ण पक्षका सेता काला) सबै बताउनु भयो। अब नचिकेताले भने, हे यम स्वर्ग्य अग्नि मैले जाने। नचिकेताको यो कुा सुनेर मृत्यु अत्यन्त सन्तुष्ठ भए। अनि भने हे राजकुमार ? तिमीलाई तीन वर दिन मैले प्रतिज्ञा गरेको थियो। अर्को चारौं वर दिन्छु। अब उप्रान्त स्वर्ग्य अग्नि, तिम्रैं नचिकेता, भन्ने नाम भएको हुने छ। यति भनेर यमले कर्मको प्रशंसा गर्दै फेरि भन्नु भयो। हे राजकुमार ? माता पिता गुरुबाट शिक्षा प्राप्त गरेग, यज्ञ गर्ने, शास्त्र पढने, दान गर्ने मनुष्य अजरामर हुन्छ। आफूलाई ज्ञानी, धर्मी सुखी संझदै, अणिमादि ऐश्वर्य भोगेर स्वर्गमा आनन्दले रहन्छ। जो तिमीले प्रश्न गऱ्यौ त्यो भनें, अव तेस्रो वर माग।

नचिकेताले भने, हे यम ? कुनै भन्छन् आत्मा छ, प्राणी मरेपछि अर्को कर्म अनुसारको देवादि शरीरमा गएर प्रवेश गर्छ। कुनै भन्छन् आत्मा नै छैन। यसमा मलाई संशय छ, यो कुरा मंजानूं आत्मा छ छैन, उपदेश गर्नु होस। तृतीय वर यै माग्छु। राजकुमारको यो गहीरो प्रश्न सुनेर, यी नचिकेता आत्म-विद्याका अधिकारी छन् कि छैनन्, सत्पात्रमा मात्र उपदेश गर्नु कुपात्रमा न गर्नु भनेको छ। सत्पात्रमा राखेको पदार्थ सड़िदैन मनन गरेर राख्त छ, कुपात्रमा राखेको सड़िएर चूहेर जान्छ। यो विचार गरेर परीक्षा गर्नाका निमित्त यमले भने—हे राजपुत्र ? देवताहरूले पनि अघि आत्म वस्तु छ कि छैन भन्ने विषयमा संशय गरियो। आत्म वस्तु ज्यादै सानु मीहि छ। राम्ररि जान्न सकिदैन। अर्के वर माग। साहुले आसामिलाई पक्रे झैं मलाई नपक्र। नचिकेताले भने, अघि आत्माको विषयमा देवताहरूले पनि संशय गरेहोलान्। तपाईलेनै तिनीहरू-लाई, बोधहुने गरेर आत्मज्ञान उपदेश दिनु भएन होला किन संशय न गरू आत्मज्ञान उपदेश गर्ने, तपाईं जस्तो अर्को पाईदैन। यो आत्मविद्या समान अर्को माग्न योग्य वर छैन। अतः यै आत्म वस्तु मलाई वर दिनु होस। नचिकेताको यो कुरा श्रवण गरेर, तिनीलाई लोभ देखाउदै यमलें भने। हे राज पुत्र ? सय वर्ष आयु भएका छोरा नाति माग, धेरै धेरै घोड़ा, हाति अरू पशु, सून, रत्न माग। पृथ्वीको समग्र प्रदेश माग। स्वयं जतिवर्ष बाच्न इच्छा छ त्य तिबांच। यस्तै अरूपनि इच्छा गर्छौ भने सम्पत्ति माग, चिरायु माग, सम्पूर्ण पृथिवीको सम्राट् वन। धेरै के भनौं, देवता र मनुष्यहरूका जति भोग्य अमृतादि विषय छन् ती विषय भोग गर्ने वनाउछु। मनुष्य लोकमा जुन विषय दुर्लभ छन्, तिनै तिनै [illegible] माग [illegible] बाजाले सहित भएका यी अप्सराहरू मनुष्यले,

पाइने चीज ह्वैनन् ती सबै तिमीलाई दिन्छु, लगेर भोग गर, तर आत्माबारे प्रश्न नगर। राजपुत्रले भने, हे अन्तक ? आज छन्, भोलिसम्म रहने छन् वा छैनन् यस्तो संशय भएका ती उक्त तपाईंले दिएका अप्सरा आदि नाशवान् छन्। सबै इन्द्रियलाई शिथिल (पीर) पार्दछन्। ब्रह्माजीको पनि आफ्नूलागि आयु थोरै हुन्छ। सबैका लागि सबैको आयु छोटै हुन्छ। यसैले मं केहि चाहन्न, तपाइंका हाति आदि वाहन तपाई संगै रहून्। तपाईका नृत्य, गीत, अप्सरा, सुन तपाई संगै रहुन्। तपाइंको दर्शन भए पछि धन ता पाईनेछ, तर धनले कुनै तृप्त हुँदैन, तृप्त भएको कुनै देखिदैन। चिरायुको विषयमा पनि, तपाईको यमलोकको शासन भए सम्मता बाचिएला, अनिता मर्नै पर्ने छ। यसैले वर ता त्यै आत्मसंबन्धी माग्न योग्य छ। त्यै माग्छु। जरामरणले रहित भएका ब्रह्मज्ञ, ज्ञानीसँग पुगेर, तिनीबाट अविनाशी, आत्मवस्तु नलिएर, आफूलाई, म पृथिवीमा छु, जन्मन्छु, वृद्धहुन्छु मर्छु भन्ने जानि जानि पनि, सुन्दरी अप्सरा, तिनीका साथमा भोग विलास इत्यादि विषयबाट हुने वाला सौख्य संझेर, लामु आयु पाउँदा को रमाउला, रमाउदैन। त्यसैले हे यम ? जुन आत्माको विषयमा सबै संशयगर्छन् महान् परलोकका विषयमा, जान्न योग्य जो छ त्यो मलाई भन्नु होस। जुन यो वर छ, आत्मा छ छैन, भन्ने यो गूढ छ, विषयका विकारले ढाकिएको जस्तो छ। नचिकेता यै वर माग्छ, अर्को माग्दैन।

मृत्युले पूर्वोक्त प्रश्नोत्तरबाट नचिकेताको परीक्षा गरेर, वेदान्तको अधिकारी शिष्य जानेर फेरि भने, हे नचिकेता ? श्रेय (आत्म ज्ञान) अर्के हो, प्रेय (स्त्रीपुत्रादि) विषय अर्के हो। अविवेक र विवेकरूप हुनाले अंध्यारो र उज्यालो जस्तै अमिल्दा छन्। भिन्ना भिन्नै प्रयोजन भएका छन्। श्रेयको प्रयोजन वा फल मोक्ष, प्रेयको फल जन्ममरण रूप सन्सार। ती दुवैले पुरुषलाई बांधेको छ। श्रेय ग्रहण गर्न र प्रेय ग्रहण गर्न आफ्नू अधीनमा छ। श्रेय ग्रहण गर्नेको कल्याण हुन्छ। प्रेय ग्रहण गर्ने परमार्थबाट च्यूत हुन्छ।

प्रश्न--यदि श्रेय (आत्मज्ञान) ग्रहण गर्न र प्रेय (स्त्रीपुत्रादि) ग्रहण गर्न स्वाधीन छ भने, धेरजसो मानिसहरू आत्मविद्या ग्रहण न गरेर किन, प्रेयरूप सम्पत्ति, स्त्री, पुत्र, पशु आदि ग्रहण गर्नेतिर नै लाग्दैछन् त ?

उत्तर--सत्य हो, आफ्नै अधीनमा छन्। तर मानिसहरू श्रेय र प्रेय साधनबाट र फलबाट छुट्याउन सक्दैनन्। मिश्रित भएझैं भएर पुरुषमा रहन्छन्। धीर पुरुषभने हाँसले पानीबाट दूध छुट्याए झैं, विचार गरेर उत्तम र अनुत्तम छुट्याउछ। अनि प्रेय (पशु पुत्रादि) भन्दा श्रेय (आत्मज्ञान) नै श्रेष्ठ रहेछ भनेर श्रेय ग्रहण गर्दछ। जो मन्दबुद्धि छ त्यो यो श्रेष्ठ हो यो श्रेष्ठ

हुँन, भनेर पृथक् गर्ने सक्तैन, यसै कारणले, अर्जन र रक्षा गर्नु पर्ने पशुपुत्रादि प्रेय विषय ग्रहण गर्छ। गौरव र लाघव जान्दैन, मन्द बुद्धि वालालाई शारीरिक सौख्य प्राप्त भए पछि पुग्यो, अर्थोक चा हदैन ।

हे नचिकेता ? तिमीले ता मैले दिन्छु भनेर लोभ्याउदा पनि लोभमा नपरि, पुत्र, पशु आदि र अप्सरा आदि विषयलाई नाशवान् जानेर त्याग गऱ्यौ, तिमी वडा बुद्धिमान् रहेछौ। प्राय, गरेर मानिस, जुन सम्पत्तिमा आसक्त हुन्छन्, ती मैले दिएका दीर्घायु, राज्य, पशु, स्वर्ग अप्सरा आदि सम्पत्ति ग्रहण गर्ने मार्गमा लागेनौ। धन्यवाद छ। विचार गर, श्रेय र प्रेयको ठूलो अन्तर छ। उज्यालो र अंध्यारो जस्ता अमिल्दा, भिन्ना भिन्नै फल दिने वाला छन्। श्रेयको फल मुक्ति, प्रेयको फल जन्म मरण रूप सन्सार। 'श्रेय, विद्या या ज्ञान भनिन्छ। प्रेय, अबिद्या या पशु पुत्रादि, कहिन्छ। अथवा श्रेय विद्या हो, प्रेय अविद्या हो। हे नचिकेता ? मं तिमीलाई विद्यार्थी (ब्रह्मज्ञान इच्छा गर्ने) भनेर जान्दछु। किन भने मन्दबुद्धिवाला लुब्ध हुने, पशु पुत्र, अप्सरा आदि विषयमा लुब्ध भएनौ। यसैले तिमी विद्यार्थी भनिन्छौ। अविद्याका अन्तरमा परेका पशु पुत्रादिको तृष्णा रूपी पाशले बाँधिएका, आफूलाई पण्डित हूं, शास्त्रज्ञ, विद्वान हूं ठान्ने मूर्खहरू, अन्धाले घिच्चाएका अन्धाहरू, अपठ्यारा बाटामा जसरि ठूलो दुःख पाउंछन् त्यसै गरि अविद्यारूपी वांगो बाटो पट्टि हिंडेर जन्म, जरा, मरण आदि ठूला ठूला असह्य दुःख पाउँछन्। कुल, धन विद्वत्ताले पैदा भएको अभिमानले मत्त भएका मूर्खहरूलाई, शास्त्रले प्रतिपादन गरिएका, परलोक प्राप्तिका साधनको ज्ञान हुँदैन। यसैले पशु, पुत्रादि सम्पत्तिले सम्पन्न यो मानव देह नै लोक हो, अर्को लोक छैन भन्दछन्। त्यस्ता मूर्खहरू मेरा वशमा पर्छन र बारम्बार जन्म मरण आदिं कयौं दुःख पाउंछन्। हे राजपुत्र तिमी जस्तो श्रेयको इच्छा गर्ने, अर्थात् आत्म ज्ञानको चाहा गर्ने व्यक्ति, हज्जारौंमा कुनै एउटा मात्र हुन्छ। जुन आत्मा धेरजसोले सुन्नसम्म पनि पाइन्न। श्रवण गरेर पनि धेर जसो मानिस जान्दैनन्। आत्मज्ञान उपदेश गर्ने पनि कुनै एउटा मात्र हुन्छ। आत्मज्ञान पाउने पनि कुनै चतुरो एउटा हुन्छ। अभेददर्शी चतुर विद्वानले उपदेश गर्दा जान्ने पनि धेरैमा कुनै एउटामात्र हुन्छ। आत्मासम्बन्धी विद्या भारी कठोर छ। जस्तै छुराको धारमा टेक्न सकिदैन, ज्यादै तीखो हुन्छ। त्यस्तै यो आत्मविद्याको मार्गमा टेक्न मुस्किल छ भनेर विद्वानहरू भन्दछन्। वादी र प्रतिवादीहरूले कुनैले आत्मा छ, कुनैले छैन, कर्ता, भोक्ता हो, हुँन, सगुण छ, निर्गुण छ इत्यादि अनेक प्रकारले चिन्तनमा गरिएको यो 'आत्मा, अल्पज्ञ मनुष्यले उपदेश गर्दा जानिदैन। ज्यादै सानु, सूक्ष्म तर्क गर्न नसकिने, अणु प्रमाण भएको हुनाले, भेद न [illegible] को गति छैन।

केषांचित्सविचारोऽपि कर्मणा प्रतिबध्यते । पञ्च द. तृ. प्र.

कसैलाई ता पाप कर्मले आत्मा विचार गर्न पनि प्रतिबन्ध गर्दछ । वादी-हरूले चिन्तना गरिएका कर्तृत्व, भोक्तृत्व आदि धर्म आत्मामा छैनन् । तर्कले आत्म ज्ञान प्राप्त हुँदैन । अर्काले भन्दा मात्र राम्ररि बोध हुन्छ । हे नचिकेता ? तर्कले न जानिने कुन् आत्मा हो भनौला, वरदानले मंबाट जुन ज्ञान पायौ त्यै आत्मा हो, तिमी सत्य धैर्य भएका छौ । अब अरू तिमी जस्तै, पुत्र वा शिष्यहरू भविष्यमा हउन आत्माको विषयमा तिमीले जस्तै प्रश्न गर्न सकुन् ।

आत्मा सबैको आँखो हो :

हे राजकुमार ? मनुष्यहरू सून, चादि आदिको खानि खोजेझैं, गरेका कर्मको फल खोज्दछन् । कर्मको फल स्वर्ग, स्त्रीपुत्र पशु आदि हुन् । ती अनित्य विनाशी छन् । नित्य वस्तु जो आत्मा छ, त्यो यश, तपस्या, दान, वेदाध्ययन आदि शुभकर्मद्वारा पाइदैन भन्ने जान्दछु । जानि जानि पनि मैले, पशु आदि अनित्य द्रव्य प्रयोग गरेर यज्ञ, दान आदि पुण्य कर्म गरें । ती कर्महरूको फल यो, नित्य यशपदवी पाएको छु । वास्तवमा यो पदवी नित्य वा अविनाशी ता ह्वैन, नाशवान् छ, तर नित्य जस्तो अपेक्षा गरिएको छ । यो यमलोकमा नपाइने विषय क्यै पनि छैन । सबै भोग्य पदार्थ यहां छन् । रोग व्यधि लाग्दैन । गर्मी ठण्डी केही पनि हुँदैन, सर्प सिंह आदिबाट भय छैन, उपासनाको अविनाशी फल यहाँ छ । अणिमा आदि आठ ऐश्वर्यले सम्पन्न छ । अरू पनि अनेक गुण यसमा छन् । अतः प्रशंसनीय छ, प्रसिद्ध छ, यहाँ आएपछि वृद्ध हुनु मर्नु पर्दैन । अप्सरा आदि सेवक वर्गले युक्त, सुख भोगको खानि यस्ता अनेक गुणले युक्त भएको छ । यस्तो स्थान भोग्य अप्सरा आदि, मबाट पाउदा पनि लुब्ध नभै, आफ्नू उत्तम गति देखेर पनि धैर्य धारणा गरेर अचल भएर तिमीले त्याग्यौ । यसैले तिमी सर्वश्रेष्ठ गुणले सम्पन्न छौ । आत्म ज्ञान स्थापना गर्ने पात्र छौ । वेदान्तको अधिकारी छौ । तिमी जुन आत्मा जान्न इच्छा गर्छौ त्यो आत्मा अति सूक्ष्म हुनाले प्रत्यक्ष हुँदैन । गहिरो छ । प्रकृतिका विकार र महत्तत्त्व आदि भित्र पसेका र ती विकारले ढकिएको छ कि जस्तो सबैका बुद्धिरूपी गुफा (ओडार) मा बसेको छ । काम, क्रोध, विषय वासना आदि संकटमा रहेको छ । त्यस्तो प्रकारको पुरानु त्यो आत्मालाई अध्यात्मयोगले (चित्त विषयबाट हटाएर आत्मामा समाधान गर्नु) जानेर मनुष्य हर्ष र शोक त्याग गर्न सक्तछ । जुनमा मानिस यो मैले तिमी-लाई गरेको, आत्म ज्ञानको उपदेश सुनेर, आचार्यबाट उपदेश लिएर, अजर अमर, अगुण आदि अविनाशी धर्मवाला आत्मालाई देहादिबाट पृथक गरेर जान्दछ, त्यो

मानिस, आनन्दरूपी आत्माको ज्ञान गरेर आनन्द पाउँछ । हे राजपुत्र ? तिमी-लाई द्वार खुल्ला भएको ब्रह्म भवन भन्ने जान्दछु । अर्थात् ब्रह्मज्ञानको अधिकारी जान्दछु ।

मृत्युको उक्त कुरा श्रवण गरेर नचिकेताले भने, हे, यम ? यदि म ब्रह्म विद्याको अधिकारी छु र मेरा उपर तपाईं प्रसन्न हुनुहुन्छ भने, धर्मले नपाइने, पापले पनि न पाइने, प्रकृति कारण र महत्तत्त्व आदि कार्यदेखि भिन्न भएको नित्य, भूत, भविष्यत् वर्तमान तिनै कालमा एकैरूपले रहने, सर्वत्र व्यापक भएको जुन यस्तो वस्तु छ त्यो तपाई जान्नु हुन्छ, त्यो मलाई भन्नुहोस ।

यमले भने हे नचिकेता ? जान्न योग्य भएको जुन आत्मवस्तु छ, जसलाई वेदहरू प्रतिपादन गर्दछन्, तपस्याहरू जसलाई दिलाउँछन, जसलाई प्राप्त गर्न मनुष्यहरू ब्रह्मचर्यमा रहन्छन् । त्यो प्राप्तव्य आत्मपद संक्षेपले तिमीलाई भन्दछु । त्यो आत्मा पद, ॐकार हो । ओं नै ब्रह्म हो । ओं नै पृथिव्यादि अपर ब्रह्म हो, वा जीव हो । यै ॐ अक्षरलाई ब्रह्म हो भनेर जो जान्दछ, त्यो मनुष्य जे इच्छा गर्छ त्यै पाउँछ । यो ॐ नै मनुष्यको आधार हो, यसलाई जाने पछि ब्रह्मलोक प्राप्त गर्छ, मं ब्रह्म हूं, यस्तो जान्दछ ।

हे नचिकेता ? यो आत्मा जन्मदैन, मर्दैन, कसैबाट जन्मेको पनि ह्वैन, यस-बाट पनि कुनै पैदा हुँदैन, अज, नित्य छ, पुरानु शरीर मार्दा मारिदैन । मार्नेवाला मार्दछु भन्दछ, मर्ने वाला मारिएं भन्दछ । मार्ने र मारिने ती दुवै जान्दैनन्, यो आत्मा मार्दैन पनि मारिदैन पनि सानुभन्दा सानु छ, ठूलो भन्दा ठूलो छ । यो आत्मा प्राणीहरूका हृदयमा बसेको छ । जो प्रत्यक्ष देखिएका स्त्री, पुत्र, पशु आदि विषयमा र सुनिएका परलोकमा पाइने अमृत, अप्सरा आदि प्रिय विषयमा आसक्त छैन, यस लोकको र परलोकको सुख भोगमा लम्पट हुँदैन, शुभ कर्मद्वारा मैला हटेर इन्द्रियहरू जसका प्रसन्न, स्वच्छ छन् त्यो पुरुष आत्माको महत्त्व जान्दछ । त्यो आत्मा एउटा ठाउँमा वसिरहेको छ, तर मन भन्दा पहिल्यै टाढा गएको हुन्छ सूतिरहेको छ, सर्वत्र घुम्छ । सदा प्रसन्न भएको, विषाद न भएको त्यो आत्मालाई मदेखि बाहेक अरू को जान्दछ, कुनै पनि जान्दैन । आत्माको शरीर छैन, नाश हुने वाला शरीरमा बसेको छ । त्यस्ता महान् आत्मालाई जानेर ज्ञानी पुरुष शोक गर्दैन ।

वेदान्तमा पाठकहरूले यो याद राख्नुहोला, यो आत्मा यो ब्रह्म, यो जीव भनेर भेद गरेको छैन । मृत्यु भन्छन्--हे नचिकेता ? यो आत्म वस्तु जान्न अतिशय कठोर छ । अतः [illegible] जीव अभिन्न । ब्रह्मको

अर्को नाम कूटस्थ हो। शरीरभित्र हृदयाकाशमा बसेका त्यो कूटस्थको छाया जीव चइँ भोक्ता हुनाले, जन्म जन्मका राग, द्वेषले गरिएका कुकर्मको फल रूपी भारीले थिचिएर समुद्रका जलमा विण्डो डुबेझैं, देहलाई नै आतमा हो भनेर, म अमूक या फलानाको पुत्र, जुवाई, वा दाजु, बाबु इत्यादि हुँ, मेरी स्त्री मरिन्, पुत्र पनि मऱ्यो अब मैले बाँचेर के काम छ, म भन्दा अर्को कुनै दुःखी छैन, म कस्तो अभागो रहेंछु, बूढो भएं क्यैं गर्न पनि सक्तिन। बाँचेका पुत्र बधू पनि देख्न सक्तैंनन् भनेर शोक गर्छ, मूर्छा पर्छ। विवेक नहुनाले चिन्तामा पर्छ। यस्तो चिन्ता गर्दै मर्दछ। मरेर आफूले गरेका कर्मको फल भोग्नाका निमित्त देव वा मनुष्य वा पशुयोनिमा जन्म लिन्छ। जन्म मरणको परस्परमा टुट्तैन। जब अनेक जन्ममा गरेका पुण्यको सञ्चय हुन्छ अनि अकस्मात् 'काक[१] तालोन्याय'ले कुनै सज्जन सग भेट हुन्छ र सज्जन गुरूका उपदेशले ज्ञानयोगपटि लम्कन्छ। अनि, अहिंसा, सत्य, ब्रह्मचर्य, सर्वस्याग, यम, नियम यो ज्ञान प्राप्तिका साधन-हरूमा प्रवृत्त हुन्छ। यो साधनद्वारा बुद्धिको मैला दूर हुन्छ अनि विद्वानहरूले योग द्वारा प्रत्यक्ष गरिएको, जीवरूपले आफ्ना बुद्धिमा रहेका 'ब्रह्मलाई' अहं ब्रह्मास्मि, मं ब्रह्म हूं भनेर जान्दछ। ब्रह्मादेखि स्थावर (पत्थर लहर) प्रयन्त भूतहरूमा रहेको आतमा मैं हूं, जगत मेरै रूप हो, यस्तो देख्दछ अनि शोकरूपी समुद्रबाट पार हुन्छ। कृत कृत्य हुन्छ। अर्थात् गर्ने कुरा गरें भन्दछ। फेरि मृत्युले भने, राज पुत्र ? मैले तिमीलाई, अविद्या र विद्या बताएं तर तिनी दुइटा-को फल बताइन, अब विद्या र अविद्यामा अधिकार भएका मानिसहरूको मुक्ति हुन वा जन्ममरणरूप संसारमा जानका निमित्ति रथ कल्पना गरिन्छ। यो शरीर-बुद्धि रूपी गुफामा आत्मा बसेको छ।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत्
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः। गीता. अ. ३

देहेन्द्रियरूप आत्माले आफूलाई उद्धार गरोस, आत्मालाई नाश नगरोस। आफ्नु बन्धु आफैं हो, आफ्नू शत्रु आफैं हो। यो गीतोक्ति वमोजिम विद्वान्हरू देहेन्द्रियलाई मित्र संझेर त्यसद्वारा आफ्नू उद्‌देश्य पूरा गर्छन्। मुक्त गराउंछन् मूर्खहरू भने कयौं जन्मका पुण्यले बल्ल बल्ल प्राप्त भएको देहलाई कुकर्म द्वारा शत्रु पारेर त्यसद्वारा आफूलाई नाश गर्छन, जन्ममरणरूप नरकमा हाल्छन्। अतः यो देह जान्ने मित्र न जाने शत्रु हुन्छ। यसैले जेजे चितायो त्यै त्यै साध्य गर्ने शरीरलाई व्यर्थै पार्न हुँदैन। अब तिमी शरीरलाई रथ भन्ने जान, शरीरमा

१. काकागमन ताल पतनवत्-काक आउन ताल पनि खस्नु-अकस्मात् हुनु।

आत्मा रहेको छ, त्यसलाई रथी रथको मालिक जान। गाड़ी चलाउने पहलवान् जस्तै, बुद्धिलाई सारथि भन, सारथिले समाउने डोरी मन, घोडा इन्द्रियहरू, घोड़ा हिडने ठाउं शब्दादि विषय भन्ने जान। विद्वानहरू इद्रिय र मनले सहित भएका आत्मालाई भोक्ता भन्दछन्।

जसको बुद्धिरूपी सारथि अज्ञानी, निर्विवेकी छ, मनरूपी लगाम खिच्न सक्तैन, त्यसका इन्द्रियरूपी घोडाहरू निर्विवेकी सारथिका दुष्टघोडा झैं जतासुकै फाल हाल्दछन् र कुकर्म गर्छन्। जसको बुद्धिरूपी सारथि विवेकी छ, मनरूपी लगाम खिच्न सक्तछ, त्यसका इन्द्रियहरू विवेकी सारथिका असल घोडा झैं सुमार्गमा चल्छन् र राम्रोकाम गर्छन्। जुन आत्माको बुद्धिरूपी सारथि, मनरूपी लगाम खिच्न नसक्ने छ त्यो मनुष्य जन्मनु, मर्नु सन्सार तिर फाल हाल्छ। जसको बुद्धिरूपी सारथि विवेकी छ, मनरूपी लगाम खिच्न सक्त छ, त्यो मानिस सन्सार रूपी समुद्रबाट पार भएर परब्रह्मको उत्कृष्ट पदवीमा पुग्छ।

यम भन्छन्, हे राजपुत्र ? तिमीलाई अब त्यो श्रेष्ठ विष्णु (ब्रह्म) को पद प्राप्त गर्ने उपाय भन्छु—इन्द्रिय भन्दा सूक्ष्म, शब्दादि तन्मात्रा छन, ती भन्दा सूक्ष्म मन, त्यो भन्दा सूक्ष्म बुद्धि, त्यो भन्दा सूक्ष्म, जीवात्मा, त्यो भन्दा पनि सूक्ष्म अव्यक्त (प्रकृति) अव्यक्त भन्दा पनि सूक्ष्म पुरुष छ, पुरुष भन्दा पर केई छैन। सबैको आधार त्यै हो, प्राप्त गर्न योग्य पनि त्यै हो।

नाविरतो दुश्चरितान्नाशान्तो नसमाहितः
नाशान्तमानसो वापि प्रज्ञानेनैव वाप्नुयात्। काठो० उप० नि०

दुश्चरित्र (नराम्रो काम) बाट न हटेका इन्द्रिय रोक्न नसक्ने, मन रोक्न न सक्ने चञ्चले, कर्मको फल इच्छा गर्ने पुरुषले यो आत्मा जानिदैन। यो आत्मापुरुष समग्र भूतहरूमा गुप्त भएर बसेको छ। सूक्ष्म दृष्टि भएका विद्वान्हरूले सूक्ष्म दृष्टिले मात्र देखिन्छ।

एवं सृष्टानि भूतानि प्रविष्टः पञ्च धातुभिः।
एकधा दशधात्मानं विभजन् जुषते गुणान्। भाग० ३।४

पांच भूतले विभिन्न भूतहरू, जीवको भोग र मोक्षका निमित्त सृष्टि गर्‍यो र ती भूतहरू भित्र पस्यो। पसेर आफैं मन र इन्द्रियहरू भयो। ती जड इन्द्रियहरूलाई चैतन्य शक्ति पनि आँफैले दियो र तिनीहरू द्वारा विषय भोग गर्न लाग्यो। भोग गर्दा गर्दै प्रकृतिका गुणमा आसक्त भएर आफूलाई म ब्रह्म हूँ भन्ने बिर्स्यो र शरीरलाई नै मं भन्न थाल्यो। यो सबै सूक्ष्म दृष्टिले हेरेर, इन्द्रियहरूलाई विषयबाट हटाएर मनमा मिलाओस, मन बुद्धिमा, बुद्धि जीवा-

त्मामा, जीवात्मालाई परमात्मामा मिलाओस् । यसरी सबै परमात्मामा मिलाए पछि मं ब्रह्म हूँ, देहादि ह्वैन यस्तो ज्ञान उत्पन्न हुन्छ । त्यस ज्ञानले यो ब्रह्म हूँ, यो ब्रह्म साक्षात्कारले, नाम, रूप, कर्म यी तीन पदार्थलाई, स्वप्न समान नाशवान् जानेर स्वस्थ प्रशान्त हुन्छ ।

हे राजपुत्र त्यो आत्मा निर्गुण, नित्य, एक छ, मन, इद्रिय, भूत आदि अनेकरूपमा आफूलाई विभाजन गर्छ, आफै भूतहरूमा प्रवेश गर्छ, प्रकृतिका गुणमा आफैं फस्तछ र आफूलाई आंफै विर्सन्छ । यस्तो आत्माले किन गरेको कसले लगायो । क्यै आफु साध्य गर्न गऱ्यो कि भनौं भने, उसले गर्नु पाउनु क्यै छैन । यो कस्तो आश्चर्य छ । यसमा किन गयो भन्ने प्रश्न र त्यसको उत्तर गर्न सकिन्न । वालकहरूले खेलवाड गरेजस्तो छ । जस्तै सूर्यले सबै सुगन्धी दुर्गन्धी पदार्थहरूलाई प्रकाश गर्छन् तर पदार्थमा रहेको सुगन्ध दुर्गन्ध सूर्यमा हुँदैन । त्यस्तै आत्मा सबैमा छ । अन्तस्करण र इन्द्रियहरूलाई चैतन्यरूप प्रकाश दिन्छ । तर इन्द्रियहरूमा भएको सुख दुःख आत्मामा छैन । जस्तो सूर्य सबैको आँखा हुन् । सूर्योदय भएपछि मात्र हामी सबै आ–आफ्ना काममा प्रवृत्त हुन सक्छौं, नत्र सक्तैनौं । आत्मा सबै इन्द्रियहरूको आँखो हो । आत्माको चेतन शक्ति नपाई हेर्नु सुन्नु आदि आ आफ्नू काम गर्न सक्तैनन् । अतः आत्मा आँखाको पनि आँखो, कानको पनि कान, नाकको पनि नाक, मनको पनि मन इत्यादि हो । त्यो आत्मा व्यापक छ, एक छ । आफ्नू एउटै रूपलाई, शिव, विष्णु, देवी इत्यादि चराचर रूपमा परिणत गर्छ । नित्य जागा रहेर सांज विहान दिनमा जस जसलाई जुन जुन पदार्थ र सुख, दुख जे जे दिनुपर्दछ, उनीहरूको कर्म अनुसार तयार गरेर दिन्छ । कर्मको निष्फल पार्न सक्तैन । माथि आत्मा सबैको आँखो हो भनियो यसै विषयमा महाभारतको एउटा कथा निम्न प्रकार छ ।

अघि कुनै 'देवल' नाम भएका एउटा महर्षि थिए । तिनकी एउटीमात्र पुत्री समयमा थिइन् । पुत्रीको नाम सुवर्चला थियो । सौन्दर्यादि जति गुण शील स्वभाव स्त्रीहरूमा हुनु पर्छ, ती गुणहरू सबै तिनोमा थिए । तिनोको विवाह गर्ने समय भयो । छोरीको विवाह गर्ने समय देखेर पिता देवल एकान्तमा वसेर विचार गर्न लागे । अब छोरीको विवाह गर्ने वेला भयो भने जस्तो वर मिल्छ मिल्दैन ।

पुत्रीअनुसारको वर कस्तो हुनु पर्छ भने, वेद वेदाङ्ग अध्ययन गरेको, सर्वश्रेष्ठ विद्वान् हुनु पर्छ । साथै मीठो प्यारो वचन बोल्ने, महांतपस्वी, पहिले अर्को विवाह नभएको, छोरी सुहाउँदो, सौन्दर्य आदि गुणले सम्पन्न यस्तो ब्राह्मण 'वर' हुनु पर्दछ । भने जस्तो कहां मिल्ला र । यस्तो चिन्तामा परेका पितासँग गएर

सुवर्चलाले भनिन्, पिताजी मैले तपाईंले चिन्ता गरिरहेको कुरा बुझे। तपाईं सुर्ता नगर्नु होस। म आफैं वर रोज्दछु। तपाई विद्वान् हुनुहुन्छ। मलाई आँखा देख्ने पनि, न देख्ने पनि यी दुवै धर्म भएको जो ब्राह्मण वर छन्, त्यस्ता वरका हातमा सुम्पिदिनु। छोरीको यो अलौकिक अनौठो कुरा श्रवण गरेर देवलले भने। पुत्री ? तिम्रो प्रार्थना पूरा होस ईश्वर सँग म यँ प्रार्थना गर्दछु। तर तिम्रो कुरा मलाई ठीक लागेन। असम्भव कुरा तिमो बोली रहेकी छौ। किन भने, यौटै व्यक्ति 'आँखा देख्ने र नदेख्ने दुवै धर्म भएको हुँदैन। बोल्नै नहुने कुरा बोलिरहेकी छौ। पागल भएर त्यस्तो न बोल। सुवर्चलाले भनिन्, पिताजी ? म पागल भएकी छैन। सोच विचार गरेरै भन्दैछु। यदि मैले भने बमोजिमका वर मिले भने, तिनीले राम्ररी मेरो पालन पोषण गर्ने छन्। मेरा निमित्त असल सदाचारमा रहेका, ब्राह्मणहरूलाई, यहाँ अश्रममा बोलाइ दिनु होस। तो यहाँ आएका ब्राह्मण समाजमा म जसलाई मेरो योग्य वर ठहराउँछु, उनैलाई वरण गर्नेछु। तपाईंले सुता गर्नु पर्दैन। पुत्रीको यो कुरा सुनेर लो हुन्छ त्यसै गरौंला भनेर देवल उठे। अब शिष्यहरूलाई बोलाएर भने। हे शिष्य हो ? तिमीहरू गाउँ गाउँ, आश्रम आश्रममा जाओ र, जो वेद, देदाङ्ग पढेका, कलङ्क नलागेका, निखूनि, विवाहित द्विज कन्याबाट पैदा भएका, कुलीन, सदाचारमा रहेका; शुभलक्षण संपन्न, निरोगी, बुद्धिमान्, गोत्रमा वर्णशङ्कर दोष न लागेका वेदोक्त कर्म पालन गर्ने, २५ वर्ष गुरूकुलमा वसेर अध्ययन गरी तीर्थाटन गरेर आएका स्नातक, गृहस्थ हुन चाहने, माता पिता जीवितै भएका मेरी पुत्रीका साथ विवाह गर्न इच्छा भएका श्रेष्ठ ब्राह्मणहरूलाई, घुमि, घुमि छानि छानि बोलाएर ल्याओ। मुनिको यो आज्ञा लिएर शिष्यहरू गाउँ, आश्रममा गएर मुनिले भने वमोजिमका द्विजहरू बोलाएर ल्याए। बाबू र छोरीको प्रभाव जानेको हुनाले शिष्यहरूबाट समाचार सुन्नासाथ ठाउँ ठाउँका ऋषि र ऋषि कुमारहरू देवलका आश्रममा आए। देवलले पनि ब्राह्मणको विधिपूर्वक यथा योग्य सन्मान गरेर छोरीलाई भने। पुत्री ? मुनि र मुनि कुमारहरू जो जो यहाँ आएका छन्, यी सबै कुलीन, शील स्वभाव सम्पन्न, विद्वान् वेद वेदाङ्गमा पार भएका छन्। मेरा निमित्त पुत्र समान प्यारा छन्। यिनीहरूमा जसलाई योग्यवर ठहराउँछ्यौ उनैलाई वरण गर। उनैका साथमा तिम्रो विवाह गरिदिनेछु। पिताको आज्ञा लिएर सुवर्चला ब्राह्मण सभामा गइन्। सबैलाई नमस्कार गरेर बोलिन्। श्रीमान पूज्य ब्राह्मण वर्ग ? तपाईंहरूको यो समाजमा यौटै मानिस, आँखा देख्ने र आँखा नदेख्ने दुवै धर्म भएको कुनै हुनुहुन्छ ? त्यस्तो कुनै हुनुहुन्छ भने बोल्नु होस। आँखा देख्नु र नदेख्नु दुवै धर्म भएका ब्राह्मण मेरा पति हुने

छन् । ती कन्याको यस्तो लोकमा नमिल्दो, असम्भव प्रश्न सुनेर सबैले मुखामुख गरे । ती कन्यालाई मूर्ख ठानेर कुनै पनि बोलेनन् । रिसाएर मनमनै देवलको निन्दा गर्दै, जसरी आएथे उसैगरि फर्केर आ आफ्ना आश्रममा गए । त्यस पछि कुनै दिन, सुवर्चलाको गुण सुनेर, तिनीलाई प्राप्त गर्नका इच्छाले श्वेतकेतु देवलका आश्रममा आए । देवलले श्वेतकेतुको पाद्य आदिले विधिपूर्वक यथायोग्य आदर गरेर छोरीलाई भने । नानि छोरी ? यी ऋषिकुमार श्वेतकेतु हुन, वेद वेदाङ्गमा पार भएका, विद्वान्, तपस्वी छन् । तिमी यिनैलाई वर वरण-गर । पिताको यो कुरा सुनेर सुवर्चलाले, रिसाएर श्वेतकेतुलाई हेरिन् । श्वेतकेतुले आफूलाई रिसाएर सुवर्चलाले हेरेको जानेर भने । हे सुवर्चला ? जस्तो पति तिमी खोजिरहेकी छौ, त्यस्तै म छु । म अन्धो पनि छु, देख्ने पनि छु । दोटै धर्म भएको मलाई जान । मलाई पति वनाउ, म तिम्रो इच्छा पूरा गर्नेछु । अब तिमी सावधान भएर सुन, आँखा देख्ने र न देख्ने के छु ठहराउ । जस्तै तिमी आगाका छेउमा फलाम राख, आगाको तातो घूसेर फलाम तात्छ । त्यो फलाम, घिउमा लगेर राख घिउ पग्लन्छ । अब यता आगो निभाइदेउ, फलाम सेलाउछ, सेलाएका फलाम-ले घिउपग्लदैन । यता आगो ननिभाई राखे, तातो फलाममा भैरहन्छ र फलाम-द्वारा तातोले घिउपगाल्न वा कुनै चिजलाई डाम्न पोल्न सक्तछ नत्र फलामले वयै गर्न सक्तैन । त्यस्तै ईश्वर सबै प्राणीका हृदयमा वसेको छ, त्यसको प्रकाश भनौ या तातो या छाया भनौं, इन्द्रियहरूमा घुस्तछ । अब ती जड इन्द्रियहरू चेतन जस्ता हुन्छन् र हेर्नु सुन्नु आदि आ आफ्ना काम गर्न सक्तछन् । ती इन्द्रियहरूमा परेको ईश्वरको छाया या प्रकाश जीव कहिन्छ

यो लेखमा कर्तै ईश्वर, कर्तै, कूटस्थको प्रयोग छ, एकै अर्थजान्नु । अब यता शरीरबाट कूटस्थ निस्केर गयो भने, जीव पनि सार्थमा जान्छ । फलाममा अग्नि नहुँदा तातो हराए झैं, इन्द्रियहरूमा चैतन्य शक्ति हराउँछ, इन्द्रियलाई चैतन्य शक्ति दिने नै जीव हो उ नै हुँदैन, अब इन्द्रिय द्वारा कसरी हेर्नु सुन्नु आदि काम गर्थ्यो । गर्दैन । जहाँ सूर्य छन उहाँ सूर्यको छाया रहन्छ जहाँ कूटस्थ छ उहाँ जीब रहन्छ । जहाँ अग्नि छ, उहाँ मात्र तातो रहन्छ । ती छैनन् । भने, छाया आदि रहदैनन्

प्रश्न —जस्तै अग्नि निभेपछि वा अन्यत्र लगे पछि तातो अग्नि मै मिल्छ, सूर्यको छाया सूर्यमा मिल्छ, त्यस्तै जीब पनि कूटस्थमा मिल्छ भने, जन्म मरण को मर्छ त ? शास्त्रमा ता जीब, मर्नु, जन्मनु गर्छ भनेको छ ।

उत्तर—जीब र ईश्वर अनादि हुन्, कहिले सृष्टि भए भए । जीव र ईश्वरको भेद पनि अनादि कहिन्छ ।

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ?।
तान्यहं वेद सर्वाणि नत्वं वेत्थ परन्तप ?। गी. अ. ४

हे अर्जुन ? मेरा जन्म धेरै विते, तिम्रा पनि धेरै विते। म सबै जन्म जान्दछु, तिमी जान्दैनौ। तिमी किन जान्दैनौ त भने, अधर्म, धर्म, राग, द्वेष आदि यी गुणका विकारले, तिम्रो बुद्धि ढाकिएको छ। यसैले गर्दा जान्दैनौ। यो गीताको वचन अनुसार, जीवले कूटस्थलाई कहिल्यै छोडदैन, कूटस्थ विना रहनै सक्तैन, एकै भएर मिलेको छ कूटस्थ या ईश्वरदेखि पृथक ह्वैन ता पनि, जन्म जन्मका राग, द्वेषादि संस्कारले गर्दा म ईश्वर या ब्रह्म भन्ने जान्दैन, भेद देख्छ यसैले जन्ममरण जीब नै गर्छ। अविद्याका वीचमा परेको छ, त्यसैले आफूलाई आफै चिन्दैन, म भिन्न हुं, मदेखि ब्रह्म भिन्न हो भन्छ, यस्तो संझनु भ्रम भनिन्छ। शरीर गृहं स्त्री पुत्रादिमा म मेरो भन्ने अभिमान र आसक्तिले गर्दा आफूलाई आफैंले नचिन्दा जन्ममरण भैरहन्छ। श्वेत केतु, भन्छन्–हे सुवर्चला जस्तै अग्नि निभेपछि फलाम भित्ररहेर तावाले फलामद्वारा क्यै काम गर्न सक्तैन, त्यस्तै कूटस्थ नभए इन्द्रियहरूभित्र रहेर जीबले क्यै काम गर्न नसक्ने हुँदा, ईश्वरजीवका आँखाको पनि आँखो, कानको पनि कान, नाकको पनि नाक, मनको पनि मन इत्यादि हो भन्ने यो समग्र जान्दछु, अत आँखा देख्तछु, अन्धो छैन। जो जीब छ, त्यो प्रकृतिका सुकुमार, मधुर सौंन्दर्य आदि गुणमा लठ्ठ परेर शरीरलाई म स्त्रीपुत्रादिलाई मेरो भन्दछु, आफ्नू रूप विर्स्यो, मं ब्रह्म हूं देहादिह्वैन भन्नेजान्दैन त्यो अन्धो हो। आखा कान आदि इन्द्रियहरू प्रकृतिका विकार हुन् मेरो ह्वैनन्। मता आँखा आदि नभएकोछु, ब्रह्म हूं यो जान्दछु, यसैले अन्धो पनिछु। हे कल्याणी ? मलाई वरण गर। सुवर्चलाले भनिन्, हे बिद्वान् ? मैले तपाईंलाई हृदयदेखि वरण गरें। अव पिता सँग मलाई मागनुहोस। शास्त्रोक्त कर्म गर्ने वाला पिता हुनुहुन्छ। देवलले पनि छोरी र श्वेतकेतुको यो सबै बृतान्त सुनेर शास्त्रविधिले विवाह गरेर, श्वेतकेतुका हातमा सुवर्चलालाई समर्पण गरे।

यी कथाहरूबाट नचिकेता जस्तो यम नियमहरूमा रहेको वैराग्यवान् मात्र ब्रह्म विद्याको अधिकारी हुँदोरहेछ भन्ने र ईश्वरनै समग्रको आँखोरहेछ भन्ने ज्ञान पाइन्छ।

भक्त विसोबा सराफको कथा

सच्चा वैष्णवको विषयमा कथा—

वद्रीनाथ (वदरीकाश्रम) भन्ने प्रदेश हामी समग्रलाई थाह छ। भक्तिपूरी, पण्डपूर त्यसैको दोस्रोनाम हो। त्यहाँदेखि पचास कोश पर औढीयानागनाथ भन्ने प्राचीन शिवक्षेत्र छ। त्यहाँ शिवका वाह्रओटा ज्योतिर्लिङ्गमध्येमा एक ज्योतिर्लिङ्ग छ। त्यसै ठाउँमा शुक्लयजुर्वेद शाखाध्यायी यौटा वैष्णव ब्राह्मण थिए। तर जीवन निर्वाहका निमित्त सराफीको काम गर्दथे। त्यसैले तिनी सराफनामले प्रसिद्ध थिए। यिनकी श्रीमती यौटी र चार पुत्र थिए। यी सबै साधु, सज्जन, अतिथि, मान्यजनको सेवामा सदा तत्पर रहन्थे। सिधा साधा सरल स्वभावका थिए। ती द्विजको जन्मनाम विसोबा थियो। जीवन निर्वाहका निमित्त सराफीको काम गरेता पनि विसोबाको चित्त निरन्तर भगवान्मा नै लागिरहन्थ्यो। तिनी एक आदर्श गृहस्थ थिए। गृहस्थ धर्मको एक मुख्य व्रत अतिथि सेवा हो। उनीलाई अतिथि सेवा प्राणभन्दा पनि प्यारो थियो। स्त्री पुत्र उस्तै थिए। पुत्रहरू पितामाताको आज्ञालङ्घन गर्दैनथे। सबै अनुकूल थिए। विहान वेलुका भोजन तयार भएपछि आमा छोराको होडावाजी पर्दथ्यो। माता छोराहरूलाई भन्थिन् यदि कुनै अतिथि आए भने मेरो भाग अतिथिलाई दिन्छु, वरु म भोकै वस्छु। पुत्रहरू भन्थे, तिथि आए भने मेरो भागदिन्छु म भोकै वस्छु, अर्का पनि त्यसै भन्थे, अर्का पनि त्यसै भन्थे। यसरी परस्परमा सेखासेख पर्दथ्यो। आफ्ना परिवारको यो कुरा सुन्दा विसोबालाई अत्यन्त सुख हुन्थ्यो। पाहुनाहरूलाई भोजन गराउँदा विसोबालाई अतिशय आनन्द हुन्थ्यो। किन भने, विसोबा अभ्यागतहरूलाई साक्षात् नारायण सँझेर नै उनीहरूको सुश्रूषा सुख सुविधाको प्रत्येक विषयमा पूरा ध्यान दिन्थे। उनी ठान्दथे, आज ता साक्षात् श्रीहरिले मेरा उपर दया गर्नु भयो। जसरी हुन्छ यो अतिथिरूप नारायणको सेवा द्वारा आज आफ्नू जीवन सफल पार्न पऱ्यो। यो ठानेर विसोबा आफ्ना परिवारलाई भन्दथे हेर ? अतिथिको रूप धारणा गरेर स्वयं भगवान् हाम्रो घरमा आउनु भयो। यिनको पूजा गर सन्तुष्ट पार। परिवार पनि सेवा गर्न पाउँदा आफ्नू सौभाग्य सँझन्थे। पूर्व जन्ममा जसले पुण्य गरेको छ त्यसका घरमा मात्र पाहुना आउँछन्। जस्तो कृष्ण दुर्योधनका घरमा नवसेर निर्धनी विदुरका घरमा गएर वस्नु भयो र 'पत्रं पुष्पं' इत्यादि गीतालाई सार्थक गर्नु भयो।

कुनै समयमा अनिकाल लाग्यो। खान नपाएर मानिस छटपटाउन लागे। विसोबा महान् धनि थिए। उनीका घरमा प्रशस्त अन्न थियो। यो कुरा सबैमा विदित थियो। अब भोकले आकूल व्याकूल भएका हज्जारौं नरनारी विसोबाका घरका ढोकामा आएर दाताको जय भनेर जय मनाउन लागे। तिनीहरूको आर्त-ध्वनि श्रवण गरेर विसोबा मनमनै भन्छन्, आज स्वयं नारायणनै मं बाट अन्नको सेवा ग्रहण गर्न अनुग्रह गर्दै हुनुहुन्छ। यो कुरा मनले भन्दै उदार मनले खुल्ला हातले याचकहरूलाई अन्न बांड्न लागे। जो माग्न आउँछ, त्यो प्रशस्त अन्न पाउँछ, दाताको जय भन्दै जय मनाउदै जान्छ। प्रतिदिन वाड्दा अन्न समाप्त भयो। अब अन्न किनेर वाड्न लागे किन्ने रूपया पनि समाप्त भए। मणि माणिक्य रत्न सुन जगा जमिन घर वेच्तैं अन्न किन्दै वाडन लागे सबै समाप्त भयो यता याचकको भीड भने घरमा जय मनाइरहेको छ। रीण रुपयां ल्याएर अन्न खरिद गरेर वाडनलागे, त्यो पनि सकियो। नङ्गाभएको सबैले थाहा पाए, अब गाउँका मानिसले रीण पत्याउन छोडे। याचकाहरूले भने छोडेको छैन। संपत्ति नभएता पनि विसोबा आत्तिएका थिएनन् उ हिम्मतदार पुरुष थिए। उनीका गाउँदेखि १ कोश पर 'कांसे' भन्ने गाउँमा यौटा पठान सँग रिणल्याए। विसोबा-को पठान सँग पहिलेकै परिचय थियो, अतएव आनेकाने नगरी एकै वातमा रुपया दिए। विसोबाले तंमसुक गरिदिए रुपयाँ ल्याएर अन्न किने अनि फेरि वाडन लागे। विसोबाले सम्पूर्ण याचकवर्गलाई नारायण नै सँझेर अन्नको सदावर्त गरेकाले बैकुण्ठमा विष्णुको सिंहासन डगमगायो। अब आपना प्यारा भक्तको दर्शन गर्न अनौठो रूप लिएर भगवान्को सवारि भयो। सबै याचकका पछाडि ठिङ्ग उभितु भएकोछ, दुगन्धी, मैलो, थोत्रो वस्त्र पैह्रेकोछ, दुवैहात उठाएर, दाताको जय, मालिकको जय, सरकार? धेरै दिनको भोकोछु, पेटमा एकदाना अन्न परेको छैन, कतै कोहि सोध पूछ गर्दैन, तपाईंको नाम सुनेर आएको छु, एक मुठ्ठी अन्न दया होस, भगवान्ले तपाईंको भलाइ गरुन्। यसरि कराइरहेका भिखारी-मा विसोबाको दृष्टि पऱ्यो। यता अरू याचकहरूलाई छिटो छिटो अन्न वाड्सिके अनि उहाँको पाली आयो। भिक्षुकरूपी नारायण उसै ठाउँमा वसिरहेको हुनुहुन्थ्यो चटपट गर्ने पनि सामर्थ्य थिएन विसोबा उहाँ पुगे। भिक्षुकका शरीरबाट भयानक दुर्गन्धी आइरहेको थियो। उहाँलाई जुरुक्क उठाएर काखिमा च्यापेर घरमा ल्याएर ताता पानीले स्नान गराएर सफा कपडा पैह्राए र निधारमा चन्दन लगाइ-दिए। घरमा जो अन्न तयार भएको थियो त्यसैले भोजन गराए। पाउ धोएर चरणोदक ग्रहण गरे। पत्नीले पङ्खा हाकिन्, सहर्ष भिखारीले पेटभर ज्यूनारान गर्न भ्याये। भगवान् ता मिठो र नमिठो खाद्य पदार्थको प्यारो हुनु हुन्न, जस्तो सम-

र्पण गरेपनि श्रद्धाले गरेकोमा सन्तोष मान्नु हुन्छ। भाव अथवा भक्तिका प्यारा हुनु हुन्छ। पाठक ? हेर्नु होस, साक्षात् विष्णु भक्तका घरमा मगन्तेको ढर्रा (स्वाङ्) पारेर भोजन गर्न जानु भयो। धन्य भक्तको भाग्य। सच्चा वैष्णव त्यही हो जो चराचर जगत्लाई विष्णुको रूप देख्तछ। भेददर्शी वैष्णव र शैव हुन सक्तैन। भेददर्शी दाम्भिक पशु समान हो। जो जगतमा जीवहरूको उपेक्षा गरेर केवल मूर्तिमा मात्र भगवान् सँझन्छ त्यो न वैष्णव हो। शैव हो।

विसोबाको आदर्श अतिथि प्रेम देखेर भिक्षुक रूपनारायणको अति खुसी भए। उहाँले गद्गद् स्वरमा भन्नु भयो, बाबु ? तिमीलाई के आशीर्वाद दिउँ ? भगवान्ले तपाइँको कल्याण गरुन्, यति भनेर भिक्षुक हिडे।

परस्परमा कुरा लगाउने वझाउने, अर्काको उन्नति हेर्न, सहन नसक्ने अर्कालाई दुःखपरेको देख्ता पुत्रोत्पत्ति भए जस्तो सौख्य संझने स्वाँठहरू सन्सारमा पाइन्छन्। यसैले गाउँका मानिसले विसोबाको दानशील देख्न सकेनन्। यो पछिल्लो पटक काँसेगाउँका पठानबाट रूपयाँ ल्याएर विसोबा अन्न बाँडदैछन् भनेर पत्ता लगाए। पठानसँग गएर उनीहरूले विसोबाका घरमा भएको सम्पूर्ण चरित्र बताए। पठानले रूपयाँ रीण दिएको विषयमा पश्चात्ताप गरेर तात्-तातै गएर विसोबा सँग रूपयाको तातो लगाए। विसोबासँग रूपयाँ कहाँ थिएर दिन्थे। परन्तु उनीले भने, पठान जी ? न आत्तिनुहोस सात दिनमा कहिं न कहिंबाट पनि उब्जाएर तपाइँको रूपया दिउँला। पठानले भने नहिं नहिं, यो सबै टार्ने कुरा हो मं सुन्दिन, मलाई अहिल्यै रूपयाँ देउ या जवानि राख नत्र म मान्दिन। गाउँका मानिस कुनै भलाद्मी पनि थिए। विसोबा कहिल्यै झूटो बोल्दैनन् भन्ने जान्दथे। साँचै हो विसोबा वरू प्राण दिन्थे असत्य बोल्दैन थे। अतएव गाउँका मानिस जवानी वसी दिए र पठानलाई सात दिनमा रूपया ल्याउँला भनेर पठाए। छ दिन वीते बिसोबाले कतैबाट पनि रूपयाँको प्रबन्ध गर्न सकेनन्। सातौं दिन भयो। विसोबा सोच्न लागे। मनमनै भन्छन्, हेनारायण ? आजसम्म तपाइँले मेरो यौटा कुरो पनि व्यर्थ गर्नु भएको थिएन। आज मलाई लाज भैरहे-को छ। यो लाज मेरो ह्वैन तपाइँको हो। हे हरि ? मंता तपाइँकै बाटो हेरिरहेको छु। तपाइँ मेरो साथी हुनुहुन्छ। तपाइँ मेरो जन्म मरणको साथी हुनुहुन्छ। तपाइँलाई छोडेर अब मं कहाँ जाउँ। यसरि विसोबा एकान्तमा वसेर भगवान्को नाम संझेर रून लागे। भगवान् भक्तको दुःख किन सहन सक्नु हुन्थ्यो। भक्तको लज्जा भगवान्को लज्जा, भक्तको इज्जत भगवान्को इज्जत हुन्छ। भगवान् भक्तको वचन किन असत्य गर्न इच्छा गर्नु हुन्थ्यो। त्यो सातौं दिन बाह्र [illegible] जानु

भयो र भन्नु भयो, पठान जी ? त मसुक निकाल्नुहोस, व्याज के कति भयो हिसाब गर्नु होस म रूपया तिर्न आएँ। यो कुरा सुन्दा पठानलाई ज्यादै आश्चर्य लाग्यो र यो अनिकालको समयमा बिसोबालाई कसले रूपया दियो भनेर सोधे। मुनिमले भने, बिसोबा कहिल्यै झूट बोल्दैनन् त्यसैले उनीका मित्रले दिए। अब पठानले हिसाब गरे, त्यसबेला अरू पनि धेरै मानिस थिए, सबैका सामुन्ने पाइ पाइ हिसाब गरेर पठानको रूपयाँ चुक्ता चुकित गरिदिनु भयो र तंसुक चित्तल गरेर बिसोबाको सदा पाठ गर्ने गीताका किताबमा लगेर राखिदिनु भयो। आठौ दिन विहान पाठ गर्न बिसोबाले गीता पल्टाएर हेर्छन् ता पठानलाई गरिदिएको चित्तल तंसुकपो छ। उनीलाई ठूलो आश्चर्य लाग्यो। तुरुन्तै पठानका घरमा गएर पठानसँग मैले रूपया तिर्न सकिन भन्न लागे। पठानले भने, तपाइँ नाहक्मा किन परिश्रम गरिरहनु भएको ? हिजो नै तपाइँका मुनिम आउनु भएको थियो। मेरो रूपयाँ तिरेर जानु भयो। त्यसबेला गाउँका मानिसहरू पनि थिए, विश्वास लागेन भने गएर सोध्नुहोस। अब गाउँका मानिससँग बिसोबाले गएर सोधे तिरेकै ठहरियो। तै पनि बिसोबालाई आश्चर्य नै लाग्यो। उनीले केहि सँझन सकेनन्। सिधै घरमा आएर मुनिमलाई सोधे। भाई मलाई न ढाट, सत्य भन, तिमी हिजो पठान काहाँ कुन बेला गयौ ? कसरि, मेरो हिसाब चुक्ति गरेर आयौ ? विचरा मुनिम छक्क परेर भन्न लागे। मालिक ? म साँचो भन्छु, तपाइँको पाउ समाएर क्रिया हाल्छु। यस विषयमा मं क्यै जान्दिन, म पठानका घरमा गएकै छुइन। यसमा तपाइँ विश्वास गर्नुहोस। अब बिसोबाको आँखा खुल्यो तुरुन्तै पण्डपूरमा आएर बसे, जीवन भर भगवान्को कीर्तन, श्रवण, मनन गरेर आफू अमूल्य मानव जीवन सफल पारे।

भक्त नामदेव वैष्णवको विषयमा अर्को कथा

दक्षिण हैदरावादमा 'नरसी ब्राह्मणी' भन्ने यौटा गाउँछ। त्यसमा दामासेठ, नाम भएका यौटा दर्जी वस्तथे। तिनकी धर्मपत्नीको नाम गोणाइँ थियो। भक्त श्रेष्ठ नाम देवजी यिनै दम्पति (छीपी) का पुत्र रत्न हुन्। विक्रम सम्वत् १३२७ कार्तिक शुक्ल रविवारका दिन सूर्योदय हुने साथ नाम देवको जन्म भयो। यिनी पूर्वजन्मको संस्कारले जन्मदैदेखि भगवान्का भक्त थिए। माता पितानै बालकका सर्वप्रथम गुरु हुन्छन्। बालकहरू उनीहरूले गरेका कार्यको र वचनको अनुकरण गर्दछन्। नामदेवका माता पिता भगवद्भक्त थिए। नित्य भगवान्को कीर्तन, श्रवण आदि गर्दथे। नाम देवजी पनि त्यै अनुकरण गर्न लागे। विष्णुको मूर्ति दर्शन, नामोच्चारण, जय जयकार, श्रवण मनन, निदिध्यासनले नामदेव

विष्णुमय भएका थिए। नामदेवको विष्णुमा दृढ श्रद्धा भएको थियो। विष्णुको जडमूर्तिलाई चैतन्य सँझन्थे। उसैलाई सच्चा भगवान् संझन्थे।

एक दिन यिनका पिताले कार्यवश बाहिर जानु पऱ्यो। जानेवेलामा विष्णुका पूजाको भार, आज तिमीले गर्नु भनेर नामदेवलाई सुम्पेर गए। बालकपनको सरल श्रद्धाले पूजाको सामान र कचौरामा दूव लिएर भगवानका सामुन्नेमा गए। स्वाभाविक श्रद्धाले भगवानको पूजा समाप्त गरेर भगवान अथवा मूर्तिका अगाडि दूवको वटुको राखे अनि हात जोडेर भगवान् दूध पान गर्नुहोस भने। भगवान् पनि ता घमण्डी हुनुहुन्छ, भित्र अन्तःकरणको भाव नबुझि मीठो भेट्टाउँदैमा किन पान गर्नु हुन्थ्यो। बालकको सिधा साधा भनाइमा ध्यानै दिनु भएन। नाम देवले एकछिन् आँखा चिम्ले अनि हेरे दूध जतिको ततिनै देखे। यसबाट उनीका मनमा केइ दुःख लाग्यो। नामदेव विचार गर्न लागे। मबाट के अपराध भयो होला, भगवान्ले मैले दिवेदन गरेको दूध पान गर्नु भएन। अब नामदेव हात जोडेर भगवन् ? दूध पान गर्नुहोस भनेर बारम्बार भन्न लागे। परन्तु भगवान्ले तिनीको दूध पान गर्नु भएन। उनीलाई वडो दुःख लाग्यो। अनि भने हे विष्णो ? यदि मैले चढाएको दूध तपाइँ पीउनु हुन्न भने हेर्नु होला मं पनि जीवन भर दूध पीउने छैन। यो बालकको प्रतिज्ञाले खूब काम गऱ्यो। भगवानको मूर्तिलाई नाम-देवले ढुङ्गाको मूर्ति संझेको थिएन। उनीको मनता उनै साक्षात्, सत्, चित्, आनन्द परमात्मामा थियो। भा० प० स्कन्दमा स्थावर, जङ्गम सबै मेरो हों भनेर बताएको छ। हामीहरू जड मूर्तिलाई चैतन्य नमानेर नै पूजा गर्छौं, यसैले भगवान चैतन्य रूपले हाम्रा सामुन्नेमा प्रकट हुनुहुन्न। यो कुरा हामी सवैको अनुभव सिद्ध छ। जस्तै आफ्नू पितालाई शत्रु संझेमा शत्रु, मित्र संझेमा मित्र हुन्छन्। त्यस्तै जड पनि चेतन संझदा चेतनमा, जड संझदा जडमा परिणत हुन्छ। केवल संझाइमा फरक पर्छ। त्यस्तै नाम देवले जडलाई चैतन्य मानेर हठ गरे; अत उसैवेला साक्षात् भगवानले प्रकट हुनुपऱ्यो। भक्ति, श्रद्धा, प्रेम पूर्वक अर्पण गरेको दूध पान गर्नु भयो। नाम देवको भगवानका साथमा पूरा पूरी जान पहिचान भयो। नाम देव जो चीज अर्पण गर्दथे भगवान प्रकट भएर खानु-हुन्थ्यो। यस्तै प्रकारले प्रतिदिन नाम देवको भगवानमा भक्ति वृद्धि हुँदै गयो। नाम देव आफू गाउँ छोडेर प्रशस्त भक्तहरूको वासस्थान भएको पण्डपूरमा गएर बसे।

(१) प्रसिद्ध सन्त ज्ञानेश्वर नामदेवका प्रिय साथी भए। भगवान्को कीर्तन, भजन, तीर्थाटन गर्दा सँगै हिड्ने वस्ने गर्दथे। कुनै दिन नामदेव र ज्ञानेश्वर तीर्थयात्रा गर्न हिडे। गर्दै गर्दै प्रभास, द्वारिका आदि क्षेत्र र अरु अरु मोक्षपूरी-

हरूको दर्शन गरेर दुवै ज्ञानी भक्त फर्कीरहेका थिए। बाटामा विकानेरका नजिकैमा कौलायत नाम भएको गाउँ आयो। दुवै जनालाई ज्यादै तिर्खलागेको थियो। नजिकैमा यौटा कुवा थियो, तर पानी थिएन सुकेको थियो। ज्ञानेश्वर अष्ट सिद्धि प्राप्त भएका योगी थिए। उनीले लघिमा (सानुहुने) सिद्धिद्वारा कूवा भित्र जमीनमापसेर जलपान गरे, नामदेवका निमित्त पनि पानी लिएर माथि आए। परन्तु नामदेवले त्यो पानी पिएनन्। प्रेम मग्न भएर भन्न लागे। के मेरा विष्णुको मेरो चिन्ता छैन? मलाई तिर्खा लागेको स्वयं जान्नु हुन्छ। उहानै पानी दिनु हुन्छ। भगवान् पनि ता भक्तको सेवा गर्ने अवसर खोजिरहनु हुन्छनि। फेरि यस्तो मौकामा किन चुक्नुहुन्थ्यो। भगवान्‌का कृपाले कूपमा जल भरिएर माथि निस्क्यो, नामदेवले जलपान गरे। भक्तका प्रेमरूपी बन्धनको प्रभाव देखेर ज्ञानेश्वर आश्चर्य भए। भगवानमा भएको नामदेवजीका प्रेमको प्रशंसा गर्न लागे। नामदेवले ज्ञानेश्वरका चरणमा प्रणाम गरे। क्यै दिनमा तीर्थयात्रा पूरा-गरेर दुवै जना फर्केर आए।

वास्तवमा सच्चा धन्य मानव त्यो हो, जो चराचर जगतलाई भगवानको रूप देख्तछ। श्रीनामदेवजीमा सर्वत्र भगवद्दर्शनको निष्ठा (भावना) थियो। उ जहाँ वास्तथे, जुन पदार्थ देख्तथे, त्यो सवैलाई भगवान् नै देख्तथे। भगवान् सिवाय अर्थोक देख्तैनथे।

(२) एकदिन नामदेवका कुटिमा आगोलाग्यो। एकातिरबाट आगोलाग्यो, नामदेव अर्कातिर भएका राखेका चीज वीचहरू उचाल्दै अग्निमा लगाउन लागे। साथै भन्न लागे, प्रभो आजता राता जिभ्रा निकालेर लपलपाउँदै आउनु भयो। एकातिरबाट मात्रै किन आउनु भएको? एकातिरका चीज लिनु भयो के अर्कातिरका चीजले क्यै पाप गरेको थियो? जसलाई तपाईंले कृपा गर्नु भएन। प्रभो? यिनीहरूलाई पनि ग्रहण गर्नुहोस। यसो भनेर कीर्तन गर्न नाच्न लागे। क्यैवेरमा आगो निभ्यो। अब नामदेव कुटीविनाका भए। वर्षाकाल थियो। कहाँ वसुन् भगवान्‌ले आफैं मजदूर वनेर तुरुन्तै नामदेबको कूटी बनाएर छापि दिनुभो। भगवान् प्रतिदिन भक्तको सेवामा तत्पर रहनुहुन्छ।

(३) एकदिन नामदेव गाउं डुल्न गएका थिए। यौटा कोहि मानिस नभएका सून्य घरमा वासवसे। त्यो घरमा कोई ब्रह्म राक्षस वस्तथ्यो। मानिसले भने, महाराज? यो घरमा नवस्नुहोस, यसमा भूत वस्तछ। आधारात भए पछि त्यो यहाँ आउंछ र यहाँ वस्नेलाई मार्छ। नामदेव सवैलाई भगवान् देख्तथे। यो कुरा सुनेर उनीले भने, भूत पनिता मेरै भगवान् हुनु भयो होला, भनेर हाँसे, त्यसै घरमा वसे। आधारात भयो, भूत आयो। नामदेवले उसलाई देख्ने वित्तिकै

भगवान् संझेर प्रणाम गरे, अनि गाना गरे, कीर्तन गरेर नाच्न लागे प्रेत तुरुन्त भगवानको रूपमा परिणत भयो। नामदेवको मनले ता पहिले पनि भूतलाई भगवान्नै संझेको थियो।

(४) एक दिन नामदेव जङ्गलमा रूखका फेदमा वसेर रोटी पकाउँदै थिए रोटी पकाएर राखेको थियो, आफू लघुशङ्का (पोसाव) गर्न गएका थिए। त्यसैबेला यौटा कुक्कूर आयो र रोटी वोकेर र हिड्यो। उसैवेला नामदेव पनि आइपुगे। सबैमा भगवान देख्ने भक्त श्रेष्ठ नामदेव; घिउको वटुको हातमा लिएर, भगवन् ? रोटी फुस्रो छ, ऐले चिल्लो छैन, मलाई घिउ लगाउन दिनुहोस, यसो भन्दै कुक्कुरका पछि पछि दौडे। भगवानले कुक्कूरको रूप त्याग गरेर शंख, चक्र, गदा, कमल धारणा गरेको चतुर्बाहु रूपमा नाम देवलाई दर्शन दिनु भयो। नाम देव जस्ता सच्चा भक्त पाउन दुर्लभ छ। हामीलाई, भक्त, भजन, कीर्तन, श्रवण, मनन यी शब्दको अवयव अर्थ नै पत्ता छैन, अब हामी कसरी भक्त हुन्छौं। हामीहरू ता केबल मालाभक्त, चन्दनभक्त, शङ्ख चक्र डाम भक्त, धनभक्त, सौन्दर्य भक्त, जुल्पी भक्त मात्र सर्वत्र देखा पर्छौं। हामी जस्ता भेददर्शी भक्त ज्ञानीका दृष्टिमा भक्त सुहाउदैनौं।

भक्त राँका बाँकाको कथा

पण्डपूरमा लक्ष्मीदत्त नाम भएका यौटा ऋग्वेदी महाराष्ट्र ब्राह्मण वस्तथे। स्त्री पुरुष दुवै भगवानका वडा भक्त थिए। एक दिन भगवान् साधुको रूप लिएर तिनीका घरमा अतिथि वन्नु भयो। दम्पतीले गरेको सेवाबाट अति सन्तुष्ट हुनु भो र तिम्रो भगवद्भक्त यौटा पुत्र पैदा हुनेछ भनेर वर दिनु भयो। तदनुसार वि० सं० १३३७ मार्ग शुक्ल गुरूवार धन लग्नमा श्रीमती रूपा देवीका गर्भवाट श्रीराँका जीको जन्म भयो। उसै प्रकारले १३४१ वैशाख कृष्ण सप्तमी बुधबार कर्कट लग्नमा हरि पूरमा हरिदेव ब्राह्मणका घरमा बाँकाको जन्म भयो युवा अवस्थामा राँकाको विवाह बाँका सँग भयो। राँका ज्यादै रङ्क (गरीब) थिए; यसैले सुन्दैमा यिनीको नाम 'राँका' भन्ने भयो। राँका गरिब, अशिक्षित, सवैले वास्ता नगरिएका भएता पनि, तीव्र वैराग्य उत्कृष्ट भक्तिका प्रभावले गर्दा भगवानका बड़ो प्रेम पात्र थिए। राँकाकी स्त्री पनि बड़ी साध्वी, पतिव्रता, भक्ति परायण थिइन्। वैराग्यमा ता राँका भन्दा पनि बढी थिइन्। दिन रात पति सेवा, भजन, ध्यान गर्ने गर्थिन्। दुवै स्त्रीपुरुष सुक्का दाउरा जङ्गलबाट खोजेर ल्याउँथे र वेचेर जीवन वृत्ति गर्दथे। तिनीहरूको दुःख देखेर नाम देवलाई भारी दुःख लाग्यो। नामदेवले राँका बाँकाले दुःख पाए, तिनीहरूलाई केहि धन दिनु होस भनेर भगवान् सँग

प्रार्थना गरे । भगवान्‌ले भन्नु भयो, राँका क्यै धनै लिन इच्छा गर्दैनन् । तिमीलाई पत्यार लाग्दैन भने बाटामा लुकेर हेर । अर्कादिन विहान जुनबाटाले राँका वाँका दाउरा खोज्न जङ्गलमा जान्थे त्यै बाटामा भगवान्‌ले मोहोर रुपया भरी भएको यौंटा थैली राखिदिनु भयो र आफू अलग भएर वस्नु भयो । अब बिहान यताबाट राँका वाँका दुवै स्त्री पुरुष दाउरा खोज्न जङ्गलतिर हिंडे । भगवानको प्रेममा मस्त भएर राँका अलिक अघि जाँदै थे मोहरका थैलीमा ठेस लाग्यो । टुक्रुक्क वसेर राँकाले के रहेछ भनेर हेरे मोहोरले भरिएको थैली लड़ी रहेको देखे । राँका त्यसलाई माटाले छोप्न लागे । यसैवेला वाँका पनि पुगिन् । स्त्रीले सोधिन्, माटाले के छोप्तै हुनुहुन्छ ? राँकाले उत्तर दिएनन् । स्त्रीले फेरि सोधिन्, अनि मात्र राँकाले भने, यहाँ यौटा मोहोरको थैली लडिरहेको रहेछ । मैले विचार गरें कि तिमी पछि आउँदैछौ, यो मोहोरको थैली देखेर मोहोरका निमित्त लोभ पैदा भयो भने ता आफ्ना साधनमा विघ्न पर्नेछ, यसैले उसलाई माटाले छोपिरहेको थिएँ । परमवैराग्यवती वाँका यो कुरा सुनेर हाँसिन् र भनिन्, नाथ ? सूनमा र धूलामाके भेद छ र, तपाईं धूलैले धूलो किन छोप्तै रहनु भएको थियो ? स्त्रीको यों कुरा सुनेर राँका अत्यन्त प्रसन्न भएर भने तिम्रो वैराग्य ज्यादै उत्कृष्ट रहे छ । मेरा बुद्धिमा ता सुन र माटाको भेद भरिएको छ । तिमी ता मं भन्दा ज्यादै अघि वढेर गयौ । नाम देव ता राँका वाँकाको वैराग्य देखेर आफूलाई तुच्छ मान्न लागे अनि भगवान्‌सँग भने । हे भगवन् ? जसका उपर तपाइंको कृपा दृष्टि पर्दछ, उसको मनमा तिनै लोकको राज्यमा पनि मोह हुँदैन । तपाइं सिवाय उसलाई केई मन पर्दैन । जसलाई अमृतको स्वाद छ, उ सखरतिर दौडन्छ ? दौडदैन ।

दयालु भगवान्‌ले उसै दिन राँका वाँकाका निमित्त जङ्गलका सवै सुकेका दाउरा वटुलवाटुल गरेर दुइटा वीटा बाधेर राखिदिएका थिए राँका वाँकाले ती दाउराका वीटा दाउरा खोज्दै जाँदा भेटे । कसैले आफ्ना निमित्त विटा बाधेर राखेको होला भन्ने संझे । अर्काको चीज नमागि, नदी छोयो, लग्यो भने पाप लाग्छ, चोर ठहरिन्छ यो सँझेर त्यतातिर हेर्दै हेरेनन् । त्यस दिन अरू सुकेका दाउरा भेट्टाएनन् दुवै स्त्री पुरुष खाली हात फर्केर घरमा आए । त्यस दिन दम्पतीले उपवास वस्नु पर्‍यो । ती जायापतीले विचार गरे, यो हामीलें उपवास वस्नु परेको केले त भने, बाटामा मोहोर देखेको फल हो, हात लगाएको भएता झन् के के पो हुने थियो ।

आखिरमा भगवान्‌ले ती दम्पतीलाई आफ्नू दुर्लभ दर्शन दिएर कृत कृत्य गर्नु भयो । भक्त राँका १०१ वर्ष बाँचेर १४५२ वैशाख शुक्ल पूर्णिमाका दिन परमधाम जानु भयो ।

भक्त धनुर्दासको कथा

भक्ति मार्गमा सजिलै सँग जान सकिने, सजिलै सँग पाउन सकिने साधनहरूमा कुनै साधन पनि हुन्छन् । जसद्वारा विषयासक्त पुरूष पनि सरल तरिकाले भगवानको भक्त हुन सक्तछ । यस्ता उदाहरण पौराणिक इतिहास, एवं भक्तमाला आदि भगवद्भक्तका चरित्र ग्रन्थमा पाइन्छन् । श्रीवैष्णवधर्मका प्रधानप्रवर्तक श्रीरामानुजाचार्यका जीवनमा पनि यस्ता कयौं घटनाहरूका उदाहरण पाइन्छन् । ती मध्येमा यौटाको उल्लेख यहाँ गरिन्छ ।

मद्रासप्रान्तको त्रिचनापल्ली नाम भएको सहरको नजिकै उरयू भन्ने यौटा वस्ति छ । यसको पुरानु नाम निचुलापूरी हो । यो वैष्णवहरूको यौटा पवित्र स्थान छ । यहाँ 'धनुर्दास' नाम भएका नामी पहलमान वस्तथे । यिनकी यौटी परमसुन्दरी श्रीमती थिइन् । तिनी पहिले ता वेश्या थिइन्, पछि धनुर्दासकी श्रीमती वनेर घरमै वस्न लागिन् । धनुर्दास ती स्त्रीको रूप र मीठो बोलीमा लठ्ठ परेका थिए । कति सम्म आसक्त थिए भने, उ जहाँ जान्थे सँगै लिएर जान्थे । स्त्रीलाई साथमा लिएर हिड्दा पनि अचम्मले हिड्दथे । अब दम्पती हिंडे, स्त्रीलाई सामुन्ने पारेकोछ, उनीका मुखमा आँखा लगाएको छ, पछि पछि पाइला सार्दै अघि अघि जान्छन्, पछाडितिर अलगो, होचो, ढुङ्गो, मूडो के छ पत्ता छैन । देख्ने मानिसलाई उनीको यो व्यवहार एक प्रकारको आश्चर्य गराउने हुन्थ्यो । पाठकहरूले दक्षिण भारतको श्रीरङ्गनाम भएको प्रधान तीर्थको नाम सम्भवत सुनेकै पनि होला । यो श्रीरङ्गम् भन्ने नामले प्रसिद्धछ । त्रिचनापल्लीका नजिकैमा पर्छ । यहाँ श्रीरङ्गनाथ भगवानको मन्दिर छ । त्यसमा सालै पिछे, पटक पटक; धूमधाम संग भगवानको महोत्सव हुन्छ । एकदिनको कुरा हो । वसन्तऋतु, चैत्र मैन्हा छ, त्यसमा भगवानको चैत्रमैन्हाको महोत्सव (यात्रा) चलिरहेको थियो । यात्रा समाप्त हुन थोरै दिनवाकिथियो । धनुर्दासकी प्यारीलाई त्यो उत्सव हेर्ने इच्छा भयो । उनीले धनुर्दासका साथमा आफ्नू इच्छा प्रकट गरिन् । अब केथ्यो एकछिनमा निचुलापूरीवाट श्रीरङ्गमा पुगे, भगवानको दर्शन गर्ने विचार भयो । दुवैले भगवानको मन्दिरतिर प्रस्थान गरे । समय दिनको, साडे नौ दश, यस्तै भएको थियो । धनुर्दास आफ्नी प्रियतमालाई सामुन्ने पारेर सर्दै अगाडि वढिरहेको थिए । गर्मीको समय थियो हातमा छाता लिएर श्रीमतीलाई कडा गर्मिबाट वचाउन धूमधाम व्यस्त थिए । त्यस्ता गर्मिमा आफ्नू शरीर समालनका लागि जसरि हिड्दा पनि हँस्सी हुदैनथ्यो । तर त्यो कठोर गर्मिमा, फूलको रसपानमा मस्तभएको भूखाँरोझैं, स्त्रीको प्रेम र सौन्दर्यको पानमा मस्त भएका 'धनुर्दास' पत्नीलाई छाता ओढाएर पछाडि सर्दै अगाडि बढिरहेका थिए । पछाडि अलगो होचो कस्तो

वाटो आउँछ होस थिएन । पसिनाले लतपतिएका थिए, शरीरको सुधि थिएन । त्यो समयमा रामानुजाचार्य स्वामी श्रीरङ्गधाममा नै वसिरहनु भएको थियो । उहाँ पनि एकातिरबाट मन्दिर तिर नै जाँदै हुनुहुन्थ्यो । धनुर्दासको यो आश्चर्य गर्ने व्यवहारमा कयौं मानिसको दृष्टि परेको थियो । तर यो दृश्य अघि अघि पनि तिनीहरूले देखेको थियो, नयाँ थिएन, अतएव सव कोई उँघो आँखा लगाएर आफ्नूवाटो हिँडिरहन्थे । रामानुजस्वामीका निमित्त यो दृश्य विल्कूल नवीन थियो । देख्ने साथ यौटा शिष्य संग सोध्नु भयो । यो को हो ? जसले यस्तो निर्लज्जता देखाइरहेछ ? शिष्यले भने, यी निचुलापूरी वस्ने 'धनुर्दास' भन्ने प्रसिद्ध पहलमान हुन् । ती स्त्री तिनैकी पत्नी हुन् । तिनोको नाम 'हेमाम्बा' हो । पहिले ती वेश्या थिइन्, पछि तिनीलाई, धनुर्दासले गृहिणी वनाएर राखे । शिष्यको यो कुरा सुनेर केई प्रसन्न हुँदै स्वामीले फेरि शिष्य संग भन्नु भयो । तेस्रा प्रहरमा उसलाई बोलाएर मठमा मंसंग ल्याउनु, मौका पर्छ भने अहिल्यै गएर उसलाई भनेर आउ । वस, मुखवाउन मात्र बाँकि थियो, शिष्य दुगुरेर गए, स्वामीको समाचार सुनाए । समाचार सुन्दैमा धनुर्दास कामे । कुरा काटुन् भने मुखमा काट्ने थिएन । मनमा संझे, मेरो यो निर्लज्जता देखेर स्वामी रिसाउनु भयो होला, सम्भव छ उहाँले मलाई हप्काउनका निमित्त मठमा बोलाउनु भएको होला । विग्रने कुरा पनि ता छनि । यस भीडमा, मंभन्दा पनि पापी, विषयासक्त, मनुष्यहरू पनि कुनै पनि आफ्नू धमिलो भाव घरैमा राखेर यो महोत्सव भैरहेका ठाउंमा होलान् । त्यस्ता भगवानको दर्शन गर्न श्रद्धा भक्तिले देश देशबाट आएर तन्मन भै रहेका छन् । त्यस्तो यो अपार भीडमा म मात्र यौटा यस्तो छु कि, जो यो भीडमा पनि लाज नमानि स्त्रीका सौन्दर्यमा गोता लगाई रहेकोछु मंलाई धिक्कार छ । धनुर्दास यै सव कुरा शोचिरहेका थिए । मठमा जाने नजानेमा पनि निर्णय हुन सकेन । नजादा स्वामीको अवहेलना । आखिरमा जानेनै निश्चय गरेर भने, हुन्छ महाराज ? प्रसाद पाए पछि म अवश्य पनि स्वामीजीका चरणमा उपस्थित हुनेछु । यो कुरा तपाइंले स्वामीजी संग भनि दिनु । शिष्यले आएर सवैकुरा स्वामी संग भनिदिए । स्वामी मन्दिरमा जानुभयो । आरतिको समयमा भगवानसंग स्वामीजीले बडो दयालु बनेर अर्चना गर्नुभयो । भगवान् ता भक्तका सेवक हुनुहुन्छ, भक्त जेजेभन्छन् त्यै त्यै मान्नुहुन्छ । अतएव प्रिय भक्त स्वामीजीले भन्नु भयो, भगवान् ? दयामय यौटा विमुख जीवलाई आफ्नू सौन्दर्य (राम्रोअनुहार) द्वारा सन्मुख गर्नु होस । यो प्रार्थना गरेर आरती समाप्त भए पछि स्वामी आफ्ना मठमा आउनु भयो । भोजनका अवसानमा आफ्नू वचन अनुसार ठीक समयमा धनुर्दास मठमा पुगे । स्वामीलाई खबर पुग्यो । खबर ल्यानेलाई स्वामीले भन्नु भयो यहाँ बोलाएर ल्याउ ।

उनले भने मालिक् ? ती मठभित्र कसरि आउँछन्, पहलमान ता ज्यादै नीचा जातिका हुन्छन् । स्वामीले भन्नु भयो, यसमा शङ्का समाधान गर्ने काम छैन । म जे भन्छु त्यो गर ! अब धनुर्दास भित्र गए, नमस्कार गरेर अलिक पर हातजोडेर उँधो आँखा लगाएर उभिरहे । उनको यो व्यवहारमा स्वामीजीले वडो प्रेमले भन्नुभयो । आउ मेरा साथमा वस, तिमीलाई वयँ सोध्नु छ । धनुर्दास अलिक अधि सरेर वसे । स्वामीजीले सोध्नु भयो । अँ यो त भन ? ती स्त्रीलाई साथमा लिएर त्यो अनौठो ढङ्गले लाज पचाएर यो यत्रो जनताको भीडमा हिडने कारण के हो ? स्पष्ट भन ? छपाउन पाउदैनौ । धनुर्दासको साहस अझ वढ्यो, अनि निर्भय सँग भन्न लागे । महाराज ? ती स्त्रीको सौन्दर्यमा मेरो मन लठ्ठ भएको छ, हुन ता स्त्री कामवासनाका घर हुन्, तथापि मेरा मनमा काम वासना वयँ छैन । मैले कामासक्त भएर त्यो व्यवहार गरेको ह्वैन, केवल उनीको राम्रो अनुहारको कारणले । उनीको अनौठो सुन्दर मुख, आँखा देख्न पाईन भने म वेहोसी हुन्छु, लौ यथार्थ कुरा यै हो । स्वामीजी ? मलाई जे गर्नु पर्छ गर्नुहोस, मञ्जूर, तर ती स्त्रीबाट मलाई विछोड न गराउनु होस । स्वामीले भन्नु भयो, त्यो हुने छैन । मं तिमीलाई तिनीलाई छोड भन्दिन, ती स्त्रीसरह तिम्रासाथमा वसुन्, तर तिमी जो उनीको सौन्दर्यमा लठ्ठ भैरहेका छौ त्यो नहोस भन्ने मेरो भनाइ हो । यदि मैले तिमीलाई त्यो स्त्रीको भन्दा पनि बढो गरेर सुन्दर मुखदेखाइ दिएँ भने, के तिमी मेरो कुरा स्वीकार गर्न मञ्जूर गर्छौ ? भन । धनुर्दासले भने किन मञ्जूर गर्दिनथे । यदि उसभन्दा राम्रो मुहुडा (अनुहार) देख्न पाएँ भनेता उसलाई विल्कूल त्याग गर्न तयार छु । स्वामीले भन्नु भयो, म उनीलाई पूर्णतया त्याग गर, तिमीलाई भन्दिन । किन भने—हेमाम्बा वेश्यावृत्ति छोडेर अहिले तिम्री स्त्री भएर बसेकी छन् । यसबाट एकप्रकारले उनीको सुधारनै भयो । तिमीले उनीलाई छोडिदियौ भनेता फेरि वेश्यावृत्ति गर्न लाग्ने छन् । त्यो ता राम्रोहुने छैन । मं चाहन्छु—ती स्त्रीकै रूपमा तिमीसंगै याँहि वसुन् । त्यसमा कोई आपत्ति छैन । तर तिमी निर्लज्ज भएर उनीमा मुग्ध नहोउ । तिम्रा साथमा बस्ता बिस्तारै विस्तारै उनीको सुधार हुनेछ । बोल, मञ्जूर छौ ह्वैन ? धनुर्दासले, अँ भन्दै सहर्ष स्वीकार गरे । स्वामीले भन्नु भयो, लौत ऐले जाउ, सन्ध्याकालको भगवानको आरतीको समयमा मन्दिरमा मंसंग भेट गर्नु एकलै आउनु, मं उंहि वस्नेछु । कसैले रोकटोक गर्ने छैन । म तिमीलाई पर्खेर फलाना ठाउंमा वस्नेछु । धनुर्दासले साष्टाङ्ग प्रणाम गरेर घरको वाटो तताए । बाटामा मनमनै भन्नलागे । मैले संझेको थिए स्वामीजीले मलाई छरी लाउँछन् राम्रो नराम्रो भन्ने छन्, मलाई हप्काउने छन्, अपमान गर्ने छन भन्ने थियो । परन्तु देख्तछु, यहाँता दोस्रो रङ्ग ढङ्ग छ । जोहोस, सन्ध्याकालमा देखिनेछ ।

सन्ध्याकाल भयो, धनुर्दास मन्दिरमा पुगे, रामानुजाचार्यको दर्शन भयो। स्वामीजी अघिदेखि नै यिनको बाटो हेरिरहनु भएको थियो। आरतीको वेला भयो। वाजा वज्न लागे। स्वामीले धनुर्दासलाई भन्नु भयो। खूब मन लगाएर भगवानको दर्शन गर्नु। आरती हुन लाग्यो, धनुर्दास स्वामीको आदेश अनुसार तन्मन लगाएर भगवानको दर्शन गर्न लागे। भगवानको अनुपम सौन्दर्यमा उनीका आँखा यसरी गाडिए कि झिम नगरि फोटोझैं निश्चल भए। धनुर्दास भगवानको रूप माधुर्यमा यसरि तन्मय भए र उभिएका थिए कि, कोई चित्र (फोटो) उभ्याएको हो कि जस्तो देखिन्थे। आरती समाप्त भए पछि रामानुज स्वामीका पाउमा परे। साथै साह्रै विह्वल स्वरले भन्न लागे। स्वामिन् ? यो अलौकिक सौन्दर्यका अगाडि, उस स्त्रीको सौन्दर्यय ता सोह्रै आना कौडीको कुड्को हो। अब तपाइँजे भन्नु हुन्छ त्यै गर्न तयार छु। तर अब यस्तो प्रबन्ध गरिदिनुहोस जसमा यो सौन्दर्य नित्य देख्न पाउँ। स्वामीले भन्नु भयो, हुनेछ। ऐले घर जाउ र आफ्नी श्रीमतीलाई सवै कुरा भन। धनुर्दास घर आए। स्त्रीलाई आफूले देखे जानेको सवैकुरा वताए। केहिदिन पछि स्त्रीपुरूषले स्वामीजीका चरणको आश्रय गरे। निचुलापूरीमा वस्न छोडेर श्रीरङ्गधाममा स्वामीजीका मठका नजिकै घर लिएर दम्पत्ती बडो आनन्दले दिन विताउन लागे। श्रीस्वामीजीले, श्रीवैष्णव संप्रदाय ज्ञानको विषयमा धेरै जान्ने वनाउनु भयो। दुवैको आचरण राम्रो भयो। धनुर्दास गुणी भएको हुनाले आचार्यजीले मनमा केहि कसर, कपट नराखि ज्ञानको उपदेश गर्नु भयो। विस्तारै विस्तारै ती स्वामीजीका विश्वासी परमभक्त बने। स्वामीको धनुर्दासमा यति प्रेम वढ्यो कि, आफ्नूवृद्ध अवस्थामा कावेरीमा स्नान गरेर फर्कंदा उनैको आधार गरेर मठसम्म या मन्दिर सम्म आउनु हुन्थ्यो। स्नान गर्न जांदा ब्राह्मण जातिका शिष्यको सहारा गरेर जानु हुन्थ्यो, आउँदा भने धनुर्दासको साहारा गरेर आउनु हुन्थ्यो। यहि उहाँको सदाको व्यवहार थियो। मठका ब्राह्मण, शिष्य आदि सवै स्वामीजीको यो व्यवहार देखेर मनमनै कुढिन थाले। यसविषयमा स्वामीजी रिसाउनु हुन्छ भन्ने डरले उनीसंग भन्न कसैको साहस हुँदैनथ्यो। जव कसैले भन्न सकेनन तव धैर्य गरेर एक दिन एकजनाले स्वामीसँग सोधे, श्रीमहाराजा ? तपाईं किन यसो गर्नु हुन्छ ? स्नान गरिसकेपछि हीन जाति धनुर्दासलाई किन छुनु हुन्छ ? तपाईंको सेवागर्न हामीहरू बारम्बार तयार भै रहन्छौं भने यस्तो व्यवहार किन गर्नु हुन्छ ? श्रीरामानुज स्वामीले सोध्ने वित्तिकै उत्तर दिनुभो, र मैले तिमीहरू नभएर यसो गरेको हगैन, किन त भने हृदयमा भएको आफ्नू अभिमान हटाउन यसो गर्दछु। धनुर्दासको आचरण यहाँ भएका हाम्रा कतिपय ब्राह्मणहरूको भन्दा कयौं उत्तम छ। यो मुख-

बुजोलाउने उत्तर सुनेर ती सबै छक्क परे। परन्तु उनीहरूको हृदय जलिरहेको थियो, निभेन। तिनीहरू धनुर्दासको केई डाही पनि गर्न लागे। स्वामी पनि कुणिनु भयो। उहाँले विचार गर्नु भयो, यिनीहरू धनुर्दासको डाही गर्न लागे, डाहीको अङ्कुर (टूसो) बढे पछि यिनीहरूको सत्यानाश गर्नेछ। बृद्धि हुनु भन्दा पहिल्यै निर्मूल गर्नु उचित हुन्छ। यो विचार गरेर एकदिन रात्रिमा यौटा आफ्नू विश्वासी मानिसलाई सुटुक्क बोलाएर भन्नुभयो, तिमी जाउ र ती मेरा शिष्य ब्राह्मणहरूको सुकाइराखेका कपडाको अन्नाजि एक एक वित्ता च्यातेर ल्याउ र मलाई देउ। तर यो कुरा कसैसँग नगर्नु। ती सज्जनले त्यसै गरे। विहान सबैले आफ्नू कपडा थोरै च्यातिएको देखेर आपस्मानै झगडा गर्न थाले। झगडा यति सम्म वढ्यो कि परस्परमा मुखमा जेजे आयो त्यैत्यै गाली वेइज्जति मन्परि भनाभन गर्न थालें। स्वामीजीले थाहा पाउनु भयो। सबैलाई बोलाएर आश्वासन दिदै भन्नु भयो, झगडा नगर तिमीहरूलाई नयाँ कपडा झिकाइ दिन्छु। अब दया गरेर मेरातर्फबाट क्षमा गर आचार्यजीले संझाउँदा झगडा ता मेटियो परन्तु यो कुरा विल्कुल गुप्त रह्यो। त्यसका क्यै दिन पछि कुनै शिष्यहरूसंग स्वामीजीलें भन्नु भयो, आज म संध्याकालमा धनुर्दासलाई धेरै रात जाउज्जेल सम्म सत्यसंगमा अलमल्याइराख्छु। तिमीहरू खूब सावधान भएर उसका घरमा जाओ र हेमाम्बाका गहना चोरेर ल्याओ र सुटुक्क मलाई देओ। शिष्यले पनि त्यसै गरे। जब धनुर्दास श्रीआचार्यका साथमा ज्ञानको चर्चामा संलग्न भए अनि शिष्यहरू तिनीका घरमा गए। द्वारको दैलो खुल्ला थियो। भित्र घरमा एकली हेमाम्बा सबै गहना लगाएर ओच्छयानमा पल्टेकी थिइन्। आफ्ना पतिलाई पर्खेर निधाएकी थिइनन। विष्णु-भक्तहरूलाई रातको समयमा चूपचापसंग घरमा पसेको देखेर उनीलें संझिन कि यिनीहरू क्यै चोर्नें नियतलें नै यहाँ आएका होलान्, यो मनमा संझदै निदाए जस्ति भएर धुर्न लागिन्। उनीले यसरि वेहोसी भएर सुतेको देखेर ती मानिस-हरूले शरीरको एकातिरको गहना खुस्काए र लिए। हेमाम्बाले शोचिन अर्का पटीको पनि गहना लगेता राम्रो हुने थियो, यो शोचे र ऊनीले पाटो फेरिन, तर शिष्यले संझेकि यी निद्राबाट जागिन् भने ठीक हुने छैन यो ठानेर भागे। मठमा पुगे। स्वामीजीले शिष्यहरू फर्केर आएको जव थाहा पाउनु भयो अनि मात्र धनु-र्दासलाई विदा दिनु भयो। फेरि शिष्यहरूलाई बोलाएर गहना लिनु भो र लुकाएर राख्नु भयो र भन्नु भयो, तिमीहरू धनुर्दासका घरमा जाओ र यो कुराको पत्ता-लगाओ ती स्त्री पुरूषमा के के कुरा हुँदो रहेछ। शिष्यहरू गए, लुकेर दम्पतीको यो कुरा सुन्नलागे आपसमा के केकुरा गर्छन्। उनीहरूले धनुर्दासले भनेको यो कुरा सुने. हेमम्बा ? सुन त ? तुच्छ गहनाका निम्ति तिमीले यो के गरेको ? म

जान्दैछु, तिम्रो धन दौलथको ममता अ ैले सम्म गएको छैन, होइन ? यसैले तिमीले वैष्णवहरूलाई सबै गहना लान दिइनौ । यस विषमा हेमाम्बा बहुतै विन्ति गरेर स्वामीसँग भन्न लागिन् । मेरा ता जोछ त्यो सम्पूर्ण भगवानकै हो ! मं किन ममता गर्थे, मैलेता यो अभिप्रायले अर्को पाटो फेरेको थियो कि तिनीहरू एतापटीको पनि लैजाउन्, तर लगेनन् मेरो अपराध क्षमा गर्नुहोस । मं अबदेखि यस्ता कुरामा होसियार गर्नेछु । यी कुरा सुनेर शिष्यहरू फर्के, दम्पतीले परस्परमा गरेको सबै कुरा सुनाए स्वामीजीले तिनीहरूलाई शयन गर्न विदा दिनु भयो ।

अर्कादिन सबेरै सन्ध्या वन्दनादि भगवानको आरती भैसके पछि फाटेका कपडाको कुड्काकानिमित्त गालीवेज्जति गरेर परम्परमा झगडा गर्ने सबैलाई बोलाएर फाटेका कपडाका टुक्रा दिंदै भन्नुभयो, यो लैजाओ, आआफ्ना फाटेका कपडाका टुक्रा । तिमीहरूले यति जावो कपडाका निमित्त वैष्णव भएर, यौटा साधारण अपठित व्यक्तिले पनि नगर्ने दुर्व्यवहार आआफूमा गऱ्यौ । उस पहलमान धनुर्दासलाई र उसकी भार्या हेमाम्बालाई हेर । जसले उति गहनाका लागि कस्तो आचरण प्रकट गरे । अब तिमीहरू नै यस कुराको इन्साफ गर कि तिमीहरूको आचरण श्रेष्ठकि ती दम्पतीको श्रेष्ठ । मं स्नान गरेर फर्केका वेलामा धनुर्दासको आधार गरेर आउँछु । त्यो यस निमित्त हो कि पहलमान हीनजाति भएता पनि उसको आचरण तिमी-हरूको भन्दा राम्रो छ । म विश्वास गर्छु कि अब तिमीहरूको संशय हट्नेछ । यो आचार्यको कुराले मठका सबै डाही गर्ने श्रीवैष्णवहरूका हृदयमा धनुर्दासको महत्त्वले बास गऱ्यो । त्यसदिनदेखि वैष्णवहरू धनुर्दाससँग वसा उठा, वार्तालाप गर्न थाले । श्रीस्वामीजीले धनुर्दासलाई बोलाएर गहना दिंदै भन्नु भयो, हेर तिम्रो परीक्षा गर्न मैले यो काण्ड रचेको हो, गहना लैजाउ । त्यसलाई नराम्रो नसँझ । धनुर्दासले उत्तारमा भने, दासको सर्वस्व श्रीमान्कै हो । यसमा नराम्रो मान्नेके कुरा छ र । यसरी भगवानका कृपादृष्टिले र श्रीरामानुजाचार्यका कृपादृष्टिले पहिले के थिए के भए । धनुर्दास आफ्ना आदर्श आचरणले श्रीवैष्णव संप्रदायका इतिहासमा आफ्नुनाम अमर राखेर, गए, उनीका संसर्गले हेमाम्बा पनि अमर भइन् ।

पाठकवर्ग ? जातिमध्येमा हीनजाति धनुर्दासलाई रामानुजाचार्यले चलाउनु भएको थियो, हामीले पनि चलाउनु हुन्छ भनेर विचार नगरी लैलैमा दौडन हुँदैन । स्वयं भगवान् जसको सेवक समान हुनुहुन्थ्यो, जे भन्यो त्यै मान्नु हुन्थ्यो, जस्तै धनुर्दासलाई आफ्नु सौन्दर्य देखाइदिनुहोस भन्दा देखाइ दिनु भयो । त्यस्ता सच्चाभक्त रामानुजाचार्यको र स्वयं भगवानको कृपाकटाक्ष जसमा पऱ्यो ती ता जीवन्मुक्त भैगए । ती दुवैको कक्षमा नपुगेका हामीहरूले उनीहरूको दृष्टान्त दिएर शारीरिक वैष्णव बनेर नीचाजातिसंग खान पीन, सहवास गर्न सुहाउँदैन । त्यो

गर्नु ता कस्तोहो त भने कृष्णलाई नचिन्हि कृष्णको महत्व नजानी, कृष्णको पदवीमा पुग्ने इच्छाले, कृष्णले पनि ता जुन सुकै गोपीनीसंग संसर्ग गरे भने हामीलें पनि हुन्छ भनेर, जाति पाति नाताको भेद नगरी जो मनपर्छ उसैसंग संसर्ग गर्नु जस्तो हो।

भक्त पुरन्दर दासको कथा

पण्डपूरका नजिकै 'पुरन्दर गड' भन्ने यौटा सहर छ। यहाँ वरदप्पनायक, नाम भएका यौटा ब्राह्मण वस्तथे। वि० सं० १४०४ मा तिनीका एक पुत्र पैदा भए। जसको नाम 'श्री निवास नायक, थियो। पछि उनीका गुरुले पुरन्दर दास नाम राखेको हो। पुत्र जन्मेका वयौ वर्षपछि वरदप्प नायकको मृत्यु भयो। श्रीनिवास नायक पिताका अपार सम्पत्तिको मालिक वने। त्यसवेला विजय नगर र गोलकुण्डा यी दुइ अति समृद्धिशाली राज्य थिए। उहाँका राजाहरूसंग श्रीनिवास नायक, हीरा, मोती' माणिक्य आदि बहुमूल्य रत्नको व्यापार गर्नलागे। त्यसबाट उनीको सम्पत्ति झन् वढेर गयो। ती यौटा सुविशाल सम्पत्तिको स्वामी वने। परन्तु यो दस्तुर छ कि, मानिसको जति जति धनवृद्धि हुँदै जान्छ उति उति उदारता घट्तै जान्छ, कंजूसपना वृद्धि हुँदै जान्छ। यो भनाइ अनुसार श्रीनिवास पनि हद दर्जाका कंजूष भए। अरूलाई दिने विषयमा 'एक पैसा' यो नाम सुन्दैमा ज्वरो आउँथ्यो। धनका मोहले उनका आँखामा पर्दा लगाएको थियो। श्रीनिवास नायकको पूर्वजन्ममा गरेका पुण्यको फल उदाउने मौका आयो। उनीले अघि गरेका भजनको प्रभावले प्रकट हुन इच्छा गर्‍यो। भगवान्ले भक्तको उद्धार गर्न यौटा ज्यादै रमणीय लीला रचना गर्नू भयो। एक दिन, भगवान् यौटा दरिद्र ब्राह्मणको वेष वनाए र श्रीनिवासका दूकानमा आउनु भयो। ब्राह्मणले श्रीनिवास नायक संग प्रार्थना गरे। भने कि, मेरा छोराको उपनयन गर्नु पर्नेछ, म ज्यादै गरीब छु, तंपाइँ करोडपति हुनुहुन्छ, मलाई वयौ सहायता गर्नु होस। श्रीनिवास सिमानामा पुगेका कंजूष थिए। परन्तु भरसक सज्जन ब्राह्मणका सामुन्ने नराम्रो वोल्दैनथे, अत एव भोली आउनु होस आज फुर्सद छैन भने। उनीको उद्देश्य यो थियो, आज टारेपछि भोली आउने छैनन् दिनै पर्दैन। तर ब्राह्मण आउन छोडेनन्, श्रीनिवासले भोली आउ आज फुर्सद छैन भन्न छोडेनन्। छमैन्हा बित्यो। एक दिन ता झर्किएर न चल्ने रद्दी पैसा भरि भएका दुइ थैली ल्याएर ब्राह्मणका अगाडि फ्याँकिदिए र भने, यी थैलाबाट जुन एक पैसा मन पर्छ त्यसलाई निकालेर लानु होस ब्राह्मण वेषधारी भगवान् ता सबै कुरा जान्नु हुन्थ्यो। तै पनि खूब सन्तुष्ट भएको जस्तो भाव प्रकट गर्नु भयो। ब्राह्मणले दुःख मानेर थैली खोल्दै खोलेनन्। त्यहाँबाट हिंडे श्रीनिवास नायकका घरमा उनीको श्रीमती लक्ष्मी बाइ भएका ठाउँमा पुगे। उनीसंग ब्राह्मणले सवै कथा सुनाए। भने पनि

यदि तिमी क्यै सहायता गर्न सक्तछयौ भने गर । लक्ष्मीबाई 'श्रीनिवास नायक' जस्ता कंजूसकी स्त्री भएता पनि अत्यन्तै उदार थिइन् । उनीले पतिले गरेजस्तो गर्न मन गरिनन् । उनीका साथमा पिताले दिएको बहुमूल्य नाकफूली थियो, त्यै फुकालेर 'कृष्णार्पणमस्तु' भनेर ब्राह्मणका हातमा राखिदिइन् परन्तु ती ब्राह्मण नाक ढुंग्रिलिन ता आएका ह्वैनन् । उनीलाई ता श्रीनिवासको जीवनधारा अर्कापटी पल्टाउनु थियो । अत त्यो नक फूल लिएर श्रीनिवास नायककै दुकानमा जानु भयो र भन्नु भयो, यो नकफूल जाकट राखेर मलाई चार सौ रुपया दिनुहोस । श्रीनिवासले नकफूल देख्तै चिन्हि हाले । झट्टै ब्राह्मण संग भने, ठीक छ, तपाइं यो नकफूल मसंगै रहन दिनु होस । भोलि आउनु एक सौ मोहोर दिउँला । ब्राह्मण हुन्छ भनेर गए । श्रीनिवास नायकले वडो होसियार संग दूकानका दराजमा वन्द गरेर साचो लगाए । घरमा आएर भार्या संग सोधे, तिम्रो नकफूल कहाँ छ ? लक्ष्मीबाई के जवाफ दिउन् चूपकाण्ड पढिन । श्रीनिवास तिमी• देखि बाहिर भए । एकता ती स्वयं महान् कंजूष थिए, अर्को कुरा ती ब्राह्मणलाई जसले छमैन्हासम दुःख दियो । राम्रो वनौटी भएको नकफूल दिहाल्नु के साधारण कुरा थियो । उनीले रिसाएर स्त्री संग भने, म सोद्धछु तिम्रो नकफूल कहाँ छ ? जुन नकफूल तिमीले विहान सम्म लगाएको थियो ? सती साध्वी पति परायण लक्ष्मीबाई डरले काँप्न लागिन् । उनीलाई पतिको रिसाहा स्वभाव थाहा थियो । ती केही बोलिनन् । श्रीनिवास नायक अलिक गर्जेर उठे, बोले, भन् कहाँ छ तेरो नकफूल ? अहिले नै ल्याएर दे न भए तलाई जीउँदै जमीनमा गाड्छु, के संझे-की छस् । लक्ष्मीबाई नवोलिनै वसेकी थियिन् जून नकफूल दान दी सकेको थियो, त्यो कहाँबाट ल्याएर दिउन् । यदि मैले ब्राह्मणलाई दान दिएँ भनुन् भने, यिनीमा उनीको क्रोध झन् बढेर जान्छ । आखिरमा स्त्रीका मुखबाट, नाथ ? नकफूल भित्र राखेको छ भन्ने शब्द निस्क्यो यसो भनेर भित्र पसिन् र झटपट आत्महत्या गर्ने प्रयत्न गर्न लागिन् । हीराको औंठी लगाएको थियो, त्यो फुकालेर ढुंगामा घोटेर विष तयार पारिन् । विषको वटुको हातमा लिएर भगवानको प्रार्थना गरिन् । हे भगवान् ? मैले तपाईंकै प्रीतिका निमित्त नकफूल दान गरेको थियो । मेरो विश्वास छ कि ब्राह्मणका वेषमा तपाइंनै आउनु भएको थियो । तपाइंले द्रौपदीको लाज वचाउनु भयो, ध्रुव, प्रल्हाद, अजामील आदिको उद्धार गर्नु भयो । मेरो पनि रक्षा गर्नु हुनेनैछ । परन्तु म मृत्युबाट वच्न चाहन्न । मलाई आपना चरण कमलमा राख्नु होस । मेरा पतिदेवको बुद्धि यति निर्मल पारिदिनुहोस कि उहाँ तपाइंको स्मरण गर्दै अर्थात् 'कृष्णार्पणमस्तु' भन्दै हात फुकाएर साधु, ब्राह्मण, दीन-दुःखीहरूको सेवा गरून् । सेवा, दानबाट कहिल्यै न

अघाउन् । यो भनेर लक्ष्मीबाईले जब त्यो विषको वटुको ओठमा राख्न इच्छा गरिन्, त्यसैवेला वटुकामा कोई चोज 'ठ्वांग' गरेर खस्यो । लक्ष्मोबाई छक्क परिन् आँखा उघारेर हेर्छिन्ता वटुकामा उनैको उहि नाक फूलि परिरहेको छ, उनीले चारै तर्फ आँखा तानि तानि हेरिन् तर त्यो वन्द गरेका कोठामा कोई थिएन । अव उनीको प्रसन्नताको सिमाना रहेन । हर्षले सबै शरोर रोमांच भएर उठ्यो । भगवान् भक्त वत्सलको कृपा संझेर उनोले गद्‌गद् भएर फेरि भगवानको स्तुति गरिन् । त्यसपछि त्यो नकफूल लिएर प्रसन्नतापूर्वक पतिदेवका साथमा गइन् । श्रोनिवास नायकले नाकफूली ता राखेकै थियो, स्त्री-लाई खूब डाटेर ह्प्काए पछि, अव उ विचार गरिरहेका थिए, भोली ती ब्राह्मण सौ रूपया लिन भनेर आउने छन् के हुने । यै शोचर्त थिए यसैवेला सामुन्ने उभिरहेकी आफ्नी प्रियाका हातमा उहि नाक फूली देखेर श्रोनिवास दंग परे ! यै नाकफूल ब्राह्मणका हातबाट लिएर दराजमा उनैले वन्द गरेको थियो । दराजको चावी उनैका साथमा थियो । फेरि पनि उनीलाई विश्वास भएन, स्त्रीका हातबाट नकफूल लिएर तिनी आफ्ना दूकान तर्फ दौडे । उहाँ पुगेर हेर्छन् ता देराज जस्ता‍ को तस्तै वन्दछ, तर उहां नकफूल छैन । अब श्रोनिवास नायकको दिमाग चक्कर खान थाल्यो । उनको सुदृढ मन चंचल भएर उठ्यो । उ विचार गर्न लागे, यो के लीला हो, ती ब्राह्मण को हुन्, नकफूल यस पेटोमा गायब भएर लक्ष्मीबाईका हातमा कसरि गयो । इत्यादि तर्क वितर्क गर्दै, एक छिन पछि, श्रोनिवास घर फर्के । यता लक्ष्मोबाईलाई पनि आजको घटनाले आश्चर्य भएको थियो । वडो आनन्द संग भगवान्को यो अद्‌भुत लीला चिन्तन गर्दै भगवान्को प्रेममा तन्मय भै रहेकी थिइन् । यसैवेला श्रोनिवास पनि पुगे, आज उनीमा विचित्र परिवर्तन भएको थियो आजको घटनाका साथ साथै यो संझिरहेका थिए । मेरो जोवन पनि के कोई जीवन हो, म कति अधं हूं, आजसम्म मैले कुनै दिन एक छिन पनि भगवान्को ध्यान गरिन, कसैलाई योटा कानकौडो सम्म पनि दान गरिन । अब उनले आफ्नी स्त्रीसंग सोधे, लक्ष्मी ? मन सत्य कुरा के हो ? तिमोले यो नकफूल कसरी पायौ ? प्यारि ! बोल, छिटो बोल ? मं यो सबै आश्चर्यजनक वृतान्त जान्न उत्सुक उ भै रहेको छु । पतिको कांतर वाणी सुन्दा लक्ष्मीबाईलाई रोमांच भयो उनीले वडो नम्र र शान्त भएर सारा भएको घटना सुनाइन् । ब्राह्मणले सहाय मागेको, पतिका कोपबाट वच्न विषपान गर्न अटेको, कचौरामा नकफूल अकस्मात् खसेको सबै वृतान्त एक एक गरेर वताइन् । अव के थ्यो; स्त्रीको कुरा सुन्दैमा श्रोनिवास नायकको वुद्धि फर्‍यो । उनीले दुवै हात जोडेर ती हात शिरमा राखेर भने, धन्य हो प्रभो ? तपाईंले ब्राह्मणको रूप लिएर मं जस्तो अधम, कंजूष

संग धन माग्नु भो, तर मैंले लोभवश कोई पनि सेवा गरिन । नष्ट हुने धनका लोभमा फसेर तपाईंलाई बिर्सेर बसे । मेरी स्त्रीले तपाइंलाई केई दिन इच्छा पनि गरिन् त्यसमा मं आफै बाहिर भएं । सम्मति दिन दिइन । फेरि पनि तपाइंले यो मेरा नीचता उपर केई विचार गर्नु भएन । मेरी प्राण प्रियाले मेरो प्राणको रक्षा गरिन् । मलाई नरकबाट बचाइन् श्रीनिवास नायक यस्तो भन्दै विचेत जस्तै भए । आँखाबाट अश्रुधारा वहन लागे । उ एक टक भएर प्यारीलाई हेर्न लागे । लक्ष्मीबाइले भगवान्को स्तुति गरिन् र पतिलाई सचेत पारिन् । अब उठेर स्नान गर्न गए, भगवान्नको पूजा गरेर आफ्नू भूल, अपराधको क्षमा प्रार्थना गरे । उसैवेला तुलसी पत्ति र जल हातमा लिएर 'कृष्णार्पणमस्तु' भनेर सारा सम्पत्ति, दुःखी दरिद्र, ब्राह्मणहरूलाई बोलाई बोलाई वाडिदिए । स्त्रीपुत्रका निमित्त १ कौडी सम्म पनि वाकि राखेनन् । त्यहाँबाट पण्डपूरमा गए । भिक्षा मागेर जीवन निर्वाहि गर्न लागे । पण्डपूरमा मुसलानको उपद्रव मच्चियो र त्यहाँ वस्न नसकेर विजय नगरमा गए । अघि रत्नादिको व्यापार गरेको समयमा विजयपूरका राजा श्रीकृष्ण रायसंग तिनीको परिचय थियो । अत उहि गएर वसे । राजाका गुरुको नाम श्री व्यास राय थियो, उहां संस्कृत विद्याका भारी विद्वान् हुनुहुन्थ्यो, श्री निवास नायकले उहांकै शरण लिए । उहांले वेदादि पढाउनु भयो, उनीको नाम 'पुरन्दर दास' राख्नु भयो र भगवन्नमहिमाको सेवा गरिरहेकोमा, म गान गर भनेर आज्ञा दिनु भयो । पछि ती श्रीनिवास नायक 'पुरन्दर दास' नामले प्रसिद्ध भए । भगवद् भक्ति तत्वज्ञान आदि पदहरू रचना गरे । भक्ति, ज्ञान, वैराग्यका विरोधीदल कुनीती हरूलाई हटाएर सन्मार्गमा चल्ने आदेश जनतामा दिए । नित्य भगवान् कै चर्चा गरेर आफ्नू जीवन व्यतीत गरे ।

भक्त तुक्कारामको कथा

भक्त तुक्कारामको घण्टी हातमा लिएको मूर्ति मानसमन्दिरमा राखिदिएको छ, बनारस जाँदा हेर्नु होला ।

अघि भारतमा तुक्काराम भन्ने एउटा बनियाँ थिए । घण्टी बजाउँदै राम राम राम भनिरहन्थे । जंगलका बीचमा तिनको धान खेति थियो । खेतमा धान रोपे, धान पसायो नुह्यो । सुगा लाग्थे धान रुङ्ने समय आयो । तुक्कारामकी स्त्री पुत्र बुहारीहरूले सल्ला गरे । अब धान नुह्यो, नरुङ सुगाले सबै खान्छ, घर व्यवहारले कसैलाई फुर्सद छैन, कसो गर्नु । तुक्कारामकी पत्नीले भनिन् । बाबुलाई रुङ्न लगाओ, सेउलाको छाहारी बनाइ दिनु टीन लगेर राखिदिनु शुगा आउँदा टीन ठठाउंछन् हा हा गर्छन् शुगा भाग्छन् । माताले भने बमोजिम

पुत्रले गरे, शुगा रूङ्न भनेर पितालाई राखे, विहान अरू खेतका छिमेकीहरू पनि शुगा रूङ्न गए। शुगा धान खान आउँदा छिमेकीहरूले टीन ठोकेर हा हा गरे सबै शुगा गएर तुक्कारामका धानमा पसे। टीन ठोकेर हा हा गर्नु पर्नेमा, घण्टी बजाएर 'रामकी चिडीया राम कै खेत आओ चिडीया भरोपेट' भन्दै टाउको हल्लाउँदै घण्टी बजाउन लागे। शुगाले सबै धान खाए। शुगाले धान खाएको खबर छिमेकीबाट स्त्रीले सुनिन् र रीषले एउटा घोचो वोकेर खेतमा गयिन्, तुक्कारामका डड़ाल्नामा १ घोचो दिइन, घोचो र कुड्का भयो। तुक्कारामले भने, एउटा घोचो थियो रामले तिमीलाई आधा आधा पारि दिए भने रिसाएनन्। शुगाले धान सबै खाए, रूङ्नेकाम पनि अब समाप्त भयो। त्यसपछि खेतमा, चिण्डा उम्रिएर, धान काट्ने समयमा धान भरि भरि भएका चिण्डा पाके। हेर्नु होस त भगवानको चरित्र, भक्तको कल्याणका निमित्त चिण्डामा धान फलाई दिनु भयो। धान न भए पनि पराल हुन्छ भनेर पुत्रलाई लिएर तुक्कारामकी श्रीमती धान काट्न खेतमा गइन्, खेतमा चिण्डै चिण्डा देखेर रिसले एउटा चिण्डो उठाएर भूमिमा पछारिन चिण्डो फूटेर धान छरियो। त्यो देखेर अर्को चिण्डो विस्तारै फोरिन उसमा पनि धान देखिन् र खलो बनाएर चिण्डाल्याउँदै फोर्दै धानको रास पारिन्। अब तुक्काराम पनि आएर स्त्रीसंग भने आलि सरह बालि, तिम्रा खेतमा सदा कति धान फल्थ्यो त्यति पाउँछ्यौ, अरू चिडियाको भाग भनेर भलादमी राखीकन इन्साफ गरेर बढो धान शूगालाई छरिदिए।

यिनै तुक्कारामले एउटा धनि बनियांलाई पुत्री दिएको थियो। संधीले छोरीको सिमन्तोत्सव गरे। त्यसमा तुक्कारामलाई निमन्त्रण गरेको थियो—तुक्काराम गए। कार्य समाप्ति भए पछि छोरीका बाबुले छोरीका ससुरा आदि सम्बन्धिजनहरूलाई औंठी धोती आदि दिने चलन थियो। तुक्काराम गरिब थिए दिन सक्तैनथे। उनीलाई संकोच भैरहेको थियो। पुरोहितले टीको लाउन डाके टीको लाए। त्यसै बेला एउटा गोरू गाडा कपडा हरू लिएर आयो र गडिमान् गड़िबाट ओर्ल्यो र तुक्कारामका संधि आदिको नाम बोलायो जस जसलाई जे जे दिनु पर्थ्यो नाम लेखेको थियो हेर्दै दिदै गर्‍यो। यति गरेर गड़िमान् गड़िलिएर वेपत्ता। हेर्नु होस, भगवानले भक्तको इज्जत बचाए, भगवत्कृपा।

माता, पिता, गुरू सेवाको महत्त्व। महा. भा. शा. प. अ. १०८। युधिष्ठिरले शरशय्यामा शयन गरिरहेका भीष्म पितामह संग प्रश्न गर्नु भयो। हे पितामह ? यज्ञ तपस्या, जप दान, तीर्थाटन आदि धर्मका शाखा (हांगा) धेरै छन्। यिनीहरूका मध्येमा कुन शाखा ग्रहण गर्दा भविष्यमा कल्याण हुन्छ। तपाईंले कुन शाखालाई कल्याणकारी ठहराएको छ, जुन गर्दा यसलोकमा र परलोकमा पनि

ठूला ठूला धर्मको फल प्राप्त गर्न सकिन्छ, त्यस्तो धर्म भन्नु होस। भीष्मले भन्नु भयो, हे युधिष्ठिर ? मलाई ता माता, पिता, गुरू यी तीन जनको सेवा गर्नु नै सबै धर्मका मध्यमा उत्तम धर्म हो भन्ने लाग्दछ। पूज्य माता, पिता, गुरू जुन काम गर्नका निमित्त, यो काम गर भनेर अह्राउँछन्, उनीहरूले अह्राएको काम राम्रो होस या नराम्रो, अथवा धर्मपूर्वक होस या अधर्मपूर्वक होस जस्तो भएता पनि त्यो काम पुत्रले या शिष्यले गर्नै पर्दछ। जो तीन जनाको आज्ञापालन गर्छ त्यसका निमित्त त्यै धर्म हो, तिनीहरूले भनेको काम थपक्क कानाकूनि नगरि गर्नु धर्म हो। अरू यज्ञ, तप, दान, आदि धर्म गर्नु पर्दैन। धर्मात्माहरूले यै कुरो निर्णय गरेको छ। ती तीन जना तीन लोक हुन्। तीन आश्रम हुन्। तीन वेद तीन अग्नि हुन्। पिता 'गार्हपत्य अग्नि, माता 'दक्षिणा अग्नि, गुरू 'आहवनीय, अग्नि भनेर मानिएको छ। हाम्रो प्रसिद्ध लौकिक अग्नि भन्दा मातादि तीन अग्निको ज्यादा मान्यता छ। हे युधिष्ठिर ? यदि न भूलि तिमीले यी तीन अग्निको सेवा गरेछौ भने, तीन तीन लोक जित्ने छौ। पिताको सेवाले यो लोक, माताको सेवाले परलोक, गुरूको सेवाले ब्रह्मलोक पनि नाघेर जाने छौ। अर्थात् पिताको सेवाले मनुष्यलोकमा माताको सेवाले स्वर्गलोकमा, गुरूको सेवाले परब्रह्ममा आनन्द पाउनेछौ। यी तीन जनको आज्ञा कहिल्यै न नाघ्नु। यिनीहरू उक्त तीन लोक स्वरूप हुन्। तिनीहरूमा राम्रो व्यवहार गर। हे युधिष्ठिर ? मं आशीर्वाद दिन्छु, तिम्रो कल्याण हओस। मैले भनेको कुरा गरेछौ भने तिम्रो ठूलो कीर्ति र ठूलो धर्मको फल प्राप्ति हुनेछ। उनीहरूको बचन न काटनु, उनीहरूले भोजन नगरि भोजन न गर्नु। सकेसम्म आफूद्वारा या आपना हातले पस्केर भोजन गराउनु। यिनीहरूलाई कुनै दोष न लगाउनु। सधैं यिनीहरूको सेवामा तत्पर रहनु। यहि सबै धर्मभन्दा उत्तम धर्म हो। यिनीहरूको सेवाद्वारा तिमी किर्ति, पवित्र यश, उत्तमलोक जे चाहन्छौ त्यै प्राप्त गर्न सक्तछौ। हे युधिष्ठिर ? जसले यी तीन जनको आदर गर्‍यो त्यसले समग्र संसारको आदर गर्‍यो। जो यी तीन जनको अनादर गर्छ, निन्दा गर्छ, तिनीहरूमा दोषारोपण गर्छ, त्यसका सम्पूर्ण पुण्य कर्म निष्फल हुन्छन्। त्यसले यसलोकमा र परलोकमा पनि सुख पाउँदैन। हे युधिष्ठिर ? मं ता जति पुण्य कर्म गर्थें, ती सबै गुरु जनमा समर्पण गर्थें। यसै कारणले मैले गरेका ती सबै शुभ कर्मको फल सौ गुना, हज्जार गुना बढेर गयो। त्यसैले भूर्लोक, भुवर्लोक, स्वर्गलोक यी तीनै लोक मेरा दृष्टिका सामुन्ने प्रकाश भैरहेका छन्। म तीनै लोकको वृत्तान्त जान्दछु। सुन, दश श्रोत्रिय (वेद पढ्ने वैदिक) भन्दा 'गायत्री, शिव, विष्णु आदि देवताको नाम मन्त्र उपदेश गर्ने एक आचार्य श्रेष्ठ छ, दश मन्त्रोपदेशक गुरु

भन्दा आत्मज्ञान उपदेश गर्ने एक विद्या गुरू श्रेष्ठ, दशविद्या गुरूभन्दा एक पिता श्रेष्ठ, दश पिता भन्दा एक माता श्रेष्ठ । ती यौटीले सबैकी माता हुनाले आफ्नू गौरवद्वारा सकल सन्सारलाई तिरस्कार गरिदिन्छन् । यसैले माता समान दोस्रो सेवा गर्न योग्य, या आदरणीय, पूजनीय छैन । हे युधिष्ठिर ? उत्तरोत्तर आचार्य आदि श्रेष्ठ हुन्ता पनि मेरा विचारमा ता पिता माताको भन्दा पनि विद्या (आत्म ज्ञान) दाता गुरूको स्थान बढिछ । किन भने पिता माता ता केवल शरीर पैदा गरेर पालन पोषण गर्छन्, हात खुट्टा लगाई दिन्छन् । परन्तु विद्या दाता गुरूबाट ता दोस्रो जन्म पाइन्छ । दोस्रो जन्म पाउनु दिव्य हो, दोस्रो जन्म अजरामर हो । पिता माताले कुनै अपराध गरून्ता पनि तिनीहरूलाई मार्नु हुँदैन । पुत्र या शिष्य कुनै अपराध गरून्ता पनि पिता आदिका दृष्टिमा दोषी देखिँदैनन् । प्रेमका वशमा परेर आफूमाथि गरेको पुत्रको या शिष्यको अपराध-लाई दोषमा आरोप गर्दैनन् । उल्टो सदा तिनीहरूलाई धर्म तर्फ लगाउने काममा प्रयास गर्दछन् यस प्रकारका माता पिता गुरूको महत्त्व महर्षिहरू र देवताहरू नै जान्दछन् जुन गुरू सत्य कर्म, सत्य उपदेश द्वारा पुत्र या शिष्यलाई ढाक छोप गर्दछन्, सत्यस्वरूप वेदको उपदेश दिन्छन्, असत्य हटाउँछन् उनै गुरूलाई माता पिता संझनु पर्दछ । गुरूले आफूलाई उपकार गरेको संझेर गुरूसंग कदापि द्रोह न गर्नु । जुन मानिस विद्या उपदेश गर्ने गुरूको नजिकमा बसेर मन बचन कर्म द्वारा गुरूको सेवा गर्दैन, त्यसलाई बालहत्या गरेको पाप भन्दा पनि पाप लाग्छ । संसारमा त्यो भन्दा बढी पाप गर्ने अर्को छैन । गुरूको कर्तव्य जस्तै शिष्यलाई सुमार्गमा लगाउनु हो, शिष्यको कर्तव्य जस्तै गुरूको पूजा गर्नु हो । जो मानिस आत्मधर्मको फल लाभ गर्न अभिलाषा गर्दछ त्यसले गुरूको सेवा गर्नु पर्दछ । गुरूलाई चाहिने आवश्यक पदार्थहरू यत्न पूर्वक खोजेर ल्याइ देओस । मनुष्य जुनका भन्ने आफ्ना पितालाई प्रसन्न पार्दछ, त्यसै कामले ब्रह्मा पनि प्रसन्न हुन्छन् । त्यस्तै जुन कामले मातालाई सन्तुष्ट पार्दछ त्यसै कामले समस्त भूमण्डल सन्तुष्ट हुन्छ । अथवा पिता खूसि भए पछि सम्पूर्ण पृथ्विका प्राणी खूसि हुन्छन् । खूसि पार्नु पूजा गर्नु हो, पूज्यजन प्रसन्न भए पछि पूजा भयो । शिष्य जुन कामले विद्यादाता गुरूलाई सन्तुष्ट पार्दछ, त्यै कामले परमात्माको पूजा हुन्छ गुरू प्रसन्न हुनु नै परमात्मा प्रसन्न हुनु हो । प्रसन्न गर्नु पूजा गर्नु हो यसैले माता पिता भन्दा पनि बढी पूज्य, विद्या गुरू मानिन्छन् । त्यस्तै देवताहरू प्रसन्न हुने कान गर्नाले देवताको पूजा हुन्छ । विष्णु आदि देवताको द्वादशाक्षरी आदि मन्त्रोपदेश, तप्त शंख चक्र प्रतिमाले देह डाम्न लगाउने उपदेश, उर्ध्व रेखा भएको तिलक लगाउने आदि वैष्णव धर्म उपदेश गर्ने आचार्य वा गुरू भनिन्छन् ।

हुनता यो कुरा सर्वमान्य छ ता पनि वास्तवमा आत्मा, अनात्मा, विद्या, अविद्याको उपदेशद्वारा अध्यात्मयोगमा शिष्यलाई प्रवृत्त गर्ने सच्चा आचार्य गुरू कहिन्छन् । गुरूको श्रद्धा पूर्वक पूजा गरे पछि पितृ, देवता, ऋषिहरू पनि प्रसन्न हुन्छन् । मान्यजनको पूजा गरेको हाम्रै पूजा गरेको भनेर मान्दछन् । त्यस्तै गुरु या मान्यजनको निन्दा तिरस्कार गरेको पनि हाम्रै तिरस्कार निन्दा गरेको भन्दछन् । यो सबै हामीले अनुभव गरेको कुरा छ । हामीहरू लोकमा सबैसंग मेलमिलाप गर्छौं कसैलाई पीरमर्का पार्दनौं,सीधा व्यवहार गर्छौं, माता, पिता, मान्यजनको सेवा सूश्रूषा, दुःखीमा दया पापीमा उपेक्षा, गर्छौं भने हामीलाई मन नपराउने कोहोला । मनुष्य को ता के कुरा सारा देवता, देवी, ऋषि, महर्षि, विद्वान, राजा, मन्त्री समग्रले प्रेम गर्छन् । यसको विपरीत गर्नेलाई कसैले मन पराउँदैनन् । यो अनुभव सिद्ध छ । यो कथामा यौटा विचार राख्नु पर्दछ । मान्यजन यो शब्दबाट, मान्य भन्नाले सासु, ससुरा, देवर, जेठाजु, देवरानी, जेठानी, तिनीहरूका सम्बन्धीहरू, विद्वान् अतिथि, माता, पिता, गुरू, मामा माईजू आदि स्त्री पुरूष दुवैका दुवैतर्फका मान्य हुन्छन् । यहाँ पुत्रशब्दले पुत्री, पौत्र (नाति) आदिको पनि ग्रहण हुन्छ । भीष्म भन्नु हुन्छ, हे युधिष्ठिर ? सन्सारमा स्त्रीले र पुरूषले गर्नु पर्ने सारा कुरा यहाँ बताइयो । विस्तारपूर्वक मैले तिमीलाई बताएका कुराहरू अतिशय कल्याणकारी छन् । यो माता, पिता, गुरू आदि मान्य जनको सेवा भन्दा उत्तम धर्म अर्को छैन । मुक्ति, भुक्ति जे चाहन्छ त्यै पाउँछ धर्म, अर्थ, काम, मोक्ष जो चाहन्छ त्यै पाउँछ । हे युधिष्ठिर ? सम्पूर्ण धर्मको अनुसरण गरेर सबै धर्म कर्मको सार तिमीलाई बताएँ, सबै धर्मका मध्यमा मैले ठहराएको उत्तम धर्म यै हो । यै धर्ममा रहुँ ।

शुभकर्म नगरि अन्तःकरण शुद्ध हुँदैन, अन्तकरण शुद्ध न भै भक्ति हुन्न, विना भक्ति ज्ञान हुन्न तुलसीकृत रामायणको उत्तरकाण्डमा रामले प्रजालाई उपदेश गर्नु भएको छ ।

राम, हे प्रजा हो ! कयौं जन्मका पुण्यको सञ्चयले मानव शरीर पाइन्छ, त्यो शरीर सन्सार (जन्मनु मर्नु) रूपी समुद्रको जहाज हो मेरो अनुग्रह, जता जानु पर्छ उतै घच्याङ्ने हावा हो, त्यो मनुष्य शरीर रूपी जहाज चलाउने माझी सद्गुरू हुन् । यस्तो सर्जाम पाउदा पनि जो मानिस भवसागर तर्दैन भने त्यसले आत्म-हत्या गर्नेको गति पाउँछ । हेर ! ज्ञान मार्ग कठोर छ, त्यसमा अनेक विघ्न उपस्थित हुन्छन् । साधन कठिन छन् । मनले टेक्ने ठाउँ कतै पाउदैन । भक्ति स्वतन्त्र छ, ज्ञानको अपेक्षा रहदैन । भक्ति सुखको खानि छ । सत्सङ्ग विना

प्राणीले भक्ति पाउँदैन, पुण्यको राशि न भै सज्जनहरू पाईदैनन् । सन्सारमा पुण्य यौटा छ, दोस्रो छैन । त्यो के हो त भने, मन, कर्म, वचनले जो मनमा कपट नली ब्राह्मणको सेवा गर्छन्, तिनका उपर मुनि देवताहरू अनुकूल रहन्छन् मेरो अर्को एउटा गुप्त मत छ, सबैलाई भन्दछु सुन,

औरौं एक गुपुत मत सब हिं कहौं कर जोरि ।
शङ्कर भजन विना नर भगति न पावैं मोरी ।

शङ्करजीको भजन न गरिकन मेरो भक्ति पाईदैन (मैले हात जोडेको छु यो कुरामा हेक्का राख) वैष्णव बनेर शैव र शिवको निन्दा गर्ने, भेदवादीको कहिल्यै कल्याण हुँदैन । लौ भन त ! भक्तिमार्गमा के कठिनता छ ! भक्ति मार्ग सिद्धगर्नलाई, योगाभ्यास, यज्ञ-याग, जप-तप, व्रत-उपवास कुनै चाहिदैन, फगत स्वभाव सरल चाहिन्छ । मनको कुटिलतालाई हटाउनु पर्दछ, जो पाइन्छ त्यसैमा राजी हुनु पर्छ । मुखले रामभक्त हुँ भनेर अर्काको आश गर्दछ भने मेरो विश्वास न गर्ने त्यसको के विश्वास ! लौ भन ! धेरै के भनौं, मं अब जो वताउदै छु, त्यो कुरा गऱ्यौ भने, मं तिमीहरूको अधीन हुन्छु । सुन ! सबै संग वैरभाव नगर्नु, झगडा नगर्नु, कसैको आश नगर्नु, कसैदेखि त्रास नगर्नु नष्ट-भ्रष्ट हुने कार्य आरम्भ नगर्नु, रीष, अवश्य त्यागनु, शास्त्रज्ञ हुनु, यी मैले बताएवमोजिमका व्यवहारमा चल्नु भक्ति हो । अर्को कुरा जसलाई सत्संगमा प्रेम छ, विषयहरू तृण समान तुच्छ छन्, स्वर्ग र मोक्षलाई पनि तृण बराबर संझन्छ, भक्ति पक्षमा हठ पनि गर्दैन, दुष्टता गर्दैन, सबै कुतर्कलाई टाढा वगाई दिन्छ, वेदशास्त्रले वताएको कुरामा न चाहिने खराब तर्क गरेर कर्तव्यमार्गबाट भ्रष्ट हुँदैन, मेरो नाम कीर्तन गुणगान गर्दछ, स्त्री, पुत्र, सम्पत्तिबाट वैराग्य बन्द छ, जतिले जीवन निर्वाह हुँन्छ त्यतिका निमित्त मात्र अनिन्दित कर्म गर्छ भने त्यो मानिसको आनन्द त्यै जान्छ । त्यो परमानन्दरूप मेरो प्रिय हुन्छ भनेर रामले भक्ति मार्ग वताउनु भएको छ । स्त्री पुत्रादि पनि भक्तिका प्रतिबन्धक हुन्छन् तिनहीरूबाट वैराग्य बन्न पर्दछ, जस्तै स्त्रीका विषयमा देवी भागवतको एउटा कथा छ । यो कथा देहेन्द्रिय आत्मवादी भेददर्शीहरूलाई सुमार्गमा लगाउन स्त्री पुत्रादिबाट वैराग्य देखाइन्छ— येनायं नटनेनात्र बुध्यते कार्यमेवतत्, पञ्चदशी । जसरी नाच्ता शिष्य जान्दछ त्यसैगरि नाच्नु भनेको हुनाले यो कथा बताएको हो ज्ञानीलाई ता स्त्री-पुत्रादिको ता के कुरा, भूर्लोक, भूवर्लोक, स्वर्गलोक यी तिनैलोकको राज्यले पनि डगमगाउन सक्तैन, तृण समान संझन्छन् । जस्तो जनकलाई राज्यले केइ गरेन ।

जुनवेला व्यासजीले शुकदेवलाई विवाह गर भन्नु भयो, त्यसवेला शुकदेवले भन्नु भयो। पिताजी ? स्त्री बन्धन हुन्, वरू साङ्लाले र काठले बाधिएको मानिस छुट्न सक्तछ, स्त्री, पुत्रादिरूपी साङ्लो काठले बाधिएको मानिस छुट्तैन। तसर्थ मं विवाह गर्दिन। वेद शास्त्र पढेर पनि, जो सन्सारमा नै आसक्त हुन्छ भने त्यो भन्दा मूर्ख को होला, घोड़ा, कूक्कूर, सूगूर आदि पशु पनि ता स्त्री पुत्रादि सन्सारमा आसक्त हुन्छन्, पढेका विद्वान्को र ती पशुको भेदै भएन। मानव जीवन बल्ल पाएर, वेदवेदाङ्ग पढेर पनि सन्सारमै बाँधिन्छ भने कुन मनुष्य छुट्त छ! कुनै छुट्तैन। गृहस्थाश्रम कारगार (झालखाद) हो, त्यसमा सुख हुँदैन, हे पिताजी! त्यसैले मं विवाह गर्न डराएको छु। नङगा निस्पृह भिक्षु जति सुखी हुन्छ, तिनै लोकको सम्पत्ति पाउँदा इन्द्र पनि त्यति सुखी हुँदैनन्। यति भनेर शुकदेवले वनतिर प्रस्थान गर्नु भयो। स्त्रीबाट सौख्य न हुने कुरो शुकदेवले विवाह नगर्ने दृढ निर्णयबाट बुझिन्छ।

प्रियपाठक ¡ यसै विषयमा एउटा लौकिक दृष्टान्त सुनाउँछु। एउटा गाउँको बाहिर एउटा महात्मा वस्नु हुन्थ्यो। उहाँसंग सत्संग गर्नका निमित्त धेरै मानिसहरू जान्थे। एउटा धनीका छोरा पनि नित्य त्यहाँ जान्थे। एकदिन केहि बिलम्ब गरेर महात्माकाहाँ पुगे। महात्माले ढीलो गरेर आउनाको कारण सोध्नु भयो। जवाफमा उनले भने, आज मेरो विवह गर्ने चर्चा चल्यो, ससुरालबाट समेत तिलक दिने काम भएकोले ढीलो भयो। माहत्माले भन्नु भयो, त्यसोभए तिमी मेरो कामबाट हट्यौ। फेरी ती धनीपुत्र अघिझैं क्यैदिन विलम्ब गरेर महात्माकाहाँ गए। महात्माले विचमा न आउनाको कारण सोध्नु भयो उनले आफ्नू विवाह भएको र सो कामले आउन नपाएको कुरा जनाए। यो कुरा सुनेर महात्माले भन्नु भयो। आजदेखी तिमी माता पिताका कामबाट पनि गयौ। फेरि विचमा केहि दिन ढिलो गरेर ती धनी पुत्र महात्माकाहाँ गए। महात्माले विचमा उपस्थित न भएको हेतु सोध्नु भयो। उत्तरमा पुत्र पैंदा भएर ढीलो भएको कुरा, पेस गरे। त्यो सुनेर महात्माले भन्नु भयो, आजदेखि तिमी आफ्नकामबाट पनि गयौ। महात्माको यो कुरा श्रवण गरेर धनी पुत्रले प्रश्न गरे। महात्माजी तपाईलाई जब मैले आफ्नू विवाहको कुरा सुनाएँ, त्यसवेला भन्नु भयो, तिमी आजदेखि मेरा कामबाट गयौ। फेरि जब विवाह भएको कुरा सुनाएँ, त्यसवेला भन्नु भयो, तिमी माता पिताका कामबाट पनि गयौ। आज पुत्र पैंदा भएको कुरा सुनाउदा भन्नु हुन्छ, तिमी आफ्ना कामबाट पनि गयौ, यो के भन्नु भएको हो, यसको तात्पर्य मलाई बुझाइदिनु होस। यो अनुरोध गर्दा महात्माले भन्नु भयो। हेर! जब तिम्रो विवाहको कुरा (तिलक) भएको थिएन, तब तक

तिमीलाई केही कुराको फिक्री थिएन, त्यसवेला सम्म तिमी गृहस्थी भनिदैनथ्यौ, जे जति तिमी कमाउथ्यौ त्यसबाट केहि मेरो सेवामा पनि खर्च गर्दथ्यौ र केहि माता पिताको सेवामा खर्च गर्थ्यौं, जब तिम्रो विवाहको निर्णय भयो त्यसैको चिन्ता भयो। अब जे जति तिमी उपार्जन गर्छौ त्यसबाट विवाहका निमित्त पनि खर्च जम्मागर्छौ, माता पिताको सेवामा पनि गर्छौ, यसैले मेरा कामबाट गयौ। जब विवाह भयो जो कमायो त्यो स्त्रीलाई समर्पण गन्यो, त्यसैले तिमी माता पिताका कामबाट गयौ। पुत्र नजन्मदासम्म जो धन कमाउँथ्यौ स्त्री पुरुष मिलेर भोग गर्थ्यौं, अब पुत्र पैदा भयो त्यसैले जे जति कमाउँछौ उसैको पालन पोषणमा खर्च गर्नु पर्छ, यसैले तिमी अब आफ्ना कामबाट पनि गयौ। अब पूरा गृहस्थी भयौ अथवा माया जालमा फस्यौ।

प्रिय पाठक! स्त्री बन्धनको हेतु हुन्। स्त्रीका निमित्त सहोदर दाजुभाई सुन्द र उपसुन्द परस्परमा लडेर मरे। इन्द्राणीमा आसक्त हुँदा नहुष राजाले स्वर्गबाट गिर्नु पन्यो। स्त्रीकै निमित्तले बाली मरे रावणको ध्वंस भयो। स्त्रीकै कारणले शिशुपाल मरे, महाभारत संग्राम भयो। जसमा भीष्म, कर्ण आदि शूरवीर धीरहरूको मृत्युरूपी अग्निमा स्वाहा भयो। ऐले पनि जाति भेद नगरि पुरुषहरू स्त्रीमा आसक्त भएर वर्णाश्रम धर्मबाट नस्ट भ्रष्ट भएका देखिन्छन्। अघि पनि स्त्रीका निमित्त स्वयम्वरमा कति राजाहरू परस्परमा काटिएर मरे। अनर्थका हेतु स्त्री हुन्। मानिस सर्पले डस्यो भने विषद्वारा मर्छ, स्त्रीको ता रूप चिन्तनाले मात्र मानिस मर्छ जसले स्त्री त्यागछ, स्वप्नामा पनि संझदैन भने त्यो परमानन्दमा प्राप्त हुन्छ। जस्तो स्त्री दुःखका कारण हुन्छन्, त्यस्तै पुत्र पनि दुःखका कारण हुन्छन्। प्रिय पाठक! अब पुत्रको विषयमा एउटा कथा लेख्तछु।

एउटा वनियाँ वडा धनी थिए। परन्तु पुत्र जन्मेनन्। पुत्रोत्पत्तिका निमित्त अनेक यत्न गरे र पनि उत्पन्न भएनन्। एक दिन रातको समय थियो, शय्यामा दम्पती शयन गरिरहेका थिए। पुत्रोत्पतिको आशाले छोडेको थिएन। सेठेनीले भनिन्, यदि परमेश्वरले हामीलाई एउटा पुत्र दिनु भयो कहाँ सुताउने! दम्पती जोडिएर सुतिरहेका थिए, अलिकति परसरेर विचमा थोरै ठाउँ खाली पारेर वनियाले भने यहाँ सुताउने! फेरी स्त्रीले भनिन्, ह्वैन साच्चैनै ईश्वरले फेरी अर्को एउटा पुत्र दिनु भयो भने कहाँ सुताउने जब वनियाँ फेरि यहाँ सुताउने भनेर अरू हटे अनि खाटबाट तल पछारिए। टाङ भाच्चियो, मरें है मरें भने र रून लागे। यता उताका छर छिमेकि जम्मा भए, टाङ भाँचिएको देखेर सोधे, तिम्रो टाङ कसले भाचिदियो। वनियाँले भने, न जन्मेका छोराले भाचिदियो। यदि

साँच्चै जन्मेको भए के के उपद्रव मच्चाउने थियो जान्दिन। हे पाठक वर्ग ! पुत्र पनि दुवै प्रकारले दुःखका हेतु हुन्छन्। जसको पुत्र छैन उ पुत्रहुनेलाई देखेर आफ्नो पुत्र नहुदा दुःखी हुन्छ। यो मेरो धन कसले भोग गर्छ। मं बडो अभागिरहेंछु। मेरा पुत्र छैनन्। यी पुत्रवाला भाग्यमानी हुन भन्ने संझन्छ। गरीब हुँदा त्यति सन्ताप हुँदैन, जति सन्तान नहुदा सन्ताप हुन्छ। उ त्यसै सन्तापले अहोरात्र जलि रहन्छ। कदाचित् उसको पुत्र जन्म्यो र मऱ्यो भने, साथै शोकले उसको पनि मृत्यु हुन्छ। जसको पुत्र ता छ तर कुपुत्र छ भने, उसलाई अपुत्रको भन्दा पनि ज्यादा सन्ताप हुन्छ। सुपुत्रनै छ भने पनि त्यसका उपर हुने रोग, मरण, त्यसका सन्ततिको चिन्ता अहोरात्र लागिरहन्छ। यसैले पुत्र पनि महान् दुःखको नै खानि हुन्छ।

प्रिय पाठक ? यसलोकको दुःखबाटता पुत्रले छुटाउन सक्तैन भने मरेपछि कसरी छुटाउन सक्छ ? केवल धन लिन, पिता मातासँग झगडा गर्न, श्रीमतीका लैलैमा नाचेर माता, पिता, सासु, ससुरा, अरू मान्यजनको धन लिन, झगडा गर्न जन्मन्छ। यस विषयमा तिमीलाई एउटा दृष्टान्त सुनाउँछु सुन !

कुनै सहारमा एउटा धनी व्यापारी थिए। तिनका तीन भाई छोरा थिए। पिता वृद्ध भएपछि, पिताले अर्जन गरेको सारा सम्पत्ति आफ्ना कब्जामा पारे। सबै व्यवहार आफैं गर्न लागे। अब पिता सँग भने, पिताजी ? तपाइंले बाहिरको कुनै कामको चिन्ता गर्नु पर्दैन सवै हामीहरू नै गर्दछौं, तपाइं आनन्द लिएर ढोका बाहिर पीढीमा वसिरहनुहोस्। चूलामा गएर भोजन गरिसकेपछि पनि यहिं आएर बस्नु। कसैलाई घरभित्र पस्न नदिनु। यौकाम तपाइंका जिम्मा भयो। यो कुरा छोराले भनेको बाबुले माने। यसै नियमले केहि दिन व्यतित भए। एक दिन वुहारीहरूले आफ्ना पतिहरूसँग भने, तपाइंहरूका पिता नित्य एकैठाउँ पीढिमा वसिरहँदा हामीलाई भित्र बाहिर गर्न साह्रै अप्ठयारो भयो। बाटामा थुकेर क्यै छैन, सबै फोहोर पारेर हेरिसक्नु हिडी सक्नु छैन। चौकामा रोटी खान गएको बेलामा पनि जता-तर्तै थुकेर नष्ट गरिदिन्छन्। यिनको मर्ने दिनको पनि ठेगान लागेको छैन, के जान्नु कहिले मर्छन्। हामीलाई यी बूढाले विघ्नै दुःख दिए। अब तपाइंहरू यसो गर्नु होस, पितालाई तलामाथिको कोठामा लगेर अलग्ग राख्नु होस। त्यहाँ दिशा, पिसाब गर्न र थुक्न समेतको सुविधा राम्रो छ। अनि यिनका साथमा एउटा घण्टी राखिदिनु, जुन बेला भोक, तिर्खा लाग्छ, पिताले त्यो घण्टी वजाई दिउन्, हामी उनले इच्छा गरेको कुरा पुरा गर्ने छौं। अब छोरा बुहारीहरूलाई अघि गरेका पाप्ले पुण्य (धर्म) गर्न नदिने भयो। किन भने, काशी आदि तीर्थ, बद्री आदि चार धाम, ब्रह्मा, विष्णु, शिवादि

देवता पिता माता नै हुन् । बाहिर पीढीमा वस्दा विहान वेलुका दिउँसै, तिनै समयमा देवताको दर्शन गर्थे, चारै धाम पुग्थे । तर के गर्नु पापले दिएन, माता, पिता, सासु, ससुरा भन्ने कुन चराको नाम हो बोध छैन, मान्यजनको सेवा गर्दा के लाभ हुन्छ ज्ञान थिएन, जात, नाम, थर, पदवी, अनुसार सम्बन्ध चिन्हेर मात्र हुँदैन, मान्यजनका उपर आफ्नू के अधिकार छ के कर्तव्यछ, कसरी रहनु पर्छ विचरा हरूलाई केहि बोध थिएन । श्रीमतीहरूका भनाईमा लागे र यो कुरा ठीक भो भनेर पितालाई सँझाई बुझाई सबै भन्दा माथिको कोठामा बस्ने डेरा गरिदिए । घण्टी पनि साथै राखिदिए । बूढा उँहि बस्न लागे, जे कुराको आवश्यक पर्दछ घण्टी बजाउँथे, आवश्यक परेको कुरा तुरून्त पुऱ्याइ दिन्थे एक दिन बृद्धको सानु नाति माथि बाजेको कोठामा गयो । उहीं खेल्दै थियो घण्टी लिएर हिडेछ । भरे भोक लागेपछि बूढाले घण्टी खोजे घण्टी छैन, नातिले घण्टी लगेको बुझे । अब भने वृद्धलाई आपत्ति पऱ्यो । बोलाउन् बोल्ने शक्ति छैन, तल जाउन् शरीरमा हिडने शक्ति छैन । छट पट गर्दै थिए, केहि वेर पछि यमलोक तर्फ प्रस्थान गरे । रात परेपछि पुत्रहरू घरमा आए र श्रीमतीहरूसँग माथि पिताजीलाई खाने पीने चीजहरू पुग्यो भनेर सोधे । उनीहरूले भने, आजता भोक तिर्खा क्यै लागेन छ कि घण्टीको आवाज पनि सुनिएन । यस्तो कुरा सुनेर छोराहरू माथि गएर हेरे, काम समाप्त भएछ । पिता ? पिता ? भनेर रोए, विहान स्मसानतर्फ लगेर काम सकेर आए । प्रिय पाठक ? जुन पिताले अनेकौं कष्ट गरेर पुत्रको पालन तालन गर्छन्, जुन माताले दश मैन्हा सम्म गर्भमा वोकिन्, गर्भ वोक्दा कति कष्ट पऱ्यो होला, पैदा गर्दा कत्रो दुःख सहनु पऱ्यो, चौविस घण्टा गुहू, मूतमा डुबेर हुर्काइन्, मलाई गर्भमा वोकेको समयमा, सुत्केरी भएको समयमा खाने पीने पदार्थ किन्नका निमित्त यतिरूपया, मलाई एक लग गर्न सक्ने पार्न खाने चीज कपड़ा किन्ने यतिरूपयाँ भनेर छोराले आमालाई दिएको थिएन होला । कति कष्ट सहेर वनि बूतो गरेर माता पिताले हुर्काए त्यो सँझदैनन् । त्यस्ता माता पिता कुपुत्रका उपर कस्ता हुन्छन् त भने, दुष्ट सन्सर आदि ग्रह, जङ्गलिया पशु, बीषालु सर्प, कहिल्यै काल न आएका दीर्घायु वन्दछन् । छोरा नाति बुहारी सबै कहिले मर्छ भनेर आशा गरिरहन्छन् । नत कोहि प्रेमले सेवा गर्छ; नत दुःखमा सहाय गर्छ । केवल धन ग्रहण गर्न मात्रै सिपालु हुन्छन् । माता पितालाई रुवाउदा आफ्ना शरणमा पार्दा, बासबाट हिड़ाउदा उनीहरूलाई सन्तोष हुन्छ । यो सबै हामीले जाने वुझेको छ, परिपक्व छौ र पनि पुत्र भन्दा मरिहेछौं । अत हामी भन्दा मूर्ख को छ । हामी अज्ञानीहौं, ज्ञानीता पुत्रादिमा आसक्त वन्दैनन् । यिनीमा ममता त्याग गर्नेको भविष्य राम्रो हुन्छ ।

एउटा बृद्धलाई आफ्नै नातिले कुनै वार्तालापमा २ लात मारेछन् र घरवाट पनि निकालिदिएछन्। बाहिर वसेर नातिलाई गाली गरिरहेका थिए, त्यै अवस्थामा एक महात्मा त्यहि बाटो भएर आँउदै थिए। वूढालाई रोई रहेको देखेर महात्माले किन रोएको भनेर सोधे। वृद्धले भने, मेरा छोरा नाति बडा नालायक छन्। मेरो सबै सम्पत्ति आफ्ना कब्जामा पारे। मलाई राम्रो खान लाउन पनि दिदैनन्, केहि वोल्यो कि कुट्न आउँछन्। आज मलाई नातिले हिर्काए। यसै कारणले मं रुदैछु र गाली पनि गर्दैछु। अथोंक गरौं भने गर्न सक्तिन के गर्नु। वृद्धको दुःखी कुरा सुनेर महात्माले भन्नु भयो। बाबा? सन्सार मतलबि छ। पुरुषले राम्रो गऱ्यो, धन कमाएर दियो, खान लाउनमा विवेक गऱ्यो, राम्रो बोलि वचन गऱ्यो भने स्त्री, पुत्र नाति सबै सन्तुष्ट खुसि हुन्छन्। उनीहरुले त्यस्तै राम्रो गरे पुरुष पनि खूसि हुन्छन्, सबै मतलबी नै हुन्छन्। जबतक तिमी यिनीहरूलाई हर तरह गरेर सुख दिदै गथ्यौं तबतक सबै तिम्रो आदर गरिरहन्थे। अब तिमी बृद्ध भयौ यिनीहरूलाई सुख दिन नसक्ने भयौ। यसैले यी सबै तिम्रो अनादर गर्छन्। सन्सारमा सब कोई, आफ्नो मतलब सिद्ध गर्नका लागि, यौटा दोस्राका साथमा प्रेम गर्छ। जुन समयमा जसको जसबाट मतलब पूरा हुँदैन, सुख प्राप्ति हुँदैन, उसबेला त्यसलाई उसले त्यागी दिन्छ। या त्यसको निन्दा तिरस्कार गर्दछ। बाबा? अब यी सबैको त्याग गरेर तिमी मेरा साथमा हिड। खान लाउनको चिन्ता नगर परमेश्वरले दिने छन्, उनैका भर पर। बाँकी आयु परमेश्वरको भजनमा बिताउ। यो मोह माया त्यागेर जल्दि उठ, अब ढीलो गर्ने समय छैन। क्यै रिसाएर बूढाले भने, मलाई घर र पुत्रादि सम्बन्धबाट छुटाएर ल्याउनु भनेर तपाइँलाई कसले दूत बनाएर पठायो? मलाई अर्ति गर्दै हुनु हुन्छ। महात्माजी हेर्नु होस? क.ख.ग.घ.ङ. मेरो नाति त्यो, उसको बाजे मं। तपाइँ को हुनु हुन्छ? हेर्नु होस, मेरो नाति बाँचिरहोस। मलाई लात मारोस। बालकले पीट्छ पनि। के उसले पीट्यो भन्दैमा कोई आफ्नू घर छोड्छ? तपाई घर छोड्न मलाई उपदेश गर्दै हुनुहुन्छ। महात्माले भन्नु भयो। हेर मोहको महिमा, यस्तो दुर्दशा हुदा पनि मूर्खलाई नाता सम्बन्धीबाट, घरबाट वैराग्य हुँदैन। महात्मा यति भनेर त्यहाँबाट हिड्नु भयो।

प्रियपाठक! पुत्रकै विषयमा अर्को दृष्टान्त सुन—

एउटा सहरमा एउटा बडा धनी साहु थिए। तिनका चार पुत्र थिए। तिनीहरुलाई अलि अलि धन दिएर दूकानको काम गर्न लगाए। बाकि धन जुन कोठामा आफु वस्तथें सुत्थे त्यसै कोठामा गाह्राभित्र राखेर ईटा माटाले वन्द गरेर लुकाए, छोराहरूलाई थाहा दिएनन्। दैवागत क्यै दिन पछि ती साहु

वेमारी भए । एकदम चटपटाउनै नसक्ने भए । छर छिमेकी इष्ट मित्र हेर्न आए! तिनको खराब हालत देखेर सबैले भने । सेठजी ? अब अन्त्यको समय आयो, केहि दान धर्म गर्नुहोस । बनियाँले कोठाको गाह्रा तर्फ हात तेर्छो पारेर देखाए । त्यसको मतलब थियो त्यहाँ धनछ झिकेर दान गराओ । त्यसको तात्पर्य छोराले बुझे । पिताले हामीबाट छिपाएर धन गाह्राभित्र राखेको रहेछ भन्ने जानेर सवैका सामुन्ने भने, हाम्रो पिता, सँग जति धन थियो त्यो सबै गाह्रा भित्र लुकाएर राखे अब के दान गर्नु भन्नु हुन्छ । अरूले ठीक भन्छन् भने । वनियाँ के गरून धन निकाल्न सक्तैनथे, छोराहरूले सम्पत्ति चिन्हेकै थियो, झिकेर किन दान धर्म गर्न लाउँथे, पछुताउँदै टाउकामा हात राखेर रून लागे । छोराहरूले भने, पिताजी नरूनुहोस हामीहरू राम्ररी क्रिया गर्नें छौं । यसरि छोराहरू पिता-लाई बुझाउँदै थिए, पिताका प्राणले वासस्थान छोडेर परलोक तर्फ प्रस्थान गरे । मनको कुरा मनैमा रह्यो । प्रियपाठक ? जुन पुत्रका निमित्त हज्जारौं अनर्थ गरेर धन जम्मा गर्छ, धन पर्छ पुत्रका हातमा, धनार्जन गर्दा गरेको अपराध पर्छ बाबुका माथमा । ती पुत्रहरू सुट, प्याण्ट, घडी गरेर बाबुले अन्याय गरेर कमाएका सम्पत्तिले मजा उडाउँछन्, पिता यमलोकमा सजाएँ उडाउछन् । जुन पुत्रका निमित्त धन सङ्कलन गरेर लाखौं धन दिन्छ त्यँ पुत्र पिताका निमित्त केहि शुभ कर्म गरिदिदैन् तँ पनि मूर्खहरू पुत्र भन्दा प्राणै दिन्छन् । वैराग्य लिदैनन् ।

प्रियपाठक ? अर्को दृष्टान्त सुन । अघि कुनै समयमा, नारद ऋषि आफ्ना चेला तुम्बुरूलाई साथमा लिएर पृथिवीतर्फ भ्रमण गर्न जानु भयो । एउटा नगरमा पुगेर पिप्पलका फेदमा वसेर थकाइ मार्न लाग्नु भयो । अगाडि पटी दूकान थियो । त्यो दुकानका अगाडीबाट एउटा कसाई वाख्रा वपाएर हिडी रहेको थियो । ती वाख्राको लस्करबाट एउटा बाख्रो दौडेर गयो र दुकानभित्र पस्यो, वनियाँका चामल-का थुप्रामा मुख गाड्यो । वनियाँले त्यो बाख्राका गर्दनमा समाएर मुख निचोरेर गेंडा गेडा गरेर अलिकति चामल निकाल्यो । अनि कसाईलाई खूब हप्कायो र भन्यो । हेर कसाई ? यो तेरा वाख्राले निकै मेरो चामल खायो । जहिले तं यो-वाख्रो मार्छस त्यसदिन यसका गर्धनको जति मासु मलाई दिनु । अब कसाइ वाख्रा लिएर हिड्यो । यता नारदजी यो वृत्तान्त देखेर हाँस्नु भो हाँस्नाको कारण तुम्वुरूले सोधे । नारदजीले भन्नु भयो । जुन वाख्राले यो वनियाँका दुकानमा पसेर चामलका थुप्रामा मुख गाड्यो र मुखभरि हाल्यो, त्यो वाख्रो अघिल्ला जन्ममा यसै वनियाँको बाबु थियो । त्यो घरमा वसेको व्यापार गरेको यातायात गरेको अघिल्ला जन्मको सँस्कार (सँझना) उसलाई आयो । हेर तुम्बुरू ? जस्तो मानिस निधाएका समयमा आफूले गरेको, भनेको, खान; पीन, पठन, या

पाठन सबै बिर्सन्छ, जागा भए पछि सबै सँझन्छ र त्यै त्यै काममा लाग्छ। अघि गरेका कामका सँस्कारले त्यतै लगाउँछ। हेर त, कसैलाई खेति गर्न मन लाग्छ। कसैलाई जागिर खान, कसैलाई व्यापार गर्न, कसैलाई हस्तकला गर्न, पढ्न, पढाउन इत्यादिमा अघिल्ला जन्मको सँस्कार (सँझना) अनुसार लाग्छ लाग्छ। यसैले दुर्लभ जे भन्यो त्यै काम गर्न अधिकार भएको, जुन लोकमा जान इच्छा गर्छ त्यैलोकमा पुऱ्याउने, अर्थात् धर्म, अर्थ, काम, मोक्ष दिने, यस्तो अमूल्य मानव शरीर पाएर, यो नमरि पहिले नै, जो वृद्ध न भै मनुष्य जीवन सुधार्छ, पुण्य सञ्चय गर्छ त्यो मनुष्य धन्य हो। जो यो अमूल्य मानव शरीरलाई जूवा, तास, सुरापान, रण्डी, झगडा, हिंसा, अर्काको धन हरण, चोरी, रीस, डाही इत्यादि कुकर्ममा लगाएर व्यतित गर्छ भने त्यसले हातमा परेको अमृत गुमायो। त्यो भन्दा मूर्ख को हुन्छ ? आफ्नु कर्तव्य अकर्तव्य न जान्ने, मानिसको रूप भएको पशु हो। यस जन्ममा गरेको राम्रो वा नराम्रो कर्मको सँस्कार अनुसार सुमार्ग वा कुमार्गमा प्रवृत्ति हुन्छ, कर्मानुसार सुखी, दुखी, धनी, गरीब, राजा मन्त्री जो हुने हो त्यै हुन्छ। सबै प्राणी आफ्नू सँस्कार अनुसार चल्छन्। तिमी स्वयं जान त, अरू वाख्रा दुकानमा किन आएनन् र यैमात्र आयो ? यसको यहाँ सँस्कार थियो र आयो। १ मुट्ठी अन्न उसले मुखमा हाल्यो, त्यति अन्न पनि उसका छोराले खान दिएन, गर्धनमा समाएर मुखबाट निकाल्यो। फेरि कसाईलाई यो मारेका बेला यसका गर्धनको मासु मलाई खान दिनु भन्यो। जुन वनियाँले दुःखले देवताको आराधना गरेर जुन छोरो पाए त्यै छोराले बाबुलाई १ मुट्ठी चामल पनि निल्न दिएन। यै देखेर मं हाँसेको। हेर तुम्बुरू ? पुत्रबाट कसैलाई सुख हुँदैन, मानिसहरू यो जान्दैनन्। देवता, देवीको उपासना गर्दा पनि, पुत्र; धनहोस भनेर उपासना गर्छन्। निष्काम कर्म गर्देनन। आफ्नूकल्याणका निमित्त एक छिन पनि ईश्वरको सेवा गर्देनन्। यो भन्दा बढी अज्ञान के होला।

प्रियपाठक ? स्त्री र पुत्रहरूबाट कुनै सुख प्राप्त हुँदैन, समग्र मतलबी हुन्छन्, तिनीहरूबाट वैराग्य भएर शरीर मृत्युका पछि लाग्नु भन्दा प्रथम नै भविष्य सुधार्नु पर्छ भन्ने कुरा वताएँ। अब सम्पत्तिको विषयमा पनि तिमीलाई एक दुइ कथा सुनाउछु, सम्पत्ति झन् कस्तो अनिष्टकारी रहेछ जान। कुनै देशमा ४ जना पुरुष हिँडिरहेका थिए। अकस्मात् विचबाटामा एउटा असर्फीको थैली भेटियो। चारै जनाले मिलेर उठाए। एउटा वगैंचामा गएर वाडने सल्लाह गरे। एउटाले भन्यो, भोक लाग्यो, २ जना गएर दुकानबाट मीठाई लिएर आओ। त्यो मीठाइ खाएर बाँडौला। सगुन पनि हुन्छ। दुइ जना मीठाई लिन हिँडे। अनि बाटामा सल्लाह गर्दै गए। एउटाले भन्यो मौका पर्छ पर्दैन, मीठाईमा वीष लगाएर ल्याउनु पर्छ,

मीठाइ खाए पछि ती २ जना मर्छन्, अनि हामी असर्फी बराबर बांडेर लिउँला। यस्तो सलाह गरेर विष मिलाएर मीठाइ लिएर आए। अब यता असर्फी रुङ्ने २ जनाले पनि, जब ती २ जना मीठाइ लिएर आउँदै हुन्छन्, बाटैमा गोली हानेर मारौं र हामी २ जना यो असर्फी आधा आधा गरेर लैजाउँ, यो सल्लाह गरे। क्यै वेरमा मीठाइ लिन जाने, बीष मिलाएर मीठाइ लिएर आए, बाटैमा यताकालें गोली हानेर मारे। अब ती २ जना मरि गए, भोक लागिरहे छ, मीठाइ खाउँ अनि वाडेर हिडौला भनेर मीठाई खाए, त्यहि दुवै जना मरे। त्यो अशर्फीको थैली त्यहिं पल्टिरह्यो। सम्पत्तिका लागी, माता, पिता, मामा, भानिज, छोरा, नाति, बाजे, बज्यू, छोरी, दिदी वैंन्ही भन्ने सम्बन्धको ख्यालै नगरी परस्परमा मारा मार गर्छन्। यो सबै विचारेर धनबाट पनि वैराग्य बन्नु पर्छ। यावदर्थं यतेत, जतिले जीवन निर्वाह हुन्छ त्यति मात्र गर्नु भन्ने भागवतमा लेखेको छ। बढी सञ्चय नगर्नु दुःख पनि हुन्छ डर पनि हुन्छ।

राज्य पनि अनर्थको हेतु हो। प्रथम, राजालाई नित्य नै शत्रुदेखि भय भैरहन्छ। दोस्रो चोरबाट, तेस्रो सम्बन्धबाट पनि भय हुन्छ। आफ्नै पुत्र र भाइहरू देखि त्रास परिरहन्छ। भाइ छोराहरूले राजालाई विष दिएर मार्छन्। डरले राजालाई रात भर निद्रालाग्दैन। यौटै शय्यामा सुतिरहदैनन्। दुर्योधनले राज्यका निमित्त भीमसेनलाई बीष खुवाए। लाहा घरमा राखेर आगो लगाए। पुत्रलाई राज्य दिलाउन कैकेयीले दशरथबाट वर मागेर रामलाई वनवास गरायिन्। सुग्रीवले बालीलाई मराए। कंसले देवकीका पुत्रहरूको हत्या गरे। दुर्योधनले वंशको वै उच्छेद गराए। राजमदले शयकडौं अनर्थमा फसाउँछ। जसको फल अन्त्यमा राजाले नरक भोग्नु पर्दछ। यसैले शास्त्रमा राजाको अन्न खान निषेध गरेको छ। मनुस्मृतिमा भनेको छ दशजना कसाइको अन्न खांदा जति दोष हुन्छ, उति दोष एउटा कुमालेको अन्न खांदा हुन्छ। दश कुमालेको अन्न खांदा जति दोष लाग्छ, एक मदिराविक्री गर्नेको अन्न खाना त्यति दोष लाग्छ। दशजना मदिरा विक्री गर्नेको अन्न खांदा जति दोष लाग्छ, उति दोष एउटी वेश्याको अन्न खांदा लाग्छ। दश वेश्याको अन्न खांदा जति दोष लाग्छ, उति दोष एउटा राजाको अन्न खाँदा लाग्छ। राजाको सम्पत्ति अनेक प्रकारका अधर्मले मिश्रित भएको हुन्छ। यसैले गर्दा राजाको अन्न या रुपयाँ खाने कर्मचारीहरूको सबै बुद्धि भ्रष्ट हुन्छ र कुनीतिमा चल्छन्। जमीन आदिको कर बुझाउदा पहिले कुनै पदार्थ उपहार नचढाइ कर बुझेर रसाद सम्म पनि काट्तैनन् भने, अरू अरू ठूला काम प्रजाका निमित्त त्यसै किन गर्थे। अत एव राज्ये पनि अनेक अनर्थको

हेतु हो । त्यसैले बडे बडे राजाहरूले राज्य त्यागेर वनमा गए; परमात्माको ध्यान गरेर परमपदमा प्राप्त भए ।

प्रियपाठक ? अघि महात्मा प्रियव्रत चक्रवर्ती राजा थिए । धेरै काल तिनले राज्य गरे । एक दिन राजाका मनमा विचार आयो र मन मनै भन्नलागे । अहो दुःख, राज्य दुःखरूप हो । यसमा सुख मानेर मैले आफ्नू जीवन व्यर्थ बिताए । इन्द्रियका वशमा परेर अविद्यारूपी कूपमा आफूलाई गिराए । कामका वशमा परेर मं आफ्नी श्रीमतीको दास वनि रहें । जस्तो वनको मृग बालहरूको खेलबाडका निमित्त हुन्छ, त्यस्तै मं पनि स्त्रीको खेलवाडका निमित्त मृग वने । मलाई धिक्कार छ । मैले राज्यको भोगमा आफ्नू आयु व्यर्थै गुमाए । मंजस्तो मूर्ख सन्सारमा को होला । जो यस्तो अमूल्य मानव शरीर पाएर, विनाशी स्त्री पुत्रादि भोगमा आसक्त भएर आयु व्यतित गर्छ, आफूलाई चिन्दैन, आफ्नू कर्तव्य जान्दैन भने त्यो भन्दा मूर्ख को होला । अब म समयमा नै आत्मचिन्तन गर्छु यस्तो विचार गरेर पुत्रहरूलाई राज्य सुम्पे र वनमा गई एकान्तमा वसेर आत्म चिन्तन गर्न लागे । यो प्रियव्रतको चरित्रबाट राज्यमा सुख छैन भन्ने बोध हुन्छ ।

हें प्रिय पाठक ? अब स्त्रीमा आसक्त भएका बनियाँको कथा सुन ।

एउटा सहरमा कोई धनी वनियाँ थिए । तिनकी श्रीमती अति राम्री तरुणी थिइन् । दैव योगले तिनी सिकिस्त बेमारी भइन्, उनी वाँच्लिन भन्ने कुनै आशा रहेन । वनियाँ स्त्रीका नजिकै वसेर खूव रूनलागे । स्त्रीले भनिन्, तपाई किन रूनुहुन्छ ? मं मरे पछि तपाई अर्को विवाह गर्नु हुन्छ, दुःखता मलाई पो हुन्छ, किन भने मं सन्सारको सुख नभोगी नदेखी मरिजान्छु । वनियाँले भने मं दोस्रो विवाह गर्ने छैन । स्त्रीले भनिन्, मं यो कुरा मान्दिन । कुन धनी व्यक्ति दोस्रो विवाह गर्दैन लौ भन्नु होस त ? यौटी स्त्री आफ्ना घरमा छदैछ, सन्तान पनि छन, शील स्वभाव पनि भएकै छ, त्यस्तो छता पनि कामासक्त भएर जात, अजातकी स्त्रीहरू पुरुषले वटुलेको देखिरहकी छु । गृहस्थको ता के कुरा, जो साधु हूं भन्छ त्यो पनि स्त्रीमा लम्पट भएकै देखिन्छ । बाहिरको साधु छ, भित्र साधु छैन, शारीरिक, वाचिक मात्र साधु भएर हुँदैन कामले साधुहुनुपर्छ । वनियाँले भने हुन्छ म कामैले साधु बन्दछु भनेर मोहका वशमा परेर लिङ्ग काटे । अवि भने अवता तिमी पत्याउँछ्यौ ? स्त्री चूपलागिन् विस्तारै रोगले छोड्यो जस्ताकि तस्ति भइन । वनियाँले अघिनै आफ्नू इन्द्रिय काटि हाले, अब पो भारी दुःख भयो । किन भने स्त्री पुरुषको इच्छा गर्छिन्, वनियाबाट त्यो इच्छा पूर्ति हुने भएव प्रिय पाठक ? विचार नगरि क्यैकाम नगर्नु, बनियाँको हाल हेर ।

रावणले किन राम पत्नि हरदा त्यो पाप जानेन छन्
श्री रामले किन त्यो सुवर्ण मृगको सम्भव् विचारेन हुन् ॥
पाशाले किन धर्मराज सब राज् हारेर बनमा गए ।
तस्मात् आपद आउने वखतमा विप्रन्छ बुद्धि बुझें ॥ १ ॥

यो कविताको अर्थ व्यवहारमा घटाउ । स्त्रीमा आसक्त हुँदा कस्तो दुःख हुन्छ, बुझ, वनियाँ अपुत्र भए. अब झन् कस्तो दुःख भयो होला ।

प्रियपाठक ? अर्को कथा बताउँछु । इक्ष्वाकु वंशमा वृहद्रथ नाम भएका एउटा प्रतापी राजा थिए । तिनले धेरै समय राज्य गरे । एक दिन तिनलाई वैराग्य प्राप्त भयो र पुत्रहरूलाई राज्यदिएर वनमा वसी तपस्या गर्न लागे । तपस्या गर्दा गर्दा धेरै समय वित्यो । एक दिन अकस्मात् शाकायन मुनि राजा भएका ठाउमा जानु भयो । राजाले आफ्ना आश्रममा अकस्मात् आउनु भएका ऋषिको पूजा गर्नु भयो स्तुति गर्नुभो । वन्य फल मूलहरू निवेदन गर्नु भयो । राजाको सत्कार स्वीकार गरेर ऋषि सन्तुष्ट हुनु भयो । अनि भन्नु भयो । राजन तपाईंको सत् चरित्रबाट म प्रसन्न भएं । तपाईं मंसंग इच्छा लागेको वर माग्नुहोस । राजाले दण्डवत प्रणाम गरेर भने, हे मुने ? यदि तपाईं मेरा उपर प्रसन्न हुनुभो भने मलाई अरू केहि चाहिन्न, केवल आत्मज्ञान उपदेश गर्नुहोस । यहि एउटा वर तपाईंबाट इच्छा गर्छु । मुनिले भन्नु भयो । राजन यो वर अति दुर्लभछ, अर्को कुनै वर माग्नुहोस । जुन पदार्थ तपाईंसंग छैन त्यै माग्नुहोस । राजाले भने मुने ? सन्सारका पदार्थ कुनै स्थायी छैनन् । सूर्य चन्द्रमा, तारागण पृथिवी, लता वृक्ष, स्थावर, सङ्गम सम्पूर्ण पदार्थ समय आएपछि नाश हुन्छन, त्यस्ता नाशवान कुनै पदार्थ माग्दिन । त्यै आत्मज्ञान माग्छु, त्यै एक वर दिनु होस । हे मुने ? यो स्थूल शरीर मनुष्यका वीर्य र रजबाट पैदा भएको हो । यसमा हाडको पर्खाल छ । वाहिरबाट छालाले पोतेको या टालेको छ । भित्र मल र मुत्रले भरिएको छ । अशुद्ध कारणबाट उत्पन्न भएको हुनाले अशुद्ध छ नाशवान छ । यस्तो शरीरमा मूर्खहरू, मं यो हूं, उ हूं ब्राह्मण हूं, क्षत्री हूं इत्यादि अभिमान गर्दछन् । मद्य पियो । शरीर त्यस्तो हो ता पनि ठूलो पुण्य न भै पाइन्न । विनाशी हो ता पनि, धर्म अर्थ, काम, मोक्ष जे चाहन्छ त्यै यो मानव शरीरले सिद्ध गर्न सकिन्छ । अत कयौं जन्मका पुण्यको सञ्चयले यो मनुष्य शरीर मैले पाएं, यो शरीर पाएको व्यर्थ नहोस, हातमा परेको अमृत न गुमोस । विषयको भोग सुख दुःख, स्त्रीपुत्रादि, पशु योनिमा पनि हुन्छ । सबै कुरा मानव संग समान छ । तर पशु योनिमा विवेक हुँदैन, [illegible] हुँदैन । [illegible] पशु योनिको ता के कुरा देव योनि भन्दा पनि

मनुष्य योनि श्रेष्ठ हो । मेरो मानव शरीरलाई सफल गराइ दिनु होस । हे मुने ? आत्म ज्ञान उपदेश गर्नुहोस । राजाको यो वैराग्य सम्पन्न कुरा सुनेर ऋषि सन्तुष्ट हुनु भयो र भन्नु भयो । राजन् ? तपाइंमा पूर्ण वैराग्य छ, तपाई देखि मं प्रसन्न भएं । सुन्नुहोस मं आत्म ज्ञान उपदेश गर्छु । आत्म ज्ञानको अर्थ आफ्नू ज्ञान । आफ्नू चेतन हो । जस्तो सूर्यको छाया पानीमा पर्छ त्यस्तै हृदयाकाशमा वसेको चैतन्यको बुद्धि आदि इन्द्रियमा छाया पर्छ जड इन्द्रियहरू चैतन्य जस्ता हुन्छन् । चेतनको छाया परेको मन विषयमा घुस्छ, विषय मनमा घुस्छ, मन विषय एकै रूपको हुन्छ जस्तै तिमीलाई पुत्रको आवश्यक पर्‍यो पुत्रमा गएर मन घुस्यो, जस्तो पुत्रको आकार रूप थियो त्यस्तै वन्यो, पुत्र पनि मनमा घुस्यो, मन र पुत्र एक भए। मनभित्र चेतन छ, मन र पुत्र चेतन या जीवको रूप भयो । जस्तै रूप या आकार हुनु वृत्ति भनिन्छ अब पुत्र र मनरूपी जीवले पुत्र र मनलाई भिन्न गर्छ र मनलाई म पुत्रलाई मेरो भन्छभन्ने यस्तो ज्ञान प्राप्त गरेर जसले मन जड वस्तु म हैन, पुत्रादि, मेरो ह्वं नन् मं चेतन हूं ब्रह्म हूं भनेर आफूलाई जान्यो त्यो मुक्त भयो भन्ने जान । सत्य नै ब्रह्म हो, सत्यको आश्रय गर, सत्यको आश्रयले मनरोक्न सकिन्छ । मन निर्मल शुद्ध न भै ज्ञान हुँदैन, ज्ञान न भै कर्म नाशहुदैन, कर्मनाश न भै मुक्ति हुदैन । यसैले प्रथम शास्त्रोक्त आचारमा रहेर, यम, नियम द्वारा मन शुद्ध गर्नु पर्छ, सत्यको आश्रय गर्नु पर्छ । विषयबाट मन नहटी आत्माको साक्षात्कार हुँदैन । यसमा उक्ति पनि छ । हे राजन् ? सुन्नु होस ।

समासक्तं यथा चित्तं जन्तोर्विषयगोचरे ।
यद्येवं ब्रह्मणि स्याद्वै को न मुच्येत वन्धनात् ॥ १ ॥

राजन् ? जसरि मानिसको चित्त विषयमा आसक्त भैरहन्छ, यदि त्यसरी नै ब्रह्ममा आसक्त भएदेखि बन्धनबाट को छुट्ने थिएन ।

वर्णाश्रमा चारयुता विमूढाकर्मानुसारेण फलं लभन्ते ।
वर्णादि धर्मं हि परित्यजन्तः स्वानन्दतृप्ताः पुरुषा भवन्ति ॥ २ ॥

जो पुरुष शास्त्रोक्त वर्ण आश्रमको आचारमा अतिशय प्रेम राख्तछ, आत्म विचारमा भने पटक्कै प्रेम राख्तैन, त्यो मूर्ख कर्म अनुसारको फल पाउँछ । जो पुरुष वर्ण आश्रमको अभिमान त्यागेर आत्म विचार गर्दछ त्यो ब्रह्मानन्द पाउँछ ।

हृत्पुण्डरीकमध्येतु भावयेत्परमेश्वरम् ।
साक्षिणं वुद्धि नृत्यस्य परमप्रेम गोचरम् ॥ ३ ॥

हे राजन् ? यो देह देवालय हो, यसमा वसेको जो चेतन जीव छ त्यो निरञ्जन, निराकार, शुद्ध, बुद्ध शिव हो । त्यस जीवले बुद्धिको साक्षी प्रेमको

परमपात्र भएका ईश्वरलाई हृदयरूपी कमलका मध्यभागमा, त्यो मं हूं, अर्थात् अहं ब्रह्म अस्मि भनेर ध्यान गरोस् ।

अभेददर्शनं ज्ञानं ध्यानं निर्विषयं मनः ।
स्नानं मनोमलत्यागः शौचमिन्द्रिय निग्रहः ॥ ४ ॥

जस्तो बाहिरको आकाश र घडाको आकाश, घड़ा भित्रको पानीको आकाश एउटै हो दोस्रो होइन, त्यस्तै बाहिरको चेतन या ब्रह्म, सबै प्राणी मात्रका हृदयमा वसेको कूटस्थ र बुद्धि आदिमा रहेको कूटस्थको प्रतिबिम्ब 'जीव' यौटै हो, भिन्न ह्वैन भनेर भेद नदेख्नु सुख दुःख सबैमा समान संझनु ज्ञान हो। वाहिरि स्त्री पुत्रादि विषयमा मन नदिनु ध्यान हो। काम, क्रोधादि मनोमल हटाउनु स्नान भनिन्छ। इन्द्रियहरूलाई छाडा हुन नदिनु, अधीनमा राख्नु शौच भनिन्छ। यसरि उपदेश गरेर ऋषिले राजलाई कृतार्थ गरिदिनु भयो। यदि राज्यमा सुख हुने भए वृहद्रथ राजा राज्य त्यागेर वनमा किन जान्थे। फेरि कृतवीर्यका पुत्र अर्जुन (कार्तवीर्य) लाई पिता मरेपछि पुरोहित, मन्त्रीले राज सिंहासन ग्रहण गर्नुहोस भन्दा मानेनन्। के भने भने, मं राजसिंहासन ग्रहण गर्दिन। किन भने, भविष्यमा यसको फल नरक हुन्छ। राजाका निमित्त जो धर्म लेखेको छ त्यसमा रहन कठोर छ। राजाले प्रजाबाट कर लिनु, त्यसले दुःखी प्रजाहरूको पालना गर्नु चोरबाट रक्षा गर्नु भन्ने कहेको छ। आफ्ना आराम-का लागि लिनु, भनेको छैन बढी कर लिनु भन्ने छैन। तर के गर्ने सबै भृत्य वर्ग धनका लोभले प्रजाहरूलाई सताउँछन्। सर्वत्र राजाको दृष्टि पुग्न सक्तैन; कर पनि कत्ति बढी लिइन्छ। राजाले मात्रै एकलै राज्य गर्न सकिन्न। प्रजाले गरेको पाप राजाले भोग्नु पर्छ, काम, क्रोधादिशत्रुले कहिल्यै छोड्दैनन् यसै हेतु मं राज्य गर्दिन, राज्य महान् अनर्थको हेतु हो भनेर राजा हुन मान्नु भएन। राज्यले भलाइ गर्ने भए कार्तवीर्य किन राज्य त्याग्थे, राज्यमा सौख्य छैन।

प्रिय पाठक ? अर्को कथा सुन। सत्य युगमा एउटा ऋभु भन्ने ऋषिथिए। तिनका पुत्रको नाम निदाघ थियो। तिनी वेदवेदाङ्ग बाल्यावस्थामा नै पढेर विद्वान मुनिहरूमा श्रेष्ठ वैरागि ज्ञानी थिए। पिता संग आज्ञा मागेर तीर्थ यात्रा गर्न गए। धेरै समय लगाएर साडे तीन करोड तीर्थ भ्रमण गरे। तीर्थमा जप, दान, स्नानादि शुभ धर्मकर्महरू पनि धेरै गरे। तर तिनको मन शान्ति भएन। फर्केर घरमा आए। आफ्ना पिता संग, तीर्थ भ्रमण, तीर्थमा स्नान, जप, दान गर्दा पनि मेरो मन शान्त भएन। मनशान्त नभै पुरुषलाई सुख हुँदैन, यी अनित्य सांसारिक पदार्थ मं क्यै चाहन्न, यो दृश्यमात्र जगत् समय आए पछि

सबै नष्ट हुन्छन त्यस्तो नाशवान् पदार्थ पटि मेरो चित्त छैन, मलाई आत्मज्ञान उपदेश गर्नु होस भने। पुत्रको यस्तो वैराग्ययुक्त कुरा सुनेर ऋभुले भने। पुत्र ? वैराग्य न भएका मानिसलाई आत्मज्ञान उपदेश गर्नु हुँदैन। किन भने उ सुन्छ उडाई दिन्छ, उपदेश गर्नु व्यर्थ हुन्छ। तिमी वैराग्य संपन्न सत्पात्र छौ, तिमीलाई भन्छु सुन। तीर्थ यात्रा गर्दा, तीर्थमा स्नान, जप दान गर्दा मनशान्त हुदैन भन्ने जान्यौ। तीर्थ जानु भन्दा पहिले जस्तो स्वभाव थियो, तीर्थबाट फर्के पछि पनि त्यै स्वभाव रहिरहन्छ। केवल यस जन्ममा गरेका साना तिना कुनै पापहरूको प्रायश्चित्त हुन्छ, त्यति मात्र हो, आत्मज्ञान बिना सुख शान्ति हुँदैन।

हे निदाघ ? चुम्बकको विलक्षण शक्तिले फलाम चेष्टा गरेझैं, चेतन ब्रह्मको विलक्षण शक्तिले चटपट गरेर प्रकृति चटपटाउँछे। त्यै प्रकृतिबाट जगत् उत्पन्न भयो। जगत् जड हो। चेतन जगत् भिन्न छ। जगत् अवयवी मूर्त द्रव्य हो ब्रह्म निरवयव अमूर्तद्रव्य हो। मूर्तद्रव्यको र अमूर्त द्रव्यको संयोग हुँदैन। ब्रह्म तटस्थ छ, नित्य छ, सुख रूप छ। जगत्, विनाशी, दुखरूप छ। ब्रह्म इच्छाले हीन छ, क्यै गर्दैन। सेनाको जय-पराजय नेतामा आरोप भएझैं, प्रकृतिको दृष्टि आदि कर्म ब्रह्ममा आरोप भएको मात्र हो ब्रह्मको कर्ता भोक्ता ह्वैन। त्यै ब्रह्मको माया-मा परेको प्रतिबिम्ब ईश्वर कहिन्छ। बुद्धि आदिमा परेको त्यै ब्रह्मको प्रतिविम्ब जीव कहिन्छ। जीव र ब्रह्ममा भेद छैन, हे पुत्र ? तिमी विचार गरेर अहं ब्रह्मास्मि, यो ज्ञानलाई दृढ गर, यस्तो ज्ञान हुनु नै आत्मज्ञान हो। आत्म ज्ञानी ज्ञानी भनिन्छ, अनात्मज्ञ अज्ञानी भनिन्छ। हे प्रिय पाठक ? पिताका उपदेशले निदाघलाई, आत्म (आफ्नू) स्वरूपको बोघ भयोः शान्ति भयो। आत्मज्ञान प्राप्त गर्ने मुख्य साघन वैराग्य हो, वैराग्य न भै आत्मज्ञानको उपदेश हृदयमा अड्न सक्तैन, चूहेर जान्छ। पहिले स्त्री पुत्र, राज्य, सुखभोगलाई विनाशी संझेर तिनीहरूबाट वैराग्य लिनु पर्छ र गुरूका साथमा गएर ज्ञानको उपदेश लिनु पर्छ।

प्रियपाठक ? वैराग्यवान्को अर्को कथा श्रवण गर। एउटा महात्मा बाटामा हिडिरहेका हुनुहुन्थ्यो हिडदा थकित भएर एक घडी विश्राम गर्न ठाउँ यता उति हेर्नु भयो। हेर्दै जादा सडकका छेउमा एउटा अति राम्रो महल या घर देख्नु भयो। महात्मा त्यसभित्र पस्नु भयो। उहाँ सजि सजाउ खाटमाथि राजा बसेका थिए। राजाका अगाडी सिपाइहरू उभिएका थिए। महात्मा पनि उहिं गएर राजाका सामुन्ने उभिनु भयो। सिपाईहरूले महात्मालाई हप्काएर, तपाई यहाँ किन आउनु भएको भने। मैले यस घरलाई धर्मशाला भन्ने जानेर दुइ घडी विश्राम गर्नका निमित्त यहाँ आएको हूँ। सिपाईले फेरि डाटेर भने, अरे साधु ? तिमी के बोल्दैछौ। महाराजको दरवारलाई धर्मशाला बनाउँछौ। महात्माले

भन्नु भयो । यी वर्तमान राजा भन्दा पहिले यो घरमा को वस्थ्यो । यहाँ महाराजाका पिता वस्नु हुन्थ्यो फेरि सोध्नु भयो, उनी भन्दा पहिले को वस्थ्यो ! वर्तमान राजाका पिताका पिता । फेरी सोध्नु भयो, उनीभन्दा पहिले को वस्थ्यो, सिपाईले भने उनीका पिता । महात्माले भन्नु भयो, जुन घरमा बारम्बार परदेशी आउने जाने गर्दछन यी राजाका पूर्वजहरू कति यो घरमा वसे, अब पछाडी कति वस्ने छन् । फेरि यो धर्मशाला हुँन भने कै हो त ! मैले यसमा के अयोग्य भने, लौ भन ! मदेखि किन रिसाउँछौ ! महात्माको यो कुराले राजालाई वैराग्य प्राप्त भयो । राजाले महात्मासंग आफ्नू भूल सुधारे । हे प्रियपाठक ! सन्सारमा जति मानिसका घर छन् ती धर्मशाला हुन । पिता, पुत्र, या अर्को कुनै पालैसंग वस्छन, ती समग्र बटुवा हुन, अलि दिन वस्छन जान्छन, परिवारहरू पनि पूर्व परिचवाट वास वस्न आएका एक रातका साथी हुन । उज्यालो भए पछि अर्थात् मृत्यु भए पछि आ आफ्नूबाटो लाग्छन अर्थात् जीवरूपी बटुवा शरीरबाट निक्लेर कर्म अनुसार मानव आदि योनिरूपी बाटामा जान्छ अज्ञानी उनमा ममता गर्छ । ज्ञानी घर परिवारमा मेरो भन्ने भाव नराखि आफूलाई परदेशी संझेर वास वस्छ ।

प्रियपाठक ? वैराग्यवान्को अर्को कथा सुनाउँछु । पान्चाल देशको कुनै नगरमा एउटा मन्दिरमा कुनै महात्मा वस्नु हुन्थ्यो । ती महात्मा अति अभ्यासी हुनुहुन्थ्यो । अभ्यास गर्दा गर्दा उहाँको अवस्था धेरै भएको थियो । योगवासिष्ठमा जीबन मुक्त ज्ञानीको जो पाँचौं भूमिका लेखेको छ, उहाँ त्यो पाँचौं भूमिकामा पुगेको हुनुहुन्थ्यो । सदा हाँसिरहनु हुन्थ्यो । कसै संग बोल्नु हुन्नथ्यो । एक दिन दोपहरको समयमा त्यस मन्दिरमा खेल्नका लागि साना साना चार, पाँच जना केटाहरू आए । एउटा केटाले अर्का साथि केटा संग भन्यो, महात्माका जाँघ बड़े मोटा छन्, यिनका एउटा जाँघको चौपट (वस्ने सानु खटिया) बनाएर खेलौं । केटा केटी मूर्ख हुन्छन् । साथिले भनेको त्यो कुरा सुनेर अर्को केटो तुरून्त गएर आफ्ना घरबाट चक्कु लिएर आयो । चक्कूले महात्माको जाँघमा छाला तानेर चौपट वनाउन लागे । महात्मा न त बोल्नु हुन्थ्यो न त चटपटाउनु हुन्थ्यो । उनीहरूलाई के गरेको यसो नगर भनेर किन रोक्नु हुन्थ्यो, केहि गर्नु भन्नु भएन । उनीहरूका अगाडी सजिलो हुने गरेर जाँघ तेछर्याइदिनु भो जाँघ काटता रगत आयो, रगतको धारो छुटेको देखेर केटा भागे । रगत बगिरहेको थियो महात्मा भने हाँसिरहनु भएको थियो । यै मौकामा कुनै मानिस आइपुगे । तिनले देखे, महात्माका जाँघबाट रगतको धारो वहेकोछ, महात्मा हाँसिरहेका छन् । तिनले अरूलाई खबर गरे, दश; विश जना मानिस जम्मा भए । [illegible] केटा-

हरू खेल्दै थिए भन्ने बुझे र एउटा केटालाई सोधे, उसले सबै भएको कुरा बतायो। त्यो सुनेर सबैले सल्लाह गरे र भने, सार्कीलाई बोलाएर जाँघ सिउन लगाएर मलम लाउनु पर्छ, अनि पट्टी बाँधि दिनु पर्छ। योसल्लाह गरेर सार्कि-लाई बोलाएर ल्याए। जब सार्कीले जाँघ पक्रेथ्यो महात्माले हात हटाइदिनु भयो सिउन दिनु भएन। कति मानिसले सिउनै पर्छ भनेर यत्न गरे तर सिउनको के कुरा छुनै दिनु भएन। २।४ दिन सम्म रगत बगि रह्यो। त्यसको नजिकै अर्को मन्दिरमा अर्का महात्मा बस्नु भएको थियो। बहाँले यो सबै खबर थाहा पाउनु भयो र एउटा मानिसलाई जाँघ काटिने मानिस कहाँ समाचार पठाउनु भयो। समाचार यो थियो। जुन घरमा मानिस बस्छ, त्यो घरको सफाइ राख्नु पर्छ। सफाई राख्नु मनासिब हो। तपाई यो शरीररूपी घरमा बस्नु हुन्छ, यसको दवाई गर्नु उचित हो। यो सुनेर समाचार ल्याउने संग महात्माले भन्नु भयो। महात्मा संग मेरो यो समाचार भनि दिनु। जब तपाइँ तीर्थयात्रा गर्न जानु हुन्थ्यो, बिसौं-धर्मशाला बाटामा छन्। तिनमा १।१ रात बास बस्नु हुन्थ्यो। ती सबै धर्मशाला लड्न लागेका, फोहोरी मैला रहेछन्। अब तपाई गएर ती धर्मशालाको मरमत सफाइ किन गर्नु हुन्न? जसरि तपाइँ १ रात बास बस्नका निमित्त धर्मशालाको मरमत, सफाइ गर्नु हुन्न, त्यसरिलै मैले पनि यो शरीररूपी धर्मशालामा आफ्नू आयु रूपी रात भर बास बस्नु छ। त्यो रात पनि बिति सक्यो अब मं यसको सफाइ किन गरौं। यति भनेर चूप लाग्नु भयो। ५–७ दिन पछि महात्माले शरीर त्याग्नु भयो। प्रियपाठक? जो पूर्ण वैराग्यवान् छ त्यो पुरुष यस शरीर-लाई धर्मशाला जानेर यसमा ममता गर्दैन।

हे पाठक? तिमीलाई अर्को दृष्टान्त सुनाउँछु। एउटा सहर बाहिर नदीका किनारमा एउटा वैरागी महात्मा बस्नु हुन्थ्यो। निष्काम हुनाले कुनै राजा वा धनी-का साथमा जाँदै जानु हुन्नथ्यो। संधै आत्मविचारमा लागिरहनु हुन्थ्यो। उहाँको त्याग र वैराग्यका चर्चा सर्वत्र फैलिएको थियो। राजालाई पनि महात्मा-को यो कुरा थाहा भयो र उहाँको दर्शन गर्ने इच्छा भयो। मंत्रीलाई लिन पठा-उनु भयो। मन्त्रीले गएर विनयपूर्वक भने। राजालाई तपाईंको दर्शन गर्ने इच्छा भयो, कृपा गरेर मेरा साथमा सवारी भै राजालाई दर्शन दिनुहोस। यो सुनेर महात्माले विचार गर्नु भयो। अब म मन्त्रीका साथ लागेर राजा कहाँ नजौं भने, राजा आफ्नू अनादर संझेर मेरा उपर केहि अनिष्ट गर्ने छन्। किन भने त्यसै पनि राजाहरू राजमदले मत्त हुन्छन्। अर्को कुरा, मं उनै राजाका राज्यमा बसेकोछु। जौंत भने महात्माहरूले मलाई, त्यागी, ज्ञानी भएर पनि राजाका दरबारमा गए भन्ने छन्, ... राजाका द्वारमा गए भन्ने छन्,

दुवै तर्फ मेरो मुख कालो हुने छ। अर्थात् लाजले शिर झुक्ने छ। वरू पहिले नै आफ्नू मुख कालो पारेर जानु पर्‍यो भनेर गाजलले मुख कालो पारेर महात्मा मन्त्रीका साथ लागेर राजा कहाँ जानु भो। राजाले महात्माको बडो आदर गरेर मुख कालो पार्नुको कारण सोध्नु भयो। महात्माले पनि आफ्नू सबै विचार बताइदिनु भयो। राजाले भन्नु भयो सबै सत्य हो। थोरै बेर बसेर महात्मा पनि जानु भयो। हे पाठक ? पूर्ण वैराग्यवान् निष्काम महात्मा जो छन्, ती आफ्नू शरीरको निर्वाहका निमित्त कुनै राजा वा धनीका ढोकामा जादैनन्, भगवान कै भर पर्छन्। कसैले गरेको मानलाई अपमान जस्तो ठान्छन। अपमानलाई मान गरे जस्तो ठान्छन्। जो अज्ञानी कामासक्त छ, वैराग्यले शुन्य छ, उहि राजा र धनीका ढोकामा बल गरेर घुस्छ। धनका निमित्त नीचको सेवा वा व्यवहार गर्छ। आफू वार्णाश्रमोक्त धर्ममा रहदैन। उसलाई केवल धन पाए पुग्यो।

प्रियपाठक ? अर्को कथा भन्छु। एउटा राजाले सारा पृथिवीको जय गरेर आफ्ना गुरु, पुरोहित, प्रजाहरूलाई आफ्नु नाम सर्वजित भन्ने राख्न लाए। तिनीलाई सबै सर्वजित भन्न लागे। तर राजमाता पुत्रलाई सर्वजित भनेर बोलाउदिनथिन्। जो पहिलेको नाम थियो उसै नामले बोलाउँथिन। एक दिन राजाले मातासंग भने, माताजी ? मलाई सबै सर्वजित भनेर बोलाउँछन, तपाई भने त्यस नामले बोलाउनु हुन्न, यसमा के हेतु छ। माताले भनिन, पुत्र ? बाहिरको राज्य, बाहिरका शत्रु जित्ता सर्वजित पुरुष हुन सक्तैन। किन्तु मन, इन्द्रिय रूपी शत्रुलाई जिते पछि मात्र पुरुष सर्वजित हुन सक्तछ। तिमी भनौला सारा पृथिवी मेरा आज्ञामा छ। पहिले ता तिम्रो शरीर नै तिम्रा आज्ञामा छैन। प्रतिदिन यो बूढो हुँदै जान्छ। एक दिन अवश्य नष्ट हुने छ। मन, इन्द्रियहरू तिम्रा वशमा छैनन। नित्य तिमीलाई विषय भोग तर्फ, कुकर्मतर्फ घचेडदै छन। पहिले तिमी शरीर, मन, इन्द्रियहरूलाई जित। जब यी सबैलाई जितौला तब मं तिमीलाई सर्वजित नामले बोलाउला। व्यासले यही कुरो भन्नु भएको छ।

न रणे विजयाच्छूरोऽध्ययनान्न च पण्डितः।
न वक्ता वाक्पटुत्वेन न दाता चार्थदानतः ॥१॥
इन्द्रियाणां जयाच्छूरो धर्मं चरति पण्डितः।
हित प्रायोक्तिभिर्वक्ता दाता सन्मानदानतः ॥२॥

रणमा जय गर्नाले शूरो हुँदैन, पढनाले मात्र पण्डित हुदैन। बोल्न सिपालु भएर वक्ता हुँदैन, सम्पत्ति दान गर्दा दानी हुँदैन। इन्द्रिय जित्ने पुरुष शूरो भनिन्छ, शास्त्रले विधान गरेबमोजिम धर्मकर्म गर्ने चल्ने पण्डित भनिन्छ।

जति वोल्दछ उति हित हुने कुरा बोल्ने वक्ता कहिन्छ। मान्य जनको सन्मान गर्ने दाता कहिन्छ। नीतिमा पनि भनेको छ।

यौवनं जीवितं चित्तं छाया लक्ष्मीश्च स्वामिता।
चञ्चलानि षडेतानि ज्ञात्वा धर्मरतो भवेत् ॥३॥

तरुणावस्था, वाच्नु, मन, शरीरको छाया, धन, मालिक्याइँ यी छ चीज चञ्चल छन्। नाश हुन्छन, यो जानेर धर्म गरिहाल्नु, नपर्खनु। अर्को नीति-

अजरामरवत्प्राज्ञो विद्यामर्थं च चिन्तयेत्।
गृहीत इव केशेषु मृत्युना धर्ममाचरेत् ॥४॥

विद्वान पुरुष, विद्योपार्जन गर्दा र धनार्जन गर्दा, मं कहिल्यै बूढो हुन्न, मर्दिन भने झैं गरोस। धर्म गर्दा मृत्युले केशमा पक्रेको छ भन्ने संझेर गरिहालोस। भर्तृहरिले पनि यै कुरालाई समर्थन गर्नु भएको छ। जस्तै—

यौवनं जरया ग्रस्तंमारोग्य व्याधिभिर्हतम्।
जीवितं मृत्युरभ्येति तृष्णैका निरुपद्रवः ॥५॥

यौवनलाई बुढ्याईंले ग्रास पार्‍यो, आरोग्य रोगले नष्ट गर्‍यो, आयु मृत्युले हात पार्‍यो, एउटा तृष्णामा भने, केहि धक्का लागेको छैन। यो भनेर भर्तृहरि धर्म गर्न लाग्नु भयो। हे पुत्र ? काम र क्रोध प्राणीका महान शत्रु हुन्। पहिले तिमी काम र क्रोधको जय गर, अनि मं तिमीलाई 'सर्वजीत' भनेर वोलाउनेछु। माताको वचन सुने र राजालाई वैराग्य भयो, कामादि जय गर्न थाले।

प्रियपाठक महात्माको अर्को कथा सुन। एउटा नगरका बाहिर विष्णुको मन्दिर थियो। त्यस मन्दिरमा एउटा वैरागी महात्मा वस्नु हुन्थ्यो। रातभर उभिएको उभियै भगवान्को भजन गरी रहनु हुन्थ्यो। एक दिन एउटा मानिसले महात्मा संग भने, महाराज यस मन्दिरमा कुनै चोर चकारको डर छैन, फेरी तपाइँ, कसको डरले, रात भर, नसुति, उभिएर, भजन गरिरहनु हुन्छ ? महात्माले भन्नु भयो। हेर बाबु ? बाहिरका शत्रुको मलाई किञ्चित मात्र पनि डर छैन। काम, क्रोध, लोभ, मद, मात्सर्य, मोह यी छओटा शत्रु छन्। मेरा मात्र ह्वैनन्, सवै प्राणीमात्रका शत्रु हुन्। यी शरीर भित्र वसेका छन्। आफू जहां गयो उहि साथैमा हुन्छन्। तिनीहरूले मेरो मन चोरेर लगेर अन्यत्र कुमार्गमा नलगाउन् भनेर नसुति तिनैका डरले भजन गरिरहन्छु। कोहि काशी आदि तीर्थमा वसेर उहिं मरेर मुक्ति हुन इच्छा गर्छन। तर यी छ शत्रुले तिनीहरूलाई सताई राखेको हुन्छ। आफ्नू धन, स्त्री पुत्र, इष्ट मित्र, शत्रु हरुलाई चौविसै घंटा

संझिराखेका हुन्छन् । वैराग्य न भै छ शत्रु जित्न सकिदैन । शास्त्राध्ययन, सत्सङ्ग, गुरुको उपदेशले ज्ञान प्राप्त हुन्छ, अनि वैराग्य हुन्छ र जित्न सकिन्छ ।

यः षट् सपत्नान् विजिगीषमाणो गृहेषु निविश्यं यतेत पूर्वम् ।
अत्येति दुर्गाश्रित उर्जितारीन् क्षीणेषु कामं विचरेत् बिपश्चित ॥१॥

जो पुरुष छ शत्रुलाई जित्न इच्छा गर्छ, त्यो पहिले घरँमा वसेर यत्न गरोस । जस्तै किल्लाश्रय गरेर वसेका राजाले बलवान् शत्रुलाई जित्न सक्तछन् । त्यस्तै आफ्नु घर किल्ला हो, त्यसमा वसेर यत्न गर्नेले कामादि छओटा शत्रुलाई र, भा० प० स्कन्दमा लेखेका उक्त पद्यले वताएका, पाच ज्ञानेन्द्रिय र मन यी छ शत्रुलाई जित्न सक्तछ । यिनीहरूलाई जय गरेपछि मात्र तीर्थमा गएर वसोस या घरँमा वसोस । जे मन लाग्छ त्यै गरोस । महात्माले पृच्छक संग यै उत्तर दिए । यसैले हामीले पहिले घरँमा वसेर उक्त शत्रु जित्नु पर्दछ र तीर्थमा गएर कल्याण हुन्छ । उक्त शत्रु जित्न घरँमा सक्तैन भने, तीर्थवासी हूं भन्नु, भेददर्शी वैष्णवादिले वैष्णवादिको शारीरिक चिन्ह गरेर आडम्बर देखाए जस्तो मात्र हो ।

पाठक ? अर्को कथा सुन । एउटा महात्मा जंगलमा वसेर अहोरात्र भगवान्को भजन गर्थे । यौटा पुरुषले महात्मा संग भने । महाराज ? तपाइं भजन गर्नमा वडो परिश्रम गर्नु हुन्छ, तपाइंले गरेको यो परिश्रम भगवान्ले मंजूर गर्नु हुन्छ कि गर्नु हुन्न, निष्फल पो हुने हो कि ? महात्माले भन्नुभयो । मं आफ्नु कर्तव्य पालन गर्छु । भविष्यमा भगवान्को जो दया । भगवान् आफ्नु कर्तव्य पूरा गरुन् या नगरुन् । किनकि, जस्तो राजाको आफ्ना भृत्यवर्ग र प्रजाका उपर हुकुम लागू हुन्छ । भृत्य र प्रजाको हुकुम राजा उपर लागू हुन्न । त्यस्तै परमेश्वरको हुकुम मं उपर हुन्छ, मेरो हुकुम परमेश्वर उपर हुंदैन । परमात्माले ब्राह्मण, क्षत्री, वैश्य, शूद्र यी चार वर्ण सृष्टि गरेर साथै चारै वर्णको गुण, कर्म विभाग गरेर विधान गर्नु भयो । यसैले हामी समग्रले शास्त्रले विधान गरेको वर्णाश्रमोक्त नियत कर्म न भुलि आलस्य नली गर्ने पर्छ । म आफ्नु कर्तव्य वसूल गर्छु । पछि भगवान्ले मैंले क्यै कारणवश खान न पाएको वेला, दुख पाएको वेला, तैंले आफ्नु कर्तव्य असुल गरिनस, अतएव यस्तो दुख पाइस न भनुन् : यै संझेर अहोरात्र भजन गर्दछु । महात्मा यति भनेर चूप लागे । प्रिय पाठक ? तिमी भविष्यमा सुख चाहन्छौ भने शास्त्रोक्त वर्ण आश्रममा वताएको, शौच, स्नान, सन्ध्या, पाठ, देव, पितृ,भूत यज्ञ यी नियत कर्म गर, यो शरीर अमूल्य ठेकी हो यसमा अपवित्र पदार्थ न हाल, सत्य बोल, मन, वचन, शरीरले कसैको नराम्रो हुने काम न गर, शत्रु- लाई पनि मित्र संझ, माता, पिता, सासु ससुराको र विद्वान्, मान्य जनको सेवा

गर, आज्ञा पालन गर, अतिथिको सत्कार गर, संपत्तिमा आसक्त न बन, जतिले जीवन निर्वाह हुन्छ त्यति मात्र संचय गर, वढी गर्दा दुःख पाइन्छ। यी मैले वताएका नियममा रह्यौ भने, अरू धर्म, कर्म, उपवास, व्रत वयै गर्नु पर्दैन मरेपछि भगवान् खूसि भएर तिमीलाई वैकुण्ठ दिने छन्।

प्रिय पाठक ? यौटा लौकिक दृष्टान्त तिमी सुन जसको तात्पर्य पनि अलौकिक छ—एउटा राजाले धेरै सम्पत्ति जम्मा गरे। जति जति सम्पत्तिको वृद्धि हुँदै जान्छ, उति उति मानिसको लोभ वढदै जान्छ। धनले कोही तृप्त हुँदैन, तृप्त भएको सुनिइको पनि छैन। ती राजा धन जम्मा गर्न चतुरा थिए धनबाट हुने सौख्यको वोघ थिएन। तिनका एक पुत्र र एक पुत्री थिए। राजा साह्रै कंजूष थिए। छोरालाई खर्च गर्न १ पैसो सम्म पनि दिदैनथे। धन खर्च हुन्छ भन्ने डरले छोरीको विवाह गर्ने अवस्था हुँदा पनि विवाह गरिदिएनन्। एक दिन एउटी नटुई घुम्दै नाटक देखाउन राजा कांहा आइन् र नाटक देखाउन आज्ञा पाउं भनेर राजा संग प्रार्थना गरिन्। अब राजालाई पीर पर्‍यो। देखाउ भनुन् भने हेरेपछि धन दिनु पर्छ, कंजूष हुनाले दिन सक्तैनथे। एक दिन तिम्रो तमासा देखाउली भनेर टारे। नटुई राजाकै सहरमा वसिरहिन्। वयै दिन वीते पछि राजासंग गएर फेरि भनिन्। राजाले भने, अहिले चूप लागेर वस, तिम्रो नाटक हेर्दै गरौला। यसै गरि जति पल्ट भनिन्, उति पल्ट आले टाले गरेर राजाले टारे। वेकाम भएर त्यहां वस्ता वस्ता नटिनीका धेरै दिन वीते। नटिनीले निराश भएर मन्त्री संग भनिन्। मन्त्रीज्यू ? या त राजा मेरो तमासा हेरून्, या त हेर्दिन भनेर साफ साफ जवाफ दिउन्। हामी अन्यत्र गएर आफ्नु जीविका खोज्दछौं। वेकामे भएर यहां किन वसिरहने। नटिनीको कुरा श्रवण गरेर राजा संग गएर मन्त्रीले भने महाराज ? आज रात तपाइँ नटिनीको नाटक हेर्नुहोस, तपाईंले पुरस्कार दिनु पर्दैन। हामीहरू नै मिलेर वयै धन पुरस्कार दिएर चित्त बुझाउँला। नटिनी यहांबाट त्यसै फर्केर गयिन् भने तपाईंको भारी निन्दा हुनेछ। राजाले खुसि भएर भने, हुन्छ आजै राति नटिनीलाई नाटक देखाउन लगाउनु। अव नाटकका निमित्त सभा तयार भयो। रात परे पछि सम्पूर्ण दर्शक सभासद आएर वसे। नटिनीले नाटक आरम्भ गरिन्। धेरै प्रकारका नाटक देखाइन्। नाटक देखाउँदा देखाउंदै धेरै रात वित्यो, उज्यालो हुन २ घड़ी मात्र वाँकिरह्यो। राजाले न मन्त्रीले, नटिनीलाई केहि पुरस्कार दिएनन्। त्यसवेला नटिनीले यौटा दाहा पढेर नटुवालाई संझाइन्।

रात घडी भर रह गयी, थाके पिञ्जर आय।
कहे नटिनी सुन माल देव, मधुरा ताल वजाय ॥१॥

यो दोहा सुनेर यौटा अर्को दोहामा नटिनीलाई नट भन्छन् ।

बहुत गयी थोडी रही, थोडी भी अब जाय ।
कहे नट सुन नायिका, तालमे भंग नपाय ॥२॥

त्यो नाटक हेर्न अकस्मात् एउटा तपस्वी पनि उपस्थित भएका थिए । नटले भनेको यो दोस्रो दोहा सुनेर तिनीले आफ्नु ओडने कम्बल नटुवालाई पुरस्कार दिए । राजकुमारले हीरा, मोती जडेका आफ्ना कानका कुण्डल दिए । राजकन्या-ले हीराको हार गलाबाट निकालेर दिइन् । त्यो देखेर राजा छक्क परेर प्रथम तपस्वीलाई भने । तपस्वी ? त्यो कम्बल नटुवालाई के संझेर दियौ ? तपःस्वीले भने तपाईंको ऐश्वर्य, सुख भोग देखेर, मैंले पनि गृहस्थी वनेर तपाईंकै जस्तो सुख भोग गर्ने इच्छा गरेको थियो । आज यो नटको दोहा सुनेर यो दोहाको अर्थ-बाट, विचार गरें । यसबाट, हे तपस्वि ! घेरैं जसो आयु तपाईंको तपस्यामा समाप्त भयो वाकी थोरै छ । अब वाकी आयुलाई विषयमा लगाएर निष्फल नपार भन्ने यो उपदेश पाएं । यसैले धन्यवाद दिंदै त्यै मंसग भएको कम्बल पुरस्कार दिएं । मंसंग अरू धन थिएन के दिउं, त्यै मात्र थियो त्यै दिएं । अब राजाले छोरापट्टि फर्केर भने–तैंले के ःविचार गरेर हीरा मोती जडेका रत्नका अमूल्य कानका कुण्डल नटुवालाई दिइस् । छोराले भने, पिताजी ! मलाई अत्यंत दुःख लागेको छ । किन भने, तपाई मलाई खर्च गर्न १ पैसा पनि दिनु हुन्न । त्यसैले साथीहरूसंग, बीष खुवाएर, तपाईंलाई मार्ने सल्लाह गरेको थियो यो नटको दोहाबाट, पिताको आयु घेरै गैसक्यो, अव २।४ वर्ष मात्र वाकी छ त्यो पनि जान वेर लाग्दैन, राज्य तिम्रै हो, पितृ हत्या नगर भन्ने अर्थ लाग्यो । यसैले पितृ हत्याबाट वचायो, तिमीलाई धन्यवाद छ भनेर प्रसन्न हुंदै कानका कुन्डल पुरस्कार दिएको हूं । फेरि छोरी पटी फर्केर सोधे, तिमीले आफ्ना गलामा लगाइ राखेको, मोतीको हार निकालेर किन दियौ ? पुत्रीले भनिन्, पिताजी ? मं तरुणी भएको निकै वर्ष भयो, धन खर्च हुन्छ भनेर लोभले तपाईं मेरो विवाह गरिदिनु हुन्न ; कामदेव वडो बलवान् छ, देवता ऋषिहरू पनि त्यसलाई जित्न सक्तैनन् । त्यसैका पीडाले मन्त्री पुत्र संग जाने विचार गरेको थिएं । ऐले यो नटुवाको दोहाको अर्थबाट, घेरै जसो राजाको आयु व्यतीत भयो, अब थोरै वाँकी छ, त्यो पनि जांदैछ अलि दिन पर्ख । थोरै दिनका निमित्त पितालाई कलंक लगाउनु राम्रो ह्वैन । दाज्युले तिम्रो विवाह गरिदिन्छन् । यो उपदेश मैले पाएं र सहर्ष मोतीको माला नटिनीलाई पुरस्कार दिएकी हूं । पिताजी ? नटको यो दोहाबाट तपाईंको ज्यान र इज्जत वच्यो । तपाईंले पनि यी नटुवा नटुयी-लाई पुरस्कार दिन मुनासिव छ । राजाले सबै कुरा सुने, [illegible] भए

आफ्नु कदर्य स्वभावलाई त्यागेर नटुवा, नटुईलाई पुरस्कार दिए । छोरीको विवाह मन्त्री पुत्रकै साथमा गरिदिए, अनि पुत्रलाई राज सिंहासन सुम्पेर भगवान्को भजन गरेर आत्म चिन्तनमा लागे । प्रिय पाठक ? यो कथाबाट हामीलें पनि उपदेश लिएर भविष्य सपार्नु पर्दछ । आज सम्म हाम्रो आयु सुकर्म गरेर होस या कुकर्म गरेर होस, जति गयो गयो पश्चात्ताप क्यै नगरौं । अब बाकी जीवन, व्यर्थ, विषयमा मात्र, लगाएर वर्वाद नगरौं । भगवान्को ध्यानमा लगाऔं ।

प्रिय पाठक ? यसै विषयमा अर्को दृष्टान्त तिमी सुन । कुनै नदीका किनारामा एउटा किसानको खेति थियो । खेतमा धान पाक्न लागे पछि, सेउलाको छाहरी वनाएर जङ्गलिया पशुबाट धान रक्षागर्न खेतैमा त्यै छाहारामा वस्ने गर्थे । एक दिन ती नदीका किनारामा टट्टी गर्न गए । नदाको किनार पैंराले भत्किए र लडेको थियो । पैंरामाथि राता पत्थर या रत्नको हाडी थियो । हाडी भरी पत्थर थिए । त्यसैका छेडमा वसेर टट्टी गर्दै थिए । त्यो राता पत्थरको भरिहाडीदेखे, यी साना साना ढुङ्गाले शुवा हिर्काउन काम दिन्छ भनेर रूमालमा पोको पारेर ल्याएर खेतका छाहारीमा राखे । शुधा धानखान आउँदा तिनै पत्थर १।१ गरि झिक्दै हिर्काउदै गरे । पक्षी उडेर गए, राता ढुङ्गा जति नदामा परे । एउटा पत्थर झिकेर सानु उनीको पुत्र खेलाउदैथिए, त्यै मात्र वाको रह्यो अरू समाप्त भए । किसान राति पनि खेतैमा सुत्थे । वेलुका पख किसानकी स्त्री छोरालाई लिन गइन्, लिएर घर आइन् । छोरोल्याउदा छोराका हातको खेलाउदै गरेको ढुङ्गो पनि साथै आयो । खाना बनाउन लागिन्, तर्कारी वंरिन्, नून छैन, किन्न जाउन् पैसा छैन । त्यै रातो पत्थर लिएर बजारमा वनियाँ संग गएर भनिन् । सेठजी ? यो पत्थर भरिको नून मलाई दिनुहोस । त्यो दूकानमा एउटा 'जवाहरी' (रत्नको वेपार गर्ने) उभिरहेका थिए । तिनैले त्यो लाल पत्थर समाए र १ पैसाको नून दिन लगाए । अनि ती स्त्रीको घरको ठेगाना सोधे र भवे, हेर, यो तिम्रा पत्थरको जति दाम ठहरिन्छ, त्यो दाम तिम्रा घरमा पठाइ दिनेछु । ती स्त्री घरमा गइन अर्कादिन ती जवाहारीले त्यो लाल ढुङ्गो (रत्न) को दां १ लाख रूपयां पठाइ दिए । क्यै रूपयाँले सुन्दर मुण्डा घर बनाइन । क्यै रूपयाँ खर्च गरेर आवश्यक चीजहरू किनिन् । खर्च गरेर वाकी रहेका रूपयाँ सेठका साथमा जम्मा गरिन । अब खेतमा गएर पतिका साथमा भनिन । धेरै दिन भए तपाईं घरमा आउनु भएन, आज घरमा गएर भोजन गर्नुहोस । यो पत्नीको कुरा सुनेर घरमा गए । ढोकामा पुगेर घरतिर हेरे अनि पछि हटे र भन्नलागे । यो घर कुनै महांजनको हो, यसमा मलाई किन ल्यायौ ? स्त्रीले भनिन्, महांजनको होइन, यो घर तपाईंको हो । पतिले भने, हाम्रो त झुप्रो पो थियो, यो कसरि हाम्रो हो ? स्त्रीले

भनिन्, जो राता पत्थर थिए, ती नदीमा मिल्काएर नानीका हातमा एउटा वाँकी रहेको थियो। त्यसैका दामले यो घर वन्यो। यो सुन्ने वित्तिकै, मैले त्यस्ता वढोदाम पर्ने पत्थर व्यर्थै आफ्नै मूख्याईंले नदीमा मिल्काएंछु भन्ने संझेर किसान विहोस भएर मूर्छा परे। पानी छयापेर स्त्रीले सचेत पारिन भनिन। जो फ्याकिदिनु भयो ती गए फर्केर आउंदैनन। जो वच्यो त्यसैको आनन्द भोग्नु होस। शोक गरेर भएकालाई नाश नगर्नुहोस। अब किसान शान्त भएर भोग विलास तर्फ लागे। प्रिय पाठक ? यो दृष्टान्त हो यसलाई दार्ष्टान्तिमा घटाउ। शरीरलाई हाडी संझ, प्राण (सास) लाई पत्थर संझ। हाडी भरि पत्थर भएझैं, शिरदेखि पाउसम्म, शरीरभरि प्राण वायु रहेको मान। किसानले नजानी रत्न नदीमा फ्याकेर वर्वाद गरेझैं. तिमीले नजानी प्राणलाई विषयमा फ्याकेर्‌या लगाएर वर्वाद गऱ्यौ। जो भयो भैगो, गएको फेरि फर्केर आउंदैन। अब प्राण नगए सम्म, आत्म चिन्तनमा लागेर, आनन्द लुट। यै कुरा गुरूकौमुदीमा पनि कहेको छ।

अरे भज हरेर्नाम क्षेमधाम क्षणे क्षणे।
बहिस्सरति निःश्वास विश्वासः कः प्रवर्तते ॥

हे जीब ? क्षण क्षणमा हरिको नाम भज। त्यो नाम कल्याणको मन्दिर हो। श्वास बाहिर निष्के पछि फेरि भित्र फर्कन्छ भन्ने के विश्वास छ ? फेरि फर्कदैन। गयो गयो। होसियार भएर समयैदेखि जीवन सुधार।

प्रिय पाठक ? महाभारतमा यौटा छोटो इतिहास लेखेको छ त्यो सुन। एउटा व्राह्मण परदेश हिडे। जाँदा जाँदा एउटा वाक्ला वनमा पुगे। वाटा भूले। त्यो बन बडो भयानक थियो। मांसाहारी सिंह आदि प्राणीहरू भयानक शब्द गर्दै डुल्दथे। डरलाग्दा जीव जन्तुलाई देखेर व्राह्मण भयभीत भइ डरले आफ्नू रक्षा हुने ठाउं खोज्दै थिए। सन्मुखमा अकस्मात् मोटा मोटा डोरी हातमा लिएको डरलाग्दी एउटी पिशाचनी देखा परी। फेरि ५ शिर भएका बड़े बड़े सर्पहरू घुमिरहेका देखे। सर्पका डरले व्राह्मण अर्कातिर लागेका थिए, बाटैमा कुवा देखियो। त्यो कुवा अन्धकारले भरिएको थियो। माथिबाट झार पातले छोपिएको थियो। त्यसमा अनेक प्रकारका लहरा वेरा झुण्डीएका थिए। त्यो कुवा देखेर व्राह्मणले, विचार गरे। यो बनमा यो कूप बाहेक अन्यत्र मेरो वचोत हुने ठाउं छैन। यी हिंसक सिंह, भालु, हाति, सर्प आदि प्राणी वाट बच्नका निमित्त याहीं लुक्नु पऱ्यो। यो शोचेर कुवामा झुण्डिएको लहरो पक्रेर उधो शिर लगाएर त्यसै कुवामा झुण्डिरहे। थोरै बेरमा कूप भित्र कालो सर्प बसिरहेको देखे। डरले उभो हेर्छन ता मोटो बलियो एउटा हाति उभिरहेको छ।

त्यो अलौकिक हातिका मुख छ ओटा, वर्ण सेतो र कालो, आधा शरीर कालो आधा सेतो थियो । जुन लहरो ब्राह्मणले समाएको थियो त्यैलहरो चावाउदै थियो अर्का तिर बड़े बड़े मूसाहरूले त्यै लहराको जरा पो काटी रहेको देखे । यी भयानक आश्चर्य देखेर ती ब्राह्मणको होस हवास हरायो । यो दृष्टान्त हो यसलाई दार्ष्टान्तिमा घटाउ ।

ब्राह्मण भनेको जीव हो, जन्म, मरण होइरहनु, बाक्लो बन जान । बाटो भुल्नु, आफैंले आफैलाई न चिन्ही घुमनु । काम क्रोध, लोभ, मोह, मद मात्सर्य यी जन्म, मरण रूपी जंगलका हिंसक प्राणीहरू हुन् भन्ने जान । आपनी वा अरूकी स्त्री, पिशचिनी संझ । विषय-भोग डोरी, डोरी लिएर स्त्री जीवलाई फसाउन तयार भै रहेकी छन् । गृहस्थाश्रम भनेको सर्प । लहरो आयु हो । त्यसैलाई समाएर जीव झुण्डिरहेछ । कूपको सर्प, काल भनिन्छ । त्यो जीवलाई हेरिरहेको छ । दिन र रातलाई मूसा भन्ने जान । तिनीहरू लहरो जस्तो आयुलाई काटी रहन्छन् । हात्ती वर्ष हो । वर्षरूपी हातिले जीवको आयु रूपी लहरो चवाई रहन्छ । शुक्ल पक्ष र कृष्ण पक्ष, हातिको आधा शरीर सेतो, आधा कालो । छ ऋतु, वर्षरूपी हातिका छ ओटा मुख भन्ने जान । उक्त यस्तो कष्ट भोगी रहे ता पनि जीव या मानिस वैराग्य हुँदैन । विना वैराग्य जीव सन्सारदेखि छुट्न सक्तैन । प्रिय पाठक ? यसै विषयमा तिमो अर्को कथा सुन ।

यौटा नदीले एउटा सर्प र एउटा भ्यागुतो बगाएर लादै थियो । सर्पले भ्यागुतो पऱ्यो र त्यसलाई खान, नदीका किनारतिर लिएर गयो । यता पटी भ्यागुतो सर्पका मुखले पक्रीराखेको छ ता पनि मुख वाएर मच्छड़ खान इच्छा गरिरहेको छ । त्यस्तै मूर्ख मानिस, मं काल रूपी सर्पका मुख परेको छु, उसको आहारा भै रहेकोछु भन्ने जान्दैन । पला वा घड़ि भित्र मंलाई निल्छ, यो संझदैन । विषयमा आसक्त भैरहेछ । चौबिस घण्टा विषयमा ध्यान दिन्छ । प्रिय पाठक ? यो दृष्टान्त हो । अब दार्ष्टान्तिमा सुन ।

यो जीबलाई भ्यागुतामा परिणत गर सर्पलाई काल संझ । जीवरूपी भ्यागुतालाई कालरूपी सर्पले मुखमा पक्रेको छ । कुन वेला निल्छ । यस वेला निल्छ भन्ने पत्ता छैन । तै पनि मुख विषयरूपी मच्छड खान इच्छा गरिरहेको छ । आफू तिर दृष्टि दिदैन । मं आफैता अर्काको भोजन भै रहेको छु, भने मैले फेरि विषय भोगमा लम्पट भएर र जीवन किन कुकर्ममा लागेर बरबाद गर्नु यो संझदैन । अलि कति पनि वैराग्य हुंदैन । यो भन्दा बढी अज्ञान के हुन्छ

प्रिय पाठक ? यौटा अर्को वैरागी महात्माको कथा सुन–यौटा राजाले बेलायतको राज्यप्रति चढाइ गरे । दुवै राजाको परस्परमा घमासान युद्ध भयो । आखिरमा

बेलायतका राजा युद्धमा मारिए । बेलायत चढाई गर्ने राजाले बेलायत कब्जामा पारेर राज्य चलाउन थाले । क्यैं दिन पछि राजालाई आफ्नू राज्य तर्फ जाने विचार भयो । मर्ने राजाका छोरा, दाजु भाई कोहि थिएनन् । यो कुरो राजालाई थाहा भैसकेको थियो । यो बुझेर प्रजाहरूसंग राजाले, भने राजाका वंशमा कोहि छ ? भनेर सोधे । यो राजाका वंशमा ता कोहि छैन, गोत्र मिल्ने १ जना छन । राजाले सोधे कहाँ छन् ? प्रजाले भने, तिनी ता सन्सार त्यागेर स्मसानमा वस्छन् । राजाले तिनीलाई स्मसानमा बोलाउन पठाए र पनि आएनन् । राजा आफै गए, तिनी संग भेट गरेर भने, बाबाजी ? तपाईलाई के इच्छा छ मं संग माग्नहोस । त्यो मं दिन्छु । राज्यको इच्छा छ भने राज्यै दिन्छु, अरू जे इच्छा लागेको पदार्थ दिन्छु । स्मासानवासीले भने, मलाई कुनै चीजको इच्छा छैन । राजाले फेरि क्यैं न क्यै ता माग भनेर धेरै आग्रह गरे । राजाका प्रेरणाले साधुले भने, मैले मागेको दिनु हुन्छ र तपाई संग पनि छ भने मं माग्छु । एउटा यो दिनु होस मैले जन्मनु मर्नु नपरोस । दोस्रो, सदा हर्ष मात्र होस । तेस्रो संधै तरूणावस्था होस । चौथो सदा सुखी मात्र होस । दुःख न होस । यी ४ कुराको मलाई आवश्यक छ, दिनुहोस । राजाले भने, यी ४ चीजमा यौटा चीज दिने पनि मेरो सामर्थ्य छैन । यी कुनै मनुष्य मात्रका साथमा हुँदैनन् । यी ईश्वरका साथमा मात्र हुन्छन् । ईश्वरले नै दिनु हुन्छ। अर्काले दिन सक्तैन । साधुले भने मैले पनि परमेश्वरकै आश्रय गरेको छ । अनित्य पदार्थको मं इच्छा गर्दिन । यो सुने र राजा फर्केर आए । पाठक यो वैराग्यको फल हो । जसले राज्यै पाउँदा पनि ग्रहण गरेन । यें कुरो योग वाशिष्ठ मा भनेको छ ।

न वरमेक-महीतलराजता न च वरं विबुधामररूपता ।
न च वरं धरणीतलनागता स्थितिमुपैति हि यत्र सतां मनः ॥

प्रिय पाठक सज्जनहरू, पृथिवीको चक्रवर्तिराज्य, इन्द्रादिदेवको पदवी पृथिवी मुनिको शेष नागता यी क्यैं पाउन इच्छा गर्दैनन् ।

प्रिय पाठक ? यौटा अर्को महात्माको वैराग्यको कथा सुन । यौटा महात्मा देश भ्रमण गरिरहेका थिए ती महात्मा एकदिन केहि रात वीतेपछि यौटा सहरको ढोकाका पुगे ढोका बन्दथियो । महात्मा बाहिरन बसिरहे । त्यो नगरका राजा मरेका थिए । राजाका सन्तान थिएनन । मन्त्रीहरूले आआफूमा यो सल्ला गरे ! राजाका वंशमापनि कोहि नभएको हुनाले, जो पुरुष प्रातकालमा आएर, नगरको ढोका घच्घच्याउछ । त्यसैलाई राजसिंहासनमा राख्नु पर्छ । महात्माले अघिल्लै दिनदेखि खान [illegible]

हरूले पनि तुरुन्तै ढोका खोली दिए । उनीलाई भित्र लगे स्नान गराए राजपोसाक पैह्लाए र राजसिहासनमा राखे । अनि हात जोडेर, तपाईं हाम्रो राजा हुनुभयो, हुकुम गर्नुहोस के गर्नु पर्छ गर्छौं भने । महात्माले भने, मेरा दुइटा लङौटी छन् । धोएर सुके पछि, यौटा सन्दूकमा राखेर साचो लगाइ दिनु । जति राजकाज छ त्यो आफ्नो बुद्धिमानी साथ गर्नुहोस । मसंग केहि न सोध्नुहोस घटी बढीमा जवाफ देहि तपाईंहरुले नै हुनु पर्नेछ । मता दुइटा रोटी खान्छु । काम क्यै गर्दिन । महात्माको हुकुम अन्सार मन्त्रीहरू राजकाज गर्नलागे । महात्मा पनि राजसिहासनमा बसेर रामनाम जप्न थाले । यै तोरकाले क्यै समय बीते । एक दिन त्यस राज्यमा अर्को राजाले चढाई गरे । मन्त्रीले महात्मा संग भने, महाराज ? एउटा शत्रुराजाले, राज्यमा आक्रमण गरे ।अब के गर्ने ? महात्माले भने जुन सन्दूकमा मेरा लङौटी राखेको छु, त्यो खोलिदिनुहोस । मन्त्रीले पनि खोली दिए । महात्माले आफ्नूलङौटी कसे, अनि, भने, मैल चार दिन सम्म यस गद्दीमा आसन बाँधेर, पुरी हलुआ आदि मीठा पदार्थ उडाएं । यसै गरि ४ दिन फेरि अर्को राजा खाउन् । मता जान्छु । घटी बढी नफा नोक्सान आज सम्म जो भयो तिमीहरूकै भयो । यति भनेर महात्मा हिंडे । प्रिय पाठक तिमीलाई ज्ञान प्राप्त होस भनेर मैले यो कथा भने । बुझ्यौ त, वैराग्य भएका पुरुष कुनै पदार्थमा पनि आसक्त हुंदैनन् । राजसिहासन, भिक्षाटन दोटै उनीका निम्तिमा समान हुन्छन । तिमी पनि परदेशी जस्तो भएर घरमा बस । नोकरले मालिकको काम गरे झैं, जे काम गरे पनि भगवानको नोकर हूं, उहाँकै काम गर्छु, मेरो क्यै छैन भन्ने संझेर व्यवहार गर, वैराग्य वन, आफ्नू जीवन समयमा नै सपार; हातमा परेको अमृत नगुमाउ । फेरिमानव जीवन पाउन दुर्लभ छ ।

सन्सारमा ३ थरि मानिस हुन्छन, उत्तम, मध्यम अधम । शुभकर्मद्वारा अन्तःकरण शुद्ध भएका उत्तम पुरुषलाई शास्त्रको यौटा आत्म सम्बन्धी वाक्य श्रवण गर्दैमा ज्ञान र साथै विषयमा वैराग्य पनि उत्पन्न हुन्छ । मध्यम पुरुषका दृष्टिमा समग्र शास्त्रको उचित सम्मान हुन्छ । अधमका निमित्त सम्पूर्ण शास्त्र असत्य हुन्छन । अनुद्योगी ठग ब्राह्मणहरूले पेट पाल्नाका निमित्त निर्माण् गरेका झूठा ठहर्छन, निष्फल हुन्छन ।अब उत्तम, अधिकारीको यौटा कथा सुनाउँछु सुन ।

यौटा घोड़ चढी कतै भ्रमण गर्न गैरहेका थिए । जांदा जाँदा थकित भए । यौटा गाउँको बाहिर पटी मन्दिर थियो, त्यसैका छेउमा घोडाबाट ओर्लीए र यौटा वृक्षका जरामा घोडा बाधेर त्यसैका छायामा बसेर थकाइ मार्न लागे । त्यसबेला मन्दिर पटी तिनीको दृष्टि पर्‍यो, मन्दिरमा धेरै मानिस बसेका देखे ।

अनि यौटा मानिससंग, यो मन्दिरमा यतिका मानिस किन जम्मा भएका भनेर सोधें। ती मानिसले, यो मन्दिरमा वेदान्तको कथा हुन्छ, त्यो कथा सुन्न जम्मा भएका भनेर उत्तर दिए। ती घोड चढी पनि कथा श्रवण गर्नका निमित्त मन्दिर भित्र पसेर कथा श्रवण गर्ने हरूका साथमा बसे। कथा सुन्न लागे। भाग्यवश उस दिन कथामा वैराग्यको प्रकरण चलिरहेको थियो। वक्ता पनि संसारलाई दुःख रूप देखाएर श्रोताहरूलाई सुनाउँदै थिए। यता घोडचढीको यो जन्ममा वा अघिल्ला जन्ममा गरेका पुण्य कर्मको फल परिपाक भै सकेको थियो सुन्न मात्र बाँकी थियो। शुभ कर्मले नै अकस्मात् त्यहाँ उपस्थित गरायो, सुनेको कुरा हृदयबाट बाहिर हुन सकेन, स्थायी भएर र सो कथा सुनेर सवारलाई वैराग्य भयो, कथा समाप्त भए पछि बाहिर आएर घोडा यौटा मानिसलाई दिए, बाँकी जीन लगम गरु भरूलाई बाडी वैराग्य भएर हिंडे। १२ वर्ष सम्म देशान्तरमा भ्रमण गरेर दैववश त्यै बाटाले आएर आफूले अघि घोडा बाँधेर बसेका वृक्षका छाया सायैमन्दिरका छेउमा पुगेर बसे। मन्दिरतर्फ दृष्टि दिए, मन्दिरमा मानिसको घूइचो (भीड) देखेर यौटा मानिससंग सोधे, त्यो मन्दिर मानिसको भीड किन भै रहेको छ। मानिसले भने, कथा भै रहेको छ। कथा श्रोताको भीड भएको। फेरी वैरागीले प्रश्न गरे। यी श्रोताहरूले कथा प्रतिदिन आएर सुनेको कति कति समय भया ? वक्ताले कथा भनेको कति भयो ? तिनोले भने वक्ताले कथा भनेका २० वर्ष भयो, उनै भनिरहेकाछन्। श्रोताको ठेगाना छैन, कसैले २० वर्ष भयो, कसैले १५।१०।७।८ ५।१।२ वर्ष भयो सुनिरहेका छन्। विरक्तले, मैले ता एकै दिन यिनीको कथा सुने, मेरा मुखमा शास्त्रको १ लबेटा लाग्यो, त्यस लवटाले हिर्काउदा आज सम्म मेरो होस बिग्रंकै छ। यिनीहरूलाई धन्यवाद छ यो धेरै समयदेखिका श्रोताहरू छन्। सदा नै शास्त्रको लवटो वक्ता द्वारा आफ्ना मुखमा लाउन लाउँछन्। जस्ताका तस्ता छन् लाज मान्दैनन्। यति भनेर सवार चले।। ती उत्तम अधिकारी थिए। जसका एक दिन मात्रको कथाले वैराग्य प्राप्त भयो, सुनेर मात्र हुन्न, साथै मनन पनि गरेर सुनेको काम गर्नु पर्छ।

अब अर्को उत्तम अधिकारीको कथा सुन। यौटा सहरमा कुनै मन्दिरमा नित्य नै कथा हुन्थ्यो। कथा सुन्नेमानिसहरू धेरैनै कथाको समयमा मन्दिरमा सामेल हुन्थे। यौटा वनिया पनि कथा सुन्न सधैं जान्थे। एक दिन त्यसैगरी वनियां कथा सुन्न गए। वनियाँ हिंड़े पछि उता दूकानमा सोदा किन्न यौटा ग्राहक आए र वनियाँको छोरालाई सोधे। तिम्रा पिता कहाँ गए ? वनियाँ पुत्रले भने, कथा सुन्न जानु भएको छ। ग्राहकले फेरि भने मैले केहि चीज खरिद गर्नु छ, तिमो झट्ट गएर आफ्ना बाबुलाई बोलाएर ल्याऊ। [illegible] मन्दिरमा गए, समाज-

मा वसेर कथा सुनिरहेका पिताका कानमा खुसुक्क, दूकानमा यौटा ग्राहक सौदा गर्न आएका कुरा सुनायो बाबुले भने, तिमी जाउ र पिता आउंदै हुनु हुन्छ भन। पिताको कुरा सुनेर गए, पिता आउदै हुनुहुन्छ। एक छिन वस्तै गर्नु अरे भने। जब थोरै बेर सम्म पनि उ आएनन्, फेरी ती ग्राहकले वनियांका पुत्र संग भने। तिमी छिट्टै गएर आफना बाबुलाई बोलाएर ल्याउ, ह्वैन भने मं अन्यत्र गएर किन्दछु। फेरी ती केटा गएर पिताका कानका भने, पिताजी' ग्राहक हतार गर्दै-छन्। केटाका बाबूले भने; संधैं ता यी पण्डित पनि थोरै कथा भन्थे, आज ता यता र उतिका कुरा ल्याएर जोडन थाले इमान छोडे, तिमी जाउ एक छिनमा मं आउंछु। केटा गए पिता ऐले आउदै हुनुहुन्छ भने। फेरि खरिदवालाले भने, त्यस्ता आले टाले कुराले हुंदैन, तिमी अब यसवाजी जाउ र बाबूलाई मेरो सन्देश सुनाई देउ, आउँदैनौ भने मं अन्यत्र जगामा गएर किन्दछु वणिक् पुत्र गए, पितासंग, झट्टै जानुहोस नत्र उ जान्छन् भने। बाबूले २।४ गालीगरेर भने, तिमी जाउ, अब मं आउँछु। वनियांपुत्र २।३ मिनट् त्यहां उभिरहे। त्यसबेला भागवत एकादश स्कन्ध भगवान् कृष्णको र उद्धवको संम्बादको कथा चलेको थियो। भगवान कृष्ण उद्धव संग भन्दै हुनुहुन्थ्यो। हे उद्धव ? सबै प्राणिमा यौटै आत्मा छ, भन्ने यो तिमी जान, त्यो आत्मा मैं हूं, जीब मंदेखि भिन्न अर्को छैन, जीब मलाई नै जान। यसै कारणले कसै प्राणिमात्र संग विरोध नगर्नु। प्राणी मात्र संग विरोध गर्नु मं संग विरोध गर्नु हो, किन भने दृश्यमान जगतै मै हूं। यो कथा सुनेर जब १२। १३ वर्ष उमेरका ति नानी वनियांका छोरा दूकानमा आएर बसे, उसै वेला यौटा गाइ आएर वोरामा राखेको चामलमा मुख गाडेर खान लाग्यो। ती केटाको ता जन्मान्तरको शुभ कर्म द्वारा अन्तःकरणको मैला हटिसकेको थियो। गुरुमुखी हुन मात्र बांकी थियो, सुन्नेवित्तिकै अघिल्ला जन्मको संस्कार उपस्थित भयो। मनमा विचार गरे। यदि यी गाइको र मेरो आत्मा यौटै हो भने मं कसलाई हटाउँ, यी म हूं म यी गाइ हुन्। यसै बेला तिनीका पिता पनि कथाबाट उठेर दूकान तर्फ हिंडे। परैदेखि गाइले चामल खाइरहेको देखे, केटा गाइ धपाउंदैनन् हेरिरहेका छन्। परैबाट छोरालाई गाली गर्दै आएर नजिकमा पुगेर यौटा लट्ठी समाएर गाइलाई हिर्काए। गाइ भागिन्, छोरा अय्या, मरें भनेर चिच्च्याएर रुन थाले। बाबूले भने, मैलेता गाइलाई पो लठ्ठीले पीटें, तं किन चिच्चाएर रुदै-छस्! पुत्रले भने आजको कथामा समग्र प्राणीमा यौटै आत्मा छ भन्ने आएको थियो, म उसैको विचार गरिरहेको थिएँ। मेरा आत्माको गाइका आत्माका साथ अभेद (यौटै) भएको थियो, यसै हेतुले त्यो लाठी मलाइ लाग्यो। यति भनेर छोराले कुर्था उतारेर आफ्नु पिठ्यू पितालाई देखाए, उनका पिठ्युं



मा लट्ठो लागेको निसाना डाम परेको रहेछ । पिताले भने, अरे ! मूर्ख लठुवा ? कथा जहाँ सुनेको छ वाहि छोडेर आउनु पर्छ, के तेरै जस्तो कोई साथैमा बाँधेर लिएर आउँछ ? पुत्रले भने, पिताजी ? जो भयो, अब उप्रान्त मेरो बाटो अर्कै छ, तपाईंको बाटो अर्के, यति भनेर त्यहाँबाट हिड़े । ती वणिक् पुत्र उत्तम अधिकारी थिए । तिनीका बाबू अधम अधिकारी थिए । यौटा कानले सुन्यो अर्का कानले उडायो गर्दथे । सन्सारमा प्राय घेरै मात्रामाअधम अधिकारी छन्, मध्यम ता कोई एक मात्र छन् । उत्तम अधिकारी करोडौंमा यौटा पाउन पनि दुर्लभ छ । उत्तम अधिकारी बाहेक अरू मुक्त हुँदैनन् ।

यौटा राजाले कुनै कामबाट प्रसन्न भएर मन्त्रीलाई दोसल्ला पुरस्कार दिए । दोसल्ला लिएर मन्त्री दरबारबाट वाहिर निस्के । तिनीलाई रूघाको बेमार लागेको थियो, यसैले नाकबाट सिङ्घान वगिरहेको थियो । त्यसवेला मन्त्रीका साथमा अर्को केहि रूमाल थिएन, सिङ्घान नपुछि पनि भएन, त्यसै दोसल्लाले नाक पुछे । त्यो पुछेका ठाउँमा यौटा मन्त्रीका वैरी ठिङ्ग उभिरहेका थिए । तिनीले दोसल्लाले नाक पुछेको देखेर राजालाई गएर सुनाइ दिए । महाराज ? तपाईंले जुन दोसल्ला पुरस्कारको रूपमा दिनु भएको थियो, त्यसलाई तुच्छ संझेर मन्त्रीले त्यसैले सिङ्घान पुछे । राजाले मन्त्रीलाई डाकेर खूब डाँटे, नोकरिबाट पनि निकालि दिए । हे चित्तवृत्ते ? योता दृष्टान्त हो अब दार्ष्टान्तमा सुन । परमेश्वरले मनुष्यलाई मनुष्य-शरीर रूपी दोसल्ला दिनु भयो । त्यसले विषयरूपी नाकको सिङ्घान पुछ्तछ, त्यसको आदर गर्दैन भने त्यसले हातमा परेको अमृत गुमायो भन्नु पर्दछ । गीतामा-इदं शरीरं कौन्तेय ! क्षेत्र मित्यभिधीयते, भगवान्‌ले भन्नु भएको छ । हे अर्जुन, यो शरीर क्षेत्र भनिन्छ, क्षेत्रको अर्थ जमीन, जमिनमा जुन चिज रोपछ, अर्थात्, जुन बीजको बाजारोपण गर्दछ त्यै पैदा हुन्छ ! त्यस्तै यो शरीररूपी क्षेत्र, या जामनमा पुण्य कर्म या पाप कर्म रूपो जुन बीज आरोपण गर्दछ त्यै पैदाहुन्छ पुण्य कर्मरूपा बीज द्वारा सुखरूपफल, पाप कर्मरूपी बीज द्वारा दुख रूप फल पैदा हुन्छ । अर्थात् यो मनुष्य शरीर कल्पवृक्ष या कामधेनु गाई हो । जे चाहन्छ त्यै यस शरीरले उत्पन्न गर्न सक्तछ । धर्म, अर्थ, काम, मोक्ष यी ४ वर्गको सिद्धगर्ने ठुलो साधन हो । यसले उपलब्धि नहुने क्यै छैन, यस्तो अमूल्य शरीर पाएर यस शरीरले आफ्नु भलाई गर्न सक्तैन भने त्यसले बाँच्नु व्यर्थ छ, महान् पुण्यको सञ्चय बिना मनुष्य शरीर पाइदैन । केवल उदर पूर्ति गरेर मात्र जीवन व्यतीत गर्नु मूर्ख्याइँ हो । त्यस्तालाई भगवान्‌ले पशु योनिमा जन्म दिनु हुन्छ । यो शरीर वैराग्य प्राप्तिको मुख्य साधन हो । भागवतमा भनेको छ । 'देहो गुरूर्मम विवेक विवक्ति हेतुः' । ज्ञान दिने यो शरीर हो । यस्तो शरीर भोगमा आसक्त हुने साधन होइन ।

पाठक ? अर्को दृष्टान्त सुन, यो पनि वैराग्य पैदा गर्ने छ। यौटा राजाका सन्तान थिएनन्। यत्न गर्दा पनि भएनन्। राजाले मनमा विचार गरे मैले कोई यौटा उपाय गर्नु पऱ्यो। राज्य पनि पछिसम्म मेरै भैरहोस, यसराज्यमा अर्को कुनै मेरो राज्य भनेर मालिक हुन पनि नपाओस। यो निश्चय गरेर राजाले यस्तो प्रबन्ध गरे। ४ मन्त्री मिलेर हर्दम राज्यको प्रबन्ध गर्नु, ४ मन्त्री मध्येबाट यौटालाई प्रधान मन्त्री बनाउनु। प्रधान मन्त्रीले सबेरै साग नगरमा घुमेर प्रजाहरूको हाल खबर रेख देख गर्नु। छ मैन्हा पछिप्रधान मन्त्रीलाई समुद्रबाट पार गरिदिनु, अर्को नवीन मन्त्री बनाएर पञ्च संख्य पूर्ण गर्न। पाचौंमा फेरि दोस्लालाई प्रधानमन्त्री बनाउनु भन्ने यस्तो प्रबन्ध राजाले चालू गरिदिए। जसलाई प्रधान मन्त्री बनाइन्छ त्यो छमैन्हा पछिसमुद्रपार गरिन्छ। जब प्रधान मन्त्री समुद्र पारि जंगलमा जान्छन्, उहाँ खान पीन वासको कुनै पनि प्रबन्ध न भएकोले दुख पाएर मर्छन्। यसै तरहले धेरै मन्त्री समुद्रपार गरिए। जो प्रधान मन्त्री हुन्थे तिनको राज्यसम्बन्धी सम्पूर्ण काममा अख्त्यार थियो। भूतपूर्व मन्त्रीहरूको गति विधि जानेर पछिभएका प्रधानमन्त्रीले आफू प्रधानमन्त्रीको पदवीबाट निकासी हुनुभन्दा पहिल्यै समुद्र पारी जंगलमा घर बनाउन र बगैचा लाउन, उहाँ बस्ता आराम साथ बस्न जुन जुन पदार्थको आवश्यक पर्छ त्यै त्यै पदार्थ तयार पारी राखे। अब पछिका प्रधान मन्त्रीहरू छमैनाको पालो पुगेर निस्के पछिसमुद्रपारी जंगलमा गएर, वारी राज्यमा जस्तो सुख भोग गरेर बस्तथे, उहाँ पनि त्यस्तै सुखभोग गरेर बस्न थाले। हे चित्तवृत्ते ? यो ता दृष्टान्त हो अब दार्ष्टान्तिमा यसलाई घटाउ, मनुष्य जन्म छमैन्हाको मन्त्री पदवी पाए जस्तो हो। जो मूर्ख छ त्यो यो मनुष्य जन्मलाई विषय भोगमा लगाएर छमैन्हाको मन्त्री पदवी जस्तो विनाशी समयलाई व्यतीत गर्छ। जो विचारवान् पुरुष छ त्यो परलोकको सामग्री मर्ने समय सम्ममा जम्मा गर्दैरहन्छ। नदी पार कुन हो त भने, अर्को लोकमा गएर अर्को जन्म लिनु। अर्को लोकमा गएर अर्को जन्म लिदा उहाँ पनि आनन्द नै पाउँछ। वैराग्यको साधन भएको मनुष्य शरीर बिना परलोकमा भोग्य सामाग्री जम्मा हुन सक्तैन। त्यसैले वैराग्यको आश्रय गर्नु नै मनुष्य जन्मको प्रधान प्रयोजन हो।

पाठक ? फेरि दुइटा वैराग्यवान्को कथा सुन। यौटा शहरको बाहिर नदीका किनारामा कुटी बनाएर दुइटा वैरागी बस्तथे। कुनै राजाका वा धनीका घरमा जाँदैनथे। भिक्षा मागेर आफ्नु जीवन निर्वाह गर्दथे। प्राण बचाउनु बाहेक अरू संचय गर्ने व्यवहार थिएन। दुनियामां महात्माका गुणको ठूलो चर्चा फैलियो। ती बडे त्यागी थिए। राजदरबारमा पनि तिनका त्यागको चर्चा पुग्यो। राजाका

मनमा पनि महात्माहरूको दर्शन गर्ने कामना पैदा भयो। एक दिन राजा पाल्किमा चढेर योगीको दर्शन गर्न गए। उता योगीहरू भिक्षा मागेर ल्याएका रोटी भाग गरेर हात पाउ धोएर खान तयार भएका थिए, यता टाढैबाट राजालाई आइरहेको देखे। अब आपुसमा विचार गर्न लागे। यो राजाको यहाँ आउने श्रद्धा हटाउनु पर्छ। नत्र ता यिनका साथमा बसा उठ भयो भने यिनका संगले हाम्रो वैराग्य पनि हुटछ। यस्तो विचार गरेर, जब राजाका नजिकमा आई पुग्न लागे अनि राजाका कानमा पर्ने गरेर यौटा रोटीको टुक्राको,इवी निकालेर लड्नलागे यौटा भन्छ तिमीले रोटी बढ्ता खायौ, अर्को भन्छ तिमीले बढता खायौ। यस्तो उनीहरूको झगडा देखेर राजा त्यहाँ न पुगि फर्के। राजाले संझे यी दुवै ज्ञानी ह्वैनन् कंगाल हुन् महात्मा ज्ञानी भए यौटा भिक्षा मागेर ल्याएको सुक्का रोटीका निमित्त किन झगडा गर्थे। वैन्हि? पूर्ण वैराग्य भएको पुरुष राजा संग भेट गर्दैन, राजाको अन्न पनि खाँदैन। जो दाम्भिक छ कामनाले भरिएको छ, त्यो अरूले देख्दा बाहिर झूट्टो त्याग देखाएर, बड़ा ज्ञानी महात्मा, त्यागी बाबा बनेर राजा र धनीलाई आफ्नु सेवक बनाउँछन्। अरू धेरै जसो यस्ता पनि हुन्छन्, राजा र धनीलाई फसाउनका निमित्त बिचमा दलाल (पार्टी) गरेर उनीहरूलाई आफ्नु पशु बनाउंछन। तिनी नरकमा जाने यमराजका अतिथि हुन।

पाठक? राजाको संगति वैराग्यवानका निमित्त बहुत घृणित हो। जसको दृढ वैराग्य छ, उ राजादेखि टाढै रहन चाहन्छ।

यौटा शहरको बाहिर बनमा यौटा वैरागी बस्तथे। त्यसै नगरका राजाका दरबारमा अर्को महात्मा नित्य राजाकै साथमा बस्तथे। दैवयोगले ती राजा र उनका साथमा नित्य बस्ने महात्मा पनि दुवै मरे। कयौं दिन पछि एक दिन सत्संग गर्न अनि २।४ जना गरीबहरू ती बनवासी महात्माका साथ गएर बसेका थिए। यै मौकामा अकस्मात् यो योगी हास्न लागे। हाँसेको देखेर सत्संग गर्न जानेले सोधे, महाराज? बिना कारण आज तपाईं किन हास्नु भयो? महात्माले भने बिना कारण म हासेको ह्वैन, यौटा प्रयोजन लिएर नै मं हाँसेको हूं। त्यो भन्छु सुन, राजाका साथमा जुन महात्मा बस्तथे, ती र राजा दुवै मरे। राजाको मन संधैं महात्मामा थियो, महात्माको सदुपदेशमा भारी श्रद्धा पनि थियो। महात्मालाई साक्षात् विष्णुको रूप संझन्थे। महात्माको उपदेश अनुसार श्रद्धाले त्यै त्यै शुभ कर्म गर्दथे। यसैले राजा उत्तम गतिमा गए। महात्माको मन भने राजाको अन्न खाएर नित्य राजामा र राजसम्बन्धी भोगमा लागेको हुँदा अधो गतिमा गए। यसले पनि राजाको संगति गर्दैन।

यौटा शहरको नजिकै बनमा यौटा महात्मा बस्तथे। तो महात्मा भएका ठाउमा एक दिन राजा गए। केहि धनको थैली अगाडी राखेर राजाले भने। महाराज ? सन्सारबाट पार हुने कोईं उपाय मलाई उदेश गर्नु होस। महात्माले भने, राजन ? यो धनको अधिकारो मं छैन, यो धन तपाई अर्के कुनै अधिकारी-लाई दिनु होस। किन भने, मं जंगलमा वस्तछु। यो राखने जगा मेरो छैन। फेरि यसै धनका लागी चोरले मेरो ज्यानकै खतम गरिदेला। म जस्ता मानिस-का दृष्टिमा द्रव्य अनर्थको कारण छ। यो धन उठाएर राख्नु होस, नत्र तपाईं-लाई मं उपदेश गर्नें छैन। यति भने पछि राजाले धन समाएर थैलीमा राखे अनि महात्माले भने। राजन यो पाञ्चभौतिक शरीर नाशवान छ, साथमा मर्दा क्यै जादैन पुर्खाहरूले क्यै लगेनन। सन्सार सबै मतलबी छ। भूँडी भर्नाका निमित छल कपट गरेर धन संकलन गर्नु हुँदैन, आफ्नु भलाई आफैंले गर्नु पर्छ। मं मर्नेछु भनेर २४ घण्टा याद राख्नु पर्दछ। संसारबाट छुटाउने ठूलो उपदेश मेरो यैं हो। राजाले भने मर्छु भन्ने याद गर्दा के हुन्छ ? महात्माले भने, राजन, मानिसहरू जति पाप गर्छन, मं मर्छु भन्ने नसंझेर नै गर्दछन। जसलाई हर वखत मं मर्छु भन्ने याद छ उसबाट कुनै पाप हुन सक्तैन। वैराग्यको मूलकारण मर्छु भन्ने याद राख्नु हो। राजाले भने ठीक हो।

पाठक ? अर्को दृष्टान्त तिमीलाई सुनाउँछु सावधान भएर सुन।

यौटा वैरागी महात्मा कतै जांदैथे, बाटामा यौटा नदी आयो। ती नदी-बाट पारी जानका लागी नाउमा धेरै मानिस बसेका थिए। महात्मा पनि तिनैका साथ त्यै नाउमा गएर बसे। त्यो नाउमा यौटा महामूर्ख व्यक्ति पनि बसेको थियो। अब पारी जान नाउ चल्यो मूर्ख महात्माको हस्सो दिल्लगि गर्न लाग्यो। महात्मा-लाई पीट्न थाल्यो। त्यसका डरले सबै चूप लागि रहे। महात्माका शरीरबाट घाउ लागे र रगत बग्न लाग्यो। यैं मौकामा आकाशवाणी भयो। महात्मा संग आकाशबाणीले भन्यो, महाराज ? तपाईंले आज्ञा दिनु भयो भने यो नाउ डुबाई दिन्छु। महात्माले भने, के मं त्यस्ता घृणित छु र आफ्ना विनाशी शरीरका निमित्त यतिका मानिसहरूलाई नाहकमा डुबाई दिउँ ? फेरि आकाशवाणीले भन्यो। हुकुम होस त यस बदमासलाई डुबाइ दिन्छु। महात्माले भने, मेरा साथीहरू कुनै डुबुन भन्ने मं चाहन्न। फेरि आकाशवाणीले भन्यो, क्यै न क्यंता न्याय हुनै पर्छ। महात्माले भने न्याय हुनै पर्छ भने, अब उप्रान्त यसको बुद्धि धर्ममा लागोस, पाप तर्फ नजाओस, यैं न्याय होस। महात्माले यति भने पछि उसको बुद्धि तुरून्त धर्म मार्गमा लाग्यो, त्यो बदमास मूर्खले महात्मा संग आफ्नु भूलको माफ माग्यो। वैराग्यवान पुरूष सबैको पनि भलो चाहन्छ।

पाठक ? यसै विषयमा अर्को पनि दृष्टान्त तिमीलाइ सुनाउंछु । यौटा नदीमा नाउं पारो जादै थियो । त्यसमा धेरै मानिस बसेका थिए । परमहंस महात्मा यौटा सन्यासी पनि त्यसैमा बसेका थिए । उसैमा यौटा भांड र यौटा धनी पनि थिए । जब नाउ चल्यो अनि भांड तमासा थाल्यो । मानिसहरू हसाउनका निमित्त महात्माका शिरमा आफ्ना जुत्ता राखियो । सबै हेरिरहेका छन, २।४ जुत्ति महात्माका शिरमा लगायो । त्यस्तो अत्याचार गर्दा पनि महात्मा बोलेनन नाउमा बसेका धनीले महात्मालाई चिन्हे र भांडलाई खूब डाटेर महात्मा संग भने, मैले तपाईंलाई फलानु राजा हुनुहुन्छ भनेर माने । राज्य छोडेर तपाईं फकीर बन्नु भयो । यो भांडले तपाईंलाई जो अपमान गर्‍यो त्यो तपाईं माफ गर्नु होस । महात्माले भने, यस भांडले केहि न राम्रो गरेको छैन । यसले मेरा शिरलाई दण्ड दियो । यो शिर अघि कहिल्यै पनि कसैका अगाडी झुक्तेनथ्यो । यो भन्दा पनि यसलाई बडी दण्ड मिलेता राम्रो हुने थियो । यो कत्रो क्षमा ।

पाठक ? अर्को यौटा वैराग्यवानको कथा सुन । यौटा सहरको नजिकै जंगलमा कुटी बनाएर यौटा महात्मा बसेका थिए । कुनै राजा या धनी संग मुलाकाज गर्दैनथे । भिक्षा मागेर आफ्नु भोक हटाउंथें । राजाले जब तिनको त्यागको कुरा मानिसहरूबाट सुने राजाको पनि महात्माको दर्शन गर्ने इच्छा उत्पन्न भयो राजा पालकीमा चढेर दर्शन गर्न गए । महात्माको कुटीका छेउमा पुगे पछि राजा आएको थाहा पाएर महात्माले आफ्ना कुटीको दहिलो लगाए । राजा गएर कति पटक दैलो घचघच्याएर खोलनुहोस भनेर कराए तर महात्माले दैलो उघारेनन् । अब राजाले भने, तपाईं धन्य हुनुहुन्छ. तपाईंको वैराग्य पनि धन्य हो । तपाईंले यस लोकलाई लात मार्नु भयो । शरीरको नाम लोक हो । यसलाई पुष्ट गर्न विषयासक्त भएर धनी र राजासंग मलाकाज नगर्नु, यस लोकलाई लात मार्नु हो । महात्माले भने, तपाईं पनि धन्य हुनुहुन्छ तपाईंको आसक्ति पनि धन्य हो । किन भन्नु हुन्छ भने । तपाईंले परलोकलाई लात मार्नु भयो । परलोकको सौख्य उद्देश्य गरेर कुनै पनि शुभ कार्य न गर्नु नै परलोकलाई लात मार्नु हो । महात्माको कुरा श्रवण गरेर राजालाई पनि वैराग्य भयो । महात्माले दैलो उघारि दिएर राजा संग भने, राजन सन्सारको भोगमा जो आसक्ति यसलोकमा र परलोकमा दुःखको कारण हो । विषय भोगबाट जो वैराग्य पैदा हुन्छ, त्यै वैराग्य दुवै लोकमा सुख दिने हुन्छ ।

रागो लिंगमबोधस्य चित्तव्यायाम भूमिषु ।
कुतः शाद्वलता तस्य यस्याग्निः कोटरे तरोः ।

चित्तले संझना गरेका विषयमा राग हुनु अज्ञानको चिह्न हो। जुन वृक्षका टोड्कामा आगो लाग्यो त्यो वृक्ष कसरि हरियो हुन्छ। हुँदैन, जुनपुरुषको स्त्री पुत्रादि भोग्य विषयमा आसक्ति छ, उसलाई नित्य सुख प्राप्ति कदापि हुन सक्तैंन राजाले भने, महाराज? गृहस्थाश्रममा रहेपछि स्त्री पुत्रादि क्यै न क्यैता राग अवश्य नैं हुन्छ। रागको अभावता कुनै कालमा पनि हुँदैन। अतएव गृहस्थीको मुक्ति कहित्यैं न हुनुपर्छ। महात्माले भने, जो पुरुष स्त्री पुत्रादिमा सदैव आसक्त हुन्छ उसलाई कुनै समयमा पनि वैराग्य पैदा हुँदैन भन्ने यो नियम छैन। कस्तो छ त भने, गृहस्थाश्रममा यौटा न यौटा दुःख परिरहन्छ दुःख परिरहनाले क्यै न क्यैं दुःख वैराग्य पनि हुन्छ। विषयमा दुःख संझनु वैराग्यको कारण, सुख संझनु आसक्तिको कारण हो। जो ज्यादै मूर्ख छ उसको पनि क्यैं न क्यैंता वैराग्य मै रहन्छ। गृषस्थाश्रमनै वैराग्यकी हेतुहो। जति जति बडे बडे महात्मा रामचन्द्र वशिष्ठादि भए ती सम्पूर्णको गृहस्थाश्रममा नै वैराग्य भयो अनि सन्यासी भए तिनीहरूको पनि गृहस्थाश्रममा वैराग्य प्राप्त भयो। अनि पछिबाट गृहस्थाश्रम त्यागी दिए। गृहस्थाश्रम विना ता कसैको जन्म पनि हुँदैन। यसैले गृहस्थाश्रम नै समग्रको मूलकारण हो। गृहस्थाश्रममा आत्मज्ञान हुन्न भन्ने यो नियम पनि छैन। जनक प्रभृति सबै गृहस्थाश्रममा नै ज्ञानी भए। ज्ञानोत्पत्तिमा कारण वैराग्य छ। जसको गृहस्थाश्रममा पनि सदा काल वैराग्यको विचार बनिरहन्छ, उसलाई ज्ञानी हुनमा केहि पनि संशय छैन। सन्यास आश्रमा पनि, सन्यास-आश्रम भनेर मात्र पनि हुँदैन, सन्यासी विषयमा आसक्त छ भने शारीरिक सन्यासले परा लाग्दैन त्यसको अज्ञानीहुनमा केहि संशय छैन। वैराग्यलाई नै ज्ञान प्राप्तिमा साधन बताएको छ। मानिस, ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, सन्यास, जुन आश्रम म रहेको होस वैराग्य बिना ज्ञान प्राप्ति हुँदैन। ज्ञान बिना मुक्ति हुँदैन, वेदले यस्तो नियम बाँधेको छ। राजन? जो पुरुष गृहस्थाश्रममा बसेर पनि आसक्त न भैं पनीमा कमलपत्रझैं रहन्छ उसलाई मुक्तिमा कुनै संशय छैन। यसै विषयमा जनकजीको दृष्टान्त तिमीलाई सुनाउँछु, देवी भागवतको कथा हो। जुन वेला शुकदेवलाई व्यासजीले विवाह गर्न प्रेरणा गर्नु भयो, शुकदेवले, स्त्री पुत्रादि बन्धनका कारण हुन, गृहस्थी भएपछि पुरुष बाँधिन्छ, भन्दा व्यासले भन्नु भयो, पुत्र, गृहस्थाश्रममा बसेर पनि मानिस मुक्त हुन्छ, गृहस्थाश्रम वैराग्यको हेतु हो। धन-आदिमा आसक्त न भैं, आफ्नु शरीर आदि सबैलाई बिनाशी संझेर प्रारब्ध कर्म अनुसार जुन वेला जस्तो प्राप्त हुन्छ, त्यसैमा सन्तोष मानेर व्यहार गर्छ भने, त्यो मुक्त हुन्छ। तिमी यस विषयमा जनक राजा संग उपदेश लेउ भनेर जनक राजा संग उपदेश लिन पठाउनु भयो। शुकदेव जनकपुरमा उपस्थित हुनु भयो दरबार-

को ढोकामा गएर आफु आएको समाचार जनकजीलाई पठाउनुभयो। त्यो समाचार सुनेर शुकदेवको परीक्षा गर्नका निमित्त यौटा मानिस बोलाएर, भन्नु भयो, जाउ शुकदेवजीलाई ढोकामा बसिरहनु भन्नु। यसमा जनकजीको यो तात्पर्य थियो, शुकदेव रिसाउँछन् कि रिसाउँदैनन्। अब ३ दिन सम्म शुकदेव ढोकामा उभिरहे। तर कति पनि रिसाएनन्। अनि चारौं दिनमा शुकदेवलाई भित्र बोलाए। भित्र गए र शुकदेव हेर्छन्ता जनकजी सूनका सिंहासनमा बस्नु भएको छ। सुन्दरी स्त्रीहरू पाउ दाबीरहेछन्। गाना गाई रहेछन्। नाना प्रकारका खाने पीने चुसने स्वाद लिने मीठा पदार्थ चारै तिर खचिखचाउछन्। बन्दीजन स्तुति गरिरहेकाछन्। यस्तो अलौकिक ऐश्वर्य देखेर शुकदेवका मनमा-घृणा उब्जियो। जनक ता भोगमा अत्यन्त आसक्त रहेछन्। यी कसरि ब्रह्मज्ञानी हुन सक्छन्। यस्ता विषयासक्त संग मलाई पिताजीले उपदेश लिन पठाउनु भयो। जनकजीले शुकदेवले मनमनै गरेका कुरा जान्नु भयो। अनि जनकजीले यौटा यस्तो माया निर्माण गर्नु भयो। मिथीलामा आग लागीभो, बाहिरबाट यौटा दूत दौडेर आयो र उसले भन्यो महाराज ? अकस्मात् मिथिलामा आगो लाग्यो। अब ढोकामा पनि आइपुग्यो। थोरै बेरमा भित्र पनि आउन सक्तछ। शुकदेवले झट्ट संझनु भो, ओहो ? बाहिर द्वारमा ता मेरो पनि दण्ड कमण्डलु थिए। डढ्दैन ? शुकदेवजीको यो मनको कुरा जनकजीले योग बलले जान्नु भयो। यसको तात्पर्य, दण्ड कमण्डलुमा मेरो भन्ने तिम्रो जति आसक्ति छ, त्यति आसक्ति राज्य र भोग्य पदार्थमा मेरो छैन, भन्ने यै हो। त्यो आग लागी भएको समाचार सुनेका समयमा जनकले यो श्लोक पढनु भयो।

अनन्तवत्सु मे वित्तं यन्मे नास्तिहि किञ्चन।
मिथिलायां प्रदग्धायां न मे दह्यति किञ्चन॥

जनकजी भन्नु हुन्छ, मेरो जो आत्मारूपी धन छ, त्यो नाश नहुने वाला छ। मेरो केहि छैन। यो मिथिला डढ्दा मेरो क्यै पनि डढ्दैन। यस वाक्यबाट जनकजीले विषयमा आफ्नु अनासक्ति प्रकट गर्नु भयो। शुकदेवलाई पनि जनकजी ब्रह्मज्ञानी हुनु हुँदो रहेछ भन्ने पूर्ण विश्वास भयो। अनि जनकले शुकदेवलाई ब्रह्मज्ञान उपदेश गर्नु भयो। महात्मा राजासंग भन्दै हुनुहुन्छ। हे राजन् ? यदि तपाईंले पनि जनकको जस्तै आसक्ति छोडेर राज्य गर्नु भयो भने ता मोक्ष हुनु हुनेछ। महात्माको उपदेशले राजा पनि ज्ञानी हुनु भयो।

वैराग्यजनक यौटा अर्को दृष्टान्त तिमीलाई सुनाउँद छु। यौटा नदीका किनारमा यौटी विधवा स्त्रीको घर थियो। त्यो घरका नजिकैमा राजाको बगैंचा

थियो । एक दिन राजा आफ्ना वगैंचामा भ्रमण गर्न गए । विधवाको जमीन घर पटी हेरेर मनमा कल्पना गर्न लागे । यदि यी स्त्रीको घर जमिन लिएर वगैंचामा मिलाउन पाए ता वगैंचा खूब ठूलो हुने थियो । ठूलो भए पछि राम्रो चारै तर्फ मिलेको हुने थियो । यो कल्पना गरेर राजाले विधवासंग भने । तिमी यो घर जगा वेच है म लिन्छु स्त्रीले भनिन्, मेरा पति छैनन्, यौटा छोरो र यौटी सानी छोरी छन्, मं यिनीलाई लिएर कहाँ जानु ? मं आफ्नु घर दिन्न, अब राजाले तिनीको नदिने कुरा सुनेर नोकरलाई भने, ए वीर वाहादुर । यी स्त्रीलाई घर-बाट निकाली देओ भन्ने हुकुम गरे । हुकुम बमोजिम मारपीट लगाएर निकाली दिए । स्त्रीका साथमा यौटा गधा थियो । त्यै गधामाथि छोराछोरीलाई चढाएर रूँदै रूँदै अलिक पर पुगिन् । त्यहाँ यौटा महात्मा उभिरहेका थिए । महात्माले स्त्रीसंग सोधे ? तिमी किन रून्छयौ ? स्त्रीले आफ्नु भएको व्यहोरा सबै महात्मा संग भनिन् । महात्माले भने, तिमी एक चोटी मेरा साथमा लागेर राजा कहाँ हिड । म यौटा युक्तिले राजालाई संझाउँछु । स्त्री तिनीका साथमा गइन् । राजाका नजिक पुगेर महात्माले भने, महाराज ? यो विधवाको इच्छा यस्तो रहेछ । राजाले मेरो घर भएका जमिनको अलिकति माटो दिउन् । म जहाँ गएर घर वनाउँछु, उसै ठाउँमा त्यो माटो गाडेर आफ्ना मान्य गुरुहरूको ध्यान पूजा गर्नका लागि वनाउँछु भन्ने विचार रहेछ । राजाले भने खन, महात्माले आफै माटो खने र बोरामा भरि पारेर राजालाई भने, महाराज ? यो माटाको बोरा उचालेर गदा माथि राखिदिनु होस । राजाले भने, के म यत्रो माटो लगाएको वोरा उचालेर गधामाथि राख्न सक्छु ? महात्माले भने, यति जाबो माटो लगाएको वोरा उचाल्न सक्नु हुन्न भने, यी विधवा स्त्रीको त्यत्रो घर त्यति जमिन जवर्जस्ति खोसेर लिनु भएको छ । त्यो घर जमिन मरेर जाँदा साथमा कसरो उचालेर लैजानु हुन्छ । महात्माको कुरा सुनेर राजा छक्क परे, वैराग्य उत्पन्न भयो । मनमा विवेक पैदा भयो र मनमनै भन्न थाले, योगीले भनेको कुरा सत्य हो । मर्दा साथमा क्यै पनि जाँदैन । मैले यो नाशवान् शरीरका निम्ति कुकर्म द्वारा धन जम्मा किन गर्नु, अब यस्तो गरेर धन स्त्री पुत्रादिमा आसक्त हुन्न भन्ने ज्ञान भयो र ता विधवा स्त्रीको घर जमीन तुरुन्तै फीर्ता गरे । वैन्हि ? संसारमा जो मूर्ख अज्ञानी छ त्यो अर्काको जगा धन अधर्म गरेर लिन्छ । उसलाई यो शरीर ता साथमा जाँदैन भने अरू पदार्थ कसरी जान्छन् भन्ने यति मात्र पनि ज्ञान हुँदैन । यस्तो ज्ञान भए अरूको सम्पत्ति खोसेर चोरेर ढाटेर किन लिन्थ्यो । यस्ता कुकर्मी मरेर वारम्वार पशु योनिमा जन्मन्छन् । जो ज्ञानी विचारवान् छन् । तिनीहरू अन्याय हिंसा आदि घृणित व्यवहार गर्दैनन् । आफूले अर्जन गरेको धर्म र पाप मात्र साथमा जान्छ, अरू जहिंका तहि रहन्छन् भन्ने जान्दछन् । तसर्थ वैराग्य लिनु उत्तम हो ।

संसारमा स्त्री कुन हो पुरुष कुन हो भन्ने विषयमा यौटा दृष्टान्त सुनाउँछु।

यौटा राजाका सन्तान भएनन्। सन्तानका निमित्त धेरै यत्न गरे पछि यौटी कन्या जन्मिन्। ती कन्या बाल्य अवस्था देखिनै वस्त्र पैह्रिन्नथिन्। नांगै रहन्थिन्। जब तिनी ठूली हुँदै गइन् तै पनि उनीको त्यो नाङ्गै वस्ने आदत हटेन रैरह्यो। राजाले कति प्रयास गरे तैपनि तिनीले कपडा लगाउन मानिनन्। नांगै वस्न नै तिनीलाई खुसि लाग्यो। जवर्जस्ति पक्रेर कपडा लगाइ दिए, च्यात चूत पारेर फ्याकि दिइन्। यस्तैमा एक दिन अकस्मात् भाग्यवश यौटा सज्जन साधु आइ पुगे, तिनीलाई देखेर लाज मानेर कपडा लगाइन्। त्यो देखेर राजा प्रसन्न भएर छोरीलाई सोधे। छोरी ? आज कस्तो राम्रो दिन रहेछ, तिम्रो बुद्धि फर्कियो। यो त तिमी भन ? वारम्वार मैले वस्त्र लगाउ भनेर ढोपो गरें मानिनौ, आज यौटा साधु आउँदा उनीलाई देखेर वस्त्र लगायौ, यसको के कारण हो भन ? कन्याले भनिन्। पिताजी ? स्त्रीलाई स्त्री देखि लाज हुँदैन, पुरुष देखि लाज हुन्छ। जब म जान्ने बुझ्ने ठूली हुँदै गएँ, विचार गर्न लागे, तपाईका सहरमा पुरुष जाति कोही रैनछ, कसैलाई पुरुष देखिन। आज मात्र पुरुष देखें, यौटा साधु-लाई मात्र पुरुष देखेर मलाई लज्जा भयो र वस्त्र लगाएँ पिताजी ? पुरुष भन्ने नाम त्यसको हुन्छ। जसले आफ्नु शरीर इन्द्रियहरू आफ्ना अधिनमा राखेको छ। शरीर इन्द्रियहरूलाई कब्जामा राख्न नसक्ने यथेच्छा मनमानी काम गर्ने त्यस्तो मर्द पुरुष हुँदैन। वैरागी वाहेक अर्को कुनै पनि इन्द्रियलाई रोक्न सक्तैन। यसैले वैराग्यवान् पुरुष नै मर्द हो, रागवान् स्त्री हो। आज मैले वैराग्यवान् पुरुषलाई देखें। लज्जा लाग्यो वस्त्र लगाएँ। गार्गीले पनि यैकुरा याज्ञवल्क्य संग भनिन्—

अहं पश्यामि विप्रेन्द्र ? जगदेतदपौरुषम्।
नपुंसकमहं तद्वदहं स्त्री च पुमानहम्॥ आत्मपुराण।

यो जगत् म पुरुष न भएको देख्तछु। म नै नपुसक, म नै पुरुष हुँ। म नै स्त्री हूं।

नपुंसकः पुमान् ज्ञेयो यो न वेत्ति हृदि स्थितम्।
पुरुषं स्वप्रकाशं तमानन्दात्मानमव्ययम्॥

जो पुरुष आफ्ना हृदयाकाशमा वसेका पुरुषलाई जान्दैन, त्यो नपुंसक हो। जो हृदयाकाशमा वसेको पुरुष छ, त्यो स्वयं प्रकाश छ, आनन्दरूप अविनाशी छ।

अयमेव पुमान् योषिन्नाहं पीन पयोधरा।
यतः स्वस्मात्परस्तस्य पतिरस्ति स्त्रिया यथा॥

गार्गी भन्छिन् जो पुरुष हृदयमा रहेका आत्मालाई जान्दैन यै नै स्त्री हो।

साह्रा स्तन भएकी म स्त्री ह्वैन । जस्तै स्त्रीको पति स्त्री देखी भिन्न हुन्छ । त्यस्तै भेद गरेर हृदयमा रहेको आत्मालाई या आफूलाई अज्ञानीहरूले आत्मा-देखि भिन्न अर्को आत्मा छ भनेर मानिराखेको छ । जो पुरुष वैराग्य र आत्म विचारले शून्य छ, त्यो पुरुष ह्वैन, शास्त्रसिद्धान्तबाट त्यो स्त्री हो ।

श्रीमान् पाठक ? तिमीलाई यौटा प्रमादी धनीको कथा सुनाउँछु । दक्षिण दिशामा यौटा सहरमा धनका दुष्ट मदले अन्ध भएका यौटा बनियां थिए । म जस्तो बुद्धिमान म जस्तो धनी अर्को कुनै छैन भन्ने ठान्दथे । दिनरात धन जम्मा गर्ने चिन्तारूपी समुद्रमा नै डुबी रहन्थे । कुनै साधु या ब्राह्मण, याचक कसैलाई केई दिदैनथे । एक दिन यौटा महात्मा घुम्दै त्यै धनीका दूकान अगाडी पुगेर ठिङ्ग उभिएर बनियांलाई हेरे । त्यो बनियां धनका मदले यति सम्म मत्त भएको थियो कि उसले आंखा उघारेर सम्म महात्मा तर्फ हेरेन । धनको मद ठूलो हुन्छ ।

समर्थः श्रीमदान्धोऽयं राजानं देवतां गुरुम् ।
अवजानाति सहसा स्वात्मनो बलाश्रितः ॥ आत्मपुराण

जो पुरुष समर्थ छ, धनका दुष्टमदले अन्धो भै रहेछ । त्यो आफ्ना बलको आश्रय गरेर राजा, गुरु, देवतालाई, अवहेलन गर्दछ ।

समर्थो धन लोभेन परदारान् धनादिकम् ।
हृत्वा चोपहसन्त्यान्यान् सर्वशोच्यो नराधमः ॥

जो समर्थ धनी छ, त्यो धनका लोभले अरुका स्त्री धन आदि हरण गर्छ हस्सी पनि गर्छ भने पुरुषमाको अधम त्यै हो ।

मातरं पितरं पुत्रान् ब्राह्मणांश्च बहुश्रुतान् ।
कर्मणा मनसा वाचा समर्थो हन्ति मोहितः ॥

जो धन-मदान्ध समथ छ, त्यो माता, पिता, पुत्र, ब्राह्मण, वैदिक ब्राह्मणहरू-लाई कामले, मनले, वचनले सम्पूर्ण व्यवहारबाट मार्दछ । त्यो बनियांले आफु-लाई अनादर गरेता पनि महात्मा रिसाउनु भएन । रघुवंशमा भनेको छ ।

उष्णत्वमग्न्यातप संप्रयोगाच्छैत्यं हि यत्सा प्रकृतिर्जलस्य । जलको स्वभावै ठण्डा हो अग्नि र सूर्यको संरूपर्कले तातो हुन्छ । त्यस्तै महात्माहरू पनि शीतल ठण्डी स्वभाव भएका अति दयालु हुन्छन् । ती मूर्खमा दया आयो । मनमा विचार गर्नु भयो, यी बनियालाई यो धनको मदरूपी हिलाबाट पार गर्नु पर्‍यो, यस्तो विचार गरे र धनीलाई भने, राम राम जप । बनियां सुनेको नसुन्यै भए बोलेनन् फेरि १।२ पटक राम बोल राम भने, वास्तै गरेनन् । महात्माले विचार गरे,

जस्तै क्वै पशुलाई दण्ड न दिइ चल्दैन रस्ताम हो, उक्ति अनुसार, पशुहुन् महामूर्ख हुन्, यसरि भन्दा मान्दैनन् । यिनलाई दण्डदिनु पर्छ अनिमात्र सुमार्गमा लाग्छन् । यस्तो विचार गरेर महात्मा नदीका किनारा पटि लागे । बनियां पनि बिहानै उठेर नदीका किनार तिर स्नान गर्न भनेर गए । महात्माले देखे अनि आफ्ना योग बलले धनीको अनुहार हात पाउ आदि अङ्ग जस्ता छन उस्तै तं दुरुस्त न चिन्हिने बने । उता साहू स्नान गर्न लागे यता यतापटि बनियांको रुमाल धोती कमिज लोहोटा जस्ता जस्ता थिए योग बलले त्यस्तै रङ्गरुपका तयार गरी बोकेर साहूका घरमा आए । बाबु नै हुन् भन्ने जानेर छोराले मन मनै, आज पिताजी झट्टै स्नान गरेर आउनुभो किन हो साधनु परेनो भनेर सोधे । पिताजी ? आज झटै आउनोभो नि किन हो ? ठग योगीले भने । आज योटा ठग मेरै अनुहार पारेर म जस्तै न चिन्हिने भएर आउँदैछ, मैले देखेर आएँ । नदीका किनारामा बसेर म जस्तै हुँदै थियो । तिमीहरुले होसियार रहनु, अब थोरै बेरमा त्यो आइपुग्ने छ । भित्र पस्न बल गर्छ घोक्र्याएर निकाल्नु, क्यै बोल्यो भने त्यस ठगलाई २।४ जुत्ति लगाउनु अनि भाग्छ, छोरा संग यति भनेर योगी भित्र पसेर शय्यामा लेटिरहे उता सेठ जी पनि स्नानको काम समाप्त गरेर घरतिर चले । घरमा पुगे पछि छोराले ए ठग तं किन यता आउछस् भनेर हप्काए । सेठले भने नानि ? म आफ्ना घरमा आउंदैछु । तं मलाई ठग भन्छस्, म ता तेरो बाबु पो हूँ, आज तलाई के भो, कि बौलाहिस् । मलाई कठोर शब्दले गाली गर्छस, पुत्रले भने, म तं ठगको छोरा हुँन, म जसका छोराहूँ उ घरमा हुनु हुन्छ, तँ मेरा पिता जस्तै बनेर हामोलाई ठगन आएका होस । फर्की नत्र कूटाइ खाएर जानु पर्ला । यस्तो भन्दा भन्दै नटेरी सेठ घरभित्र पस्न लागे, छोराले पनि २।४ मुक्कि लगाए । सेठ रिसाएर गाली गर्न लागे, छोराले पनि ४।५ पल्ट टाउकामा जुत्ताले ठोके । अबे भने प्रसस्त कुटाइ खाए पछि भागेर राजा कहा पुगेर आफ्नु वृत्तान्त सम्पूर्ण बताए । राजाले छोरालाई तुरुन्तै झिकाए र सोधे । क्या हो । पितालाई कुटेर खेदछो ? छोराले भने मेरा पिताजी घरमै हुनुहुन्छ, यो ता धेरै रूपधारणा गर्न समर्थ भएको ठग हो । यो सुनेर छोरालाई घरमा बाबु लिन राजाले पठाए र ल्याए । दुवैलाई अगाडी उभ्याएर हेरे, योटै अनुहार छ, प्रत्येक अंगमा अलिकति पनि फरक छैन । राजा बडो चिन्तामा परे कुन लाई ठग भन्नु, कुनलाई धना भन्नु ठहराउन सकेनन् । अब महात्माले भन्नु भयो राजन् ? यदि यिनो सच्चा सेठ हुन् भने, ठूला छोरोको विवाह गर्दा कति रूपया लाग्यो ? घर बनाउंदा कति लाग्यो भनुन् त ? योगीको कुरा सुनेर राजाले सेठलाई सोधे । सेठलाई याद छैन भने, महात्माले योगबलले सबै जानेर

बताए, सेठका छोरा द्वारा खाता झिकाए हेर्दा ठीक योगीले भनेको देखियो। राजाले पनि सेठलाई ठग ठहराएर निकाली दिए। अनि भने सेठजीको पनि घनको मद उत्रियो, नदीका किनारामा गएर आफ्ना भाग्यलाई धिक्कार दिएर रून थाले। अर्का दिन विहान महात्मा नदीमा स्नान गर्न जादा धनोसेठ रोइ रहेको देखे। योगीले पनि अफ्नु सच्चारूप लिएर सेठका छेउमा गएर राम राम भन भने। योगीको बोली सुनेर सेठ काम्नलागे, राम राम भन्नलागे। जब श्रद्धाले सेठ राम राम मन्त्र जप्न लागे, अनि महात्माले सेठ संग भने, ऐल तिमी घुस्सी जुत्ति खाएर मात्र राम राम भन्न लाग्यौ ह्वै न त ? पैलिनै तिमीले राम नाम प्रेम पूर्वक भजन गरेको भए जुत्ति खुवाएर घरबाट निकालिन्थ्यो ? जुन छोरालाई सुख होस भनेर अन्यायले अनर्थ गरेर धन जम्मा गरेथ्यौ त्यै छोराले तिमीलाई जुत्ति लगाएर निकाली दियो। त्यस्ता छोराको तिमी माया गर्छौ भने पछि पनि अझ बढी जुति खाने छौ। तिमीले आफ्नु जन्म व्यर्थ वितायौ, अब वैराग्य वन, यो सुनेर महात्माका पाउमा सेठ परे, महात्माले भने, तिम्रा घरमा जो सेठ बनेर पस्यो, तिमीलाई दण्ड दिनका निमित्त हो त्यो सेठ भएर जाने मैं हू। अब तिमी आफ्ना घरमा जाउ आनन्दले बस तर उन्मत्त न हुनु, धर्म गर्नु सत्सङ्ग गर्नु, यस्तो उपदेश गरेर महात्मा गए। सेठ घरमा आएर उसै दिन-देखि वैराग्य लिएर दान धर्म भगवानको भजन गर्न लागे। मान्यजन, गुरू सेवा, अतिथिसत्कार द्वारा उनको अन्त करण शुद्धि भयो, ज्ञान प्राप्ति मिल्यो।

अच्छी वनियाँको कथा

पूर्वतिर यौटा सहरमा वडा धनी यौटा वनियाँ वस्थे। धन कमाउन जम्मा गर्नता खूब सिपालु थिए। भजन गर्न भगवानको स्मरण गर्न भने ज्यादै अल्छि थिए। कुनै समयमा पनि तिनी वैराग्य हुँदैनथे। कहिल्यै पनि मुखले राम नाम उच्चारण गर्दैनथे। तर तिनकी स्त्री बडी विचारवाली थिइन् भजन स्मरणमा उदारतामा पनि स्त्रीहरू मध्ये एक शिरोमणि थिइन। नित्य नै पति संग भनिरन्थिन्। हे स्वामी यो मनुष्य शरीर धेरै जन्मका पुण्यले प्राप्त भयो यसले गर्न न सक्ने केई छैन, देवताहरू पनि स्वर्गभोग समाप्त भए पछि मनुष्य जन्म भारत वर्षमा हओस भनेर प्रार्थना गर्दछन् सूगूरले गरे जस्तो विषय भोगका निमित्त मात्रह्वैन परमेश्वरको भक्ति गर्नका निमित्त हो, तपाईं पनि १।२ घड़ी भजन स्मरण गर्नै गर्नु होस, बारम्बार यो अमूल्य शरीर मिल्न कठिन छ, यस्तो शरीरलाई घृणित कर्ममा लगाएर घृणित मद्य आदि अपवित्र पदार्थ सेवन गरेर जाति आश्रममा बताएको शास्त्रोक्त नित्य कर्म नगरि कुव्यसनमा लागेर समय वित उनु हातमा परेको अमृत फाल्नु हो। स्त्रीको कुरा श्रवण गरेर वनियाँले भने,

त्यो काम झट्ट हुँदैन, भजन स्मरण पनि गर्दै गरौंला, यस्तै परस्पर वातमात्र हुदै धेरै समय वीत्यो। एक दिन वनियाँ वेमारो भए, श्रीमतीलाई बोलाएर वैद्य डाकेर ल्याउ भने. तिनी गएर डाकिन्, वैद्य आए नाडो हेरे दवाई लेखिदिए खाने तरिका पनि बताई दिए। स्त्रीले दवाइ मगाइन्, र दराजमा राखिन्, दिनभर स्त्री त्यो वनियाँलाई तिनोले दवाई दिियिनन्, सन्ध्याको समय भएपछि वनियाँले स्त्री संग औषधि मगायौ कि मगाइनौ भनेर सोधे, उनोले भनिन्, औषधि मगाएर राखेको छु, वनियाँले भने किन मलाई दिन्नौ त, स्त्रीले भनिन्, क्यै पनि झट्ट हुन्न, आज दिन्न भोली दिउला भोलि न भये पर्सि, एक दिन ता जैले भने पनि दिउला। वनियाँले भने, यदि म मरे भने त्यो औषधिले मलाई के काम दियो। स्त्रीले भनिन् मर्छु भन्ने ता तपाई मान्दै मान्नु हुन्न, यदि मान्नु हुन्थ्यो भने ता म जब तपाईंलाई भजन स्मरण गर्नु होस भनिरहन्थे, तपाई मर्छु भन्ने याद भए यसो भन्नु हुन्नथ्यो, किन भने के जान्नु फेरि त्यतिञ्जेल शरोर रहन्छ कि रहदैन, आज औषधिका निमित्त तपाई मरिन्छ भन्ने याद गर्दै हुनुहुन्छ ? यदि यस जन्ममा पनि औषधि दिइन भने अर्का जन्ममा दिउँला। ह्वैन, यसै जन्ममा मलाई औषधिको जरूरत छ, वर्तमान दुख त्यो विना दूर हुँदैन भन्नु हुन्छ भनेता तपाईंलाई भजन स्मरण पनि यसै जन्ममा जरूरत छ, फेरि के जान्नु क्यै कथङ् पशुयोनिमा जन्म भयो। भने भजन स्मरण हुन कठिन छ। यस्तो स्त्रीको उपदेशले वनियालाई वैराग्य भयो। भजन स्मरणमा लागे, स्त्रीले औषधि दिइन् निकोभए। वैराग्य विना भजन स्मरणमा पुरूषको मन लाग्दैन।

पैलेनै मैले तिमीलाई लिङ्ग शरीरको लक्षण र स्थूल शरीरको पनि लक्षण बताई सकेको छु, तीजड प्रकृतिका सन्तान हुन, नाशवाला हुन ती नाशहुनेलाई नाश नहुने संझेर लिङ्गशरीरलाई र स्थूल शरीरलाई चेतन ब्रह्मको सत्यता आरोप गरेर अर्थात्, ठूलो सानु कालो गोरो मोटो दुब्लो ब्राह्मण क्षत्री आदि विचारि राजा मन्त्री यी स्थूल शरीरका धर्म हुन्, यी धर्म आत्मा (आफु) मा आरोप (संझना) गरेर म ब्राह्मण हूं विद्वान् हूं इत्यादि भन्छ, त्यस्तै सुख दुःख हर्ष विषाद, शान्ति शम, दम, इत्यादि मन बुद्धिका धर्म हुन्, अन्धो, वैरो, लाटो; लङ्गड़ो, इत्यादि इन्द्रियका धर्म हुन्, यी धर्म आत्मामा आरोप गरेर अर्थात् संझेर म सुखि छु, दुखि छु, लाटो छु इत्यादि भन्छ, उक्त धर्महरू आत्माका ह्वैनन् नाश हुने शरीर आदिका धर्म हुन्, ति नाश हुनेलाई म, र शरीर संग संबन्ध (नाता) भएका स्त्री पुत्रादिलाई मेरा भन्नु अज्ञान वा अभिमान या अहङ्कार हो, उक्त सवै नाशहुने वाला हुन्, आत्मा अबिनाशी छ भनेर प्रकृति र पुरुष (आत्मा) चिन्हे पछि वैराग्य हुन्छ। विना वैराग्य न भै ज्ञान (आत्मज्ञान) हुन्न। यसै विषयमा तिमिलाई थोदा महात्माको दृष्टान्त सुनाउछ।

यौटा महात्मा र उनका यौटा शिष्य देश भ्रमण गरेर हिड्थे, एकदिन शिष्यले गुरुमहात्मासँग भने महाराज ? केई उपदेश गर्नु होस। गुरूले भन्नु भयो, नानि ? केई नबन्नु अर्थात् म साधु हुँ, शैव हूं, वैष्णव हूं, प्रणामी हूं, राजा, मन्त्री, इत्यादि फलानु हूं म भनेर नभन्नु, त्यसो भन्नु त्यो बन्नु हो, त्यो वन्यो भने मार खान्छ। जो पुरुष साधु वैष्णव आदि शरिरको धर्म लिएर साधु आदि बन्दछ त्यै कूटाई खान्छ। जो क्यै बन्दैन अर्थात् साधु आदि हुँ भन्दैन र म बोलने वाला चेतन ब्रह्महूँ भन्छ भने ब्रह्मता नाशहुन्न उ साधु आदि भएन ब्रह्म नै भो अब उसलाई कालले पनि मार्न सक्तैन, आत्मा मर्दैन के मरोस र। चेलाले भने सत्य हो। यस्तै कुरा गर्दै गये अगाडी थोरै परतिर सडकका छेउमा यौटा राजाको वगैंचा थियो। त्यो वगैंचामा ठूलो घर बनाएको थियो त्यो वगैचामा गुरू शिष्य गएर पुगे, त्यो घरमा पसेर यौटा कोठामा पलङ्मा गुरू सुति रहनु भयो। दोस्रा कोठाको पलङ्मा शिष्य सुति रहे। जब दिनको तेस्रो प्रहर भयो अनि हवाखानका निमित्त राजा वगैंचामा आएर पैलि शिष्य सुतिरहेका कोठामा गए, पलङ्मा कोठामा सुतिरहेका तिनीलाई देखेर राजाका सिपाईले भने, ए त को होस ? महाराजका पलङ्मा पो सुति रहेछ। शिष्यले भने, म साधु हूं सिपाहिले भने त कसरी साधु होस त ता मूर्ख होस, बडो मूर्ख होस, महाराजका पलङ्मा आएर सुतिरहको छस यति भनेर २१४ थप्पड़ खुवाएर बाहिर निकालि दिये। फेरि राजा घुम्दै घुंदै गुरूजो सुतिरहेका कोठामा पुगे। सिपाहिले पलङ्मा सुतिरहेका अर्का गुरूचाहि-लाई कति बोलाए परन्तु तिनीहरूका सामुन्ने गुरू बोलेनन्। जब सिपाहिले समाएर घंच्यच्याए अनि आँखा मिच्दै उठे, तर मुखले केई बोलेनन्। अब राजाले सिपाहिलाई भने; तिमीहरू थिनलाई केहि नभन, विचारमा यहाँ कोई महात्मा हुनुहुन्छ। यिनीलाई वगैंचाबाट बाहिर निकाली देओ। राजाको हुकुम पाएर सिपाहिले हातमा पक्रेर विस्तारै बाहिर निकालि दिए। बाटामा पुगे पछि गुरू शिष्य फेरीभेट भए, शिष्यले गुरूलाई भने, मैलेता वेसरि कुटाई खांए। गुरूले भने क्यै बन्यौं होला। शिष्यले भने बन्नता म क्यै पनि वनिन मुखले ता साधु हूं भने। गुरूले भने, साधु ता बन्यौ, जो साधु आदि क्यै बन्दछ उ मार खान्छ। हेर म क्यै पनि वनिन थे यसैले मलाई क्यै भयेन। महात्मा त्यैहुन्छ जो क्यै पनि बनिदैन। जो मान, प्रतिष्ठाका निमित्त विरक्त ओ अवधूत वन्दछ त्यो मार कूटपीट खान्छ। अर्थात् जो नेता साधु वन्दछ आफूलाई मानी प्रतिष्ठित मान्दछ त्यै मारिन्छ कूटिन्छ किनभने उनामा अनेक प्रकारका कामना भरि रहन्छन्। यसैले जो आडम्बर गरेर आफु, मान्य; पूज्य, बन्न मानका

निमित्त छात्र छात्रा बढाउँछन् शास्त्रदृष्टिले ति महात्मा भनिन्नन् जो निष्काम अथवा केई न चाहने तिनै महात्मा हुन् ।

हे पाठक ? यसै अभिमानका उपर तिमोलाई यौटा अर्को दृष्टान्त सुनाउँछु- पञ्जाबको मालवा भन्ने देशको यौटा गाउँबाट हरिद्वारको मेलामा धेरै मानिसहरू जान लागे । त्यै गाँउमा बस्ने यौटा सार्कीले जमिनदार संग भने म पनि तपाई संग हरिद्वारको मेलामा जान्छु । जमीनदारले भने, हिड । सार्की पनि उनका साथ लागेर हरिद्वारमा गए । सबैका साथ सार्किले पनि गंगामा स्नान गरेर पण्डालाई यथाशक्ति दान दिए । पण्डाले फेरा सबै यात्रोलाई अक्षयबट मुनि पुऱ्यायेर सबै संग भन, तिमीहरू सबैले यो अक्षयवटको फेदमा एक, एक फल छोडिदेओ, सबैले एक एक फल छाडि दिए । फल छोडनुको मतलब यो थियो, जसले बटको मुनि गएर सुन्तोला, सुपारी आदि कुनै यौटा फल आज उप्रान्त खान्न छोडे भन्यो भने फेरि त्यो फल त्यसले खादैन । पण्डाले सार्कीलाई कुनै फल छोडन प्रेरणा गरे, सार्कीले पनि, आज देखि बोझा उठाउन छोडि दिन्छु । आज उप्रान्त फेरि कहिल्यै पनि म बोझा उठाउने छैन यस्तो भन । सार्की र पण्डाजी ले ता बोझा उठाउनु पनि नरिवल, सुपारी जस्तै कुनै फल रहेछ भन्ने संझे, अब हरिद्वारबाट जब सबै यात्रोहरू फर्केर आआफ्ना घरमा आए । सार्की पनि तिनी संगै फर्केर घरमा आए । आफ्ना घरमा आनन्दले रहे । कुनै दिन पछि काम गर्न रोजगार दिनु पऱ्यो, रोजगारीको आवश्यक पऱ्यो र सिपाहीहरू गएर त्यै सार्कीलाई रोजगारीमा पक्रे । सर्कीले भने, मैले हहिद्वारमानै अक्षयबट मुनि बोझा उठाउने छैन भनेर छोडेर आएको छु, सिपाहाहरूले सार्कीको कुरा बुझेनन् । त्यसलाई पक्रेर लिएर हिडे अब सार्कीले भन्यो, तपाइंहरू सुवेदार संग गएर सोध्नु होस हो कि ह्वैन, म हरिद्वारमा बोझा उठाउन छोडेर आएको हूँ । सार्कीले सिपाहीलाई सुवेदार भएका ठाउँमा लगे र भन्न लागे, सुवेदार साहव ! म तपाइंका अगाडि-धर्म गरेर भन्दछु, हरिद्वारमा बाझा उठाउन छोडेर आएको हूँ; यी सिपाहीहरू मेरो कुरा पत्याउदैनन् तपाइं यिनीहरूलाई संझाइ दिनु होस सार्कीको ठाडो निवेदन सुनेर सुवेदारले भने । बोझा उठाउन ता तिमीले छोडेर आयौ परन्तु सार्कीपना ता तिमोले छोडेनौ । जबतक तिमीमा म सार्की हूँ भन्ने यो सार्कीपना रहन्छ, तबतक तिमीले बोझा उठाउनु पर्छ, फेरि सिपाहिले तिनीलाई पक्रेर लगे । हे चित्तवृत्ति । यो ता दृष्टान्त हो दार्ष्टान्तमा जो यो सार्कीको स्थूल शरीर छ त्यसलाई लिएर म सार्की हूँ भन्ने अभिमानको नाम सार्की हो । जाति, आश्रम, वर्ण, पद, ठूलो, सानु मोटो दुब्लो आदि शारिरिक धर्मलाई आत्मामा आरोप गरेर म अमुक हूँ अर्थात् म ब्राह्मण,

गृहस्थी पण्डित सार्की हुँ भन्नु यिनीहरूलाई आत्माका धर्म मान्नु सार्की आदि हुनु हो, म फलानु हुँ भन्ने अभिमान नहुनु त्यो ज्ञानी हुनु हो ?

पाठक ? विवेक, वैराग्य, छैन भने ज्ञानी पनि शोभा पाउँदैन । यसै विषयमा यौटा दृष्टान्त तिमीलाई सुनाउँछु । उत्तराखण्डमा यौटा धर्मात्मा राजा रातको समयमा भेष बदलेर आफ्ना सहरमा सधैं नै घुम्दथे । जसलाई यो दुःखी रहेछ गरीब रहेछ भनेर जान्दथे, धन दिएर त्यसको दुःख हटाई दिन्थे । एक दिन रात्रिको समयमा अंध्यारा गल्लिमा राजापुगे, अंध्यारामा उभिएर यौटा गरिब घरपतिको कुरा सुन्नलागे । त्यो घरवाला अति गरिब थियो, दिनै पिछे गरेको बनिले आफ्नु पेट पालन गर्थ्यो, उस दिन काहिं काम गर्न पाएनछ र परस्परमा स्त्रीका साथ आफ्नु दुःखको कुरा गरिरहेको थियो, राजाले उसको घरभित्र तिर यसो हेरेको ता घरवालाले चोर पो उभिरहेको रहेछ भन्ने संझेर राजालाई समायो; पीटन लाग्यो, चोर आयो चोर आयो भनेर करायो त्यो आवाज सुनेर यता उताबाट २।४ जना वत्ति लिएर आए । जब उज्यालामा हेर्छन् ता राजा पो रहेछन् । अनि आफ्नु भूल माफ मागे । राजा आफ्ना घर गए, हे चित्तवृत्ति ! हुनता ति राजानै थिए त्यही हो ता पनि राजचिन्ह छाता चमर तिनका साथमा नहुनाले चोर भनेर कुटाई खाए । छाता चमर विना राजा भन्ने जस्तो जानिदैन त्यस्तै नै छाता चमर राजचिन्ह जस्ता विवेक वैराग्य ज्ञानवान्का चिन्ह हुन् । यीविना ज्ञानी शोभा पाउँदैन, दुर्जनका दुष्ट वचन द्वारा कुटाइ खान्छः यसकारण ज्ञानीले पनि वैराग्य भएर बस्नु पर्छ ।

यौटा अर्को वैराग्यवान् राजाको कथा सुनः—यौटा राजा बडा धर्मात्मा थिये, सत्संग गर्न साह्रै मन गर्दथे, धेरै कालसम्म राज्य गरे । एक दिन राज्यको व्यवस्था संझेर साह्रै दुःखमाने । किन भने राज्यको प्रबन्ध गर्दा अनेक प्रकारका शान्ति, अशान्ति, दुख सुख चित्तविक्षेप, सधैं नै भैरहन्छ अत एव जन्मान्तरको सत्कर्म परिपाक भयो, राजालाई वैराग्य प्राप्त भयो । अब पुत्रलाई राज्यको सिंहासन दिएर आफु तपस्या गर्न लागे, तिनका त्यागको सबैतिर चर्चा फैलियो । तिनै राजाका राज्यको नजिकै अर्को दोस्रो राजाको राज्य थियो, उनीले फलानु राजा संग भेट गर्न इच्छा भयो र शिकार खेलने निहुँले वनमा गएर तिनीलाई खोज्न लागे । खोजदै यौटा वृक्ष मुनी पुगेर वसे, त्याहीं त्यागी राजालाई देखेर दण्डवत्प्रणाम गरे, नजीकै वसेर क्षेम कुशल सोधे, अनि पछिबाट सत्संगका कुरा भए, क्यै वेर बसेर राजा जब फर्कन लागे त्यो बेला भने, भगवान् ? मेरो यौटा प्रार्थना छ, के भने भोली सवेरै मेरा घरमा आएर भोजन गरिदिनु होस यो मेरो इच्छा पूर्ण गरिदिनु होस । यो सुनेर त्यागी राजाले भने, हुन्छ सवेरै

भोलि तपाईंको घरमा आएर भोजन गरौला, राजा फर्केर आफ्ना घर आए। भोली पल्ट विहानै राजाले आफ्ना नोकरलाई बाटामा राखेर भने, जुन वेला महात्मा आउनु हुन्छ त्यैवेला मलाई खवर गर्नु, जब जङ्गलबाट वस्तिमा निस्के उनीलाई टाढैबाट आउदै देखेर राजाका नोकरले महात्मा आउदै हुनुहुन्छ भनेर खवर गरे। राजा उनीलाई आदर गर्न गए आदर पूर्वक ल्याएर आफ्ना सिंहासनमा राखे। थोरै वेर पछि राजाले मन्त्री संग, महात्मालाई लगेर मेरो सम्पत्ति सबै देखाइ देओ भने। मन्त्रीले महात्मालाई लगेर जति उत्तम उत्तम राजाका घोडा हाति अरू जुहार हिरा आदि सबै पदार्थ जो जो थे देखाएर ल्याए। राजाले मन्त्रीलाई सोधे, महात्माले सबै पदार्थ देखेर के भन्नु भो त ! मन्त्रीले भने क्यै भन्नु भएन, यसैवेला राजाको भोजन तयार भयो। महात्मालाई लिएर राजा भित्र जानु भयो। यौटा आसनमा महात्मालाई राखेर यौटा आसनमा आफु वस्नु भो। रानीले दुइटा थालमा भोजन पस्केर दुवैका अगाडि राखिदिइन्; एक एक थालमा ४।४ ओटा वाजुराका पिठाको रोटी र वेथुका सागको तर्कारी थियो। महात्मा भोजन देखेर हाँसे। हाँसेको देखेर राजाले भने, तपाईं मेरा हाति घोड़ा आदि यावत् पदार्थ देखेर हाँस्नु भएन ऐले यो भोजन देखेर किन हाँस्नै हुनुहुँन्छ। हेर्नु होस, कन्जूष भएर यस्तो मोटो खस्रो भोजन खाएको हुँइन, मोटा भोजन खानुको मतलब के भने, म राज्यको सम्पत्ति १ पैसा पनि लिन्न, त्यसमा मेरो स्वत्व छैन, त्यो सारा प्रजाको धन हो, राज्यका अंशलाई म राम्रो संझन्न। यो जुन हाम्रा घर पछाडी ५।६ विगाहा जति जमिन छ, त्यसमा रावो र म भएर खेती लाउँछौ उसमा जो उब्जन्छ त्यै खान्छौं, परिश्रमले पसिना चुहाएर प्राप्त भएको सम्पत्ति शुद्ध हुन्छ त्यो, खाए पछि बुद्धिको मैला हट्छ। सत्य बोल्नु शुद्ध अन्न खानु नित्य स्नान, दान, आदि शुभ कर्म गर्नु यी बुद्धि शुद्ध गर्ने हुन्, विना परिश्रमको र नीच जातिको अन्न अशुद्ध हुन्छ। यो भोजन आफ्नु परिश्रमले गरेकोले मोटो भयो, दूद, दहि, लड्डु आदि मिष्ठान्न किन्ने मेरो परिश्रमको धन छैन। महात्माले भने, तपाईं धन्य हुनुहुन्छ, तपाईको वैराग्य पनि धन्य हो। एक किसिमका मानिस यस्ता पनि हुन्छन् मेरै जस्तो राज्य छोडेर फकीर वैरागी हुन्छन् तर तिनीहरूको वैरागीको धर्म हुन्न, कोई तपाइं जस्ता छन्। अमीर भएर पनि फकीरको व्यवहार गर्छन्। धनि भएर गरीबको व्यवहार गर्नु बडो शूर धीर पुरूषको काम हो। यै देखेर म हाँसेको भनेर महात्माले भने। वैराग्यवान् घरैं वसि वसि मुक्त हुन्छ, वनमा वसेर पनि मुक्त हुँदैन।

हे चित्तवृत्ति। हातमा नपरेको पदार्थ, मलाई चाहिन्न भनेर त्याग गर्ने [illegible] त्यागी कसैले भन्दैन। त्यागी त्यो हुन्छ जसले आफ्ना हातमा

परेको वा आफ्नु स्वत्व (मेरो) भएको पदार्थ त्याग्छ त्यो त्यागी हो, यस्तो त्यागी सन्सारमा पायिन्छ, किन्तु तीव्र (ठूलो) वैराग्य न भै सच्चा त्याग हुन सक्तैन। अब म तिमिलाई सच्चा त्यागीको कथा सुनाउँछु सुनः—यौटा राजा वर्षेनी जन्माष्टमीमा एक हज्जार ब्राह्मणहरूलाई भोजन गराउथे। एक दिन जन्मष्टामीको व्रत गर्ने विचार गरेर ब्राह्मणहरूलाई निम्ता पठाए। यता जन्माष्टमीको व्रत गरे विहान नवमीका दिन भोजन तयार भयो, टाढाबाट भोजन गर्नका लागि ब्राह्मणहरू उपस्थित हुन लागे। दैवयोगले यौटा तपस्वी ब्राह्मण पनि कतैबाट आएर निक्ले, राजा जब सबै ब्राह्मणको मेलै संग पाउ धुदै तपस्वी ब्राह्मण भएका ठाउँमा पुगेर तिनीका पाउ धून लागे। यसो हेर्छन् पाउ भरी माटैमाटो छ कुर्कुचा पट पट चिरिएका छन् यस्तो देखेर अनि राजाले भने, महाराजा ? तपाईंका पाउता ज्यादै खस्रा रहेछन्। राजाको कुरा सुनेर तपस्वी ब्राह्मण बोले, राजन् ? तपाईंले कहिल्यै पनि ब्राह्मणको पाउ धोएको छैन लोभी पुरोहितको पाउ छुदै हुनुहुन्छ। यसैकारणले तपाईंलाई ब्राह्मका पाउको ज्ञान छैन अर्थात् परीक्षा छैन। ब्राह्मणको यो कुरा सुनेर राजा चूपलागे। राजाले सवैको पाउ धोइसकेर आसन विच्छयाई दिए। सबै भोजन गर्न लागे। त्यहाँको चलन यस्तो थियो कि जब ब्राह्मण भोजन गर्छन् अनि भोजन गराउने पुरुष गएर भन्थे १।१ लड्डू अरू लिनु होस १ लडडूको चार आना मिल्छ २।२ खानु भयो भने आ आठ आना मिल्छ, ३ लड्डूको वार आना मिल्छ भन्दै लडडू हातमा लिएर हिड्थे जसले जति खायो त्यै वमोजिम पैसा दिन्थे! ब्राह्मण पनि चलाक थिये पैसाका लोभले थप लड्डू खाने ठाउँ पेटमा राखेर मात्र खान्थे। यो तपस्वीले भने एकैबाजी तृप्त हुने गरि भोजन गरे र आचमन गरि उसै ठाउँमा वसिरहे। अब राजा पैसा वोकेर ब्राह्मणका पङ्क्तिमा पसेर भन्नथाले। हेरनु होस १ लड्डूको चारआना मिल्छ अर्थात् १ लड्डू वढी जो खान्छ चार आना वढी दक्षिणा पाउँछ, क्रमश भन्दै गए, खानेलाई दिदै पनि गए र तपस्वी पटी राजाले दृष्टि दिए तपस्वी चूप लागेर वसिरहेका थिए। राजाले तपस्वी सँग भने महाराजा! सबै ब्राह्मण भोजन गर्छन् तंपाई किन गर्नु हुन्न! बाह्मले भने, राजन् ? म ता एकै पटक भोंजन गर्छु भोजन गरेर आचमन पनि गरे अब भोजन गर्दिन। राजाले भने यदि तपाइं एक लड्डू खानु हुन्छ भने ५ रूपया दिन्छु ब्राह्मणले मानेनन् अनि राजाले १० रुपया बोले तैं पनि मानेनन्, राजा वढन लागे बढदै बढदै १ लड्डू खानु भो भने हज्जार रुपया दक्षिणा दिन्छु भने। अब ब्राह्मणले भने, यदि तपाइं लाख रुपया पनि दिनु हुनेछ ता पनि म आफ्नु धर्म छोडने छैन, अर्थात् आचमन गरिसके पछि अर्को पटक लड्डू खाने छैन। तब राजाले भने, हेर्नु होस यस्तो

दाता मिल्ने छैन, जो एक लड्डूको बदला १ हज्जार रुपयाँ दिन्छ। ब्राह्मणले हाँसेर भने मलाई तपाइँ जस्ता दाता घेरै मिले, मिल्ने पनि छन् परन्तु तपाईंलाई पनि म जस्तो त्यागी ब्राह्मण मिल्ने छैन। राजा चूप लागे। तपस्वी हात धोएर हिंडे। तिनीलाई राख्न राजाले कति जोड गरे तर ब्राह्मण वसेनन्। हे चित्तवृत्ति ? अघिका समयमा यस्ता यस्ता वैरागी त्यागी ब्राह्मण हुन्थे, उन्ही-हरूको ब्रह्मतेज चमकिन्थ्यो, उनीहरूको वरदान-शराप लाग्दथ्यो, तिनैलाई ज्ञानी भन्थे, अब ता ब्राह्मणहरूमा शास्त्रोक्त आचार नष्ट भयो इन्द्रियका वश परेर अशुद्ध खान थाले स्नान सन्ध्या पाठ पूजा सबै छोडे अनि ब्रह्मतेज नष्ट भयो वरदान शराप पनि लाग्न छोडयो। पूरा वैरागीमा मात्र यत्रो बडो त्याग रहन सक्छ।

सच्चा त्यागीको कथा तिमीलाई सुनाइ दिये, अब झुट्ठा त्यागीको कथा पनि तिमीलाई सुनाउँछु सुन। यौटा सहरमा बाहिर पटि एक बाबाजी कुटी बनाएर वस्न लागे। २।३ ओटा तिनका शिष्य पनि थिये। चेला पनि गुरूको सेवा गर्न गुरूकै साथ वसिरहन्थे। चेलाहरूले 'बाबाजी' सिद्ध हुनुहुन्छ बडे त्यागी हुनुहुन्छ भनेर सबैतिर प्रचार गरिदिए। लोकमा बाबाजीका झूटा झूटा सिद्धिहरू फैलाएर मानिसहरूलाई फसाउन लागे। जोसुकै बाबाको दर्शन गर्न आउदा भेटी चढाउँछन्, चेला (शिष्य) हरू भेटी चढाउनेलाई भन्छन्, नचढाओ बाबा त्यागी हुनुहुन्छ द्रव्य लिनुहुन्न छुनुहुन्न, अब बाबाजीको त्यागको चर्चा सहरभरि फैलियो। ग्राहक छैनन् भने ता दूकान चल्दैन पनि। त्यस नगरमा यौटा धनी बनियाँ थिए। परन्तु कृपणिहरूका मध्येमा ति अव्वल कृपणि थिए। कृपणिको गणनामा प्रथम तिनैको नाम आउँथ्यो। कहिल्यै कुनै गरीबलाई तिनीले १ रुपयाँ दिएको थिएन। ती बनियाँले जब बाबाजीको त्यागको महिमा सुने तब ता तिनीले विचार गरे। म पनि गएर बाबाजीका अगाडी १ हज्जार रुपयाँको थैली राखि दिन्छु, बाबाजि ता लिनुहुन्न, परन्तु उदार भन्ने मेरो पनि नाम हुनेछ यो विचार गरेर बनियाँ १ हज्जार रुपयाँको थैली बोकेर बाबाजीका पासमा गए दण्डवत् प्रणाम गरेर थैली अगाडी राखिदिए बाबाजीले पनि चेलालाई त्यो थैली कुटी भित्र राख्न इसारा दिए, चेलाले थैली उठाएर भित्र कुटीमा राखे। अब बनियाँको होस विग्र्यो मन मनै भन्न लागे, यिता द्रव्य लिदैन थे, ऐले के भयो मेरो विचार अर्कै थियो यहाँ ता अर्कै अर्कै भयो। फेरि मनैमा भन्न लागे, बाबाजी म सँग हँसि गर्नुहुन्छ होला शायद क्यै वेरमा दिनु होला २।४ घडी बीत्यो बाबाजीले थैली वापस गरेनन् अनि भने बनियाँका मनमा कुरो अडिएन मुख फोरे, महाराजा तपाइँ ता रुपयाँ लिनु हुन्न भन्ने मैले सुनेको थियो, त्यो कुरा ता झूटो निक्ल्यो, किन भने ऐले तपाइँले द्रव्य लिनु भयो। बाबाजीले भने, भाई

चान चून वाद १।२।४।१० द्रव्य म लिन्न, आज सम्म कसैले पनि मेरा अगाडी हज्जार रुपयाँको थैली राखेको थिएन, यदि कोई राखथ्यो र म लिन्नथे भने तब पो म झूटो हुन्थे, कसैले १ हजार राखेकै थिएन अनि के लिनु । आज तपाइँले प्रेम राखनाकानिमित्त ग्रहण गरे। कुनै शुभ कर्ममा यसलाई लगाइ दिन्छु अब तपाइँ पछुताउ नगर्नु होस, गर्नु भो भने तपाईको पुण्य निष्फल हुने छ। वनियाँ टाउको ठोकेर हिंडे यता बाबाजीको मतल पूरा भयो बाबा पनि चले । यस्तो पाखण्डी काम गरेर जो घन लिन्छ त्यो झूटो त्यागी हो वैरागी पनि होइन ।

पाठक ? अब म तिमीलाई वन्ध्यज्ञानीको इतिहास सुनाउँछु ।

पञ्जाब देशको कुनै गाउँमा यौटा निर्मल सन्त वस्तथे विहान विहान सधैं वेदान्तको कथा भन्दथे । धेरै मानिसहरू तिनीको कथा सुन्न आउँथे । त्यो पञ्जाबमा निर्मल सन्तलाई भाइजो भन्ने चलन थियो उनका नामको आदिमा भाईजी शब्द जोडेर बोलाउथे । ति भाइजी दोस्रो प्रहरमा स्त्रीहरूलाई पढाउथे । सबै मानिसहरू तिनीलाई ज्ञानो छन् भन्ने जान्दथे । एक दिन दोस्रा प्रहरको समयमा यौटी तरुणी स्त्रीलाई सन्या दी रहेका थिए अर्थात् पढाइ रहेका थिए । ती तरूणीको सौन्दर्य देखेर तिनको मन चञ्चल भयो । काम देव बडो बलवान् हुन्छ । तिनीले विस्तारै युवतीका छातिमा हात पुऱ्याए । पछि हरेर युवतीले भनिन् धिक्कार धिक्कार ? तपाई के गर्न लाग्नु भो, ऐले नै तपाईले विचार सागर भन्ने ग्रन्थमा स्त्रीको स्पर्श गर्दा भारी पाप हुन्छ भनेर पढाउनु भयो । भाइजी । यो ग्रन्थमा कति बढी स्त्रीको निन्दा लेखेको छ, स्त्रीसँग गर्दा अनेक प्रकारको दोष हुन्छ भनेर देखाएको छ । के तपाईले त्यो सबै भुल्नु भयो ? युवतीको कुरा यस्तो सुनेर महात्मा भाइजी भन्न लागे, मता तिम्रो परीक्षा गर्दै थिएँ, जब तक देहमा, अध्यासवनो रहन्छ तब तक ज्ञान हुँदैन । अध्यास भनेको, अतस्मिन् तद्बुद्धि अध्यासः । त्यो न भएकामा त्यो संझनु हो, जस्तै ठूलो सानु कालो गोरो राजा मन्त्री ब्राह्मण, क्षत्रि, जाति यी स्थूल शरीरका धर्म र सुख दुःख हर्ष विषाद शान्त, अशान्त इत्यादि मनका धर्म हुन् यो धर्म नभएका आत्मामा शरीर र मनका धर्म अध्यास गरेर म ब्राह्मण हूँ वैश्य हूँ सुखी वा दुखी छु इत्यादि भन्नु वा संझनु ज्ञान होइन अज्ञान हो म यस कुराको परीक्षा गरिरहेको थिएँ । यो स्त्री शरीरमा म स्त्री हुँ भन्ने तिम्रो अध्यास छ वा छैन भन्ने यो कुरा मलाई थाहा भयो । यो विनाशी शरीरको धर्म आत्मामा आरोप गरेर स्त्री पुरुष कुनै उपाधि न भएकामा म स्त्री हूँ भन्ने अध्यास तिम्रो शरीरमा भैरहेछ, तिमीलाई ऐले पक्का ज्ञान भएको छैन । युवतीले भनिन्, तिम्रो पनि ता शरीरमा म भन्ने अध्यास छुटेका छैन । छुटेको भए मलाई किन हातलाउँथ्यो । कामातुर भएर

मलाई हात लगायौ ऐलै कुरा सपार्न खोज्दैछौ । तिमी सन्त ह्वैनौ कुसन्त हौ । यसो भनेर युवती आफ्ना घर गइन् । भाइजीले पनि लाजले त्यो गाउँ छोडेर टाप दिए । हे चित्तवृत्ति ? यस्तै पुरुषहरू बन्ध्यज्ञानी कहिन्छन् ।।

आत्मपुराण सातौं अध्यायमा

स्मरणाज्जायते कामो बधूनां धैर्य नाशनः ॥
दर्शनाद्वचनात्स्पर्शात्किस्मादेषनसंभवेत् ॥ १ ॥

स्त्रीको स्मरण गर्नालिनै धैर्य नाश गर्ने दुष्ट काम देव पैदा हुन्छ भने दर्शन गर्दा भाषण गर्दा स्पर्श गर्दा कसरी पैदा हुँदैन अवश्य हुन्छ ।

आत्मनः श्रेयमन्विच्छंश्चतुर्थाश्रममागतः ।
न कुर्याद्योषितां संगं मनसा वपुषेन्द्रियैः ॥ २ ॥

जो आफ्नु कल्याण चाहने सन्यासाश्रममा वसेको छ त्यो मनले शरीरले इन्द्रियहरूले स्त्रीहरूको सँग न गरोस । स्त्रीका सँगले संन्यास आश्रमबाट पतित हुन्छ ।

विलीयते घृतं यद्वदग्नेः संसर्गतस्तथा ।
नारी-संसर्गतः पुंसो धैर्यं नश्यति सर्वथा ॥ ३ ॥

जस्तै अग्निका संसर्गले घिउ विलाउँछ त्यस्तै स्त्रीका संसर्गले पुरुषको धैर्य सबै प्रकारले नाश हुन्छ ।

एक एव प्रतीकारो नारीसर्पविषं भुवि ।
आसां च स्मरणं तद्वद्दर्शनादेश्च वर्जनम् ॥ ४ ॥

पृथिवीमा स्त्रीरूपी विष हटाउन यौटा उपाय यो हो । स्त्रीहरूको रूप न संझनु तिनीहरूलाई न हेर्नु आदि क्यै नगर्नु ।

बासना यत्र यस्य स्यात्स तं स्वप्नेषु पश्यति ।
स्वप्नवन्मरणे ज्ञेयं वासनातो वपुर्नृणाम् ॥ ५ ॥

जसको जसमा वासना रहन्छ त्यो त्यसलाई स्वप्नामा देख्छ स्वप्न जस्तै मरणमा पनि जान्नु । मृत्युको समयमा जस्तो वासना जसमा रहन्छ त्यस्तै त्यै योनिमा त्यै रूपको भएर जन्मन्छ र अन्त्य सपार्नु पर्छ ।

कामीवां कामिनीनांच सङ्गात्कामी भवेत्पुमान् ।
देहान्तरे ततः क्रोधी लोभी मोही च जायते ॥ ६ ॥

कामी पुरुष कामिनी स्त्रीको संगले पुरुष पनि कामी हुन्छ । अर्का जन्ममा पनि क्रोधि लोभी मोही हुन्छ ।

काम क्रोधादि संसर्गादशुद्धं जायते मनः ।
अशुद्धे मनसि ब्रह्मज्ञानं तच्च विनश्यति ॥ ७ ॥

काम, क्रोध आदिका संसर्गले मन अशुद्ध हुन्छ । अशुद्ध मनमा उपदेश गरेको ब्रह्मज्ञान पनि नष्ट हुन्छ ।

कामक्रोधादि संसक्तो ब्रह्मज्ञान विवर्जित ।
मार्गद्वयपरिभ्रष्ट स्तृतीयं मार्गमाव्रजेत् ॥ ८ ॥

जो पुरुष काम क्रोध आदिमा आसक्त छ ब्रह्मज्ञान न भएको ज्ञान, उपासनाबाट भ्रष्ट भएको छ, त्यो तेस्रो बाटो अर्थात् कीटादि योनिमा जान्छ ।

तृतीयेऽध्वनि संप्राप्तः पुण्यविद्या विवर्जितः ।
कीटादि देहभाजी सन्नरकाच्च न निःसरेत् ।

तेस्रो बाटोमा अर्थात् कीटादि योनिमा जन्मेको पुरुष पुण्यविद्याले हीन हुन्छ । फेरि कीटादि योनिमा जान्छ नरकबाट कहिल्यै निक्लँदैन ।

श्रेयस्कामस्ततो नित्यं चतुर्थाश्रममागतः ।
कामीनां कामिनीनांच सङ्गं सर्वात्मना त्यजेत् ॥ १० ॥

चौथो सन्यासाश्रममा प्राप्त भएको कल्याणको चाहा गर्ने पुरुष, कामी पुरुष र कामिनी स्त्रीको सङ्गति हर तरहले छोडोस ।

बुध्वाऽद्वैतस्य तत्वस्य यथेष्टाचरणं यदि ।
शुनां तत्वदृशां चैवं को भेदोऽशुचिभक्षणे ॥ ११ ॥

जसले अद्वैत तत्व जान्यो अर्थात् ब्रह्म चिन्ह्यो जानेर चिन्हेर पनि मासु, मदिरा, परस्त्रीको सङ्ग, आदि कुकर्म गर्छ भने, अशुद्ध पदार्थ खानमा त्यसको र कुक्कुरको के भेद भयो क्यै भएन । किन भने कुक्कुर वमन गर्छ त्यै खान्छ । पुरुष प्रथम विषय त्यागेर फेरि विषय ग्रहण गर्छ भने त्यो कुक्कुरै हो । हे चित्तवृत्ति । वन्ध्यज्ञानी जे मन लाग्यो त्यै गर्छ सच्चा ज्ञानी गर्दैन ।

यौटा बनावटी अवधूतको कथा सुनः—यौटा गाउँको नजीकै जङ्गलमा एक अवधूत महात्मा वस्तथे । लङौटी पनि साथमा राख्दैनथे आफ्ना हातले भोजन पनि गर्दैनथे । यदि कसैले मुखमा हालिदियो भने खान्थे, जहाँ ताहाँ झाडा पीसाब गरिदिन्थे । उनीलाई मानिसहरू विदेही भन्दथे । एक दिन राजाकी रानी थाल भरि लड्डू-पेडा लिएर तिनको दर्शन गर्न गइन् । नजीकै गएर वसिन् । थोरै वेरमा ती अवधूत रानीका काखमा आएर वसे । रानी आफ्ना हातले तिनका मुखमा पेडा खुवाउन लागिन् । उ खान लागे, २।३ गाँस रानीले खुवाएको थियो,

यसै वेला रानीका काखमा ति अवधूतले टट्टी गरि दिये। रानीले पनि यौटा पेडमा उसैको टट्टी लगाएर खुवाउन मुखमा जब लगिन् तब ति अवधूतले मुख वङ्गयाए। रानीले पनि काखबाट पछारिन् माथिबाट २।३ लात्ती मारिन् र भनिन्। ए ठग? रानीको काख पाखाना ह्वैन भन्ने तलाई होस छैन टट्टी दलेको पेडा खानु हुन्न भन्ने चाई होस छ? पाखण्डी? यति भनेर नोकर बोलाइन, यो पाखण्डीलाई हाम्रो देशबाट निकालिदेओ भनेर हुकुम दियिन् र स्नान गरेर घर आइन्। यस्तो यस्तो पाखण्डी गर्ने बन्ध्यज्ञानी हुन्। यस्तै अर्को कथा सुन—

'लैली' मजनून भन्ने दुइटा केटी र केटो थिए। लैली भन्ने वादसाहकी छोरी हुन् मजनू भन्ने कोई यौटा तसवीर खिच्ने कालगडीका छोरा थिए। मजनूका पिता वादसाहका दरवारमा काम गर्न जान्थे। मजनू पनि सानैमा बाबु संग बादशाहका महलमा जान लागे। एक दिन लैलीलाई मजनूले देखे, लैलीको पनि उमेर सानै थियो। मजनूको मन लैलीमा लाग्यो, लैलीका वाबुले लैलीलाई विद्यालयमा पढनका निमित्त राखे। मजनू पनि पढने निहुँले वाँहि गएर बसे। पढन वसेका ठाउँमा मजनू र लैलीको परस्पर नित्य बातचित हुदा प्रेम वृद्धि हुदै गयो। दुवैको आपसमा यस्तो प्रेम वढ्यो कि यौटाले अर्कालाई आपसमा न देखे आनन्द हुदैनथ्यो। थोरै दिनमा तिनको परस्परको प्रेमको वार्ता सहरमा फैलियो वादशाहले पनि पत्ता पाउनु भयो। तब बादशाहले लैलीलाई पढ्न जानै वन्द गरिदिए। अब लैली आफ्ना घरबाट बाहिर आउनै पाउदिन, लैलीलाई हेर्न मजनूको पनि बन्द भो। अब मजनू वैरागी भए र वनमा गएर बस्न लागे। क्वै दिन पछि बादशाहका मनमा विवेक आयो, खान पीन नपाएर मजनूलाई दुःख भयो होला उसका निमित्त खान पीनको केई बन्दोवस्त मिलाई दिनु पर्‍यो भनेर बादशाहले मन्त्रीलाई भने। मजनू जो कोईको दूकानबाट जो कोई चीज झिकुन् उनीको हात नरोक्नु त्यो मजनूले लगेका चीजको दाम बादशाहबाट मिल्ने छ भन्ने गर्नु। मन्त्रीले त्यै वमोजीम नोटिस वाडिदिए। यो कुरा सुनेर दश, वीश, जना साधुले आफ्नु कपड़ा राखेर तंदुरुस्त मजनू बनेर मानिसहरूका दूकानबाट खाने पीने चीजहरू झिकन लागे। कसैले तिमी को हौ भनेर सोध्यो भने मजनू हूं भन्छ दोकानदारहरू मजनूको नाम सुनेर क्यै भन्दैन थे चूपै रहन्थे। अब विस्तारै विस्तारै मजनू बढन लागे ४।५ सौ मजनू बनिए। सैकडौं रूपयाँ नित्य दूकानदारहरूलाई मन्त्रीले दिनु पर्‍यो अनि मन्त्रीले बादशाह संग भने महाराज? मजनू ता थुप्रो जम्मा भए यिनीहरूको खर्चमा ढोकुटी रित्तिदै गयो अब कोई उपाय गर्नु पर्‍यो। यो कुरा मन्त्रीको सुनेर बादशाहले लैली सँग सोधे लैली? तिम्रो प्रेमि मजनू यौटा छकि धेरै छन्। लैलीले भनिन् ती यौटै

छन् घेरै छैनन् । बादशाहले भने तिनीलाई कसरि चिन्ने त ? लैलीले भनिन् पिताजी ? आफ्ना घरका आगनमा यौटा फलामको खम्बा गाड्नुहोस त्यसका टुप्पामा यौटा चौकी या कुर्ची बाधेर राखनुहोस । त्यस माथि मलाई राखनु खम्बाका ओरिपरि घेरा लगाएर आगाको भुङ्ग्रो चारैतिर राख्नु अर्थात विच्छयाउनु र अनि सहरमा सबै मजनू आउनु भन्ने हुकुम, दिनु । लैलीले मजनूहरूलाई चिन्ने को छ, जो मजनू आएर त्यो आगो देखेर भाग्छ, त्यसलाई पक्रेर कैद गर्नु, जो सच्चा मजनू आउँछ त्यो भाग्दैन । छोरीले भने वमोजिम बादशाहले गरे । अब जो मजनू आगनमा भित्र आउछ र लैली काहाँ छन भनेर सोद्धछ उसलाई बादशाहमाथि बसे कि छन् भनेर देखाइ दिन्छन् त्यो फर्केर भाग्यो त्यसलाई पक्रेर कैद गरे । यस्तै हिसाबले बनावटी जति मजनू छन् ति सबै पक्राउ परेर कैद गरिये । यै मौकामा गएर कसैले जङ्गलमा सच्चा मजनूलाई भन्यो, तिमीलाई लैली खोजिरहेकि छन् । त्यो सुन्नासाथ मजनू हिडे, घर भित्र आँगनमा पुगेर लैली कहाँ छन् भनेर सोधे, त्यहाँका मानिसहरूले अल्गा फलामका खम्बामा बसिरहेकि लैलीलाइ देखाइ दिए । जब मजनूले खम्बा माथि चौपटमा बसि रहेकि लैलीलाई आफ्ना आँखाले देखे तल चारौतर्फ फिजाएका आगाका फिलुङ्गामा दृष्टि परेन् माथि हेरेको हेर्‍यै लैली लैली भन्दै अगाडी बढे । आगो आगो माथिनै कुद्दै गए परन्तु आगाले उनीको पाउ पोलेन । किन भने उनीको मन आफ्ना शरीरमा थिएन । त्यो त लैलीका साथमा गयेको थियो । आगाको ज्ञान किन हुन्थ्यो, यसैले मजनूलाई आगाको ज्ञान पनि भएन, जब चौपटका नजीकै पुगी अनि मजनूले दुवै हात उभो उठाए माथिबाट लैलीले मजनूका दुवैहातमा पक्रेर तानिन् र चौपटमा राखिन् अनि पिता सँग भनिन् पिताजी ? मेरा प्यारा सच्चा मजनू यिनै हुन् । बादशाहले आफनी प्यारी छोरी मजनूलाई दिये, अरू बनावटी सबै मजनूहरूलाई कैद गरे । यो दृष्टान्त हो । दार्ष्टान्तमा, जो सच्चा ज्ञानी छ त्यो हजारौं लाखौंमा यौटा मात्र छ । जो बनावटी छ त्यो ज्ञानी वनेर मजनूहरू जस्तै लुट पीट गरेर खाई रहेकाछन् । ति सबै वैराग्यहीन वन्ध्य ज्ञानी कहिन्छन् ।

यस्तै अर्को उदाहरण—

यौटा गाउँमा घेरै कपडा बुन्ने (जुलाहा) बस्तथे, त्यहाँदेखि निकै टाढा क्षत्रीहरूको यौटागाउँ थियो । एक दिन कपड़ा बुन्नेहरूले सल्लाह गरे, लौ जाउँ क्षत्रीहरूको धन माल लुटेर ल्याउँ, रात्रीका समयमा तिनीहरू सबै मिलेर क्षत्रिहरूको गाँउ लूटन लागे क्षत्रीहरू पनि बडे शूर वीर थिये अस्त्र शस्त्र लिएर कपडा बुन्नेलाई मार्न दौडे, तिनिहरू भागे । जब भागदै भागदै क्यै टाडा पुगे पछि यौटाले भन्यो भागेर ता जान्छौ मार मार पनि ता भन्दै जाओ, यो सुनेर

कपडा बुन्ने, भागदै पनि गए मार मार भन्दै पनि गये । यो दृष्टान्त हो दार्ष्टान्तमा जो बन्ध्य ज्ञानी छन् विवेक वैराग्य रूपी साधन लिएर भागन ता भागदछन तर साधन तिनका साथमा हुन सक्तैन तैपनि तिनीहरू मुखले अज्ञानी देहात्मवादी-हरूलाई मार मार भन्दै जान्छन । अर्थात् ज्ञानी भनेर हिडछन् । यसै विषयमा एक अर्को दृष्टान्त सुनाउछु । यौटा सहरमा एक बनियाँ बडा धनी थिए । तिनको गोठालो गाई भैंसी लिएर सधैंनै जङ्गलमा चराउन जान्थ्यो । एक दिन त्यो गोठालो गाई भैंसो चराइरहेको थियो यसै वेला यौटा सिंह जङ्गलबाट निक्ल्यो र यौटा भैंसीलाई लिएर गयो । गोठालो घर गएर रातमा बनियाँलाई, बाघले आज यौटा भैंसो लग्यो भनेर बतायो । बनियाँले गैदारलाई बोलाएर भने, गैदार ? हेर हेर सिंहलाई दिनुपर्ने केई हाम्रो खातामा छ छैन । गैदारले खाता हेरेर भने, सेठजी ? हाम्रो खातामा ता सिंहलाई दिनु पर्ने केई देखिदैन । वनियाँले भने त्यसो भए सिंहले हाम्रो भैंसी किन लग्यो ? भोली मं गोठालासंगै जङ्गलमा-जान्छु भैसो किन लग्यो सिंहलाई सोध्छु । अर्को दिन बनियाँ गोठाला संगै जङ्गल मा गएर यौटा रुख मुनि बसे रहे । जब दिनको तेस्रो प्रहर भयो अनि सिंह बनबाट निस्क्यो र भैसी भएतिर गयो । तब बनियाँले सिंह संग भने, सिंह ? मैले आफ्नु बहि खाता सबै हेरे तेरो मं संग केई पनि हिसाब निस्केन, फेरी तैंले मेरो भैसी किन लगिस् ? सेठको यो कुरा सुनेर सिंह गर्ज्यो । गर्जेर यौटा अर्को भैसी बोकेर भाग्यो । अब वनियाँलें भने, हिसाब खातामा हेर्दा मबाट तैंले पाउने क्यै देखिदैन । तं खाली गर्जना देखाएर मेरो भैंसी खान खोज्छस् । मेरो तेरा ऊपर केई जोर चल्दैन तं खा । यौ ता दृष्टान्त हो दार्ष्टान्तमा, जो बन्ध्य ज्ञानी छन् तिनी संग आत्म ज्ञान, आत्म ज्ञानको सुखको कोई हिसाब सोध्यो भने, उनीहरूका पासमा सोध्ने लाई दिनु पर्ने बाकी रहदैन । अर्थात् बताउन सक्तैनन् । केवल ज्ञानका बातको गर्जना देखाएर मानिसको धन लुटेर हिड्दछन् । यसैले तिनीहरू बन्ध्य ज्ञानी कहिन्छन । प्रत्येक पदार्थको ज्ञान कुनै प्रमाणबाट या कुनै लक्षणबाट हुन्छ । यी र कुरा न भै हुन सक्तैन । शास्त्रमा ति ज्ञानीहरूको जस्तो लक्षण लेखेको छ त्यस्तो लक्षण बन्ध्य ज्ञानीमा घट्तैन । जसको कुनै पदार्थमा, स्त्री पुत्र आदिमा राग, अथवा पञ्च भौतिक शरीरमा, मं, भन्ने र स्त्री पुत्र, घर, पशु, आदिमा मेरो भन्ने आसक्ति छैन । सन्यासाश्रममा बसेर महन्त बनेर मठलाई मेरो, चेला-हरु मेरा हुन भन्ने अभिमान छैन सबै प्राणीमा शत्रु मित्र भन्ने छैन, समानता छ कसैदेखि डराउँदैन, उसदेखि अरु पनि डराउदैनन, सुवर्ण र माटोमा समबुद्धि, उदासी तटस्थ रहन्छ यस्तो पुरुष ज्ञानी हो । यो कुरा जसमा घट्तैन ज्ञानको भने कुरा [illegible] बन्ध्य ज्ञानी त्यैं हो ।

अब तिमीलाई सच्चा निष्काम ज्ञानीको कथा सुनाउछु–सिन्धु नदीका किनारामा जुनठाउँमा डुगा वारि पारी यातायात गर्दछ। त्याहाँ एक क्षत्रिजातिका पुरुष दुकान गर्थे। उनका दुकानमा ४।५ रूपयाँको मात्र सौदाको पदार्थ रहन्थ्यो। दूकानका अगाडो यौटा पलङ विछयाईएको हुन्थ्यो। रूखको या वृक्षका छाया पलङमा परि रन्थ्यो। कोई साधु नदी पार जान्थे या वारी आउँथे। ति साधु हरूलाई ति क्षत्री पलङमा राखेर २ मुठी चना खुवाउथे, ठण्डा पानी आफना हातले पियाउँथे। पङ्खा हांकेर हवा खुवाउथे वयँ वेर पाउपनि दाब्दथे यस्तो क्षत्रीको नियम थियो। एक दिन रसायन औषधि जान्ने महात्मा साधु त्यहाँ आए। क्षत्रियले ति रसायनी महात्माको सेवा पनि उसै तरहले गरे जसरी अरूको गर्थे। महात्माले जब तिनका दूकान तर्फ दृष्टि दिए अनि महात्माका मनमा गरीब रहेछन भन्ने विचार आयो। किन भने दूकानमा केई सामाग्री महात्माले देखेनन। साधुले भने यिनलाई केई दिनु पर्‍यो। अब यौटा रसायनको विल निकालेर क्षत्रीलाई दिएर भने। यो बिल कुनै तासिमा राख तिम्रो काम यो बिलले गर्नेछ। अर्थात् यो बिल व्यर्थ जादैन। उनले बिल लिएर तासिमा राख महात्मा डुगामा बसेर पारी तरे। एक वर्ष पछि ति महात्मा फेरि त्यै बाटो आए र निक्ले। मनमा विचार गरे अबता उ बडा धनि भए होलान। किन भने मैले उनीलाई रसायनको बिल दिएको थियो, जब साधु क्षत्रीको दूकानका अगाडी पलङमा आएर बसे एसो दृष्टि दिन्छन्ता जस्तो पहिले देखेथे उनीको दूकान फेरि उस्तैनै देखे। अनि साधुले मनमा शोचे। मैले थिनीलाई बिल ता दिएँ परन्तु सुन वनाउने तजबीज सिकाएको थिएन यसैले यी गरीब नै रहे। महात्माले भने, बाबा पह्लार साल म यहाँ आएको थिएँ तपाइंले, मलाई चिन्हु भयो कि भएन। क्षत्रीयले भने, महाराज ! मैले चिन्हि न। किन भने यहाँ मेरा नित्यनै १०।५ साधु आउछन् यहाँ पारी वारी यातायातको वाटो हो यसैले तपाईंलाई मैले चिह्निन महात्माले भने मैले तपाईंलाई यौटा बिल दिएथे। तपाईंले त्यो विल तासि माथि राखेको थियो। क्षत्रीले हेरे विल उसै ठाउमा रहेछ, झिकेर महात्माका अगडी त्यो विल राखि दिए। माहात्माले भने, बाबा ? बाबा ? यसबाट सुन बन्दछ मैले तिमोलाई गरीब देखेर दिएको थियो -तिमी धनी होउ भन्ने थियो। मैले सुन बनाउने विधि तिमोलाई बताएको थिएन त्यसैले तिमोले यसबाट सुन ववाएनौ। क्षत्रीले भने महाराज ? अब तपाईं सुन बनाउने विधि वताइ दिनु होस। महात्माले भन्नुभो ताँबो ल्याउ माटाको यौटा मुख फराक भएको डिबिया अर्थात् सुन पगालेर लगाउने पात्र (कुठाली) बनाएर कोइला माथि राख्नु त्यस ताबो लगाएर नौसागर स्वाग त्याही लगाई दिनु, जब तावो पग्लन्छ अनि बिल बमोजिम

रत्ति दवाई त्यसमा छोड्नु सुन तयार हुन्छ। यति भनेर महात्माले फेरि भने लौ त ताँवो ल्याउ कोईला ल्याउ गलाउ अर्थात् पगाल त्यसमा दवाई लगाउ यति यत्न गर अनि सुन बन्छ। यो सुनेर क्षत्रीले भने तपाईंलाई सुनको आवश्यक छ ? महात्माले भने छ। अब क्षत्रीले आफ्नु लाठी उठाएर तौल गर्ने ढकलाई पीटन शुरू गरे, जुन ढकमा लाठीसे पीटेर ए फलामका पत्थर सुन हो भनेर क्षत्री भन्छन् त्यै पत्थर अथवा ढक सुन हुन्छ। यसै प्रकारले सबै ढक सुन भए। अनि क्षत्रीले महात्मा संग भने बाबा ? यदि तपाईंले सुन वनाउनका निमित्त शिर मुढाएर सन्यास लिनु भएको हो भने जति सुन चाहिन्छ त्यति लिनु होस। यो भेष तपाईंको सुन जम्मा गर्नका निमित्त ह्वैन सुन त्याग गर्नका निमित्त हो। आत्म ज्ञान अर्थात आफुलाई चिन्हका निमित्त हो, तपाईं आत्मज्ञानले शून्य भएर अनात्म, नाश हुने पदार्थमा सुख मानी रहेको हुनुहुन्छ। ऐलेसम्म भोगमा तपाईंको वासना हटेको छैन, यो सुनेर महात्माले क्षत्रियको पाउ पक्रे दुवैजना उहाँबाट हिड़े। हे चित्तवृत्ते ? सच्चा निष्काम ज्ञानी यस्ता हुन्छन्।

यौटा अर्को ज्ञानीको कथा तिमी सुन

काशी नगरमा वरणा नदीको संगम भएका ठाउँमा यौटा विरक्त महात्मा विद्वान वस्तथे। धारणामा पूर्ण थिए "अद्वितीय वस्तुनि अन्तरिन्द्रिय धारण धारणा" अद्वितीय ब्रह्ममा मन लगाउनु धारणा हो। त्यो धारणामा पूराथिए। वेदान्तको चिन्तना बाहेक दोस्रो चिन्तना गर्दैनथे। एक दिन तो महात्मा वरणाका किनारमा टट्टी गर्न जब गए तब पानी परेर वरणा नदीका किनाराको पैरो लडेको थियो, त्यो पैरामा मोहोर रूपया भरी भएको यौटा हण्डो उभिण्डो परेर लडीरहेको थियो। त्यसैका नजिक बसेर महात्माले मैला त्याग गरे, उभिन्डो परेर पल्टी रहेको हुन्डी देखे परन्तु हण्डी छोएनन्। स्नान गरेर आफ्ना आसनमा फर्केर आए। जब अलि कति दिन गयो अनि यता उतिबाट मानिसहरू यातातात गर्न थाले। ति मानिसहरूले त्यो मोहोरको हण्डी देखे, यै मौकामा यौटा दोटा गर्दै धेरै मानिस जम्मा भए। यो खबर हाकिमले पनि सुने, तो पनि त्यहाँ आए, त्यो सम्पत्ति हाकिमले नै लिए र त्यहाँ उपस्थितजनहरू संग सोधे। यहाँ आएर यो हण्डोका नजिकै कसले मैला त्याग गर्‍यो ? नजिकै हण्डोका मैला गर्न वस्यो हण्डी भने लगेन, यस्तो कुन मानिस सवेरै यहाँ आयो ? त्यहाँ जम्मा भएका मानिसले भने, यस ठाउँमा यौटा विरक्त महात्मा वस्नु हुन्छ, उहाँनै सवेरै आउनु हुन्छ उहाँनै आउनु भयो होला। जनको यो कुरा सुनेर महात्मा संग गएर हाकिमले सोधे, बाबाजी ? तपाईं जब मैला गर्न हण्डीका छेउमा वस्नु भएको थियो तपाईंले त्यो किन देख्नु भएन ? महात्माले भने हाँ मैले देखेथे। हाकिमले भने तपाईंले

किन लिनु भएन त ? महात्माले भने, मलाई त्यसको जरूरत थिएन, मेरो त्यो कामको घन ह्वैन। किन भने मता त्यसलाई उपाधि संझन्छु। यसैं कारणले मैले लियिन। हाकीम पनि महात्माको कुरा सुनेर प्रसन्न भए। फेरि एक दिन यौटा महाजन आएर उनीं संग भने, महाराज ? पंचकोश घुम्न हिड्नु होस, महात्माले मानेनन्। जब ज्यादै ढिपी गरे अनि महात्मा भन्न लागे। हेर्नु होस महाजन, समग्र साधुका निमित्त यौटा यौटा छाता एक एक जोर जुत्ता तयार पार्नु होस सबै साधुहरू छाता ओढेर जुत्ता लगाएर हिड्ने छन्। महाजन ? पंच कोश घुम्नमा जाँदा मानिसहरू छाता ओढेर जुत्ता लगाएर जांदैनन् महात्माले भन्नु भयो, जो अज्ञानी मूर्ख गर्छन् त्यो हामी गर्दैनौं। किन भने हामीलाई ता कुनै देवताको दर्शन गरेर कुनै तीर्थमा स्नान गरेर तिनीहरूबाट आफ्नु कल्याण चाहदैनौ। हामीहरू ता केवल आत्मज्ञानबाट नै मुक्ति हुन्छ भन्ने मान्दछौं। तिमी जाउ म ता पञ्च कोश जान्न। अब महाजन चले। हे वैन्हि ? जो सच्चा ज्ञानी छ ज्ञान पटि नलागेर, कर्म गर्दा देवताको दर्शन गर्दा पूजा गर्दा स्नान गर्दा तीर्थादि भ्रमण गर्दा मुक्ति हुन्छ भनेर तिनीहरूबाट मुक्ति चाँहदैन तेतातिर लाग्दैन। किन भने तीर्थरूप ता ज्ञानी आफै हो। ज्ञानीले तीर्थमानै मर्नु पर्छ भन्ने कुनै शास्त्रमा लेखेको छैन यसको विरुद्ध पो लेखेको छ। सुन,

नीरोग उपविष्टो वा रूग्णो वा विलुठन् भुवि ॥
मूर्च्छितो वा त्यजत्येष प्राणान्भ्रान्तिर्न सर्वथा ॥ १ ॥

ज्ञानी व्यक्ति नीरोगी होस अथवा रोगी होस, बसेको होस वा भूमिमा लड़ेको होस, मूर्च्छा परेको होस वा सचेत होस, यसलाई प्राणजाने समयमा कुनै प्रकारले पनि भ्रान्ति हुँदैन।

तनुं त्यजतु वा काश्यां श्वपचस्य गृहे तथा ॥
ज्ञानसम्प्राप्तिसमये मुक्तोऽसौ विगताशयः ॥ २ ॥

ज्ञानी पुरुष काशीमा शरीर त्याग गरोस वा चाण्डालका घरमा त्याग गरोस, त्योता ज्ञान प्राप्ति भएका मौकामा नै मुक्त हुन्छ। किन भने त्यसका वासना सबै नष्ट भए। ज्ञानीका निमित्त काशी र मगध बराबर हो, फेरि दृढबोध भएका ज्ञानीका निमित्त कर्म आदिको कर्तव्य पनि शास्त्रले कहेको छैन। जति कर्तव्य छ त्यो अज्ञानीका निमित्त मात्र कहेको छ।

ज्ञानामृतेन तृप्तस्य कृतकृतस्य योगिनः ॥
नैवास्ति किंचित्कर्तव्यमस्ति चेन्न स तत्त्ववित् ॥ ३ ॥

जो पुरुष ज्ञानरूपी अमृतले नै तृप्त छ, कृतकृत्य छ, उसको कुनै कर्तव्य छैन, यदि उ मैले कर्म आदि गर्नु पर्छ भन्ने ठान्दछ भने त्यो तत्त्व जान्ने ह्वैन,

यस्त्वात्मरतिरेवस्तादात्म तृप्तश्च मानवः ॥
आत्मन्येनव सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥ ३ ॥ गीता

जुन पुरूषको आत्मामा नै प्रेम छ, आत्मले नै तृप्त छ, आत्मामा नै सन्तुष्ट छ, त्यसको कर्तव्य कुनै छैन । हे चित्तवृत्ते ? जो सच्चा ज्ञानी छ त्यो क्यै पनि इच्छा गर्दैन । जो बनावटी छ विश्वास छैन त्यो पुत्रादिलाई मलाई तीर्थमा मर्छु भन्छ । वाचुञ्ज्ञेल अरूलाई गीता उपनिषद आदि वेदान्त सुनाउछ ज्ञानी कहलाउँछ मर्ने बेलामा भने अज्ञानी बन्द छ । किन त्यस्तो अज्ञानी बन्दछ भने, त्यस्तो वेदान्त भन्ने पुरूष मूर्खका जस्तो तीर्थमा प्राण त्यागेर तीर्थ द्वारा मुक्ति ईच्छा गर्न लाग्दछ ।

इदं तीर्थ मिदंतीर्थं भ्रमन्ति तामसा जना :
आत्म-तीर्थं न जानन्ति कथं मोक्षः ऋणु प्रिये ॥ कपिल गीता

महादेव पार्वतीका उपर भन्नु हुन्छ । हे पार्वती ? अज्ञानी जन, यो तीर्थ हो, यसको नाम अमूक हो, यो अमुक तीर्थ हो भन्दै घूम फिर गर्छन् तर आत्मारूप तिर्थ तिनीहरू जान्दैनन् । सुन कसरी मोक्ष हुन्छ ।

मनोवाक्काय शुद्धानां राजतीर्थं पदे पदे ॥
तथा मलिन चित्तानां गङ्गापि कीकटाधिका ॥२ ॥ देवी भागवत

हे राजन् ? मन, वचन, शुद्ध भएका पुरूषको पाइलै पिच्छे तीर्थ हुन्छ । मलिन चित्त भएका पुरूषको निमित्त गङ्गा पनि कीकट देश भन्दा बढी हुन्छिन् ।

हे भाई ? चित्तशुद्धिको साधन बताउ, किन भने चित्तशुद्धि नभै विवेक वैराग्य आदि क्यै पनि हुन सक्तैन भने आत्म ज्ञानको ता के कुरा । अर्थबाट नै हुन सक्तैन । यसै कारणले पैले मलाई तिमो चित्त शुद्धिको साधन बताउ, जुन गर्नाले मेरो चित्तशुद्धि हुन्छ । विवेकाश्रम भन्दछन्, वैन्हि ? अन्नको शुद्धिद्वारा चित्तको शुद्धि हुन्छ । त्यो अन्नको शुद्धि यस तरिकाले हुन्छ । सत्य नीति पूर्वक कसैलाई पीर पिराउ न पारी गरेको कमाईबाट जो धन धान्य कमायिन्छ त्यो शुद्ध द्रव्य वा धन सम्पत्ति ठहरिन्छ । त्यो शुद्ध द्रव्यले जो खाने पीनेका निमित्त अन्नादि लियिन्छ त्यै नै शुद्ध कहिन्छ । के त भने सत्य धर्मको असर द्रव्य द्वारा त्यो अन्नमा आउछ, त्यो अन्न खानाले चित्त शुद्ध हुन्छ, अन्न द्वारा त्यो सत्य धर्मको असर चित्तमा पनि आउछ । त्यो शुद्ध चित्तले नै विवेक वैराग्य आदि उत्पन्न हुन्छ । यो तिमीलाई गीता सुनाउँछु ।

यौटा ब्राह्मण चित्तशुद्धिका निमित्त तीर्थ यात्रा गर्न लागे, धेरै वर्ष सम्म तीर्थ भ्रमण गरिरहे तै पनि तिनीको चित्त शुद्ध भएन। किन भएन त भने, तिनीलाई खानाका निमित्त खेतिको कुअन्नको दान मिल्यो। त्यो अन्न खानाले तिनको चित्त मैलो हुदै गयो। जब चित्त मैला हुन्छ अनि विषयतर्फ दौडन्छ। ब्राह्मणले मनमा विचार गरे, के कारण पऱ्यो मेरो चित्त प्रतिदिन तीर्थ गर्दा पनि मैलो हुदै जादै छ। परन्तु तिनीलाई चित्त मैला हुदै गएको कारण पत्ता लागेन, फेरी ती अमरनाथ तीर्थबाट फर्केर काश्मीरमा आए। एक दिन दुइ प्रहर दिनको समयमा यौटा गाउँमा पसेर यौटा खेतीवालका घरमा पुगे, अनि खेतीवालसंग खान भोजन मागे। खेतीवालले भने, म संग शुद्ध अन्न छैन, किनभने, घानकाटेको थिएन, पालो गरेर खेतमा पानी लाउने हाम्रो चलन छ। एक दिन अर्काका पालाको पानी मेरा खेतमा लगाएको थियो, यसैले त्यो अन्न अशुद्ध छ। मेरा भाईको अन्न शुद्ध छ, तपाई आज मेरा भाईका घरमा भोजन गर्नुहोस, ब्राह्मण संग यो कुरा गरेर भाईलाई पनि यी ब्राह्मण अतिथिलाई भोजन गराउ भने। भाइचईका घरमा भोजन गरेर ब्राह्मण जब उहांबाट हिंडे अनि तिनीको सात्विकी वृत्ति भयो, तिनका हृदयमा एक विलक्षण प्रकाश जस्तो हुन लाग्यो। ब्राह्मणले यो सबै शुद्ध अन्नको प्रताप हो भन्ने जाने। वैन्हि ? अन्नका शुद्धिले चित्तको शुद्धि अवश्य हुन्छ।

पाठक ? यौटा अर्को म तिमीलाई यसै विषयमा कथा सुनाउछु।

यौटा राजा बडा धर्मात्मा थिए। कहिल्यै पनि कुनै जीवलाई सताउँदैनथे। प्रजाबाट जति कर लिन्थे त्यो सम्पूर्ण प्रजाकै पालनमा खर्च गर्दथे धेरै साधारण चालले व्यवहार गर्दथे। एक दिन यौटा शत्रुले ति राजाका उपर चढाइ गऱ्यो। राजाले मनमा विचार गरे यो राज्य दुःखको खानि हो, अनेक प्रकारका चिन्ता यो राज्यमा भैरहन्छन्। यदि मैले शत्रुका साथ युद्ध गरें भने धेरै जीवहरूको हिंसा हुनेछ, कल्याण ता यसलाई त्याग गर्दा मात्रै हुन्छ। यस्तो विचार गरेर रातका समयमा आफ्नी रानीलाई साथ लिएर राजा हिंड़े। सबै मानिसहरू सुतेका एउटा नोकर पछि लागेर हिंड्यो। राजाले त्यस नोकरलाई नआइज भनेर मनाहि गरे पनि त्यसले मानेन राजाका पछि पछि लागेर हिंड्यो। राजा आफ्ना देशबाट निस्केर दोस्रा देशमा जब पुगे, अनि राजकीय पोसाकहरू सम्पूर्ण फ्याकिदिए। गरीबका वस्त्र पैह्रेर यौटा टूटे फुटेका घरमा गएर वसे। उहाँका राजाको यौटा घर वनिदै थियो, धेरै मजदूरहरू त्यसमा गएर नित्य मजदूरी गर्दथे। राजा रानी नोकर यी ३ जना पनि गएर मजदूरहरू संग नित्य टोकरी वोकेर मजदूरी गर्न लागे। जो मजदूरी मिल्थ्यो उसैबाट प्रसन्नता पूर्वक आफ्नु निर्वाह गर्दथे। एक वर्ष पछि एक दिन राजाका नोकरसंग यौटा स्वदेशीको भेट भयो। उसले भन्यो म आफ्ना

देशमा जान्छु, तिमी पयैं पठाउछौ भने खरीद गरेर ल्याइ देउ, म तिम्रा घरमा छोरेर दिन्छु। नोकरले राजा संग सो कुरा भन्यो, राजाका साथमा खर्च गरेर बाकी रहेका ५ पैसा थिए। राजाले त्यो ५ पैसा दिएर भने, यो ५ पैसाले कोई फल किनेर तिमी आपना घरमा पठाइ देउ। त्यस वेला सम्म त्यसका देशमा अनार हुँदैनथे, उसले ५ पैसाका पाचोटा अनार खरीद गरेर आफ्ना घर पठाइ दिए। उसैवेला उहाँका राजा वेमारी भए। वैद्यले विचार गरेर भने, अनार भेटियो भने तपाईं निको हुनु हुन्छ। नत्र यो वेमारले झट्ट छोड्दैन। राजाका हुकुमले अनारको तलास हुन लाग्यो। कसैले भन्यो फलानाका घरमा ५ दाना अनार आएका छन्। राजाले मन्त्रीलाई पठाए, अनारवालाले अनार दिए। वैद्यले अनारको रस निकालेर दिए, राजा निको भए। राजाले १ लाख रूपयाँ अनारवालाका घरमा पठाई दिए। तिनीले जब १ लाख रूपया पाए अनि छोरा-लाई चिठ्ठी लेखेर पठाए। नानि ? तैंले पठाएका ५ दाना अनारको १ लाख रूपयाँ राजाबाट मिल्यो अब हामीलाई प्रसस्त भयो नोकरी छोडेर तँ घर आइज। जब यस्तो पत्र उसलाई पुग्यो त्यो पत्र राजालाई सुनायो, राजाले भने, ५ अनारको को ५ लाख रूपयाँ दिनु पर्थ्यो राजाले थोरै दिएछन्, त्यो मेरो ५ पैसा सत्य धर्मको कमाई थियो। अच्छा हुन्छ, अब तिमी आफ्नै घरमा जाउ। त्यो नोकर आफ्ना घर गयो। यी सवै राजाको हाल खवर यताको अनार खाने शत्रु राजाले पनि थाहा पाए। जसले ति राजाको राज्य लिएको थियो। राज्य छोडेर जाने राजाले टोकरी टाउकामा राखेर ईट माटो ओसारेर तप्त तपी पसिना चुहाएर कमाएका ५ पैसा धनले खरीद गरेको शुद्ध अन्न अनारको रस ती राजाका पेटमा पऱ्यो त्यसले चित्तको मैला हट्यो र चित्त शुद्ध भयो बुद्ध भयो, बुद्धि फर्क्यो र बडो खातिर गरेर ती राजालाई बोलाएर भने, राजन् ? तपाईं तपाईंको राज्य लिनु होस, मेरो कसूर माफ गर्नु होस। राजाको मन फेरी राज्यलिने तर्फ थिएन, परन्तु उनका प्रार्थनाले आफ्नु राज्य लिए। राज्य सौंपेर उ आफ्ना राज्यमा गए। वैन्हि ? सत्य धर्मका कमाइमा यत्रो वडो शक्ति हुन्छ। यसै कारणबाट सत्य धर्मका कमाइको अन्न शुद्ध हुन्छ। असत्य अधर्मका कमाइबाट लिएको अन्न अशुद्ध हुन्छ। किन भने, अधर्मको असर त्यो अन्नमा पनि आउछ, अव अशुद्ध अन्नको फल सुन। जुन समयमा भीष्मपितामह शरशय्यामा शयन गरेर युधिष्ठिरका उपर धर्म सुनाउन लाग्नु भयो, त्यस मौकामा द्रौपदीले भीष्मसंग भनिन्। पितामह ? जुन समयमा दुःशासनले मेरा केश पक्रेर सभामा ल्याएको थियो, मलाई नांगी पार्न लागेको थियो- त्यसवेला तपाईं पनि यो सभामा वस्नु भएको थियो। तपाईंले त्यो वेला यसै तरिकाले धर्म सुनाएर दुर्योधन आदि पापीहरुलाई अधर्मको काम-

बाट किन हटाउनु भएन ? भीष्मजीले भन्नु भो, हे द्रौपदी ? त्यस वेला त्यो पापी दुर्योधनको अन्न मैंले खाएको थियो, यसले त्यो वेला मलाई कुनै पनि धर्म फुरेन। किनभने पापीको अन्न खाए पछि चित्त मलिन हुन्छ, मैला चित्तमा धर्मको प्रकाश हुँदैन। हे वैन्हि ? अशुद्ध अन्नमा यति बडी शक्ति हुन्छ, जसले भीष्मजस्ता धर्मात्माको चित्त पनि मैला पारिदियो, अब अरू पुरुषको के कुरा।

अर्को दृष्टान्त हेर—यौटा विरक्त महात्मा यौटा गाउँको बाहिर कुटी बनाए र वसेका थिए। धेरै मानिस आफु वसेका ठाउमा आउन दिदैनथे। स्त्रीको ता दर्शन पनि गर्दैनथे। एक दिन दुइ प्रहरको वेलामा यौटी तरूणी महात्माका निमित्त भोजन लिएर गयिन्, महात्मा भोजन लिएर भोजन गर्न लागे। युवति बाहिरै बसिन्। भोजन गर्दैमा उनको मन विग्रयो महात्माले ती स्त्रीलाई भित्र बोलाए। ती भित्र आइन्। उनीले स्त्रीको हात पक्रेर भने मसंग सम्बन्ध गर। स्त्रीले भनिन्, यदि कोई पुरुष यस वेला यहाँ आयो भने मेरो पनि तपाइँको पनि फजिती हुनेछ। तपाइँले यस्तो काम गर्नु ठीक छैन। साधु जबर्जस्ति गर्न लागे, स्त्री उठेर चिच्यायिन्। यै मौकामा १।२ जना सत्सङ्गी त्यहा आए, महात्मालाई बहुत लाज भयो। तिनीहरूले भने, महाराज ! तपाइँ ता कहिल्यै पनि यस्तो काम गर्नु हुन्नथ्यो, आज यस्तो अधर्म गर्न तपाइँलाई कसरि रुचि भयो ? महात्मा भन्न लागे–मलाई कसैले दुष्ट अन्न ख्वायो त्यो दुष्ट अशुद्ध अन्नको यो फल हो।

यौटा सहरमा वडा आचारनिष्ट एक पण्डित वस्तथे। राजाको अन्न, नीचा जातिको अन्न उ कदापि खादैनथे। एक दिन राजाकी रानीले कुनै कामका निमित्त तिनीलाई बोलायिन्। पण्डितजी गए। रानी आँगनमा आएर पण्डितजी संग बात चीत गर्न लागिन्, त्यसै ठाउँमा रानीले आफ्नु मोतीको हार उतारेर राखिन्। रानी बात चीत गरेर घर भित्र पसिन्, रानीको मोतीको हार त्यसै ठाउमा छुट्यो। पण्डितजीले हार टीपेर गोजीमा लगाएर घर तर्फ प्रस्थान गरे। घरमा आएर पण्डितजीले जब कोट फुकाले तब जेबबाट मोतीको हार खस्यो। हार देखेर पण्डितजी शोक गर्न लागे, यस्तो अधर्म मबाट कसरी भयो। स्त्री-संग सोधे आज अन्न कहाँबाट आएको थियो ? स्त्रीले भनिन् सुनारकहाँबाट ल्याएँ सुनारलाई सोद्धा उसले भन्यो यौटाको गहनाबाट अलि कति सून चोरेको थियो, त्यैं वेचेर अन्न किनेर अलिकति एता पठाइ दिएको थियो, बाकी रहेको मेरा घरमा पठाएको थियो। पण्डितले भने, उसै अन्नको यो फल हो। मैंले मोतीको हार चोरेरल्याएँ। हार रानी कहाँ पठाइ दिए, आफुले उसदिन उपवासव्रत गरे।

हे पाठक ? सत्य बोल्नाले पनि चित्त शुद्धि हुन्छ। असत्य बोलनाले चित्त अशुद्ध हुन्छ। अन्न शुद्धिको मुख्य कारण पनि सत्य भाषण हो, सत्यभाषण समान संसारमा अर्को कुनै धर्म छैन, कुनै भक्ति छैन। साँचो बोलने मानिसको जगत्मा प्रतिष्ठा हुन्छ, यसैले साँचो बोलनेको पनि इतिहास तिमी सुन।

यौटा ब्राह्मणका दुइटा पुत्र थिए। यौटा तिनका पुत्र १२ वर्षका भए, अर्को ८ वर्षका भए। अनि ब्राह्मण मरे, पिता मरेको क्यैदिन पछि ठूला छोराले आमा संग भने। आमा ! म विदेशमा विद्या पढन जान्छु, तपाइँ मलाई विदेशमा जानका निमित्त आज्ञा दिनु होस। माताले भनिन् पुत्र ! परदेशमा बहुतै दु:ख हुन्छ, फेरी तिमी केटाकेटी नै छौ, ठूलो भए पछि जानु अहिले नजाउ। यसरी संझाउदा बुझाउदा मानेनन जान्छु भनेर जब ज्यादै ढिपी गरे अनि माताले जाउ त भनेर आज्ञा दियिन् र भनिन्, नानी ! म संग ५० असर्फी छन्, त्यसमा २५ असर्फी ता तिम्रा भाइको भाग हो, जो २५ असर्फी तिम्रो भाग छ त्यो तिम्रा गोजीमा सीएर लगाइ दिन्छु। जहाँ तिमीलाई खर्चको आवश्यक पर्छ त्यहाँ १।१ असर्फी झिकेर आफ्नु काम चलाउन। यस्तो माताको आज्ञा पाएर ती कुमार अरू विदेश जानेका साथ लागेर जब हिडन लागे अनि आमाले भनिन्। नानि ? मेरो यौटा वचन अर्को पनि मान, वत्स ! (बाबु) झूटो कहिल्यै नबोल्नु चाहे सर्वस्व नाश होस। छोराले भने, हुन्छ आमा म यसै गर्छु। अब माताबाट विदा लिएर ती कुमार साथिका साथमा लागेर हिडे। एकदिन जंगलमा गएर वास बसे। रातको समयमा चोरको यौटा फौज ती पर्देशी माथि जाइलाग्यो। चोरहरू सबैको धन लूटन लागे ! सबैको लूटी सकेर त्यो केटा संग गएर चोरले भने, ए केटा ! तेरा साथमा के छ हैं ! केटाले मेरा साथमा पच्चीस असर्फी छन् भनेर गोजी तिर देखायो चोरका सरदारले जब गोजी खोलेर हेरे, तब गोजीमा ठीक ठीक पच्चीस असर्फी निस्के। चोरका सरदारले भने केटा ! तैले हामीलाई असर्फी यहाँ छन् यति छन् भनेर किन वताइस, हामीता चोर हौं, सबैको लूटन आएका हौं, सबैको लूटेर लिया, कुमारले भने, हेर्नु होस, जब म घरबाट विदेश जान निस्केथें, त्यस वेला माताले मलाई भन्नु भएको थियो, छोरा झूटो कहिल्यै पनि नबोलनु वरू सर्वस्व जाओस्, यसैले मैले तपाईलाई आफ्ना असर्फी वताइदिएँ। चोरका सरदारले भने, हेर, कस्तो आश्चर्यको कुरा छ, यो सानु बालक भएर पनि आफ्नो माताको आज्ञा उल्लङ्घन गर्दैन, यसले पूर्णरूपले आफनी माताको आज्ञा पालना गऱ्यो। यसलाई म धन्यवाद दिन्छु हामीलाई धिक्कार छ, हामीहरू आफ्ना मालिक ईश्वरको आज्ञा पालना गर्दैनौं। ईश्वरले भन्नु भएको छ, कुनै प्राणीलाई न सताउ, हामीहरू सताउँछौं। आज उप्रान्त पनि निन्दित कर्म गर्ने छैन,

मजदूरी गरेर खानेछु। चोरका सरदारले जति माल वटुवाहरूको लूटेको थियो सबै फोर्ता दिए। केटाका गोजामा ती असर्फी सीएर केटालाई हवाल गरिदिए, ती कुमारले जहाँ जानु थियो उ हिंनै पुऱ्याइ दिए। यौटा कुमारको सच्चा बोलीले सबै परदेशीको माल पनि बच्यो, ती चोर पनि साधु बने।

हे पाठक ? यौटा अर्को सत्यवादीको इतिहास तिमी सुन।

एक समयमा चतुर्मासमा वर्षा नभएको हुनाले ठूलो अनिकाले लाग्यो। अन्न विना मानिस बहुतै दुःखी भए। सबै मिलेर राजा कहाँ गए र राजा संग प्रजाले भने, महाराज ? वर्षा न भएर मानिस मर्न लागे, काइ उपाय गर्नु पऱ्यो। प्रजाको पुकार सुनेर राजाले वर्षाका निमित्त धेरै मन्त्र जप गर्न लगाए, अनेक प्रकारको पाठ पूजा हवन आदि गराएर र पनि वर्षा भएन। अनि राजाले मन्त्रीहरूसंग, तपाईंहरू कोई उपाय बताउनु होस, जसो गर्दा पानीपर्छ, नत्र ता प्रजाहरू सबै नष्ट भ्रष्ट हुनेछन् मन्त्रीहरूले भने, महाराजा ? यो शहरको फलाना ढोकाका छेउमा यौटा क्षत्रीको दूकान छ ती क्षत्री वड़ा सत्यवादी छन्, यदि तपाईले तिनोलाई भन्नू भयो भने, तिनी ईश्वर सग प्रार्थना गर्ने छन् अनि अवश्य नै पानी पर्ने छ। राजा सवेरै पालकीमा चढेर उनीका दूकानमा गएर बसे। क्षत्रीले सोधे, महाराज ? तपाईं किन आउनु भयो ? राजाले भन्नु भो पानी पर्दैन, पानी पार्नकानिमित्त तपाईंका साथमा आएको हूं। क्षत्रीले, भने, राजन ? कुनै देवता आदिको पुजागर्न लाउनु होस। राजाले भने, सबै उपाय गरिसके क्यै पत्ता नलागेर तपाईंको शरणमा आएको छु। जब तक तपाईं वर्षा गराउनु हुने छैन तब तक म भोजन गर्ने छैन। तिनले राजालाई कति थोक भनेर टारे परन्तु राजाले यौटा कुरो पनि क्षत्रीले भनेको मानेनन्। जब दोपहर भयो राजालाई पनि घाम भयो, अनि तिनोले संझे, अब राजा कुनै तरहले पनि जादैनन्। तब तिनीले आफ्नु तराजु छोएर भने, हे तराजू ? यदि मैले सदा नै सत्य बोले सच्चा गरेर सौदा गरें भने पानी पर। यस्ता भन्दा भन्दै २ मिनट पछि पूर्व दिशाबाट यौटा बादल उठ्यो, देख्ता देख्तै बादलले आकाश ढाक्यो। पानी पर्न लाग्यो, सारा जलामय भयो।

हे पाठक ? सत्संगले पनि चित्त शुद्ध हुन्छ, कुसंगले चित्त अशुद्ध हुन्छ। अब तिमी सत्संगको महिमा उपर पनि १।२ दृष्टान्त सुन। यौटा राजाको शहर बाहिर २ महात्मा बस्थये। राजा पनि कहिले काँहि उनोकाहाँ जाने गर्दथे। ती राजाका शहरमा यौटा ठूलो चोर वस्तथ्यो; कहिल्यै पनि पक्रन सकिएको थिएन। एक दिन स्यो चोर पनि गेरू वस्त्र पैह्रेर साधुको वेषबनाएर ती दुइ

महात्मा संग गएर बसेको थियो। दिनको तेस्रा प्रहारमा राजा जब ती महात्माको दर्शन गर्न गए, तब राजाले देखे योटा तेस्रो नयाँ महात्मा पनि उहाँ बसिरहेका छन्। राजा ती २ महात्मा संग भेट गरेर फेरि ती तेस्रा महात्माका साथमा गएर बसे। अलि कति रूपयाँ भेटीका निमित्त राजाले उनीका अगाडी राखि दिएको थियो। त्यो देखेर चोरले राजासंग भन्यो, राजन्? म साधु हुँन, म तपाईंका नगरको चोर हूँ। साधु जानेर मेरा अगाडी तपाईं किन रूपयाँ राख्नु हुन्छ? राजाले भने, तपाईं आफुलाई छपाउनका निमित्त यसो गर्नु हुन्छ। तपाई महात्मा हुनुहुन्छ। फेरि चोरले भन्यो, म साँचो भन्छु म साधु हुँन, थोरै धनका निमित्त म ठग्ने वाला हूं। राजाले, जब तपाई थोरैधनका निमित्त दुनियाँलाई लूटनु हुन्छ भने तब यो धेरै धन म तपाईलाई दिन्छु यो धन तपाई किन लिनु हुन्न? चोरले भन्यो, मैंले चोरको भेष त्याग गरेर अब साधुको भेष बनाएं। एकातिर यो भेषलाई लाज लाग्दछ, अर्कोतिर २ घड़ी महात्माको संग हुनाले अब मेरो त्यो चोर बुद्धि गैरहेको छ। अधर्म गरेर दुनियाको सम्पत्ति म लिन्थे, त्यो निन्दित वृत्ति छोडेर म अब निवृत्ति मार्गमा लागें। हातिमा चढेर अब म फेरी गदामा चढ़ेर हिड्न चाहन्न। राजा आफ्ना रूपयाँ बोकेर हिंडे, त्यो चोर पनि २ घडी सम्म सत्संग गर्नाले साधु बन्यो।

हे पाठक? योटा नगरको बाहिर चोरका २।४ घर थिए। योटा चोरका पाच पुत्र थिए। त्यो सधौं नै आफ्ना छोराहरूलाई उपदेश गर्दथ्यो। हे छोरा? कहिल्यै पनि कुनै मन्दिरमा न जानु, कुनै सत्संगमा न जानु, कथा भएका ठाउँमा, राम नाम जपेका ठाउँमा, महात्माका साथमा नजानु यस्तैमा त्यो बूडो चोर मन्यो। उ मरेका थोरै दिन पछि एक दिन त्यसका जेठा छोराका मनमा आयो, आज राति राजाका दरबारमा गएर चोरेर कयौं माल ताल ल्याउछु। रातको समयमा त्यो जब आफ्ना घरबाट हिड्यो बाटामा कथा हुँदै थियो। त्यो देखेर त्यसले विचार गऱ्यो, जहाँ कथा हुन्छ त्यहाँ न जानु भन्ने पिताको उपदेश छ, अब यो बाटाबाट कसरी निक्लौं। या कोई यस्तो उपाय गर्नु पऱ्या, जसो गर्दा मेरा कानमा शब्द न आओस। अर्थात् न सुनियोस। यो शोचेर उसले दुवै कानमा अलि अलि रूवा खादेर कथाका बीचैबाट गयो। जब कथाका नजिक पुग्यो तब त्यसका योटा कान बाट रूवा खस्यो, त्यो वेला कथा हुँदै थियो कि, देवताको छाया पर्दैन, देवताका पाउले भूईं छुंदैन, यति २ कुरा त्यसले सुन्यो। राजाका घरमा गएर त्यसले बहुत मालताल चोरेर लग्यो र आफ्ना घरमा गाड्यो। विहान भए पछि रातमा चोरी भयो भन्ने राजालाई थाहा भयो। राजाले चोर पक्रन हुकुम दिए। कैयौं सिपाहीले चोरको खोज गरिरहे परन्तु चोरको पत्ता लाग्न सकेन। अनि

राजाले मन्त्री संग भने, मन्त्री पनि मन्त्रीको भेष वदलेर चोरको पत्ता लाउन लागे। मन्त्रीले नगर बाहिर जो चोरहरूका घरथिए, उनै घरमा चोरको अनुमान गरे। रातको समयमा मन्त्री कालीका देवीको स्वाँग बनाएर अर्थात् मुखमा गाजल दलेर केश फिजाएर एक हातमा खप्पर लिएर आधा रातमा चोरका ढोकामा गएर भन्न लागे। काली माईलाई तिमीहरू किन भेटी चढ़ाउदैनौ, रोज रोज मनमानी माल लिएर आउछौ, आज सबै भेटी मलाई देओ, नत्रता नाश गरिदिनेछु। डरको मारे सबै भाई बाहिर द्वारमा निक्लिएर हात जोडन लागे। माता ? तपाईंलाई भेटी भोली हामीहरू जरूर दिने छौं। त्यै वेला बाटामा चोर्न जादा ठूला वरका वृक्षमुनि सुनेको कथाको कुरा याद आयो। जेठा चोरले भन्यो, झट्ट गएर वत्ति ल्यायेर हेरौं, वत्ति ल्याएर हेर्छन्ता त्यसको छाया परेको पनि देखियो पाउ पनि भूमिमा टेकेको देखा पऱ्यो। उसले जान्यो यो देवता ह्वै न, योता कोई ठग हो, अब लठ्ठी लिएर कालीलाई कुट्न गए काली भागी। अब चोरले विचार गऱ्यो, मैले द्यौताको छाया पर्दैन, पाउ भूमिमा छुदैन भन्ने कुरा कथामा सुनेको थियो त्यो कुराले हाम्रो ज्यान वचायो हाम्रो धन माल वचायो। यदि हामीहरूले हमेशा सत्संगमा जाने गऱ्यौं यो घृणित कर्म छौंडि-दियौं भने हाम्रा ठूलो लाभ हुनेछ। यो विचार गरेर ती चोरले उसै दिन देखी चोरी गर्न छोडेर सत्संग गरे सबै चोर साधु बने। यस्तो सत्संगको महिमा छ।

महानुभावसंसर्ग : कस्य नोन्नति कारक : ,।
पद्मपत्रस्थितं वारि धत्ते मुक्ता-फलाश्रियम् ॥ १ ॥

सज्जनको संगले कसको उन्नति गर्दैन। कमलका पत्तामा वसेको पानीको थोपो मोतीको शोभा धारण गर्छ।

एक दिन बहुत पानी परिरहेको थियो ठण्डीको दिन थियो, यौटा नाङ्गो साधु घुम्दै आएर सहरमा घरको पाली मुनि द्वारमा उभिए। त्यो घर राजाकी वेश्याको थियो। घरभित्रबाट यौटी नोकर्नीले ती महात्मालाई देखेर आफ्नी मालिक्नी संग गएर भनिन्–हिलामा लटपटिएका यौटा नङ्गा महात्मा बाहिर झरिमा उभिएर कामिररहेका छन् बोल चाल पनि गर्दैनन्। वेश्याले नोकर्नी संग भनिन्, उनलाई हातमा समाएर घर भित्र लिएर आउ। नोकर्नी गएर साधुका हातमा समाएर घरभित्र लिएर आइन्। मालिक्नीले ताता पानीले नुहाएर रूमालले सबै अंग पुछेर विछ्यौनामा लड़ाई दियिन्, तातो चीया पियायिन्। फेरि मीठो मीठो राम्रो भोजन गरायिन् पछिबाट आफुले भोजन गरेर साधुको पाउ दाबन लागिन्। तब महात्माले ती वेश्यालाई यौटा तिगाहका

दृष्टिले हेरे। मानो उनका उनका हृदयमा अमृतको धारो वर्ष्यो कि जस्तो भो। ती साधु सुते। ती वेश्याले उनका पाउ दाबेको दाब्यै रात बीताइन्। बिहान भएपछि मात्र सुतिन्। महात्माको जब नीद खुल्यो अनि उनीले पनि त्यो रजाई फ्याकेर चले। बयै बेर पछि वेश्याको नीद जब खुल्यो अनि महात्मा कहाँ जानु भो भनेर नोकर्नी संग सोधिन्। नोकर्नीले भनिन्, महात्मा ता जंगलतिर जानु भो। ती वेश्या पनि नाँगैनै घरदेखि निस्केर नगर बाहिर यौटा वृक्ष मुनि गएर शिर निहूराएर वसिरहिन्। यो खबर राजाले थाहापाए, वेश्या भए ठाउमा गए, वेश्या लाई बोलाउन थाले। वेश्याले भनिन्, अब म च्यामेको स्थानमा रहिन, पैली म तपाईंको टट्टी उठाउथे, अब उठाउन्न तपाईं जान्नु होस। राजाले नोकरलाई हुक्कुम दिए, कुनै मानिसलाई यी भएका ठाउमा आउन नदिनु। यी जहाँ जान इच्छा गर्छिन् उहि जाउन् कसैले यिनीलाई न रोक्नु। अर्को दिन ती वेश्या त्यहाँबाट हिड़िन। हेबैन्हि महात्माको नजर जसका उपर पर्छ त्यो पनि कल्याण रूप हुन्छ। यसै उपर नानकजीले भन्नु भएको छ। "ननाक नदरी नदर निदाल" अर्थात् महात्मा आफुले दृष्टि दिएर दोस्रालाई कृतार्थ गरिदिन्छन्।

हे पाठक उपकारगर्नाले पनि चित्तको शुद्धि हुन्छ। दयाको नामनै उपकार हो, जसमा दया छ त्यैनै उपकार गर्छ। जसमा दया छैन त्यो कहिल्यै पनि उपकार गर्न सक्तैन। लोकमा पनि दयालु पुरुषको कीर्ति हुन्छ, दया नहुनेको निन्दा हुन्छ। "दयाबिन सिद्ध कसाई" यस्तो मानिसहरू भन्छन्। दया चित्त शुद्धिको मुख्य साधन हो। अब तिमीलाई दयालु पुरुषहरूको दृष्टान्त सुनाउँछु। यौटा नगरका बाहिर यौटा मन्दिरमा यौटा क्षत्रिय पनि जाने गर्थे। परन्तु गरीब थिए सडका छेउमा छाप्रो हालेर त्यसैमा वसेर वेपार गर्थे। एक दिन तिनले महात्मा सँग भने, महाराज! मैले अन्वय व्यतिरेकले देह आदिबाट आत्मा भिन्न छ भन्ने निश्चय गरेको छु। त्यस्तै महावाक्यबाट पनि अनुभव गरेर जीब र आत्माको अभेद निश्चय गरेको छु, तै पनि त्यो आत्मसुखको ज्ञान मलाई हुँदैन यसमा के कारण छ? महात्माले भने, पूर्वजन्मको कोई पाप यसमा प्रतिबन्धक छ। त्यो पाप जब हट्नेछ, तब त तिमीलाई आफसे आफ आत्मसुखको उपलब्धि हुनेछ। महात्माको कुरा सुनेर तिनी चूप लागे। एक दिन ती क्षत्रिय सडकका छेउमा कूवाका नजिकै छायामा व्यापार राखेर बसेका थिए। गरमीको दिन थियो यौटा चमार घासको भारी बोकेर आउँदै थियो। जब त्यो कूवाका नजिकमा आइपुग्यो तब गर्मी खाएर लड्यो, बेहोसी भयो। तुरुन्त क्षत्रिय उठे, त्यस चमारलाई उठाएर छायामा लगेर राखे, ठण्डा पानी झिकेर शरबद बनाएर त्यसका मुखमा अलि अलि गरेर लगाउन थाले। थोरै बेरमा त्यो चमार होसमा आयो। अलि कति

-थोरै खाने कुरा पनि त्यसलाई खुवाए, चमार उठेर घरतर्फ लाग्यो। उसै दिन-देखी ती क्षत्रियका हृदयमा आत्मसुख प्रकाश हुन लाग्यो। उनले गएर त्यो कुरा महात्मा संग भने, महात्माले भने, तिमोमा कोई जो पाप प्रतिबन्धक थियो, त्यो पाप दया गर्नाले गैरहेको छ। किन भने तिमीले यौटा मानिसलाई प्राण दान दियौ। हे चित्तवृत्ते दयाको भारी फल छ, दयाले सर्व प्रकारको पाप हट्तछ।

यौटा सहरमा यौटा वनियाँ बडा धनी थिए। ती नित्य नै यज्ञ यागादि गरेर धन खर्च गर्दथे। जब वनियाँको दान धर्म गरेर सम्पत्ति समाप्त भो खान पीन गर्न पनि दुःख हुन लाग्यो। एक दिन तिनकी स्त्रीले भनिन्, तपाइँ कुनै राजा-काहाँ जानुहोस, तपाइँले गरेका यज्ञ मध्येमा यौटा यज्ञको फल वेचेर अति कति धन ल्याएर राम्रो तरिकाले आफनु गुजारा गर्नु होस। श्रीमतीको कुरा सुनेर जब जान तयारी भए तब तिनकी स्त्रीले बाटाको खाजाका निमित्त मोटा मोटा नौओटा रोटी रुमालमा बाधिदियिन्। वनियाँ हिंडे, तेस्रा प्रहरमा जङ्गलमा यौटा कूपका किनारामा पुगे, त्यहाँ बसेर थकाई मार्न लागे। त्यसवेला के देखे त भने, बृक्षका टोडकामा यौटी कूकूर्नी ब्याएर सूतिरहेकी छ, त्यसका नौओटा छाउरा र-हेछन्, नौओटै आमालाई चूसी रहेछन् त्यो ३ दिनकी भोकी छ। किन कि ३ दिन सम्म बराबर वर्षा भै रहेको थियो कतै डुल्न जान त्यसले पाएको थिएन। शरीर सुकेर दुब्ली भएकी थियी, त्यसको कहिं जाने हिम्मत थिएन। वनियाँले १।१ रोटी गरेर सबै रोटी त्यसलाई खुवाए, आफु भोकै रहे। कूकूर्नी बाँची, त्यो वाचे पछि खान पाएकाले दूद आयो, त्यसका छाउरा पनि सबै वाचे। वनियाँ अर्कोदिन राजाकहाँ पुगे र राजा संग यौटा यज्ञको फल वेच्ने कुरा गरे। राजाले ज्योतिषीलाई बोलाएर सोधे, तपाइँ प्रश्नबाट विचार गर्नुहोस, यिनीले कति यज्ञ गरे ती यज्ञ मध्येमा कुन यज्ञको फल उत्तम छ, त्यै मं किन्दछु। ज्योतिषीले भने, जुन यिनीले बाटामा कूकूर्नीलाई रोटी खुवाए, उसबाट नौओटा छाउराको प्राण वच्यो, त्यैं यज्ञ यिनले गरेका सर्व यज्ञ मध्यमा उत्तम यज्ञहो, त्यै यज्ञको फल यिनी वेच्तछन् भने तपाई किन्नु होस। राजाले त्यैंकुरा वनियाँ संग गरे। वनियाँले भने त्यस परोपकार यज्ञको फल म वेच्तिन। अरू कुनै यज्ञको फल किन्नु होस्। राजाले अरू यज्ञको फल खरीद गरेनन्, वनियाँलाई अलि कति रुपयाँ दिएर विदा गरि दिए। हे चित्तबृत्ते दयाको कति ठूलो भारी फल छ।

परोपकारः कर्तव्यः प्राणैरपि धनैरपि ।।
परोपकारजं पुण्यं न स्यात्क्रतु शतैरपि ।।१।।

प्राण दिएर पनि धन खर्च गरेर पनि परोपकार गर्नु पर्दछ। परोपकार बराबर पुण्य शय यज्ञको पनि पुण्य हुँदैन ।।

परोपकारशून्यस्य धिङ् मनुष्यस्य जीवितम् ॥
यावन्तः पशवस्तेषां चर्माण्युप करिष्यति ॥२॥

परोपकारले शून्य भएका मनुष्यको जीवनलाई धिक्कार छ। जति पशुहरु छन्, तिनीहरूको छाला पनि परोपकार गर्दछ ॥२॥

आत्मार्थं जीवलोकेऽस्मिन् को न जीवति मानवाः।
परं परोपकारार्थं यो जीवति स जीवति ॥३॥

आफ्ना निमित्त जीवलोकमा कुन मनुष्य वाच्तैन। परन्तु परोपकारका निमित्त जो वाच्तछ त्यै वाच्तछ, अर्को वाच्तैन ॥३॥

●

उत्तर किरण

पाठक ? यौटा अर्को लौकिक दृष्टान्त सुन। एउटा राजाले कुनै कामका निमित्त दुइटा नोकर परदेशमा पठाए। निकै दिन वीते तिनीहरूको पत्र समाचार केहि आएन। राजाले दुइटा चिठी लेखे। चिठीमा 'यसलाई आदर गरेर मान्नु' भन्ने यो कुरा लेखेर दोटै नोकरलाई पठाइदिए। ती दोटा प्रमाणपत्र दोटै नोकरका हातमा पऱ्यो। यौटा नोकर ले ता प्रमाणपत्रमा जुन काम गर्नु भनेर लेखेको थियो त्यो काम गरे, पत्र राख्ने काम थिएन, मिल्काइदिए। अर्कोले चईं पत्र समाते तर पत्रमा के लेखेको छ हेरेनन्, चौकी (खुट्टालगाएको सानु काठको पीरा) मा त्यो चिठ्ठी राखेर प्रतिदिन षोडशोपचारले पूजा गर्न लागे। जसले पत्रमा लेखेको हुकुम वमोजिमको काम गरेर चिठ्ठी फ्याकी दिए ती भृत्यदेखि राजा खूसि भए, दर्जा पनि वढाइदिए। जसले एस्ता लेखे वमोजिम काम भने गरेनन्, पत्रको पूजा मात्र श्रद्धा पर्वक गरे। तिनीदेखि राजा सन्तुष्ट भएनन्, प्रत्युत रिसाए। जागिरवाटै निष्कासित गरिदिए। योता दृष्टान्त हो, अब दार्ष्टन्तिमा सुन। वेद, धर्म शास्त्रहरू प्रमाणपत्र या चिठ्ठी हुन्। 'तस्माच्छास्त्र प्रमाणं ते कार्याकार्य व्यवस्थितौ' यो कर्तव्य, यो अकर्तव्य भन्ने व्यवस्थामा शास्त्र प्रमाण छन् भनेर स्वयं कृष्णले पनि अर्जुनलाई भनेको छ। शास्त्रमा चारै वर्णले गर्ने काम र ब्रह्मचर्यादि ४ आश्रममा गर्नु पर्ने कर्म लेखेकोछ। ती कामहरूलाई भगवान्का हुकुम हुन् भनेर जान। ती भगवान्ले पठाएका हुकुम वमोजिम जो गर्छ, त्यसदेखि भगवान् सन्तुष्ट रहनु हुन्छ। वैकुण्ठादि लोक वा मुक्ति दिनु हुन्छ। जो शास्त्र वमोजिम चल्दैन, केवल पुस्तक अगाडि राखेर पुस्तकको षोडशोपचारले पूजा गर्छ, शास्त्रले विधान गरेको आफ्नु कर्तव्य कर्म भने गर्दैन, त्यस्ता आडम्वरी-देखि भगवान् खूसि हुँदैनन्। उल्टो रिसाएर नरकतिर पठाई दिन्छन्। जन्म मरणको परम्परा छुट्दैन। यसैका उपर पञ्चदशीमा पनि लेखेको छ।

ग्रन्थमभ्यस्य मेधावी विचार्य च पुनः पुनः। पलालमिव धान्यार्थी त्यजेद्ग्रन्थी मशेषतः ॥

विद्वान् पुरुष, ग्रंथको अभ्यास गरेर, बारम्बार विचार गरेर, धानको इच्छा गर्नेले धान ग्रहण गरेर पराल मिल्काए झैं, शास्त्रका सार वस्तु ग्रहण गरेर शास्त्र-हरू मिल्काइदेओस। केवल शास्त्र पढेर मात्र हुदैन, शास्त्रमा लेखे वमोजिम

काम पनि गर्नु पर्छ। प्रवचन मात्रले केहि फल प्राप्त हुँदैन, कामै गर्नु पर्दछ र मात्रै आत्मानात्माको बोध हुन्छ नत्र हुँदैन।

यसै विषयमा अर्को दृष्टान्त सुन। योटा पुरुष तीर्थ यात्रा गर्न जान लागे, त्यसबेला मनमा यो विचार गरे। यदि रूपयाँ बोकेर हिंडौं भने, वाटामा चोरको डर हुन्छ। क्यै कयङ् लुटेर लगेछ भने के गर्नु। ड्राफ लेखाएर लगें भने राम्रो हुन्छ। उहाँ पुगेर साहवका दूकानबाट रूपयाँ लिन्छु। यस्तो विचार गरेर तिनले ड्राफ गरेर प्रमाणपत्र लिए। ड्राफलाई हुण्डी पनि भन्छन्। अर्को एक जना पनि तिनी संगें जाने भए। तिनीले पनि हुण्डा लेखाएर प्रमाण पत्र लिए। दुवै हिंड़े टुङ्गामा पुगे। पुग्नेसाथ एउटाले चई शाहवको दूकानमा गएर हुण्डी देखाए आफ्नु रूपयाँ लिए। दोस्रा चई डेरामा वसेर नित्य हुण्डी पाठ गर्न लागे। लिन गए यो रूपयाँ पायिन्थे गएनन्, हुण्डी पाठले स्वयं रूपयाँ ल्याएर दिएन। यो दृष्टान्त हो अव दार्ष्टान्तिमा सुन। शास्त्रहरूलाई तिमी हुण्डी संझ। कर्मचारी रूपी भगवानले शास्त्ररूपी हुण्डी प्रमाण गरिदिए। शास्त्र पढेर शास्त्रले भने वमोजिम जो कर्म गर्छ त्यसले धर्म, अर्थ, काम, मोक्ष जे चाहा गर्छ त्यै पाउँछ। शास्त्र था पढछ तर शास्त्रले उपदेश गरेको वाटामा हिंड्दैन भने उसले न सुख पाउँछ, न धन, न धर्म न मुक्ति क्यै पनि पाउँदैन। आत्मा नै चिन्दैन कसरी मुक्त हुन्छ हुदैन। कर्म न गरि अन्तकरण शुद्ध हुदैन, शुद्ध न भै ज्ञान हुदैन, ज्ञान विना मुक्त हुदैन। मुक्त हुन र ईश्वर खूसि पार्न शास्त्रोक्त मार्गमा नै चल्नु पर्छ। शास्त्रोक्त कानून-मा न चल्नेदेखि ईश्वर खूसि हुदैन।

राजा २ प्रकारका हुन्छन्। न्याय गर्ने र अन्याय गर्ने। जो न्याय गर्छन तो राजा सेवकको काम हेर्छन्! राम्रो काम गर्ने नोकरदेखि सन्तुष्ट हुन्छन्। अर्थात् राम्रा काम मात्रैले खूसि हुन्छन् दर्जा पनि वढाइ दिन्छन् काम भने राम्रो गर्दैन खालि राजाको प्रशंसा मात्र गर्छ भने आफ्नु प्रशंसा सुनेर नोकरका उपर राजा खूसि हुँदैनन्। त्यसलाई कुनै दर्जा पनि दिदैनन्। जो अर्को अन्यायी राजा छ, त्यो भृत्यको दर्जा वढाई दिन्छ। तर अन्यायकारी राजा दोष भागी हुन्छ भन्ने शास्त्र प्रमाण छन्। त्यस्तै ईश्वर पनि न्याय गर्ने हुनु हुन्छ। न्याय गर्ने राजाले सबै प्रजामा समान दृष्टि दिए झैं सबै प्राणी मात्रमा समान दृष्टि दिनु हुन्छ। उहाँको कुनै शत्रु, मित्र छैन। जो पुरुष शास्त्र बमोजिम चल्छ त्यसैलाई मुक्ति दिनु हुन्छ। न चल्नेको रीष पनि गर्नु हुन्न शास्त्रमा वताए बमोजिम यम, नियम आदि वर्ण आश्रममा वताएको कर्म भने गर्दैनन्, केवल भगवान्‌को नृसिंह, राम, कृष्ण आदि अवतारको नामहरूको कीर्तन र अवतार लिएर राम आदिले गरेका, बाली,

रावण, शिशुपाल आदिको वध, रास क्रीडा आदि चरित्रको गुणको मात्र प्रशंसा गर्छन् भने तिनीहरूदेखि भगवान् सन्तुष्ट हुदैनन् । अर्थात् कामले खूसिहुन्छन्, नामले हुदैनन् । गीतामा 'तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान्' । क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु, यस पद्यमा भगवानले भन्नु भएको छ । द्विषतः– यसको अर्थ रीस गर्ने भनेको के भने, मेरो नीति शास्त्र हो, शास्त्र बमोजिम न चल्नेलाई असुरको जन्म दिन्छु भनेको हो । यसबाट पनि शास्त्र अनुसार चल्दा मात्र भगवान् खूसी हुनु हुन्छ भने बोध हुन्छ । अज्ञानी आफ्नै कामले सुख वा मुक्ति पाउदैन, भविष्यमा सुख इच्छा गर्ने पुरुषले शास्त्र बमोजिम चल्नै पर्छ ।

प्रिय पाठक ? जब सम्म यो जीवको देहादिमा 'म' भन्ने अभिमान र घर, स्त्री, पुत्रादिमा मेरो भन्ने ममता ह्वै रहन्छ, तब सम्म यो 'जीवलाई कहिल्यै पनि सुख' शान्ति हुदैन । अहंकार र ममता त्यागे पछि मात्र सुख हुन्छ । ती २ कुरा त्याग गर्न भने वडो मुश्किल छ । यसैमा दृष्टान्त सुन ।

एक दिन नारद ऋषि पृथिवी भ्रमण गरेर वैकुण्ठमा जानु भयो । उहाँ भगवान्लाई एकलै वसिरहेको देख्नु भयो र सोध्नु भयो । भगवान् आज काल ता तपाईंको वैकुण्ठ खाली लडी रहेको छ, कुनै पुरुष पनि यहाँ देखिदैन । के वैकुण्ठमा पनि कोई आउन मन गर्दैन ? यहाँ ता सबै प्रकारको सुख मिल्छ, कुनै दुःख हुदैन । फेरि किन हो वैकुण्ठ खाली छ ? भगवान्ले भन्नु भयो, नारदजी ? हो यहाँ सबै प्रकारको सुख छ, तै पनि कोई यहाँ आउन मन गर्दैन । अरू कोई आयो भने २ घडी सम्म वातचीत गर्छ र हिडी जान्छ । मलाई एकलै वसि रहन पनि मन लाग्दैन । म के गरूँ । मनुष्यलोकमा वस्ने कुनै पनि वैकुण्ठ आउन इच्छा गर्दैन । नारदले भन्नु भयो, यो हजूरको के कुरा हो, म ता छक्क परें । वैकुण्ठको नाम सुनेर सबै जना हिडेरै आउने छन् । भगवान्ले भन्नु भयो, अच्छा तिमी जाउ त, मनुष्य लोकबाट २।४ जनालाई लिएर आउ । २।४ जना भए यहाँ मेरो सेवाको काम चालू हुँदै रहन्छ, अरू फेरि हेर्दै जाउँला । अब नारदजो वडो उत्साहका साथ मनुष्य लोकमा पुगेर यौटा वूढालाई भन्नु भयो । बाबा ? वैकुण्ठ जानु हुन्छ ? यो कुरा सुन्दा बूढा झसङ्ग झस्किएर नारदसंग भन्न लागे । अभागि ? तं जा, जसका अगाडि लाग्ने पनि कोई छैन, पछाडि लाग्ने पनि कोई छैन त्यस्ताले वैकुण्ठ जानु । म किन जान्छु ? मेरा ता छोरा, छोरी, नाती, नातिनी, धन, स्त्री, वस्तु भाउ सबै मौजूद छन् । जो अपुत्र छ, धन सम्पत्ति छैन त्यै वैकुण्ठ जाओस । यो सुनेर चूच चाप लागेर नारद त्यहाँबाट हिड्नु भयो । जादा जादै वाटामा यौटा तन्नेरी लाई भेटनु भयो र भन्नु भयो, एनानि ? वैकुण्ठ जान्छौ ? पुरुषले भने, बाबा ? तपाईंलाई थाहा छैन ? वैकुण्ठ ता जो वृद्धछ, थयै

काम गर्न सक्तैन त्यसैका लागी बसियो। म ता जे जस्तो काम पनि गर्न सक्तछु, म किन जान्छु ? जान्न। यो कुरा सुनेर नारद हिडे। अलिक पर पुगे, अर्का माणिसलाई फेरि भेटेर तिनी संग भने, ए भाई ? वैकुण्ठ जान्छौ ? यो नारदको प्रश्न सुनेर पुरुषले भने। बाबा ? कुनै लूला, लङ्गडालाई खोज, यहाँ तिम्रो दाल गल्दै न, वैकुण्ठ जाने कोई छैन। तिमीले भनेको कोई पनि मान्दैन। जाउ।

यसरी नारदजीले घेरैसंग वैकुण्ठ जानका निमित्त कुरा गर्नु भयो तर कसैले पनि जाने मन गरेन। त्यहाँबाट नारद जानु भयो। एउटा दूकानमा पुग्नु भयो दूकानमा निधारमा चन्दन लगाएर बसिरहेका एउटा बूढा साहूलाई देख्नु भयो र मनमा विचार गर्नु भयो। यी वृद्ध भगवान्का भक्त जस्ता छन्, यी अवश्य नै वैकुण्ठ जानेछन्। यी एउटा मात्रै पनि, गयिदिए भने ता, मैले भनेको पुग्छ। किन भने मैले भगवान्सङ्ग, कसैलाई लिएर आउछु भनेर आएको छु। यस्तो विचार गरेर, नारद बूढा सेठका नजिकै गएर बस्नु भो अनि कानका छेउमा मुख लगेर सीताराम, सीताराम भन्नुभो र सेठजी ? सन्सारको सबैसुख तपाईंले भोग गर्नु भो, अब वैकुण्ठ गएर अलि दिन उहाँको पनि सुख भोग्नु होस। सेठले भने, महाराजा ? यसमा मेरो पनि सम्मति छ। तर यो छोरो अहिले केहि जान्दैन, यो थोरै जान्ने बुझने होस, दूकानको काम समाल्न लागोस, अनि मात्र जानेछु। तपाइं क्यै दिन पछि फेरि आउनु होला। यो कुरा सुनेर नारदजी जानु भयो। क्यै दिन पछि आएर भन्नु भो, सेठजी ? अब ता तपाईंका पुत्र चलाक भए। दूकानको काम समाल्छन् वैकुण्ठ हिड्नु होस; वृद्धले भने, ऐले यसको सन्तान पैदा भएको छैन, पैदा भए पछि जानेछु, ऐले तपाइं जानु होस पछि आउनु होला, नारद जानुभो, नाती जन्मे पछि आउनु भो र भन्नु भो, सेठजी ? नाती जन्मेछ, अब ता वैकुण्ठ तिर जौं। सेठले भने, बाबाजी ? नातीको विहे गरेको छैन, विहे भए पछि जाने छु। यो कुरा सुनेर नारद छक्क परे। हार खाएर वैकुण्ठमा गएर विष्णुसंग भने, भगवान् ! तपाइंले साँचो भन्नु भयो मैले सबै भोगें। संसारी जनहरू यति सम्म ममतामा फसेका छन् कि, कुनै पनि वैकुण्ठ आउने इच्छा गर्दैन। यति विष्णु संग भनेर नारद हिड्नु भयो। पाठक ! संसारी जनहरू, परलोकको वा आत्मज्ञानको विषय पटि किन लाग्दैनन्, भने, शास्त्रोक्त कर्ममा चल्दैनन् मनको मैला जादैन, ज्ञान हुँदैन, शास्त्रनीति हो। नीतिमा नचल्ने भक्त-देखि भगवान् खूसि हुदैनन्, वैकुण्ठ वा स्वर्ग मुक्ति क्यै दिदैनन्। शास्त्र भगवान्को कानून हो, कानूनमा न चल्नेदेखि भगवान् संतुष्ट हुँदैनन् भन्ने विषयमा योग-वाशिष्ठको एक कथा भन्छु सुन।

लंकामा 'रामचन्द्र' रावणका छोरा इन्द्रजीत सँग लड़ाई गर्दै हुनु हुन्थ्यो। इन्द्रजीतले 'नागपाश' प्रयोग गरेर रामलाई बाँधे। रामले गरूडको संझना गर्नु भयो। संझना साथ गरूड़ रामका अगाडि उपस्थिति हुनु भयो। गरुड़का आहारा सर्प, अत सर्पका शत्रु गरूड़, गरूड़लाई देख्ना साथ डरलें रामलाई छोडेर सर्प भाग्यो। त्यो काम भए पछि, रामलाई नमस्ते गरेर बिदा मागिकन हिडनु भयो अब वाटामा विचार गर्दै जानु भो स्वयं भगवान विष्णुले नै रामावतार लिएको भन्ने सुनेको थियो। राम विष्णुकै अवतार हो भने, नागपाश छुटाउन, मलाई संझनु पर्ने थिएन। राम विष्णु कै अवतार हुँन कि, कसको अवतार हो, यो संशय भयो, अज्ञान बुद्धि ढाक्यो, संशय गर्दै ब्रह्म लोकमा पुग्नु भयो र ब्रह्मा संग आफूलाई संशय लागेको सम्पूर्ण वृत्तान्त वताउनु भयो। गरूड़को कुरा सुनेर ब्रह्माले विचार गर्नु भो, यिनलाई अज्ञानले ढाके छ, म बुझाउन सक्तिन भनेर गरुड़लाई भन्नु भयो। अहिले मलाई फुर्सद छैन तिमी शिवजी सँग गएर सोध। गरूड़ शिवलोकमा गए। त्यसवेला शिवजी मित्र कुवेरका घर तिर निमन्त्रण मान्न जान तयार भै रहेको हुनुहुन्थ्यो। गरूड़ले भेटेर आफ्नु संशय भएको सबै कुरा वताउनु भयो। त्यो सुनेर शिवले मनमा विचार गर्नु भयो। यिनोलाई मोहले ढाके छ, म संझाउन सक्तिन 'खगकी भाषा खग हि जाना' चराको बोली चरैले जान्दछ। तसर्थ चरै भएका ठाटमा पठाइ दिनु पर्‍यो भन्ने विचार गरेर, शिवले भन्नु भयो, गरूड ? ऐले तिमी सङ्ग वात मार्ने मेरो फुर्सद छैन। तिमी हिमालको उत्तर पटी जाउ, उहाँ एउटा 'पाखीको रुख छ। त्यो रूखमा 'काक भुशुण्डी भन्ने काक वस्छन्। त्यहाँ सदा रामायणको कथा हुन्छ। सबै चराहरू त्यहाँ रामायण सुन्न आउँछन् तिमी उहि जाउ, तिम्रो संशय सबै नाश हुनेछ भन्नु-भयो र हिडनु भयो। गरूड़ पनि काक भुशुण्डी भएका ठाउमा गए। काक भुशुण्डीले रामायणको कथा भन्न लागे, गरुड़ सुन्न लाग्नु भो, परस्परमा प्रश्नोत्तर हुँदै जाँदा काक भुशुण्डी आफ्नु पूर्व जन्मको वृत्तान्त गरूड़लाई भन्न लागे। सुन्नु होस गरूड़जो ? पूर्व जन्ममा म शुद्र जातिको थिए। अयोध्या मेरो जन्मभूमि हो। अयोध्यामा कुनै समयमा अनिकाल लाग्यो, खान मिलेन र त्यहाँबाट हिंडेर उज्जयनीमा गए। त्यहाँ एउटा शिवालय रहेछ। त्यहाँ गएर त्यहांका पूजारी ब्राह्मणलाई गुरू माने। उहाँबाट 'नमः शिवाय' यो पंचाक्षरी शिवमन्त्र लिएँ, शिव भक्त वने। सधैं त्यो शिवमन्त्र जप्न लागें। शिवालयको सफाई गर्थें। गुरूले खान दिने गरेको थियो। यसै प्रकारले रहन लागें। तर विष्णु भक्त र ब्राह्मण-लाई भने एक आँखाले हेर्न सक्तिनथे। कदाचित् देखे भने जहर छूटेर आउँथ्यो, मेरो नराम्रो व्यवहार देखेर गुरू संझाउनु हुन्थ्यो। बाबु ? शिव भक्तले विष्णु

भक्तको, ब्राह्मणको रीस, निन्दा गर्नु हुदैन, स्वयं शिव ने विष्णुका भक्त ब्राह्मणका भक्त हुनु हुन्छ ! जो शिव भक्त छ त्यो विष्णु भक्त हो। जो विष्णुको भक्त छ, त्यो शिवको भक्त हो भेद छैन । भेद राख्नेले शिव, विष्णु खुसि हुदैनन् भन्नु हुन्थ्यो । म भने गुरूको उपदेश मन्दिनथे. एक दिन, विहान स्नान गरेर देवालय (शिवालय) मा पसें आसनमा वसेर शिवको 'नमः शिवाय' यो मन्त्रको जप गर्न लागे । गुरू पनि आफ्नु नित्य कर्म समाप्त गरेर शिवको पूजागर्न, मन्दिरभित्र पस्नुभो । गुरू आउने साथ मैले उठेर ढोगनु आदर गर्नु पर्ने थियो । तर ज्ञानी हूं, शिवको भक्त हूं भन्ने मनमा छ, घमण्डले चूर भएको छु, उठेर ढोगिन । मेरो त्यो मान्यजनको अनादर गरेको कामले शिवजी मदेखि रिसाउनु भो, मन्दिर भित्र अकस्मात् यो आवाज आयो । मूख मान्यजनको आदर गर्नु भन्ने मेरो नीति छ ! गुरू आएको देखेर तुरुन्त उठेर गुरुलाई ढोगनु आदर गर्नु पर्थ्यो गरिनस, मेरो नीति नाघिस, मेरो भक्त वनेर मेरो नामको जप गरेर, शिवभक्त हूं भन्ने घमण्डले चूर भएर अजिगर वस्ता झै वसिरहिस उठिनस, तसर्थ जन्म जन्म तैंले अजिगर भएर जन्मनु परोस, भनेर मलाई शिवले सराप गर्नु भयो । मेरा गुरू ज्यादै दयालु हुनु हुन्थ्यो । शिवले मलाई दिएको सराप सहन सक्नु भएन, गुरू शिष्यको र माता पिता पुत्रपुत्रीको, पति स्त्रीको, साथि साथिको अपराध सहन्छन् । मैले गरेको अनादरलाई गुरूले प्रवाहै राख्नु भएन । नमामि शमिशान निर्वाण रूपं विभुं व्यापकम्–इत्यादि स्तोत्रले स्तुति गर्नु भयो । शिवले पनि प्रसन्न भएर वर माग भन्नु भयो । गुरूले हजूरमा मेरो भक्ति लागोस, यो मूर्खले हजूरका मायाले वुद्धि ढाकिएको हुनाले मेरो आदर गरेन ता पनि, त्यसका उपर क्षमा गर्नु होस । त्यो अजिगर योनिबाट छुटोस भन्ने यो वर माग्नु भयो । शिवले पनि हज्जार जन्म अजिगर हुनेछ, अनि छुट्ने छ भन्नु भयो । म हैं गरूड ? हज्जार जन्म अजिगर भएर म छुटे । यो कथाबाट पनि शास्त्र वमोजिम व्यवहार नगर्ने मानिसदेखि भगवान् प्रसन्न हुदैनन्, नाममात्र जप गर्दा हुदैन कामै गर्नु पर्ने रहेछ भन्ने वुझिन्छ ।

प्रश्न–जुन पदार्थ, मैला ठस ठस गन्हाउनेछ, त्यस्ता पदार्थको सबै दूर दूर निन्दा, छि, छि गर्छन् भने, मनुष्य भएर न राम्रो काम गर्नेवाला, किन निन्दित नभएको ? यसमा मलाई आश्चर्य लागेको छ ।

उत्तर—जो मोह ममतामा फसेका छन्, तिनीहरू नराम्रो काम गर्दा हामी- लाई अरूले निन्दा गर्छन् भन्ने ठान्दैनन् । जस्तै भङ्गीजातका शरीरमा ज्यादै मैला हुन्छ, त्यो मैला देखेर, [illegible] हुनाले निन्दा गर्दैन । गृहस्थाश्रम पनि

त्यस्तै मैला हो । त्यसमा निन्दा हुदैन । गृहस्थाश्रममा सधैं आफ्ना छोरा छोरीको टट्टी, पीसाब, सोरनु, धुनु, सफा गर्नु पर्छ । घरमा कतै टट्टी, कतै पीसाब, कतै राल सिंगान, खकार गरेको हुन्छ । कोई, अय्या, कोई मरें बाबा, मरे आमा फलानाले कुट्यो, भन्छ । त्यस्ता व्यवहारमा मानिसको स्वभाव या संस्कार वसेको हुन्छ दुर्गन्धी, निन्दा संझदैनन् यसै विषयमा दृष्टान्त भन्छु सुन—

कुनै सहरका बाहिर पटी वजिकै, योटा महात्मा वस्तथे । एकदिन उहि देशका राजा गएर ती महात्मा सङ्ग प्रार्थना गरे । महाराज ? मेरा घरमा पाउ राखेर घर पवित्र पारिदिनुहोस । पैलेता महात्माले मानेनन्, तर राजाले सारै विन्ती गरे, अनि राजा संगै गएर राजाका दरवारमा वसे । एक छिन वसेपछि, महात्माले भने राजन् ? तपाइंका घरमा ज्यादै दुर्गन्धी आउदो रहेछ म जान्छु । राजाले भने बाबाजी ? यहाँ दुर्गन्ध छैन, सफा छ के भनिवक्सेको । महात्माले भने, तपाइंलाई दुर्गन्धले दुर्गन्ध छु भनेर वताउँदैन । तपाइंको स्वभाव दुर्गन्धी भै रहेको छ । हिडनु होस, तपाइंलाई म देखाउँछु । महात्मा राजालाई लिएर जुन ठाउँमा कांचो छाला पकाउनका निमित्त खाडल बन्दै थियो त्यसै ठाउँमा गए । उहाँ गएर उभिए पछि राजाले महात्मासङ्ग भने, लौ यहाँ ता कुहेका छालाको दुर्गन्ध पो आउँदो रहेछ । राजाको कुरा सुनेर, महात्माले सार्कीलाई वोलाएर सोधे । भैया ? के यहाँ कोहि दुर्गन्ध आउँछ । सार्कीले भन्यो अहं यहाँ केहि दुर्गन्धी चीज छैन । सार्कीले यसो भने पछि राजासङ्ग महात्माले भने, हेर्नु होस यो सार्की भन्छ यहाँ दुर्गन्धी क्यै छैन, तपाइंलाई कसरि दुर्गन्ध आउछ ! राजाले भने प्रतिदिन दुर्गन्ध सुङ्दा सुङ्दा सार्कीको दिमाग स्वयं दुर्गन्धी भएकोछ, यसैले उसलाई गन्हाउँदैन । अव महात्माले राजासङ्ग भने, यसै गरि तपाइंका घरको दुर्गन्ध पनि तपाइंका दिमाकमा घुसेको छ र तपाइंलाई गन्हाउँदैन । जुन वस्तु आफ्ना दिमाकमा घुसेको छ त्यो वस्तु या चीज घृणित नराम्रो मानिदैन । गृहस्थाश्रमको दुर्गन्ध तपाइंका दिमाकमा घुस्यो, यसैले दिमाक दुर्गन्धी भएको छ । तपाइंलाई गृहस्थाश्रमबाट घृणा पैदा हुँदैन । राजाले भने सत्य हो । प्रियपाठक ! गृहस्थाश्रमको धनार्जन, उसको चोर डाकाबाट रक्षा, परिवारको पालन पोषण इत्यादि व्यवहारको दुर्गन्धले बुद्धि दुर्गन्धी भएको हुन्छ । यसैले गर्दा सज्जनहरूले उपदेश गरेको कथा, आत्मज्ञान, गृहस्थले गर्नु पर्ने राम्रा भगवान् खूसि हुने कामहरू मनमा अड़िदैनन् । सुन्छन् र पनि सुन्दैनन् । त्यसवेला तिनीहरूको शरीरमात्र उपदेश गरेका ठाउमा हुन्छ । मन, बुद्धि भने धनमा र स्त्री, पुत्र, पशु, आदिमा गै रहेको हुन्छ, उनीहरूकै कथा, झगडा, मित्रता इत्यादि देखिरहेको सुनिरहेको हुन्छ । कसैले धर्म, सदाचारको कुरा गर्‍यो भने, तेरा धर्म कर्मले खान दिन्छ ।

अब त्यो समय छैन, यो कलियुग हो भन्छन् । मन मैला भएर त्यसो गरेको भनेको हो । तर शास्त्रले जुन जातलाई जुन जुन कर्म गर्न अधिकार दिएको छ, त्यो त्यो कर्म गर्दा मनको मैला हट्छ, राम्रो काम गरे पछि भगवान् पनि खुसि हुन्छन् । राम्रो काम गर्नेदेखि जगतै संतुष्ट हुन्छ, भगवान्को ता के कुरा, भगवान्ता एक मात्र हुनुहुन्छ । शास्त्र न पढिकन र सज्जनको सङ्ग नगरि, स्वयं ज्ञान हुँदैन ।

यसै विषयमा अर्को कथा । कुनै सहरमा, एउटा धनी पुरुष, आफ्ना घरका ढोकामा उभिरहेका थिए । त्यसै वेला एउटा भङ्गी अथवा च्यामे छाप्रीमा (टोकरी) टट्टी बोकेर त्यतैबाट जाँदैथियो । त्यसलाई देखेर धनीले भने, अरे नीच ! त्यो नीच मैला खुल्ला गरेर नलैजा । त्यो देखेर मानिसको जिउ चिलाउन थाल्छ । कपडाले छोपेर लाने गर । च्यामेले भन्यो, कपडा नै छैन हजुर ! के ले छोपनु । धनीले एउटा कपडा दिए र यसैले ढाकेर लैजा भने च्यामेले कपडाले छाप्री छोपेर हिड्यो । जादै थियो बाटैमा तीन जना मानिस उभिरहेका थिए । तिनीहरूले, यो च्यामे, छाप्रीमा क्यै राम्रो चीज लिएर आउँदैछ भन्ने सम्झेर साधे, यसमा के छ हामीलाई देखा ! च्यामेले भन्यो, यो तपाइँहरूले हेर्न लायकको छैन । तिनीहरूले च्यामेले भनेको मानेनन् । पछि पछि लागेर हिड़े । अलिक पर बाटामा एउटा मानिस उभिरहेका थिए । तिनीले भने, ए भाइ हो टट्टीका पछि पछि लागेर किन हिड्छौ ! यसमा कुनै राम्रो कुरा छैन मैला छ । त्यो सुनेर १ जना फर्के २ जना पछि लागेर गए । अलिक पर गए पछि फेरि च्यामेले नै भन्यो । यसमा कुनै राम्रो पदार्थ छैन टट्टी छ, तिमीहरू किन दुःख पाउछौ । यति भने पछि अर्को पनि फर्क्यो । तेस्रो चइ पत्याउदैन, पछि लाग्यो । म ता नदेखिकन फर्कन्न देखाई दे भन्या । च्यामेले पनि एकान्त गल्लीमा लग्यो र रुमाल झिकेर लौ यथेच्छा हेर्नुहोस भन्यो । पुरुषले हेऱ्यो । टट्टीको सम्पूर्ण दुर्गन्ध त्यसका नाकमा, मुखमा पस्यो, अनि भाग्यो, दुर्गन्धका पीरले गल्लीमा पछारियो र शरारमा चोट पनि लाग्यो । यो दृष्टान्त हो दार्ष्टान्तमा सुन । गृहस्थी बन्न आफ्ना शरीरको सौख्य निमित्त हामीले जम्मा गरेका, घर, स्त्री, पशु, धन, पुत्रादि सबैलाई टोकरी संझ । खाँदा, संसर्ग गर्दा, बोली चालीमा राम्रा छन्, यिनीहरू विना व्यवहार चालू हुँदैन । बाहिर हेर्दा राम्रा प्यारा छन् । यी मैला छोप्ने रुमाल जस्ता या रुमाल हुन् । यिनीहरूका सङ्ग गरेको सुख भोग मैला हो । तिनाहरूमा आसक्त भएर भोग विलास गर्ने पुरुष च्यामे भन्ने जान । पुरुष तीन थरीका हुन्छन् 'उत्तम, मध्यम, अधम । उत्तम चई बाटामा भेटेका कुनै पुरुषले झैं, कुनै ज्ञानीले, विषयासक्तका पछि न लाग दुःख पाउँछौ भनेर उपदेश गर्दा मान्छ र आफ्नु भलाई पर्टी लाग्छ । मध्यम चई मान्दैन र पनि क्यै धक्का पाए पछि,

कुनैदिन सज्जनका उपदेशले फर्कन्छ । जो अधम छ, त्यसलाई शास्त्र विद्वान्‌ कसैको उपदेश लाग्दैन, मन परी भन्छ गर्छ, अनि कुटाई, घोक्र्याई नाना प्रकारका दुःख भोग गर्दै जान्छ । विषयासक्त, अज्ञानी देहलाई म र घर आदिलाई मेरो, चौविसै घण्टा सम्पत्ति र शरीरको सौख्य मात्रमा ध्यान दिने, आफ्नु भविष्य सुधार्न चेष्टा नगर्ने अविवेकी यै संसार मानै जन्म मरणको दुःख भोगिरहन्छ ।

यो मनुष्य लोकमा मानिसको शरीर इन्द्रियहरूमा 'म' भन्ने अभिमान र घर, स्त्री, पुत्र, धन, पशु आदिमा मेरो भन्ने ममता भैरहेको छ यो हुनुनै दुःखको कारण हो । जसको उक्त विषयमा अभिमान र ममता छैन त्यो घर मै बसेर पनि मुक्त हुन्छ । अभिमान र ममता न छुटेको मानिस तीर्थमा गए र मरेपनि मुक्त हुँदैन । यसै विषयमा दृष्टान्त भन्छु सावधान भएर सुन । अघि चन्द्रध्वज भन्ने एउटा राजाथिए । ती संधै सज्जन, महात्माहरू संग सत्संग गर्न जान्थे । एक दिन आफ्नै नगरका नजिकै कुटी बनाएर बसेका महात्मा संग गएर राजाले भने । बाबाजी ? राजकाजमा ज्यादै दुख हुदोरहेछ । त्यो दुःख हटाउने कुनै उपाय भन्नुहोस । महात्माले भने, राजन् पहिले तपाईंको राज्य मलाई दान दिनुहोस अनि उपदेश गरौंला । राजाले पनि पानी समाएर तुरून्तै महातमालाई राज्यदान दिए । महात्माले भने राजन् ? अब यो राज्यमा तपाइंको स्वत्व अथवा मेरो राज्य भन्ने अभिमान छकि छैन ? भन्नुहोस । राजाले भने महाराज ? अब मलाई मेरो राज्य भन्ने ममता, अभिमान क्यै छैन, चाहे बिग्रियोस चाहे सप्रियोस । महात्माले भने, अब त्यसो भए तपाइं मेरौं तर्फबाट मेरो आज्ञा लिएर राज्य चलाउनुहोस । तपाईंलाई खान, लाउन, परिवार नोकरहरूका निमित्त जति खर्चको आवश्यक पर्छ त्यति आफू तनाखा याजागिर संझेर लिनु र खर्च गर्नु । राजा पनि आफूलाई महात्माको नोकर संझेर राजकाज गर्न लागे । जो मालिकको काम राम्ररि गर्दछ उहि नोकर धर्मात्मा कहिन्छ । फेरि एक दिन महात्मा गएर राजालाई सोधे । राजन् ? राजकाजमा तपाइंको चित्तता चञ्चल भएको छैन ? अब राज्यमा, मेरो राज्य भन्ने, ममता मलाई छैन, किन चित्त चञ्चल हुन्थ्यो । महात्माले भने ठीक हो । राजन् अब विचार गर्नुहोस, तपाइंलाई भन्छु, तपाईंले अघि मलाई दुख हटाउने उपाय सोध्नु भएको थियो । अब सुन्नु होस । दुःख हटे पछि मुक्त हुन्छ । यों राज्य मलाई तपाईंले दान नदीउञ्जेल तपाइंको थियो । मेरो राज्य भन्नु हुन्थ्यो । राज्यमा कसैले हस्तक्षेप गर्‍यो वाबिग्रयों भने तपाइंको चित्त दुख्थ्यो । राज्यका पीरले निद्र लाग्दैनथ्यो । मलाई सुम्पे पछि राज्यमा तपाईंको मेरो भन्ने स्वत्व वा ममता हट्यो । अब तपाईलाई राज्यले बाधेन, राज्यबाट मुक्त हुनु भो । त्यस्तै, मेरो घर हुँन, धर्मशाला हो, मेरा पछि

छोरो बस्छ उस पछि अर्को बस्छ। जगा साजा हो सबैले जोत्न पाइन्छ। व्यवहार नमिलने हुदा तेरो मेरो गरेको मात्र हो। शरीर दाह गरे अग्निको, बाघ भालुले खाए भने उनैको हो मेरो ह्वैन, त्यस्तो विनाशी शरीर मं ह्वैन। स्त्री पुत्रादि मेरा ह्वैनन् भने र अहंकार र ममता छोडेर मं ब्रह्म हूँ भन्ने ज्ञान हुनुवै मुक्त हुनु हो भने र महात्माले उपदेश गर्नु भयो। राजा मुक्त भए।

प्रश्न—अहंकार र ममता त्याग गरेर 'मं' ब्रह्म हूँ भन्ने ज्ञान भए पछि मुक्त हुन्छ भन्नु भयो। मुक्तको र मुक्तिको अर्थ के हो। मं ब्रह्म हूँ, भने र संधै जप गर्दा मुक्त हुन्छ कि, के गर्नु वा भन्नु पर्छ, मुक्तिका साधन के हुन्। उत्तर—यसै विषयमा यौटा दृष्टान्त पहिले सुन—

दुइटा राजा आ आफ्ना रथमा चढेर विश्वनाथको दर्शन गर्न भनेर हिडे। यौटा राजाको सारथि विवेक नभएको मूर्ख थियो। लगाम खिच्न सकेन घोडाले बदमास गरे, अप्ठ्यारा बाटातिर लागेर। जङ्गलमा पसे। राजा विश्वनाथका मन्दिरमा पुग्न सकेनन्, जङ्गलमै घुमिरहे। अर्का राजाको सारथि बड़ो विवेकी ज्ञानी थियो। लगम खिचेर घोडाहरूलाई राम्रा बाटामा हिडायो जङ्गलतिर पस्न दिएन, राजा मन्दिरमा पुगे। अब दार्ष्टान्तिमा भन्छ सुन।

यो शरीरलाई 'रथ, आत्मालाई 'राजा या रथि, बुद्धिलाई सारथि मनलाई 'लगम' इन्द्रियहरू लाई घोडा र रूप, रस, गन्ध, शव्द, स्पर्श, यो पाच विषय-लाई बाटो भनेर जान। जून आत्माको या जसको निर्विवेकी बुद्धि छ बुद्धिले मनलाई खिच्तैन। मन द्वारा इन्द्रिय रोक्न सक्तैन भने त्यसका इन्द्रिय बदमास हुन्छन् आँखाले मनलाई घिच्याउदै सिनेमा हेर्न पुऱ्याउछ। हेर्ने मानिस बाटामा वा सिनेमा हलमा कुनै न कुनै दुःख पाउँछ, चिताएको कुरा पूरा हुन सक्तैन। तर सेनमामा देखाउने चरित्रमा पहिले नै मन घुसेको हुन्छ र बाटामा परेको दुःख संझदैन। त्यस्तै कतै गाना, प्रवचन, कतै बाद विवाद, कथा आदिमा कानले। दुर्गंध वा सुगन्ध सुघ्न नाकले, कतै मिठो वा न मिठो पदार्थको स्वाद लिन जिभ्राले, तातो वा चीसाको सुखलिन छालाले, उक्त पाच विषयमा परेका सुरत क्रीडा-तिर लिङ्गले मनलाई तान्दै पुऱ्याउछन्। यी उक्त विषयमा जो आसक्त हुन्छ त्यसलाई आत्मा अनात्माको ज्ञान हुँदैन र मुक्त हुँदैन सन्सारमा घुम्छ। ती विषय कुमार्ग हुन्। जसको बुद्धि राम्रो स्वच्छ छ त्यो मानिसका निर्मल बुद्धिले मनलाई खिच्तछ, इन्द्रियहरूका पछि लागेर दौडन दिदैन भने, मनलाई, साथैमा, लान नपाए पछि उक्त विषयतिर जान सक्तैनन्। भनेको पनि छ। मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः। मानिसहरूको बद्ध हुन र मुक्त हुनमा कारण

मन नै हो। विषयतिर जसका इन्द्रिय दौडदैनन् त्यो मुक्त हुन्छ। मुक्तिको अर्थ मुक्ति हुनु, मुक्ति धर्म, 'मुक्त–मुक्त भएको या छूटेको, मुक्त धर्मी, अथवा मुक्तिले धर्मलाई र मुक्तले धर्मीलाई बुझाउँछ। मुक्तिका ऊपर मुख्य वैराग्य कारणछ। कुनै विनाशि वस्तुको इच्छा नगर्नु वैराग्य भनिन्छ। जस्तै सेनेमा हेर्न जाउँ, जान्न; कसैको प्रवचन सुन्न जाउँ जान्न, रेडियो सुन्, सुन्दिन इत्यादिबाट हट्नु, आसक्त न हुनु वैराग्य भनिन्छ। वैराग्य भए पछि मात्र शास्त्रको अध्ययन गुरुको उपदेश लिनपटि लाग्छ र आफूलाई मं ब्रह्म हूँ भन्ने जान्दछ, आफूलाई 'मं ब्रह्म हूँ" नाशवान् स्त्री पुत्रादि जगत् ब्रह्म ह्वैन यो ज्ञान हुनु मुक्त हुनु हो यी मास्तिरका कथामा बताएका पाँच शब्दादि विषयमा दौडने, चक्षु, श्रोत्र, घ्राण, रसना, त्वक् (आँखा, कान, नाक, जिभ्रो, छाला) यी पांच इन्द्रिय र मन यी छ ओटा मनुष्यका परम शत्रुहुन्। यिनीहरूलाई नजिते सम्म तीर्थमा गएर वस्ता पनि शान्ति मिल्दैन। त्यसैकारणले जो यी छशत्रु जित्न इच्छा गर्छ, राजाले किल्लामा वसेर शत्रुहरूलाई जिते झैं, आफू घर पनि किल्ला हो, घरैमा वसेर पहिले चक्षु आदि छ शत्रु जितोस। अनिमात्र तीर्थ वास बस्न जाओस, अथवा घरैमा बसोस। जहाँ गएर बसे पनि मुक्त हुन्छ। जस्तै निधाएको मनुष्य स्वप्नामा हाति, गाई, रुपया आदि कुनै चीज देख्त छ। जागा भए पछि, मेरा हाति गाइ रूपया ख्वैकता गए भनेर, ममता गर्दैन, केवल मैंले यो यो देखे भनेर संझन्छ मात्र। त्यस्तै जीवन्मुक्त भएको पुरूष पनि, घर, स्त्री पुत्रादिमा मेरा भन्ने र देहेन्द्रियहरूमा मं भन्ने अभिमान नगरि संझेर मात्र, प्रारब्ध कर्म समाप्ति न हउञ्जेल सम्म विषय भोग गर्दै जीवन्निर्वाह गर्दछ। घरैमा बसेर ममता त्यागेर, घर व्यवहार गर्दछ। उसको चित्त विक्षेप (चञ्चल) हुदैन। परन्तु यस्तो हुनता कठोर छ। जब सम्म पुरूषको मन चञ्चल भएर भित्र हृदयमा रहेका, आत्मातिर फर्कदैन, तब सम्म पुरुष विषय तर्फनै दौडन्छ। मनलाई भित्र फर्काउनाका निमित्त शास्त्र बनाउनेहरूले योगाभ्यास आदि अनेक साधन बताएका छन्। प्रथम ठूला पदार्थमा मन लगाउनु ठूला पदार्थमा जब स्थिर हुन्छ, अनि बिस्तारै सोहि पदार्थमा गएर अडिन्छ। पैलि ठूलामा स्थिर भएर नवसि सूक्ष्ममा अडिन सक्तैन। यसै विषयमा योग सूत्रमा लेखेको छ। जुन चीज आफूलाई ज्यादै प्यारो लाग्छ, त्यसैमा प्रथम मन लगाउनु। कुनै मानिसकै होस, अथवा विष्णु आदि कुनै देवताको मूर्तिमा लगाएर रोकनु पर्दछ। रोकन ता कठोर छ। रोकन खोज्यो भागिजान्छ, फेरि फर्काउनु, फेरि भाग्छ कसै संग भेट गर्छ, कतै झगडा गर्न लाग्छ, धन कमाउन थाल्छ, फेरि फर्काउनु, यसै गरि बारम्बार अभ्यास गरेर लक्ष्य वस्तुमा स्थिर गर्नु पर्दछ। मन नरोकी ठूलो सुख हुँदैन। केवल ज्ञानको,

कुरा मात्रले पनि सुख हुन्न । मन रोक्ने साधन, अभ्यास र वैराग्य हुन् भन्ने लेखेको छ । अर्थात् जसो गरेर मन रोकिन्छ त्यसै गरेर रोक्नु । यसै विषयमा एक दृष्टान्त भन्दछु—

यौटा भङ्गी संधै राजदरबारमा पाखाना सफा गर्न जान्थ्यो, एक दिन अकस्मात् सिंहासनमा बसिरहेकी रानीलाई देख्यो । रानी अति राम्री थियिन् । रानीमा उसको मन स्थायी भएर बस्यो । बिहोस हुदै घरमा पुग्यो र पल्टचो र आफ्नी पत्नी संग भन्यो । प्यारी ? मं ता अब ३।४ घडी भित्रैमा मर्छु । स्त्रीले मर्नुको कारण भङ्गी संग सोधि, उसले आफूलाई मर्न लागेको खबर सबै बतायो । स्त्रीले भनि, धैर्य रहनुहोस, यसको उपाय मं गर्छु । यति भनेर स्त्री रानी संग पुगि र पतिको सबै मर्न आटेको कारण भनि र कुनै दवाई वताइ दिनुहोस भनि । रानी बड़ी बुद्धिमानी थियिन् । उनीले भनिन् । तिमी जाउ र पति संग भन । साधुको वेष लिउन र नदीका किनारामा गएर पद्मासन कसेर रातदिन तिम्रा पतिले मेरो ध्यान गरुन् । बाहिर कसैलाई नहेरुन् । भित्र हृदयमा मैलाई हेरुन् । क्यै दिन पछि मं आफैं उसै ठाउमा आउने छु । स्त्री फर्केर गयिन् र पति संग, रानीसंग भेट हुने उपाय भनिन् । भने बमोजिम नदीका तटमा गएर पद्मासन कसेर रानीको ध्यान गर्न लाग्यो । रानीलाई हृदयमा यसरि संझ्यो कि, कुनै आओस, जाओस, कुनै चीज लैजाओस, वा ल्याओस थाहा पाउदैन । बाहिरी या सन्सारको क्यै पनि उसलाई संझना भएन । त्यसको चर्चा सुनेर सबै हेर्न गए एक दिन राजा समेत गए, तर यसो आंखा उघारेर पनि हेरेन । एकाकार वृत्ति हुनाले वृत्तिमा चेतनको प्रतिबिम्ब पनि स्थिर भयो । आत्म सुखका अगाडी विषयको सौख्य फीका नीरस प्रतीति हुन्छ । अब यता रानीले राजा संग भनिन, मं पनि दर्शन गरेर आउछु । राजाले भने जाउ । रानी उहा पुगिन्, नजिकै गएर उसलाई भनिन् । साधुजी ? अलिकति आंखा उघारेर हेर म आएं । जसलाई भेटनका निमित्त तिमीले यत्रो आडम्बर देखायौ तिनै रानी म हूं । भङ्गी साधुले भन्यो जसका अगाडी हज्जारौं रानीहरू हात जोडेर स्तुति गरर उभिरहका छन्, त्यस्ती जगत्की रानी लाई मैले पाएं । अब तिमी जाइ जाउ । मं वडी रानीका साथमा मिलें । साधुको कुरा सुनेर रानी फर्केर दरवारमा गयिन् । पाठक ? विचार गए, मन रोक्ता मात्र ठूलो सुख हुन्छ । मन यता उति घुम्न लाग्यो, विभिन्न पदार्थको कल्पना गर्न लाग्यो भने भारी दुःख हुन्छ । सुखको इच्छा गर्ने पुरुषले सक्तो मनलाई रोक्नू पर्छ, स्वतन्त्र भएर घुम्न दिनु हुदैन ।

यसै विषयमा अर्को दृष्टान्त भन्दछु । एउटा राजाले अर्को राज्यमा चढाई

गरेर राजाको राज्य जिते । त्यो राज्यमा पर्यै दिन बसेर आफ्ना राज्यमा आउन तत्पर भए । त्यसवेला आफ्ना घरमा, जस जसलाई जे जे चाहिन्छ तुरुन्त पत्रमा लेखेर पठाउनु, त्यै त्यै चीज मं आउँदा लिएर आउँछु भन्ने पत्र लेखेर पठाए । पत्र पुग्यो, सबै रानीहरूले त्यो देशको गहना कपड़ा लिएर आउनु भन्ने लेखे । कान्छी रानीले चहिं पत्रमा १ को अङ्क लेखेर खाम मारेर पठाइन् । राजाले सबका चिट्ठो हेरेर लेखे वमोजिमका कपड़ा गहना आदि किनेर तयार पारे । अनि कान्छा रानीको पत्र हेरे, उसमा केहि लेखेका थिएन, केवल १ का अङ्क मात्र लेखेका थिया । राजाले मन्त्री संग भने, कान्छी रानी कस्ति मूर्ख रहिछन् । पत्रमा १ को अङ्क मात्र लेखेर पठाइन्, मन्त्री ? यसको अभिप्राय केहो ? मलाई बताउ । मन्त्रीले भने, सबै रानी मध्यमा यिन बाठा हुन् । यो १ का अङ्क लेख्नुको मतलब के हो भने मलाई एक तपाईंका मात्र जरूरत छ अरु कुनै चीजको जरूरत छैन यै हो । राजाले भने ठीक हो । अब राजा आफ्ना घरमा पुगे, जस जसले जेजे चीज झिकाएको थियो त्यै त्यो उस उसका घरमा पठाइ दिए । आफू कान्छी रानीका घरमा गए । राजा संग भएको सम्पत्ति पनि सबै कान्छीकै घरमा गया । यो ता दृष्टान्त हो अब दार्ष्टान्तिमा सुन । सन्सारमा फलको इच्छा गरेर कर्म गर्ने मानिसहरू, रानीहरूले त्यै त्य गहना वस्त्र आदि राजाबाट पाए झैं, तत् तत् पुत्रादि फल तत् तत् देवताबाट पाउँछन् । इच्छा गरे भन्दा बढि पाउँदैनन् । जो ज्ञानी पुरुष एक ब्रह्म प्राप्तिका निमित्त मात्र कर्म गर्दछ त्यो कान्छी रानीले राजा र राजासंग भएको सबै सम्पत्ति पाए झैं, एक ब्रह्म प्राप्त गर्छ, ब्रह्मका साथमा भएका अज, अमर, अभय आदि धर्म पनि पाउँछ । अर्थात् जन्म मरण रूपी सन्सारबाट छुट्दछ । आफूले गरेका शुभ वा अशुभ कर्मको फल, नभोगी सुख नपाइने हुनाले, फलेच्छा गरेर कर्म गर्ने जो, जन्ममरण रूपी सन्सारबाट छुट्दैन । यसले ब्रह्म प्राप्त गर्ने इच्छा भएका मानिसले निष्काम गर्नु, त्यसले बुद्धिको मल हट्छ, अनि ज्ञान हुन्छ, ज्ञान द्वारा ब्रह्म चिन्छ र मुक्त हुन्छ ।

पाठक ? ब्रह्मप्राप्तिक विषयमा अर्को दृष्टान्त भन्छु सुन ।

यौटा सहरमा दुइटा मानिस वमारी थिए । ती दुवैको यौटा चीजलाई दुइटा देख्ने एउटै बमार थिया । दुवै जना मिलेर वैद्य सग दवाई गरि माग्न गए । वैद्य सग भने वैद्य जी ? हामा दुइजनाका एक पदार्थलाई दोटा देख्ने बेमार छ, त्यो बमारको दवाइ गरिदिनु होस । वैद्यले भने, भाइ हो ? तिमाहरूका भन्दा मेरा बढी बेमार छ । मता एक चीजलाई तीन चीज देख्तछु, मेरै दवाई गर्न सकेको छैन, तिमाहरूका के गर्न सक्तछु सक्तिन । वैद्यको कुरा श्रवण गरेर एउटा चहिं, यो स्वय बमारी रहछन्, हाम्रो के दवाइ गर्छन् भनेर हिंड़े । अर्को

विचार गर्न नसक्ने चइं वैद्य के साथमा बरो । रोगको औषधि गर्न लागे । क्यै दिन पछि ती पनि वैद्यको जस्तै योटा लाई, तीनोटा देखन थाले । यो दृष्टान्त हो, अब दार्ष्टान्तिमा सुन । ईश्वर र जीवलाई भिन्ना भिन्नै मान्नु भेद हो । दुइटा मान्नु ह्वैत हो । ईश्वर र जीव दुइटा बेमारी मानिस जान । तिनी ईश्वर जीव एक हुन् । तिनीहरूको भेद या दुइटा ठान्नु रोग हो । ती भेद देखने दुइटा वैद्य जस्ता गुरुसंग गए । वैद्य जस्तै एउटालाई तीनोटवा देख्त थे, त्यस्तै गुरु पनि एकलाई तीन देख्थे । त्यस्ता गुरुसंग गए र, सोधे । गुरुजी ? ईश्वर र जीव एक हुन् कि दुइहुन, मता दुइ संझन्छु के हो भनेर सोधे । गुरुले भन्नु भयो; नानि ? मंता तीन देख्तछु । एक चइं मं हूं, दोस्रा ईश्वर हुनुहुन्छ, तेस्रो प्रकृति या माया हुन् । अथवा ब्रह्मा, विष्णु, शिव, यी ईश्वर हुन्, यी एके ह्वनन् । भिन्नभिन्नै हुन् । यी तीन देवताको उपासना गर्दा मुक्ति हुथिन्छ । भनेर गुरुले तीन भेद गरेर, शिष्यलाई उपदेश दिए । भेददर्शी गुरुका उपदेशले मुक्ति हुइदैन । जो एक आत्मवादी छन् कुनैमा भेद देख्तैनन्, त्यस्ता अभेददर्शीका उपदेशले मात्र मानिस मुक्त हुन्छ ।

श्रीमान् भक्त पाठक ? जुनसमयमा जीव पिताको बीर्य द्वारा, माताको गर्भमा प्रवेश गर्छ । रजसंग संयोग हुन्छ र गर्भमा शरीर तयार हुन्छ । छ मैन्हाको गर्भ भए पछि गर्भमा रहेका त्या जीबलाई अघिका अनेक जन्मको संझना हुन्छ । जन्म जन्मको आफुले भोग गरेको सुख बा दुख संझेर ईश्वरलाई प्रार्थना गर्छ हे भगवन् ? मं गर्भबाट बाहिर निष्केपछि वारम्बार तपाइंको भजन गर्नेछु भनेर ईश्वरको प्रार्थना गर्छ । पैदा भए पछि, आफूले गर्भमा भजन गर्ने छु भन्ने कवोल गरेको कुरा बिर्सन्छ, मायामा फस्छ । आफूले कवोल गरेको बिर्सन्छ भजन गर्दैन जन्मनु मर्नु गरिरहन्छ । त्यो पुरुष पनि ठहरिदैन, जो आफ्नू प्रतिज्ञा पालना गर्दैन । यसै विषयमा एउटा दृष्टान्त सुनाउछु सुन—

एउटा सहरको छेउमा भएका वनभित्र एक महात्मा वस्तथे । तो संधै भिक्षा माग्न गाउंमा जान्थे । बाटामा वेश्याका घर थिया । घरका नजिकमा महात्मा पुगे पछि, तिमा पुरुष हौ कि, स्त्री हौ भनेर तो वेश्या महात्मा संग सबै सोद्धथिन् महात्मा भन्थे, यसको जबाफ म फेरी दिउंला । यसै प्रकारले परस्परमा, प्रश्न, उत्तर गर्दै धेरै वर्ष वाते । महात्माका मृत्युको समय आयो मरे । महात्मा मरेका सुनेर धेरै मानिस जम्मा भए । वेश्या पनि महात्मा मरेका सुनेर हेर्न गयिन् । हेर्ने मानिसका भीड थिया । तो वेश्याले भनिन्, हट मलाई पनि दर्शन गर्न देओ ।

मानिस अलिक हटे । मूर्दाका नजिकै गएर मूर्दा रूप महात्माको नाम लिएर वेश्याले, तिमी पुरुष हौ कि स्त्री हौ भनेर तीन पटक सोधिन् । निर्जीव मूर्दाले के उत्तर दिन्थ्यो तीन पल्ट सोढा पनि उत्तर गरेन र फेरि वेश्याले भनिन् । महात्मा सत्यवादी हुन्छन्, तपाइँले भनेको थियो ; तिम्रा प्रश्नको उत्तर फेरि दिउला । मेरा प्रश्नको उत्तर न दि किन मर्नु भयो ? तपाइँ असत्यवादी ठहरिनु हुन्छ । वेश्याले जब यति भनिन् तब महात्मा जुरुक्क उठेर भन्न लागे । म पुरुष हूं, म पुरुष हूं । यो सुनेर वेश्याले भनिन्, तपाइँ म पुरुष हूं भन्ने पहिले नै जान्नु हुन्थ्यो, किन म पुरुष हूं भन्नु भएन ! महात्माले भने, वाहिरका चिन्हले मानिस पारमार्थिक पुरुष हुन सक्तैन, शरीरका चिन्हको पुरुष मात्र हुन्छ । सच्चा पुरुष वन्न भित्रिया दृष्टिको आवश्यक पर्छ । वाहिरका शरीरका चिन्हले ता मानिसहरू को देखावटि पुरुष वा भक्त हुन्छ । सच्चा हुदैन । वास्तवमा जो आफ्नु वचन पालना गर्छ त्यो पुरुष कहिन्छ । उसैवेला तिमीलाई म पुरुष हूं भनेर उत्तर दिने थिएँ, तर वीचमा अनेक विघ्नवाघा पर्लान्, म कसरि पुरुष हुन सक्तथें । वीचमा वीचमा कथन्चित् कुसंग भयो भने बुद्धि भ्रष्ट हुन्छ र पुरुष हुदैन । अवता मेरो आयु समाप्त भो, कुसंग; कुअन्न भेटेर बुद्धि विग्रन्छ भन्ने डर मलाई छैन । यसैले म पुरुष हूं । गर्भमा आफुले गरेको प्रतिज्ञापालना नगर्ने र शास्त्र वमोजिम न चल्ने मानिस पुरुष ठहरिदैन । वेश्या यो सुनेर ठीक हो भन्दै गइन् ।

अर्को लौकिक दृष्टान्त तिमीलाई सुनाउँछु । जुन प्रदेशमा वन्जर र गरुड़ गङ्गा नदीको संयोग हुन्छ, त्यसै ठाउँमा देवशर्मा भन्ने यौटा ब्राह्मण थिए । तिनीकी स्त्रीको नाम सुधर्मा थियो । ती ब्राह्मणको सन्तान भएन । पुत्रका निमित्त ती ब्राह्मणले वन्जरा र गरुड़ गङ्गा नदीको उपासना गरे । उपासना गर्दा गर्दै साठी वर्षका भए । अनिमात्र एउटा पुत्र जन्म्यो, त्यौ पनि अन्धो । अन्धो नै भएता पनि पुत्र जन्मदा माता पिता खूसिभए । प्यारो गरेर पालन पोषण गरे । पाँच वर्षको भए पछि व्रतबन्ध गरिदिए र पढाउन थाले । ४।५ वर्ष मात्रै पढेर ती अन्धा विद्वान् भए । एक दिन ती अन्धा घरमा वसिरहेका थिए, तिनका पिता पनि कतै घुमेर आए, पुत्र कै नजिकमा गएर बसे । अन्धाले पितालाई ढोगिदिए र सोधे । पिताजी ? के पापले मानिस अन्धो हुन्छ ? पुत्र ? पूर्व जन्ममा रत्न चोरेका पापले मानिस अन्धो भएर जन्मन्छ । पुत्रले भने, पिताजी ? योकुरा हुँदैन । शास्त्र बनाउनेहरूले, यो नियम राखेको छ । "कारणगुणा हि कार्य गुणानारभन्ते" कारणका गुणहरू कार्यका गुणहरूलाई पैदा गर्छन् । अर्थात् कारणका गुणहरू कार्यमा आउँछन् । जस्तो माटाको गुण गाग्रामा, धागाको गुण कपडामा आउँछ । त्यस्तै माता पिताको गुण छोरा छोरीमा आउँछ । पिताले खाएका

अन्नबाट वीर्य बन्द छ। फलामलाई ढाकेर अग्नि वसे झैं, वीर्यलाई ढाकेर चेतन जीब वसेको हुन्छ। पिताले खाएको अशुद्ध वा शुद्ध अन्नबाट पैदा भएका वीर्यका बासनाले रङिएको हुन्छ। त्यो बीर्य द्वारा माताका गर्भमा पस्छ। गर्भधान रोपने भूमि जस्तो हो। त्यो गर्भरूपी भूमिमा पसे पछि त्यसको वासनाले पनि रङिन्छ। अब जन्मदा दुवैतिरको वासना या गन्ध, या संस्कारले रङिएर जन्मन्छ। अघिल्ला जन्मको संस्कार प्रधान हुन्छ। जन्मान्तरको त्यो संस्कार अनुसार राम्रा काम वा नराम्रा काममा प्रवृत्ति हुन्छ। तत्र तं बुद्धि संयोगं लभते पौर्व दैहिकम्, यो गीताको उक्ति वमोजिम, पूर्व जन्मको संस्कार यो जन्ममा अवश्य नै आउछ। अन्धाले भने, पिताजी ? यो कुरा मं जान्द छु। तपाईं अन्धो हुनुहुन्छ, यसैले गर्दा तपाईंका घरमा मं पनि अन्वो भए र जन्मे। यो कुरा सुनेर बाबु रिसार भने, मं कसरि अन्धो छु। छोराले भने, पिताजी ? वञ्जरा र गरुड गङ्गा संगम भएको ठाउँ मुक्ति दिने हो। त्यहाँ वसेर पुत्रका निमित्त, नदीको उपासना गर्नु भयो। यसैले तपाईं अन्धो हुनुहुन्छ, मं अन्धो छैन। फलको इच्छा गरेर कर्म, देवताको उपासना, गर्ने मानिस अन्धो ठहरिन्छ। दुःखबाट छुट्ने कुरा चईं नमागेर, वन्वन गर्ने मारछ भने त्यो अन्धो हो पिताजी ? तपाईंले ब्रह्मास्त्र लिएर मच्छड मार्नु भो। अतः तपाई अन्धो हुनुहुन्छ। शास्त्र पढेर मूतको किराका लागि तपाईंले जन्म भर तप गर्नु भो त्यस्ता पुत्रता सूगूर, कुक्कूर गदहा आदिले तपस्या नै नगरि पैदा गरेका छन्। पुत्र द्वारा कसैको शुभगति भएको देखिएन र हुने पनि छैन। आफ्ना पुरुषार्थबाट नै शुभगति हुन्छ। जो पुरुष जन्म मरण रूप सन्सारबाट छुट्न इच्छा गर्छ, त्यो पुत्र पनि त्यागिदिन्छ। पुत्रबाट मुक्ति हुन्थ्यो भने, ज्ञानी किन पुत्रको त्याग गर्थ्यो। धेरै धेरै ज्ञानी पुरुषहरूले तपस्या गरेको देखियो। उनीहरूले मुक्तिका निमित्त गरे पुत्रका निमित्त गरेनन्। यसबाट साबीत हुन्छ कि पुत्रले शुभगति हुदैन। पिताजी ? जो पुत्रले असल गति हुन्छ भन्दछ, त्यो अन्धो हो।

य आत्मज्योतिरुत्सृज्योदयास्तमय वर्जितम्।
उदयास्तमयं ज्योतिः सेवते सोऽन्ध उच्यते ॥१॥

जुन पुरुष उत्पत्ति नाश नहुने भित्र हृदयमा रहेको आत्मज्योतिलाई छोडेर र बाहिर आकाशमा रहेका उदाउने र अस्ताउने सूर्य, चन्द्रमा, इन्द्रादि देव देवीको सेवा गर्छ त्यो अन्धो कहिन्छ। आँखा नदेख्ने अन्धो भनिदैन। जस्तो ब्रह्म शुद्ध, बुद्ध नित्यछ त्यस्तै जीब छ।

कोशोपाधि विवक्षायां याति ब्रह्मैव जीबताम् = पञ्च द० पं० को०; प्रबुद्धि—

-मा परेको ब्रह्मको छाया जीव भनिन्छ । वास्तवमा ब्रह्म नै हो, बुद्धिमा परेको ब्रह्मको छाया जीब हो, भन्ने इच्छा । गर्नेले जीब भन्दा भिन्न जस्तो भएको हो भिन्न ह्वैन ब्रह्म नै हो । पिताजी ? यो दृश्यमान जो जगत् छ सबै भ्रान्ति मात्र हो । जस्तो मरुभूमिमा जलको, डोरीमा सर्पको, सिपीमा चादिको भ्रम हुन्छ । भूमि आदि आधारको सत्यता जल आदि मा आरोप गरिन्छ र साँचै नै जल हो, सर्प हो, चांदि हो भनिन्छ । त्यस्तै ब्रह्ममा जगतको भ्रान्ति हुन्छ । ब्रह्मको सत्यता जगतमा आरोप या संझना गरिन्छ र सांचै जस्तो भ्रम हुन्छ । हामीले आँखाले देखिरहेका कुनै पदार्थ सत्य ह्वैनन्, नाशवान् हुन् । जो मानिस, शरीर इन्द्रियलाई मं, स्त्री पुत्रादिलाई मेरो भन्छ, तिनीहरू मर्दा, मं मरें, मेरो घर लड्यो, अब मं वाचेर के काम छ, छोरो मरि गयो यो धन पनिको खान्छ, घर पनि व्यर्थ बनाएछु भने र विलाप गर्छ, छाति ठोकि रून्छ । यो सबै कुरा जन्मान्तरको वासनाले भनेको हो । वासनाले नै जीब वन्धनमा पर्छ । वासना त्याग गर्नाले परमानन्द प्राप्त हुन्छ । वासनाले स्त्री पुत्रादिलाई मेरो भनेर संझदा अज्ञानी बन्यो । वासना त्यागे पछि आत्मा पटि मन लाग्छ ज्ञानी वन्छ । पिताजी ? ज्ञानी पुरुष ज्ञानरूपी आँखाले आत्मालाई देख्छ, अज्ञानी देख्तैन, यसैले अज्ञानी अन्धो कहिन्छ । जस्तो अन्धाले सूर्य आदि कसैलाई देख्तैन, त्यस्तै भेदवादी, अथवा देवता, देवीको भेद देख्ने पुरुष पनि सर्वत्र आत्मा देख्न सक्तैन । हे पिता तपाईं भेद बुद्धि हटाएर सर्वत्र आत्मा एक देख्नु होस । पुत्रका उपदेशले देव शर्मा ज्ञानी भए ।

पाठक तिमीलाई अर्को निर्मोही राजाको वृत्तान्त सुनाउँछु ।

अघि एउटा निर्मोहि नाम भएका राजा थिए । तिनेका पुत्र एक दिन सिकार खेलन वनमा गएका थिए । तिनीलाई ज्यादै तिर्खा लाग्यो र वनमा पानी खोज्दै जादा एउटा ऋषिका आश्रममा पुगे । ऋषिले ति राजपुत्रलाई पानी खान दिएर सोधे । तिमी कसका पुत्र हौ ? राजकुमारले भने मं निर्मोही राजाको पुत्र हूँ । निर्मोहो शब्दको अर्थ = मोह वा अज्ञान न भएको भन्ने हो । यसैले निर्मोही भन्दा छक्क परेर ऋषि भन्न लागे । एक निर्मोही, अर्को राजा यी २ कुरा एकै ठाउँमा कसरि हुन सक्तछ । जो निर्मोही हुन्छ उ राजा हुनै सक्तैन । जो राजा हुन्छ त्यो निर्मोही हुदैन । राज पुत्रले भने यदि तपाईंलाई विश्वास लागेन भने गएर परीक्षा गर्नुहोस । ऋषिले भने, हुन्छ मं परीक्षा गरेर आउँछु मं न आउन्जेल तिमी यै मेरा आश्रममा वस । यति भनेर ऋषि राज दरवारमा गए । ढोकामा राजाकी नोकर्नी उभिरहेकी देखेर । उनी संग ऋषिले यौटा दोहा भने ।

प्रश्न--तू सुन तेरी श्यामकी, बात सुनावो तोहि ।
कुवर विनस्यो सिंहने, आसन परयो मोहि ॥१॥

नोकर्नी भन्छे—नामैं चेरी[1] श्यामकी, नहि मेरा कोई श्याम ।
प्रारब्ध वश मेल यह, सुनो ऋषि अभिराम ॥२॥

ऋषिले अब राजपुत्रकी स्त्रीसंग भने,

तूं सुन चातुर सुन्दरी, अवला यौबन[2] वान ।
देवीवाहन दलमल्यो, तुमारो श्री भगवान ॥३॥

राजपुत्रकी स्त्रीले भनिन्—तपिया पूर्वजन्मकी, क्या ज्ञान तहँ लोक ।
मिले कर्मवश आन हम, अब विधि किन वियोग ॥४॥

कुमारकी माता संग भने—रानी तुमको विपति अति, सुत खायो मृगराज ।
हमने भोजन नाकियो, तिसी मृतकके काज ॥५॥

रानीले भनिन्—एक वृक्ष डाल घनी, पन्छी वैंठे आय ।
यह पाटी पीरो[3] भइ, उड़ उड़ चहुँ दिशि जाय ॥६॥

राजासंग ऋषिले भने—राजा मुखतें राम कहु, पल पल जात घड़ि ।
सुत खायो मृगराजने, मेरे पास खडी ॥७॥

ऋषिसंग राजाले भने—तपिया तप क्यों छाडियो, इहाँ पलक नहि सोग ।
वासाजगत् सरायका[4], सभी मुसाफिर लोग ॥८॥

ऋषिले सवैको यों उत्तर सुने, निर्मोही राजाका सवै परिवार निर्मोही रहेछन् भन्ने विश्वास भयो । ऋषि परीक्षा गरेर आश्रम मा आए र राज पुत्र संगभने, तिमीले साचै भने छौ । मैंले परीक्षा गरें, राजा निर्मोही नै हुन् । पाठक ? जो यस्तो निर्मोही छ, त्यै ज्ञानी हो । त्यै जीवन मुक्त हो ।

प्रिय पाठक ? आत्मा या ब्रह्मको विषयमा १ कथा भन्छु ।

प्रश्न—समग्र जगत् यौटा आत्माले ढाकेकोछ, त्यै आत्मा सम्पूर्ण शरीरमा पनि व्यापक भएर रहेको छ भने, यौटालाई, देवता, मानिस, पशु, वा कीरो कुनै यौटालाई सुखहुदा एकै पटक सबैलाई सुख, वा दुख हुनु पर्ने, यौटा जन्मदा वा मर्दा एकै पटक जन्मनु, मर्नु पर्ने किन यस्तो देखिदैन ?

उत्तर—यो ठीक हो, एकै पल्ट भएको देखिदैन ता पनि उपाधि भेदले अनेक जस्तो भान परेको मात्र हो । यैं कुरा सांख्यकारिकामा भनेको छ ।

जन्ममरण कारणानां प्रति नियमादयुग प्रवृत्तेश्च ।
पुरुष बहुत्वं सिद्धं त्रैगुण्य विपर्ययाच्चैव ॥१॥

(१) नोकर्नी । (२) तरुणी । (३) वासस्थान । (४) सवैको ।

यौटा जन्मदा अर्को न जन्मिने, मर्दा नमर्ने, यौटा सात्विकी छ, जपतपतिर लाग्छ, अर्को राजसी छ, उद्योग तर्प लाग्छ। अर्को तामसी घृणित काम गर्छ, यस्तो देखिएको हुनाले पुरुष (जीब) घेरै छन् भन्ने सिद्ध हुन्छ, भनेर सांख्यले भनेको छ, यो भेद उपाधिले भएको हो। जस्तै घरमा र घरभित्र राखेका गाग्रा, लोहोटा, वाकस आदिमा रहेको यौटै आकाश हो। बाहिरको जो ठूलो आकाश छ, घड़ा आदि सवैमा रहेको त्यं आकाश हो। घड़ा आदि उपाधि भनिन्छन्। उपाधिले गर्दा भिन्नै जस्तो भान परेको हो। यौटा घड़ा फूट्ता अर्को फूट्तैन, यौटा बनाउँदैमा अर्को वनिदैन। घडा फूट्ता वा नाशहुदा, घड़ा भित्रको आकाश फूट्तैन नाश पनि हुदैन। त्यस्तै घडा पैंदा हुदा पंदा पनि हुदैन। घड़ा घेरै छन् अनेक ठाउमा छन्। आकाश व्यापक छ, सर्वत्र छ। उपाधिले गर्दा भेद भएको हो। त्यस्तै आत्मा व्यापक छ, सर्वत्र छ। शरीर नाश हुँदा नाशिदैन, जन्मदा जन्मदैन। आत्मा अवयव नभएको छ, जस्तो शरीरका हात खुट्टा आदि अवयव वा टुक्रा भनिन्छन्। त्यस्ता अवयवले बनेको अवयवी शरीर, मर्दा अवयव नभएको आत्मा मर्दैन, जन्मदैन, उपाधि नाशहुँदा नाश, उपावि जन्मदा जन्मदेखिएको मात्र हो। जस्तो यौटा घडामा कसिगर वा घूर्वा हुदा अर्कामा हुदैन, त्यस्तै यौटा शरीरमा सुख हुदा अरुमा पनि सुख, दुःख हुँदा दुःख हुदैन। ज्ञान न हुँदा सुख र दुःख भएको मात्र हो आत्मामा सुख दुःख छैनन्।

अर्को दृष्टान्त सुन--अहं वृत्तौ चिदाभासः काम क्रोधादिकासुच
संव्याप्य वर्तते तप्ते लोहे वन्हिर्यथा तथा-। पञ्चदशी.

शीरदेखि नङसम्म भित्री बाहिरी सवै अवयवमा ढाकेर आत्मा वसेको छ। त्यसरि वसेको छ ता पनि, हात, वा पाउ आदि एउटा दुख्ता सबै अङ्ग दुख्तैनन्, यौटामा सुख हुँदा सवैमा सुख हुँदैन, यौटा खूनि हुदा अर्को हुदैन। त्यस्तै ब्रह्माण्ड भरका शरीरमा यौटै आत्मा भएता पनि सम्पूर्ण शरीरमा एकै पटक सुख वा दुःख वरावर हुदैनन्। सवै शरीरहरू एउटै विराटरूपी भगवानका अवयवहरूले बनेका हुन्। यो दृश्य आकाश आदि जगत् भगवानको विराठ रूप हो। विराटको अर्थ, इन्द्रियहरूले जानिने। आकाश, पृथिवी, पानी, हवा, तातो यी विराट भगवानका अवयव हुन्। विराटका अवयवले वनेका सबै शरीरमा आत्मा एक हो। एक आत्मा हुनमा कुनै संशय छैन। घेरै आत्मा मान्न वेदको भनाइमा विरोव आउँछ। जस्तै-

अचिन्त्यमव्यक्त मनन्तरूपं शिवं प्रशान्तममृतं ब्रह्मयोनिम् ॥
तमादि मध्यान्त विहीनमेकं विभुं चिदानन्दमरूप [illegible] ॥ [illegible] नि.

त्यो ब्रह्म अचिन्त्य, आनन्द, कल्याण, शान्त, अमृत मायाको कारण, आदि, अन्त्य नभएको, व्यापक, एक, चिदानन्द रूप छ, आश्चर्यको छ ।

यत्परं ब्रह्म सर्वात्मा विश्वस्यायतनं महत् ।
सूक्ष्मात्सूक्ष्मतरं नित्यं सत्वमेव त्वमेव तत् ॥२॥ कैव० त्यो१ उ०

जो ब्रह्म सारा प्राणी मात्रको आत्मा छ, सम्पूर्ण विश्वको आधार छ । सानु भन्दा पनि सानु छ, नित्य छ, त्यो तैं जीव होस, तँ नै त्यो ब्रह्म होस ।

एको देवः सर्व भूतेषु गूढः, सर्वव्यापी सर्वभूतान्तरात्मा ॥
कर्माध्यक्षः सर्व भूताधिवासः साक्षी चेताः केवलो निर्गुणश्च ॥ ३ ॥

यौटै चेतन देवता, सबै भूतहरूमा लुकेर बसेको छ, सबैमा ढाकेर बसेको छ, सबैका हृदयमा रहेको आत्मा हो । कर्मको मालिक, सबैले गरेको पाप वा धर्म सबै जान्दछ । सबैको आधार हो, या वासस्थान हो, सबैको साक्षी चेतन, एक, गुण न भएको छ ।

नैवस्त्री न पुमानेष न चैवायं नपुंसकः ॥
यद्यच्छरीरमादत्ते तेन तेन स युज्यते ॥ ४ ॥

यो आत्मा, स्त्री ह्वैन, पुरुष ह्वैन, नपुंसक ह्वैन, पुरुषको वा स्त्रीको वा न स्त्री, न पुरुष (नपुंसक) चिन्ह भएको देव, मनुष्य, पशु जसको शरीर छ त्यस त्यससंग मिल्छ र त्यै त्यै देवता आदि भनिन्छ। चिन्हले मात्र भेद हुन्छ ।

सर्वेन्द्रिय गुणाभासं सर्वेन्द्रिय-विवर्जित ।
सर्वस्य प्रभुमीशानं सर्वस्य शरणं बृहत् ॥ ५ ॥

जसद्वारा सम्पूर्ण शब्दादि, इन्द्रियका गुणहरू, प्रकाश हुन्छन्, आफू इन्द्रिय न भएको छ । सबैको मालिक जे भन्यो त्यै गर्ने, सबैको शरण, व्यापक छ ।

अपाणिपादो जवनो ग्रहीता पश्यत्य चक्षुः सशृणोत्यकर्णः
स वेत्ति वेद्यं न च तस्यास्ति वेत्ता तमाहुरग्र्यं पुरूषं महान्तम् ॥ ६ ॥

त्यो ब्रह्मको हात छैन तर समाउंछ । लङ्डो छ उपादान कारणको आश्रय नगरि क्यै काम गर्न सक्तैन । उप–नजिकै, आदान-लिनु । हात, खुट्टा, कान आदि प्रकृतिका सन्तान हुन् । तिनीहरूको साहाय नलि क्यै काम गर्दैन, जस्तै हामीहरू, घांस, दाउरा आदि काट्ता, हंसिया, खुकूरी, वञ्चरो नलि काट्न सक्तैनौं । ती उपादान कारण भए । हाम्रो बल वा संयोग पाएर मात्र हसिया आदि काटने काम, गर्न सक्तछन्, स्वयं सक्तैनन् । हसिया आदि जड हुन्, चेतन-को संयोग न भै जडले काम गर्दैन । [illegible] घांस काट्ने हंसिया हो, [illegible]चिए

त्यै भाचिन्छ, दांत झरे हसियाकै झर्छन् वा भाचिन्छन् मानिसका झर्दैनन्, भाचिदैनन्। हसिया आदिले गरेको काट्ने आदि काम मानिसमा आरोप गरिन्छ र फलानाले काटेको भनिन्छ। त्यस्तै, प्रकृतिको हात द्वारा समाउँछ, पाउदैनन् दौडन्छ, आँखा छैनन् हेर्छ, कान छैनन् सुन्छ। सबै काम प्रकृतिका अवयव हात आदिबाट गर्छ, अन्तकरण द्वारा जान्दछ। त्यो आत्मा आँखाको आँखो, कानको कान, मनको मन इत्यादि हो। प्रकृतिले गरेको हेर्नु आदि काम आत्मामा आरोप (संज्ञना) गरेर 'फलानाले गरेको भनिन्छ। आत्माका इन्द्रिय छैनन्, यसैले इन्द्रियहरू खुनि हुदा, उसका हुदैनन्, प्रकृतिले अर्थात् शरीर इन्द्रियले दुःख पाउदा उ पाउदैन, मर्दा मर्दैन, जन्मदा जन्मदैन।

तस्मान्न बध्यते मुच्यते नापि संसरति कश्चित् ॥
संसरति बध्यते मुच्यते च नानाश्रया प्रकृतिः ॥

यो सांख्यमा भनेको छ, जन्मनु आदि देव, मनुष्य, पशुको जन्म लिने प्रकृति नै गर्छ आत्मा गर्दैन। उ सबै जान्दछ। जान्ने पनि त्यै आत्मा, ज्ञान पनि त्यै आत्मा हो। उसलाई जान्ने क्यै छैन। प्रकृति जड छ जडले जान्दैन। त्यसलाई आदि पुरुष, ठूलो भन्दछन्। इत्यादि अनेक वेदका बचनहरूले जीव र ब्रह्मको अभेद र चेतन एउटै हो, अथवा जीब र ब्रह्म एक हो भन्ने प्रतिपादन गरेको छ। युक्ति द्वारा पनि योटै चेतन साबित हुन्छ। प्रकृति माया र अविद्याका भेदले २ प्रकारको हुन्छ।

यसै विषयमा प्रकटार्थकारको मत :

अनादि अनिर्वचनीय माया (प्रकृति) मा परेको चेतनको छाया जो छ त्यै ईश्वर भनिन्छ। जस्तै सृष्टि आदि काम गर्ने ब्रह्मा आदि। सूर्यले सर्वत्र उज्यालो पारे पछि त्यो उज्यालो पाएर हामीहरू इच्छापूर्वक आ-आफ्नु काम गर्न सक्छौं, उज्यालो न भए सक्तैनौं त्यस्तै यो जगत्रूपिणी माया भित्र घुसेर चेतनले मायालाई चेतन जस्तै पार्छ र माया सृष्टि आदि काम गर्न सक्तछौ। जस्तै अग्निको तातो न घुसेका फलामले पोल्दैन, त्यस्तै चेतन न घुसेको जडमायाले सृष्टि आदि काम गर्दैन। त्यो मायाका २ शक्ति हुन्छन्। आवरण–ढाक्ने र विक्षेप–फ्याकने अथवा जन्म, मरण गर्ने। ती २ शक्ति सम्पन्न अविद्या भागका पनि ३ भाग बुद्धि मन, अहंकार हुन्। यी तीन अन्तःकरण भनिन्छन्। ती अन्तकरणमा परेको चेतनको प्रतिबिम्ब जीब कहलाउछ। यिनै उपाधिले मात्र ईश्वर र जीबको भेद भएको हो। उप–नजिक आधि–लिनु। माया र मनमा परेको चेतनको प्रतिबिम्ब माया र अन्तःकरण उपाधिले भेद गर्न इच्छा गर्दा ईश्वर र जीवमा भेद भएको हो नत्र भेद छैन।

प्रश्न–माया चेतनदेखि भिन्न छ कि भिन्न छैन ?

उत्तर–माया चेतनदेखि भिन्न छैन। भिन्न मानेका पक्षमा, "नेह नानास्ति किंचन" यहाँ अनेक केई छैन। इत्यादि वेदमा विरोध पर्छ। भिन्न छैन भन्न पनि सकिदैन। किन भने, जड र चेतनको अभेद, एकता कदापि हुन सक्तैन। माया र चेतनको अभेद र भेद पनि, भन्न सकिन्न। चेतनदेखि माया, भिन्न पनि छ, अभिन्न पनि छ। भिन्नछ र छैन भन्ने विषयमा कोई दृष्टन्त पनि पायिदैन। जड र चेतनको भेद पनि अभेद पनि, यो दुइ कुरा कुनै प्रकारले पनि हुन सक्तैन। किन भने दोटा विरोधि धर्म, योटैमा रहन सक्तैनन् यसैले भेद र अभेद पनि हुन सक्तैन। फेरि मायालाई सत्य मानौं त भने वेदबाट विरोध आउंछ। त्यसो भए असत्य मानौं भन्नलाई पनि, असत्य मायाबाट जड जगत्को उपत्ति कसरि हुन्छ। अर्थात् असत्–हुँदैन भएकाबाट, सत्–भै देखिरहेकों कुरा पैदा हुन्न। असत्बाट दृश्यमान सन् जगत्को उत्पत्ति हुन सक्तैन। यदि नभएका पदार्थबाट, जगत्कार्यको उत्पत्ति मानौं भने, गाग्रो बनाउन माटाको आवश्यक पर्ने थिएन, माटो विना स्वयं उत्पत्तिहुने थियो। सबैतिर नै सबै पदार्थ छैनन्। कारण विनै सर्वत्र सबै पदार्थ, आफै पैदा हुनु पर्थ्यो, यस्तो भएको ता देखिदैन। यसैले नभएकाबाट :भैरहेको पदार्थ पैदा हुदैन। अतएव माया [असत् पनि हुँदैन, असत् रूप दोटैरूप भएको पनि छैन। किन्तु विरोधि अमिल्दा दुइटा धर्म योटैमा रहन पनि सक्तछन्। माया सावयव पनि छैन, निरवय पनि छैन। मायालाई यदि अवयव भएको मानौं भने, अवयवी द्रव्य कारण विना पैदा हुदैन। मायाको (पिता) कारण मान्नु पर्छ। जो सावयव पदार्थ छ त्यो अवश्य पनि कुनै कारणबाट पैदा हुन्छ। अतएव मायालाई सावयव मान्नपनि सकिदैन। कारण, अनवस्था आदि दोष आउंछ। फेरि मायालाई निरवय पनि मान्न सकिन्न। किन भने निरवयव मायाबाट सावयव जगत्को उत्पत्ति हुँदैन। सावयव; निरवयव, दुवै रूप योटैमा रहन पनि सक्तैन। जो सावयव छ, त्यो निरवयव कदापि हुँदैन। जो निरवयव छ त्यो पनि सावयव कहिल्यै हुँदैन। एकातिर सावयव, निरवयव दोटै परस्परमा विरोधी छन। अर्कातिर यसमा कुनै दृष्टान्त पनि मिल्दैन। यसैले मायाको स्वरूप यस्तो छ भन्न सकिन्न, अनिर्वचनीय छ। सत् पनि ह्वैन, असत् पनि ह्वैन। सावयव पनि ह्वैन, निरवयग पनि ह्वैन। यसैलाई अनिर्वचनीय भन्दछन। पहिलेता मायाकै कार्यको पनि निर्णय गर्न कोई सक्तैन। हेर त अति साना वरका बीजमा कत्रो ठूलो वरको वृक्ष रहेकों छ र पो पैदा हुन्छ, नभए पैदा हुने थिएन। फेरि तिमी भनौला, यति साना बीजमा अनेक हांगा, पात फल फूल भएको बड़ो रूख कसरि रहन सक्तछ ?। यसको तात्पर्य कुनै

प्रकारले पनि बताउन सकिदैन । फेरि हरेक बीजमा, बीजलाई कारण मानेर कार्य रहेंको छ । कार्यमा अनेक प्रकारको बनाओटी हाम्रै अगाडी देखा परेको छ । कारणमा भने त्यो देखिदैन । कारणमा सानु, मसिनु गर्न कार्य रचना रहेंको छ । त्यो साना बीजमा त्यत्रो बड़ो कार्य रचना कसरी सक्छ भनेर तिमी सोधौला पाठक ? यसको निर्णय पनि कसैबाट हुन सक्तैन । अर्थबाट नै कार्य पनि अनिर्वचनीय छ भन्ने सिद्ध हुन्छ । जसको कार्य अनिर्वचनीय छ, त्यसको कारण पनि अनिर्वचनीय छ भन्ने कुरा अर्थबाटैं सिद्ध भयो ।

फेरि यसमा अर्को कुरा के छ भने, साइन्सवालाहरूले 'पेन्सष्ट' तत्व मानेको छ । यिनीहरू जल र अग्निलाई स्वतन्त्र तत्त्व मान्दैनन । अरू तत्त्वका संयोगबाट जल र अग्नि पैदा हुन्छन भनेर मान्दछन । २ प्रकारका भिन्ना भिन्नै वायु मिलेर जलको उत्पत्ति हुन्छ भनेर यिनीहरूले माने । अब म तिनीहरूलाई सोद्धछु । तिमीहरूले २ प्रकारका वायु मिलेर जल र अग्नि पैदा हुन्छ भन्ने मान्यौ । तर ती २ प्रकारका वायुमा जल थियो कि थिएन ? जल थियो भन्छौ भने अर्को तत्त्व साबीत भयो, थिएन भन्छौ भने, २ प्रकारका वायुका सयोगबाट . पनि जल उत्पन्न हुन सक्तेंन । किन भने अभावबाट (नभएका वस्तुबाट) भाव (प्रत्यक्ष वस्तु को उत्पत्ति हुनै सक्तैंन । अब जलको विषयमा निश्चित क्यैं भएन । यसै प्रकारले एक एक हांगा पत्ताको पत्तालाउने प्रयास गर्नेछौ, तर सयकडौं वर्षमा पान हुने छैन । अघि पनि भएन । जुन समयमा अनन्त कार्य मध्येमा यौटा कार्यको पनि निर्णय हुन सक्तेंन, यस्तो रहेछ भनेर जान्न सकिदैन भने, तो कारणरूप माया मायाको निर्वचन गर्न को सक्तछ । अर्को कुरा जब मानिस सुत्छ, त्यसवेला भित्र 'पूरोतत्' भन्ने नाडीमा मन पस्छ । नाडीभित्र मन पसे पछि, पुरूष स्वप्ना देख्तछ । त्यसवेला आफ्ना शरीर भित्र बड़ े बड़ , देश, पर्वत, हाति, घोडा नोट आदि हरेक चीज देख्तछ । ती कहाँबाट पैदा भए । मन पसेको नाडी केश भन्दा पनि सानु मसिनुछ, त्यसमा सीयाको टुप्पो राख्ने ठाउँ पनि छैन । हातिआदि उत्पत्तिहुने बीज पनि छैन, जागा भए पछि ती देखिएका हाति आदि सबै नाश हुँन्छन । अब यसको निर्णय गर्नको सक्छ । कहाँबाट पैदा हुँन्छन, कहाँ गएर लीन हुन्छन । जस्तैं स्वप्नाका पदार्थ र पदार्थ पैदा गर्ने, कारण बीजको कुनै निर्णय हुन सक्तैंन, त्यस्तैं माया र मायाका कार्यको पनि क्यैं निर्वचन हुन सक्तैंन । अतएव कार्यकारण दुवै अनिर्वचनीय सावित भए । त्यो अनिर्वचनीयमा यामा परेको चेतनको जो प्रतिबिम्ब छ त्यसको नाम ईश्वर हो । मायामा आवरण र विक्षेप शक्ति भएका साना साना बुद्धि आदि, जो अनन्त प्रदेश छन, तिनैंको नाम अविद्या हो । ती अनन्त बुद्धि आदि अविद्याका एक एक भागमा परेको

चेतनको प्रतिबिम्ब 'जीव' कहलाउँछ अविद्याका भाग अननंत हुनाले जीव पनि अनन्त छन । यस मतमा यौटैनैं अनिर्वचनोय प्रकृतिमा प्रदेश र प्रदेशीरूपको कल्पना गरेर जीब र ईश्वरलाई प्रतिबिम्बरूप गरेर मानेको छ ।

(२) अब तत्त्व बिवेककारको मत देखाइन्छ ।

सत्व, रज, तम यो तीग गुणका साम्य अवस्थाको नाम प्रकृति हो । माया र अविद्याका भेदले प्रकृति दुइ प्रकारको हुन्छे । एकमात्र चेतनलाई ईश्वर र जीव भन्ने दोटा पनि गरिदिन्छे । सत्व गुण प्रधान भएको प्रकृति नै माया मानिन्छे; मलिन सत्व प्रधान भएको त्यै प्रकृति अविद्या भनिन्छे । मायामा चेतनको प्रतिबिम्ब पर्छ, त्यो प्रतिबिम्बको नाम ईश्वर हो । अविद्यामा परेका चेतनको प्रतिबिम्बको नाम जीब हो । "जीवेशा भासेन करोति माया च अविद्या च स्वयमेव भवति" प्रकृति जीब र ईश्वरलाई आफ्ना आभासले सृष्टि गर्छे । आफैंनै माया र अविद्या भन्ने हुन्छे जीब र ईश्वरको सिद्धिमा प्रमाण छ । सत्त्वगुणको शुद्धि र अशुद्धिले यौटै प्रकृतिको माया र अविद्या भन्ने भेद पनि त्यै श्रुतिले कल्पना गऱ्यो ।

(३) अब फेरी अर्का विद्वानको मत ।

विक्षेपको अर्थ फ्याक्नु । अर्थात् अनेक देव, मनुष्य आदि योनिमा जन्म गराउनु । आवरण भनेको ढाक्नु । जोबलाई अज्ञानले ढाकेको हुन्छ, कर्तव्या-कर्तव्य क्यै जान्दैन । यो कुरा उत्रो हेर्दै जादा याद राख्नु । यौटैं प्रकृति विक्षेप शक्ति प्रधान हुँदा माया, आवरण शक्ति प्रधान हुदा अविद्या कहिन्छे माया ईश्वर-को, अविद्या जीबको उपाधि हो । माया, बिम्बरूप चेतनको, साधारण आश्रय पनि हो । तथापि 'अज्ञाऽहम्' म न जान्ने छु, यो जोबकै उक्ति अनुभव हुन्छ । ईश्वरको हुदैन । जोबको उपाधि अविद्यामा नै आवरण र विक्षेप शक्ति छन् । ईश्वरका उपाधिमा छैनन् । यसैले ईश्वरलाई 'अज्ञोऽहम्' यस्तो अनुभव हुँदैन । यस मतमा आवरण र विक्षेप शक्तिको भेद कल्पना गरेर, जीब र ईश्वरको भेद मानेका छ ।

(४) संक्षेपमा, शारीरककारको मत ।

शारीरक ग्रंथ निर्माताले भनेको छ । कार्योपाधिरयं जीवः कारणोपाधिरीश्वरः । कार्योपाधि भएको जीव कहिन्छ । कारण उपाधि भएको ईश्वर भनिन्छ । यो भेदले भने अनुसार अविद्यामा परेका प्रतिबिम्बको नाम ईश्वर हो । अविद्याको कार्य बुद्धि आदिमा परेको प्रतिबिम्बको नाम जीब हो । जहाँ चेतनरूप बिम्ब यौटै हुन्छ, उहाँ उपाधिको भेद नभै प्रतिबिम्बको भेद बनिदैन यसै हेतुले ईश्वरको उपाधि अविद्या र जीबको उपाधि अन्तःकरण यी अमिल्दा छन् । दुइटा उपाधिका भेद

हुनाले जीव ईश्वरको पनि भेद भयो। अविद्या एक छ, एक अविद्यामा परेको प्रतिबिम्ब ईश्वर पनि एक छ। बुद्धि आदि अन्तःकरण उपाधि धेरै छन्, अनन्त छन्, अनन्त उपाधिमा परेका प्रतिबिम्ब जीवहरू पनि अनन्त छन्। अविद्याको ईश्वरका साथ सम्बन्ध छ। अन्तःकरणको जीवका साथ सम्बन्ध छ। जस्तै घड़ाद्वारा आकाशको भेद मानिन्छ, त्यस्तै अन्तःकरणलाई लिएर चेतनको भेद मानेका पक्षमा दोष आउँछ। कसरी आउँछ भने, यस लोकमा मानिसका शरीरभित्र भएको जो अन्तःकरण छ, त्यसमा परेका चेतनको प्रतिबिम्ब जीवको कर्म गर्ने अधिकार छ। परलोकमा देवता र पशुहरूका शरीरभित्र भएका अन्तःकरणमा परेको चेतनको प्रतिबिम्ब जीवको, कर्मको सुख दुःखरूप फल भोग गर्ने मात्र अधिकार छ कर्म गर्ने अधिकार छ। अन्तःकरणका भेदले जीवको भेद मानेका पक्षमा मनुष्य लोकमा कर्म गर्ने जीव अर्के हुन्छ, परलोकमा कर्मफल भोग गर्ने अर्के हुनेछ। किन भने यो लोकमा कर्म गर्ने, कर्ता परलोक देवादि शरीरमा छैन। कर्म गर्ने उहि, परलोकमा न भए पछि, यौटाले गरेका शुभ वा अशुभ कर्मको फल अर्कोले भोग्नु पर्नेछ। अवच्छेदवादमा यै दोष आउँछ।

यसैले अन्तःकरणाच्छिन्न (अन्तःकरण द्वारा भिन्न भएको) चेतन; जीव, हुन सक्तैन। किन्तु अन्तःकरणमा परेको जो चेतनको प्रतिबिम्ब छ त्यो जीव हुन सक्तछ। जस्तै घडा भए पनि न भए पनि, सर्वत्र त्यो घड़ामा, यौटै सूर्यको छाया पर्छ। या छायाको भेद हुँदैन। त्यस्तै अन्तःकरण भए पनि, न भए पनि यौटै चेतनको प्रतिबिम्ब अन्तःकरणमा पर्छ। अब जो कर्ता छ, त्यै भोक्ता हुनेछ।

(५) अवच्छेदवादीको मत।

अन्तःकरणाच्छिन्न चेतनको नाम जीव हो, अन्तःकरणावच्छिन्न चेतनको नाम ईश्वर हो। यसमा कुनै पनि दोष आउँदैन। प्रतिबिम्ब वादमा मात्र दोष आउँछ। जस्तै जल न भएका आकाश प्रदेशमा सूर्य छन्, सूर्यको प्रतिबिम्ब जलमा पर्छ। त्यस्तै उपाधि बाहिर रहेका चेतनको पनि प्रतिबिम्ब उपाधिमा मान्नु पर्नेछ। यसो हुदा ब्रह्माण्ड बाहिर आकाशमा सूर्य रहेझैं, कुनै एउटा प्रदेशमा वसेको चेतन सिद्ध हुन्छ। ब्रह्माण्डभित्र वसेको सिद्ध हुँदैन। फेरि चेतन पनि, सानु वा ठूलो छ भनेर, परिछिन्न हुनेछ। परिछिन्न भए पछि व्यापक सिद्ध हुदैन। किन्तु नाशवान् सिद्ध हुन्छ। प्रतिबिम्ब वादमा यौटा यो दोष आउने। अर्को दोष, चेतन 'व्यापक, निरवयव, निराकार. प्रतिबिम्ब भन्न पनि मिल्दैन फेरि यस्तो देखिदैछ। जलदेखि बाहिर भएका मेघभित्रका आकाशको जलमा प्रतिबिम्ब पर्छ, तर जलमा भएका आकाशको जलमा प्रतिबिम्ब पर्दैन। त्यस्तै नै ब्रह्माण्ड बाहिर भएका चेतनको नै

प्रतिबिम्ब मान्नु पर्नेछ । ब्रह्माण्डको अन्तरगत चेतनको प्रतिबिम्ब ता मान्नु हुने छैन । फेरि "विज्ञाने तिष्ठन्" बुद्धिमा पसेर प्रेरणा गर्छ, इत्यादि श्रुतिबाट पनि अवश्य विरोध आउने छ ईश्वर पनि ब्रह्माण्ड बाहिर रहेको सिद्ध हुनेछ । यसैले प्रतिबिम्बबाद संग त हुँदैन । यदि उपाधिभित्र रहेकाको पनि प्रतिबिम्ब मान्ने हो भने, जस्तै जल बाहिर रहेका मुखको जलमा प्रतिबिम्ब पर्छ त्यस्तै जलभित्र भएका मुखको पनि जलमा प्रतिबिम्ब पर्नु पर्थ्यो, त्यो ता देखा पर्दैन । त्यस्तो न हुनाले, जस्तै जलदेखि बाहिर भएका मुखको प्रतिबिम्ब जलमा पर्छ, त्यस्तै अन्तःकरणदेखि बाहिर भएका चेतनको पनि प्रतिबिम्ब अन्तःकरणमा पर्छ भन्नु पर्नेछ । तपनि उक्त श्रुतिबाट विरोध भरहनेछ । वादीले अवच्छेदवादमा कर्ता, भोक्ता भिन्न हुन्छ भन्न जो दोष दिए, त्यो दोष प्रतिबिम्ब वादमा समानै भएर लाग्दछ । ठीक छ यदि सम्पूर्ण अन्तःकरणमा वदलिएर ब्रह्माण्ड बाहिर रहेका चेतनको प्रतिबिम्ब मानौं भने, यस लोकमा र परलोकमा प्रतिबिम्बको भेद सिद्ध हुन छैन । लोक–शरीर हो । यो लोक मानिसको वा पशुको शरीर, परलोक देवता वा अर्को शरीर, सबैका तैपनि, एकातिर, ब्रह्माण्ड बाहिर रहेका पूरै चेतनका, समग्र अन्तःकरणमा प्रतिबिम्ब, कुनै प्रकारले पनि पर्न सक्तैन । अर्कातिर, एक भागको पनि पर्न सक्तैन । किनभने ब्रह्माण्ड बाहिर रहेका पूरै चेतनका साथ, या त्यसका एक छेउका साथ, नजिकै अन्तःकरण छैन अन्तःकरण नजिक न भैकन प्रतिबिम्ब पर्न सक्तैन । जस्तै ब्रह्माण्ड बाहिरका आकाशको ब्रह्माण्डभित्रका जलमा प्रतिबिम्ब पर्न सक्तैन, त्यस्तै ब्रह्माण्ड बाहिर रहेका चेतनको पनि प्रतिबिम्ब अन्तःकरणमा पर्न सक्तैन । यदि, अन्तःकरण ब्रह्माण्ड भित्रैछ, अन्तःकरणकै छेउमा चेतन पनि छ,त्यसको प्रतिबिम्ब अन्तःकरणमा पर्छ भनेर मान्छौं ता पनि, ब्रह्माण्ड भर व्यापक चेतनको प्रतिबिम्ब अन्तःकरणमा मान्न सक्ने छैनौ । किनभने ब्रह्मांड भर व्यापक रूपले रहेको चेतन अन्तःकरण संग नजिकैमा बसेको छैन । तर ब्रह्माण्डमा व्यापक भएर रहेका चेतनको कुनै न कुनै भाग संग, अन्तःकरण, नजिकै हुने छ ।उसै चेतनका कुनै भागको प्रतिबिम्ब पनि तिमीले मान्नु पर्नेछ । तै पनि फेरि पूर्वोक्त दोष लागि रहनेछ। अन्तःकरणको उत्पत्ति र नाशले, चेतनको भेद हुनाले, प्रतिबिम्बको भेद पनि अवश्यै हुनेछ । अनि फेरि कृत हानि, (गरेकोनाश) अकृतागम (न गरेको आइपर्नु) यी दोष आइपर्नेछ । यदि प्रतिबिम्ब रूप जीबको उपाधि अन्तःकरणरूप उपाधि त्याग गरेर, अविद्यालाई जीबको उपाधि मान्छौ भने, तब पो, अविद्याको नाश वनिदैन । यस लोकमा र परलोकमा प्रतिबिम्बको भेद पनि सिद्ध हुने छैन । प्रतिबिम्बको भेद सिद्ध न भएबाट पूर्वोक्त दोष पनि आउने छैन । त्यो अवच्छेद वादमा म पनि अविद्या

अवच्छिन्न चेतनलाई नै जीव मान्नेछु । मेरा मतमा पनि अविद्याको गमन र आगमनको अभाव हुनाले, चेतनको भेद हुँदैन । चेतनको भेद नभए पछि, पूर्वोक्त दोष पनि आउने छैन । यसरी प्रतिबिम्बको निषेध गरेर अवच्छेदवादीले, अन्तःकरणावच्छिन्न चेतनलाई नै जीव माने । त्यसै जीवलाई नै चेतन ईश्वर माने ।

(६) अब अर्काको मत ।

अरू कुनै भन्छन्, प्रतिबिम्बवाद र अवच्छेदवादमा श्रुतिको विरोध दूर हुँदैन । जो जीवात्माका भित्र घूसेर जीवात्मालाई कर्ममा प्रवृत्ति गर्छ, त्यै ईश्वर हो । तर यो कुरा ठहर्दैन । ईश्वर जीवात्मा भित्र प्रवेश गर्दैन त्यै कुरा देखाउँछु । अवच्छेदवादमा अन्तःकरणभित्रको चेतनलाई जीव मानेको छ । अन्तःकरण वाहिरका चेतनलाई ईश्वर मानेको छ । यस मतमा अन्तःकरणभित्र ईश्वर छैन । जीवलाई कसरी प्रेरणा गर्छ, जीवले गरेको, शुभाशुभ कर्म, कसरि जान्दछ । ह्वैन, त्यो ईश्वर व्यापक छ, जीवको भित्र पनि रहन्छ, बाहिर पनि रहन्छ भन्छौ यदि भने, त्यो हुनै सक्तैन । अवयव न भएको र आकार न भएको दुइ पदार्थ एकै ठाउँमा रहन सक्तैनन् । जो रहन्छ त्यो उपाधि द्वारा परिच्छिन्न हुन्छ । परिच्छिन्न भए पछि त्यो जीवनै हुनेछ । परिच्छिन्न भएको जीव हुन्छ भनेर तिमीले पहिलेनै मानिसकेका छौ । एक अन्तःकरणमा दुइटा जीव तिमीले पनि ता मानेका छैनौ । न त जीव र ईश्वरको दोटैको उपाधि अन्तःकरण हुन सक्तछ । यस युक्तिबाट श्रुतिविरोध भैंरहन्छ । यै दोष प्रतिबिम्ब वादमा पनि हुन्छ । पूर्वोक्त मतमा अविद्यामा परेको प्रतिबिम्ब ईश्वर मानिन्छ, अन्तःकरणमा परेको प्रतिबिम्ब जीव भनेर मानिन्छ । उहाँ अविद्यामा चेतनको जो प्रतिबिम्ब छ, त्यो यता अन्तःकरणमा छैन । प्रतिबिम्बको प्रतिबिम्ब हुँदैन । यसो भए पछि, प्रतिबिम्बवादमा पनि जीवभित्र ईश्वर रहेन । त्यस मतमा पनि दोष बराबरै लागि रह्यो । प्रकटार्थकारका मतमा पनि यै दोष लागि रहने छ । उनीले पनि मायामा परेको प्रतिबिम्बलाई ईश्वर माने । मायाको भागमा परेको चेतनको प्रतिबिम्बलाई जीव भनेर माने । अब यस मतमा पनि, मायामा जो प्रतिबिम्ब छ, त्यो मायाको प्रदेश (अविद्या) मा छैन । आवरण र विक्षेप शक्ति भएका अविद्याको भाग, अन्तःकरण प्रदेशमा जो प्रतिबिम्ब छ, त्यो मायामा छैन । यताबाट पनि जीवको अन्तर्गत ईश्वर साबीत भएन । दोटा प्रतिबिम्ब एकै उपाधिमा रहन सक्तैनन् । यदि तिमी भनौला कि, जलमा मानिस, सूर्य, वृक्ष आदिको प्रतिबिम्ब एकै ठाउँजलरूप उपाधिमा देखिन्छ, मायामा वा अविद्या भागमा दोटा, चेतनका प्रतिबिम्ब ईश्वर र जीव किन रहन सक्तैनन् ? त्यो दृष्टान्त यहाँ घट्तैन । किन भने, सूर्य, वृक्ष आदि सवै, किरण, हांगा आदि अवयव भएका पदार्थ हुन् । तिनको जलरूप उपाधिमा प्रति-

बिम्ब पर्न पनि सक्छ । तर एउटै गाग्रामा एउटै आकाशका, दोटा छाया, जस्तो पर्न सक्तैनन् । त्यस्तैं एकै चेतनको एकै उपाधिमा दोटा प्रतिबिम्ब या छाया पर्न सक्तैनन् अत जीवको अन्तर्गत ईश्वर पनि सिद्ध भएन । पूर्वोक्त दोष लागेको नै छ । जसका मतमा एउटै प्रकृतिको माया र अविद्या दुइ भेद मानेर जीव र ईश्वरको दुइ भेद सिद्ध भयो, उस मतमा पनि मायामा जो प्रतिबिम्ब छ, त्यो अविद्या छैंन । अविद्यामा वेग्लैं छ, मायामा वेग्लैंछ । यस मतमा पनि जीवको अन्तर्गत ईश्वर सिद्ध हुँदैंन । श्रुति-विरोध यस मतमा पनि हट्न सक्तैन । सांख्यमतवालाहरूले ईश्वरलाई मान्दैंनन् । जीवलाई नै चेतनरूप व्यापक मान्दछन् । यिनका मतमा ब्रह्माण्डभरको जीव 'व्यापक' चेतनरूप, ! असङ्ग, निराकार, निरवयव छ । जीव कर्ता ह्वैंन, भोक्ता मात्र हो । कर्ता प्रकृति हो भनेर मान्छन् । यिनका मतमा जडप्रकृति कर्ता हो भन्ने मानेकोमा यो यौटा दोष पर्छ । किनभने जड प्रकृतिकर्ता हुन सक्तैन । यदि जडलाई कर्ता मान्नु हो भने माटो आफैं घड़ा बनाउने थियो । घड़ा वनाउन कुम्हालेको आवश्यक पर्ने थिएन । अर्को दोष, निरवयव, निराकार, अनेक, विभु, एकै ठाउँमा रहन सक्तैंन । यी दोटैंमा कुनै पनि दृष्टान्त मिल्न सक्तैंन नैयायिकहरू जीव र ईश्वर दुवै व्यापक छन्, जड छन् भन्ने मान्दछन् । चेतनलाई ती दुवैका गुण मान्दछन् । यिनका मतमा पनि यौटा ता त्यै दोष आउँछ । जो ज्यादैं छ, एक देशमा त्यो रहनसक्तैंन । रहन्छ भन्छौ भने कर्मको सङ्कर हुनेछ । जीवले गरेको कर्म ईश्वरमा पनिनै रहने छ । किनभने दुवै निराकार, व्यापक समान धर्म भएका छन् । यो ईश्वर हो यो जीव हो भनेर वीचमा छुट्याउने कोई छैंन । दुवै निराकार हुनाले एकै हुनेछन् । जड निराकार पनि हुन सक्तैंन । जडलाई निराकार मान्छौ भने, शून्यवाद नैं सिद्ध हुँन्छ । जडको धर्म चेतन पनि हुन सक्तैन । यसमा पनि कुनैं दृष्टान्त मिल्दैंन । यसैले यिनको मत पनि श्रुति युक्तिबाट, विरोध हुनाले अमिल्दोछ । वैष्णव र कर्म योगी जनहरू, जीवात्मालाई निरवयव र अणु परिणाम भएको मान्दछन् । चेतन पनि मान्दछन् । उपाधि बिना 'निरवयव' चेतन अणु परिमाण भएको हुन सक्तैन । फेरि केवल चेतनमा चेतन रहन पनि सक्तैंन । यो मतमा पनि जीवलाई ईश्वरले प्रेरणा गर्छ भन्ने कुरा संङ्गत हुँदैन । यसै तरहले, अरू अरू मतावलम्बीहरूले पनि आ-आफना ईश्वर भिन्ना भिन्नै माने । ईश्वरकालोक पनि भिन्नैं मानेका छन् । ती सबैका मत सबै प्रकारले श्रुति र युक्ति विरोध छन् । यसैले त्याग गर्न योग्य छन् । माथि पैले जो जो मत देखाएको छ, ती मतहरू सूक्ष्म दृष्टिले विचार गरेको पक्षमा सबै मतमा जीव र ईश्वरको भेद सिद्ध हुँदैन । केवल कल्पना गरेको मात्र हो । वास्तवमा भेद छैन ।

अब म आफ्नू मत देखाउँछु ।

जोब प्रतिविम्बरूप पनि ह्वैन, भिन्न पनि ह्वैन । किन्तु जस्तो कर्णलाई सूत पुत्र हूं भन्ने भ्रम भएको थियो । म सूत पुत्र हूं भनेर आफूलाई सूतपुत्र नै मानेको थियो । वास्तवमा कर्ण सूतपुत्र थिएनन् । त्यस्तै भिन्न र प्रति बिम्ब दुवै न भएको ब्रह्म अनादि अविद्याको सम्बन्धले आफुमा जीवत्वको भ्रम भयो । साफै अविद्याको सम्बन्धले जीव भावमा प्राप्त भएको जो ब्रह्म छ, त्यसैले सारा प्रपञ्चको कल्पना गऱ्यो । सारा प्रपञ्च कल्पना गर्ने त्यै जीवरूपधारी ब्रह्म हो । भागवत एकादशस्कन्धमा यै कुरा भनेको छ—एवं सृष्टानि भूतानि प्रविष्टः पञ्च धातुभिः ।

एकधा दशधाऽत्मानं विभजन् जुषते गुणान् ।। १ ।।

गुणैर्गुणान् स भुञ्जान आत्म प्रद्योतितैः प्रभुः ।
मन्यमान इदं सृष्टमात्मानमिह सज्जते ।।

भगवान्ले स्वयं पृथिवी आदि पांच धातुले, यो शरीर बनायो । अनि-अनेन जीवेन रूपेण प्रविशामि" यो जीवरूपले शरीरमा पस्छु, यो वेदको उक्ति बमोजिम जीवरूपले शरीर भित्र पस्यो र आफूलाई सुखादि विषय भोग गर्दा चाहिने मन, दश इन्द्रिय आफै भयो । मन र इन्द्रिय यी जडलाई आफैले चेतन्य भए जस्ता पऱ्यो र ती चेतनवान् जस्ता भएका इन्द्रियहरूद्वारा विषय भोग गर्न लाग्यो । भोग गर्दै जादा विषयका माधुर्यादि गुणमा लम्पट भएर आफ्नू चेतन ब्रह्मरूप बिर्सो । शरीरलाई नै म भन्न थाल्यो भन्ने कथा भागवतमा छ । जस्तै अरू जगत्को त्यसले कल्पना गऱ्यो, त्यसैगरि सर्वज्ञत्व आदि धर्मले सम्पन्न ईश्वरको कल्पना पनि त्यै जीबले नै गरेको हो । अर्थात् ईश्वर पनि जीबै हो भनेर कल्पना गरिया । यो उक्तिमा जीब, ईश्वर, ब्रह्म यी तीन शब्दको अभेद देखाएको छ । अथवा जीब नै, ईश्वर र ब्रह्म हो । ईश्वरनै जीब र ब्रह्म हो । ब्रह्मनै जीब र ईश्वर हो भेद छैन । जस्तै स्वप्नामा जीब, सर्वज्ञत्वादि गुण भएका ईश्वरको कल्पना गर्छ र उपासना गर्छ । कल्पना गरेर उपासना गरेका ईश्वरबाट कल्पना गरेको फल पाउँछ । त्यस्तै जाग्रत् अवस्थामा पनि 'जीब' ईश्वरको कल्पना गर्छ र त्यसको उपासना गर्छ । कल्पित (चिताएको) फल पनि पाउँछ । वास्तवमा जीबत्व, ईश्वर दुवै धर्म चेतन ब्रह्ममा कल्पना गरेका हुन् । ब्रह्म शब्दले प्रकृतिलाई पनि बुझाउने हुदा यहाँ ब्रह्ममा 'चेत' विशेषण दिएको हो । चेतनमा 'एक' भन्ने धर्म सत्य हो । जीब, ईश्वर, ब्रह्म एउटै चेतन हो । एक ब्रह्म हो ।

(७) एक जीववाद अनेक जीववादका विभिन्न मत ।

एक जीववादी भन्छन्, जीब भएको एउटा मात्र शरीर हुन्छ । बाँकी सबै शरीर, स्वप्नामा देखेका शरीर जस्तै जीब नभएका हुन्छन् । यसैले जीब यौटै छ ।

प्रश्न--जस्तो एउटा शरीरमा सुख प्राप्ति र दुःख निवृत्तिका निमित्त अनेक चेष्टा गरेको देखिन्छ। त्यस्तै अरू सबै शरीरमा देखिन्छ। अब कसरी यौटा शरीर सजीव अरू निर्जिव हुन्छन्।

उत्तर--जस्तै स्वप्नामा, स्वप्ना देख्नेले, देखिएका, मानिस, हात्ति आदि जीबहरू चेष्टा गरिरहेका देखिन्छन्, वास्तवमा ती सबै निर्जीब हुन्। त्यस्तै जाग्रत अवस्थामा देखिएका वा कल्पना गरिएका जीबहरू पनि, चेष्टा गरिरहेका देखिन्छन्। वास्तवमा ती सबै निर्जीव हुन्। जस्तो स्वप्ना देख्ने या कल्पना गर्ने निद्रा हो, त्यस्तै जाग्रत्कल्पना गर्ने अज्ञान हो। जब सम्म निद्रा हट्तैन, तब सम्म स्वप्नाको सम्पूर्ण व्यवहार हुन्छ। त्यस्तै जब सम्म आत्मज्ञान द्वारा अज्ञान हट्दैन तब सम्म जाग्रत्को पनि सबै व्यवहार हुन्छ जस्तै जागा भएको पुरुष स्वप्नामा आफूले देखेका कुनै पदार्थ, मानिस र तिनीहरूले भोग गरेको, बातमारेको कुरा, मैले सपनामा यसो गरे भने भनेर अरू संग भन्छ। त्यस्तै जीबको भ्रान्तिबाट सिद्ध भएको शुकदेव आदि मुक्ति भएको कथा शुकदेव आदिका उपर शास्त्रले बुझाउँछ। स्वप्नामा देखिएको गुरू र ईश्वरको सपना देख्नेले कल्पना गरेर, तिनीहरूको उपासना गर्छ र उनीहरूबाट विद्या आदि फल पाउँछ। त्यस्तै जाग्रत् अवस्थामा पनि, गुरू ईश्वरको कल्पना गरेर उनीबाट आत्मविद्या प्राप्त गर्छ र मोक्ष पाउँछ। (१) एक जीब वादमा दोस्रो मत।

पूर्व एक जीबवादीले जो भने, यौटा शरीर मात्र सजीव हो, अरू शरीर सबै निर्जीब हुन्। यो तिनको भनाई ठीक ह्वैन। किन भने यौटा जीब यौटैं शरीरमा मात्र रहन्छ, जगत्का सबैं शरीरमा रहदैन, भन्ने यस अर्थको सिद्ध गर्ने, कुनै पनि बलवान् युक्ति पायिदैन। वेदमा जीबदेखि भिन्न ईश्वरको सिद्ध छ। त्यै ईश्वर जगत्को कर्ता हो पनि भनेको छ। जीबलाई जगत्को कर्ता हो भनेको छैन। ब्रह्मको प्रतिबिम्बरूप हिरण्यगर्भ, यौटा जीब हो। विम्बरूप ब्रह्म ईश्वर हो भन्ने बताएको छ त्यो ईश्वर, जीबदेखि भिन्न मानेको छ। श्रुतिमा हिरण्य गर्भलाई, उपाधि पनि मानेको छ। त्यै हिरण्य गर्भ (भिन्न प्रकाशवाला) मुख्य यौटा जीब हो। अरू सबैं जीब त्यसैका प्रतिबिम्बरूप हुन्। जस्तैं कपडामा लेखेका मानिसका शरीरमा लेखेका राता पहेला आदि रङ भएका कपडा, साँचै वस्त्र जस्ता देखिन्छन त्यस्तै यी सबै जीब पनि साँचैका जीब जस्ता मात्र हुन्। ती समग्र जीबको आभासरूप नै सन्सारी जीब हुन्। जस्तैं हिरण्यगर्भको शरीर मुख्य जीब हुनाले सजीब हो। त्यस्तै अरू शरीर पनि जीबको आभास (जीब जस्तैं) हुनाले सजीब हुन्। (२) एक जीब वादको तेस्रो मत।

पूर्वोक्त मतमा, बिम्बरूप ईश्वर हो, त्यसको प्रतिबिम्बरूप हिरण्य गर्भ नै मुख्य एउटा जीव हो अरू सम्पूर्ण जीव, हिरण्यगर्भ (ज्योतिरूप) कै प्रतिबिम्ब-रूप हुन् भन्ने बताए। पैंलिता प्रतिबिम्बको प्रतिबिम्ब हुनै सक्तैन। अर्को कुरा हिरण्यगर्भको प्रत्येक कल्पमा भेद हुन्छ, यसैले कुन कल्पमा हिरण्यगर्भको शरीर सजीव हो र त्यै मुख्य हुन्छ, यो उक्तिमा कुनै प्रमाण पनि मिल्दैन। जुन हिरण्यगर्भको शरीर, मुख्य जीव हुनाले सजीव हो अरू शरीर जीवाभास द्वारा, जीवा भासरूप सबै सजीव हुन् भन्ने यो अस्पट कल्पना हो किन्तु अविद्यामा चेतना ब्रह्मको जो प्रतिबिम्ब छ, त्यो जीव हो। अविद्या एक हुनाले त्यो जीव पनि एक हो। त्यो एकै जीव विषय भोगका निमित्त सबै शरीरको आश्रय गर्दछ। त्यो एक जीवका प्रतिबिम्बरूपनै अरू सबै जीव हुन्। तिनै प्रतिबिम्बाभासरूप जीवहरूबाट अरू भएका शरीर जीवाभासरूप हुन्। यौटै जीवात्माको मुख्य र अमुख्य गरेर जीवको स्वभाव कल्पना गर्नु असङ्गत हुन्छ। जस्तै मानिसको एउटा शरीरमा भएका, हस्त, पादादि अवयवमा मानिसलाई हातमा दुःख छ, पाउमा दुख छ भन्ने एकै समया ज्ञान हुन्छ। त्यस्तै सबै शरीरमा भएको जीवात्मा एक हो। भनेर स्वीकार गरेका पक्षमा, देवदत्तको शरीरमा मलाई सुखछ, यज्ञदत्तको शरीरमा भने दुःखछ भन्ने त्यो यौटै जीवलाई सुख दुःखको एकै समयमा ज्ञान हुनु पर्ने तर त्यो हुदैन। त्यसो होता पनि शरीरको भेद, सुख दुःखको अनुभव गराउने वाला छ। जस्तै पूर्व पैदा भएको शरीरमा र पछि पैदा भएको शरीरमा रहेको जीव यौटै हो भेद छैन। यसो होता पनि, पहिले जन्मेका शरीरमा भएका सुख दुःखको अनुभव हुदैन। किन हुदैन भने, सुख दुःखको अनुभव शरीर द्वारा हुन्छ, शरीर एकै हुँनन्। शरीरको भेद, अर्थात् शिवको शरीर अर्कै, विष्णुको अर्कै हुनाले, अनुभव नभएको हो। त्यस्तैं सबै शरीरमा सुख दुःखको अनुभव सिद्ध गर्ने शरीर भिन्नाभिन्नै हुन्, शरीरको भेद छ यसमतमा प्रत्येक शरीरमा यौटा जीव स्वीकार गरियो। अब अनेक जीववादमा प्रथम मत।

तद्यो देवानां प्रत्यबुध्यत सएव तदभवत् ॥ १ ॥

देवताहरूका मध्यमा जजसले ब्रह्म जाने, तिनै तिनैं ब्रह्मरूप भए। इत्यादि-वेदले जीवात्माका भेदले, बद्ध र मुक्तको व्यवस्था, बताएको छ। यो उक्तिले एक जीववादमा बद्ध र मुक्तको व्यवस्था बनिदैन। वेद भन्छ देवताहरूमा जसले ब्रह्म जान्यो त्यैं मुक्त भयो। न जान्ने भएन। यो श्रुतिले ज्ञानीको मुक्ति, अज्ञानीको बन्धन बतायो। यौटै जीव मानेका पक्षका बन्ध र मोक्षको व्यवस्था बनिदैन। यसैले अनेक जीववाद मान्नु पर्छ। अन्तःकरण घेरैं छन्, अन्तःकरण घेरैं हुनाले ती उपाधि भएका जीवहरू पनि घेरै छन्। अन्तःकरणको उपादान कारण

जो मूल अज्ञान छ, त्यो एक छ। त्यो अज्ञान शुभ ब्रह्मको आश्रय हो। त्यै अज्ञानको आश्रय, संपर्कले गर्दा अज्ञानी हुन्छ। त्यो अज्ञान हट्नुको नाम मोक्ष हो। तयो मुख्य अज्ञान, अंश या अब यसले सहित भएको छ। फेरि त्यो अज्ञान अनिर्वचनीय छ। त्यसको अंश (टुक्रा) पनि अनिर्वचनीय छ। अज्ञानको अंश अन्तः करण हो। जुन अन्तः करणरूप अज्ञानका अंशमा ज्ञान पैदा हुन्छ त्यैं अंशको निवृत्ति हुन्छ। अर्को अंशको हुँदैन। अंश नाश हुँनुनैं मोक्ष।

अनेक जींबवादमा दोस्रो मत।

चेतन जीवको अज्ञानका साथ सम्बन्ध हुनु बन्धन हो। अज्ञानका नाशको नाम मुक्ति हो। अज्ञान निवृत्तिको नाम मुक्ति ह्वँन। अज्ञानका साथ सम्बन्ध हटेपछि बन्धन हट्न सक्त छ। यस्तो यदि मान्दैनौ भने, जस्तैं अग्निको सम्बन्धबाट तिनैं सबैं शरीर चल्दछ, त्यस्तैं अज्ञानको विरोधि ज्ञान उदय भएपछि, ज्ञानको सम्बन्धले समग्र अज्ञान पनि भस्म हुनेछ। यसो भए पछि, बन्धन र मोक्षको व्यवस्था फेरि बनिने छैन। यी पूर्वोक्त युक्तिबाट जीव सिद्ध हुदैन। जीव एक छैन, अनेक छ। अनेक जीववादमा तेस्रो मत।

कोई भन्छ, "अहमज्ञो ब्रह्म न जानामि" मं मूर्ख छु, ब्रह्म जान्दिन। यसबाट यो सिद्ध हुन्छ कि जीवमा अज्ञान हुन्छ, अज्ञानभित्र जीव रहदैन। शुद्ध ब्रह्ममा अज्ञान छैन, अज्ञान भित्र ब्रह्म छ। अज्ञानका अंशहरू अनन्त छन्। अन्तःकरण अंशहुन्। यसैले ती अन्तःकरणमा प्रतिविम्ब रूपले रहेका जीव पनि अनन्त छन्। जस्तैं यौटा ब्राह्मणत्व जाति अनेक ब्राह्मणमा रहन्छ, त्यस्तै यौटैं अज्ञान अनेक जीवमा रहन्छ। जुन अन्तःकरणमा ज्ञानको उत्पत्ति हुन्छ, त्यै ज्ञानले त्यो अन्तःकरणको निवृत्ति हुन्छ। अन्तःकरण हटेपछि अर्थात् मं मन आदि कुनै ह्वँन, मं ब्रह्म हूँ, यो ज्ञान भए पछि, प्रतिविम्बको पनि निवृत्ति हुन्छ, आफ्ना बिम्बमा मिल्छ। प्रतिबिम्बमा लीन हुनासाथ, अज्ञानले पनि, अन्तःकरण उपाधिलाई त्यागिदिन्छ। मोक्ष भन्ने त्यै हो। "जहात्येनां भुक्तभोगामजोऽन्यः" यो श्रुति पनि यसमा प्रमाण छ। यो मतमा अज्ञानको सम्बन्ध नै बन्धन हो। सम्बन्धको निवृत्ति मोक्ष हो। अनेक जीव वाद मा चौथो मत—

अविद्या अनेक छन्, अविद्या उपाधि भएका जीव पनि अनेक छन्। जुन जीवको आत्मविद्याले अविद्या निवृत्ति हुन्छ, त्यै जीव मुक्त हुन्छ। जसको अविद्या निवृत्ति हुदैन, त्यसको बन्धन होई रहन्छ। अविद्याको नाश भए पछि अविद्याका नाशको संस्कार बाकि नै भैंरहन्छ। यस्तो हुदा मानिस जीवन मुक्ति बनिन्छ। संस्कार बाँकि रहने हुनाले सबैं संग मिल्दो जुल्दो व्यवहार हटतैन,

जगत् मिथ्या हो, आत्मा सत्य हो भन्ने ज्ञान दृढ भैंरहन्छ। विदेह मुक्तिमा भने त्यो संस्कार पनि नाश हुन्छ। आफ्नू शरीर लड़ोस, भिजोस, डढोस, कसैले शुद्ध वा अशुद्ध दिउन्, ख्वाउन् होस पाउदैन। यसमतमा अज्ञान निवृत्तिको नाम नै मोक्ष हो। अज्ञानका साथ सम्बन्ध नहुनुको नाम मोक्ष ह्वैन। ज्ञानहरूका मध्यमा प्रत्यक्ष नै मुख्य प्रमाण मानिन्छ। किनकि प्रत्येक जीबलाई "अज्ञोऽहम्" मं नजान्नेछु, यस्तो ज्ञान हुन्छ। सबमा अज्ञानको अनेक अंश छ। अज्ञान एक छ। यसमा प्रत्यक्ष प्रमाण देखिदैन।

प्रश्न--अनेक जीबवाद मा म सोद्धछु, यौटा जीबको अविद्याले यो प्रपञ्च रचना भयो कि, अथवा सम्पूर्ण जीवका अविद्याले भयो ?

उत्तर--कुनै ता यसो पनि भन्छन्, जस्तै अनेक धागाले यौटा कपडा बनिन्छ, त्यस्तै सबै जीबका सबै अविद्याको परिणाम प्रपञ्च हो। जस्तै यौटा तन्तु नाश हुँदा कपडाको नाश हुदैन, त्यस्तै एउटा मुक्त भएर जाँदा, त्यसको अविद्या नाश भए पनि त्यो साधारण प्रपञ्चको पनि नाश हुदैन। यौटा धागो नाश भएका वेलामा, अरू बाँकिरहेका धागा (तन्तु) बाट कपडा बनिए झैं, अरू सबै जीबको सबै अविद्याबाट साधारण प्रपञ्च बनिरहन्छ। यसमतमा सम्पूर्ण जीवका सम्पूर्ण अविद्याको प्रपञ्च एक मानेको छ। यसै विषयमा अर्को मत।

सम्पूर्ण अविद्याको कार्य जो प्रपञ्च छ, त्यो अविद्याका भेदले प्रत्येक जीबका उपर प्रपञ्च भिन्न भिन्न छ। आ-आपना अविद्याले गरेको आकाश आदि प्रपञ्च पनि जीब जीबका भिन्न भिन्न छन्। हुनता एकै पटक जुन ठाउँमा सिपीमा सबैको, चाँदिको भ्रान्ति हुन्छ, उसै ठाउंमा सबै पुरुषको अज्ञानबाट, एक एक पुरुषको चादिको भ्रम हुन्छ। यसैबाट यो साबीत भयो कि, प्रत्येक जीबको अज्ञानका भेदले, अज्ञानले गरेको चादिको भेद पनि भन्न सकिन्छ। त्यसो हो ता पनि त्यो सिपी (शुक्ति) मा यौटा पुरुषको शुक्तिको अज्ञान साथै अज्ञानको उपादान कारण भएको, रजतको नाश भए पछि अर्का पुरुषको रजत ज्ञान भैंरहन्छ। यसैले उस ठाउँमा चादीको भेद अवश्य नै मान्नु पर्ने छ। जस्तै शुक्तिका अज्ञानले, शुक्ति र रजतको भेद हुन्छ, त्यस्तै जीब जीबको प्रपञ्च पनि आपना आफ्ना अज्ञान द्वारा भिन्ना भिन्नै रचना भएको छ। किन्तु यौटा छैन। यौटा पुरुष अर्को पुरुष संग भन्छ, शुक्तिमा जो चादी तिमीले देख्यौ मैले पनि त्यै देखे भन्दछ। तर यो रजत ज्ञान भ्रान्ति मात्र हो। त्यस्तै जुन गाग्रो तिमीले देख्यौ त्यो गाग्रो मैले पनि देखें, यो ज्ञान पनि भ्रम नै हो। यो मतमा पनि सम्पूर्ण अविद्याका कार्य प्रपञ्चलाई मानेर पनि भिन्ना भिन्नै प्रपञ्च मानेको छ।

यसै विषयमा बोस्रो अर्को मत।

सम्पूर्ण कार्य प्रपञ्च जीवका अविद्याको, परिणाम ह्वैन, किन्तु जीवाश्रित विभिन्न अविद्याका समूहदेखि भिन्न जो माया छ त्यो माया सबै जीवको कार्य प्रपञ्चको उपादान कारण हो। त्यो मायाले ईश्वरको आश्रय गरेको छ। ईश्वराश्रित मायाको कार्य प्रपञ्च पनि यौटै हो। यसबाट एकत्वको प्रतीति सम्पूर्णको भ्रम रूप हो।

जीवन मुक्तिको विचार।

अविद्यामा आवरण र विक्षेप दुई शक्ति छन्। ब्रह्म ज्ञान भए पछि आवरण शक्तिको नाश हुन्छ। विक्षेप शक्ति भएका मूल अज्ञानको नाश हुँदैन। प्रारब्ध कर्मरूप प्रतिबन्धको नाश भए पछि, आवरण शक्ति नभएका चेतन द्वारा विक्षेप शक्ति वाला अविद्याको नाश हुन्छ। यस मतमा विक्षेप शक्तिमान् अविद्यालाई नै अविद्याको लेश मानेको छ। त्यो लेश (थोरै) रहेको पनि नरहेको पनि संस्कारले सहित भएका चेतनबाट मानेको छ।

जस्तै लसुनको गन्ध पखाले पछि पनि, गन्ध रहिनै रहन्छ, गन्हाउन छोड्दैन त्यस्तै तत्त्व ज्ञानले अन्तःकरणको उपादान कारण भएको अविद्या, हटेता पनि अविद्यावाट पैदा भएको शरीरलाई मं, घर आदिलाई मेरो भन्ने वासना (संस्कार) विशेष रहिरहन्छ। त्यै संस्कारको नाम, लेश अविद्या हो। त्यै अविद्याले गर्दा जीवन मुक्तहरूको, 'म मेरो भन्ने ज्ञान भैरहन्छ। सच्चा मं मेरो भन्ने अभिमान शरीरभित्र रहदैन, बाहिर मात्र देखावटी रहन्छ।

कोई भन्छन्, जस्तै डढेका कपडाले वयै काम गर्न सक्तैन, त्यस्तै तत्त्व ज्ञानले हटेका अविद्याले पनि वयै काम गर्न सक्तैन। तत्त्व ज्ञानले डढेको जुन अविद्या छ, वयै काम गर्न नसक्ने त्यै लेश भन्ने कहिन्छ।

कोई भन्छन्, विरोधितत्त्व साक्षात्कारको उदय भएपछि लेश अविद्या रहदैन। ब्रह्म साक्षात्कारको उदय मात्रले कार्यको आरम्भमा असमर्थ अविद्या हट्तछ। अविद्याको नाश हुनु नै जीवन मुक्ति हो भन्नु, इत्यादि अर्थवाद मात्र हो। वास्तवमा, त्यसको तात्पर्य, जीवनमुक्ति अवस्थामा, जगत् र जीब नाशवान मिथ्या हुन्, ब्रह्म सत्य हो भन्ने दृढ निश्चय हुनुपर्छ। जगतको संज्ञना हराउदैन। जीबन्निर्वाहका निमित्त शुद्ध व्यवहार भैरहन्छ भन्ने तात्पर्य हो।

प्रश्न—ज्ञान प्राप्तिका समयमा, उपाधिको नाश भए पछि, जीबात्माको, ईश्वर सँग मेल हुन्छ कि, शुद्ध ... सँग मेल हुन्छ?

उत्तर—–यसमा एक जीववादीको यो मत छ, के भने, जीब एक छ, मूल अज्ञान पनि एक छ। जीबको अन्तःकरणमा ज्ञान भए पछि, त्यसै वेला कार्यका साथै अज्ञानको नाश हुन्छ। अज्ञानको बाध या नाश भए पछि, चैतन्यरूपले अभेद भएर रहन्छ। अर्थात् शुद्ध चेतनमा अभेद भएर मिल्छ, ईश्वरसंग ह्वैन। शुद्ध चेतनसंग अभेदले रहनुको नाम जीवनमुक्ति हो। यस मतमा शुद्ध ब्रह्म प्राप्तिको नाम नै ब्रह्म हो। जो प्रतिबिम्ब लाइनै जीव र ईश्वररूपले, अर्थात् जीब र ईश्वर एक हो भनेर मान्दछन्, तिनीहरूको यो निम्नलिखित मत हो। जस्तै अनेक उपाधिमा यौटाको प्रतिबिम्ब हुनाले, जुन उपाधिको नाश हुन्छ,–त्यसको प्रतिबिम्ब आफ्ना बिम्बसंग मिल्छ। दोस्रा प्रतिबिम्ब संग भेद हुँदैन। यस मतमा पनि मुक्त पुरुषको शुद्ध ब्रह्म संगै अभेद हुन्छ।

जो अनेक जीववादको मत छ, त्यसमा पनि, अविद्याको अंश अन्तःकरणमा ज्ञान पैदा भए पछि, त्यो अन्तःकरण रूप अविद्याको अंश नाश हुन्छ। यस मतमा पनि मुक्त पुरुषको शुद्ध ब्रह्मसंगनै अभेद हुन्छ।

उपसंहार

चेतन एकमात्र छ। त्यै चेतन, कूटस्थ, ब्रह्म, जीव, ईश्वरका भेदले ४ प्रकारको हुन्छ। द्वा सुपर्णा इत्यादि श्रुतिले वृक्षरूपी शरीरमा बसेका पक्षी भन्ने भेद गरेर जीब र चेतन बताएको छ। "यदेवेह तदमुत्र यदमुत्र बदन्विह" यो श्रुतिले जो जीव हो त्यैं चेतन ब्रह्म हो, जो चेतन ब्रह्म हो त्यै जीब हो भनेको छ। कोशोपाधि विवक्षायां याति ब्रह्मैब जीवताम्, यो पञ्चदशीमा पनि जीव र ब्रह्मको अभेद बताएको छ। "मायाभासेन जीवेशौ करोतीति" यो श्रुतिबाट जीवलाई मायाले सृष्टि गरेको यसैले मायिक 'कार्य' हो मायामा अन्तर्गत हुन्छ, जीव विनाशी मिथ्या हो। मिथ्या पदार्थ, सत्य आधार बिना प्रतीति हुदैन (देखिदैन) अतः जीब र देह आदिको आधार भएर प्राणी मात्रका शरीरमा रहेको ब्रह्म 'कूटस्थ' भन्ने कहिन्छ। जलं विना ये म्लायन्ते ते प्राणीनः, जल बिना वैलाउने प्राणी भनिन्छन्। तातेका फलाममा ढाकेर अग्नि वसे झैं, अन्तःकरण, काम, क्रोध आदिमा ढाकेर वसेको चेतनको छाया अथवा प्रतिबिम्ब 'जीव' कहिन्छ। मायामा परेको चेतनको प्रतिबिम्ब 'ईश्वर' कहिन्छ। जस्तै घट, जल, मेघ, यी उपाधिका भेदले, महाकाशको घटाकाश इत्यादि भेद भए झैं; यौटै चेतनको माया, शरोर, बुद्धि आदिले भेद गरेर भन्नेले भन्दा भेद भएको मात्र हो। यौटै चेतन हो। उपाधिको नाश भए पछि केवल चेतन ब्रह्म मात्र रहन्छ। उक्त मत मतान्तरमा पनि जो जो भेद कहेको छ ती समग्र कल्पित मिथ्या हुन्। ज्ञान-द्वारा उपाधि नष्ट भए पछि, कल्पित भेद ब्रह्म संग मिल्छ।

प्रिय पाठक ? जस्तै पतिव्रता स्त्री परलोकमा पतिका साथ मिलनका निमित्त विषय सुख त्याग गरेर, अग्निमा सती जान्छिन् । त्यस्तै तिमी पनि स्त्री पुत्रादि, विषय सुख त्याग गरेर, आत्मामा मिलनका निमित्त, मनका साथ ज्ञानरूपी अग्निमा सती जाउ । नत्र आत्म-सुख हुने छैन । सर्पका साथमा मणि हुन्छ । त्यो मणिका २ गुण हुन्छन् । एउटा प्रकाश गर्ने, दोस्रो आनन्द गर्ने । प्रकाश गर्ने गुण ता सर्प जान्दछ तर आनन्द गर्ने जान्दैन । जब सर्पलाई भोक लाग्छ, अनि पहाडका अंध्यारा गुफामा गएर, मुखबाट मणि निकालेर राख्तछ । त्यो मणिका उज्यालामा मच्छड मार्दै खाँदै गर्छ । दोस्रो आनन्द गुण जानेको भए मच्छड मारेर खान पटी लाग्ने थिएन । त्यस्तै आत्माका २ गुण हुन्छन्, एउटा प्रकाश गर्ने अर्को आनन्द गर्ने । प्रकाश गर्ने गुण तिमी जान्दछौ, आनन्द गर्ने गुण जान्दैनौ । यसैले मणिका प्रकाशमा मच्छड मारेर सर्पले खाएझैं, आत्माको प्रकाशमा विषयरूपी मच्छड मारेर तिमी खादैछौ । आत्माको आनन्द गर्ने गुण जानेको भए, मच्छडले झैं चारै पट्टिबाट आफूलाई टोकेर रूवाउने, हंसाउने, सुख दुःख दिने आफू संग बाझ्ने, सुख सम्पत्तिका लागी झगडा मच्चाउने, इन्द्रियलाई छिया छिया पार्ने, मर्दा सगै नजाने स्त्री पुत्रादि विषयरूपी मच्छड मारेर खान पटी लाग्ने थिएनौ । अब तिमी विस्तारै विषयबाट वैराग्य वनेर आत्मा चिन्तनमा लाग, नत्र तिमीलाई भविष्यमा आत्माप्राप्ति हुनेछैन ।

प्रश्न—आत्मा कुन हो, कहाँ वस्छ ? पण्डितजीहरूले कथा भन्दा, आत्मा सबैका हृदयमा बसेको छ । उसलाई पत्ता लगाउदा हृदयमा नै पत्ता लाउनु पर्छ । अन्यत्र गएर पत्ता लाग्दैन, भनेको सुन्दछु । कसरी पत्ता लाउने भन्नुहोस ।

हे प्रियपाठक ? श्रुतिस्मृति समग्रशास्त्रहरूले, आत्माको प्रत्यक्ष हृदयमा नै हुन्छ भनेको छ । चित्का कूटस्थ, ब्रह्म, जीब, ईश ४ भेद हुन्छन् भनेर सबै विवरण पूर्व भागमा गरिसकेको छ । प्राणी मात्रका हृदयाकाशमाव सेको चेतन कूटस्थ भनिन्छ । प्रकृति जड छ, अन्तः करण, इन्द्रिय, पंचभूत यी जड़का सन्तानले बनेको शरीर जडै हो । यो जड शरीरलाई आफैं सृष्टि गर्‍यो र कूटस्थ नामले, आत्मा, या ब्रह्म प्राणीभावका हृदयकाशमा वसेर वस्यो । सूर्यले सबैतिर जगत्प्रकाश गरे झैं- शरीर भित्र भएका सबै इन्द्रिय नाडी आदिलाई प्रकाश गर्छ । तिमी तिम्रा घरभित्र माझ अघेनामा अँध्यारो भए पछि आगो बाल । त्यो अग्निले सबैतिर उज्यालो पार्छ र सबै चीज बीज देखिन्छन् । फलाम ल्याएर आगाको नजिकै राख । त्यो अग्निको तातो फलाममा घुस्छ र नपोल्ने फलाम पनि पोल्ने हुन्छ र स्पर्श गर्ने सबैलाई पोल्छ । त्यस्तै कूटस्थका नजिकै मन, बुद्धि आदि रहेका छन् । यी सबै इन्द्रियहरू तरल (पानी आदि) पदार्थ जस्ता छन् ।

जस्तै पानी ऐनामा, सूर्यको छाया पर्छ, त्यस्तै सबै इन्द्रियहरूमा कूटस्थको छाया पर्छ र जड़ इन्द्रियहरू पनि चेतन जस्ता भएर, आँखानले पोल्ने काम गरे झैं हेर्नु सुन्नु आदि आ आफ्ना काम गर्दछन् । कूटस्थको छायाद्वारा मात्र इन्द्रियहरूले आ-आफ्नु कार्य गर्न सक्ने हुँदा त्यो छाया जीव भनिन्छ । अर्थात् तिनीहरूलाई जीया-उने या चेष्टा गर्ने शक्ति दिने हुँदा जीवन को हो त्यो जीब आत्मा या ब्रह्म हो । तर स्त्रीका सौन्दर्य आदि गुणमा भुलेर र मानिसले आफ्नु जाति कर्तव्य, अधिकार बिर्सेर आफुलाई नचिने झै, प्रकृतिका सुकुमार आदि गुणमा भुलेर आफूलाई म ब्रह्म हूं भन्ने विर्स्यो र म ता अमुकको पुत्र, नाति, जामाता, ब्राह्मणादि जाति हूं भन्न लाग्यो । देहलाई म, स्त्री पुत्रादिलाई मेरा हुन् भनेर तिनीहरूलाई पालना निमित्त कुकर्म गर्न लाग्यो र आफूलाई नचिन्हेर सन्सारबाट छुट्न सकेन । त्यस्तै हें पाठक ? जन्म जन्मान्तरको राग, द्वेष संस्कारले तिम्रो बुद्धि ढाकिएको छ । प्रथम तिमी शुभ कर्म गर, यज्ञ यागादि शुभकर्म द्वारा तिम्रो बुद्धिको मैला नष्ट हुन्छ, ज्ञानोदय हुन्छ । अनि तिमी आफूलाई, म कसैको पुत्रादि ह्वैन, बुद्धि आदि पनि ह्वैन, ती नाशवानदेखि भिन्न, अविनाशी, अजरामर, व्यापक चेतन ब्रह्म हूं भन्ने जान्दछौ । अब तिमीलाई ज्ञान भयो होला, जसका प्रकाशमा यी श्रोत्रादि दशै इन्द्रिय, एकै पटक आ-आफ्ना काममा प्रवृत्त हुन्छन् तर्यो आत्मा ता तटस्थ छ क्यै गर्दैन सबैको साक्षी हुन्छ त्यसैलाई आत्मा वा आफु ज्ञान जो हृदयाकाश या बुद्धिमा पसेर बसेको छ । यद्यपि आकास झैं सर्वत्र व्यापक छ, तथापि हृदयमानै प्रत्यक्ष हुन्छ । यो ब्रह्म निराकार, निरवयव छ, निराकार, निरवयवको प्रत्यक्ष गर्न कठोर छ । यसैले, गीता बाह्रौ अ० दोस्रो श्लोकमा अर्जुनलाई भगवानले भन्नु भएको छ । हे अर्जुन ? इन्द्रियको विषय नभएको चेतन ब्रह्म प्रत्यक्षगर्न कठोर छ, तसर्थ, मेरो विराट रूपको चिन्तन गर्नु नै श्रेष्ठ हो । तिमी पनि तिम्रो रूचिअनुसार, शिव, विष्णु, कृष्णादि कुनै देवताको विराट रूपको ध्यान गर्ने गर, स्थावर, जंगम सम्पूर्ण यौटै आत्माको विराटरूप हो भन्ने संझ शिव विष्णु आदि देवतामा यो भिन्न हो या अर्कै हो भन्ने भेदभाव नराख; यसो गर्‍यो भने तिमीलाई आत्म सुख प्राप्त हुनेछ । विस्तारै तत्त्व ज्ञान प्राप्त भए पछि, साकार ब्रह्म निराकारमा परिणत हुनेछ र जगतलाई पनि स्वप्न समान कल्पित नाशवान भगवानको माया हो भन्ने निश्चय हुनेछ ।

प्रिय पाठक ? तिमीलाई अर्को दृष्टान्त सुनाउँछु सुन । जति रचना बाहिर तिमी देख्तछौ, त्यत्तिनै रचना शरीर भित्र पनि छन् । यस भन्दा बडी पनि हुन्छ ईश्वर लङ्ड़ो छ, अर्काका काँधमा नचढी या उपादान कारण नली केहि काम गर्न सक्तैन । जस्तै तिमीले घास काट्नु पर्‍यो, हातले घाँस नकाट्ने हुँदा तिमी

लङ्‌ड़ा ठहरियो। ;तिमीले घाँस काट्नका निमित्त उपादान कारण (हंसिया वा खुकुरी) लिन करें लाग्यो। हंसिया संग तिम्रो संयोग भए पछि, हंसिया घास काट्छ। काटता काटतें हंसिया भाचियो वा खुकुरी झर्‌यो भने, तिमी भाचिदैनौ, झर्दैनौ तिमी तटस्थ हुन्छौं। हंसिया आदिले काटेको घासलाई मानिसहरू तिमी-ले काटेको भन्छन्, हंसियाको छेदन क्रिया तिमीमा आरोप गर्छन्। त्यस्तै इन्द्रिय नभएको आत्मा पनि आफु क्यै गर्न नसक्ने हुँदा, सृष्टि आदि काम गर्न उपादान कारण मायालाई लिन्छ र विष्णु आदि रूपमा परिणत हुन्छ। जस्तो हाम्रो शरीर पञ्च भूतले बनेको हो, त्यस्तैं विष्णुको शरीर पंचभूतले बनेको हो। इन्द्रिय उनै हुन्। बुद्धिमा रहेको कूटस्थ उहि हो। जस्तो हाम्रा इन्द्रियरूपमा कूटस्थको छाया पर्छ र चेतन जस्तैं भएर, तत् तत् काम गर्छन्। त्यस्तैं कूटस्थको छाया परेर विष्णुका इन्द्रिय पनि तत् तत्‌काम गर्छन्। कति मात्र भेद छ त भने जस्तो हामी जीव समूहको, शरीरमा म, गृह, पुत्रादिमा मेरो भन्ने अभिमान छ, माया-का अधीनमा परेर नाच्तछौं। त्यस्तो विष्णु आदिका शरीरमा रहेका जीवको अभिमान छैन। भेद छैन, सबैमा रहेको चेतन मैं हूं मेरै रूप हो भन्ने छ। धर्मा-धर्मादिको संस्कार छैन अतएव मायाका अधीनमा छैन, मायालाई ता आफैं न-चाउंछ। आत्माको यो संयोगले स्वयं प्रकृति सृष्टि गर्छे। सृष्टि आदि प्रकृतिले गरेको कर्म, ईश्वरमा आरोप गरेर, ईश्वर गर्छ, भनेको मात्र हो। उ केहि गर्दैन। तटस्थ भएर मायाले देखाएको तमासा मात्र हेर्छ।

जस्तो बाहिरिया रचना (ब्रह्माण्ड) ऐश्वरीय सत्ता द्वारा हुन्छ। त्यस्तैं शरीर रूपी ब्रह्माण्डको रचना जीवको सत्ता द्वारा हुन्छ। जस्तैं यो शरीरभित्र नाभिस्थानबाट यौटा नाडी उभो निक्लेको छ। त्यसबाट अरु शत नाडी निस्के-का छन्। फेरि ती नाडीबाट बहत्तर हज्जार नाडी निस्केका छन् बहत्तर हजार नाडीमा प्रत्येकबाट पनि अरु अनेक नाडी निस्केकाछन जुन नाडीहरू केशको अग्र भाग भन्दा पनि अत्यन्त सूक्ष्म छन। फेरि यो शरीरमा ठूला ठूला नाडी पनि धेरैं छन्। ती नाडीहरू सारा शरीरमा फैलेका छन। अगाडि उनीहरूमा पनि परस्परमा स्थूल र सूक्ष्मताको तारतम्य छ। फेरि यसैभित्र अर्को भारी रचना भैंरहेको छ। नाभिदेखि उभो, 'मूलाधार' स्वाधिष्ठान, मणिपूरक, अनाहत, विशुद्धि, आज्ञा छ चक्र छन्। यो शरीरमा भित्र बहुत हड्डीहरू पनि जोडिएका छन्। उनमा पनि साना र ठूला छन्। हज्जारौं वैद्यहरूले यो शरीर भित्रको रचनाबोध गर्न बहुतें यत्न गरे तैं पनि पूरापूरी रचनाको पत्ता लाउन सकेका छैनन्। जस्तो बाहिरको ब्रह्माण्ड अनन्त छ, त्यस्तैं भित्रको ब्रह्माण्ड पनि अनन्त छ फेरि शरीरमा पनि अनेक स्थान बनिएका छन्। जब मानिस अन्न खान्छ,

त्यो अन्न भित्र पेटमा जान्छ। जठराग्निले त्यो अन्न पेट भित्र पकाउंछ। त्यसको एकसार निस्केर एकातिर जान्छ। मैला गुदद्वार तर्फ लाग्छ। मुत्र द्वार पटि मुत्र जान्छ। जो सार रस परिपाक हुन्छ, त्यो दोस्रा ठाउँमा गएर अन्न परिपक्व हुन्छ। त्यसको ठूलो भाग रगत हुन्छ। सूक्ष्मभाग वीर्य हुन्छ ती दुवैलाई व्यान वायुले हिसाब गरेर नाडीहरूमा विभाग गर्दछ। अनि सबै नाडीहरू र हड्डीहरू आ आफ्नू काम गर्छन्। आत्मा गर्दैन। अज्ञानले गर्दा प्रकृतिले गरेका कामहरू मैंले गरेको भन्छ। बुद्धि आदि, उक्त नाडीहरू समग्र प्रकृतिका सन्तान हुन, अतएव प्रकृति भनिन्छन्। यदि आत्मालाई कर्ता मा मान्ने हो भने हो भने एउटै आत्माले एकै क्षणमा शरीर भित्रका हज्जारौं काम कसरि गर्न सक्तछ, सक्तैन। होइन, आत्मा शरीरको मालिक हो, आत्माले हुकुम दिन्छ र हुकुम बमोजिमको काम एकै पटक; इन्द्रियहरू गर्दछन् भन्ने मानौं भने, हुकुम चेतनमा मात्र लागू हुन्छ। जडमा हुँदैन। जस्तो बाहिर ब्रह्मान्डभित्र रहेका तारागण जड लोक हुन जड छन, परन्तु व्यापक चेतन ब्रह्मको सत्ता पाएर, आ-आफ्नु काम सबै गरि रहेका छन। चेतनकै सत्ता या प्रकाश पाएर सूर्यादि ग्रहगण आ-आफ्ना चक्रमा घुमिरहेका छन। चेतनकै प्रकाशले अरू अरू काम पनि भैरहेको छ। इत्यादि युक्तिबाट आत्मा अकर्ता छ भने साबित हुन्छ। जस्तैं सूर्य आँखो हुन सबैलाई प्रकाश गर्छन; तर उनले प्रकाश गरेका पदार्थको सुगन्ध वा दुर्गन्ध सूर्यमा हुँदैन। त्यस्तैं आत्माले प्रकाश गरेका जगतको सुख दुःख पनि आत्मामा छैन, उ केवल आनन्दरूप छ। पाठक ? यो आत्माको प्रकाश गर्ने गुण सबै जान्दछन आनन्द गर्ने गुण ज्ञान भने कसैलाई पनि छैन। यसैले सबै जीवहरू बाहिरिया विषयतर्फ मात्रैं दौडन्छन्। उस आनन्दरूपी गुण प्राप्तिको साधन; मुख्य प्रथम साधन, वैंराग्य हो, दोस्रो साधन चित्तवृत्तिनिरोधरूप योग हो। यसै विषयमा दृष्टान्त देखाउँछु–

एउटी राजकुमारीको 'मन्त्रीपुत्र, संग प्रेम भयो। क्यैं दिन सम्म ता यो कुरा गुप्त रह्यो। तर विस्तार विस्तारैं प्रकट हुन लाग्यो। राजालाई पनि यो कुरा थाहा भयो। अब राजाले विचार गरे, मैले यस्तो केहि उपाय गर्नु पर्‍यो, जसो गर्दा मन्त्रीको छोरो मरोस। मेरो पनि बदनामी नहोस। राजाले आफ्ना वैद्यलाई बोलाएर भने। वैद्य ? रातमा जसका साथमा जुन राख्ता त्यसका गन्धले मानिस मर्छ, त्यस्तो एउटा दवाई बनाएर बट्टामा बन्द गरेर ल्याउ। अर्को दिन वैद्यले राजाले भने बमोजिमको दवाई बनाएर, बट्टमा बन्द गरे रूमाललें बट्टामा बाधेर राजालाई लगेर दिए। राजाले पनि नोकर बोलाए र, यो वट्टा लगेर मन्त्रीका छोराका सिरानीमा राखेर आउ भनेर वट्टा हातमा राखिदिए। नोकरले पनि राजाले भने बमोजिम गरे। मन्त्रीका छोरा अफीम खान्थे, सिरानामा त्यो वट्टा

देखेर, आफ्ना नोकरले अफीमको वट्टा राखेर गएछ भन्ने ठाने । उनीले डब्बा खोले र त्यसमा भएको विष अफीम ठानेर प्रशस्त खाए, परन्तु मरेनन नमरे पछि यसको कारण राजाले वैद्य संग सोधे । वैद्यले भने, जसको गन्धले मात्र मानिस मर्छ । त्यो खादा पनि मरेन भने त्यसमा हेतु यो छ । त्यो मन्त्री पुत्रको मन कसैमा आसक्त भएर लागेको छ । उ आफ्नै शरीरको पनि होस पाउँदैन यसैकारणले त्यो मरेन । उसलाई मार्न सजिलो यौटा यो उपाय छ, त्यो उपाय बताउँछु । जसका साथमा त्यसको अति प्रेम छ, त्यो स्त्रीले राम्रा राम्रा कपडा गहना पैह्रेर, त्यो प्रेमी पुरूषका साथमा जानु र सामुन्ने उभिनु, उसका आँखा आफ्ना आँखासग मिलाउनु र अब उप्रान्त कहिल्यै पनि फेरी म तिमीसँग आउने छैन भन्नु, पनि भनेर तुरून्तै त्यहाँबाट हिडेर नदेख्ने ठाउँमा जानु । यति पछि त्यो तुरून्त मर्छ वैद्यको यो कुरा सुन पछि राजाले, छोरीलाई, सिंगार पेटार गरी सबै वैद्यले भनेको कुरा अह्राएर पठाए । वैद्यले भने बमोजिम गरेर भागिन । कन्या देखिन छोडे पछि तो कुमार तुरून्तै मरे । यो दृष्टान्त हो दार्ष्टान्ति सुन । बुद्धिलाई राजकन्या, मनलाई मंत्री पुत्र जस्तै जान । बुद्धिको मनका साथमा धेरै दिनदेखि प्रेम भैरहेको छ । जब आत्मज्ञानरुपी वस्त्र, भूषण पैन्हेर मनका सन्मुख भएर अब उप्रान्त फेरि, तिम्रा लैमा नाच्दै तिमी संग आउने छैन भनेर ब्रह्म विद्या (आत्म ज्ञान) तर्फ भाग्छे, अनि मन पनि विषय तर्फबाट हट्छ । यसको भनाइ के भने, मन इन्द्रिय द्वारा शब्दादि विषय ल्याएर बुद्धिलाई दिन्थ्यो । अब बुद्धिले चाहिदैन, म अन्तै लागे, भने पछि उसले विषय तिर जान कामनै समाप्त भयो । अब मनलाई, मन्त्रीकुमार, मरे झैं मरेको संज्ञ, विषयतिरनदौडनु मर्नु हो । मन मर्ना साथ आत्मानन्द प्राप्तछ । यो सन्सार मनले बन्दछ । अन्त्यको समयमा जे, जे, जस्तो, जस्तो, संझदै मर्छ, त्यै त्यै योनिमा कर्मानुसार जन्म लिन्छ ब्रह्मविन्दु उपनिषदमा भनेको छ–

मन दुइ प्रकारको हुन्छ । शुद्ध र अशुद्ध । विषय चिन्ता नगर्ने शुद्ध, विषय चिन्तन नगर्ने, अशुद्ध । मन नै मनुष्यको बन्धन र मोक्षको कारण हो । विषयासक्त मन बन्धनको कारण हुन्छ । विषयासक्त न भएको मन मोक्षको कारण हुन्छ । जुन समयमा विषयको सङ्ग त्यागेर मन हृदयमा रोकिन्छ, त्यसै समयमा मन परम पदमा प्राप्त हुन्छ ।

तावदेव निरोद्धव्यं यावत्हृदि गतं क्षयम् ।
एतज्ज्ञानं च मोक्षश्च ह्यतोऽन्यो ग्रन्थविस्तरः । ब्रह्म विन्दु. उप, नि.

जब सम्म मन हृदयमा नाअडदैन, तबसम्म मनलाई रोक्नु पर्छ । यसको

नाश हुनुनै ज्ञान हो, मोक्ष पनि त्यैं हो। यो बाहेक अरु ग्रन्थ विस्तार मात्र हो। प्रिय पाठक ? प्रथम, मनको शुद्धि गर्नु नै मानवको कर्तव्य हो। मनको शुद्धि बिना पुरुषलाई नित्य सुख प्राप्ति हुदैन। मन शुद्ध नभएको जो पुरुष छ, त्यो अज्ञानी हो। किन भने त्यसलाई आफ्ना स्वरूपको ज्ञान छैन। त्यो न हुनाले नै जीव दुःख पाउँछ। यसै विषयमा एउटा दृष्टान्त सुनाउँछु—

प्रिय पाठक ? एउटा पुरुषको नाम 'बेवकूफ' र त्यसकी स्त्रीको नाम 'फजीहती' थियो। एक दिन पति संग झगडा गरेर जङ्गलतिर पसिन्। साँझ पऱ्यो घरमा आइनन्। बेवकूफ आफ्नो स्त्री खोजन जंगलमा पसे। एउटा मानिस संग भेट भयो तिनले सोधे, जंगलमा के खोजेर हिडेका ? मेरी स्त्रीलाई खोज्दैछु। पुरुषले सोधे, स्त्रीको नाम के हो ? उनले भने, फजीहती। फेरी पुरुषले सोधे, तिम्रो नामके हो नि ? उनले भने, मेरो नामता बेवकूफ हो। मानिसले भने, तिमो स्त्रीलाई फेरि किन खोज्दछौ त ? तिमी बेवकूफ, बेवकूफलाई फजीहतीको के कमी। जहाँ जान्छौ उसै ठाउँमा तिमीलाई फजीहती मिल्ने छन्। प्रिय पाठक ? यो ता दृष्टान्त हो, यसलाई दार्ष्टान्तिमा भन्छु। आफूलाई नचिनेर जीव बेवकूफ भैरहे छ। यता उता पहाड जंगल, तीर्थादिमा आत्मा छ भनेर खोज्दछ। यसैले जहाँ जान्छ उहि फजीहती (दुःख) पाउँछ। शरीर भित्ररहेका आनन्दरूप आत्मालाई न जानेर, आनन्दता स्त्री पुत्र, पशु, सम्पत्ति हुदा मात्र हुन्छ भनेर, क्षणविध्वंसी, ती विषयमा आनन्द खोज्दछ। जस्तै कूक्कूर सुकेको हाड चबाउँछ, हड्डीले घोचेर थुतुनाबाट रगत भाउँछ। त्यसै रगतको रस त्यसलाई मीठो लाग्दछ। तर कूक्कूर, यसै हड्डीबाट मीठो स्वाद आइ रहेको छ भन्ने ठान्दछ। सुकेका हाडमा स्वाद किन हुन्थ्यो। स्वादता आफ्ना रगतमा छ। त्यस्तै स्त्री पुत्रादि विषयमा 'मानिस, स्वाद मान्दछ, विषयमा स्वाद छैन, किन भने विषय जड छ। जडमा स्वाद छैन। चेतन आत्मामा स्वाद छ, आनन्द छ। टेविलमा राखेको, सन्तोला देख्दा आनन्द हुदैन, त्यो जिभ्रामा लाउँदा आनन्द हुन्छ। जिभ्रामा चेतन छ, सन्तोला भित्र चेतन छैन, आनन्द पनि त्यसमा छैन। जिभ्रामा चेतन छ, आनन्द पनि त्यसैमा छ। यसैले विषयमा आनन्द छैन चेतनमा मात्र छ। नत्र सन्तोला हेर्दैमा आनन्द हुनु पर्ने हो हुँदैन। त्यसो भए, स्त्री रूपी विषयमा आनन्द हुन्छ नि, भन्नलाई पनि, भोग पछि पनि आनन्द हुनु पर्ने हुन्न। किन्तु बीर्यपतन भएका समयमा क्षणमात्र बीर्याकार बृत्ति स्थिर रहन्छ। बृत्तिमा चेतनको छाया परेको हुन्छ, त्यसैले स्त्री पुरुष दुवैलाई आनन्द हुन्छ। त्यो आनन्द, आत्माको हो, विषयको हुँ न। तर यो आनन्द आत्मानन्द हो भन्ने मानिसमा ज्ञान छैन। त्यो ज्ञान भए, विषयका पछि लागेर अनेक घोका किन खान्थ्यो।

ज्ञान नहुनाले दुःख पाउँछ या फजोहती पाउँछ। दृश्यं सुख दुःखात्मकम् = पातञ्जल योग सूत्र। प्रत्यक्ष भएका स्त्री पुत्रादि विषय सुख दुःख रूप हुन्। अर्थात् सुख दुःख विषयमा रहन्छ, आत्मामा आनन्द रहन्छ।

प्रियपाठक ? यसै विषयमा तिमीलाई अर्को दृष्टान्त सुनाउछु। कुनै सहरम एउटा धनी वनियाँ थिए। तिनीका एक मात्र पुत्र थिए। तर ती पुत्रको चाल चलन राम्रो थिएन। वनियाँले तिनलाई सुमार्गमा लाउन अनेक यत्न गरे, कति उपदेश गरे पनि लागेन। अब वनियाँले धनको रक्षा कालागी, एउटा घोद्रो सखुवाको खम्बामा जति भएका असर्फी, भरि लगाएर त्यो खम्बा घरभित्रै गाडी दिए। आफ्ना खातामा पनि, नानि छोरा ? जब तिमीलाई रूपियाको आवश्यक पर्छ त्यसवेला स्तम्भ साहेव संग मागेर लिनु भन्ने लेखि दिए। कयौ दिन पछि वनियां मरे। घरमा भएको सारा सम्पत्ति वनियाँ पुत्रले कुकर्ममा खर्च गरे र स्वाहा पारे। विहान वेलुका। मुखमा हात जोडन पनि बन्द भयो कयौ काम नपाएर खाताका पत्र पल्टउन लागे। पल्टाउदै लाँदा व पत्रमा बाबुले लेखेको उक्त कुरा भेटे। तर स्तम्भा साहेवलाई खोजे कहिं पत्ता लाउन सकेका थिएनन् त्यसैबेला तिनैका बाबुका गुरू महात्मा कतैबाट घुम्दै त्यै सहरमा आइ पुगे। छिमेकीहरूबाट वनियाँ मरेको कुरा र छोराले सवै धन कुकर्ममा खर्च गरी समाप्त पारेर विहान वेलुका मुख जोडने सम्म नभएको कुरा बुझेर महात्मा वनियाका घरमा गए। वनियाँ पुत्र खाटमा वसिरहेका थिए, हाल खवर सोधे। उनले पनि सवै खवर बताएर, पिताले खातामा स्तम्भ साहेव संग मागेर लिनु भन्ने लेखेको तर पत्ता लाउन नसकेको कुरा बताए। यो सुनेर महात्माले विचार गरे, 'स्तम्भ' नाउँ खम्बाको हो। विचारमा त्यो वनियाँले पुत्रलाइ मूर्ख जानेर आफ्नू धन खम्बामा गाडी दिएछ। यो बुझेर महात्माले घरभित्र गएर हेरे। विचमा खम्बा गाडेको देखे। लठ्ठीले त्यसलाई ठाक्क ठाक्क पारेर हिर्काए। छर्ल्याङ्, छर्ल्याङ्, आवाज आयो। महात्माले यो खम्बामा धन गाडेको छ भन्ने जानेर अब उप्रान्त कुमार्गमा लाग्दैनौभने स्तम्भ साहवलाई वताइदिन्छु भने। वनियाँ पुत्रले नलाग्ने प्रतिज्ञा गरे। अनि महात्माले खम्बा उखेलन लगाए। तिनीले उखेले र हेरे त्यसमा धेरै धन थियो त्यो धन वनियाँ पुत्रले पाए। यो दृष्टान्त हो यसलाई दार्ष्टान्तमा घटाउँछु। शरीर खम्बा हो। पिता जस्ता परमेश्वरले यसमा धन जस्तो आत्मा गाडेको छ। विषयमा आसक्त बन्नु कुकर्म हो। जीव त्यो कुकर्ममा लागे र दुःख पाउनाले धन जस्तो सुख खोजिरहेछ। महात्मा गुरूले सुख रूपी धन बताइदिनु भो। केत भने, बाहिर सुख छैन, सुखरूपी धन शरीररूपी खम्बामा नै गाडेकोछ। अभेद दर्शी आत्म तत्त्व जान्ने गुरूका कृपाले आत्मतत्त्वरूप धनको प्राप्ति हुन्छ।

प्रश्न—यौटै चेतन ४ प्रकारको कसरी भयो । ४ प्रकारको हुन्छ भन्ने पूर्व भाग मानी पढिसकेको छु । आफैं भयो कि कसैले गऱ्यो । आफैंता हुन सक्तैन ।

उत्तर—मायाका कब्जामा रहेर चेतन नाच्तैन, त्यसलाई नचाउँछ ।, मायालाई अधिनमा राखेर माया द्वारा एउटै चेतन चार प्रकारको हुन्छ । जस्तो चेतन अनादि छ त्यस्तै माया पनि अनादि छ । जो जन्महीन स्वतः सिद्धछ, त्यो अनादि भनिन्छ । जो उत्पत्तिवाला छ त्यो सादि कहिन्छ । यस समयमा उत्पत्ति भएको भनेर जसको समय ज्ञान हुन्छ त्यो सादि कहिन्छ । मायाका २ अंस हुन्छन्, शुद्ध र मलिन । शुद्ध अंश माया ईश्वरको उपाधि । मलिन अंशमाया जीबको र कूटस्थको उपाधि हुन्छे । उपाधि अनादि हुनाले ईश्वर, कूटस्थ, जीब, यी अनादि हुन् । यिनीहरूको भेद पनि अनादि कहिन्छ । अविद्या र चेतनको कल्पित सम्बंध पनि अनादि कहिन्छ । यसको तात्पर्य के भने, जीब १ ईश्वर २ कूटस्थ ३ शुद्ध चेतन ४ जीब र ईश्वर, ईश्वरको भेद ५ अविद्या ६ अविद्या र चेतनको सम्बंध ७, यी सात पदार्थ अनादि हुन् । यी ७ मध्येमा एक ईश्वर मात्र अनादि अनंत छ, अरू छओटा अनादि सान्त (नाशवान्) हुन् । छओटाको उत्पत्ति समय, ज्ञान हुन्न । अत एव अनादि हुन् । ज्ञान द्वारा 'अज्ञान, नाश भए पछि चेतन मात्र सत्य हो, जीब आदि ३ भेद कल्पित हुन्, अविद्यादि ३ भेद पनि स्वप्न समान नाशवाला हुन् भन्ने यो निश्चय दृढभए पछि नाश हुन्छन् । अत एव सान्त हुन् । जीवत्त्व; ईश्वर, कूटस्थत्व यी तीन धर्म मिथ्या हुन् । केवल चेतन भाग धर्मी सत्य हो । यो सद्रूप चेतन एउटा छ । द्वैत रहित छ, चेतन बाहेक दोस्रो पदार्थ क्यै छैन । समग्र दृश्यमान जगत् ब्रह्म या चेतन हो । द्वैत वा भेद स्वप्न समान कल्पित हो । जस्तो स्वप्नामा देखेको वा सुनेको पदार्थ झुटो असत्य हो, न भएको कुरा प्रतिति हुन्छ । त्यस्तै जाग्रत् अवस्थाको प्रपञ्च पनि झुटाहो । तर हामीले अनुभव गरिरहेको कुरा छ कसरी झुट्टामान्ने झुट्टा भए झुटाले व्यवहार हुने थिएन । अग्नि, जल द्वारा भोजन तयार भयो भोजन गर्नेले गऱ्यो सन्तुष्ट भयो, यो सबै सत्य हो । त्यसो भए सत्यमानो त भन्नलाई पनि, अग्नि जल सत्य हुन् । अग्नि र जल द्वारा भोजन तयार ताभयो । भोजन या भातमा पानी सुक्यो छैन, अग्निमा पानी लगायो वा स्वयं निभ्यो—छैन । सत्य भए नाश हुने थिएनन् । सत्य भनौं सत्य हुँैन, असत्य भनौं, सत्य व्यवहार अनुभव सिद्ध हुनाले असत्य भन्न सकिन्न । यसैले माया अनिर्वचनीय छ । माया जान्न यत्न गर्दा बडे बडे ऋषि महर्षिहरूले हार खाए । कसैलाई मायाको स्वरूप पत्ता लागेन । जो मायाका पछि लाग्छ उसलाई मायाले काटेर खान्छे । यसैले

विद्वान्हरू मायाको स्वरुप बुझ्न, निर्णय गर्न पटि जाँदैनन् । जो यसलाई त्याग गर्छ, बुझ्न पटि लाग्दैन त्यो बच्न सक्तछ । यसमा एउटा दृष्टान्त सुनाउछु–

एउटा मानिस वृक्षका फेदमा बसेका थिए । माथिबाट कालो सर्प काखमा खस्यो । ती मानिस, यो सर्प आफै खस्यो कि कसैले फ्याक्यो भनेर विचार गर्न लागे भने विचार गर्दा गर्दै सर्पले डस्छ र मर्छन् । विचार पनि निष्फल हुन्छ । यदि विचारैं नगरि काखमा खस्ना साथ पर मिल्काए भने सर्पबाट पनि भयबाट पनि बच्तछन् । विचार गर्न लाग्दा बच्तैनन् । त्यस्तै मायालाई पनि अनिर्वचनीय जानेर त्याग गर्नतिर लाग्नु, स्वरूप जान्न तिर नलाग्नु । तुरून्तै त्याग्नु जान्न इच्छा गर्दा डसेर मार्दछे । आत्मा विचार पटि लाग, जीवन सफल पार ।

प्रिय पाठक ? कुनै पुरुषले यौटा महात्मासंग सन्सार रूपी वृक्षको बीज कुन हो, यसका हाँगा, हागाका पनि हाँगा, फल, फूल, पत्र कुन हुन् भनेर सोधे । महात्माले भने, सन्साररूपी वृक्षको बीज माया हो । माया नै स्त्री हो । स्त्रीनै सन्साररूपी बृक्षको बीज हो । शब्दादि पञ्चतन्मात्रा पत्ता हुन् । काम, क्रोधादि शाखा प्रशाखा हुन् । सन्तान त्यसका फल हुन् । तृष्णारूपी जल, त्यसैले वृद्धि हुन्छ । जसले स्त्रीरूपीणी माया त्याग्यो त्यसले सन्सार त्याग्यो । स्त्री नै बन्धनका कारण हुन् । मोहका वशमा परेर पुरुष स्त्रीको संसर्ग गर्छ । क्षणमात्र सुखका निमित्त अनेक जन्ममा प्राप्त हुने दुःख उठाउछ । स्त्रीका साथ संभोग गरेको समयमा वीर्य त्याग्दा जति सुख हुन्छ, विष्ठामुत्र त्याग गरेको समयमा पनि त्यति सुख हुन्छ । त्यो भन्दा वढि संभोगमा सुख छैन । यो कुरा आत्मपुराणमा बताएको छ । ब्रह्मादि स्तम्ब पर्यन्त सबै प्राणी जन्मन्छन् । सुख दुख, शरीर दुवैको समान छ । जस्तो ब्रह्मादि देवताको आफ्ना शरीरमा उत्कृष्टता छ, जस्तो हामीहरूको छ । त्यस्तै कूत्कूरको पनि आफ्ना देहमा उत्कृष्टता छ । सबै प्राणीहरूको शरीरमा समानता छ भेद छैन, त्यस्तै आत्मा पनि सबैमा समान छ, भेद छैन । केवल विचारकै मात्र ऊच नीच छ, ऊच-नीच कतै छैन ।

प्रियपाठक ? अर्को दृष्टान्त सुन । कुनै गाउँमा एउटी कूक्कूर्नी ब्यायी छ । त्यसका छाउरा धेरै जन्मेछन् । गाउँका केटाहरूले प्रत्येकले यौटा यौटा पाल्न लाने भएछन् र आ आफ्नू पार्नका निमित्त छाउराका गलामा, कुनैले यो मेरो हो भनेर रातो अर्काले सेतो अनि अर्काले कालो अर्काले हरियो अर्काले पहेलो बाधिदियो । जस जसले जुन जुन रङ्गको कपड़ा बाधेको थियो त्य त्यो छाउरो त्यै त्यै संग पछि लागेर गयो । अब दार्ष्टान्तिमा सुन । अज्ञानलाई कुक्कूर्नो जान । अज्ञानले गर्दा आफुलाई नचिन्हेर जीव देहादिमा अभिमान गरेर कर्म-

भोग गर्नाका निमित्त लिङ्ग शरीर धारणा गर्छ। लिङ्ग देह नै जीब हो। जीबको लक्षण पूर्व भागमा बताएको छ। त्यो न बिर्स। अविद्यारूपीणी या अज्ञानरूपीणी कुक्कूरनीले जीबरूपीणी छाउरा पाई। आचार्यरूपी बालकहरूले आफ्ना आफ्ना छाउरारूपी शिष्यहरूका गलामा चिन्ह लगाई दिए। कसैले तुलसीमाला, कसैले रुद्राक्ष, कसैले तेर्छो त्रिपुण्डक, कसैले नासिका मूलबाट उभो २ रेखा लगाएको बीचमा रातो टीको भएको चिन्ह, कसैले डामेको शङ्खचक्रको चिन्ह लगाई दिए। तिनीहरू आआफ्ना गुरूका पछि लागेर दौडन्छन्। आत्मा, अनात्मा, कर्तव्या कर्तव्यको केहि बोध छैन। आडम्बर देखाएर शिष्य जम्मा गरेर धन र आनुप-महत्त्व जम्मा गर्न मात्र निपुण छन्। परस्परमा द्वेष झगडा गर्छन्। प्रिय पाठक ? वैदिक सनातन हिन्दु धर्म गोष्ठीको विवरण पत्र भन्ने पंछविलाल पोखरेल आदिले प्रकाश गरेका !किताबमा वि० कन्चन वारी वस्ने हरि प्रसाद घिमिरेले गरेका १५ ओटा कविता श्लोक मलाई मनोहर लागे, ती मध्ये १ श्लोक यो हो।

निन्दा वैष्णव शैव आदि सबको गर्ने कुनै धार्मिक।
भित्री तत्त्व कता कता तर उही जान्ने बडो मार्मिक॥
प्राणीको उपकार दीन जनको सेवा कता हो कता।
आफैंनै गतिलो भनेर सहजै बन्ने खुदै बेपता॥

सनातन धर्म प्रतिपादक वेदान्त शास्त्र बाहेक अरू जति शास्त्र छन्, ती सबै जीबलाई फसाउने हुन्। छुटाउने कुनै ह्वैनन्। जीबलाई पापी अधर्मी बनाउने वाला हुन्। असङ्ग, अकर्ता आत्मालाई पापीको सङ्ग गर्ने, वेदको विरोध गर्ने बनाउछन्। वेदान्तले आत्मा निष्पाप, निःसङ्ग, शुद्ध, बुद्ध, ज्ञान स्वरूप छ भन्ने बताउँछ। तिमी वेदान्त पढ।

हे प्रिय पाठक ? वेदान्त एउटा मणि हो। त्यसलाई तीन पुरूषले पाए। जो वेदान्तरूपी मणि पाएर या पढेर अशुचिभक्षण, अगम्य गमन, अस्पृस्य स्पर्श आदि शास्त्र निषिद्ध घृणित कर्म गर्छ, जाति आश्रमोक्त कर्म गर्दैन भने, त्यसले के गऱ्यो त भने, खरानो फुकेर मजिमा र आफुमा लगायो। यस्तो वेदान्तरूपी मणि पाएर आफ्नु अमूल्य जीवन, विषयमा लम्पट भएर नष्ट गर्ने यो यौटा हो जो वेदान्त पढेर वेदान्तका अमूल्य, मीठा मीठा अमृत जस्ता, कुरा सुनाएर, मानिसबाट धन ठग्दछ, त्यो मणिका उज्यालामा सिकार खेल्दछ त्यो दोस्रो हो। जो वेदान्तरूपी मणिका प्रकाशमा सत्य, असत्य, कर्तव्याकर्तव्य आदिको निर्णय गर्छ, मनलाई विषय तर्फबाट हटाएर आत्मामा लगाउछ त्यो तेस्रो हो। त्यो नै वेदान्तरूपी मणि आनन्द गुण पाउछ। भनेको पनि छ।

पाठकाः पठितारश्च ये चान्ये शास्त्रचिन्तकाः ।
सर्वे व्यसनिनो मूर्खा यः क्रियावान् स पण्डितः ॥

जति शास्त्र पढाउने र पढने छन्, अरू जो शास्त्रको चिन्तन गर्ने छन् । ती सम्पूर्ण व्यसनी र मूर्ख हुन् । जो शास्त्र पढेर शास्त्री वैराग्य आदि गुण धारण गर्छन् ती पण्डित हुन् । शास्त्र बताएको वैराग्य आदि गुण धारण नगरि आत्मानन्द कहिल्यै पनि मिल्दैन ।

प्रिय पाठक ? यो आत्मा, अकर्ता, अभोक्ता, असङ्ग, अजर, अमर, नित्य, शुद्ध, बुद्ध, राग द्वेषादिरहित भएको छ । स्त्री पुत्रादिको संगतले, म्लेच्छको संगतले मानिस म्लेच्छ भए झैं, प्रकृति वा देहादिको धर्म आफुमा आरोप गरेर कर्ता भोक्ता हूं भनिरहेछ । यसै उपर अर्को दृष्टान्त सुन । दरबारमा सुतिरहेका राजकुमारलाई रात्रीका समयमा कुनै म्लेच्छले चोरेर वनमा लगेर आफ्ना छोरा छोरी संग पाल्यो । बालक बढदै गयो, म्लेच्छका बालकहरू संग म्लेच्छकै काम गर्न लाग्यो । त्यो जंगलमा एक दिन, एउटा महात्मा पुग्नु भयो । उहाँले पहिचानेर भन्नु भयो । ए नानि ? तिमीता म्लेच्छ हौ नौ, राजकुमार हौ । म्लेच्छका साथमा बसाउठा गरेर तिमीले आफुलाई म्लेच्छहूं भनि संझिराखेका छौं, नराम्रो काम गरि राखेका छौ, तिमी आफुलाई चिन्ह, आफ्ना स्वरूपको संझना गर । जब तिमी आफुलाई चिन्ह छौ अनि तिमी म्लेच्छको स्वभाव छोडेर, आफ्ना मन्दिरमा बस्ने छौ । यो महात्माको कुरा सुनेर राजकुमारलाई, म राजपुत्र हूं, भन्ने अघिको संझना आयो । तुरून्तै म्लेच्छको भेष, काम छोडेर आफ्ना दरबारमा आए । प्रिय पाठक ? यो दृष्टान्त हो यसलाई अब दार्ष्टान्तिमा सुन । यो जीव या तिमी नै आफुलाई राजकुमार हूं भन्ने जान, तिमीले अज्ञानरूपी म्लेच्छको संगति गरेर आफुलाई म्लेच्छ मानिराखेको छ । म्लेच्छ हुनु के भने शास्त्रले वर्ण आश्रमको विभाग गरेर, ब्राह्मणले यो काम गर्नु, क्षत्री, वैश्य, शुद्रले यो काम गर्नु, यो आश्रममा रहेकाले यो काम गर्नु । यो यो काम गर्नु हुन्छ, यो यो हुँदैन भनेर बताएको छ । यो शास्त्रविहित काम नगरेर विपरीतमा चल्नु म्लेच्छ बन्नु हो । यसरी शास्त्रनिषिद्ध कुकर्म गर्छ र 'जीव' अनेक दुःख भोगेर जन्म मरणरूपी वनमा घुमिरहन्छ । धेरै जन्मको पुण्यको संचय भएपछि अकस्मात, एक दिन कुनै महात्मासंग भेट हुन्छ र महात्माका उपदेशले आफुलाई 'अहं ब्रह्मास्मि' म ब्रह्म हूं भन्ने जान्दछ, अर्थात् आफ्ना स्वरूपको स्मरण हुन्छ, अनि भिल्लपना त्यागेर सुखि हुन्छ । प्रिय पाठक ? म्लेच्छपनाले भेददर्शी पुरूषलाई दुःखी पार्छ । यसै कारणले शास्त्रमा भेदवादी पुरूषको सारै निन्दा गरेको छ । भेददर्शीको

उपदेशले ज्ञान हुँदैन ।

न नरेणावरेण प्रोक्त एष बहुधा चिन्तयमानः अनन्य प्रोक्ते गतिरत्र नास्ति अणीया न तर्क्यमणु प्रमाणात् । यो कठोपनिषद्‌मा छ ।

छैन निर्गुण, सगुण इत्यादि धेरै प्रकारले चिन्तन गरिएको यो आत्मा, ज्यादै मीहि, तर्क गर्न नसकिने, सूक्ष्म प्रमाणको हुनाले अल्पज्ञ, भक्तको चिन्ह भएका भेददर्शीले उपदेश गर्दा यो आत्माको बोध हुँदैन । किन्तु, समानदर्शीले बताउदामात्र बोध हुन्छ । विषयासक्त, धनमत्त, पण्डिताभिमानी, आडम्बरी 'अन्योसावन्योऽहमस्मीति न स वेद यथा पशुः 'यो अर्को हो, म अर्कै हूं भन्ने वाला त्यो जान्दैन, जस्तो पशु त्यस्तै त्योहो यो उपनिषद बमोजिम भेददर्शीहरूलें आ-आफ्ना भिन्न भिन्नईश्वर कल्पना गरिरहेका छन् ।

प्रिय पाठक ? यसै विषयमा दृष्टान्त सुन । एउटा महात्मा गणेशजीका बडा भक्त थिए । बडो प्रेमले गणेशको उपासना गर्थे । यिनले ५ तोला सूनको गणेशको मूर्ति र ५ तोलाको गणेशको वाहन मूसाको मूर्ति बनाउन लगाए । ती दुवै मूर्तिको प्रेमले पूजा गर्न लागे । क्यौ दिन विते । एक दिन रुपयाको काम पर्‍यो । तिनी संग १ रुपया पनि थिएन । मनमा विचार गरे, ऐले यिनी मूर्ति बेचेर काम चलाउनु पर्‍यो । फेरि रुपया हात परेको वेलामा, मूर्ति बनाउनु पर्ला । यो विचारेर कामी काहा मूर्ति लिएर गए । कामीले मूर्ति तौलेर दुवै मूर्तिको बराबर मूल्य राखे । अनि साधुले भने, अरे केटा ? गणेशजीको र मूसाको वरावर दाम राखिस गणेश मालिक हुनु हुन्छ, मूसो वाहन हो । के मालिकको र वाहनको कहिं वरावर हुन सक्त छ ? सुनारले भन्यो, अरे वैरागी ? यी दुइ मूर्तिमा तिमिले 'गणेश' भन्ने र मूसो भन्ने स्वामीत्व र वाहनत्वको जो मान राखेका छौ, त्यसलाई निकाल र आफ्ना झोलामा राख । मैलेता सुनको दाम दिनु हो । तत लमा सून वरावर छ । गणेश र मूसो म जान्दिन ५।५ तोला १० तोला सुन जान्दछु । सुनारको कुरा सुनेर वैरागी चूपलागे । प्रिय पाठक ? सवै शरीर पञ्चभूतका कार्य हुन् । माता पिताका रज र वीर्यको संयोगबाट बन्दछन् । सम्पूर्णका शरीरको मासी, छाला, रगत, मासु उहि हो भिन्न ह्वंन । खान पीन सुख दुःखमा समानता छ । कुनै प्रकारले पनि भेद साबित हुँदैन । जाति भेदता हुन्छ, किन भने पहिल्ले सृष्टिमै ईश्वरले चार जात सृष्टि गरी साथै गुण अनुसार काम, अधिकारको विधान गरेको छ ।

विद्याविनय सम्पन्ने ब्राह्मणे गवि हस्तिनि
शुनि चैव श्वपाकेच पण्डिता समदर्शिनः ॥ गीता. अ.

कृष्ण भन्नु हुन्छ, हे अर्जुन, विद्या, विनय, सम्पन्न, ब्राह्मण, गाइ, हाति, कुक्कूर, चाण्डाल यी सवैमा पण्डितहरू सामान दृष्टि राख्दछन् । यसको अभि-

प्राय के त भने, सबैमा रहेको आत्मा एक हो, सुख दुःख समान छ भन्ने हो, रगत, मासु एक हो सन्तान सबैबाट हुन्छ, जाति भेद हुन्न, सबै जातले गुरु शिष्य हुनु हुन्छ, बिहावरि हुन्छ भन्ने छैन, किन भने, हातिमा चढिन्छ, कुक्कुरमा चढिदैन। गाइको दूध खायिन्छ, कुक्कूरको खायिदैन। यसैले व्यवहारमा परस्परमा जाति भेद, अधिकार शास्त्रले विधान गरेको शास्त्रले अधिकार नदिएको व्यवहार गर्दा शक्ति हुदैन। विना अधिकारका मानिसले हुकुम गर्दा राज्यको काम चालु हुदैन। राजाले हुकुम गर्दा घण्टा भरमा काम हुन्छ शरीरधारी कोई पनि आफूलाई नीच अरूलाई श्रेष्ठ संझदैन। सबै आफ्नै जातिलाई श्रेष्ठ संझन्छन्। कुनै प्रकारले पनि भेद साबित हुँदैन। तै पनि अज्ञानीहरू कपोल कल्पित धर्म मानेर भेद बुद्धि गरेर दुःख पाउँछन्। कल्पित धर्मलाई मिल्काई दिनु अनि बाकी शुद्ध, सच्चित्, आनन्द रूप, केवल आत्मा मात्र सिद्ध हुन्छ। ज्ञानी जन सर्वत्र आत्मदृष्टि गर्छन् तिनै सुखी हुन्छन्। अज्ञानी सर्वत्र आत्मदृष्टि गर्दैनन्।

प्रश्न, आत्मा सबै शरीरमा एकै हो, शुद्ध छ, निर्दोष छ, व्यवहारमा तलमाथि हुन्छ ठीक हो। खान पीनमा ज्ञानीहरू सबैका साथ समान व्यवहार किन गर्दैनन्, सबैका शरीरमा आत्मा एक भए पछि हुनु पर्ने।

उत्तर--ज्ञानी २ प्रकारका हुन्छन्, एक जीवनमुक्त, दोस्रो चौथो भूमिका वाला आचार्य कहिन्छन्, जो जीवनमुक्त ज्ञानी छन्, ती अजिगरको वृत्ति भएको हुन्छन्, कसैले मुखमा अन्न लगाई दियो भने खान्छन्, पानी लगाई दियो भने पीउछन्, कसैले समाएर तान्दै घाममा, या शीतलमा, या वर्षादमा जहाँ राखिदिन्छ, चटपट नगरि उँहि बसिरहन्छन्। उनीका लागि, कुन, गर्मी, कुन ठण्डा, कुन पानी एकै हुन्छ। तिनी आत्मानन्दमा डुब्रो रहन्छन्। जगत् देख्तैनन् तिनीका दृष्टिमा सर्वत्र आत्मा मात्र देखा पर्छ। तिनोका मुखमा, ब्राह्मण आदि चार वर्णमा कुनैले, या भंगी चमार वा कामी, दमाई कुनैले अन्न लगाइ दियो भने, तिनीहरूको अन्न खादा ती ज्ञानीलाई कुनै दोष लाग्दैन। ज्ञानी जीवन्मुक्तका दृष्टिमा जाती भेद, अन्नको भेद हुँदैन। त्यस्तालाई विदेह मुक्त भन्छन् सबै आत्मै आत्मा हुन्छ। कसै संग बातचीत पनि गर्दैनन्। त्यस्ता जीवनमुक्तहरूको शरीर पनि चिरकाल सम्म रहदैन। ती सबैप्रकारले निर्दोष हुन्छन्। शास्त्रले विधान गरेको कुरा तिनीमा लागू हुन्न। ती ब्रह्मरूप, महान् सुखमा डुबेका हुन्छन्। दोस्रा जो आचार्य कोटीका छन्, ती सम्पूर्ण प्राणीहरूमा एउटै आत्मा देख्छन्। यसैले कसै संग राग, द्वेष हुँदैन। परन्तु ती खान, पीन, जातिमा समवर्ती हुदैनन्। किन भने समानताले रहदा श्रेष्ठाचार जान लाग्छ। अर्को कुरा जे सुकै खादा, जाति भेद नगर्दा जूठो खादा ज्ञानी हुन्छन् भने, जस्तै भङ्गी, कामी, सार्की, दर्जी

आदि छन्, सबै ज्ञानी भनिन्थे। उनीहरूलाई कोहि ज्ञानी भन्न सक्तैनन्। यसैले समवर्तीको नाम ज्ञानी ह्वँन। जसको वर्णाश्रमको व्यवहारको सबै ज्ञान छ, त्यस्तो मानिस, समवर्ती भएर सबै थोक खान लाग्छ भने त्यो लोकमा पतित कहिन्छ। जब विधि र निषेधको उसलाई ज्ञान छ, विधि र निषेधलाई मान्दछ भने, त्यसलाई त्यस्तै आफू भन्दा उच व नीच जाति वालाको जूठो खान, पीन गर्नु हुदैन भन्ने पनि ता बोध छ। यदि पागलको जस्तै उसलाई केहि ज्ञान न हुँदो होता जूठो खादा पनि दोष हुने थिएन। ती पागलमा गन्ति हुनन्। यसैले सबै विषयमा भेद देख्नेले समानता गरेर व्यवहार गर्न मनाहि छ। सबै जातिमा समभाव गरेर खान, पीन गर्नु, मन्त्र दिनु लिनु गर्नु, कन्यादि दिनु लिनु, छुवाछूतमा भेद नगर्नु, ज्ञानको फल हो भनेर लेखेको छैन। ज्ञानको फलता, राग द्वेष हटाउनु, परमानन्द प्राप्ति गर्नु हो। जो राग द्वेष नभएको छ आफ्ना आत्मानन्दमा आनन्द छ, उहि ज्ञानी हो। जो राग द्वेषले युक्त छ, विषय भोगमा आनन्द मान्दछ, उहि अज्ञानी हो। ज्ञानी र अज्ञानीमा यतिनै फरक छ।

प्रियपाठक ? यसै विषयमा एउटा दृष्टान्त तिमीलाई सुनाउँछु।

एउटा पण्डितजी गाउँमा पुराण भन्न जादैथिए। बाटामा खेतका छेउमा वरका वृक्ष मुनि वसेर, थकाई मार्न लागे। त्यो खेतमा एउटा जाट हलो जोतिरहेको थियो। त्यसका गोरू लूते थिए। छिटो हिड्न सक्तैन थे। बारम्बार उभिन्थे। उभिएका वेलामा मालिकको र छोरीको नाम काढेर, फलानाका साढ़े, पित्र, बाघले खान नसकेका इत्यादि नराम्रा फोहोरी गाली गर्थ्यो। त्यो सुनेर पण्डितले भने, यी गोरूको मालिक को हो ? जाटले भन्यो मालिक मै हूँ। पण्डितले भने, तिमी यो गोरूलाई नराम्रा गाली गर्छौ ती गालीको दोष कसलाई लाग्छ ? जाटले भन्यो, जो जो गालीको अर्थ जान्दछन्, उनै उनैलाई लाग्छ। मं गालीको अर्थ जान्दिन, गालीको पाप मलाई लाग्दैन। तिमी पण्डित हौ गालीको अर्थ जान्दछौ, यसैले गालीको पाप तिमीलाई लाग्छ। पण्डित जाटको कुरा सुनेर लज्जित भए। प्रियपाठक ? जसलाई गालीको अर्थ ज्ञान छैन, उसलाई गाली लाग्दैन। उन राम्रो पनि संज्ञदैन। जस्तो बालकलाई धर्माधर्मको ज्ञान छैन, उसलाई कुनै राम्रो या नराम्रो काम गर्दा पुण्य, पाप पनि लाग्दैन। शास्त्रले पनि बालकका उपर पुण्य पाप लाग्दैन भनेर निषेध गरेको छ। आचारको ज्ञान पनि बालकमा हुँदैन। माथि मुखले रोटी खादै गर्छ, तलबाट टट्टी पिसाब गर्दै गर्छ। त्यो काममा कोहि निन्दा पनि गर्दैन। त्यस्तै जीवनमुक्तलाई पुण्य पाप लाग्दैन। किन भने उसलाई पुण्य पापको ज्ञान हुँदैन। जीवनमुक्तको राम्रो वा नराम्रो काममा पनि कोहि निन्दा

गर्दैन । जो आचारमा रहेको छ, सत् असत् कर्तव्याकर्तव्य जान्दछ, ऊच, नीच, भक्षाभक्षमा ज्ञान छ, त्यो मानिस यदि भ्रष्टाचारमा लाग्छ परस्त्री गमन, मद्य मांसको सेवा गर्छ भने त्यसलाई अवश्य नै पाप लाग्छ । किन भने उसलाई सबै प्रकारको ज्ञान छ । जे सुकै गऱ्यो भने लोकले पनि निन्दा गर्छ । त्यसलाई ज्ञान-को आनन्द, पैदा भएको छैन । ज्ञान के हो, आत्मा के हो बोध छैन । यदि बोध हुँदो हो ता, आत्मासम्बन्धी महान् आनन्दलाई छोडेर तुच्छ, क्षणिक आनन्दको साधनामा त्यो ज्ञानी लाग्ने थिएन । जसलाई काकविष्ठा समान संझेर छोडि-दियो, त्यस्तो विषय ग्रहण गर्न फेरि प्रवृत्ति हुँदैन भने, त्यो ज्ञानी कर्तव्य संझेर सदाचारमा रहदैन भने, अब त्यो ज्ञानको चौथो भूमिकामा पुगेका आचार्यको गणनामा गनिन्छ । जो निषिद्ध कर्मको त्याग गरेर विहित कर्म, फलको इच्छा छोडेर, श्रेष्ठ आचारका निमित्त, अनासक्त भएर गर्दछ, वा 'निषिद्ध' कर्म पनि गर्दैन, विहित कर्म पनि गर्दैन, केवल नित्य आत्मा चिन्तन मात्र गरिरहन्छ, त्यो ज्ञानी आचार्य-कोटीमा हुन्छ या जीवनमुक्त हुन्छ । विहित कर्म छोडेर, निषिद्ध-कर्म गर्छ, आत्म ज्ञानले शून्य छ, म कसै संग संसर्ग गर्दिन भन्छ, मुखले भने वेदान्त छाट्तछ कामले भने विपरीत गर्दछ, त्यो बन्ध्यज्ञानी हो, मुर्ख हो, त्यो पुण्यपाप-को भागी हुन्छ । त्यसको जन्म मरणरूपी सन्सार कहिल्यै छुट्तैन ।

जुन मनुष्यको मोक्षमा अभिमान छ, देहादिमा ममता छ, त्यो योगी र ज्ञानी पनि ह्वैन, केवल दुःख मात्रै भोगने वाला हो जस्तै–

यस्याभिमानो मोक्षेऽपि देहेऽपि ममता तथा ।
न वा योगी न वा ज्ञानी केवलं दुःख भागसौ ॥ १
त्यस्तै–कपिल गीतामा ज्ञानीको लक्षण ।
न निन्दति न च स्तौति न हृष्यति न कुप्यति ।
न ददाति न गृह्णाति मुक्तः सर्वत्र नीरसः ॥ २ अ. व. गीता
सानुरागां स्त्रियं दृष्ट्वा मृत्युं वा समुपस्थितम् ।
अविकलमनाः स्वस्थो मुक्त एवं महाशयः । ३

जो पुरुष कसैको निन्दा पनि गर्दैन, स्तुति पनि गर्दैन । कसैलाई दिदैन पनि अरूको लिदैन पनि; जो सर्वत्र आसक्ति नभएको छ, त्यहि मुक्त कहिन्छ ।

जो मैला उठाउने भंगी छ, त्यो पनि कुनै ब्राह्मण आदि जातिवालालाई आफूभन्दा श्रेष्ठ मान्दैन । किन भने; पंजाबमा जब भंगीहरूको विवाह हुन्छ, भंगी-का सबै छिमेकिहरू आएर वरिपरि वस्छन् । जुन समयमा विवाह हुन्छ, त्यस समयमा [illegible]

जुवाई ? यी कन्यालाई तपाईं भंगन् न ठान्नु होला। कोई अर्की ब्राह्मणी, या क्षत्रिय, या वैश्या, या शूद्रा भन्ने जान्नु, अथवा यी चारजाति देखि अर्कै निचा जातिवाली मुगलानी या पठानी हुन् भन्ने जान्नु भंगन् भन्ने न जान्नु। यसको तात्पर्य यो हुन्छ। भंगी जाति अरूजातिलाई आफू भन्दा श्रेष्ठ सम्झदैनन्। अब हेर त, जुनजातलाई छुदा स्नान गर्नु पर्छ, त्यो जात पनि आफूलाई सानु हूं भन्ने ठान्दैन। यसैले आत्मामा सानु भन्ने कसैको पनि छैन। खाली उपाधिको भेद हो। अतएव भङ्गी पनि आफूलाई सानु मान्दैन। भङ्गीहरूका गुरू लालवेग थिए। एकदिन भङ्गीहरूले गुरूसंग भने। महाराज ? हामीहरूको कल्याण हुन ता केहि सन्देह छैन, किन भने तपाईं जस्तो हाम्रो गुरू हुनुहुन्छ। यी ब्राह्मण क्षत्रीको कल्याण पो कसरि हुन्छ ? लाल वेगले भने उनीहरूको कल्याण तिमीहरूका हातमा छ। तिमीहरू विहानै उठेर गल्लीमा वजारमा झाडू लाउछौ, ब्राह्मण आदि स्नान गर्न आउँछन। तिमोहरूका झाडूको धूलो उनीहरूका शरीरमा पर्छ त्यसै धूलबाट तिनीहरूको कल्याण हुन्छ। यसरी भङ्गीहरू पनि आफ्ना जातलाई सर्वोच्च मान्दछन्। वस यसैबाट जानिन्छ, आत्मामा उच्चो निच्चो भन्ने छैन। शरीरमा मात्र छ। आत्मा सबैको एकै हो। सबैलाई पवित्रछु, श्रेष्ठछु भन्ने आफ्नै आत्माको अभिमान छ। अरू पनि जति मुसलमान, ईसाई, बौद्ध जैनो, प्रणामी, वैष्णव, रामी आदि यी समग्र संप्रदायका सब कोई आआफ्ना आत्मालाई पवित्र मान्दछन। आत्मा सबैमा योटै छ। जस्तो जुन अवकाश देवताका मन्दिर मा छ त्यै आकाश अरुका घरमा, पाखानामा, मुसलमानका मन्दिरमा, बौद्ध जैन च्यामे (भङ्गी) सार्कीका घरमा पनि छ। उत्तम उत्तम स्थान, मल मूत्रादिका पात्रमा पनि छ तर अत्यन्त सूक्ष्म, मानिस हुनाले मन्दिर मल मूत्रादि संग आकाश-को सम्बन्ध छैन उपाधिका गुणदोषले आकाश दोषी हुँदैन। जस्तै आकाश सर्वत्र व्याप्त छ एउटै हो, त्यस्तै आत्मा सबै शरीरमा छ एउटै हो। शरीरका गुण दोषले आत्मा गुणी वा दोषी हुँदैन। जस्तै सुगन्धि, दुर्गन्धि पदार्थ प्रकाश गर्ने सूर्यका किरणमा पदार्थको सुगन्ध, दुर्गन्धको सम्बन्ध हुँदैन, त्यस्तै आत्मामा शरीरका गुण दोष छैनन्। किन्तु आकाश भन्दा पनि अति सूक्ष्म छ असंग छ। निर्लेप छ, अमूर्त छ।

प्रिय पाठक ? यसै विषयमा अर्को दृष्टान्त पनि तिमीलाई सुनाउछु। कुनै शहरमा बाहिर नदीका किनारमा एउटा अद्वैतवादी महात्मा वस्तथे। एक दिन एउटा द्वैतवादी पन्डित तिनीसंग शास्त्रार्थ गर्न भनेर गए। गएर महात्मा संग पंडितले 'म' द्वैत साबित गर्दछु, शास्त्रार्थ गर्नु होस भने। महात्माले भने, मेरा केश वढे, केश वढनाले मेरो टाउको दुखी रहेको छ। यी केश न कटाई तिमी संग

शास्त्रार्थ गर्दिन । पैलि तिमी जाउ र हजाम बोलाएर ल्याउ, म कपाल कटाउछु अनि तिमीसंग शास्त्रार्थ गर्छु । पंडितले हजम बोलाएर ल्याए, हजम आएर महात्माको कपाल काट्यो । केशकाटी सके पछि महात्माले हजम संग भने, हजम ? तिमी ता परमेश्वर हौ । हजमले भन्यो, अरे महाराज ? तपाईंले यो के भनेको ? म ता पापी हूं, म कसरि परमेश्वर हुन सक्तछु ? हजमले यति भने पछि, महात्माले पंडित पटि फर्केर भने, हेर ? पापी र परमेश्वर यी दुईटाको यहाँ भेद देखियो । द्वैत ता हजम पनि सावित गरिरहेको छ, तिमी पनि द्वैतकै साबित गर्नेवाला छौ, हजमको भन्दा बढी, तिम्रा विद्वता सावित हुने छैन । किन्तु हजम संग समानता हुने छ तिम्रो महत्त्व ता अद्वैत सावित गर्नाले मात्र हुन्छ ।

प्रिय पाठक ? कुनै नगरमा एउटा ब्राह्मण वस्तथे । तिनका तीन पुत्र थिए । जेठा सोह्र वर्षका, माहिला सातवर्षका, कान्छा चारवर्षका थिए । नगरका नजिकै एउटा देवताको मन्दिर थियो । त्यसमा वर्ष दिनमा एक दिन मेला लाग्थ्यो । त्यों मेलामा तिनै भाई छोरालाई लिएर ब्राह्मण गए । मेलामा ज्यादै भीड थियो । देवताका मन्दिरभित्र जान कष्ट थियो । यसैले कान्छा छोरालाई काँधमा राखे । माहिलाको हात समाए, जेठा छोरा पछि पछि हिडन लागे । अब बाबुका काँधमा चढेर, कान्छा आराम साथ, मन्दिरमा पुगे । माहिला पिताको हात न छोडी धक्का खाँदै पुगे । जो जेठा थिए, तिनी चाईं, घुईंचामा च्यापिएर, मन्दिरमा पुग्न सकेनन्, धेरै धक्का खाएर पछि नै वसिरहे । पाठक ? यो ता दृष्टान्त हो अब द्राष्टान्तमा सुन देवताको मन्दिर–आत्म (आफू), पिता–परमेश्वर, कान्छो पुत्र–वेदान्ती, माहिलो–भक्त, जेठो–कर्मी भन्ने जान । पितारूपी परमेश्वर तिनै भाईलाई लिएर आत्मपदतिर जानु हुन्छ । जेठो छोरो भेददर्शी, कर्मठ, राग द्वेषको धक्का खाएर पछि पछि सन्सारमा नै रहन्छ । यज्ञ दानादि कर्म गर्छ अन्त्यमा स्वर्ग जान्छ, स्वर्गको भोग समाप्त भए पछि, फेरि मनुष्य लोकमा आएर जन्मछ, जन्मनु मर्नुरूपी चक्रमा घुमिरहन्छ । माहिलो जो भक्त छ, उ पनि भेदवादी छ, या द्वैतवादी छ । यो उपन्यास हो, म उपासक हूँ भनेर विष्णु आदि देवताको यज्ञ, जप, तप, दान, धर्मद्वारा उपासना गर्छ । राग द्वेष जन्म मरणरूपी संसारको धक्का ज्यादै खान्छ ता पनि, पितारूपी परमेश्वरको हात छोड्दैन । ईश्वरको भजन स्मरण गरिरहन्छ । सत्कर्मको पाक भए पछि, अकस्मात एक दिन विद्वानसंग भेट हुन्छ र, विद्वानका उपदेश द्वारा आत्मपदमा प्राप्त हुन्छ । तेस्रो जो ज्ञानी छ, त्यो कतै धक्का नखाई पिताका काँधमा चढेर पिताका साथ अभेद या समता दृष्टि द्वारा आनन्दले आत्मपदमा पुग्छ । के भने जो भेददर्शी छ जेठो [illegible]

ईश्वरलाई संझिरहन्छ त्यो पनि भविष्यमा ईश्वरको हात न छोडेको हुनाले आत्मपदमा पुग्छ। यो माईलो हो, तेस्रो कान्छो अभेददर्शी हुनाले त्यसलाई दुख हुन्न, वेदको वचन त्यसमा लागु हुदैन, त्यो आनन्द पाउँछ। के भने भेदवादले दुःखदिन्छ, अभेदवादले सुखदिन्छ। भेददर्शी भविष्यमा दुःख पाउँछ, अभेददर्शी सुख पाउँछ। वेद पनि यै उक्तार्थकै प्रतिपादन गर्दछ।

अन्यो सावहमन्योऽस्मी त्युपास्ते योऽन्य दैवतम् ॥
न स वेद नरो ब्रह्मन् स देवानां यथा पशुः ॥ १

त्यो ब्रह्म अर्कै हो, म अर्कै हूं भनेर जो अरूदेवताको उपासना गर्छ। त्यो पुरुष ब्रह्म जान्दैन, जस्तो मानिसको भारि बोक्ने गदहा आदि पशु हुन्छ, त्यस्तै देवताको भारि बोक्ने पशुहुन्छ।

भेदवाद कथोन्मत्तः कार्याकार्य विवर्जितः ॥
मद्यसंपर्क मात्रेण कथं वाच्य स वै द्विजः ॥ २ ॥

जो ब्राह्मण भेदवादरूपी कथामा मत्त भैरहेको छ, कर्तव्याकर्तव्य केहि जान्दैन, त्यो ब्राह्मणलाई, मदिराको एक थोपो मात्र पर्दा जलको घड़ा अपवित्र हुन्छ जस्तै, त्यस्तै अपवित्र जान्नु। जो भेदवादलाई आश्रय गरेर आफू कल्याण चाहन्छ। त्यो के गर्छ त भने, जस्तै कोहि पुरुष अंध्याराले अंध्यारो हटाउन चाहन्छ, माटाको गाई बनाएर दूध पीन चाहन्छ, जस्तै कोई मनका मीठाईले पेट भर्न चाहन्छ, त्यस्तै त्यो पनि भेदवादी भएर कल्याण चाहन्छ।

प्रिय पाठक ? एउटा दृष्टान्त सुन—एउटा मानिस गणेशको उपासना गर्थे। एक दिन ती गणेशको पूजा गर्दै थिए; अकस्मात् दूलाबाट निस्केर एउटा मुसो आयो, गणेशका शिरमा चढेर चामल खान लाग्यो। चामल खादै थियो खान छोडेर गणेशलाई चढाएको लड्डू लिएर भाग्यो। त्यो देखेर उपासकले विचार गरे गणेशभन्दाता मुसो पो बलवान् देखियो। पूजा गर्दा पनि बलवान्कै पूजा गर्नु पर्छ। बलवान्बाटै चिताको कुरा पनि पाइन्छ। दुर्बलबाट केई मिल्दैन। यस्तो विचार गरेर एउटा मूसो पक्रे, त्यसका खुट्टा बाँधेर खाटमाथि राखे, अनि नित्य त्यसैको पूजा गर्न लागे। एक दिन विरालो आयो र मूसातिर हेर्‍यो, विरालो देख्ना साथ मूसो भागेर दूलामा पस्यो। त्यो देखेर उपासकले, मूसो भन्दा विरालो बलवान् रहेछ भन्ने संझेर विरालाई पक्रेर पिरामा नित्य त्यसको पूजा गर्न लागे। फेरि एक दिन कुक्कुर आयो र विरालालाई देखेर झम्ट्यो विरालो भाग्यो। अब उसले विरालो भन्दा कुक्कुर बली रहेछ भनेर कुक्कूरको पूजा गर्न लागे। एक दिन त्यो कुक्कुर चुलामा गयो उपासककी स्त्रीले

घोचाले इह्लान्न भाचिने गरि पिटिन, कुक्कूर कूईं गर्दै भाग्यो। त्यसबाट [illegible] कुक्कुर भन्दा मेरै स्त्री बलवती रै छन् भन्ने जानेर स्त्रीको पूजा गर्न लागे एक दिन घरमा स्त्री संग झगड़ा पर्‍यो, लौरो उचालेर स्त्रीलाई कुट्न गए, स्त्री भागिन्। अब उनले मनमा विचार गरे, सबै भन्दा मैं पो बलवान निक्ले। [illegible] आफ्नू पूजा गर्न लागे। आत्माको मानसिक पूजा गर्दा गर्दै विषयबाट मन हट्यो। उनलाई परमानन्द प्राप्त भयो। प्रिय पाठक ? तिमी पनि आफ्नै हृदयमा रहेका देवताको पूजा गर, बाहिर देवता खोज्न न दौड, बाहिर पाउने छैनौ। जस्तै पक्षी दिन भर यता उता घुम्छ सुख पाउँदैन, जब आफ्ना गुड़मा आउछ, तब त्यसलाइ सुख मिल्छ। त्यस्तै या जीव पनि आफू-देखि भिन्न अरू देवताको सुख प्राप्तिका निमित्त उपासना गर्छ, परन्तु यसलाई सुख मिल्दैन। मन विषयबाट हटाएर, आफूलाई 'अहं ब्रह्मास्मि' म ब्रह्म हूं भनेर जो उपासना गर्छ, उसलाई नित्य सुख प्राप्त हुन्छ, यसरी प्रकारले आत्म सुख हुँदैन।

प्रिय पाठक ? अर्को दृष्टान्त सुन। यौटा पुरूषका ३ भाई छोरा थिए। तीन भाइ मध्येमा, एउटा लूलो र लङ्ड़ो थियो। अर्को अन्धो थियो। तेस्रो चइं सबै अङ्गहरूमा खून खान न भएको थियो। तीन भाई मध्येमा जो लूलो लङ्ड़ो छ, त्योता कुनै प्रकारले पनि माता पिताको सेवा गर्न सक्तैनथ्यो। सेवा ता हात पाउले हुन्छ, त्यसका हात पाउ थिएनन्। दोस्रो अन्धो छ त्यो देख्तैन। त्यो पनि सेवामा लायक थिएन। त्यस्रो सर्वाङ्ग राम्रो भएको थियो, सेवामा लायक थियो सेवा पनि गर्थ्यो। सबै थोक देख्थ्यो पनि। यो दार्ष्टान्त हो, अब दृष्टान्तमा घटाउँछु सन्सारमा तीन प्रकारका मानिस हुन्छन्। कृपणी र अल्छी पहिलो, विषयासक्त दोस्रो, उद्योगी र उदार तेस्रो। जो कृपणी र अल्छी छ लूलो लङ्ड़ो त्यै हो। कृपणी हुनाले हातले धर्म गर्न सक्तैन। अल्छी हुनाले हिड़ेर महात्मा संग सत्संग गर्न कतै जान सक्तैन। जो विषयासक्त छ त्यो अन्धो हो। उता परमार्थ तत्व देख्तै देख्तैन। न ता उसलाई परमेश्वरले देख्तछन्। यसैले त्यो पनि परमेश्वरको सेवा वन्दना गर्न सक्तैन। तेस्रो को उद्योगी र उदार छ, त्यो उद्योग गरेर सत्सङ्ग मा जान्छ। हातले दान गर्छ। त्यै परमेश्वरको सेवा गर्छ। ज्ञानको अधिकारी पनि त्यै कहिन्छ। त्यैनै अनासक्त भएर निष्काम कर्म गर्छ। कर्म द्वारा अन्तःकरण शुद्ध हुन्छ। अन्तःकरण शुद्धिद्वारा ज्ञान प्राप्ति हुन्छ। ज्ञानले मुक्ति हुन्छ।

प्रिय पाठक ? राजा पहिले आफ्ना सेनालाई, युद्ध गर्ने रीति सिकाउँछन्। एउटा मैदानमा आफ्ना फौज लगेर, आधी फौज पूर्वतिर पठाउँछन्, आधि फौज पश्चिमतिर पठाउँछन्। दुवै फौज खाली बारूधका गोली लाएर परस्पर-झूठो लड़ाईं गर्छन्। जो, यो सेनाहरूले तालीम प्राप्त गरेको हो, बारूदका झूठा

गोली चलेका हुन्, यो गोली चल्दा हामीलाई केई हुँदैन भन्ने वृत्तान्त जान्दछन्, तिनीहरू फौजका माझमा पसेर, डर नमानी घुमि घुमि तमाशा हेर्छन् । डराएर भाग्दैनन् । जो मानिस साच्चँनै गोली चलेका हुन्, युद्ध हुँदैछ भनेर झूठालाई सत्य संझन्छन्, तिनीहरू डराउँछन्, भाग्छन् पनि । यो दृष्टान्त हो अब दार्ष्टान्तमा भन्छु । यो संसाररूपी मैदानमा आसुरी संपत्ति वाला र दैवी सम्पत्तिवाला दुइ प्रकारका मनुष्य हुन्छन् । ती दुवै थरी संकल्प, विकल्पका मनमानि भयानक अर्थवादरूपी झूटा गोली चलाउँछन् जो अज्ञानी पुरूष छन्, ती चई, ती गोली-की आवाज सुनेर डराउँछन् र भाग्छन् पनि । जो ज्ञानी छन्, तिनीहरू अर्थवा-दरूपी झूटा गोलीको आवाज सुनेर डराउँन्नन्, मैदानमा नै उभिरहन्छन् । संकल्प विकल्पका वाद विवाद गरेर अर्थवाद (स्वर्गादिफल) रूपी गोली चलाएको तमासा हेरिरहन्छन् ।

प्रियपाठक ? एउटा पुरूषको चित्त सन्सारबाट सारै वैराग्य भएर ह्व्यो । तिनीले आफ्नी स्त्रीसंग भने, मेरो चित्त गृहस्थाश्रममा लाग्दैन । अब म सन्यासाश्रम ग्रहण गर्छु । गृहस्थाश्रम छोडिदिन्छु । स्त्रीले सक्तो रोकिन् तर तर तिनी मानेनन् । महात्मा संग गएर भने, महाराज ? मलाई ज्ञानको उपदेश दिनु होस । महात्माले तिनीलाई उत्तम अधिकारी जानेर 'तत्त्वमसि' यो महा-वाक्यको उपदेश गरेर शिष्य वनाए । शिष्यले मनमा विचार गरे, महात्माले मलाई जो उपदेश दिनु भो यसमात्रा ता क्यै वेरलागेन छिटै जाने, तर थोरै उपदेश गर्नु भयो वेदमा के लेखेको छ थाहा छैन । कतै गएर कुनै पण्डितजी संग, अलि दिन पढ्नु पऱ्यो । यस्तो विचार गरेर पढन हिंड़े, पण्डितजी संग गएर भने मलाई पनि क्यै पढाई दिनु होस । पण्डितजीले भन्नु भयो । हेर म संग जति बिद्यार्थी छन् ती मेरो एक एक काम गर्छन् । तिमीले पनि एउटा काम गर्नु, म तिमीलाई पढाई दिन्छु । त्यों कुरामा मंजुर भएर तिनीले भने, तपाईं; मलाई जो काम लगाउनु हुन्छ त्यो काम नित्य गर्नेछु पण्डितजीले भन्नु भयो । मेरा गाइको गोबर बनाउने कोई छैन, तिमीले मेरा गाइको गोवर नित्य पथार्ने गर्नु । उनले मंजूर गरे पण्डितजीले भने बमोजिम पुरूष काम गर्न लागे । पन्डितजी पनि पढाउन लागे उ पढ्न लागे । पहिले व्याकरण पढे, अनि न्याय, अनि सांख्य, अनि योग, फेरी मीमांसा पढे । यतिं पढदा वाह्र वर्ष वीते । अब वेदान्त पढे सवै वेद वेदान्तको सार, गुरूले पहिले नै तिनलाई जुन कुरा भनेको थियो त्यै कुरा आयो । अनि पुरूषले भने, सार भएको कुराता उहि निस्क्यो । 'जुन कुरा प्रथम नै गुरूले मलाई वताई दिनु भएको थियो मैले बाह्र वर्ष सम्म व्यर्थ गोवर पाथेर दिन विताए । यसै उपर भनेको पनि छ ।

श्लोकार्धेन प्रवक्ष्यामि यदुक्तं ग्रन्थ कोटिभिः ।।
ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः ।। १ ।।

कोटि ग्रन्थहरूमा जुनकुरा वताएको छ त्यो कुरा आधाश्लोकले भन्दछु । ब्रह्म सत्य हो, जगन् मिथ्याहो, जीव ब्रह्मनै हो, अर्को होईन । यो कुनै महात्माको उक्ति हो । पाठक ? उत्तम अधिकारीलाई ता एकै वाक्यले पर्याप्तहुन्छ । मध्यम अधिकारीका निमित्त शास्त्र वनिएका हुन् । अधम अधिकारीका उपर शास्त्रको केहि जोड चल्दैन ।

प्रिय पाठक ? एउटा अर्को दृष्टान्त तिमी सुन । एउटा खेतिवाला धान लगाएर धान कटाउदै थिए । दिन वीत्न थोरै वाकि थियो । कृषकले खेतालाहरूलाई भने, छिटो काट, सन्ध्या नपरोस । मलाई सन्ध्याको जति डरलाग्छ, त्यति डर सिंहको पनि लाग्दैन । त्यसवेला धानको खेतमा सिंह वसेर किसानको कुरा सुनि रहेको थियो । त्यो सुनेर सिंहले, म भन्दा बलवान् कोई जानवर रहेछ, यो किसान मेरो डर मान्दैन, सन्ध्याको डर मान्छ, भन्ने जान्यो । यसै वेला दिन वीत्यो । किसान र मजदूर सवै आआफ्ना घर गए । त्यसै दिन उसैगाँउका कुनै धोवीको गदहा हराएको थियो । अंध्यारा रातमा गधा खोज्दै खेतमा त्यै सिंह वसि-रहेका ठाउँमा धोवी पुग्यो । ए ! गधा ता यहाँ आएर पो लुकेर वसेको रहेछ भनेर सिंहका डड़ाल्नामा दुई लाठा दिया, गलामा डोरीले बाध्या र अगाडी उभ्यायो । सिंहले पनि दिउसो किसान जसको कुरा गरिरहेको थियो, यो त्यै सन्ध्या रहेछ भन्ने जान्यो । सिंहलाई तानेर धोवा हिडयो । साथमा सिंह जादैछ, मनमनै भन्छ । बोलौं भने फेरि मलाई किसानले दुइलाठी पियाँउछ वरु बोल्दिन भन्दै चूप लागेर हिड्या । धोवीले घरमा लगेर किलामा बाध्यो । जब उज्यालो हुन १ प्रहर वाकि रह्यो, अनि धोवीले सिंहलाई भारी वोकायो र नदी तिर गयो । अगाडी वाटामा यौटा सिंह वसिरहेको थियो । त्यसले देख्यो र मनमा विचार गर्‍यो । यो सिंह भएर पनि धोवीको भारी बोकेर हिड्दछ, यसमा के कारण छ । धोवीको भरिया किन भएको भनेर सोध्न पर्‍यो भनेर, सिंहले भारी वोक्ने सिंहलाई सोध्यो । अरे भैया ? त धोवीको गधा किन वनिस ? उसले भन्यो, न बोल गधा होलास । धोवीलाई देखाएर भन्छ । हेर यो सन्ध्या बडो वलबान् छ, यसले मलाई आफ्नु गधा बनायो । त पनि बोलिस भने, सन्ध्या तेरा पछि लागेर आउनेछ, तलाई पक्रेर आफ्नु गधा बनाउने छ । त झट्ट यहाँबाट भागिजा । बाटाका सिंहले भन्यो, अरे मूर्ख, त बडो मूर्ख रैछस् । सन्ध्या कुन चीजहो जान्द-छस् ? अन्धकारको नाम सन्ध्या हो । सन्ध्या त भन्दा वलवान् कुनै जानवर ह्वैन तैंले मनले कल्पना गरेर बनाएको या कल्पित जानवर हो सो म भनी भन्ने

झूटा संकल्पलाई हटाएर आफ्नू सिंहरूप संझी, त सिंह होस, गधा ह्वैनस । धोवी आदि तेरा खाद्य पदार्थ हुन् । तेरो गर्जना सुनेर यी सवै भागेर जान्छन् । यो कुरा सुनेर गधारूप सिंहलाई आफ्ना स्वरूपको संझना भयो । भारी फ्याकेर सिंह गर्ज्यो । धोबी डरले घरतिर भाग्यो । सिंह वनमा पस्यो । पाठक ? यो ता दृष्टान्त हो अब दार्ष्टान्तिमा यसलाई घटाउँछु सुन । वास्तवमा यो जीब सिंह थियो । कर्मीरूपी किसानको भयानक वचनरूपी सन्ध्याकालको कुरा सुनेर, अज्ञानरूपी धोबीको गधा वन्यो र कर्मरूपी भारी वोक्नलाग्यो । जब सिंहरूपी आत्मा जान्ने गुरूले, त 'गधा' हैंनस, सिंह होस, अर्थात्, त पुण्य पापको कर्ता भोक्ता ह्वैनस, कर्ता भोक्ता, प्रकृति हो । सिंहले आफूलाई, गधा संझेझैं, शरीर इन्द्रिय आदि, लाई आत्मामा आरोप गरेर अज्ञानले, शरीरलाई म भनेर आत्मा संझेको हो, शरीर आदि आत्मा व्हैन । तँमा चैतन्य, असंग, अजर, अमर, ब्रह्महोस भनेर उपदेश गर्नु हुन्छ । अनि जीवलाई आफ्ना स्वरूपको ज्ञान हुन्छ । बन्धनबाट छुटेर मुक्त हुन्छ ।

पाठक प्रश्न गर्छन्, लेखक ? जीव र ईश्वरको उपाधि त्याग गर्ने विषयमा कुनै कुरा भन्नु भएन । त्यो भन्नु होस । लेखक–प्रिय पाठक ? अब म तिमीलाई उपाधि त्याग गर्ने विषयमा दृष्टान्त सुनाउँछु । कुनै गाउँमा दाजु र भाइ, दुइटै एउटै घरमा वस्तथे । ती दुवैका स्त्रीहरू बड़ा लाड़ाकू थिए । जुनवेला वाहिर काम गरेर दाजु भाई घरमा आउथे, त्यसै वेला दुवै स्त्री लड़ाईको सुरू गर्थे । दुवै भाई लाई आफ्नु फूट गराइने रहन्थे । कुनै प्रकारले पनि दाजु भाईलाई मिल्न दिदैनथे । सधैं नै झगडा गरिनै रहन्थे । दुवै भाइले आआफ्ना स्त्रीको प्रति-दिनको, झगड़ाले, दिग्दार भएर दोटीलाइ नै घरबाट निकाली दिए । ती निस्केर गए पछि, दुवै भाइ मिले, संधैंको झगडा पनि शान्त भयो । यो दृष्टान्त हो अव दार्ष्टान्तिमा सुन । जीब र ईश्वर एउटै बाबुका छोरा सहोदर दाजु भाइ हुन् । जीब की स्त्री अविद्या, ईश्वरकी स्त्री माया, या दोटी परस्परमा लढाईं गर्छन् । यसैले गर्दा आ आफूमा जीब र ईश्वरको मेल हुंदैन । अविद्या र माया दुवै स्त्री-लाई निकाली दिए पछि, दोटैको परस्परमा मेल हुन्छ । जस्तै गाग्राको आकाश र गाग्राभित्र रहेको पानी भित्रको आकाश । मायालाई घड़ा जस्तो, ईश्वरलाई घडाभित्रको आकाश जस्तो, अविद्यालाई घड़ा भित्रको पानी जस्तो, जीबलाई पानी भित्रको आकाश जस्तो संझ । घड़ाको ए, घड़ाको आकाश र पानीको आकाश एकै भएर मिल्छ । त्यस्तै अविद्या र मायालाई ज्ञानले फोरी जीब र ईश्वर एकै भएर मिल्छन् । जस्तै घटाका आकाशलाई घटाकाश, जलका आकाश लाई जलाकाश भनेझैं, मायामा परेको ब्रह्मको प्रतिबिम्ब 'ईश्वर' अविद्यामा परेको

ब्रह्मको प्रतिबिम्ब जीब कहिन्छ । यो कल्पित भेद हो । यौटै चेतन हो । माया र अविद्या उपाधि हुन् । दुवै उपाधि ज्ञानले निकालिदेउ, चेतनमात्र एक रहन्छ ।

प्रियपाठक ? अर्को कथा सुन । प्रयागराज तीर्थमा बाबु छोरा स्नान गर्न गएछन् स्नान गरिसकेपछि, छोरा चइँ बालुवाको, पशु बाध्ने जस्तो किलो बनाएर खेल्न लागे । बाबुले भने, उठ घर जौं वेर भयो । बारम्वार भने, खेलमा मस्त छन्, पितातिर दृष्टि नै दिदैनन् छोराले न माने पछि, बाबुले पनि खेल्नका निमित्त छोराको भन्दा तीन दोबर ठूलो बालुवाको किलो बनाए । छोराले देखे आफू भन्दा ठूलो किलो । अब छोराले बाबुको किलो भत्काइ दिए । ए तं तेसो गर्छस् भनेर, बाबुले पनि छोराको किलो भत्काइ दिए । यति भए पछि पिता र पुत्र मिलेरै आफ्ना घरमा गए । यो दृष्टान्त हो अब दार्ष्टान्तिमा सुन । जीब पुत्र हो, ईश्वर पिता हुन् । वेद वाक्य द्वारा आफ्ना घरमा जान; ईश्वर बारम्बार प्रेरणा गर्छन् । पिताको वचन मान्दैन । आफ्नू शरीरको सौख्यका निमित्त स्त्री पुत्रादि रूप बालुवाको, मं फलानु, फलानु जाति, दर्जाको हूं, मेरी श्रीमती, मेरो छोरो, मेरो धन, मेरो घर, मेरो वस्तु हो, आज मैले यो काम गरें, भोला यो गर्छु, यति फाइदा हुन्छ भन्ने कल्पित किलो बनाएर खेल्दछ । शास्त्र ईश्वरका मुखबाट निस्केको वचन हो । आफ्नू भविष्य सुध्रिने, शास्त्रले भनेको बर्णाश्रममा बताएको नियत कर्म गर्नु भन्ने वचन, ईश्वरको हो त्यो सुन्दैन । ईश्वरले पनि, छोराले मैले भनेको मानेनन् भनेर, कर्म उपासनारूपी ठूलो किलो बनाउनु भयो । वेदना जीबको कल्याण हुने कर्तव्या कर्तव्य, सदसत्को विधान गरेको छ, त्यो ईश्वर वनाएको जीबलाई बाधने या सुमार्गमा लगाउने किलो हो । वेद विहित कर्मरूपी किलामा बाधिदा सबैको कल्याण हुन्छ । त्यस्तो ईश्वरले वनाएको कीलालाई स्वर्गादि फल-को ईच्छा नगरि, ईश्वर प्राप्तिका निमित्त निष्काम कर्म गरेर न लड़ाउनु पर्ने, स्वार्थका निमित्त सकाम कर्म गरेर तोडी दियो । वेद, स्वर्गादि फल देखाएर जीब-लाई कर्ममा प्रवृत्ति गर्दछ । कर्म न गर्नु ह्वन, निष्काम ईश्वरको प्रीतिका निमित्त विहित कर्म गर्नु ईश्वरको किलो तोड्नु हो । त्यो जीबले गऱ्यो । जीबले वनाएको स्त्री पुत्रादि किलो, हेर जीब ? स्त्री पुत्रादि जगत् मिथ्या हो, ब्रह्म सत्य हो, 'तं, ब्रह्महोस, शरीर इन्द्रिय आदि ह्वनस्, भनेर ईश्वरले पनि वेदवाक्य द्वारा तोडि-दिए । अनि जीब र ईश्वर एकै भएर ब्रह्म या चेतन रूपी घरमा, आ आफ्ना श्रीमतो, अविद्या र मायालाई जहांका ताहि छोडेर गए । अर्थात् जीब भन्ने र ईश्वर भन्ने उपाधि त्यागेर एउटै चेतन रूप भए ।

यसै विषयमा अर्को कथा सुन । एउटा गरिव वनियाँ थिए । तिनको एउटा पुत्र थिए । पुत्र दुइ वर्षको भए पछि, गरीब हुनाले केही धन अर्जन गर्न सकिन्छ

कि भनेर विदेशतिर लागे। घुंदै फिर्दै काशीमा पुगे। पुग्ने साथै रोंजगार मिल्यो। काशीमा वस्ता वस्तै बाह्रवर्ष वित्यो। धन पनि धेरै जम्मा गरे। एक दिन यों धनले धर्म पनि गर्दै गर्नु पर्‍यो भन्ने विचार आयो र देवताको मन्दिर बनाउन थाले। यता घरमा छोरापनि पन्ध्र सोह्र वर्षका भए। वडो चलाक थिए। एक दिन माता संग पिता कहाँ जानु भएको छ। भनेर सोधे। माताले पनि सबै भएको कुरा सुनायिन्। पुत्रले माता संग, माता ? पितालाई खोज्न जाउँ भने। त्यसमा माताले सम्मति दिंयिन्। आमा छोरा वनियाँलाई खोज्न हिंडे। खोज्दै खोज्दै काशीमा पुगे र डेरा वन्दोवस्त गरेर वसे। खाने कुरा थिएन। आमालाई डेरैमा राखेर आमाको आज्ञा लिएर, वनि गरेर ल्याउँ छु अनि बेलुका खाउँला भनेर हिंड़े। जहाँ आफ्ना पिता मन्दिर बनाउंदै थिए, उँहि पुगेर ती पनि मजदूरीमा काम गर्न लागे। त्यसै वेला वनियाँ मन्दिरको रेख देख गर्नु, टुप्लुक्क आइ पुगे। ती केटालाई नयाँ नियुक्ति देखेर सोधे। नानि ? तिम्रो घर कहाँ हो ? जात, थर के हो ? कताबाट तिमी यहाँ काम गर्न आयौ ? तिनीले पनि आदिदेखि अन्त्य सम्म नै, आफ्नू वृत्तान्त भनेर सुनाए। त्यों सबै वृत्तान्त सुने पछि, वनियाँले यो मेरै पुत्र हो भनेर जाने। स्त्रीलाई बोलाएर आफू वसेका घरमा पठाए। छोरालाई स्नान गराएर सफेद वस्त्र पैह्राएर आफ्ना गद्दीमा राखे। आफ्नू भए भरको सबै सम्पत्ति पुत्रलाई सौंपिदिए। बाबु छोरा मिले र बडो आनन्दले रहन लागे। यो ता दृष्टान्त हो, अव दार्ष्टान्तिमा सुन। यो जीब रूपी पुत्र जब महाप्रयत्न गरेर आफ्ना पिताको खोज गर्छ, भने अवश्यनै आफ्ना पितालाई भेट्टाउँछ। पिता पनि त्यसलाई सबै आफ्नू सम्पत्ति दिन्छन्। यो कथाको तात्पर्य यो हो, यो शरीरलाई काशी र ईश्वरलाई पिता जान। शरीर भित्र ईश्वर छन्। जीब या 'मानिस' जब बाहिर ईश्वरलाई खोज्दछ तब भेट्टाउँ दैन। काशी या शरीरमा भित्र खोज गर्छ भने भेट्टाउँछ। पिता संग मिल्छ, पिता ईश्वर पनि पुत्र जीवलाई मोक्ष रूपी नित्य सुख दिनु हुन्छ।

यसै विषयमा अर्को कथा सुन। एउटा अन्धो, एउटा आँखा देख्ने दुइ जना मानिस बाटो हिड्दै थिए। अकस्मात् पूर्वबाट आँधि उठेर आयो, कुइरीमण्डल धूलो उड्यो। केई देखिदैनथ्यो। ती दुवैका आँखा भरि धूलोपस्यो, एक छिन पछि आँधि हट्यो। दुवैले आँखाको माटो निकाले। माटो निकाले पछि आँखा देख्नेलेता देख्यो, अन्धालेता माटो निकाले पछि पनि देखेन। प्रियपाठक ? यो दृष्टान्त हो अब दार्ष्टान्तिमा सुन।

आँखा देख्ने ज्ञानी हो, अन्धो अज्ञानी हो। ज्ञानी सर्वत्र एकै आत्मा देख्तछ। अज्ञानी सर्वत्र एकै आत्मा देख्तैन, भेद गरेर प्रत्येक मा भिन्न भिन्न देख्तछ।

यसैले त्यो अन्धो हो । जब आँधि उठे जस्तो रोष उठ्तछ, दुवैका आँखाभित्र माटो जस्तो अविवेक पस्तछ । क्रोधरूपी आँधि हटेपछि ज्ञानी ता विचारका बलले अविचार रूपी माटोलाई तुरुन्त निकालेर फाली दिन्छ । उता फेरी पनि अघि जस्तै, सवैतिर, एकै आत्मा देख्न लाग्दछ । कसैमा राग द्वेष गरेको गन्यै गर्दैन । अज्ञानी चहिं क्रोधरूपी आँधि हटे पछि पनि सर्वत्र एक आत्मा देख्तैन । त्यसको विचार रूपी आँखो छैन । यसै कारणले, अन्धाका आँखामा अविचार रूपी माटो अलि अलि रहेकै हुन्छ । ज्ञानी र अज्ञानीमा यति मात्र भेद छ । रीस न उठ्ने सन्सारमा ब्रह्म सम्म कोई हुदैन । ज्ञानी फाङ् फुङ् गर्छ भन्छ, जहाँको ताहिं छोड छ, बदला लिन इच्छा गर्दैन । अज्ञानीको रीस कहिल्यै जाँदैन कुनै तलमाथि भएको विर्सदैन, बदला लिन इच्छा गरिरहन्छ । मर्ने वेलामा पनि, फलानाले यो भनेको छ, वा गरेको छ त्यसलाई न छोडनु भनेर छोरा नातीलाई अह्राएर मर्छ । ज्ञानीको रीस पानी जस्तो हुन्छ, तुरुन्तै बगेर वा चूहेर नाश हुन्छ । अज्ञानीको रीष पत्थर जस्तो हुन्छ हट्तैन । उसले दुःख पाउँछ ।

प्रश्न––तपाईंले भन्नु भयो, ज्ञानी पुरुष आफूलाई, अभोक्ता, अकर्ता मान्दछ । अज्ञानी चहिं आफूलाई, कर्ता, भोक्ता मान्दछ । यस्तो ता सन्सारमा देखिदैन । कर्ता, भोक्ता नमानी व्यवहार चल्नै सक्तैन, अब ज्ञानी अकर्ता, अभोक्ता कसरी हुन सक्तछ ।

उत्तर––प्रियपाठक ? व्यवहार गर्छ ता पनि ज्ञानी अकर्ता नै हुन्छ । किन भने उ आफ्ना खूसीले व्यवहार गर्दैन । जस्तै–

व्यवहारो लौकिको वा शास्त्रीयो वान्यथापि वा ॥
ममाकर्तुरलेपस्य यथारब्धं प्रवर्तताम् ॥ पञ्च. तृ प्रक॰

केही नगर्ने वाला मेरो, प्रारब्ध कर्म अनुसार, लौकिक, वा शास्त्र विहित, निषिद्ध हिंसादि व्यवहार भैं र होस भन्ने ज्ञानीको विचार हुन्छ । यसैमा एउटा दृष्टान्त भन्दछु ।

एउटा राजा मन्त्रीलाई लिएर वनमा शिकार खेल्न गए । शिकार खेल्दा खेल्दा राजालाई तिर्खा लाग्यो र मन्त्रीलाई भने, मन्त्री ? तिर्खाले ज्यादै सतायो कतैबाट पानी मगाउ । मन्त्रीले यता उता हेरे, पर गाउँबाट एउटा मानिस आउँदै देखे । तिनँलाई लोटा दिएर झट्टै पानी लिएर आउ भनेर पानी लिन पठाए । तो मानिस पानी लिन गए पछि, राजाले जङ्गलतिर दृष्टि दिए, दोपहरका घामले बालुवा टल्की रहेको देखे । राजाले, नदी बगिरहेको र भन्ने ठाने । राजाले मन्त्री संग भने, मन्त्री ? सामुन्ने पानी देखिदैछ, तिमी अर्कातिर किन जान्छौ ।

मन्त्रीले भने त्यो पानी ह्वैन, पानीको कुवा गाउँमा छ। म गाउँबाट पानी ल्याउँछु। राजाले भने तिमी झूटो बोल्छौ, मं पानी देख्तछु। तिमी मलाई धोका दिएर भाग्न खोज्दै छौ। यति भनेर राजाले, मन्त्रीलाई चार पाँच कोर्रा लगाए। जता राजाले मृगतृष्णा देखे, मन्त्री पनि उतै गए। (रातमा चन्द्रमाको किरण पर्दा बालुवा पानी जस्तै टल्कन्छ, त्यसलाई पानी ठानेर, खान मृग जान्छ, त्यो पानी ह्वैन त्यो मृगतृष्णा कहिन्छ) मन्त्रीले विचार गरे, त्यता नजाउँ भने राजाले फेरि चार कोर्रा लगाउँछन्, जानै पर्‍यो भनेर गए। पाठक ? यो दृष्टान्त हो अब दार्ष्टान्तिमा सुन। ज्ञानीहरू सन्सारका स्त्री पुत्रादि विषयको भोगलाई मृगतृष्णा संझेर त्यागि दिन्छन्। त्यता तिर लाग्दै लाग्दैनन्। लाग्दैनन्ता पनि प्रारब्ध (अघिल्ला जन्ममा गरेको कर्म) रूपी कोर्राले विषय भोगतर्फ नै घचेडेर पठाउँछ, गएन भने फेरी कोर्रा खानु पर्छ। यसको तात्पर्य, ज्ञानीहरूलाई विषय भोगको इच्छा हुदैन, तर प्रारब्ध कर्मले, यिनीहरूलाई, जवर्जस्ति भोग भोगाउँछ। प्रारब्धले यिनीहरूको शरीर वनाइ दियो। वास्तबमा ज्ञानीका दृष्टिमा, अभिमान नहुनाले शरीर पनि छैन। के भने ज्ञानीका शरीरको योग (अप्राप्तको प्राप्त) क्षेम (प्राप्तको रक्षण) पनि प्रारब्ध कर्म नै गर्दछ।

प्रश्न--तपाईले, जीबात्मामा र परमात्मामा भेद छैन, एउटै हुन् भन्नु भयो। हो भने, ईश्वरमा सर्वज्ञत्व आदि गुण छन्, जीबमा ती गुण किन छैनन्। दुवै एकै एकै आत्मा हुन्।

उत्तर--प्रियपाठक ? यसैमा पनि, मं तिमीलाई, एउटा दृष्टान्त सुनाएर, विरोध हटाएर देखाउँछु, सावधान संग सुन।

एउटा महात्मा जङ्गलमा वसेर, भगवान्‌को उपासना गर्थे। एक दिन एउटा मानिस गएर अहिले तिमीले जो प्रश्न गर्‍यौ, त्यै प्रश्न गरे। महात्मा ? जीवात्मामा र परमात्मामा भेद छैन, दुइटैमा एउटै आत्मा हो, तर ईश्वरात्मामा सर्वज्ञता आदि गुण छन्, जीबात्मामा किन छैनन् ? महात्माले भन्नु भयो, बाबु ? मलाई ज्यादै तिर्खा लागिरहेछ, अन्यत्रको पानी पीउँदिन, गङ्गाजल मात्र पीउछु। गङ्गाजी मेरा कुटीदेखि दुइ कोश, खेती परिछन्, पहिले, तिमी जाउ र त्यो मेरा तुम्बिमा गङ्गाजल भरेर ल्याउ, गङ्गाजल नै ल्याउनु, कूपको जल न ल्याउनु। जब मं गङ्गाजल पीउछु, अनि मात्र तिम्रा प्रश्नको उत्तर दिनेछु। यो सुनेर ती मानिस तुम्बी बोकेर गङ्गाजल लिन गएर ल्याए, गङ्गाजलले भरिएको तुम्बी महात्माका अगाडी राखिदिए। अनि भने, महात्माजी ? मैले गङ्गाजल ल्याए लिनुहोस। तुम्बीको पानी हेरेर महात्मा भन्न लागे। योता गङ्गाजल ह्वैन, पुरुषले

भने, महाराज ? यो गङ्गाजलै हो। महात्माले भने, म कसरि विश्वास मानूं, गङ्गाजल नै हो भनेर, पुरुष, गङ्गा कै जल हो भनेर कसम खान थाले। महात्माले भने, तिमीता साँच्चै भन्छौ, तर गङ्गाजीमा ता पचासौं नाउ चल्छन्। पानी भित्र हज्जारौ माछाहरू रहन्छन्, लाखौं मानिस त्यसमा स्नान गरिरहन्छन्, गङ्गा किनारमा शयौं पर्वत वृक्ष, सहर, गाउँछन्, यो जलमा ता ती कुनै पनि देखिदैनन्, अब यो गङ्गाजल नै हो भनेर मैले कसरि पत्याउनु ? पुरुषले भने महाराज ? जसका किनारामा पर्वत आदि छन्, त्यो गङ्गाको ठूलो प्रवाह हो। योता त्यै ठूला प्रवाहको सानु भाग हो, यसमा ती सम्पूर्ण पर्वत आदि कसरि हुन्थे। यसको सारांश यो हो। गङ्गाजल ह्वँन कि भन्ने विषयमा ता क्यै सन्देह छैन। जो माधूर्य्य गुण ठूला प्रवाहमा छ, त्यै यस तुम्बीका जलमा पनि छ। महात्माले भने, यसै तरहले तिमी जीबात्मामा र ईश्वरात्मामा पनि घटाउ। जीबात्माको उपाधि अन्तःकरण हो, उ सानु उपाधि हो। ईश्वरात्मको उपाधि जो माया छ त्यो सारा ब्रह्माण्डमा फैलिएको छ। यसैले ईश्वरात्मामा सर्वज्ञत्व आदि धर्म रहन्छ। जीबात्मामा रहदैन। परन्तु सुख-रूपता दुबैमा बराबरी छ। अर्को नित्यत्त्व, चेतनत्वादि धर्म पनि दुवैमा बराबरी छ। यसैबाट सिद्ध हुन्छ, जीवात्माको र ईश्वरात्माको अलिक कति पनि भेद छैन।

प्रियपाठक ? एक ठाउमा, वनमा एउटा महात्मा वस्तथे। उनीसंग गएर एउटा मूर्ख पुरुषले सोध्यो। महाराज ? ईश्वरात्मा र जीबात्मा दुबै यदि छन् भने यी आंखाले किन देखिदैनन् ? जो पदार्थ आँखाले देखिदैन, त्यो सत्य हो, छ भन्ने विषयमाके प्रमाण छ ? जो देखिदैन, प्रत्यक्ष हुदैन त्यो छैन। प्रत्यक्ष नहुने चीज, छ भन्नु लोकविरुद्ध देखिन्छ। मूर्खको यो प्रश्नसुनेर महात्माले उसलाई शास्त्रको वाक्य हरू र युक्तिहरूले खूब संझाए र पनि त्यो मूर्खले संझेन ईश्वरात्मा र जीवात्मा छन् भने, यी दुइ आंखाले दुवैलाई देखाउ, भनेर जिद्‌दी गऱ्यो। महात्माले एउटा माटाको डल्लो उचालेर त्यसका टाउकामा हिर्काए, टाउको फुट्यो र रून लाग्यो, रूदै रूदै तुरून्तै राजाकाहाँ गएर, फलाना महात्मासंग गएर मैले, आत्मा छ भने मलाई आँखाले देखाउ भने, उनीले मेरा प्रश्नको जवाफको बदला, मेरो शिर फोरिदिए। अहिले मलाई यति दुखेको छ कि, यसका पीरले प्राण जान लाग्यो भने र राजासंग भन्यो। राजाले सिपाई द्वारा तुरून्तै महात्मालाई झिकाएर भने, तपाईंले यसको टाउको किन फोर्नु भयो ? महात्माले भने, मैले यसका सवालको जवाफ दिएको हो। यो जुन तपाईंमा उजुर आयो त्यो किन आयो ? राजाले भने, यसको टाउको दुख्यो त्यसैले उजुर आयो। महात्माले भने—जस्तै, दुखेर पीडा हुन्छ, तर त्यो पीडा आँखाले देखिदैन,

पीडा ता छ, त्यस्तै जीवात्मा र परमात्मा छन्, तर देखिदैनन्। यो मानिस मलाई, आफ्नू दर्द आँखाले देखा ओस, म पनि उसलाई, जीवात्मा र परमात्मा, आँखाले देखाई दिन्छु। जस्तै दर्द या दुःख छ पनि, तर आँखाले देखिदैन। त्यस्तै आत्मा पनि छ, तर आँखाले देखिदैन। राजाले भने ठीक हो। महात्मा आफ्ना वासमा फर्केर आए। प्रिय पाठक ? तिम्रा प्रश्नको उत्तर पनि यैहो।

प्रश्न ? जो मानिस वैराग्य भएर, गृहस्थाश्रम छोडेर, सन्यास आश्रम लिन्छ, त्यो मानिस पहिलि भने गृहस्थाश्रम छोडछ, फेरी सन्यास आश्रममा रहेर, अधिको भन्दा पनि बढी गृहस्थाश्रम किन फैलाउँछ ? उत्तर = उसलाई पहिले अलि अलि वैराग्य भएको हुन्छ। मन्द वैराग्य थोरै दिन रहन्छ, अनि नष्ट हुन्छ। जस्तै स्त्रीबाट पुत्र पैदा हुन लाग्दछ, त्यसवेला स्त्रीलाई अत्यन्त दुःख हुन्छ। त्यसवेला त्यो भन्छे, अव उप्रान्त म कहिल्यै पनि पतिसंग शयन गर्न जाने छैन। वयै दिन पछि सन्तति पैदा गर्दा भएको दुःख विर्सन्छे, फेरी पति संग जान्छे। यसै प्रकारले कसैलाई, घर व्यवहार विग्रदा या धन नष्ट हुदा दुःख हुन्छ। त्यो दुःखबाट मन्द वैराग्य पैदा हुन्छ र गृहस्थाश्रम छोड्दछ। वयै दिन पछि दुःख विर्सन्छ, कुनै उपायले धन पनि हुन लाग्दछ, अनि त्यो पुरुष फेरि सन्यास आश्रममै, मठ आदि तयार गरेर गृहस्थाश्रम जमाउँछ। त्यसको त्यो मन्द वैराग्य पनि जान लाग्दछ। जस्तै वैष्णवहरू मासूको ज्यादै तिरस्कार गर्छन्। स्वप्नामा पनि तिनको मन मासूतिर जाँदैन। त्यस्तै जव स्त्री पुत्र धनादिमा जसको तीव्र वैराग्य हुन्छ, त्यो फेरि त्यागिसकेको प्रपञ्च रचना गर्न लाग्दैन। यसमा एउटा दृष्टान्त भन्छु सुन।

प्रिय पाठक ? इरानमा किसानहरू घोडा पाल्छन्। चारसय, पाच सय सम्म घोडीहरूका वथान तिनीहरू राख्तछन्। जब घोडीहरू बछेड़ा पैदा गर्दछन्, अनि किसानहरू जङ्गलमा एउटा किल्ला वनाउँछन्। किल्लाका वरिपरि तीन ओटा खावा खन्दछन्। त्यो किल्लाभित्र भर्खर जन्मेका घोडीहरूका वछेडाहरू राखेर किल्लाभित्र पस्नेबाटो पनि वन्द गर्छन्, माथिबाट वछेडालाई आहार समेत खुवाएर पाल्दछन्। त्यो जङ्गलमा किल्लाका छेउमा कुनै प्रकारको पनि शब्द हुन दिदैनन्। जब ती वछेडा एक वर्षका हुन्छन्, तब एक दिन ती किसानहरू तोप लिएर तिनीहरूका नजिकमा जान्छन् र तोप पड्काउँछन्। त्यो तोपको शब्द सुनेर ती घोडीका वछेडाहरू कूदन लाग्दछन्। कुनै तिनै खावा काटेर जङ्गलमा पस्छन्। कुनै दुई खावा नाघेर तेस्रामा फंस्तछन्। कुनै एउटा काटेर दोस्रामा फंस्तछन्। कुनै उसै ठाउँमा फटफटाएर वस्तछन्। प्रिय पाठक ? यो ता दृष्टान्त हो अब दार्ष्टान्तिमा भन्छु। गृहस्थाश्रम नै किल्ला हो, जीवलाई घोडीको वछेडो जान। गृहस्थाश्रममा सबै जीव (मानिस) फंसे। जुन समयमा कोई विरक्त महात्मा आएर, तोप

जस्तो वैराग्य चलाउँछ, अथवा ज्ञानको उपदेश द्वारा वैराग्य गराउँछ, त्यसवेला तीव्र वैराग्य हुन्छ, अनि तीनै खावा नाघेर निक्लन्छ। पैलो खावा स्त्री पुत्रादिमा आसक्त हुनु। दोस्रो खावा, ब्राह्मण हू इत्यादि वर्णाभिमान, तेस्रो खावा आश्रमाभिमान हो। त्यो तीव्रतर वैराग्य भएको मानिस, खावा समान भएका, स्त्री पुत्रादिमा मोह, वर्ण र आश्रमको अभिमान यी तीन कुरा त्यागेर जीवन्मुक्त भएर घुम्दछ। त्यो फेरि कुनै प्रकारले पनि दोस्रो गृहस्थाश्रम रचना गर्दैन। जो तीव्र तर = ज्यादै वैराग्यवान् छैन, किन्तु तीव्र = मध्यम कक्षाको मात्र वैराग्य भएको छ, त्यो पहिलेका दुइ खावा कूदेर तेस्रो आश्रम, म सन्यासी हूं, म दण्डी हूं, म सबै भन्दा श्रेष्ठ, मान्य, गण्य हूं, म जस्तो दोस्रो को छ, मेरा जति गुरु माता, पिता र कुनै विद्वान्हरू जान्दैनन भन्ने यस्तो अभिमानरूपी खावामा फंस्तछ। त्यो मोक्षको अधिकारी हुँदैन। जसको आश्रममा मिथ्या अभिमान छ, मन्द वैराग्यवाला छ, त्यो पहिलो खावा नाघेर, अर्थात् स्त्री पुत्रादिमा मोह त्यागेर, दोस्रो म ब्राह्मण हूं इत्यादि वर्णाभिमान रूप (जो शिष्य जम्मा गर्नु, मठाधिपति हुनु) खावा छ, त्यसमा फंस्तछ, त्यो पनि मोक्षको र ज्ञानको अधिकारी हुदैन। किन भने, एउटा गृहस्थाश्रमरूपी खावाबाट निस्केर दोस्रो गृहस्थाश्रममा प्रपञ्च रचना गर्न लाग्दछ, अतएव मोक्ष र ज्ञानको अधिकारी हुँदैन। जो अति मन्द वैराग्य भएको छ, त्यो घर छोडेर बाहिर कुनै ठाउँमा गएर वस्तछ। आफ्नु नाम, सन्त महात्मा राख्तछ। सफेद वस्त्र लगाउँछ टुप्पी पाल्छ जनै लगाउँछ, एक ठाउंमा वसेर कथा भन्छ र रूपयाँ जम्मा गरेर आफ्नु र परिवारको पालना गर्छ। त्यो पनि ज्ञानको अधिकारी हुदैन। किनभने त्यो त्यसको आडम्वरी व्यवहार हो। यस्ता प्रकारका मानिसहरू पाञ्चाल देशमा धेरैछन्। ती उक्त तीन प्रकारका मध्येका चारौं महांमूर्ख पुरुष हुन। जुन पुरुषहरू वैराग्यको कुरा सुन्दा वाह, वाह, हाय, हाय भन्ने शब्द दुइ घडी सम्म मुखबाट तिकाल्छन् र आआफ्ना घरमा जान्छन्। तिनीहरूदेखि डराएर वैराग्य भाग्दछ।

प्रश्न——समुच्चयवादी भन्छन्, ज्ञान र कर्मको एकट्ठा गरे पछि मुक्ति हुन्छ। वेदान्ती भन्छन् ज्ञानले मात्र मुक्ति हुन्छ। यी दुइ उक्ति मध्ये, कसको युक्ति ठीक छ ? प्रिय पाठक ? कर्म र ज्ञानको समुच्चय हुन सक्तैन। जसको 'यो काम गर्ने वाला म हूं, यो काम गर्छु र यसको फल भोग्ने छु, जो यस्तो अभिमान भएको छ, त्यस्ता अभिमानीको कर्ममा अधिकार छ। जुन पुरुषको कर्म र कर्मको फलमा अभिमान छैन, म कर्म गर्दिन, या कर्ता भोक्ता ह्वंन, म असङ्ग, सच्चित्, आनन्द रूप, आत्मा हूं भन्ने यस्तो बुद्धि छ, उनै पुरुषको ज्ञान र मोक्षमा अधिकार छ। दोटा विरोधी एकै ठाउँमा रहन सक्तैनन्। यसमा एउटा दृष्टान्त सुनाउछु।

एउटा जाटका दोटी छोरी थिए । एउटी छोरीको विवाह कृषकका साथमा, दोस्री छोरीको कुमालेका साथमा भएको थियो । विवाह गरेको घेरै दिन भयो । एकदिन जाटकी स्त्रीले जाट सङ्ग भनिन्, घेरैदिन भए, छोरीहरूको चिठी समाचार केही आएन । तपाई गएर आनन्द, मङ्गलको खबर ल्याउनु होस । जाट गए, छोरीका गाउँमा पुगे । पहिले किसानका घरमा गए, छोरी संग भेट भयो, हाल खवर सोधे । छोरीले भनिन्, पिताजी खेतमा विउ राखियो, आकाशमा वादल पनि लागेको छ, यदि वर्षाद भएन भने ता हामीले वसं हिड्नु पर्ने छ । किन भने, धानको वीउ डढेर जानेछ, वर्षाद भयो भने वसाइ हुनेछ । कृषकलाई दिएकी छोरीको यो खवर बुझेर, कुमालेलाई दिएकी अर्की छोरीका घरमा गए । छोरी संग भेट भयो, जाटले, छोरी ? सुख शान्तिको तिम्रो हाल खवर भन, भनेर सोधे । छोरीले भनिन्, पिताजी ? अरू ता सबै राम्रो छ, हामीले माटाका भाँड़ा हरूको अवाल लगाएको छ, आजनै आगो लगाएको छ । यता हामीले आगो लायूं, उता वादल उठेर आयो । यदि वर्षाद भयो भने ता हामीले वसं हिड्नु पर्नेछ, किन भने कांचा भाड़ा सबै फूटेर धूलो पीठो हुने छन् । पानी परेन भने ता वसं हिड्नु पर्ने छैन । भाड़ाहरू सबै पाक्छन् । यस्तो छोरीहरूको हाल खवर बुझेर जाट घरमा आए, स्त्रीले छोरीको समाचार भन्नु होस, भनेर सोधिन् । जाटले भने, या त किसान डल्लिने छन्, यात कुमाले उखेलिने छन् । दुइटामा एउटा ता जरूर उखेलिने छन् । यही सबै हाल भनेर सुनाए । प्रिय पाठक ? जस्तो पदार्थ छ, त्यस्तै मन वा बुद्धि हुनु, वृत्ति हो भनेर पूर्व भागमा वताएको छ, त्यो न विर्सनु । यो ता दृष्टान्त हो, अब दार्ष्टान्तिमा घटाउछु । अन्तःकरण लाई जाट र अन्तःकरणको कर्तृत्व र अकर्तृत्व वृत्तिलाई, जाटका पुत्री ज्ञान । जब ब्रह्माकार वृत्ति पैदा हुन्छ तब कर्तृत्व रूप वृत्ति र भोक्तृत्व रूप वृत्ति नाश हुन्छ, अर्को कर्तृत्व र भोक्तृ रूप, अहम्कार वृत्ति पैदा भयो भने ब्रह्माकार वृत्ति नाश हुन्छ । दोटै वृत्ति परस्परमा विरोधी छन् । यसैले एकै ठाउँमा दुवै रहन सक्तैनन्, अब कसरी ज्ञानको र कर्मको समुच्चय हुन्छ, ज्ञानले कर्मनाश हुन्छ या आत्मा अकर्ता, अभोक्ता बन्दछ, अज्ञान या अहंकारले कर्ता, भोक्ता हूं भन्छ कर्मनाश हुदैन, ज्ञानले मुक्ति, कर्मले जन्ममरण हुन्छ, अत एव यी ज्ञान र कर्म विरोधी हुन्, यिनको समुच्चय हुँदैन । पाठक ? सावधान संग सुन । जस्तै कोई अज्ञानी, मूर्ख मानिस, मदिरा पान गर्नेको संगत गर्छ र उपनि मदिरा खान लाग्दछ, जब पूरा मदिरा या नशाबाज वन्द छ अनि दुःख पाउंछ । जब सज्जन संग, संगति गर्न लग्दछ, अनि मादक पदार्थ छोडछ र सज्जन वन्दछ, दुखबाट पार हुन्छ । त्यस्तै आत्मा वा जीव, कुनै सुख, दुःख, कर्ता, भोक्ता आदि धर्मले हीन

भएको छ। यो जीव जस्ताको संगत गर्छ, त्यस्तै आफूलाई संझन्छ। भेदवादीको संगत गऱ्यो भने भेदवादी हुन्छ, अभेदवादीको संगत गरे अभेदवादी हुन्छ। आत्मा असंग छ। आत्मामा सबै धर्म कल्पित हुन्। आत्मा नित्य, शुद्ध, बुद्ध, अज, अमर, अद्वय, अलक्षण, अग्राह्य, अव्यपदेश्य, आनन्दरूप छ। अन्तःकरण शुद्ध भए पछि ज्ञान प्राप्त हुन्छ, ज्ञानले मुक्ति हुन्छ।

प्रिय पाठक ? एउटा लौकिक दृष्टान्त सुन। आठ वर्षका; एउटा बालक, आफ्ना एरियामा खेलिरहेका थिए। एकलै खेल्दैथे चिच्याउन लागे। त्यो एरियामा धेरैं घर थिए। अलगा अलगा थिए। ती बालकले कराएको शब्द ती उच्चा घरमा ठोकिएर, प्रतिध्वनी (उस्तै शब्द) आयो। फेरि पनि कराए उस्तै शब्द आयो। बालकले, कोई मानिस मेरो नकल गर्छ भनेर जाने। अब बालकले सोधे तिमी को हौ ? उताबाट पनि, तिमी को हौ, भन्ने शब्द आयो। बालकले भने, तिमीलाई मार्छु, उतावाट पनि आवाज आयो, म तंलाई मार्छु। बालकले तिनी-लाई गाली गरे, त्यताबाट पनि त्यै गाली आयो। बालक यता जस्तो बोल्छन, उताबाट त्यस्तै वा त्यै शब्द आउँछ। बालकले माता संग गएर भने, माता ? को मान्छे हो कुन्नि, मलाई रिस उठाउछ। माताले भनिन्, छोरा ? यो एरियामा यसवेला, तिमीलाई चिढ्याउने कोई पनि छैन। जब तिमी शब्द गर्छौं, त्यो शब्द ती उच्चा घरमा गएर ठोकिन्छ र उहि शब्द आउँछ। तिमी, कोई मलाई चिढ्याउँछ भन्ने संझन्छौं, यो तिम्रो भ्रम हो। तिमीदेखि बाहेक अर्को कोई पनि, तिमीलाई चिढ्याउने छैन। तिमी आफ्नु यो भयलाई हटाउ। माताका उपदेशले बालकको डर हट्यो। पाठक ? यो दृष्टान्त हो अब दार्ष्टान्तमा सुन। यों जीवलाई डर गराउने, उहि जीव वाहेक अर्को जीब छैन। जीबका आफ्नै संकल्पले आफैंलाई भयदिन्छ। जीब आफै नरक, स्वर्ग आदिको कल्पना गर्छ। फेरी नरक अप्राप्ति, स्वर्ग प्राप्तिका निमित्त कर्म कल्पना गर्छ। फेरी गरेका कर्मको फल कल्पना गर्छ। आफैं कर्म गर्ने, आफैं कर्मको फल भोग्ने भएर कर्ममा धोक्का खान्छ। जस्तै माकुरो आफ्ना मुखबाट, तार निकाल्छ र आफैं तार संग खेल्छ। जस्तै बालक आफ्नै शरीरको छाया देख्छ र आफै डराउछ। त्यस्तै जीब पनि, आफै अनेक संकल्प गर्छ या चिताउँछ र आफैं उनीहरूबाट डराउँछ। आफूलाई न चिन्हेर 'जीब' दुःख पाउँछ। आफ्नै अज्ञानले गर्दा जीबलाई डर हुन्छ। वास्तवमा यसलाई कसैको डर छैन। जब मन अनेक कल्पना गर्छ तब त भय अगाडी आएर उभिन्छ। देवी भागवतमा भनेको छ।

न देहो न च जीबात्मा नेन्द्रियाणि परन्तप ॥
मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः ॥१॥

हे महाराज ? परीक्षित ? बन्धन र मोक्षमा 'शरीर' जीवात्मा, इन्द्रियहरू कारण छैनन् । मनुष्यहरूको बन्धन र मोक्षमा मन नै कारण छ ।

शुद्धो मुक्तः सदैवात्मा नैव बध्येत कर्हिचित् ॥
बन्धमोक्षौ मनः संस्थौ तस्मिन्शान्ते प्रशाम्यतः ॥२॥

आत्मा सदा शुद्ध छ, मुक्त छ, कुनै प्रकारले पनि उ बाँधिदैन । बन्धन र मोक्ष मनमा रहन्छन् मद शान्त भए पछि, बन्धन र मोक्ष पनि शान्त हुन्छन् । अर्थात् ती दुई मनका कल्पना मात्र हुन् । जस्तो स्वप्नामा देखिएको हस्ति आदि असत्य हो, त्यस्तै विपनाको पनि असत्य तो ।

शत्रुर्मित्रमुदासीनो भेदाः सर्वे मनो गताः ॥
एकात्मत्वे कथं भेदः संभवेद्द्वैतदर्शनात् ॥३॥

शत्रु, मित्र, उदासी, तेरो, मेरो, त, म भन्ने यी सबै भेद मनले कल्पना गरेका हुन्, सबै प्राणीहरूमा रहेको आत्मा एक हो, उहि पञ्चभूतलें बनेको शरीर हो, यो निश्चय भएपछि कसरी भेद हुन सक्तछ । भेद ता द्वैत (भिन्न भिन्न) देख्नाले हुन्छ ।

०४